# लघुकथालय

(लघुकथा चिन्तन, मनन र लेखन)

■ डा. विदुर चालिसे

# लघुकथालय

**(लघुकथा चिन्तन, मनन र लेखन)**

**लेखक** : डा. विदुर चालिसे

**सम्पर्क** : ९८५१०७९२७९/९८४९२१११४१

bidurch@hotmail.com

**सर्वाधिकार ©** : लेखकमा

**प्रकाशक** : नमस्ते आधुनिक लघुकथा मञ्च, चितवन

**संस्करण** : प्रथम

**प्रकाशन** : २०७९

**आवरण** : गोल्डेन आई

**लेआउट** : अल मिडिया सोलुसन
बागबजार, काठमाडौँ

**ISBN** : 978-9937-1-2150-7

**मूल्य** : ६९०/-

# प्राक्कथन

मानिसको आनुभाविक एवं सिर्जन चेतनाबाट प्रस्फुटन हुने भावुकतामय विचार साहित्यको रूपमा गनिने गरिन्छ । साहित्यमा लय-विधानको धर्म कविता, संवादको धर्म नाटक, आख्यात-तत्वको धर्म आख्यान एवं विचार-तत्वको धर्म निबन्ध मानिन्छ । यसैलाई साहित्यमा कविता, नाटक, आख्यान र निबन्धको प्रमुख विधाको रूपमा हेरिन्छ । तिनका अन्य विविध उपविधाहरूसमेत परिभाषित गरिएको छ । यसै परिप्रेक्षमा आख्यानको उपविधाको रूपमा आकारगत एवं कथातत्वको सङ्क्षिप्त प्रगुणताको दृष्टिकोणले छोटो कथालाई नेपाली साहित्यमा लघुकथाको रूपमा आधुनिक कालमा हेरिन्छ ।

आख्यानका विभिन्न साना-ठूला स्वरूपमा कथाको अभिव्यक्ति हुन्छ । सूक्षतम स्वरूपका 'सरलवाक्य' र 'तुक्का'हरूमा- कथांशको कथुत्व अभिव्यक्तिका लागि प्रारम्भिक प्रयासको स्वरूपमा प्रयोग हुन्छ । सूक्ष्म स्वरूपमा- 'उखान' र 'गाउँखाने कथा' को प्रयोग देखिन्छ । लघुतर स्वरूपमा- 'कहिरन', 'किस्सा', 'प्रकरी', 'पताका' र 'उपाख्यान' लाई बुझ्न सकिन्छ- यी छोटा कथाहरू बृहत्तर कथाभित्रका एकसन्दर्भका विशेष छोटा उपकथा मात्रै हुन् । आख्यानको लघुतम स्वरूपका अर्थमा- 'कुथुङ्ग्री' र 'लघुकथा' लाई कथाको अविभाज्य छोटो बान्कीको कथाको उपविधाको रूपमा लोक प्रचलित मान्यता, ऐतिहासिक आधार र आधुनिक कालमा छोटो कथा सिर्जना गर्ने यसको प्रयासका रूपमा देखिन्छ । आयामका दृष्टिले एक खिरिलो अग्नी झिल्का र तत्वका दृष्टिले समान स्वरूपमा प्रस्तुत भएको यिनलाई पाउन सकिन्छ । भारोपेली एवं भोटबर्मेली भाषिक परिवारका समुदायको लोक प्रचलनमा 'कथा-कुथुङ्ग्री' को नामले लघुतम स्वरूपका कथाहरू भन्ने र प्रयोग गर्ने प्रचलनसमेत नेपाली समाजमा यथावत् छ । यस्तै आधुनिक शिक्षा प्रणालीले पारेको प्रभाव र सर्जकहरूको विशिष्ट अध्ययनले लघुतम आकारका कथालाई प्रचलित आख्यान साहित्यिक उपविधाको रूपमा 'लघुकथा' लाई बुझ्ने चलन पनि त्यत्तिकै छ ।

प्राचीन कालदेखिनै 'कथा-कुथुङ्ग्री' शब्दले दिने गहन अर्थ अचेल आधुनिक कालको लघुकथाको सन्दर्भमा प्रयोग भएको देखिन्छ । 'कथा-कुथुङ्ग्री' र 'लघुकथा' मा देखिने तत्व, यसको प्रकार्यात्मकता, कथ्यताकर्षण, कथ्यताको सार र सन्देशले दिने प्रभाविलो चोट एउटै प्रकारको रहेको छ । 'कथा-कुथुङ्ग्री' रूपी छोटो कथाको लोक कथन बान्कीको नमूना आधुनिक कालमा फट्केर व्यक्ति सिर्जना बान्कीको 'लघुकथा' को स्वरूपमा बुझ्न थालिएको मात्रै देखिन्छ । त्यसैले नेपाली साहित्यमा लघुआकारको कथा लेख्ने पूर्णप्रसाद ब्राह्मणले लोक प्रचलित 'कथा-कुथुङ्ग्री' लाई नवीनता प्रकटगर्दै र लोक प्रचलनको धर्मितामा रहेको 'कथा-कुथुङ्ग्री' लाई मूल्याङ्कन गदै व्यक्ति सिर्जनाको छोटो कथाको उपविधागत स्वरूपमा 'कथा-कुथुङ्ग्री' को सट्टा 'झिल्का' जुराएको हुनुपर्दछ । बृहत्तर रूपमा राप, ताप र प्रकाश बोकेको सूर्यले दिने सौर्य प्रभावझैँ आख्यानले दिने कथातत्वको प्रभाव पनि बृहत्तर हुन्छ । त्यसैले पूर्णप्रसाद ब्राह्मणले सूक्ष्म रूपमा आगोको झिल्काले दिने राप, ताप र प्रकाशजस्तै आख्यानको सूक्ष्मता प्रयोगका लागि 'झिल्का' भन्ने शब्दलाई आख्यानको सूक्ष्म आयामको अर्थमा प्रयोग गरेको देखिन्छ । त्यसैले झिल्काको अर्थ सानो र 'झिल्का' सङ्ग्रहभित्रका सबै छोटा कथाहरू उनका व्यक्ति सिर्जना धर्मका 'लघु' आकारका कथाहरू हुन् । यसैले कथाको प्राचीन मूलमर्म 'भन्ने' र 'सुन्ने' नै हो । व्यतित गरिएका समयमा 'कथा-कुथुङ्ग्री' लाई लोक प्रचलनमा सामान्यतया 'भन्ने' र 'सुन्ने' तर नलेखिने गरेकोले यसैको अडेसोमा आधुनिक समयमा पूर्णप्रसाद ब्राह्मणले प्रयोग गरेको 'झिल्का' शब्दले सिर्जनात्मक लघुकथाको आयामको लेखकीय धर्म थाम्न पुगेको स्पष्ट हुन्छ । यसै धर्मको नयाँ अडेसोमा लोक प्रचलित 'कथा-कुथुङ्ग्री' मा अडेको सूक्ष्म कथातत्व बोधनै आधुनिक कालको लघुकथा स्वरूपमा गएर पोखिएको स्पष्टै छ । 'झिल्का' को प्रकाशनपछि मात्रै हाल भनिदैं आएको लघुकथाहरू 'भन्ने' र 'सुन्ने' इतिहासबाट 'लेख्ने' र विशेषत् 'पढ्ने' कदममा ' लघुकथा' को परिभाषा अगाडि बढेको हो ।

'झिल्का' मा पूर्णप्रसाद ब्राह्मणले दिएको कथाको छोटो आयाम, सर्जकको सिर्जनात्मक पक्ष, विषयवस्तुमा बौद्धिकताको प्रस्तुती, लक्षणा एवं व्यञ्जनामूलक सन्देश, पाठकका लागि बौद्धिकताको कसरतको अवसर, विकृती विसङ्गतीको आरोपमा व्यङ्ग्यको झड्का, उत्कृष्ट कथनको प्रयोग, भाषाशैलीय घनत्वको प्रयोग एवं सङ्क्षिप्तता उनको लघुकथाको पहिचान हो । यसैको सेरोफेरामा हालसम्म अनेकौं सर्जकहरूले विभिन्न प्रकारका कथाको लघुआयामको ढाँचामा लघुकथाहरू रचना गरेका छन् । यसै सन्दर्भमा पूर्णप्रसाद ब्राह्मणको लघुकथा लेखन ढाँचाको अत्याधिक नजिक पुगेर 'लघुकथालय' भित्रका लघुकथाहरू रचना भएका छन् । यद्यपि विषय, सन्दर्भ र परिवेश मात्रै लगभग फरक परेका छन् ।

'लघुकथालय' पुस्तकको रचनाको योजना आधुनिक समयका नेपाली समाजका लघुकथा सिर्जनाका लागि प्रयासरत नवीन सर्जकहरूका लागि सजिलो होस् भन्नका खातिर तयार गरिएको हो । शीर्षाङ्कन, लघुकथाको आयामिक संरचना, लघुकथा तत्व, लघुकथा लेखनका प्रकार्यात्मकता, लघुकथा लेखनको भाषाशैलीय विन्यास, लघुकथा सिद्धान्तको जानकारीको साथमा विभिन्न विषयलाई शैलीवैज्ञानिक एवं रूपवैज्ञानिक शैलीय ढाँचामा लघुकथा लेख्न सकिने नमूनाहरूको प्रस्तुती गरिएको छ । हरेक आयामको पैंतालिसवटा लघुकथालाई तीन भाग गरी विभिन्न शैलीय ढाँचाहरूमा विभाजन गरी नमूना लघुकथा ढाँचा कायम गरिएको छ । यसरी जम्माजम्मी 'ए' देखि 'पि' सम्म शैलीवैज्ञानिक एवं रूपवैज्ञानिक आधारमा लघुकथा लेखन ढाँचालाई मापन गरिएको छ । यसर्थ पूर्णप्रसाद ब्राह्मणको लघुकथा रचना धर्मको उत्कर्ष नमूनाको रूपमा लघुकथा चिन्तन, मनन र लेखनको एक उपलब्धीको रूपमा यस 'लघुकथालय' पुस्तकलाई हेर्न सकिन्छ ।

यस पुस्तकमा अनावश्यक सिद्धान्तका गन्थनलाई भन्दा लेखन मैत्री अभ्यासलाई जोड दिइएको छ । सामान्य वाक्यव्याकरण पद्धति, चिन्ह पद्धति, शब्दवर्ग पद्धति एवं अनुच्छेद संयोजन पद्धतिलाई विशेष अभ्यासको रूपमा पुस्तकभित्र परिभाषित गरिएको छ । साथै सामान्यतया लघुकथाकारहरू प्रविधि एवं सामाजिक सन्जाल मैत्री हुँदैगएको अवस्थालाई ध्यानमा राखी एप्सको टङ्कण कलाको उपयोग बारे निर्देशित भाषाशैलीयताको प्रयोग गरी लघुकथामा प्रयोग हुने 'कथन' लाई ' निर्देशन (Narration)' र 'बहस (Debat)' लाई 'द्वन्द्व' का रूपमा विशेष अभ्यासको ढाँचामा परिभाषित गरिएको छ । त्यसैले 'लघुकथालय' नामक यस पुस्तकलाई लघुकथाको चिन्तन, मनन र लेखनको पूर्णसार हो, भन्ने कुरा अर्थ्याउने प्रयत्न गरिएको छ । यस पुस्तकभित्र भौतिकशास्त्रमा प्रयोग हुने 'एन्ट्रोपी उर्जा' र 'परावर्तन' सिद्धान्त, मनोविज्ञानको अनैच्छिक आवृत्तिको सम्झना–शक्तिमा रहने ' प्राकल्पना' सिद्धान्त, कथ्यताको घनत्व स्थापनका लागि 'कथ्यताकर्षण' सिद्धान्त तथा लघुकथामा प्राक्सन्दर्भको अङ्कन बारे सामान्य जानकारी दिइएको छ । साथै सिद्धान्त बोधका रूपमा 'रचना धर्मिता', 'अनुच्छेद योजना', 'लघुकथा संगठन', 'लघुकथा अभिलक्षण', 'बीजवाक्यको प्रयोग', 'लेखन अनुशासन' तथा ' शोधन प्रक्रिया' जस्ता विषयलाई लघुकथा लेखनको प्रारम्भिक बोधमा जोड दिई उल्लेख गरिएको छ । यसबाट लघुकथाका तिर्खालु सर्जकहरूले सूक्ष्म एवं नयाँ सैद्धान्तिक जानकारी प्राप्त गर्न सक्नेछन् ।

यो पुस्तक आख्यानको उपविधागत लघुकथासङ्ग्रह वा सिद्धान्तको प्रायोगिक पुस्तक मात्रै नभई लघुकथा लेखनको अनुभवमा खड्किएका विषयहरूलाई प्रष्ट्याउने प्रयत्न स्वरूप अभ्यास मालाको रूपमा तयार भएको हो । यस

पुस्तकलाई लेखकका आफ्नै लघुकथा लेखनसम्बन्धी अनुभव र प्रचलित सिद्धान्तको जोडका बीच वर्णशङ्कर आकारमा प्रस्तुत गरिएको भएपनि अध्येताले पर्याप्त जानकारी सहज ढङ्गले प्राप्त गर्न सक्नेछन् । यस पुस्तकमा नयाँ धारणाहरूका साथै प्रचलित लघुकथाका आवश्यक ठानिएका सैद्धान्तिक मान्यताहरूलाई समेत अङ्क गरिएको छ । यस पुस्तकले पाठकलाई जेजस्तो रचनात्मक खुराक दिन्छ, सोहीअनुसार यसको रचना प्रयासको अर्थ सार्थक हुनेछ । त्यसैले यस पुस्तकलाई आम लघुकथाका पाठकहरूले रूचाउनु हुनेछ भन्ने विश्वास लिएको छु ।

पुस्तकको तयारीका क्रममा लिखित तथा मौखिक रूपमा विभिन्न कोणबाट आफ्ना सुझाव तथा सल्लाह दिई सहयोग गर्नुहुने विशिष्ट साहित्यकारहरू श्रीओम श्रेष्ठ, रोदनज्यू, कृष्ण बजगाईज्यू, खेमराज पोखरेलज्यू, रामकुमार पडितज्यू, प्रा. शिव गौतमज्यू, भारती गौतमज्यू, विश्वराज अधिकारीज्यू, घनश्याम डल्लाकोटीज्यू, केदार आचार्यज्यू, मेसेन्जरमा सुझाव लेखिदिने पाठकहरू तथा तमाम विद्वान-विदुषीहरूप्रति उहाँहरूको गहन एवं महत्वपूर्ण विचारका लागि आभार प्रकट गर्दछु । साथै सधैं घच्घच्याई प्रकाशनमा सहयोग गर्ने नमस्ते आधुनिक लघुकथा मञ्च, चितवन समेतलाई धन्यवाद प्रकट गर्दछु । अन्त्यमा, हामी सबैको कल्याण होस्, धन्यवाद ।

मिति : २०७९ जेष्ठ ९

● **डा. बिदुर चालिसे**

# लघुकथा आयाम


- आधार (शीर्षाङ्कन) – ९
- पहिलो आयाम (आरम्भ) – १०१
- दोस्रो आयाम (उत्कर्ष) – १९३
- तेस्रो आयाम (निष्कर्ष) – २८५
- अनिवार्य आयाम (तत्त्व) – ३७७
- प्रकार्यात्मक आयाम (सिद्धान्तबोध) – ४७१

# समर्पण

लघुकथामा रूचि राख्ने
सम्पूर्ण सर्जकहरूलाई ।

## आधार

# शीर्षाङ्कन

लघुकथा सम्प्रेषण कौशलका लागि बेप्रसङ्ग, लामो र अनावश्यक शीर्षक सोच्नु पर्दैन । घटीमा एक शब्द र बढीमा एक पदावलीसम्मको भाषिक प्रयोगद्वारा विषयवस्तु टिपेर शीर्षाङ्कन गर्नुपर्छ । मनमा लघुकथाको आधारभूत रुपरेखा बनाएर सिर्जना गर्न सुरु गरेपछि लघुकथा लेखन गद्यात्मक कथनको एक भाषाशैलीय रूप विज्ञान बन्छ । द्वयर्थक, लक्षणात्मक वा व्यन्जनात्मक ध्वनि व्युत्पन्न गर्ने शब्द वा पदावली मात्रै शीर्षकका लागि प्रयोग गर्नुपर्छ । सामान्यार्थ शब्दहरूलाई शीर्षाङ्कन गरेमा सन्देशको प्रभाव सामान्यार्थी हुन्छ । यस्तो अवस्थामा शीर्षकद्वारा लघुकथाले दिने सन्देशमा बौद्धिकताको गहन बोध खासै हुँदैन । कोशीय अर्थको भावतिर मात्रै तानिन्छ । शीर्षक र सन्देशको लघुकथागत घनत्व उत्पन्न गराउन सन्देशको वैकल्पिक शब्दलाई शीर्षकमा चयन गर्नु अझ उत्तम हुन्छ । लघुकथाको शीर्षस्थानमा चयन गरिएको शीर्षकलाई लघुकथाको पूर्ण आयामको बीचमा राख्नुपर्छ । उल्लिखित सामूहिक विन्यासबाट लघुकथाले पाठकको मनमा मर्म दिन्छ । पोटिलो उत्कृष्टता प्रदान गर्छ । शीर्षकले निष्कर्षको सन्देश खोज्छ । सन्देशले शीर्षकको पुष्टि गर्छ । शीर्षक र सन्देशको पुष्टिले पाठकका लागि विद्युतीय झड्का दिन्छ । डमरुको गट्टाले झैं कथ्यले ताल खैंचन्छ । शब्दहरूको विद्युतीय नृत्यनाद उत्पत्ति हुन्छ । शीर्षकको कम्पनमा लघुकथाको सारांश झल्कन्छ । सारांशले लघुकथाको उत्कर्षलाई अँठ्याएर अँगाल्छ । लघुकथाको प्रारम्भ बिन्दु शीर्षक हो । यसलाई अङ्कुसे (hanger) ह्याङ्गरको रुपमा लिन सकिन्छ । लघुकथाको शीर्षकरुपी अङ्कुसे दह्रो हुनुनै लघुकथाको बुनोट र बनोटको पहिचान, परिपक्वता र मजबुतीको सीप प्रकट हुनु हो । त्यसैले लघुकथाको परिकल्पनाको दृष्टिले शीर्षाङ्कन चयन नै यसको पहिलो चरणको प्रकार्य हो । यो सर्जकको मनमा उत्पन्न हुने लघुकथाको समग्र रुपरेखाको एकप्रकारको प्राक्कल्पना पनि हो । प्रचलित गद्यलेखनमा रूपवैज्ञानिक ढाँचाको आयाममा प्रयोग हुने श्रीचरणको लेखनलाई लघुकथामा शीर्षाङ्कनको सन्दर्भमा प्रयोग गरिन्छ ।

## ◆ शीर्षाङ्कन ढाँचाको लघुकथा–क्रम


१. बगली/११
२. खर्पन/१३
३. रमिता/१५
४. बैगुनको जरा/१७
५. रजाइँ/१९
६. छोइएला/२१
७. अप्रमाणित नजर/२३
८. मातृ–काया/२५
९. धाईमाता/२७
१०. सुन्नु न !/२९
११. बारना हुँदैन रे !/३१
१२. अनुदानको परीक्षा/३३
१३. तुरुप/३५
१४. दुर्व्यसन/३७
१५. मेकअप/३९
१६. गरिबको छाउरो/४१
१७. फरक अवतार/४३
१८. कौवा/४५
१९. विद्यादान/४७
२०. रोग निदान/४९
२१. लौ खा ! बा/५१
२२. मुसाको बिहे/५३
२३. विधिको सास/५५
२४. भोग बन्दकी/५७
२५. एनेस्थेसियाको सुई/५९
२६. युटुब खेती/६१
२७. देवत्वकरण/६३
२८. सत्ताको लय/६५
२९. सनाखत/६७
३०. पाख्याचा/६९
३१. भोक माफिया/७१
३२. रुनु न हाँस्नु/७३
३३. लगनगाँठा/७५
३४. गृहयुद्ध/७७
३५. स्वार्थी खुट्टा/७९
३६. फलामको चिउरा/८१
३७. भाइरसको मात/८३
३८. शान्ति गोरेटो/८५
३९. फुस्टा समानता/८७
४०. क्याप्सुल उद्योग/८९
४१. भाषिक समाजवाद/९१
४२. भुँडीको टुक्रा/९३
४३. ज्या बिर्स्यो !/९५
४४. सीमा सङ्घर्ष/९७
४५. घरानियाँको लत/९९

१

# बगली

अप्सराको निधनले परिवार मात्रै हैन कि समाज पनि खूब बेतरहमा बाँचिरहेका थिए । उनको दाग के थियो ? अनि दोष के हो ? जानकारहरू कोही थिएनन् । डढेको खरानी, उडेको पत्ता, जलिरहेको भुत्भुते आगोलाई हेरेर सर्जमिन गर्न गएका मानिसहरूले भने–

*'बस् ! अप्सराको जीवनको लीला यहीँबाट समाप्त भयो ।'*

उनीहरूले अप्सरालाई त्यहाँ मधुरो छायाँमा अनुभव गरे । उनको बैकुण्ठ बासको लामो कथा लेखे । त्यसै कथाको टुङ्याउनीमा मार्मिक भाषामा बैतरणी तर्ने महानताको अन्तिम प्रसङ्ग तयार गरेर भने–

*'विचरीको कालगतिले मृत्यु भएको देखिन्छ ! बैकुण्ठ बास त भयोभयो शौभाग्यवती पनि भइन् । पोइको जीवनछँदै काख पोल्टामा स्वर्गबास हुन पनि भाग्यमा नै लेख्यारेछ !'*

यताउता हल्लिरहेको टिप्पणीकारले अप्सराको बखान गर्दैथप्यो–

*'यस्तो मरन पो मरन ! भाग्यमानीहरू श्रीमान्कै हातबाट सकिए पनि आखिर मुक्ति त पाइन नि त !'*

वरिपरि शङ्का, उपशङ्का र संशयको आत्मा 'कसरी ?' सन्नाटा दिएर घुमिरहेथ्यो । कसैलाई थाहा थिएन । उपस्थित सबैजनाले सहज सर्जमिन गरे । प्रमाणले पहरा दिन थाल्यो । हालसालै नरमाइलो मानेकी वविताले ठुसठुस गर्दै हजुरआमासँग पाकेर भनी–

*'हजुरआमा ! रातो टीका लगायो भने के हुन्छ ?'*

त्यसपछि एकछिन हजुरआमा चुपचाप लागिन्–

*'कस्तो अटेरी केटी रहिछ यो त ! रातो टीका लगायो भने भगवान्ले माया गर्नुहुन्छ ।'*

ववितालाई झन् जिज्ञासा जाग्यो–

*'अनि अरु के के हुन्छ हजुरआमा ?'*

हजुरआमाले सम्झाएर भनिन्-

*'सौभाग्यवती भइन्छ, सौभाग्यवतीलाई सबैले माया गर्छन् !'*

वविताको मनमा रातो टीकाले बन्न सकिने सौभाग्य र सबैले गर्ने मायाको गहिरो प्रभाव परेको थियो । एकदिन उसले ममीको रातो ढ्याब्रे टीका सोकेसबाट चोरेर निधारको बीचमा टाँसी । आमाले देखेर भनिन्–

*'यो टीका त बिहे गरेको आइमाईले मात्रै लगाउन मिल्छ ! तिमी त बच्चै छौ । बिहे नगरी यो टीका लगायो भने अभागी हुन्छ । राम्रो केटासँग बिहे हुँदैन !'*

*'नराम्रो केटा भनेको कस्तो हुन्छ ?'*

आमासँग जिद्दी गर्न लागी । आमाले सोधिन्–

*'थाहा छैन तिमीलाई ? तिम्रै बाबाजस्तो ! तिम्रो बाबाका कोटमा दुईथरी बगली छ । एउटामा रातो र अर्कोमा हरियो टीका !'*

उ बिलखबन्दमा गरेर सोधी–

*'त्यसो भए तपाईंले लगाउने रातो टीकाको मतलब ?'*

आमाले जवाफ फर्काइन्–

*'मतलब, हरियो बगलीमा नजाऊ भन्ने सङ्केत हो !'*

फेरि ववितालाई अर्को झड्का लाग्यो । ऊ टीकाको रहस्य बुझ्न चाहन्थी । रातो टीकाले उसलाई निकै गम्भीर बनायो । चिच्याउँदै भनी–

*'सानु मम्मीको हत्यारा बाबाको बगलीको हरियो टीका हो !'*

सबैले कालो कोटको कर्तुतबारे यसपाली निर्णय दिए–

*'अप्सरिया !'*

---

शब्दार्थ : ढ्याब्रे (मोटो), अप्सरिया (असवरवादी), कर्तुत (नराम्रो काम) ।

२

# खर्पन

खेतमा काम गर्ने ज्यापू ज्यापुनीलाई आफ्नो जीवन र भविष्यमा सन्तानको सुख उत्पत्तिबारेको चिन्ताले साह्रै दुःखी तुल्यायो । तिनले आफ्नो दुःख हरणका लागि आशीर्वाद माग्न भीमसेनको दर्शन गर्ने सल्लाह गरे । त्यसपछि तिनको बीचमा दुःख, पीडा र वेदनाको एकता गर्ने सहमति भयो । एकताको मुख्य अभियान थियो–

*'आगामी समृद्धि, सुख र शान्ति !'*

एकाबिहानै दोलखा भीमसेनको दर्शन गर्न हिँडेको तुयुचाले आफ्नो साथैमा रहेकी मङ्गलीलाई जिस्केर भन्यो–

*'तँलाई थाहा छ मङ्गली ? तेरो विचारमा भीमसेन ठूलो कि म ?'*

मङ्गली अलमल्ल परी । भीमसेनलाई ठूलो भनुँ भने तुयुचा नै रिसाउला भन्ने डर ! तुयुचालाई ठूलो भनुँ भने भीमसेन दर्शन गर्न मन्दिरसम्म पुगेको बेला उनलाई तुयुचाभन्दा सानो देख्न पनि भएन । उसलाई श्राप र पाप दुवैको डर थियो ! त्यसपछि उसले निकै गम खाएर तुयुचालाई उल्टै सोधी–

*'भीमसेनको बिहे कोसँग भएको थियो त ?'*

*'त्यति पनि थाहा छैन त ? त्यै द्रौपदीसँग त हो नि !'*

तुयुचा एकछिन चुपचाप लाग्यो । उसले कुरा अन्तै मोड्यो । मङ्गली पछिपछि लागी । बाटोमा तुयुचाले मङ्गलीलाई फेरि सोध्यो–

> *'उसो भए भीमसेनभन्दा त म नै ठूलो रैछु । द्रौपदीको पाँचवटा बूढा थिए । मेरो त म एउटै !'*

बाटोमा यस्तै जिस्केर हिँडिरहेका तिनीहरूको काँधमा एक सामूहिक जिम्मेवारी थियो । त्यो जिम्मेवारीले उनीहरूलाई सताएको थियो । तत्पश्चात् तुयुचाले मङ्गलीलाई प्याच्च भन्यो–

*'अब भीमसेनसँग के वर माग्ने त ?'*

*'म त शक्ति र सत्ता देऊ भनेर माग्छु ! तिमी नि ?'*

*'भक्ति र भत्ता माग्नुपर्ला !'*

उनीहरूको बीचमा वर माग्ने सन्दर्भमा निकैबेर मतभेद भयो । यो मतभेद निकै ठूलो झगडामा गएर परिवर्तन भयो । उनीहरू पूजा आजा गर्न पनि बिर्सन थाले । त्यसपछि तिनीहरूको दृश्य देखेर भीमसेनलाई रिस उठ्यो । भीमसेनले उनीहरूको अगाडि खाली खर्पन फालिदिए । उनीहरूलाई फेरि लाग्यो–

*'अब हाम्रो भीमदेव जिन्दावाद !'*

उनीहरूलाई फेरि एकाएक चेतना पलायो । तिनले त्यो खर्पन बोकेर घरतिर फर्के । बाटोमा पालैपालो भीमसेनको खर्पन बोकेर लठारिँदै हिँडिरहेको ज्यापू ज्यापुनीलाई देखेर एउटा जोगीले अवाक भएर सोध्यो–

*'आजको साग बेच्ने काम सकियो ?'*

धर्म कमाएर आएका ज्यापू ज्यापुनी दुवैले एकस्वरमा खर्पनलाई देखाएर भने–

*'यताउता ढल्किने भीमसेनको सुख, शान्ति र समृद्धिको वरदान !'*

---

**शब्दार्थ :** खर्पन (दायाँवायाँ सामान राखेर बोक्ने भाँडो) ।

३

# रमिता

विजय अभियानको लामो बहसमा कुनै तर्क नमिलेपछि र आफ्नो तर्कको पत्ता चुँडिएपछि मानिसहरूले समूह समूहमा आत्मरोदन गर्दै एकअर्कालाई आरोप गरे–

*'रामले बालीलाई कायरतापूर्वक लुकेर हत्या गरे !'*

यो सुनेर सबैले एकस्वरमा दुत्कार्दै हल्लाखल्ला पनि गरे–

*'लाछि रामको पनि के कुरा गर्नु ?'*

बालीजस्ता बलसाली र रामजस्ता सत्यवादीका यो कथामा समाज हुरुर्र हुनेगरी तातेको थियो । मान्छेहरूको मुखबाट सत्य, असत्यको कथा बिहानदेखि बेलुकासम्म खुब सुनिन्थ्यो–

*'बालीको हत्यामा सुग्रीबको प्रमुख हात थियो ।'*

दुर्बलहरूको अर्को भनाइमा कति सत्यता थियो होला र ? तर पनि कसैलाई थाहा थिएन ! जलनाको पक्षमा बन्नसक्ने प्रमाणबारेको आरोप थामथुम पार्ने मात्रै यस्ता कथाहरू बेला बखत सल्बलाउँथ्यो । रमिताको हत्या कसले गरेको थियो ? भन्ने विषय समाजमा व्याप्त थियो । सबै सो विषयमा न्यायालयको तर्फबाट स्पष्ट जान्न चाहन्थे । अदालतको ढोकै अगाडि भेटिएको वकीललाई जलनाकी आमाले कान नै टट्टाउने गरी भनिन्–

*'गरिबलाई ऐन र धनीलाई चैन त हुन्न होला नि कानुनमा ?'*

वकिल बोलेनन् । मात्रै मुसुक्क हाँसे । उनमा निकै गम्भीर प्रश्न तेर्सिएको थियो–

*'दोषारोपण !'*

एकातिर गरिबको न्याय अर्कोतिर कानुनको व्याख्या थियो भावुक कविकाजस्ता न्यायालयका ती न्यायमूर्तिका परमादेशहरू बेलाबखत आख्यानको वस्तुसार व्याख्यामै सकिन्थो । जलनाकी आमाले रमिताको मृत्युबारे त्यसपछि फट्टै बयान दिइन्–

*'हत्याराको पहिचानसँग हत्याको जवाफ चाहियो ?'*

वरिपरि उभिएका सबै न्यायदाताहरू मुखामुख गर्न लागे । उनीहरूसँग रामराज्य खडा गर्ने शासनका अगाडि बोल्ने हिम्मत कसैमा थिएन । उनीहरूले बक्नैपर्ने अवस्थामा भनिदिए–

*'धर्म रक्षाका लागि जवाफ छैन !'*

ढलेको शरीरमा रातो अबिरले सजाएर निकै सिँगारपटार गरेर लेखिएको थियो । रमिताको शरीरमा पीताम्बरले धर्मको अधर्म प्रकाश तरङ्गित गरेर टल्किरहेको थियो–

*'भगवान् राम ! भगवान् राम !! भगवान् राम !!!'*

एकातिर भावुकता अर्कोतिर भावविह्वलताहरू बरोबर घुमेको थियो । शोकाकुल मान्यजनहरू आँसु पुछ्दथे । रामका धेरै अन्धभक्तहरूले जय जयकार गरिरहेका थिए । अर्कोतर्फ निकै ठूलो जुलुस आइरहेको थियो । उनीहरू कराउँदै हिँडिरहेका थिए । आशङ्काको बीचमा जुलुसले विकल्पमा बोल्यो–

*'मृतकलाई शहिद घोषणा गर !'*

न्यायदातालाई शहिद घोषणा गर्ने अधिकार कुनै अर्थमा थिएन । न्यायको घोषणा गर्ने अधिकार भएकोले सबैको एकै सहमतिले घोषणा गरिदिए–

*'राज्यमा आज फेरि रमिता छ !'*

*'आजको रमिता मरेकाको कि ? बाँचेकाको ?'*

कसैले सोधेको प्रश्नमा असन्तुष्टहरू जलिरहेका थिए । ती शहिदपार्कको अगाडि उभिन्थे । मुट्ठी उठाउँथे । कसम खान्थे । विद्रोहको अहङ्कारमा मुट्ठी बटारेर भन्थे–

*'आज मलाई रमिता छैन ! राम रमिता !'*

घोषणा गर्ने सबैले मुखामुख गरेर मौन भाषामा आँखा तन्काए । अङ्गमा सल्बलाएको भाषामा सबैले कुम जुरुक्क उचालेर प्रस्तुत भए–

*'समय यस्तै छ, अब मुक्त गरिदिउँ !'*

४

# बैगुनको जरा

जङ्गलमा निकै दुःख पाएको ढेंडु गाउँमा पस्यो । उसलाई जङ्गलको काउसोले साह्रै सताएको थियो । सहरमा काउसोबाट मुक्ति पाउनका लागि सबै जनावरहरूलाई सोध्यो । कसैले उसको मुक्तिका लागि जुक्ति दिन सकेनन् । एकदिन बाटोमा लखरलखर हिँडिरहेको थियो । उसको आँखा अगाडि एउटा अस्पताल देखापऱ्यो । उसले अस्पतालमा जँचाउने विचार गऱ्यो । बिरामीहरूको भीडबाट ऊ बिस्तारै डाक्टर भए ठाउँमा पुग्यो । डाक्टरले ढेंडुको शरीरभरि लुतो देखेर सबैभन्दा पहिला उसको इलाज गरिदिने विचार गरेर डाक्टरले सोधे—

*'तपाईंलाई के भएको हो ?'*

*'हजुर ! जङ्गलमा लड्दालड्दा काउसोको फेलामा परिएछ । त्यसैले दुःख दिएर जँचाउन आएको !'*

*'के के हुन्छ तपाईंलाई ?'*

*'खूब चिलाउँछ । चिलाएको ठाउँमा जति कन्यायो त्यति नै मजा आउँछ । जति मजा आउँछ त्यति कन्याउँछु । तर हजुर कन्याउँदाकन्याउँदा रगत भने खूब बग्छ !'*

*'अनि के के हुन्छ तपाईंलाई ?'*

*'रगत देखेपछि गुरिल्ला युद्धको याद आउँछ ! भावुक पनि हुन्छु । गीताको कर्मण्डेवाधिकारस्ते महाफलेषु कदाचनं ! श्लोक पढ्न थाल्दछु ! खै शान्ति भने मिलेको छैन !'*

*'तपाईंलाई थाहा छ ? गुरिल्ला युद्धमा म जस्तै डाक्टर र वैद्य पनि थिए*

*निं ? ती आजकल कता छन् ?'*

*'ए ! ती धोकेबाज जासुसहरू ?'*

*'खै, त्यो त थाहा छैन । हाम्रो जमानाका काविल हुन् !'*

*'भो भो सर नसम्झाउनुस् ! मेरो लुतोको प्रमुख कारक तिनै हुन् !'*

*'अनि आजकल के गर्नुहुन्छ त ?'*

*'वर्ग मित्र नामेट अभियान !'*

*'तपाईंको सिद्धान्त त वर्ग शत्रु खतम अभियान होइन र ?'*

*'तपाईं पनि बुझ्नु न सर ! त्यो त भ्रम दिएको नि त !'*

त्यसपछि डाक्टरले लुतोको औषाधी लेखिदिए । ढेंडु त्यहाँबाट औषधी पसलमा पुग्यो । पसलेसँग औषधी माग्यो । औषधी पसलेले औषधीको सट्टा एकवाक्य भनिदियो–

*'यस्तो रोगको औषधी पाइन्न, अहिले बन्द छ !'*

*'यसलाई कम गर्ने न्यूनतम उपाय त होला नि ?'*

*'त्यसो भए मनको ज्वारभाटा कम गर्नोस् ! लुतो जान्छ !'*

ढेंडुले फेरि औषधी पसलेको अगाडि फूर्ति लगाएर भन्यो–

*'के तपाईं मेरो लुतो ठीक हुने औषधी नदिने ? अब फेरि जङ्गल पसिदिउँ ?'*

वरिपरिका अनेक मान्छेहरू उसको गन्हाएको सास र फोहरी बानी देखेर दिक्कहुँदै उभिरहेका थिए । प्वाक्क भन्यो–

*'लुतो कन्याउँदा आफूलाई कस्तो मजा आउँछ, उल्लूहरू !'*

कराउँदै बाटो लाग्यो । अर्को पसलतिर छिर्‍यो । हरेक पसलमा छिर्दै जान्थ्यो । सबैले भन्ने एउटै सत्य थियो–

*'जता जाऊ बारी, कर्कलाको घारी !'*

५.

# रजाइँ

पहाडी गाउँमा कसैको सल्लाह थिएन । निकै हल्ला चलिरहेको थियो–

*'हाम्रो गाउँमा कुनै विकास भएन !'*

अन्तरे काकाले एकदिन गाउँका पट्टाहरूलाई बजेट योजनाको कागज देखाएर विकासको फूर्ति हाँके–

*'हाम्रो गाउँको पहाडको बाटो त म नभए कहिल्यै बन्दैन !'*

पहाडका भारी बोकेर उकालोओरालो गर्ने भरियाहरू दङ्ग परे । भेडा गोठालाहरू आश्वस्त भए । किसानहरू ठूलै आशाले अन्तरे काकाको बखान गर्न लागे । एकदिन पहाडको खप्परे भीरमा डोजरको आवाज कराउन थाल्यो । सब पहाडिया सबै हेऱ्याहेऱ्यै भए–

*'अब चाहिँ चार लैनको पिच बाटो खुल्यो !'*

कसैकसैले त दुःखको साक्षीका रुपमा भगवान्लाई पनि निकै गर्वका साथ पुकारे–

*'थाप्लेहरूका करुणा निदान ! दिन दयालहरूप्रति हजुरको अनुकम्पा भो !'*

जाडोको याम थियो । टेन्डरको काममा आएको डोजर घ्याच्च ओथारा बस्यो । अन्तरे काकाले पहाडियाहरूलाई सम्झाउँदै हल्ला गरे–

*'अहिले जाडो भएकाले इन्जिन जाम भयो रे !'*

केही महिना कुरेपछि गर्मी आउँदैगर्दा अन्तरे काकालाई गुहारे । अन्तरे काकाले आश्वासन दिएर भने–

*'इन्जिनियर सापले काम गर्दै हुनुहुन्छ । नक्सामा बाटो बनी नै सक्यो । अब पिच गर्न मात्रै बाँकी छ ।'*

पहाडमा निकै वर्षात् चल्नथाल्यो । डोजरले खोसलेको भीर पाखाको माटो, बालुवा, ढुङ्गा र गिट्टी वर्षात्को पानीमा पैह्रो जानथाल्यो । साहसपूर्वक पहाडियाहरू इन्जिनियर भएको अफिसमा डेलिगेसन गए । उनीहरूले इन्जिनियरलाई भने–

*'हजुर साप ! पहाडमा पैह्रो गयो । हाम्रो बिल्लीबाँठ भयो ।'*

इन्जिनियरले दुःखी पहाडियाहरूको अनुहार हेरे । निकै भावुकझैँ बनेर हात मोले अनि नरम भाषामा सम्झाए–

*'हेर्नुस् न ! एक त अहिले बर्खा पनि लाग्यो । अर्को हिसाब फर्छ्यैाट गर्न एकदिन बाँकी छ । हिसाब फछ्र्यौट गरौँ अनि देखा जाएगा !'*

पहाडियाहरूले अड्डी कसेर अनसन बसे । ढोकैमा तालासमेत मारिदिए । धेरै दिनको अनसनपछि सडक विभागले विज्ञप्ती निकाल्यो–

*'यो आर्थिक वर्ष समाप्त भएकोले अर्को वर्ष बजेट योजना मुताबिक गर्ने सहर्ष जानकारी गराउँदछौ ।'*

पहाडियाहरू हिउँद लागेपछि अनसनबाट हैरान भएर घरतर्फ फर्कंदै थिए । उनीहरूले भत्किरहेको आ–आफ्नो घर अगाडि डोजरको डोब देखे । रिसले आगो बनेका उनीहरूले सरकारी कर्मचारीको भीडसँग सोधे–

*'यसपालि त चार लैनको पिच बाटो पक्का भयो ?'*

निरीक्षणमा आएकामध्ये अलि टेडामेडा कुरा गर्ने मान्छे थिए । उनले एक झोकमा भनिदिए–

*'हिसाब मिलाउनै बाँकी छ !'*

पहाडियाहरूले मुखामुख गरे । मुआब्जा र क्षतिपूर्तिको आस गरेर अनुनय विनय गरेर प्रश्न उठाए–

*'त्यसो भए हाम्रो उठीबास बस्तीको क्षतिपूर्ति खै त ?'*

तरपनि निरीक्षणमा आएका कर्मचारीहरू केही बोलेनन् । उजाड बस्तीका पहाडियाहरूले मन पकाइपकाई बुझे–

*'रजाइँ !'*

६

# छोइएला

बेहुलाको घरभित्र पसेको भोलिपल्ट जग्गे वरिपरि गाउँका सबै मानिसहरू रमाएर दुलहीलाई नियालिरहेका थिए । एउटी मन दुखेकी गँवार बुढीले दुलहीको नजिकै अर्की आइमाईसँग खासखुस गरी–

*'दुलही त दुलाहाभन्दा जेठी देखिन्छे नि त !'*

खासखुसको आवाजको तरङ्ग यताउता भौँतारियो । परपर उडेको आवाज ठोक्किएर आरिसे स्वभावकी राधाको कानमा पुग्यो । उसले पनि दुलहीको बारेमा अड्कल लगाई–

*'दुलही त दुलाहाभन्दा कति धेरै मोटी, लमीको पनि आँखै फुट्यारेछ !'*

दुलाहा दुलहीको छेउमा लमी उभिरहेका थिए । उनलाई कुन्नि के कुरामा दुलाहापट्टिबाट चित्त बुझिरहेको थिएन । मनमा जमेको रिसको ज्वार उतिन्खेरै पोखियो–

*'सद्दे आँखा हुनेले खोजिदिनुपर्थ्यो नि त !'*

एकछिन वरिपरिका आइमाईहरूको मुख बन्द भयो । सबै पछ्यौराले मुख थुनेर चुपचाप लागे । उनीहरू दुलाहा दुलहीको माछा मार्ने खेल, पासा हान्ने खेल, खलको बच्चाको दिसा धुने काम तथा जुठो लाउने खेल खूब मजा मानेर हेरिरहेका थिए । बेलाबेला गाउँका दर्शनार्थी आइमाईहरू प्वाक्कपुक्क बोल्थे । बाहिरैबाट दुलहीलाई अरु आइमाईहरूले ठट्टामा ट्वाक्कटुक्क मजाकले भनिदिन्थे–

*'लौ नानी ! अब घर आफ्नै हो, बाबुको गोडाको पानी खाएर सेवा गर !'*

घरसमाजको पाप, धर्म र नैतिक उपदेश पढाइँदै थियो । उनी पढेलेखेको

भएकीले समाजको चालामाथि मनमनै प्रश्न पनि गर्थिन्–

*'के दुलही भन्ने जात गँवार हो ?'*

चुप लागेर बसेपनि दुलही सबै व्यक्त भाषा बुझ्दथिन् । चेहरामा लज्जा, आँखामा प्रेमिलता, मनमा हेयभावको प्रकम्पनका बीच पनि दुलाहाको तेर्सिएको खुट्टा अगाडि निहुरेर हेरिरहिन् । निकैबेर पछिसम्म पनि दुलहीले दुलाहाको खुट्टाको पानी खान सकिनन् । उनलाई मण्डपमा पढाइएको कुल, परम्परा र पापधर्मको ज्ञान थियो, केही बोल्न सकिनन् । पछि गाउँका आइमाईहरू गिल्ला गरेर हाँस्न थाले । उनलाई सरम लाग्यो । सरमकै बीचमा सँगै रहेकी एक भरपर्दो आइमाईलाई खुसुक्क सुनाइन्–

*'म भरखरै मिन्स भएँ । उहाँलाई छोएर कसरी खुट्टाको पानी खानु ? कुलमा पाप लाग्छ !'*

चुपचाप रहेका गाउँका आइमाईहरूले दुईचार दिन धारा, पँधेरा र बाटोमा दुलहीको कुरा काट्दै पन्छिन थाले–

*'पापिनी आई, छोइएला !'*

७

# अप्रमाणित नजर

आमा अन्तै पोइल गएकी थिई । बाबुको खाडीमा मृत्यु भयो । खबर सुनेपछि दिदीको घरमा आश्रयमा बसेकी बहिनी ववितको अगाडि जिस्किँदाजिस्किँदै भवानीलाई मनको ढुङ मार्न हो वा ख्याल ठट्टा गरेर हो, जयन्तले ठोकुवा गरेर भनिदिए–

*'तिमी त राम्री छैनौ !'*

ववितको सुन्दर स्वरुपका अगाडि सौन्दर्य खस्किएको थियो । आफ्नै श्रीमान्को मुखबाट निस्किएको वाक्यले उनलाई निकै दुःखी तुल्यायो । मानसिक हतास एवं दुःखका साथ घरजम गरेको प्रमाणित गर्न आवेगको निःश्वास त्यसै निस्कियो–

*'ए ! म बूढी भएँ, अब ?'*

जयन्तको अनुहार एकाएक निलो भयो । नजिकै रहेको ववितको चेहरामा पुलुक्क हेरे । मौन लालीमा सर्माएर जयन्तका अगाडि आँखीभूइँ खुम्च्याएर लज्जावती झारझैँ भवानी निहुरिइन् । शब्दहरू निस्कन सकेनन् । जयन्त चुपचाप लागे । भवानीलाई एकाएक जयन्तको वचनले मनमनै पोल्न थाल्यो । उनले शङ्का गर्न लागिन्–

*'बाबु टोक्वाइ यहाँ आएदेखि घर ठीक छैन ।'*

अर्कोदिन कपाल कोर्न लागेकी भवानीलाई जयन्तले भव्य बैठक कोठाको परिसरमा अनन्य पत्नी प्रेमको भावुक लयमा अनायास भने–

*'यसो ऐना हेर त ! तिम्रो अनुहारमा चायाँ देखिएछ !'*

जयन्तले ननिको खिसी गरे झैँ लाग्यो । भवानीलाई झन् औडाहा चल्न थाल्यो । भवानीको चेतनाले झन् शङ्का दिन थाल्यो । त्यसपछि भवानीले ववितालाई

नयाँ नजरले हेर्न थालिन् । एकदिन जयन्त घरमा नभएको समयमा बहिनीलाई भवानीले भनिन्–

*'नयाँ नजरले मेरो घर पिऱ्यो ।'*

*'कुनचाहिँ नजरले दिदी ?'*

*'कर्के नजरले नि त बाबै !'*

*'कसको नजर छ र ? त्यस्तो दिदी !'*

*'खै कसको, कसको अब ! भिनाजुको होला नि !'*

भवानीले मनको अपच विकार पोखिन् । त्यसपछि कुरा बुझेर दिदीको घरबाट वविता राती निस्किइन् । जयन्तको नयाँ नजरमा भने कुनै होसहवास थिएन । उनी बर्बराइरहेका थिए–

*'अप्रमाणित नजर !'*

❀

८

# मातृ–काया

गान्धारीले श्रीकृष्णलाई आफ्नो मातृ-वात्सल्यबारे ठूलै आदर्श देखाइन् । त्यसैले लोकसँग गान्धारीको ममतालाई उदाहरणका रुपमा बुझ्थे र भन्थे–

*'आमा हुनु त गान्धारी जस्तो !'*

खोजको यस्तै नयाँ कथनहरू बनिबनाऊ बनेर आमाको गरिमासँग मानिसहरू धारणा बनाएर साखुल्ले बन्थे । गान्धारीसँग न आँखा खुल्ला, न अधर्मको परिचय । उनले कुनै युगको सत्यवादी मातृत्वको परिचयका लागि युद्ध जितिन् ! मेरो मोबाइलको पर्दामा पनि यस्तै सन्दर्भलाई बिर्साउन युटुबरहरूले पठाएको कथाहरू थिए । उक्त कथामा बकबक गरिरहेको एकाएक अनेकौं दृश्यहरू देखिएको थियो–

*'त्यस्तै महिमा !'*

उज्यालो आँखा थियो । शृङ्गारले सजिएको थियो । पहिरनले धपक्क बलेको थियो । वैभवशाली भाषाले अलङ्कृत थियो । नाग चालको झैँ गति थियो । आमाअगाडि आँखा नखोलिएको बच्चा थियो । अधर्मबारे कुनै सत्यज्ञान नपाएको दुर्योधन नामक बच्चा थियो । ऊ कागजको डिब्बामा सत्यधर्मका लागि लडिरहेको थियो । यतिकै युटुबरले षोडसी आमालाई सोधे–

*'तपाईंलाई बच्चाको माया लागेन ?'*

*'माया त लाग्यो नि तर मेरो विवशता छ !'*

*'कस्तो विवशता हो, त्यो ?'*

*'भन्न नमिल्ने तर बुझिदिनुपर्ने !'*

*'युटुबरले के बुझ्ने ?'*

षोडसी आमाको काखमा रहेको सो बच्चा हाँसिरहेको थियो । उनले युटुबरलाई मोहित आँखाले हेरिन् । लाल आँखाबाट त्यसै दुईथोपा आँसु तरक्क चुहाइन् । चुहिएको उनको आँखाको आँसु बच्चाको उन्मुक्त जगत्को उडानका लागि फर्फराइरहेको उज्यालो आँखामा तपक्क छिऱ्यो । बच्चा त्यसै त्यसै अत्तालिएर चिच्याउन थाल्यो । युटुबरले कुनै प्रश्न सोध्न सकेका थिएनन् । बरु षोडसी आमाको चेहरा एक्कासि कालो नीलो हुँदैथियो । उनले एकाएक बच्चालाई काखबाट भुईंमा थचारेर कराइन्–

*'तँ पापिष्टले गर्दा समाजमा मलाई लाज मर्नु भो !'*

*'माया लाग्दैन तपाईंलाई ?'*

उनले अर्कै घुमाएर जवाफ फर्काइन्–

*'फन्दामा परेँ !'*

युटुबरले क्यामरा घुमाइघुमाई रुप सुन्दरी आमालाई घटनाको रहस्य सोधिरहेका थिए । कहिले बर्बराएर, कहिले पागलझैँ उनी कराइरहेकी थिइन्–

*'विदेशमा थिएँ, राजालाई खोज्दै छु !'*

*'के तपाईंको मनको राजा धृतराष्ट्र हो ?'*

युटुबरको अगाडि रहेकी रुप सुन्दरी आमालाई निकै टेन्सन थियो । उनले आफ्नो बचाउ गर्दै कायल भएर भनिन्–

*'मातृ-युद्धमा छु !'*

---

**शब्दार्थ :** मातृ-काया (मातृ देह) ।

९

# धाईमाता

रुप, सौन्दर्य, शीलस्वभाव र पहिरनले सजिएकी सुमिनासँग एउटा पत्रकारले अन्तर्रवार्ता लिइरहेका थिए–

*'अन्तिम प्रश्न ! विवाह गर्ने योजना कहिले छ ?'*

पत्रकारको मोहित आँखाले सुमिनाको नजरतर्फ एकपटक पुलुक्क हेरे । युवती सुमिनाको नजर एकाएक भुईंमा घोप्टियो । पत्रकारले यस्तो प्रश्न सोधेबापत उसलाई कुनै मानसिक वा अनैतिक सजाय हुनेवाला थिएन । सुमिनालाई मानसिक पीडा र नैतिक धर्मको सजायमा बेलाबेला नुनचुक छरे जत्तिकै हुन्थ्यो । विगतको स्मरणले चिमोटी दिन्थ्यो–

*'तपाईं लेखिका बन्ने प्रेरणाको स्रोत ?'*

सुमिना अन्कनाइन् एकछिन गम खाइन् र सुस्त तर गम्भीर उत्तर दिइन्–

*'वास्तवमा जीवनमा घटेको पीडादायी क्षण !'*

*'कस्तो घटना हो, त्यो ?'*

*'भयो, भन्न मिल्दैन !'*

पत्रकारलाई थप जिज्ञासा जाग्यो । उनले अर्को प्रश्न गरे–

*'यहाँको कसैसँग प्रेम थियो कि ?'*

*'थिएन, तर माया थियो !'*

*'प्रेम विनाको माया ?'*

पत्रकार झनै अलमलमा परे । उनको वार्ताको झाँकीमा कुनै भेउ फेला परेन ।

त्यसपछि उनले लेखिका सुमिनालाई अन्तिम प्रश्न सोधे–

*'अन्तमा तपाईंको भन्नु केही छ कि ?'*

सुमिनाको चेहरामा लज्जाको मलिनो आभा देखियो । उनले अन्तिम त के भन्नु ? तर जेहोस् भनिन्–

*'यौवनमा मेरो माया गर्ने एउटा सोझो केटो थियो । उसले खूब माया गर्थ्यो । मैले पनि उसलाई खूब माया गर्थें । एकदिन उसले मेरो प्रस्ताव मानेन । त्यसपछि परिस्थितिले उसलाई छोड्दै जानुपर्ने बाध्यता थियो ऊ टाढा हुन मानेन । उसलाई निकै सम्झाएँ । मेरो पछि लागिरह्यो । एकदिन उसलाई मैले बाटोमा देखेथेँ । पछि उसले अर्कैसँग बिहे गरेको चाल पाएँ ।'*

पत्रकार सुनिरहेका थिए । उनको जिब्रो खूब रसाएको थियो । आँखाहरू मोहित बनेका थिए । चेतनाहरू भावशून्य मोडमा स्थिर रहेका थिए । त्यसपछि उनले थपे–

*'तपाईंको बाध्यता ?'*

*'सरोगेट बनेर बच्चा जन्माइदिने इच्छा !'*

*'तपाईंलाई उसको अझै माया लाग्छ र ?'*

*'मतलब, लेखिका बन्ने प्रेरणाको स्रोत !'*

*'लौ ? अब विवाह ?'*

*'कुमारी बन्ने !'*

अमर प्रेमको समाचार लेखिरहेका पत्रकार द्विविधामा थिए । नायकको नाम के राख्ने, उनलाई सकस भएको थियो । अन्त्यमा सुमिनाको आँखाको एकथोपा आँसु गाजलमा लत्पतिएको थियो । उनको मुखबाट फेरि एक लवज निस्कियो–

*'लेखिका धाईमाँ !'*

१०

# सुन्नु न !

बिहानैको कर्कर स्वरसित चिच्याटलाग्दो अवस्थामा उनीहरूको बीचमा झगडा भयो । साउने सोमवारको दिन थियो । ललिताले आफ्नो साथीलाई बाटोमा मन्दिर जाँदैगर्दा भनी–

*'आज मन्दिरमा शिव भगवान्सँग भेट हुन्छ !'*

साथै रहेका दौँतरीहरू गललल्ल हाँसे । ललितालाई सरम लाग्ने गरी पुलुक्क अनुहारमा हेरे । दौँतरीहरूको साथमा एकजना वृद्ध महिला पनि थिइन् । उनले खिस्स मुख बङ्ग्याएर भनिन्–

*'बुहारीहरू त कति उत्ताउला भएका !'*

बाटोमा हिँडिरहेका सबैजना दौँतरीहरू एकछिन चुप लागे । केही सन्नाटापछि एउटीले अर्को साथीको घाँटीमा देखाएर भनी–

*'तिम्रो हरियो टीका, सारी, चुरा र पोते त कति राम्रो !'*

*'खै ! बूढाले ल्याइदिएको थाहा छैन !'*

*'घटेसी त कति सुहाएको छ त !'*

ललिताले आफ्नो रातो सारीको सप्को माथि तानी । उसलाई आज निकै औडाहा भएको थियो । उसको घाँटीमा घटेसी पनि थिएन । हरियो टीका, सारी र चुरा पनि थिएन । मात्रै नाडीमा थोत्रा राता चुरा र गलामा रातो एकसरो पोते थियो । मन्दिरमा पूजा गर्न अन्तै गाउँबाट हरियै सजिएर आएकी अर्की बाल–दौँतरीले उसलाई भेटेर भनी–

*'साउनमा पनि, न हरियो टीका, न चुरा पोते तिम्रो त !, आफ्नै लागि लाउने त हो !'*

ललिताको चेहरा झन् रातो भयो । उसले बोल्नै सकिन । उसको हातमा भएको पूजा सामान पनि फत्रक्क खस्यो–

*'आज अपसकुन रेछ ! यो पोइ टोक्याइलाई भेट्यो कि यस्तै हुन्छ ।'*

ललिता मनमनै मुर्मुरिई । पोखिएको पूजा सामान, फूल, धूप सबै टिपेर बाहिरैबाट भगवान्‌लाई हुऱ्याइदिई । उसले आज पनि शिव भगवान्‌सँग भेट्न सकिन । बिरामी परिरहेको खसमलाई सम्झेर ऊ हतारहतारमा घर आई । निन्याउरो अनुहार लगाएर उसले तलबाट खसमलाई प्रसाद लाउनका लागि बोलाई । धेरैबेर बोलाए पनि प्राणनाथ उठेनन् । उसले फत्फताउँदै माथि उक्लेर भनी–

*'आफ्नो त कर्मै दुःखी ! न पोइको भर, न भगवान्‌को !'*

त्यसपछि ललिताले रातो चुरा, पोते, कपडा फुकाली, सिउँदोको रातो सिन्दुर पुछी । ऐनामा हेरिरही र उसले आज घोषणा गरी–

*'म त कस्तो विधवाजस्तो भएछु, छ्या !'*

प्राणनाथले ओछ्यानबाट टाउको उठाउँदै ठट्टा गरेर भने–

*'शिव भगवान् आज पनि भेटिएन र ?'*

ललिताको न मन, न बोली कुनैमा पनि जवाफ थिएन । उसले आफ्नो अनुराग सच्याउँदै भनी–

*'सुन्नु न !'*

त्यसपछि ऊ शान्त भएर हाँसिरही ।

११

# बारना हुँदैन रे !

पुरातनवादी समाजमा अत्याधुनिक विज्ञानको प्रयोगको समय थियो । लक्ष्मीको चालामाला देखेर विष्णुबाजे निकै रुष्ट भए । उनले घरभित्र पस्ने बित्तिकै लक्ष्मीलाई झम्टे–

*'अलछिनी ! समाजको लाजसरम लाग्दैन तँलाई ?'*

*'यो वैज्ञानिक युग हो, हैन र ?'*

विष्णुबाजेको कुरालाई नजिकै रहेकी सरुले सही थाप्न सकिन । उसको मुटुमा गाडिएको सौतेलो किलो पीडादायी भएर मन्द गतिमा चर्‍याइरहेको थियो । उसले मनमनै खुच्चिङ भनी । विष्णुबाजेकी अलछिनीलाई आँखा तरी । उसले भने आफ्नो हातमा भएको मोबाइलबाट सेल्फी खिचेर पोस्ट पनि गरिदिई । कृष्णबाजेले सरुको सेल्फी फोटो आफ्नो मोबाइलको वालमा देखेर हुरुक्क भएर मेसेज लेखिदिए–

*'प्यारी, हाम्रो सपनाको भेट कहिले हुन्छ ?'*

सरुको मनोद्वेग उसै उर्लिएर कृष्णबाजेको मेसेन्जरमा घन्टी बज्यो । घन्टीको साथ साथमा भक्कानिएको स्वरमा आवाज आयो–

*'लभ्ली डियर ! मलाई अचेल चैन छैन ।'*

*'किन नि चैन नभएको ?'*

*'हजुर त्यता, म यता कसरी चैन होला त ?'*

*'ऊ के गर्दै छ नि त ?'*

*'बेडमा उता पल्टेर मरिरेछ, विष्णे पापी !'*

निकै लामो समयको वार्तालापपछि शारीरिक असन्तुष्टिका बीच मानसिक थकानसँग सरु फुसुक्क निदाई । कृष्णबाजे पनि सरुको थप म्यासेज कुर्दाकुर्दै

आँखाकाँचो पारेरै भुसुक्क भए । अर्को दिन सरुले शृङ्गारका लागि पार्लर गएको समयमा मोबाइल टेबुलमा छुटेको थियो । विष्णुबाजेको अगाडि मेसेज एकाएक किरिङ किरिङ गरी आयो–

*'बुझ्यौ डियर ? आज राति त थाकेर भुसुक्कै निदाएछु । भरे बेलुका पनि आऊ ल ?'*

विष्णुबाजेको होसहवास उड्यो । उनले मोबाइल भुईंमा खूब थचारे । रिसको झोकमा मुर्मुरिरहे । अलछिनी लक्ष्मीले हातको कपासको बत्ती काटिरहेकी थिई । विष्णुबाजे बर्बराउँदै पागल भएर भने–

*'त्यो, त्यो डङ्किनी सरे रातभरि नाठो खेलाउँछे !'*

लक्ष्मीको मनले भने यतिबेला चैनले लामो सास फेर्नथाल्यो । तर ऊ पनि चुपचाप बसिरही । विष्णुबाजेको जीवन रुग्ण हुँदै थियो । बिग्रेको घर र जोईपोइको चालाले उनको मनले समाजमा मुख देखाउने अवस्था थिएन । उनले अन्तिम सत्यको खोज गर्नुपर्ने थियो–

*'सामाजिक कलङ्क नभोग्नका लागि बेखवरको बाटो !'*

बेखबर सोचको निष्कर्षको मानसिक तनावबीच आफ्नै मोबाइलमा निकै जोडले टिङरिङ्ग लवज आयो । सो लवजले उनलाई सम्झाइरहेथ्यो–

*'मेरा जीवनका अति प्रिय प्राणप्यारा !'*

झसक्क झस्केर मोबाइलको उज्यालो बढाए । राधाको क्षमायाचना र कृष्णको लीलाबारे निकै गन्थन सुने । राधाको आत्मा अतृप्तिका बीच विष्णुबाजेलाई प्रार्थना भयो–

*'अब जे भयो भयो ! मेसेन्जरको उदात्त यौनिक सन्तुष्टिमा बारना हुँदैन !'*

उनी झसङ्ग भए । त्यसपछि लक्ष्मी र सरुलाई पनि उनले हतार हतारमा मेसेज लेखी पठाए–

*'राधाले भनेको, तिमीहरू अलछिनी र डङ्किनीभन्दा पनि यस्तोमा बारना हुँदैन रे !'*

एकाएक फेरि जमघटमा बसेका उनीहरूले त्यसपछि आफ्नो आफ्नो मोबाइल भुईंमा थचारेर एकस्वरमा कराए–

*'बूढाबूढी भँडुवा, लौ खा !'*

१२.

# अनुदानको परीक्षा

पूँजीको महामारी विकाससँग विद्यार्थीहरूको शैक्षिक उन्नती निकै सुदृढ थियो । कतैबाट गँवार भाइरस आइदियो । पछि अलिअलि जागेका सरकारी शिक्षानीति जुँगाको ताउमा उफ्रौंला झैं डन र खुपियाँहरूसँग पाकिरहेका थिए–

*'अबदेखि अनलाइन क्लास चलाउनू !'*

शिक्षा विभागको वैज्ञानिक शिक्षण विधिको खबर आयो । यता अविभावक विद्यार्थी दङ्ग थिए । उनीहरूको सबैभन्दा दशाको झन्झट थियो- बेलाबेलामा महङ्गो फिस । महिनैपिच्छे बुझाउनु नपर्ने र घरमै बसीबसी शिक्षा आर्जन गर्न पाइने कल्पना थियो । यस्तो सिकाइले तहल्कै दिएथ्यो । उता शिक्षकलाई हाजिर गर्न धाउनु पनि नपर्ने, घरबाटै यसैउसै विद्यार्थीलाई गफ हान्न पाइने अवसर पनि थियो । तलब रकम महिना सकिएपछि बैङ्कमा चेक काटे भइहाल्थ्यो । कोर्सको नौटङ्की पढाएर सकियो । बाँकी काम पेन्डिङ हुन लागे । शिक्षालयहरू चटपटाउन थाले । सरकारी अनुदान यता उता तानतुनमा चलिरहेथ्यो । शैक्षिक अनुदानका लागि निजी शिक्षालयहरू माग गरिरहेका थिए–

*'हामीले अनुदानमा अनलाइन पढायौं । राज्यले अनुदानमा परीक्षा लेओस् !'*

अनेक बाध्यताका बीचमा उनीहरूको माग सम्बोधन हुने कुरा कतै पक्का त कतै शङ्का थियो । परिस्थितिको चापलाई ध्यानमा राखेर शिक्षा विभागले निर्णय लियो–

*'विशेष अवस्थामा शिक्षालयहरूले अध्यापनमा अनुदान दिए पनि परीक्षा हुन नसकेकाले परीक्षाका लागि अनुदानको होम सेन्टर लागु गर्ने !'*

होम सेन्टरको कारण परीक्षार्थीहरूको लागि यो जत्तिको खुसी हुने दिन कुनै थिएन । उनीहरूले होम सेन्टरको परीक्षाका लागि म्याथम्याटिकको तयारी गरे–

*'सत्तामा निर्णय लिन बहुमत चाहिन्छ !'*

इन्जिनियरिङ्ग गाह्रो विषय थियो । उनीहरूले होम सेन्टरको परीक्षाका लागि फर्मूला कण्ठ गरे–

*'ठेक्कामा घुस कहाँ र कसरी खान पाइन्छ ?'*

मेडिसिन विषयचाहिँ भने मानव जीवनसँग जोडिएको थियो । उनीहरूले होम सेन्टरको परीक्षाका लागि खोजको कार्यपत्र तयार गरे–

*'ऐया, ऐया गर्दै मरणासन्न भएको बिरामीको रगतबाट प्राइभेट क्लिनिकमा कसरी सम्पत्ति आर्जन गर्न सकिन्छ ?'*

यस्तै तरिकाले अनुदानको परीक्षा सकिएपछि सर्टिफिकेट डालोमा हालेर चटपटेवाला भीडमा कराइरहेको थियो–

*'मसलेदार चना चटपटेको साथमा विशेषज्ञहरूको आजको प्रमाणपत्र !'*

परीक्षार्थीहरू आफ्नो मेहनतको प्रतिफल खोज्न विभागमा थिए । उनीहरूको एउटै घन्किएको नारा थियो–

*'हाम्रो लगानी फिर्ता गर् !'*

विभागका फाइलहरू चौरभरि छरिएका थिए । सूचना पाटीमा सबैको नाम थियो, कसैको काम थिएन । उनीहरू रिले अनसन बस्न छहारी खोजिरहेका थिए । वातावरण भने सुनसान बन्दैगएको थियो । बेतलबी शिक्षक जीवनका लागि उकालो चढ्दै थियो ।

१३

# तुरुप

हिमालयको काखमा ध्यान गरिरहेका महादेवको प्रतिमाको कन्दनीबाट छट्टु नागाहरूले भाङधतुरो झिकेछन् । सो भाङधतुरो स्वादले तान्दै लट्ठ परेर नदीको किनारतिर आफूहरू पनि महादेवजस्तै ध्यान गर्न बसेछन् । उनीहरूको ध्यानमा महादेवको जस्तो सकल नियम थिएन । त्यसैले उनीहरू नदी किनारमा नुहाउन आउने मानिसहरूलाई लठ पाराको धुनमा चिम्टाले बजारेर भन्थे–

*'तिमीहरूले महादेवको जादु देखेका छौ ?'*

नदी किनारमा आउने पहाडिया कुसुण्डा, राउटे र बनझाँक्रीहरू भने चिम्टाको टङ्कार सुनेर थुर्थुर भएर भन्थे–

*'हजुर मर्जी होस् बाबा ! बाबाको जय होस् !'*

दबिएका र हेपिएका ती पहाडियाहरू उनीहरूले गरेको डाँको र हेपाइको कुरा बुझ्न सक्दैन थिए । बरु उनीहरूले बेलाबेला दिएको गाँजा, भाङ एवं धतुरोमा लट्ठ भएर ल्याप्चे ठोक्थे । ती जसो भन्थे पहाडियाहरू त्यस्तै 'सै सै' भन्थे । नागाहरूले पहाडिया यस्ता मान्छेलाई भेटे कि युगौँ युगसम्म यस्तै कराएर बसे । मठ मन्दिर बनाए । बुटीको तालमा बौलाहाझैँ कराएर सामाजिक सद्भावका कथा बनाए । मौन ध्यानका महादेवलाई यसबारे कुनै चासो थिएन । ध्यानभङ्ग भएको बेला यो दृश्य देखेका भए गँजडीहरूको लीला ठान्थे होलान् ! एकदिन एउटा नदीको किनारमा त्यसै बरालिइरहेका नागाहरू निर्वस्त्र नुहाइरहेका थिए । उनीहरूले नदीको किनारमा हिँडिरहेको वीर योद्धालाई देखेर डराउँदै भने–

*'अ-योध्याको तीर हान्दिम् !'*

विचरो, वीर योद्धा अलमलमा पऱ्यो । ऊसँग न गँजडी समाज थियो, न नागाजस्ता गँजडीहरू नै थिए । त्यसपछि वीर योद्धा त्यहाँबाट चुपचाप बाटो लाग्यो । योद्धा सत्यवादी भएकाले आफ्नै कर्मअनुसार जन्मथलोलाई युद्धरहित भूमिको घोषणा गर्न मन लाग्यो । नाम राखिदिए–

*'अ-योध्यापुरी !'*

कालान्तरमा महान् व्यक्तित्व मर्यादा पुरुषको आदर्श खोज्न नदी किनारका तिनै नागाका सन्तानहरू छलकल गरेर बसेका थिए । बौद्धहरूलाई सखाब पारेर आलटाल गर्दै उभिइरहेका सलमानसँग दोस्ती गर्दै अगाडि बढेर उनीहरूले भने–

*'तिमीहरू झिँगेमाछा खान्छौ ? खूब बल आउँछ ! युद्ध पनि जितिन्छ !'*

विचरा उनीहरूले कुरा बुझेनन् । हतारमा झिँगेमाछाको झोल खान पर्खेर बसे । धेरै कालपछि उनीहरूले पनि थाहा पाए कि झिँगेमाछा त उनीहरूको छलकल पो रहेछ । एकदिन एउटा ज्योतिषलाई लाग्यो–

*'नागाहरूले भन्न खोजेको अ-योद्धा र वीर योद्धाको युद्धरहित अ-योध्यापुरी, झिँगेमाछाको धूपजस्तै फरकफरक हुनुपर्छ !'*

त्यसपछि ज्योतिषले झिँगेमाछाको धूप हाल्दै वीर खेलाए । नागाहरूले कालान्तरदेखि प्रयोग गर्दैआएको बुटीको बिष समन गर्ने विचार गरे । अन्तिममा उनले 'ॐ फट्', को तुरुप हानिदिए–

*'अ-योध्यापुरीका रामलाई नेपाली नागरिकता !'*

ॐ फटको तुरुप लागेर शेषनागले डसेका लक्ष्मणझैँ बेहोसीमा रामभक्तहरू बर्बराइरहेका देखिन्थे–

*'बोल् बोल् माछा मुखाभरि पानी !'*

१४

# दुर्व्यसन

घाटमा रहेको बेवारिस टुक्राटुक्रा लास सदगदका लागि पहिचानको मुख्य समस्या थियो । समाजमा खूब चर्चा नभए पनि लीलाको बारेमा रोमान्चक हल्ला थियो–

*'महाभारतका कृष्ण पनि असत्यका बीच काटिए !'*

काटिएका कृष्णको घटनाका कथाहरू सुनेर उपस्थित सबैका आँखा आँसुले भिजेका थिए । मलिनो चेहरा, धमिलो हेराइ र भावविह्वल मानसिकताका बीचमा छटपटिएर कराइरहेका सयौँ मान्छेहरू थिए । निकै हतार हतारमा लम्केर श्रद्धाञ्जली अर्पण गर्न आएका नेताज्यूले आफन्तलाई सोधे । एकजना समाजका अगुवा अघि सरे । उनैको आँखामा आँखा जुध्यो र सोधे–

*'कृष्णजीको हत्या कसले गऱ्यो ?'*

*'कल्पनाले गरेको रे !'*

*'तिनको पनि यति हिम्मत ?'*

*'चिरहरणको बदलावमा रे !'*

संवादकै बीचमा कसैले फेरि प्वाक्क भनिदियो–

*'आधुनिक द्रौपदी रैछे !'*

नेताज्यू झन् भावुक भए । उनी निकै त्रस्त देखिन्थे । बजारमा सार्प सुटरको हल्ला निकै चलेको थियो । मनमा शङ्का प्रकट गर्दै अर्को प्रश्न गरे–

*'कसरी भयो त यस्तो हत्या ?'*

*'खै ? पुलिसले खोज्दै छ रे !'*

नेताज्यूका वरिपरि रहेका तर वेदनाले पीडित मनहरू यताउता लागे । बाँकी प्रश्नको जवाफ कसैले दिएनन् । अर्को जिज्ञासा पनि उनको मनमा एकछिन आउन सकेन । भीडको बीचतिर उनी लुसुक्क छिरे । सबैका मुखमा मास्क थियो । तिनले लामो लामो तानेको सासले चस्मासँग बादल टाँसिएका थिए । जाडो मौसममा निस्कने वाफले मास्क कतिपय च्यापुमा सजिएको थियो । उनले पनि च्यापुमा मास्क सारेरै भने–

*'कल्पनाले मात्र सम्भव छ होला र ?'*

*'यथार्थले मात्रै सम्भव छ त !'*

च्यापुसम्म मास्कले छोपिरहेका मान्छेहरूले टेन्सनमा जवाफ फर्काए । भीडका मलामीहरू बिलखबन्द परे । तिनले जवाफ दिन सकेनन् । बिभत्स हत्याको करुणामा डुबेका सज्जनले दोषी पत्ता लगाउन माग गरे । भीडको एकोहोरो मागको कर्कस हल्लापछि उनलाई औडाहा चल्नथाल्यो । उनले मृतकलाई हातमा भएको झन्डा फहराइदिए । श्रद्धाञ्जली दिए । अन्त्यमा मन्तव्य पनि दिँदै भने–

*'हलेदो जस्तै लास !'*

सन्नाटापछि चितामा धूवाँ त्यसै पुत्पुताइरहेको थियो । उनको च्यापुमा भएको मास्क एकाएक नाकसम्म सऱ्यो । सबैले फेरि च्यापुको मास्क नाकसम्म सारेर सबैले अनुमान काटे–

*'नेताज्यू मलामी आइदिएर धन्न पहिचान खुल्यो !'*

तर छानविन समितिले केही समयपछि एउटा निष्कर्ष दियो–

*'हलेदो र बेसार उस्तैउस्तै रहेछ पहिचान गर्नै गाह्रो !'*

१५

# मेकअप

आकार, रुप, रङ, ढाँचा, शैली र सन्देश जयराजका लागि नफरत थिए । उनको प्रसिद्धिको सीमा थिएन । भेटघाट एवं बहसमा उनी पूर्ण त थिएनन् । सबैको प्यारा थिए र भन्थे–

*'अब्बल दर्जाका प्राध्यापक हुन् !'*

जयराजको सानो नाक एकाएक फुलेर आउँथ्यो । बेलाबेला मान्छेहरूको बखानले उनी फुरुङ्ग हुन्थे । कक्षा सिकाइको बेला थियो । उनी निकै गम्भीर भएर कक्षा सञ्चालन गरिरहेका थिए । छात्राहरूको लागि अध्ययनको सन्दर्भ सामग्रीका पृष्ठ केलाए । घाँटी सुकाइसुकाई कराए । छात्राहरूको अध्ययनप्रतिको उदासिनता देखेर नयाँ गतिको प्रशंसा गर्थे–

*'सिकाइको अन्तिम सत्य, आफैमा भर पर्छ, नानी हो ! अल्छे, आलश्य र हीन मानसिकताले जीवन बर्बाद गर्छ !'*

आ–आफ्नै लाइभ काष्ट कोठामा ढसमस्स बसिरहेका थुप्रै छात्राहरू चुपचाप थिए । उनीहरूलाई वरिष्ठ प्राध्यापकको सिकाइ मन परिरहेको थियो या थिएन बुझ्न कठिन थियो तर पनि उनीहरूको कजाइ थियो !

*'उमम्, हो, बुझें, हजुर, हस् !'*

लामो प्रशिक्षणपछि थाकेका वृद्ध वरिष्ठ प्राध्यापकको घाँटी धोर्त्रिंदै गएपछि एक सजल तर जीर्ण स्वरुपा छात्राले अनुनय विनय गरेर भनी–

*'सर ! म पाठहरू मेकअप गर्छु अब !'*

प्राध्यापकको आँखामा दिव्यज्योति प्रकासियो । आँखा, रुप र काँधमा अङ्गभाषा प्रदर्शन भयो । मनमनै लख काटे–

*'कोरोना महामारीमा अनलाइन कक्षाको प्रभाव !'*

छात्राको आभाले उनलाई लिपपोत गरेझैँ भयो । यति बिघ्न चमक उनको जीवनमा आजसम्म आएको थिएन । ध्यानपूर्वक मनमनै अर्को पनि सोच बनाए–

*'छात्रा भएर नै यति ठूलो लज्जा !'*

उनको अगाडि अनलाइन कक्षाभार स्क्रीनका कक्षमा घुमिरहेको थियो । सबैको क्यामरा अफ थियो । एकाएक एक छात्राले क्यामरा अन गरिन् । आफ्नो पाठहरूको मेकअप गर्न निजी क्यामराको स्क्रीनमा आइब्रोको पेन्सिल लिइन् । उनले खूब राम्रोसँग अनुहारमा पेन्ट गरिन् । उनको चाउरिएको अनुहार झरिलो भएर देखापर्‍यो । उनले वरिष्ठ प्राध्यापकलाई सोधिन्–

*'सर ! मैले हजुरको पाठ खूब राम्रोसँग मेकअप गरेको छु । परीक्षामा कस्तो प्रश्न आउँछ बताइदिनु न !'*

वरिष्ठ प्राध्यापक अलमलमा परे । उनको मनमा अनपेक्षित प्रश्न उठ्यो । उनी आपतविपतका त्रासमा बर्बराए–

*'अनलाइन कक्षामा प्रयोग गरिने मेकअप शब्द अलि हजम नहुने रहेछ !'*

त्यसपछि स्क्रीनको क्यामरामा मेकअपमा झुलिरहेकी उत्कृष्ट ती छात्रा जेहोस् आज खूब रमाइरहेकी थिइन् । उनले उन्मुक्त एक लामो निःश्वासमा वरिष्ठ प्राध्यापकलाई मुख खोलिन्–

*'छोटे लाल !'*

उनी हडबडाए । हतार हतारमा आफ्नो कम्प्युटर बन्द गरे । बाहिर निस्केर कराए । तब उनलाई लाग्यो–

*'अब्बल सिकाइको प्रयासमा माछा माछा भ्यागुतो !'*

परीक्षाको सूचना पाटीमा छात्राहरूको नतिजा हेर्ने भीड थियो । उनीहरू सबै एकआपसमा हेराहेर गरेर लजाइरहेका थिए–

*'आजचाहिँ पास !'*

**A. लघुकथाको आधार**[१] : *यहाँ मनोविज्ञान विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश १ देखि १५ सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू सामाजिक जीवनको मनोवैज्ञानिकताको विविध विषय क्षेत्रको घटनामा आधारित छ । कथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरी निर्देशन पङ्क्तिमार्फत लघुकथा सुरु गरिएको छ । संवादलाई प्रत्यक्षकथन पद्दतिको बक्राक्रम(Italic) गरी उद्धरणले बाँधेको तरिकाको बुनौटमा छ । लघुकथा आधारको* ***शीर्षाङ्कन*** *गर्ने मुख्य काम लघुकथा आयामको शीर्षस्थानको* ***बीच*** *भागमा समेटिएको छ ।*

१६

# गरिबको छाउरो

-'दुस्मन ! बच्चा भएकोले बाँचिस् ! नत्र न्याउरीजस्तै तातो गोलीले छियैछिया भएर मर्थिस् ! भन् तँ कसको जासुसी गर्दैछस् ?'

-'हजुर ! म गाउँको साधारण मान्छे, मलाई केही थाहा छैन !'

-'तेरो स्वास्नीले हाम्रो जासुसी गर्ने ? साला, वर्गशत्रु !'

बाँधिएको पछाडिको हातमा डोरीले टनक्क टन्किएको थियो । डोरीको फेरलाई अमिलोको बोटमा सुर्क्याइएको थियो । अगाडिका गोडाहरू उठ्न खोजिरहेका थिए । खासै बल पुगेको थिएन । नाङ्गो डँडाल्नोमा चर्को घामले डढेर छालामा फोका आएको थियो । फुटेका फोकाको पानीले भित्री घाउ चर्‍याइरहेको थियो । यस्तो अवस्थामा पनि बेदुरामको काखको बच्चाले किञ्चित अबोधतासँग राइफल खेलाइरहेको थियो । उसले बच्चालाई सास्तीसाथ भन्यो–

-'तेरो आमा त युद्ध उन्मादका जल्लादहरूबाट बलात्कारमा मरिमरी, अब म पनि मर्ने भएँ !'

बेदुराम खूब चिच्याउँथ्यो र बाँधिएको डोरी झट्कारेर चुँडाल्न खोज्दथ्यो, सक्दैन थियो । उसको बच्चा काखमा सहारा लागेर झुपुक्क निदाउँथ्यो । कहिले लुपुक्क जाँगमा सुस्ताउँथ्यो । छटपटी र वेदनाको बर्खेभेलमा वात्सल्यतासँगै बच्चाको अगाडि करुणाको स्वर निस्कन्थ्यो–

-'हे भगवान् ! कुनै दया निदान छौ ? संसारमा ! खाएको बिख पो लाग्छ, नखाएको बिख कसरी लाग्छ ?'

बेदुरामको यस चिच्याहटले अबोध बच्चाको अनुहारमा कुनै निरासा वा अन्यौलता प्रकट भएको थिएन । ऊ आफ्नै धुनमा राइफल सुमसुम्याएर खेलाइरहेको थियो । साँझपख सेनाको गस्ती चलिरहेको थियो । उनीहरूलाई पनि दुस्मनको खोजी र पहिचान दुवै गर्नु थियो । उनीहरूले पाता कसिएर बसेको बेदुरामलाई देखेर सोधे–

–'दुस्मनहरू कता गए, भन् ?'

–'थाहा छैन हजुर !'

–'तेरो परिचय के हो ?'

–'यसै गाउँको साधारण गरिब हुँ, हजुर ! मेरी न्याउरीलाई वर्गशत्रु युद्धका सिपाहीहरूले जासुसी गरेको नाममा मेरै अगाडि बलात्कार गरे । यही राइफलले उसको मुटु नै छियैछिया हुनेगरी गोली ठोके । यो राइफल यतै फालिदिए । साथमा यै बच्चा आतसले चिच्याइरहेको थियो । म बच्चा समाउन थालेँ । उनीहरूले मलाई पाता कसेर बच्चालाई यतै मुन्ट्याइदिए ।'

सेनाको गस्तीले पनि बेदुरामलाई शङ्का गऱ्यो । उसबाट कुनै थपकुरा आउँछ भन्ने नलागेपछि बरु सोचे–

–'पक्का पनि यो उनीहरूको हराम सिपाही हो ! हाम्रो गस्तीको जासुसी गर्न नाटक गरेर बसेको हो, यो !'

त्यसपछि उनीहरूले बेदुरामको छातीमा जासुसीको नाममा बाँधिएकै अवस्थामा निसाना चढाए । वाकीटकीमा उनीहरूले सेन्टरमा रिपोर्ट गरे–

–'जासुसको पहिलो निसानाको टार्गेट पूरा भयो !'

–'ओभर सर्च अगेन !'

बच्चाले दुवै हातले राइफलमा समातिरहेको थियो । ऊसँग न उसका कुनै गरिब बाबुआमा थिए न कुनै सहारा । मात्रै बगिरहेको बाबुको रगत र आमाको मजेत्रोमा खसेका शीतका थोपाहरू मात्रै थिए । थाकेको आकाशसँगै त्यो रात त्यसै घुप्लुक्क निदायो । भोलिपल्ट सुनसान सन्नाटाका बीचबाट गाउँलेहरूले उसलाई भेटे । विदेशी अनाथ गृहमा बुझाइदिए । अनाथ गृहका मान्छेहरूले सो बच्चाको परिचय सोधे । गाउँलेहरूले डराइडराई भनिदिए–

–'गरिबको छाउरो !'

१७

# फरक अवतार

–'मानव जीवन एक रहस्य हो !'

जति खोज्दै गयो त्यति नै पटक वैज्ञानिकहरू फ्लप खान्थे । टाउको जोगाउन तथ्यबारे अनुमान काट्थे ।

–'कोरोना भाइरसको उत्पत्ति चमेरा, मुसा या सर्प नै हो !'

उता जङ्गली जनावरको अनेकौँ खोज थियो । तथ्यहरू हावासँग उडिरहेका थिए । मान्छेसँग केवल वर्ग थियो, खास खास वर्ग ! उपल्लो र उतल्लो वर्गको दजाइँमा थियो, सङ्कट ।

–'परीक्षण ल्याबले किन गरिबी उन्मूलन गरेन ?'

–'यसमा गरिबीको ठूलो एन्टीबडी तागत छ !'

–'मतलब भ्याक्सिनको उपनिवेश ?'

–'यो आफै उपल्लो वर्गको भाइरस हो !'

यी जटिल प्रश्नमा वैज्ञानिकहरू किन खोज गर्न मान्दैनन् । यो अर्को नबुझिने प्रश्न थियो । मन्दिरका भिखमङ्गा हुन वा कवाडीका मजदुर या सडकका मगन्ते, तिनसँग न मास्क, न त स्यानिटाइजर वा ह्यान्डवास सेन्टर थियो । उनीहरू छेउ कोरोना भाइरसको दोहोलो थियो । उनीहरू निर्धक्क तिनै भाइरसलाई लल्कार्थे, जितेर भन्थे ।

–'अलक देऊ भिक्षा ! बाँच्ने इच्छा !'

–'उसको मर्ने रहर हो या बाँच्ने डर ?'

मैलो न मैलो हात, अँगार पोतिएको असिनपसिन अनुहार, न शरीरमा बल न त्रासको चेतना थियो । भिखारी अगाडि भन्किएका झिँगासँग पनि किन हो ? कोरोना भाइरस थिएन । आजसम्म एकजना भिखारीले संसारमा मृत्युवरण गरेको रेकर्ड कसैले पनि सुनाएको थिएन ।

–'के त्यसो भए, कोरोना भाइरस गरिबका लागि होइन ?'

–'सायद होइन रहेछ ! बरु हुने खानेका लागि !'

भिखारीहरू जतिजति मछेउ नजिक आउँथे । त्यतित्यति मलाई घृणाको औडाहा चल्थ्यो । नाकमुख बन्द गरेर तिनको गरिबी, वेदना र पीडालाई उल्लु बनाउँदै म खिसी गरेर उड्थेँ । उनीहरू दयाका लागि जतिजति नजिक आउँथे, त्यति नै सङ्क्रमित भएको महसुस गर्थेँ । दयाको संवेदना बिर्सेर भनिदिन्थेँ ।

–'जोखिमको कोरोना भाइरस ! हट् उता !!'

उसको भोकमा लर्बरिरहेको जिब्रो अनि नाङ्गिरहेको आङलाई दुहाइ दिइएको थियो । म कोरोना भाइरसको तथ्य प्रमाण वरपर सबका लागि जुटाइदिन्थेँ । समाज ऊ देखेर भाग्थे । म देखेर मुर्मुरिँदै रुन्थे । तब मेरो स्वभावछेउ करुणाको सन्देश आकाशतिर फर्केको सुनिन्थ्यो ।

–'सयौँ आश्चर्य अवतार !'

मेरो र उसको जीवनको अवतारमा के फरक थियो र ? मेरो अवतारमा कोरोना भाइरसबाट हुने मृत्युको त्रास न हो, तर उसको अवतार त भोकबाट हुने मृत्युको याचना न थियो । आखिर यस्ता सयौँ आश्चर्यहरू दुनियाँमा जति थिए त्यतिसँग अन्तिममा एउटा प्रश्नको वैज्ञानिक तथ्य फेला परेको थिएन ।

–'फोहोरी, घिनाहा र रुग्णहरू कसरी कोरोना मुक्त ?'

–'वैश्विक अन्याय !'

यस्ता जटिलताहरूको कुनै पनि ल्याबमा परीक्षण भएको थिएन । भिखारीको कुनै परीक्षण पनि थिएन । भाइरस एन्टी डिटेक्टरले जीवन निर्वाहमा मात्रै उनीहरूले फेरेको श्वास थियो । मैले एकदिन भिखारीसँग मजदुर र भिखमङ्गालाई भेटेथेँ । उनीहरूको अवतार फरकफरक भए पनि रोगको निदान एउटै थियो ।

–'मालिक ! जदौ !!'

मेरो मुखबाट फेरि दया, करुणा र संवेदनाको मिश्रित रुपको अहङ्कार निस्कन्थ्यो ।

–'हरे ! औतारी भाइरसहरू !!'

१८

# कौवा

–'भोगको महत्व धतुरेलाई भन्दा चतुरेलाई थाहा हुन्छ !'

शङ्करनाथले निकै नरम भाषामा लालची, अविवेकी र स्वार्थी विजयको कौसलता र सकल दर्जाको दुहाइ एवं बखान बीच घोषणा गरे ।

–'लौ अब तिम्रो परिवारको दुःखको जिम्मा मेरो भो ! पुरानो कागज खोज, इनाम मिलाउँला !'

–'हुन्छ हजुर !'

विजयले आफ्नो जीवनको सपनामा आइपरेको च्याँखेमा गम खाए । एकफेर सुस्तरी लामो सास फेरे । एउटा पुरानो कागज साँझपखको समयतिर फाइलबाट स्वाट्ट ताने । उनको मनमा त्रास भए पनि हात भने कामेको थिएन । कोटको खल्तीमा बेरिएर बसेको सो पुरानो कागज बोकेर रेस्टुरेन्टमा पसे । उनले त्यो पुरानो कागजलाई निकै स्नेहपूर्वक हातमा राखेर मालिस गर्न थाले । कामेको एक हातले पुरानो कागज र अर्को हातले नगद साटाफेर गरे ।

–'अनि अरु भोगका निर्णयहरू ?'

एकछिनमा विजय कालो नीलो भए । शङ्करनाथले उनको मनोभाव बुझेर हौस्याउँदै थपे ।

–'कामअनुसारको माम र मौजा मिलिहाल्छ नि !'

विजयको गरिब धतुरे मानसिकता लोभियो । उनले अप्ठेरो कलङ्कका बीचमा पनि टाउको कन्याएर सङ्केत गरे ।

–'हस् हजुर !'

विजयको मनको योजना भोलिपल्ट फेरि सरकारी अफिसको सक्कल फाइल खानतलासीमा जुट्यो । उनले शङ्करनाथको मौजाको प्रस्ताव सम्झे । एकपटक फाइल पल्टाए । फाइलमा विवादित नक्साको लालमोहर देखेर मनमनै मौजाको लोभका लागि लामो सास फेर्दै गुट्मुट्याएर सङ्कल्प गरे ।

–'आए आँप गए झटारो !'

सो कागज जोडले तानेर हत्पत टेबलमुनि घुसारे । त्यसपछि द्विविधा केही समन भयो । बिस्तारै कोटको खल्तीमा छिराएर साँझपख मौजाको आशीर्वाद लिन शङ्करनाथको ढोका छेउ पुगे । शङ्करनाथले ढोकैमा सोधे ।

–'काम फत्ते विजयजी ?'

विजयको लालची तनमा उम्लिरहेको सन्तति सुरक्षा सन्नाटामा एकछिन रुमलियो । कोटको खल्तीको लालमोहरमा माटोको नाता भए पनि मौजामा हुने जीवन निर्वाह उनको निकै रहरको ख्वाब थियो । तब उनले एक हातले लालमोहर र अर्को हातले मौजाको मुक्तियारी हात पारेर ढोग गर्दै स्वस्ती गरे ।

–'शङ्कर भगवान्को जय होस् !'

–'लज्जित नबनाउनुस् न, यो तपाईंको ठूलो सफलता हो !'

कसुरवादी कारिन्दाको एक भूलमा गडबड भएको नियतका पानाहरू समयले पल्टाइरहेको थियो । लामो कालपछिसम्म फाइल गरेका सन्धि सम्झौता, नक्सा र लालमोहरका छ्याकन मात्रै थिए । छापाहरूमा भोग बन्दकीबारे बहस चलिरहेको थियो । मान्छेहरू धतुरेलाई इबी साँधिसाँधी भन्थे ।

–'कौवालाई गौँडागौँडामा छेकौँ !'

किन किन कौवा उडेको देख्यो कि खाली सिसी पुराना कागज देशबाट निकै टाढाटाढा पुगेझैँ मानिसहरूलाई लाग्छ ।

–'सीमाहीन दलाल !'

कौवाको कुनै स्थायी बसोबासको सीमा हुँदैन रेछ ।

१९

# विद्यादान

–'...विद्यादान करोतुमे !'

दस वर्ष उमेर ढाँटेर प्राध्यापन गराइरहेका प्राध्यापकले एक हुल छात्राहरूको लस्कर देखेपछि सुहागको लयमा भने ।

–'हल्ला भयो, कन्या कलेजको मर्यादा राख्न आउँदैन ?'

एउटी छात्रा खितित्त हाँसी । उसले नाक छोपेर छेउछेउ लागेर छड्कँदै भागी । अर्कीले कलेज पोसाकको सारीको सप्को शिरमा राखी । अझ अर्की चाहिँले त मुख खोलेर प्याच्चपुच्च भनी ।

–'कस्तो मात्तेको ठाडो टिके बूढो ! बोल्न पनि नपाउनु !'

लामो टुपी, ठाडो टीका, ढाकाको टोपी र मयलपोसले खूबै सजिएका प्राध्यापकले आफ्नो पुरानो मैलो झोलाबाट पुरानो गाता खुस्किएको किताब झिके । चउरमा बसेका छात्राहरू छेउ पुगेर पुरानो पुस्तक पल्टाउन थाले । उनले मुसुक्क भएर भनिहाले ।

–'कोरोना छ, डिस्ट्यान्स कायम गरेर यतै त हो कक्षा !'

चाकाचुली खेल्न वरिपरि बसेका बच्चाहरूझैँ छात्राहरू आफै डिस्ट्यान्स कायम गरेर बसेका थिए । उनीहरूले प्राध्यापकको अनुरोधलाई स्वीकार गर्दै आआफ्ना झोलाबाट च्यातिएर मैलो भएको पाठ्यक्रमको पाना पल्टाए । प्राध्यापकले तब तिनलाई सम्बोधन गरे ।

–'मखमलीहरू !'

अल्लारे छात्राहरूमध्ये कतिपयले सुन्दैसुनेन् । कतिपयले बुझ्दैबुझेनन् । जतिले सुने उनीहरू लज्जाले रातो पिरो भए । त्यसमध्ये एकजना छात्राले ठट्टा मिश्रित भाषामा टाउको आकाशतिर घुमाएर सोधी ।

-'मखमलीको मतलब ?'

प्राध्यापकको अनुहार निकै रातो भयो । उनको निधारको वैश्णव ठाडो टीका निधारबाट खुम्चिएर झर्ला झर्लाजस्तो भयो । उनको घुँगुर्किएको टोपीको छेउबाट लुत्रुक्क लत्रिएको टुपी तनक्क तन्किएझैँ भयो । अन्यमनस्कका प्राध्यापकले अपर्झट मखमली शब्दको परिभाषा दिए ।

-'मखमली फूल न बास्ना आउने, न लगाउन मिल्ने, न त कहिल्यै मृत्यु हुने अर्थात् सदावहार फूल !'

सबै छात्राहरूले आधा भाव बुझिएजस्तो गरेर एक धरमा सल्बलाए । उनीहरूको मनोतरङ्ग उर्लिएर बर्बरायो ।

-'अनि अरु के गुरु ?'

गुरुको चाउरिएको अनुहार र पीडा एकैसाथ जुर्मुराएर उठ्यो । उनले मनको दमित वासना भेद खोलिदिए ।

-'हेर न, दस वर्ष उमेर ढाँटेर प्राध्यापन गर्दा पनि एउटा फूल यो बगैँचाबाट टिप्न सकिएन । अहिलेसम्मै फूलहरू गोडिरहेछु, बस ! लबेदा सुरुवालमा एक्लै !'

छात्राहरू त्यसै आश्चर्यमा थिए । पत्याउनै नसकिने फूलका सुगन्ध वरिपरि मालीको गाली खाँदै लज्जाले निहुरिरहेका थिए । प्राध्यापकले कक्षा सकेर उठ्ने बेलामा लामो सास तानेर भने ।

-'आफ्नो जीवन पनि तिमीहरूको जस्तै भए कति उड्दो हुँ, आकाशमा !'

कक्षा सकिएपछि घन्टी लाग्यो । घन्टीको स्वरमा लय मिलाउँदै छात्राहरूले जवाफ फर्काए ।

-'पऱ्या छैन, हामीलाई आकाशमा उड्न !'

प्राध्यापकका बृद्ध आँखा टाढाटाढा थिए । पुरानो किताबका मैला अक्षरहरू फेरि झोलामा बसालिए । निरस र झन्झट लाग्दो जीवनको बेचैनीमा पसिनापसिना भएको टाउकोबाट टोपी झिकेर झोलामा राखे । उनको निधारमा यति बेला टायर्ड भएको तेस्रो नेत्र खुलिरहेको थियो ।

-'विद्या धनम् सर्व धनम् प्रदानम् !'

अर्को टाई सुटवाला प्राध्यापक नजिकै आए । उनले आफ्नो मनको चङ्गा स्वभावलाई खोलिदिए ।

-'आजकल लवेदा सुरुवालको दिन गए !'

-'अब टाई सुटमा पनि बिहे चल्छ त ?'

-'उफ् ! खैराँतेहरूको ज्ञानधारा !'

मोफसलको हँसाइमा आजको कक्षा बेजोड चल्यो तर पनि छात्राहरू सन्तुष्ट थिएनन् ।

२०

# रोग निदान

'ऋणको भाका !'

निशाले अपाङ्ग लोग्नेको दारुण व्यथा र बालबच्चाको दयनीय अवस्थाबाट उम्कन दिक्दार हुँदै ज्यान फाल्न खोजी तर सकिन ! सहरका ठालुहरूले कतिपटक त उसको रुप लावण्यका कारणले हात नै समातेर पनि तानिदिए। उसले वेदना र अभाव बीच बोल्न समेत सकिन। एकदिन भोकले रन्थनिएको सानेको मुख टाल्न। आशामरुसँग गुहार मागी

-'साहुजी ! एकहप्तालाई उधारो दिनु न, अहिले रोगव्याधीको समय छ, कमाएर तिर्छु !'

सहरको आशामरुको नजर निशाको रुप लावण्यमा पऱ्यो। निशाको विवशताको भाषा बुझेको उसले अन्कनाउँदै सर्त राखेर मुन्टो हल्लायो–

-'हप्ता दिनमा तिर्न नसके नि त ?'

-'हजुर, । म आफै बेचिएर भए पनि तिर्छु !'

निशाको आफै बेचिने सर्तमा महाजनले बालबच्चाका लागि लिटो र अपाङ्ग लोग्नेका लागि पिठो उधारोमा दियो। अलिक दिनपछि उसको लोग्नेलाई कामज्वरो आयो। उसको आपत मौलाउन थाल्यो। बालबच्चा भोकले पिल्पिलाएका थिए। फेरि अर्को महाजनसँग गुहार माग्न हिँडी। अर्को महाजनलाई भेटेर भनी–

-'साहु बा ! लोग्ने अपाङ्ग छन् ! उनलाई हनहनी ज्वरो आएको छ ! बालबच्चा पनि भोकै छन्। जनी गरेर दस हजार ऋण दिस्यो हजुर !'

-'ऋणको साँवा ब्याज तिर्ने तिम्रो बन्द व्यापार के छ ?'

निशा रुग्ण विवशताका बीच भकानिएर पिल्पिलाउँदै थचक्क बसी । साहुले उसको वेदना बुझ्न सकेनन् । उनले पनि साँवा ब्याजको निःसर्तकै सर्त खोजे । बाध्यतापूर्वक फेरि निशाले बकी ।

–'केही नलागे म आफै बेचिएर भए पनि तिर्छु !'

समयको अन्तरालमा उनीहरूले निशासँग उधारो र ऋणको साँवा ब्याज खोजे । उसले धेरै महिनासम्म तिर्न सकिन । निशालाई एकदिन दग्दिको रन्केज्वरोले खूब दुःख दियो । अपर्झट उसलाई अस्पताल लगे । लोग्ने खुट्टा तुन्द्रुङ्ग दुईतिर बैसाखीमा झुन्ड्याएर उभिइरहेको थियो । अस्पतालका नर्सहरूले लोग्ने चाहिँलाई आफन्तको रुपमा बोलाए । डिस्चार्ज गरिदिए । लोग्नेको विवश अनुहार मलिन थियो । पीडाले द्रवित आँखामा चिप्राहरू बिफरझैँ उम्रिएका थिए । बाटोमा खल्ट्याङखल्ट्याङ गर्दै बिरामी स्वास्नीको हात समातेर हिँडिरहेको निशाको लोग्नेलाई आफैले भोट हालेको माननीयज्यूले गाडीबाट हत्पत ओर्लेर निकै दया र भावुक भावमा सोधे ।

–'ठक्कर दाइ ! भाउजूलाई के भएको ?'

निशाले त केही बोल्न सकिन ! बरु अपाङ्ग ठक्करेले आफ्नो जीवनबारे निकै गुनासो गर्‍यो । निशाको रोगबारे ढाकछोप गर्दै भन्यो ।

–'डाक्टर सापले भनेको गाँडे खटिरो रे !'

माननीयज्यू पनि निशा भाउजूको रुप लावण्यमा आइपरेको रोगको आपतले रातभरि सुत्न सकेनन् ।

❀

२१

# लौ खा ! बा

–'यो वर्ष पनि मेरो चान्स आयो !'

पाटीमा ओत लागिरहेको छुसे बूढाले आफ्नो साथीलाई भन्यो । साथीको पारा अर्कै थियो । उसले पनि अलिकति फूर्ति लगाउँदै भन्यो ।

–'मेरो त विदेश गएको छ ! मोबाइलमा माया गरेर के के भन्छ, भन्छ !'

शुक्रे बूढोले आफ्नो हातको औँला गन्दैगयो । जेठो मलेसिया, माइलो कतार, साइलो दुवई, काइँलो कोरिया, ठाइँलो इरान अनि कान्छो अमेरिका ! उसलाई बेला बेला रिस उठ्थ्यो । मुर्मुरिएर दाउरीसँग दाह्रा किटेर झर्किन्थ्यो ।

–'मोराहरू सबै स्वास्नीको लैलैमा लागेर घदर भाँडेर हिंडे ।'

दाउरीलाई सबै उस्तै लाग्दथ्यो । उसले आफ्नो गानो व्यथाको दुखाइको तोडमा भनी ।

–'के गर्नु त, कान्छो अलि सोझो थ्यो । त्यसको स्वास्नी नम्बरी मुखाले परी । उसैलाई टिपेर हिंडी । अरु त अरु भइहाले !'

शुक्रेलाई कान्छोको कुरा सुनेर औडाहा चल्यो । बेलाबेला लोलोपोतो गर्ने जेठोको कुरा झिकेर स्नेहले भन्यो ।

–'बरु लोभी भए पनि खाए नखाएको विचार त गर्थ्यो ।'

शुक्रे र दाउरीको तीन सय पैंसट्ठी दिन यस्तै ढङ्गमा दर्दनाका व्यथाले चलिरह्यो । उनीहरू बुढेसकाल लागेपछि न घर, न घाटको भएर जीवन निर्वाह गरिरहेका थिए । गरिबी र अभावसँग जुधेर दिन बिताउनु उनीहरूका लागि कठिन एवं बाध्यता थियो । बृद्ध शरीर, अमन भएको स्वाद र रुग्ण बनेको

विचारसँग शुक्रेले मानव नाता छोड्दै गएको थियो । हेरिदिने र जोडिदिने कोही थिएनन् । धमिला आँखा अगाडि कुनै दृश्य थिएन । चमेली शुक्रेको घरको ढोकाभित्र पसी र दाउरीलाई नमस्कार गरी ।

–'ठुली आमालाई सन्चै छ ?'

–'सन्चै छ नानी, तँलाई ! आज कताबाट आइस् त सम्झेर ?'

चमेलीले ठूलो बाबुका छोराहरूको बारेमा खूब सम्झी । बूढाले जवानीको बेलामा आफ्नी राँडी आमालाई दिएको दुःखपीडा र घोचेको वचन मनमनै सम्झी ।

–'मेरा त छोरैछोरा छन् ! जीवनमा न कसैको डर ! न कसैको भर ?'

त्यसपछि चमेलीले एकभाग खानेकुरा किस्तीमा राखी । केही फलफल ठुली आमालाई दिई । शुक्रे सो खानेकुरा हेरिरहेको थियो । अमनले चुपचाप हेरिरह्यो । आँखाबाट तरक्क आँसु झार्‍यो । चमेलीले भावुक भएर भनी ।

–'आज मुख हेर्ने दिन !'

शुक्रेले पनि आफ्नो बाबुको फोटो अगाडि एउटा केरा च्यातेर राखिदिएर भन्यो ।

–'लौ खा ! बा पनि'

विगतको इमान, जमान र सन्तानप्रति हुर्किएको हौसलामा निरासहुँदै चमेलीको अगाडि घुँक्कघुँक्क गरेर रोइरह्यो । उसको मुखबाट अनायास आफैमा हेयको भाव रट्यो ।

–'बाबु खुवाउने दिन !'

उसले मोबाइल खोल्यो अनि संसारका अनेक ऊजस्तै अभागी बाबुहरूको फोटो हेरिरह्यो ।

२२

# मुसाको बिहे

स्टेचरमा कराइरहेका बिरामीलाई कसैले वास्ता गरिरहेका थिएनन् । बिरामी लामोलामो सास तानिरहेका थिए । वरिपरि बसेका सबै दर्शकहरू ट्वाल्ल हेरिरहेका थिए । आकस्मिक कक्षबाट आएका डाक्टरले हतारहतार दौडेर स्टेचरमै नाडी समातेर भनिदिए ।

-'नारायण भन्नुस् दाइ ! नारायण !'

डाक्टरको यस्तो शब्द सुनेपछि सबैजना जिल्ल परेर बिरामीसँग उनको इच्छा सोध्न थाले । बिरामी लामो दमको कारणले निकै सिकिस्त हुँदैगए । एउटा आफन्त आएर करायो ।

-'बिरामी सडकमै मार्ने अस्पताल !'

-'तिमी डाक्टर कि म ? डाक्टरलाई होच्याउने को हो !'

आतसको जलनले जलेको आफन्तले फेरि दनक हान्यो ।

-'अस्पतालको डाक्टर हो कि दोबाटोको झाँक्री !'

सेतो कोट लगाएका स्टेथेस्कोप भिरेका वरिष्ठ डाक्टरहरूको शालीन लामबद्ध जन्ती घुमिरहेको थियो । उनीहरूले बोल्न कुनै साहस गरेनन् तर पनि उनीहरूले औपचारिकताचाहिँ बोलिदिए ।

-'इलाज कठिन छ !'

कैदीखानाबाट लछारपछार गर्दै कैदी ल्याउने प्रहरीको हातमा स्लाइनको सिसी बिरामीसँगै झुन्डिरहेको थियो । बिरामीको ज्यानतिर प्राणरुपी स्लाइनको थोपा सरिरहेको थियो । सरिरहेको थोपामा के तत्व थियो ? कसैलाई पनि थाहा

थिएन । सुस्तहुँदै गएको बिरामीको दृश्यका बीच प्रताडित परिवारका सदस्यले रोइकराई उनीहरूलाई हात जोडेर सोधे !

–'यहाँ उपचार हुन्छ या दण्ड !'

आक्रोशित समुदायहरूले बिरामीको अवस्थाको करुणामय परिवेश केही सन्नाटा अगाडि छटपटाएर अलापे ।

–'यो त अस्पताल होइन नि ! झारफुक गर्ने अनि मान्छे मारेर बेच्ने बधशाला हो !'

–'हैन हैन, यो मानव अङ्ग सप्लाइको ट्रेड सेन्टर हो !'

अर्धमृत अवस्थामा कोरेडोरमा रहेको बिरामीलाई उपचार गर्ने कि नगर्ने भन्ने बारेमा आकस्मिक कक्षमा डाक्टरहरू बीच निकै ठूलो रडाको भयो । अन्त्यमा यसैबीच उनीहरूले ब्याक हिस्ट्रीसहित रिपोर्ट तयार गरेर लेखे ।

–'हि ईज अलरेडी डेथ बडी !'

पछि आकस्मिक कक्षको इन्चार्जले बिरामीको पीडा शान्त हुने इन्जेक्सन 'अफ दि रेकर्ड', लगाइदिए । तब बिरामी आरामसँग निदाए । मध्यरातको प्रहरमा डिउटीको कक्षमा निद्राले झुलेको डाक्टरले अर्धमृत तर इन्जेक्सनले निदाएको बिरामीको पिसिआर टेस्टका लागि स्वाब निकाले । उसलाई मृत घोषणा गरेर अस्पतालको कुनै कोठामा पठाइदिए । भोलिपल्ट उसको पिसिआरको रिपोर्ट आयो ।

–'स्वाब टेस्ट पोजेटिभ !'

बधशालामा निदाइरहेको बिरामीको रातभर डुक्रे मुसाले आँखा, कान, कलेजो, मुटु र मृगौला खाइदिए । केही समयपछि हल्लाखल्लाका बीच स्पष्टोक्ति आयो ।

–'बजेटको अभावमा मुसाहरू बढे ।'

चरम लापर्बाहीको मुकाबिला गर्न कोही पनि तयार थिएनन् । एकले अर्कोलाई दोष थोपर्दै भाग्न खोजेर भने ।

–'दोषीलाई कारबाही हुन्छ !'

दैनिक समाचारमा आएका फेरबदलका लोली र बोलीले मेरो मनमा तरङ्ग उठिरहेको थियो ।

–'अब अस्पतालका झाँक्री र मुसालाई कारबाही हुन्छ त ?'

नजिकै रहेको एउटा पागलले कानैनेर आएर मलाई च्यालेन्ज गऱ्यो ।

–'मुसाको बिहे मुसैसँग !'

२३

# विधिको सास

–'प्रशासन !'

सडकमा नारा थियो । टेबलमा फाइलको चाङ थियो । गम्भिरलालले आफ्नो दयानिदान मालिकलाई भन्यो ।

–'हजुर ! त्यो लुरे 'कामी' रहेछ !'

–'कस्तो सुकुल परेछ ! धाक मात्रै ठूलो !'

–'जन्मकुण्डली कस्तो छ त्यसको ?'

–'सुनेसम्म अलि खराब छ !'

मालिकलाई निकै औडाहा भयो । उनले अर्को आदेस फुकेर मौखिक तोक लगाइदिए ।

–'अर्को चुकुलवालाको टेन्डर खोल्नु त के छ ?'

कारिन्दाको खुसीको मौसम बदलियो । बल्लबल्ल अलिअलि मिलाएर फ्रेस अक्सिजन लिन खोजेको थियो । फोक्सो घ्यारघ्यार हुनथाल्यो । बिस्तारै ज्वरो एकसय आठ डिग्रीमा चढ्यो तर पनि टिक्नु त पऱ्यो । जब कारिन्दाले चुकुलवालाको फाइल खोले तब उसको कमजोरी केलाएर मालिकलाई रिपोर्ट गऱ्यो ।

–'हजुर ! चुकुल त कडै देखिन्छ तर अरु सबै कुरा जिरो !'

–'अनि कुरा मिल्या छ कि छैन !'

–'हजुर ! यो त माथिमाथिको कुरा हो । कसरी थाहा पाउँ !'

–'लौ ! त्यसो भए यसको फाइल पेन्डिङ राख !'

कारिन्दा अलमल्ल पऱ्यो । केही दिन फाइल थन्क्यायो । फेरि एकदिन फाइल खोलियो तर फेरि पनि अर्कोदिन बन्द गरियो । एवम्रीतले फाइल खोल्ने, पल्टाउने र उल्टाउने मात्रै काम हुन थालेपछि ठेक्काको जिरहमा दिनुदिन प्रश्न उठ्न थाल्यो ।

–'को हो बिजुलीको सास !'

सुनसान मृत सहरमा नारा लगाउने भद्रहरू थिए । उनीहरूमा निकै शङ्का, संशय र आरोप थियो । अपरिवर्तनीय आकास पनि थियो । धरती, वायु, जल, प्रकृति एवं मौसम सबै थिए तर उनीहरूसँग छलकपटको कुनै जवाफ थिएन । एउटै विकल्प मात्रै थियो ।

–'मौनताको खेती र सन्नाटामा चालबाजी !'

जब बजारमा घुम्न जान्थेँ तब हरेक पसलका धिपधिपे इन्भर्टरसँग बिजुलीको मृत सास अड्किरहेको देख्दथेँ । झिपझिप गरिरहेका हरेक किराना पसलहरूमा गृहिणीहरूको भीडभन्दा पनि टाईसुट लगाएर बिजुलीको सासको ब्रिफिङ गरिरहेका आलुचाहरूलाई देखिरहन्थेँ । जब सहर, बजार, अफिस, टोल तथा घरमा उज्यालोको चर्चा सुन्थेँ । सबैले एकै स्वरमा भनेको सुनेर वाक्क हुन्थेँ ।

–'इमानदार मान्छेको यो देशमा काम छैन !'

अलिपर फेरि जमघटतिर लाग्थेँ । मलाई चिन्नेहरू आँखा तरेर सुनाउँथे ।

–'सबै चोर, जो, जुन जोगी आए पनि कानै चिरिएका !'

मनको बिजुलीको सासचाहिँ यहीनेर गएर रोकियो ।

–'अरुको चर्चा किन गरिरहुँ अब ।'

सडक पेटीको वालहरूमा चाहिँ महावाणीहरू लेखेको देखेँ ।

–'विधिको शासन !'

अनि मैले एक्लै विधिको सास फेर्न सुरु गरेँ ।

२४

# भोग बन्दकी

–'तथास्तु ! अब आजदेखि तिमी महारानी भयौ !'

पुष्ट जीउडाल, सुरम्य बोली, उच्चादर गुण र राजकुमारी जस्ती दलितकी छोरीलाई बाबुसाहेबले घोषणा गरिदिए ।

–'अचम्म छ ! मान्छेको मनको जलन !'

दलितकी छोरीलाई परेको अप्ठेरोका बीच उसले यति मात्रै मनमनै ठानी होला सायद । महारानीको शृङ्गारपटार सकिएपछि भित्रको सुसारमा खटेकी सानुमैयाँले निकै ठूलो ढाकछोप गरेर उसले महारानीको नजर, कपाल, रुपसौन्दर्य, कम्मर, आत्मा र उमङ्गबारे आँखा चिम्लेर भनी दिई ।

–'साहेब हजुर त गुणवान् र शक्तिशाली हुनुहुन्छ ।'

महारानीको पुरस्कार पाएकी कलावतीले गोमनको झैँ महारानीको नाकको फोरा फराकिलो पारिन् । लज्जवती झारले झैँ मुन्टो निहुराइन् । एक हातले अर्को हातको औँला कोट्याएझैँ गरेर सानुमैयाँलाई तुरुन्तै जवाफ फर्काइन् ।

–'सानुमैयाँ ! तेरो लोग्नेले खूब माया गर्छ है ? तँलाई !'

–'गर्छन् नि हजुर !, ऊ मेरै भरले त बाँचेको छ !'

महारानीको विशिष्ट बाहिरी सौन्दर्य र भित्रको अन्तरआत्माको पीडाको आवाज अन्तर्घुलन भयो । उनले सानुमैयाँको लोग्नेको प्रभाव बुझ्न खोजेर फेरि अर्को लवज निकालिन् ।

–'लोग्नेको माया लाग्छ त तँलाई ?'

-'हजुर जति भए पनि लाग्छ । उसले मलाई कस्तो अचम्मैको माया गर्छ हजुर !'

-'ओहो कस्तो सफल जीवन तेरो त बाबै !'

सानुमैयाँ अलमल्ल परी । महारानीको जीवनको वैभवशाली सुन्दर जीवनको त्रुटिहरू विश्लेषण गर्न थाली । उसको मनमा एकै प्रश्न थियो ।

-'आज महारानीलाई के भयो !'

महारानीसँग उसका अनेकौँ प्रश्नहरू थिए । अरु थप प्रश्नहरू गर्न सकिन । महारानीसँग भएको खान्दानी प्रभावमा ऊ चुपचाप लागी । एकपटक बाबु साहेबले सानुमैयाँसँग महारानीको बारेमा भनेका थिए ।

-'यो मामुली ज्यामी हो, यसको साथको जिम्मा तेरो !'

समयको बहावसँगै एकदिन सानुमैयाँले बजारमा हिँडिरहेको बाबु साहेबलाई भेटेर सोधी ।

-'महारानीको दुई जीउ थाहा छ, हजुरलाई !'

बाबु साहेब केही बोलेनन् । चुपचाप सुनिरहे । सानुमैयाँले नारी वेदना एवं प्रसव पीडाका भोगाइ सम्झेर बाबुसाहेबलाई पुनः प्रश्न गरी ।

-'प्रुफ रिडिङ ठीक छ हजुरको !'

बाबुसाहेब झन् अलमल्ल परे । के भन्ने, के नभन्ने दोमनका साथ आफ्नो बचाउ गर्दै सानुमैयाँलाई नरम भाषामा आफ्नो जवाफ फर्काए ।

-'चस्माको पावर अलिकम थियो तर उनी निकै पावरफुल थिइन् !'

-'ओह ! बेवारिस भोग बन्दकी !'

भोलिपल्ट सडकमा खबरहरू छ्यापछ्याप्ती आए । बक्तव्यवाजीहरू भए । मानवअधिकारको आवाजमा विभेदको साथ यसै पनि उठिरहेको थियो । विभेद हो या भेद या अभेद कसरी भन्न सकिन्थ्यो र ? तर पनि समाजमा मात चलिरहेको थियो ।

-'मौन हिंसाको अस्मिता खेती !'

कपटी महापुरुषहरूमा जब सम्पन्नताको पहिचान बनिरहेको हुन्थ्यो । तब जहाँ होस्, जोहोस्, जेहोस् सबै सामाजिकताको दमनको एकैआयाम थियो । तिनको अन्तर्चेतमा रहेको कुलीन शुद्धताका लागि निच जलपमा मातेको अपशब्द सुनाएर त्यसै भागिरहन्थे ।

-'दलित के भन्नु र खै ? रखैल !'

२५

# एनेस्थेसियाको सुई

–'बिहेको लगन !'

हातमा झुन्डिएको स्लाइन पानीको चिसोले उसलाई असहज निकै भएको थियो । हातहरू कामिरहेको थियो । जवानीको जिउँदो ज्यान थर्थराएर लर्बरिएको थियो । नाइकेले नयनतारासँग भन्यो ।

–'अब तेरो सजाय त भुक्तान त भयो, तर यस अन्धो बच्चालाई अब कसरी पाल्छेस !'

नयनताराले नाइकेसँग भावुकताले रसाएका आँखाबाट एकथोपा आँसु तरक्क खसाली । उसले आफ्नो बच्चालाई च्यापेर तीन वर्षको जेल भुक्तान गरेर निस्की । एकदिन रोगी नाइकेले नयनतारालाई जेल भित्रैबाट फोन गरेर भन्यो ।

–'म अब अस्पतालमा जाँदैछु । मायाको आशीर्वाद देऊ !'

नयनताराले जेलको ठूलै बर्बरताको घटनालाई सम्झी । उसले नाइकेहुँदा खाएको र पाएको हैरानी पिटाइलाई आँखा चिम्लेर भनी ।

–'पाइलैपिच्छे शत्रु छन् । बुद्धि पुऱ्याएर हिँड्नू !'

नयनतारा जेल छुटेकै भोलिपल्ट आत्माशान्ति स्वस्तिका लागि दक्षिणकालीको दर्शन गर्न गई । उसले त्यहाँ नाइके मोरोलाई पनि राम्रो होस् भनेर भाकल गरी । मन्दिर छेउमा सेतो परेवा रगताम्य भएर छटपटाउँदै ढलिसकेको थियो । उसले मनमनै सम्झी ।

–'भगवान् भनेको नाम मात्रै हो ? यसको के दाग थियो र ? स्याँगीले रेटिनुपऱ्यो ? नाइके मोरोलाई पनि यस्तै बलि दिए भने म त भुतुक्कै मरेर

सति जान्छु भगवान् !'

अनन्त प्रेमको कसम खाँदै फेरि दायाँ फर्की अनि साथै बोकेको अन्धो बच्चालाई हेरेर मुस्कुराई । त्यतिकैमा उसलाई अकल्पनीय फोन आयो ।

–'नयनतारा हो ?'

–'हो हजुर ! को, कहाँबाट !'

–'अस्पतालको इमर्जेन्सीबाट !'

ऊ विलखबन्दमा परी । फटाफट अगाडि आई । मनमा आएको हतासोले मन नै चन्चल बन्यो । यसै बीचमा काटिएको फोन फेरि जोडियो ।

–'तपाईं अलिखितको को पर्नुहुन्छ ?'

–'म, म कालेकी आमा !'

–'अर्थात् कालेको बाबु नाइके चाहिँ ?'

–'मेरो बेवारिस हो ! हामीसँगै एउटै केशमा जेल परेका !'

–'अब उसलाई बुझ्नोस्, यहाँ आएर !'

नयनताराले अलिखित नाइकेलाई अस्पतालको मुर्दा घरछेउ कोठामा भेटी । ऊ खूब चिच्याउन थाली । उसको करुणाको क्रन्दनले सहर हल्लेको थियो । आश्चर्य, विश्मय र आक्रोशले कोलाहल सहरमा एउटै स्वर गुन्जिरहन्थ्यो

–'बहानावाजी कर्तव्य !'

उसले अलिखित मृतकको हातबाट बगिरहेको रगत उठाई । आफ्नो सिउँदोमा धारा लगाई । उसले मृतकलाई भावुकहुँदै केही शब्दहरू भनी ।

–'जेहोस् हाम्रो बिहे भयो !'

मृतकको सबुद प्रमाण खोजी हुनथाल्यो । शङ्का उपशङ्का बीच नाइके कैदीको मृत्यु प्रमाणित भयो ।

–'एनेस्थेसियाको सुई !'

वरिपरि उभिएका सबै डाक्टर तथा नर्सहरूले धमाधम ठासठुस गर्दै बक्नथाले ।

–'अस्पताल ल्याउँदा ऊ मरिसकेको थियो !'

बाहिर सडकमा नारा चलिरहेको थियो । नयनतारा कालेलाई लिएर अलापविलाप गर्दै रोइरहेकी थिई ।

–'जीवन सबै स्वाहा !'

२६

# युटुब खेती

–'अल्लारे जामा !'

प्रायः लज्जाबोधले मर्मान्त हुने यौवनाहरूको अन्तर्यमा जे भएपनि बाहिर उनीहरूले औपचारिकता निभाउनुपर्ने थियो । नत्र उनीहरूले समाजमा इज्जतले बाँच्नसक्ने अवस्था केही थिएन । यस लोकमा होस् कि उस लोकमा हजार कसमका आवरण भित्र तिनीहरूसँग दुई ज्यान एक प्राणको मनोरोगका अतृप्त व्यथाहरू भने लुकेका नै हुन्थे । आक्कलझुक्कल भन्ने गर्थे ।

–'धेरै नजिस्क्याउनु है, भन्दिया छ !'

शालीन, सभ्य एवं सत्यताका बीचमा समिनाको मुख बहकिन थाल्यो । अन्तर्मनको ओजिलो ममतामा अजयको तिघ्रासँग समिनाको चोर औँला जोतिन पुग्यो । समिनाले अत्तोपत्तो नपाउँदै उसको मुखबाट शब्दहरू फुस्किहाले ।

–'सुकुल गुण्डा !'

त्यसपछि अजयको चित्तमा ज्वारको ज्वाला एकाएक निस्क्यो । आफ्नो अभिमानको पुरुषत्व ज्वाला फट्कार्न थालेर मुर्मुरियो ।

–'मलाई सुकुल गुण्डा भन्ने खैराँते, बोक्सी आइमाई !'

सुन्दर सपनासँग मौलाएर उन्मत्त भएका उनीहरू पारिवारिक जीवनमा अब भागदौडमा भाग लिन दौडेका थिए । बाटोतिर बेरोजगार युटुबर उभिरहेको थियो । उसले मनका आरिसमा भागदौड गरिरहेका जोडीमध्ये लोग्नेचाहिँलाई भेट्दै सोध्यो ।

–'मैले सुनेको, तपाईं स्वास्नीको सुकुल गुण्डा रे, हो ?'

अजयको मन कटक्क भयो । उसलाई थप शङ्काको भारीले थचार्‍यो । अण्ठसण्ठ बकबकाउन थाल्यो ।

–'छुद्र नकच्चरी, अब यो पोइल हिँड्ने भई !'

बजारको चोकमा ब्रा र पेन्टी किन्न लागेकी समिनालाई हातमा मोबाइल क्यामरा लिँदै हिँडेको अर्को बेरोजगार युटुबरले भेटेर सोध्न भ्याइहाल्यो ।

–'दिदी दिदी ! हेर्नू त कति शास्ती खेप्नुपरेको, जाबो बजार पनि आफै धाउनुपरेको !'

युटुबरको मोहित, मिठास र प्रियता भावमा मस्केको दिलदार भाषाले लोग्नेसँग भड्केको समिनाको मनले राहत नै महसुस गऱ्यो । तब उसले नाकको फुनी उठाएर भनी !

–'अन्यायमा परेँ, सुकुल गुण्डाले लुट्यो भाइ, मलाई !'

–'कसरी लुट्यो त दिदी तपाईंलाई !'

–'कसरी भनूँ र भाइ अन्तर्मनको चोटलाई !'

बाटोमै घुँक्कघुँक्क गर्न लागेकी समिना मूर्च्छा परी । युटुबरले उनीहरूको महाभारतको लामो कथा थपे ।

–'हेर्नूस् त ! आदरणीय दर्शक एवं स्रोताहरू कलियुगमा यस्तो पनि हुँदोरहेछ । महिलाको जीवन कथा !'

अब कुरा के चाहियो र ? एकातिर लोग्नेसँग युटुबरको आकास खस्ने प्रश्न र जवाफ थियो । अर्कोतर्फ स्वास्नीको धरती फाट्ने क्रन्दनले वेदनामा दिएको धक्कासँग युटुबरको फ्ल्यासब्याक कथाको रिफ्लेक्सन थियो । यसैबीच युटुबका भ्युअर्सहरूको दर्शन र कथा श्रवणको होडबाजीमा नौलो दृश्यको पटाक्षेपका बीच जोईपोइको सार्वजनिक मुद्दा, पारपाचुके र माना साँवल निवेदनको रस्साकस्सी जागिरहेको थियो । राती सुत्ने बेलामा बृद्धाले मलाई युटुब देखाएर सोधिन ।

–'हेर्नू न ! पल्लो घरको साइँली त अर्कैसँग पोइल गइछ ।'

मैले पनि उनलाई जवाफ फर्काएर एक भन्नु न दुई भन्नु पार्दै जिस्काएर भनेँ ।

–'म पनि त गुण्डै हुँ, जे त पर्ला !'

उनले मलाई बिस्तारै कोट्याइन् । मैले सबै कुराको रहस्य खोलेँ । उनलाई सचेत्याएँ ।

–'बुझ्यौ ! यो सब युटुबको खेती हो ! तिमी पनि जोगिनु !'

उनी त्यसपछि मस्तले छेउमै निदाइन् । मैले उनलाई त्यसैत्यसै हेरिरहेँ अनि मनमनै सम्झेँ !

–'यो त, त्यो सत्ययुगको जवाना होइन नि लाटी !'

एकदिन छिमेकी अजय भाइलाई बाटोमा भेटेर मैले दयाको भावमा सोधेँ ।

–'अचेल के गर्दैछौ भाइ !'

उसको जवाफ सहज थिएन । मेरो प्रश्नको जवाफ दिन लज्जा मानिरहेको थियो । मसँग बोल्दै नबोली बर्बादको छेउ लागेर हिँडिरहेको थियो ।

२७

# देवत्त्वकरण

–'उखानको कथा !'

एकातिर सिङमाङ र अर्कोतिर पुङमाङ भिरेका लाठसाहेबले एकपटक दुनियाँका अगाडि आफ्नो प्रायोजित फर्मान जारी गरेर भनिदिए ।

–'मायावी समयमा कसैले रुनु पर्दैन । कसैसँग झुक्नु पनि पर्दैन र कसैले अन्याय समेत सहनुपर्दैन ।'

–'लौ भगवान् अरु के के गर्नुपर्दैन भनिस्यो त हजुर !'

–'भोकले मर्नै पर्दैन । दुलोमा बस्ने चराचरले कहिल्यै अन्धकारमा जीवन बिताउनुपर्दैन, सधैँ झलल ।'

–'जदौ हजुर ! खूब बढिया !'

अत्याचार, भ्रष्टाचार र निशाचरहरूको हैरानीले दुलोमा छिरेका मुसा र छुचुन्द्राहरूले यो सत्य वाक–मन्त्र चाल पाएपछि तिनले आफ्नो मूसे र छुचुन्द्रे जीवनको कायापलट हुने ठानेँ ।

–'अरु प्राणीको त के कुरा गर्नु जाबा मुसा र छुचुन्द्राको पनि दिन आउने भयो, भाग्य खुल्ने भयो !'

तब उनीहरूले आफ्नो समुदायमै सल्लाह गरेर दुनियाँको धान चोर्ने र बोरा प्वाल पारेर अन्न ढुट्याउने काम छोडे ! उनीहरूमा नयाँ जीवनको आशा पलाउन थाल्यो । तिनले आफ्नो गर्भिणी प्रियालाई भविष्यको आशा देखाउँदै लामोलामो उखान तथा चुट्के कथा सुनाउन सुरु गरे ।

–'तिमीहरूलाई प्रकाश भनेको थाहा छ !'

–'लौ यी त कति चढेका ! कुरै नबुझ्ने, प्रकाश भनेको साइँलो त हो नि !'

–'हो हो हामी चढेका ! तिमीहरूलाई आफ्नै देवताको विश्वास लाग्दैन !'

–'वाहियात गफाडी लोग्नेहरू ! आफ्नै गुरुलाई सोध, देवता भनेको के हो ! हामी जाबा स्वास्नीलाई थाहा छैन !'

विवश ती विचरा मुसा र छुचुन्द्राका स्वास्नीहरूको त्यति ठूलो दिमाग नै थिएन । उनीहरू आफ्ना लोग्नेका कुरालाई निःसर्त समर्थन गर्थे । रमाएर खूब ताली पिट्थे । उनीहरूको ताली सो दिनदेखि रगेडिएको विद्युतीय प्रकाशमा मस्तिष्कको बाटोहुँदै निस्केर चमकचट गरेर चम्कन थाल्यो । तब तिनले आफ्ना अल्छी लोग्नेहरूलाई भन्न थाले ।

–'देख्यौ देवत्त्वकरणको प्रभाव !'

मुसा र छुचुन्द्राहरू फेरि बाहिर निस्के । उनीहरूले चाइँचुइँको स्वरमा कराएर स्वास्नीहरूको चित्त बुझाउन थाले ।

–'किन कसैलाई देवत्त्वकरण गर्ने ? बरु आ–आफैलाई देवता भनेर घोषणा गरौँ न !'

एकदिन स्वर्गका साहेबसँग उनीहरूको भेट भयो । उनीहरूले साहेबलाई विन्ती भाउ गर्दै सोधे ।

–'हजुरको दरबारमा हामीजस्ता रैती छन् कि नाई ?'

–'त्यहाँ त एकसे एक भक्तहरू छन् ।'

–'हामीलाई पनि भक्त बनाइदिनु न त हजुर !'

–'खै जदौ गरेको ? के अब देवत्वकरणको उखान भनिरहुँ !'

मुसा र छुचुन्द्राहरू शुद्ध साकाहारी कुराबाट वाक्क भएर छेउछेउ सडकमा निस्केर कराए !

–'भयोभयो अब अतिरञ्जित नगर्नुस् !'

जब एकदिन मुसे र छुचुन्द्रेका स्वास्नीहरूलाई बाढीले बगाएर पुऱ्यो तब उनीहरूले थाहा पाए ।

–'मायायी वाणीको स्वाद !'

२८

# सत्ताको लय

–'मलाई घरको न घाटको बनाउने ?'

–'धरोधर्म, कसम म तिमीलाई छोड्न सक्दिन !'

दु:खको बेलामा मेरो प्रेमको पत्थर एकाएक पग्लियो । हरेक सभामा मुनालाई मैले सहजै जवाफ फर्काएको थिएँ । किनकि उनीसँग भएको अधिकार मसँग थिएन । म अधिकारलाई उपयोग एवं उपभोग गर्ने महत्वाकाङ्क्षा मात्र राख्थेँ । उनको मप्रतिको प्रेम, दया, माया, स्नेह र सद्भाव भएको कारणले मैले धेरै नै अधिकारहरू पनि उनीबाट नै प्राप्त गरेँ ।

–'आज त बिर्सनुभएको छैन नि !'

विकल भएको बेलामा बाटोमा मलाई लज्जाले निहुराउने गरी प्याच्च बोलिदिन्थिन् । म छेउ लागेर सरक्क सर्थें । उदाहरण दिँदै उनको प्रेमिल सत्ताबाट म भुतुक्क हुन्थे । फकाउँदै गर्दा उनले फेरि वारेन्ट काट्थिन् । उनको यो शासनले म हैरान हुन्थेँ अनि सुस्केरा हाल्थेँ । मनमनै भन्थेँ ।

–'गाई खाने मुना ! तिम्रो जीवनलाई हुर्काउँछु र सम्पूर्ण जीवन सुन्दर बनाउँछु ।'

मेरो यो वाचाबाट विश्वस्त बनेकी मुनाले मलाई मेरो स्वार्थ पूरा गर्न दिई । उसले पनि मनदेखि नै विश्वास गरी । विश्वासको त्यो दिन म उसको राजा भएँ । जब मैले राजा भएको महसुस गरेँ । राजा भएको उपलक्ष्यमा मुनाले मलाई प्रेमिलताको भावले भन्दा पनि उसको अधिकारको भावले मसँग सुखको माग गर्न आई । कसोकसो मेरो मुखबाट कुनै बेलाको दमित भएर बसेको पुरुषत्व

दम्भ निस्क्यो ।

-'पुरानो सत्ता गयो, नयाँ सत्तामा हरेक कुरा प्रतिस्पर्धाबाट हुन्छ है ? अब ।'

-'पापिष्ट ! के मलाई तलाक दिने अब !'

-'हैन हैन सत्ता व्यवस्थापन गर्न खोजेको !'

मुना नराम्ररी बीचमै चिच्याउन लागी । उसको हिजोको प्रेमिल कथाहरू मेरो मानसबाट बिस्मृत हुँदै गयो । मैले हिजो अस्ति खोकिदिएँ भने पनि डराएर भन्थी !

-'दुख्यो हजुरलाई ? धेरै खोक्यो भने क्षयरोग लाग्छ !'

यस्तै भनेर चिन्तित हुन्थी । आज मलाई सोध्ने कारण उसमा देखिँदैन थिए । म शानको जीवन बिताउँदै थिए । सत्तासँग रमाउँदै थिएँ । मलाई माया, प्रेम र दया दिनेहरू अघिपछि अरु नै थिए । मलाई एकदिन मेरो अन्तर्यमा घाउ लगाउने गरी उसले सडकमा नारा लगाई ।

-'सुम्पिएको अधिकारको मात फिर्ता गर !'

उसको हृदयमा बिफ्केको अनधिकृत अधिकारको आश्वासनमा ऊ विरक्त थिई । चुपचाप बसिरहेको समयमा उसको मुखबाट पहिलाजस्तै प्याट्ट आक्रोश निस्क्यो ।

-'सत्तालयको गाना !'

मेरो आँखामा हिजोको जस्तो उसप्रति कत्ति पनि भावुकता थिएन । बरु दमन गरिरहुँ जस्तो लाग्दथ्यो । दिन बिराएर फेरि नारा लगाउँथी । मलाई हैरान पार्दै भन्थी ।

-'सत्ताको लयका गीतमा मेरो चिरहरण !'

रिटायर्ड भएका मान्छेहरूले बेलाबेलामा समाचार पत्रहरूमा लेख लेखेको देखेर पढिरहेको थिएँ ।

-'सत्ताधारीहरू स्वार्थी र निकै क्रुर हुन्छन् !'

२९

# सनाखत

-'ट्यार्ररर ! टिर्ररर ‼ टुर्ररर ‼!'

भुनियाले मस्त निद्रामा सुतिरहेको आफ्नो लोग्नेलाई रातको समयमा शङ्काले भनी ।

-'रातको बेलामा बाहिर हेर्नुपर्दैन ? चोरको बिगबिग छ ! शत्रु लागेको बेलाँ दिन आफ्नो हुदैन !'

रामलखनले निर्धक्कसँग छेरुवी भुनियालाई निद्राको सुरमा सम्छाउँदै भन्यो ।

-'यो पनि कति छेरुवा रैछ बा ! पाँच पाँचचोटि चुनाव जितिसकेँ । समाजमा मेरो मानप्रतिष्ठा उच्च छ । मलाई शत्रु ठान्ने को होला र ? बरु सुत् !'

-'टुर्ररर ! ट्यार्ररर ‼ टर्ररर ‼!'

भुनियाको कानमा यस्तो आवाज फेरि भस्कन थाल्यो । उसले सुनसान रातको समयमा एकटकले सुनिरही र त्रासको चेतले फेरि रामलखनलाई कोट्याई ।

-'उठेर बाहिर हेर्नू न भन्या ! चोर आयो जस्तो छ !'

रामलखनले निर्भयताका साथ जुरुक्क उठे । रातको कालो अँध्यारोमा बाहिर यसो टर्चलाइट देखाए । यसो नियालेर हेरे । उनले कुनै मानिसको शङ्का गर्न सकेनन् । यसो माथितिर हेरे । आफैले बनाएको धर्मशालाको छतको तप्किन भुईंतिर खसेर रातको समयमा त्यस प्रकारको शैतानी त्रासको स्वर निस्केभैँ ठाने । छेउमा एकनासले वर्षे पाहाको ट्यारट्यार आवाज र गुप्त कीराहरूको मन्दस्वर पनि गुन्जिएको थियो । वरपर हेरेर फर्कनलाग्दा उनको खुट्टामा लामो सिसाको टुक्राले नराम्रोसँग दुखायो, चिच्याए ।

-'ऐया ! मरेँ म त !'

सुनसान ऐंठन रात अनि सन्नाटाको समयमा उनको पीडाको आवाज कसैले सुन्यो, सुनेन थाहा भएन । उनी खुट्टामा काम्रो बाँधेर सन्नाटाको बीच मन्द दुखाइले बिछौनामा पल्टे ।

-'यो धर्मशालाको पालेको हत्या रामलखनबाटै हुनुपर्छ !'

भोलिपल्ट बिहान धर्मशालामा निकै ठूलो हल्लाको बीच उनले झ्यालका छिद्रबाट आएको आवाज आफ्नो कानमा सुने । उनी खुट्टाको दुखाइले बाहिर निस्कन सकेनन् । पालेलाई हत्या गर्न संलग्न मतियारको झुण्डले रामलखन सितको पुरानो ईबी साँध्ने मौका छोपेर उनीहरू रामलखन छेउ पुगे ।

-'खुट्टामा के भयो रामलखन !'

-'राती बाहिर निस्केको सिसाले खुट्टा चिरियो !'

भद्र शैलीमा रातको विवश सङ्कटका कथाहरू थिए । भुनियाको त्रासले दिएको सन्दर्भ पनि भन्न भ्याए । एकछिन पछि तिनले षड्यन्त्रको जाली कथाहरू बुनेर रामलखन हत्यारा हो भनेर उनको नामको देखावटी प्रमाणहरू सर्जमिन समक्ष पेस गरे । रामलखनको आँखाबाट बिजेको सिसाको तोडको हो वा षड्यन्त्रको जालले दिएको पीडाले हो, बर्बरी वेदनाका आँसु झर्दैथिए । बेकसुर तहकिकातका बीच हत्याको आरोपमा रामलखनलाई जेल चलान गरिदिए । पुलिसले तब पालेको हत्या लासलाई जाँचबुझ गर्न सर्जमिन मुचुल्कामा स्वीकृती लेखिदिए ।

-'लासको सनाखत भयो ।'

भुनियाले आफ्नो लोग्नेको षड्यन्त्रप्रति सबैमा शङ्का गरेर मनमनै वेदित लयको चीत्कारमा ठानी ।

-'यस्तो आवाज त टपरीमा तप्किन खस्दा पनि सुनेको थिएँ तर माफियाको षड्यन्त्र पो रहेछ !'

३०

# पाख्याचा

–'आइपुगिस् !'

वर्गद्वन्द्व चलिरहेको थियो । खजाञ्चीले मालिकलाई सेवकको महत्व दर्ज गर्न ग्राहकलाई प्याच्च भनिदियो ।

–'सामानको भाउ रातारात बढ्यो ।'

उसको मालिक आशामान पनि खजाञ्चीको विद्युतीय मनबाट निस्केको प्रभावद्वारा प्रभावित भयो । जीवनमा नाफा घाटाको हिसाब सम्झेर सत्य सन्देशको टाउको हल्लाइदियो ।

–'ठिक गरिस् बाबू तैँले !'

गाउँबाट आएको ग्राहक अलमल्ल पऱ्यो । उसले सामान किन्ने आँट गर्न सकेन । ऊ त्यसै असन बजारमा कहिले यता कहिले उता गरिरहन्थ्यो । धेरैदिन समय बिताएपछि उसलाई गाउँबाट आएका अन्य मान्छेहरूले भेटे । उसको जीवनमा दरिद्रता निकै बढेको थियो । खजाञ्चीले त्यो दिन ग्राहकलाई देखेर सोध्यो ।

–'तैँले चुनाव लडेको छस् !'

–'चुनाव लड्न त हुन्थ्यो नि तर के गर्नु ? टिकट किन्ने पैसा नै छैन !'

–'उफ् लाटा गाउँमा घरजग्गा कति छ !'

–'चाहे जति छ, हजुर !'

–'ल ल हुन्छ ! म मालिकलाई भनेर जग्गाबाट ऋण निकालिदिन्छु अनि त्यसैले टिकट किन्नु । चुनाव जितेपछि कमाइ भइहाल्छ, तिर्नू !'

गाउँले ग्राहक निकै लोभियो । चुनाव जितेपछि मन्त्रीको सपना देख्नथाल्यो । सपनाहरू निकै भौँतारिन थाले । एकदिन उसले आफ्नो जुलुसमा सहरका गन्यमान्य मान्छेहरू पनि देख्यो । जुलुस देखेपछि खजाञ्चीलाई टाउको दुख्न थाल्यो । उसले मालिकलाई कुरा पनि लगायो ।

-'हजुरको राजको समयमा पनि बजारका सब ग्राहक भाँडिए छन्, हजुर !'

मालिकले यसो टाउको उठाएर हेरे । अनुमान गरे । अन्दाजले खजाञ्चीलाई भने ।

-'त्यसको टाउकोको मोल कति पर्छ !'

-'त्यो पाखे हो, चुनावमा नउठेको भए त एकलात हो, उठेको भएर दलाली भाग समेत माग्छ !'

-'ए लौ ! त्यो पाख्याचा त्यति चढेछ !'

खजाञ्चीले निर्णयको अघिल्लो दिन पत्रकार सम्मेलनका बीच सबैको हिसाबकिताब गर्दै भने ।

-'ऊ गुण्डा, त्यो दलाल, यो चाकर !'

असनको चोकमा टपरी बेचिरहेको व्यापारीले खजाञ्चीको कुरा सुनेपछि उसलाई आफ्नो पीडा सुनाएर झस्कायो ।

-'के एकपाखे एकपाखे कुरा गर्छ, पाख्याचाको दलाल त !'

टपरी किन्न झुम्मिरहेका मान्छेहरूले व्यापारीको कुराहरू सुनेर तिघ्रा ठटाए । खुब मजा लिए । खजाञ्चीको घाँटीछेउ फेरि एउटा तक्मा झुन्डिएको थियो ।

-'भ्रष्ट षड्यन्त्रकारी ।'

खजाञ्चीलाई सहर खूब विरक्त लाग्न थालेको थियो । जता हेर्‍यो उतै भरिया, नाम्ले, नाङ्ले, मगन्ते र विपन्न ज्यामीहरू मात्रै सहरमा देख्थ्यो । उनीहरूलाई जीवनभर मालिकका लागि ठगिरहेको खजाञ्चीले जडकुरा खोल्दै आफ्नो पछुवा बनाउन भन्यो ।

-'त्यो पाख्याचा त गुटको होइन नि, बुख्याचा हो !'

**B. लघुकथाको आधार**[२] : *यहाँ मनोविज्ञान विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश १६ देखि ३० सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू सामाजिक जीवनको मनोवैज्ञानिकताको विविध विषय क्षेत्रको घटनामा आधारित छ । लघुकथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरी संवाद पङ्क्तिमार्फत लघुकथा सुरु गरिएको छ । संवादलाई प्रत्यक्षकथन सामान्य (Simple writing) पद्दतिको एकल निर्देशक चिन्हको निर्देशन प्रयोग गरी निर्देशक चिह्नमार्फत् एकल उद्धरणले बाँधेको तरिकाको बुनौटमा छ । लघुकथा आधारको* ***शीर्षाङ्कन*** *गर्ने मुख्य काम लघुकथा आयामको शीर्षस्थानको* ***बीच*** *भागमा समेटएिको छ ।*

## ३१

# भोक माफिया

निरापराध कैदी बनेको लल्लनको सजाय भुक्तान हुने अघिल्लो दिन तथ्य प्रमाणको साक्षी नष्ट गर्न उसमाथि षड्यन्त्र भइरहेको थियो । कसैले कसैको हत्या गरेको एउटा जीवित साक्षी, मात्रै ऊ थियो । यसैबीच माथिबाट जेलरलाई आदेश आयो ।

—"करेन्ट लगाइदे त्यसलाई !"

—"हजुर एकचोटि होइन, दुईचोटि लगाइसकेँ !"

—"त्यसो भए हिटरमा पिसाब फेर भन्, आफै सकिन्छ !"

क्रुर जेलरलाई माथिको यस्तो आदेशले साथै निकै थर्कमान बनायो । अपराधीको फोन उसलाई थप अनुरोध सहित आयो ।

—"जसरी हुन्छ, सकाएर अस्पताल पठाइदिनू, बाँकी हिसाबकिताब उतै मिल्छ !"

अपराधको उन्मत्त आँखाका साथ लल्लनको प्राण एक निमेषसँगै स्याँगीले खतम गरिदियो । घाँटीको नसा छिनाएपछि हत्त न पत्त उसले अस्पतालतिर उच्च कोरोना भाइरसको जोखिमको निहुँमा आइसियुमा पुऱ्याइयो । आइसियु कक्षको शक्तिशाली माफियाछेउ डिउटीको डाक्टरलाई उसको मालिकले फोन गऱ्यो ।

—"अन्नदाता प्रभु, जेलरले पठाएको बिरामीको इलाज, हजुर !"

—"म हेर्दै छु ! कोशिस जारी छ !"

—"यसपालि त त्यो किड्नीले मात्रै पुग्दैन । आँखाको पनि खूब माग छ हजुर, बजारमा ।"

—"उमम् भाउ मिल्छ ? !"

—"ओहो हजुर, आँखाको त भाउ चर्को छ हजुर, पार्ट पार्टमा पैसा छ !"

—"के के को मिल्छ भाउ !"

—"आँखाको लेन्स, रेटिनाको जाली अनि आँखाको सेपमा छ नि हजुर !"

त्यसपछि मान्छेको भोकले ग्रस्त डाक्टरले आइसियुको कोरोनायुक्त कैदीलाई मृत घोषणा गरिदिए। उसलाई आइसीयुबाट मुर्दा घरसम्म पुऱ्याउन कोरोना प्रोटेक्टर पहिरनमै आफै अगाडि लागेर आइसीयुबाट बरफमा लगेर राखे। त्यस बरफ वार्डमा अर्को खहरिएको भोको कुरुवा थियो। उसले केही लेनदेनको मिलोमतोमा मृतक लल्लनको दुवै आँखा र किड्नी सुरक्षित गरेर मुर्दाघरको बरफमा लुकाएर राख्यो। समय मिलेपछि बिक्रीबाट भोक भौँतारिएका माफियाहरूको आत्मा तृप्त भयो। केही दिनपछि आफन्तहरूले लास बुझ्ने बेलामा प्रश्न उठाए।

—"भाइरसले आँखा र किड्नी पनि खान्छ ?"

सर्जमिन मुचुल्का लेखिसकेर लेखनदासले पढिरहेका थिए। उसको आँखा र मुख फरकफरक कोणमा दौडिरहेको थियो।

—"मृतकको आँखा र किड्नी चोर्ने काम माफिया छुचुन्द्रो तथा मुसाले गरेको पत्ता लाग्यो।"

आफन्त, परिवार एवं अबुझ साक्षीहरूले नीलो मुख लगाउँदै भने।

—"यो माफियालाई मान्छेको रगतले पनि नपुगेर आँखा, मुटु र किड्नी पनि नछोड्ने भयो।"

एउटा पागल धेरै वर्षदेखि अस्पतालको व्यभिचारको सिकार बनेर घुमिरहेको थियो। ऊ बेलाबेला बर्बराएको सुनिन्थ्यो।

—"माफियाहरू पशु हुन् ! उनमा न दया, न इज्जत, न मानवीयता, पैसाका सपनाका स्वार्थीहरू !"

मेरो अगाडि नारा लगाइरहेका सबै मान्छेहरू छेउमा आएर भने।

—"लौन, तपाईं पनि कराउनुस् !"

३२

# रुनु न हाँस्नु

भोकमरीको आन्दोलनको समय थियो । जङ्गलको ओडारमा बस्ने मैनाले सहरियालाई सिल्पटको आफ्नो हाते चुरा उपहार पठाई । मैनाको उपहार भन्नासाथ लाजले भुतुक्क भएर पनि मध्यमवर्गीय जनार्दनले खिसी गरे ।

—"छ्या ! राउटेनीको उपहार सहरियालाई कत्ति नसुहाएको !"

उपल्लो वर्ग उसको समाजलाई एकातिर दया र अर्कोतिर ठूलै तिरस्कारको भाषा बोल्थे ।

—"हामीलाई त लाजै मर्नुभो, कहाँ जङ्गली, कहाँ सहरिया !"

—"हो हजुर ! हाम्रो त इज्जत नै फालेर ईख लगाई, त्यसले !"

यस्तै गन्थनका बीच स्वार्थी लोभीहरूले मैनाले दिएको उपहार खोल्न लागे । उनीहरूले धूलो मैलो झोलामा बेह्रिएको उपहार मन नलागेर पनि खोले । सो उपहारमा जङ्गली एकशब्द लेखिएको थियो ।

—"पाउर !"

सहरियाहरू पावरका पछाडि खूब कुद्ने भएकाले उनीहरूले पाउरलाई निकै स्वादिलो वस्तु सम्झेर अनुमान लगाए । हात पर्नासाथ लुसुक्क खाटमन्तिर खुसुक्क लुकाए । उनीहरूको मुखबाट र्‍याल चुहिन थालेपछि बास्नाको मातले बर्बराउन पनि थाले ।

—"पावर टनिकको मजै अर्को !"

मैनाले झोलाभित्र एकसरो पोते र एकधरो रातो धागो साथमै राखिदिएकी थिई । सहरिया जादुको एक जिम्वालले सो पोते र धागोलाई भगवतीको प्रसाद सम्झेर

गलामा भिर्न सुरु गऱ्यो अनि देशदेशावर घुम्न हिँड्यो ।

—"अरे जिम्वाल साप ! कपालको धागो गलामा !"

मैनाको गाउँबाट सहरमा ज्यामी काम गर्नआएको अन्तरेले सोध्यो । उसलाई कुनै लज्जाले छोएन । ऊ सहरिया तर्क गर्नलाग्यो र पोते देखाएर भन्यो ।

—"यो उग्रकालीको प्रसादको माला हो ।"

दुनियाँ हाँसिरहे । ऊ लमकलमक निर्धक्क बाटोमा हिँडिरह्यो । एकदिन उसले अस्पतालको सेल्फी सेन्टरको मन्तिर एकजना दुःखित विधवा महिलालाई रोइरहेको देख्यो । उसले पहिरेको उग्रकालीको प्रसादलाई ढाँटका साथ देखाएर भन्यो ।

—"दुःखित नहुनु धेरै, तपाईंलाई केही सहयोग गर्नसक्छु !"

विधवाले सो सहरिया जिम्वालको गलामा लगाएको मैनाको पाहुरलाई घाँटीबाट निकै ठूलो सङ्घर्षपछि तानिन् । उसलाई मुखाभरि थुकेर भनिदिइन् ।

—"थुक्क ! नकच्चरो ! मेरो चुरा, पोते, सिन्दुर चोर्ने तँ को ?"

जिम्वाल रातो अनुहार लगाएर विधवाको अगाडि उभिइरह्यो । उसले अलमलको लयमा प्रस्ट्यायो ।

—"यो जङ्गली पाउर हो ! बुझ्यौ यसमा तागत छ !"

—"ए, त्यो बलात्कृत मैना राउटेनी ? मै हुँ !"

त्यसपछि जिम्वाल फरक्क अस्पतालको सेल्फी सेन्टरबाट घरतर्फ फर्केर मनमनै भन्यो ।

—"काला करतुतका अगाडि म, न हाँस्न सक्छु, न रुन !"

विधवाको रुपधारण गरेकी सेल्फी सेन्टरको सो महिला बेलाबेला बर्बराउँथी । आफ्नो विगतको सेल्टरको घटना सम्झन्थी । ऊसँग रुनु, सहनु र अपराधको चङ्गुलमा बाच्नु शिवाय कुनै अर्थ थिएन, विवशता र वेदनाले भन्थी ।

—"यो संसारमा को नै छन् र ? सब इमानदारहरू मरेछन् !"

---

शब्दार्थ : पाउर (पाहुर) - नजराना

३३

# लगनगाँठो

विजयले अजितालाई एकदिन लामो समयको प्रेम सम्बन्धपछि बिहेको प्रस्ताव राख्यो ।

—"अब हामी प्रेम बन्धनमा बाँधिएको दसवर्ष भयो । हाम्रो पनि पढाइ सकियो । दुवैजना सक्षम पनि छँदै छौँ । विवाह बन्धनमा बाँधियौँ !"

विजयको यस्तो प्रस्तावले अजिता लज्जाबोधले झैँ मुस्कुराएर भनी ।

—"सबै कुरा मिल्छ भने तयारी गरौँ न त !"

सबै कुराकानी मिलाएर वातावरण बन्यो । सबै पक्ष राजीखुसी भए । विजयले एकदिन साथीहरूलाई आफ्नो रोचक प्रेमकथा र बिहेको बारेमा गफ लगायो ।

—"जाम भएको पासवर्डको मेरो आइडी खुल्ने भो !"

सबैजना गलल्ल हाँसे । उनीहरूले विजयको बिहेको मजामा उसलाई हौस्याए ।

—"दस वर्षपछि खुलेको पासवर्डको कार कस्तो आउँछ त !"

घर फर्केको विजयको मनमा एकाएक अजिताको बाबुले दिने दाइजोको कार चढेर बिहेमा अन्मिने र साथीहरूलाई देखाउने इच्छा जागृत भयो । भोलिपल्ट आफ्नो इच्छा सबै अजिताको कानमा खासखुस गरेर सुनायो । ऊ केही बोलिन तर पनि उसले पारिवारिक हैसियतसँग सम्झौता गर्दै जीवनमा ठूलो निर्णय गर्नका लागि बाटोमा बर्बराउन पुगी ।

—"उसको प्रेम ! कार ? कि अजिता ?!"

उसले बिहेको दिनसम्म 'चाँ चुँ' नगरिकन सबै व्यवस्था गर्न परिवारसँग

रोइकराई गरी । दुःखले होस् वा सुखले अजिता मनमनै पाकिरहेकी थिई । भव्य लावालस्करको साथमा जन्ती आयो । एकसे एक भद्रभलाद्मीको जमघटका बीच विजयले अजितालाई सिन्दुर हाल्न पण्डित मन्त्र पढ्दैथिए । विजयले फुस्रो सिन्दुर हातमा समाएर अजितातर्फ कानेखुसी फुक्यो ।

–"अरु सबै चीज दाइजोमा देख्छु ! तर कारचाहिँ त देखिन नि !"

अजिताको मुख रातो भयो । पण्डितले अजिताको रातो चेहरा देखेपछि ठट्टा गरेर भने ।

–"लगनको समयमा पनि कस्तो प्रेम हो ?, सिउँदोमा सिन्दुर त परोस्, आज त पहिला सिउँदो हाल्ने अनि बाँकि कुरा पछि !"

अजिताको मनको अदम्य साहस जुरुक्क उठ्यो ।

–"हीन मानव !"

बाजाहरू बजिरहेका थिए । उसले एकाएक आफूले लगाएका लुगाहरू सबै फुकाली । भित्र रहेको कारलाई बिस्तारै छेउतिर ल्याई । अनि उसले विद्रोही इनामको घोषणा गर्दै भनी ।

–"लगनगाँठो कसिएको यै हो, लौ ! सिउँदो हालेर लगनगाँठो समातेर लैजानु । अब यस पापीसँग मेरो प्रेमको चरा मऱ्यो ।"

होहल्ला, आतस, शङ्का, निराशा, अपमान, सन्नाटा, वेदना र आक्रोशका बीचबाट अजिता जुरुक्क उठेर हिँडी । पछिपछि लागेका उसका आफन्तहरूले उसलाई कतै भेटेनन् । छेउमा एक टुक्रा कागजको चिर्कटोमा लेखेको भेटियो ।

–"स्वार्थी दुनियाँमा चोखो प्रेमको मृत्यु !"

विजयको जन्तीको जुलुस शोकमग्न बिहेको कारसँग रिसले गुडिरहेको थियो । उनीहरूको कालो र नीलो चेहराले बधुको भित्रिने साइत कुरिरहेको थियो । बुझेर कुरा काट्नेहरूले ओठ फर्काएर भने ।

–"लगनगाँठो राम्रै बाँधिएछ !"

३४

# गृहयुद्ध

पल्लो घरको झ्याल पर्दाले छोपिएको थियो । मुरलीको सुरिलो धुनले रातभर निंद्रा चलेको थिएन । रातको अनिंदो निंद्राको बीचमा प्रियाले भनी ।

—"मलाई त आज रातभरि त्रासको बन्दुकले झस्कायो !"

चिरञ्जीवी बाजेलाई जङ्ग चल्यो । उनले प्रियाको निंद्रा गडबड हुनुमा पल्लो घरको मुरलीको धुनले भन्दापनि आफ्नै कारणले हो भन्ने आशय बुझे । उनको मुखबाट रिसको आवेग नै छुट्यो । उनी प्रियाको अगाडि गृहस्थी जीवनमा पहिलो चोटि नराम्रोसँग झर्किए ।

—"ए ! अब तेरो घरजम भयो, सबै तेरा भए, आँखामा कसिङ्गर त मै न हुँ !"

यसपछि गृहयुद्ध सुरुभयो । चिरञ्जीवी बाजे निरापराध मान्छेजस्तै आतङ्कित हुनथाले । उनलाई मनमा डरले खसखस नै लाग्यो । आफै सच्चिएझैं गर्दै नरम स्वरमा प्रियालाई भने !

—"दूधको भाउ बढेछ छ नि प्रिया !"

—"बढे बढोस् खाँचैसिति !"

युद्धको रापमा प्रियाले राइफलको नालद्वारा निस्कने गोलीझैं उनको मुखबाट मनको असन्तुष्ट जलित रागको बोली छुटाइन । बाजेको चेहरा अँगारझैं कालो भयो । खाना बनाउन लागेकी प्रियालाई हल्का नरमसँग भने ।

—"यसपालि दशैमा तिमीलाई सुन किनिदिने विचार आयो !"

प्रियाको मन उत्सुक भयो । उनले रातको अनिंद्रा, पल्लो घरको मुरलीको धुन

र बाजेको कर्कस बोली बिर्सिदिइन् । रुष्ट बनेको मन त्यसै गुलाबी रङ्गमा बदलियो ।

—"मलाईजस्तो हजुरको माया कसलाई लाग्छ र !"

चिरञ्जीवी बाजेले गृहयुद्धको जड कुरो थाहा पाएझैँ गरेर पुनः प्रियालाई कुरो दोर्ब्याएर सुनाए ।

—"तर के गर्नु सुनको भाउ बढेको बढ्यै छ, बरु हिउँदमा किन्नुपर्ला !"

प्रियाको मनोविज्ञानमा बाजेको कुरा सुन्दासुन्दै हातमा भएको पानीको जग भुईंमा थचारिन पुग्यो । 'टन्द्रङ्ग' आएको आवाजले उनीहरूमा फेरि युद्धविराम हुन सकेन । बाजे त्यसपछि आगोझैँ भएर बाहिर निस्के । पल्लोघरमा बिहान समेत बजिरहेको मुरलीको धुनको आजित स्वर आइरहेको थियो । उनले मुरली बजाउने छिमेकीलाई नजिकै गएर कड्के ।

—"गृहयुद्ध नमच्चाऊ है भाइ !"

—"उमम् बाजे पनि ! चनमतीले पनि बाजेलाई नै मन दिई र ?"

अलमल्ल परेर घर फर्केका चिरञ्जीवी बाजेले प्रियाको नजिकै गएर आफ्नो कान समातेर भने ।

—"प्रिया ! अब हाम्रो युद्ध विराम गरौँ !"

चनमतीको उज्यालो चेहरामा मुरली भाइ पछिपछि दौडिरहेको थियो । गृहयुद्धबाट थकित चिरञ्जीवी बाजेले अन्तत घोषणा गरे ।

—"यता पनि ड्रेजेडी उता पनि ड्रेजेडी !"

गृहयुद्धमा न बारुद न वम थिए । मनोतरङ्गमा उठेको क्षेप्यास्त्रले नै पनि गृहयुद्धहरू चलिरहन्थे । तरपनि सम्झौता भइरहन्थ्यो । भङ्ग पनि त्यत्तिकै हुन्थ्यो । सारमा बुढेसकालका युद्धहरू थिए । साथमा नजानिँदो भय पनि थियो । दुःखको अभय थिएन ।

३५

# स्वार्थी खुट्टा

केटाकेटीमा साथीसङ्गीसँग खेल्दा जहिल्यै झुम्राको पुतलीको बिहे गरी खेल्न मन लाग्दथ्यो । एकदिन लुरीले मेरैछेउ आएर भनी ।

—"झुम्राको पुतलीको बिहे मात्रै खेल्ने भए म त बरु घरै जान्छु !"

उसको यो अनायास अभिव्यक्तिले मलाई तत्काल अमिल्यायो । मैले उसको कल्कलाउँदो चेहरा हेरिरहेँ । उसले कुनै जवाफ दिइन । मेरो मुखबाट एउटा हृदय भावको आवाज निस्क्यो ।

—"कायापलट गर्ने त ?"

उसले मुख रातो बनाई । मौन सत्ताले मलाई त्यसै थिचिरही । झुम्राको पुतली मैले उसैलाई फिर्ता दिएँ । पछिल्लो समय मैले लुरीलाई बिर्सँदै गएँ । झुम्रो च्यात्दै उसले फालिदिई । उसको मनमा के थियो कुन्नि ! पछिल्ला दिनमा सम्झन छोडी ।

—"तपाईंको कहिल्यै कायापलट भएन, कस्तो अभागी तपाईं त दुनियाँमा !"

घरजम थियो । परिवार सजिएका थिए । एकदिन जब म कथा लेख्न बस्थेँ । मलाई देवीले कर्कर गरेर कायापलट हुन नसक्ने अभागी र लाछी भन्थी । चुपचाप कथाहरू लेखिरहन्थेँ । उसको कर्कसायुक्त व्यङ्ग्य सुन्नुबाहेक अरु कुनै विकल्प पनि थिएन । जीवनमा कायापलटको कथा खूब लेख्थेँ । कायापलट हुने कुनै सङ्केत भेटिएन । म निराश भएर बौलाउन थालेँ । मेरो कथाको भाषा र व्यावहारिक जीवनको लय अप्रिय पागलको झैँ बन्न थाल्यो । त्यसपछि एकदिन खानाखान लागेको थिएँ । देवीले मलाई पम्फु हालेर भनी ।

—"तपाईं त साह्रै पागल हुनुभयो । यसै छैन, उसै छैन चारआना जग्गा बेचेर चुनाव लड्नोस् । जिते कायापलट भइहाल्छ !"

—"हारेँ भने हाम्रो उठीबास हुन्छ नि त !"

—"हत्तेरिका ! जिते मन्त्री पड्काउँला, हारे मेरो पावर छँदैछ त मनोनितमा पार्न सबैसँग झगडा गरुँला !"

मलाई लुरी र देवीको पावरबारे कथाको प्लट तयार गर्नुथियो । सके कायापलट पनि गर्नु थियो । त्यसपछि कथा लेख्दै गएँ । कथाको प्रारम्भ भयो । उत्कर्षमा पुग्यो । निष्कर्षमा एकदिन कायापलट हुने पक्का भयो । जब म कथाको प्रमुख पात्र बनेर कायापलटको शानमा सपथग्रहण गर्दैथिएँ । लुसुक्क छेउमा आएर लुरीले झुम्रो दिँदै भनी !

—"कायापलट भइहाल्यो, लौ पुतली, लिऊ झुम्रो !"

मलाई अवर हुनथाल्यो । के बोल्ने के नबोल्ने अनि के भन्ने के नभन्ने । मैले कथाको दुवै पक्षबाट विश्लेषण गरेर सम्झेँ ।

—"एकातिर लुरीको नासो, अर्कोतिर देवीको पासो !"

सपथ ग्रहणबाट जब फर्कंदैथिएँ तब मेरो बेइमानी नीतिलाई बाटोमा स्वागत गर्न द्वारहरू बनाइएका थिए । सवारीका लागि साइरन बजिरहेको थियो । सलामीका लागि ब्यान्ड बाजाहरू बजिरहेका थिए । फगत मेरा पछिपछि एकहुल चाकर, केही फौजी जवानहरू र ताली बजाइदिने दर्शकहरू थिए । साथमा रहेका पुराना असल मित्रहरू कायापलटबाट टाढाटाढा भाग्दै मलाई सुनाउँथे ।

—"टुहुराको दिन फर्कन्छ भन्थे, हो र छ !"

मेरो मनमा कथाको अर्को प्लट त्यसपछि आउनै छोड्यो । मनको खिन्नता बीच अमिलो वायु मात्रै आउँथ्यो ।

—"कृतिम व्यवसायमा बेकार फसेँ !"

लुरीले मलाई एकदिन बाहिरैको मूलढोकामा भेटेर बाटो छेक्दै भनी ।

—"प्रेमको बदला अब पारपाचुके देऊ, स्वार्थी खुट्टा छोड !"

---

शब्दार्थ : अबर (अफ्ठेरो)

३६

# फलामको चिउरा

अहम्, जडता र भीरुताको मन्दविषले लट्ठिएका सत्कर्मवादीसँग प्रश्नैप्रश्न थियो जवाफ भने कुनै थिएन । नाक र निधार बीच लगाएको चन्दनले आत्मशुध्दिको आभा दिए पनि तिनको मनको परमात्माले बेलाबेला आफूजस्तै आकारको मान्छेलाई मनोवैज्ञानिक आतङ्क प्रेषित गर्दथ्यो । एकदिन कण्ठे प्रणयले तिनका प्रशिक्षित समुदायका मान्छेलाई सुगन्धित चन्दनको आभामा आफ्नो मनमा भएको भीरुताको जहरको पोको खोल्दै भने ।

–"दलितलाई पढ्न एक दिन्नम्, दुई दिन्नम् बरु सेरिएरै मर्न पनि तयार छौँ !"

छोइछुटोले ग्रस्त भएर जम्मा भएका समुदायहरू अकमक्कमा थिए । तिनसँग भएको जीवनको दुःखित लयको सुरिलो भाकासँग आफ्नो अधिकार धर्म चिच्याए ।

—"मोज चल्ने, श्रम चल्ने अनि पानी नचल्ने ?"

राधाकृष्णको यौनलीलाको आराधनासँग झुमिरहेका प्रणय वासनाका मस्त लोभी पुरुषहरू नाक र निधारको चन्दन छेउ आत्मरतिको आदर्शमा गीत गाउँदै कथा सुनाउँथे ।

–"जब महिलाहरू राधाको शृङ्गारले झैं घुम्टोभित्र छोपिन्छन् तब उनीहरूको अछुत दोष मेटिन्छ !"

समग्र समुदायको अलापको बज्रस्वर टङ्कारझैँ भूमण्डलमा कावा खाइरहन्थ्यो । अछुतहरूको असन्तोषको चिराग जलेर खाग हुन्थ्यो । मनको आक्रोश हातगोडामा सल्बलाएर भुईंमा बजारिन पुग्दथ्यो ।

—"के त त्यसो भए ! चन्दनका रेखाहरूले नै छोइछुटोको सीमा कोरेका हुन् ? हैनन् भने शरीरमा बगेको रगतको रङ्मा कसरी फरक आउँछ !"

प्रणयवादीहरू एकछिन चुपचाप लाग्थे । उनीहरूसँग जवाफ थिएन् । तब उनीहरू जबरजस्ती भट्भटाउँथे ।

—"हामी दिन्नम् भनेपछि, दिन्नम् दिन्नम् !"

अहम् र जड्ताको साथमा अपहेलित समुदायहरूले अचाक्ली भएपछि एकदिन आफ्नै आँगनमा सल्लाह गरेर स्कुल खोले । वेद पढाउन सुरु गरे । छुद्र भीरुहरूलाई फेरि टाउको दुख्नथाल्यो । उनीहरूले पुनः अर्को बखेडा झिके ।

—"अछुतले वेद पढ्न हुँदैन !"

—"कसरी थाहा भयो ? यहाँहरूलाई !"

—"हामीलाई सिकाउने ? देखिनस् हाम्रो तपस्या !"

प्रश्नको दरिलो जवाफ केही पनि थिएन । उनीहरूले आफूलाई अब्बल दर्जाको मान्छे देखाउन आँगमा लगाएको जनै, शिरको टुप्पी अनि नाक र निधारको चन्दनको प्रमाण पेश गरे । ललाटछेउ भएको टीकाबारे महिमा गाए । समुदायका मान्छेहरूले भने खूब हाँसेर उडाए ।

—"हामी पनि अबदेखि छुन्नम्, तिमीहरूको कमण्डलु !"

आरोप-प्रत्यारोपको बीच उनीहरूसँग भौतिक र आर्थिक विकास पनि भयो । मानसिक चेतनामा सुधारउस्तै थियो । यो गम्भीर प्रश्नका बीचमा समाजशास्त्रीहरूको अनुसन्धानका लागि शोधको गम्भीर प्रश्न बन्यो ।

—"अछुत प्रवृत्तिको उत्खनन !"

मैले पनि समाजमा कति यस्ता व्ययहारिक फलामको चिउरा चपाएको थिएँ । फलाम न हो, जति चपाउन खोज्यो त्यति दाँत रड्किदिन्थ्यो । दुईचार दिन दाँत रड्केको तोडले ज्वरो उठ्थ्यो । समाजमा अलापविलाप मात्रै थिए । मिलाप कहिल्यै हुनसकेको थिएन । म सोचिरहन्थेँ ।

—"फलाम पानीमा किन भिज्दैन !"

फेरि आफै उत्तर पाउँथेँ ।

—"यिनीहरूको बनोटको स्वभाव नै यस्तै !"

मनका आक्रोशहरू तिल्मिलाउँथे । बाहिर निस्केर उनीहरूले मलाई देख्दथे । मैले उनीहरूलाई देख्दथेँ । छेउछेउ लागेर बीच बाटोमा पुगेपछि फेरि समानताको नारा लगाउन हात हल्लाइहल्लाई उठाउँथ्यौँ र भन्थ्यौँ ।

—"समाज परिवर्तन अवश्यमभावी छ !"

३७

# भाइरसको मात

भोज चलिरहेको थियो। उत्कृष्ट शयनकक्षमा लेटिएर मन्त्रीज्यू कवाफ चपाइरहेका थिए । उनको नाकबाट फ्यात्त एक पित्को र्‍याले सिगान उनले खाँदैगरेको कवाफमाथि झर्‍यो । कवाफको स्वाद र रमको तालमा उनले सो कुरा पत्तै पाएनन् । एकछिनमा उग्राएझैँ गरेर आनन्द मनको मानसिक रवाफ बोले ।

—"राजशाही ढाँटको स्वाद त यस्तो पो हो त !"

उनको आफ्नै सुकन्या कुमारीको लोलोपोतोमा मोहित आँखामाथि उनका आँखा लर्बरिएझैँ भए । पुरापुर होसमा थिए । उनले कवाफको अर्को टुक्रा हातको काँटाले च्यापेर भट्भटाए ।

—"सुकन्या प्यारी ! मेरो मायाको अफर एक टुक्रा कवाफ !"

सुकन्याको अनुहार रातो भयो । वरिपरिका दर्शकहरूका नयन लज्जाले भुतुक्क भए । मन्त्रीज्यूको इज्जत, मान, सान, शक्ति र वैभवको अगाडि सबैजना देखेको नदेखेकै गरेर परपर सरे । हल्ला गर्न खोज्नेहरू पनि निस्तेज भए । उनलाई कवाफ निकै स्वादले भरिएको लागेको थियो । स्वादमा जमानाको अनुभूति निकै नै सम्झना हुन्थ्यो । मस्ततामा हौसिदै बर्बराउँथे ।

—"सुकन्याको भाग्यमा चमत्कार भयो ।"

आफ्नो विगतका अनुभव र पराक्रमको जस लिन सरोबर कुराहरू बकिरहेका थिए। उनको अर्धचेतनाका पागल लयमा गुम्सिएर बसेका कहानीको कथा सुकन्यालाई मन परिरहेको थिएन । सुकन्याले पागलपनका गोप्य सन्दर्भहरू ढाकछोप गर्न मन्त्रीज्यूको कवाफमाथि रहेको सिँगानको लत्को देखाएर भनिन् ।

—"हजुरको कवाफमा सिँगान परेछ, नखाइस्यो ।"

मन्त्रीज्यू बेसुरले आगो भए । उनको रिसको टुपी ठाडो भयो । उनले एकाएक कराए ।

—"मन्त्रीलाई खुइल्याउने, को हो तँ !"

सुकन्या चुपचाप लागिरहिन् । मन्त्रीज्यूको मन्त्रणाले उनको कान टट्टाइरहेको थियो । सुकन्याको मुखबाट अनायास मलिन स्वर निस्क्यो ।

—"हजुर ! टेन्सन भइसक्यो, अब सब पोल खुल्ला ! फेरि !"

मन्त्रीज्यूको दिमाग तलवितल पर्नथाल्यो । उनी थप भट्याउन थाले ।

—"मलाई भ्रष्टाचारी भन्ने !"

निहुँ खोजिरहेका मन्त्रीज्यू र सुकन्याको बीचमा भनाभन चल्न थाल्यो । उनीहरूमा अविश्वासको वातावरण तयार हुँदैगयो । भोजका मान्छेहरू प्राय घटिसकेका थिए । मन्त्रीज्यूको रवाफ निकै उचाइमा चढिरहेको थियो । छुट्टिने बेलामा सुकन्यालाई पनि झोक चल्यो । उनले प्याच्च भनिदिइन् ।

—"हजुरले खाएको कवाफ त क्या गफाडी रहेछ !"

निकैबेरको मातपछि मन्त्रीज्यूले उन्मुक्त हाँसो हाँसेर सुकन्यालाई सम्झाए ।

—"तिमीहरू त कीरा हौ ! केही जान्दैनौ जीवन !"

सुकन्याले आफ्नो रिसलाई उठाएर समातिरहिन् । पर पुगेपछि मन्त्रीज्यूलाई भनिन् ।

—"हजुर त कस्तो ह्वास्लाङ !"

—"फेरि हेपेको तिम्ले !"

—"किन हेप्नु ! पहिचान गर्न नसक्नेलाई !"

—"लौ लौ म मन्त्री, तिमी मन्त्राणी !"

पुरुषत्व र नारीत्व चेतको उतारचढावमा सुकन्याको मानसपटल खल्बलियो । उसको चिरपरिचित अपेक्षा मन्त्रीज्यूबाट विलीनहुँदै गएपछि गाडी चढ्ने समय सुकन्याले पनि खुटको लयमा हात हल्लाएर भनिन् ।

—"भ्रष्टताको स्वाद पनि सिँगानजस्तै मीठो र स्वादिलो हो ?"

मन्त्रीज्यू गाडीको पछाडिको सिटमा घुरघुर घुरिरहेका थिए । चालक चुपचाप गन्तव्यतिर गाडी गुडाइरहेको थियो । उनको सर्ब शक्तिमान शान्त टुपी अझै ठाडो थियो । बरु मुखबाट अचेतनताका शब्दहरू निकालिरहेका थिए ।

—"उफ् ! यो छिपाको घ्याम्पो !"

मन्त्रीज्यूको मुखबाट निकालिएका शब्दहरू सुनेर चालक मनमनै हाँसेर दढ्ङ थियो ।

—"आज पनि कोरोना भाइरसको मात लागेछ !"

३८

# शान्ति गोरेटो

आफ्नो बाबुको साथमा स्कुल जान बस पर्खिरहेको एक बालकले मलाई नजिकै आएर एक्कासि सोध्यो ।

—"शान्ति गोरेटो कहाँ पर्छ !"

मैले उसको जिज्ञासालाई ठीक उत्तर दिनसकेँ वा सकिन त्यो उही जानोस् । उसलाई सहज ढङ्गले उत्तर दिएँ ।

—"उ त्यहीँ पर्छ हेर त ! यताबाट बिस्तारै अगाडि जानु, आउँछ ।"

मेरो कुरा उसले पत्याएन । मेरो कुरामा ऊ अल्मलियो । फेरि मलाई उसले कन्फर्म हुन सोध्यो ।

—"पक्का भन्नु न अङ्कल, साच्चै शान्ति गोरेटो कहाँ पर्छ ?"

उसको किचकिच प्रश्नहरू सुनिरहेको बाबुचाहिँले उसको हात झड्कालेर तान्यो । झर्किंदै उत्तर दियो ।

—"आफूलाई काममा जान हतार भइसक्यो, लौ यता आइज !"

तर बालक शान्तिको गोरेटो खोजिरहेथ्यो । बाबुचाहिँसँग विवशता थियो । प्रश्नको उत्तर थिएन । बालक मधुरो अनुहार लगाउँदै बाबुसँग हिँडिरह्यो ।

—"लौ हेर ! शान्ति गोरेटो भनेको यही हो !"

बाबुले अलिपर पुगेपछि एउटा गल्छेडो देखाएर भन्यो तर पनि उसले पत्याउन सकेन । हिँडिरहेको बाटोछेउ बालकले स्तुप देखेर फेरि सोध्यो ।

—"बाबा, बाबा शान्ति गोरेटो भनेको यही हो ?"

बाबुचाहिँले जवाफ दिएन । त्यहाँ बुद्धका विशिष्ट मन्त्र थिए । उच्चारण गर्ने भिक्षुहरू कोही थिएनन् । बालक स्कुल पुग्न केही समय बाँकी रह्यो । उसले पढेका शान्तिका नामहरू बाबुलाई सबै सुनाउँदै गयो । स्कुलको ढोकामा पुगेर उसले शान्ति गोरेटोको बारेमा पाले, मिस र सर सबैलाई सोध्यो । उसले आफ्नो मनमा आएको प्रश्नको उत्तर पाउन सकेन । त्यो दिन निन्याउरो चेहरामा घर फर्क्यो । भोलिपल्ट आमाले उसलाई स्कुल पुऱ्याउन जाने पालो थियो । आमाले हात समातेर हिँडिरहेकी थिइन् । उसले आमाको हात झड्कालेर त्यो दिन पनि भन्यो ।

–"शान्ति गोरेटो कहाँ पर्छ आमा ?"

–"खै ! थाहा छैन, छिटो हिँड् स्कुल पुग्न निकै ढिला भइसक्यो !"

–"नाइँ ! म त स्कुल जान्न, जाँदै जान्न !"

ऊ बाटोमै लडिबुडी गऱ्यो । उनले बच्चालाई फट्ट उत्तर दिइन् ।

–"लौ पख, शान्ति गोरेटो उमम् ? अमेरिकामा पर्छ बुझिस् !"

–"कसरी आमा ?"

–"त्यति नि थाहा पाउँदैन लाटो ! तैँले भिडियो गेम खेल्दा हान्ने सुपरम्यान पनि अमेरिकामा बनाएको हो नि त । गेममा सुपरम्यान र सुपरसोनिक सबै छ । यी सबैमा आतङ्क नामको शान्ति स्थापना गर्ने कार्य तिमीले देखेका छौ नि ?"

–"त्यो त सुटर र रिचम्यान पो हो त !"

–"हैट लाटा ! तिनीहरूले दौड्ने गल्लीलाई नै शान्ति गोरेटो भन्छन् ! नपत्याए लौ भिडियो गेम हेर !"

आमाले बाटोमै झोलाबाट भिडियो गेम झिकेर दिएपछि ऊ मख्ख पऱ्यो । आफ्नो भविष्य सम्झेर भन्यो ।

–"आमा, आमा, म पनि अमेरिकाको शान्ति गोरेटो जान्छु, है ?"

–"ल ल जालास् ! शान्ति सेनाको सिपाही बनेर !"

बालक शान्ति गोरेटोका लागि निकै सम्झिरहेथ्यो । उसलाई आफू अशान्त भएको कहिल्यै थाहा भएन । आमाले उसलाई बुद्धको स्तुप घुमाउँदै घरतिर पुऱ्याउँदा आकासमा निकै बाक्लो कालो न कालो धूवाँ उडिरहेथ्यो । हिँडिरहेको बालकको शान्त रहेको गोरेटोमा परेवाहरू मरेर झरिरहेका थिए ।

३९

# फुस्टा समानता

विश्वविद्यालयमा यौन हिंसाको बारे विज्ञहरू बीच बहस चलिरहेको थियो । हिंसासम्बन्धी उनीहरूका अनेकौँ तर्क सतहमा आए पनि मुख्य विषय थियो ।

—"पुरुष वा महिलाले गर्ने यौन हिंसा र हिंसाबाट तिनलाई जोगाउने उपाय !"

बहसमा पीडित विज्ञहरू यौन हिंसाको धूलो खरानी पत्ताउने गरी बहस गरिरहेथे। एकातिरबाट पीडित महिलाहरू चिच्याउँथे। अर्कोतर्फ पीडित पुरुषहरू रुवावासी गर्थे। यो विषय ज्यादै पेचिलो बन्यो। निकै तेजस्वी छात्रालाई एकदिन बुढ्यौलीले डाँडा काटेका प्रोफेसरले स्नेहका साथ टाउकामा हात राखेर आशीर्वाद दिए । छात्रालाई यस्तो 'फिलिङ' भएछ कि उनले प्रोफेसरलाई यौन हिंसाको मुद्दामा रिंगादिइन्। प्रोफेसरहरूको एउटै प्रश्न थियो– याने कि विश्वविद्यालयको प्रतिष्ठा र गरिमा अब जोगिन्छ या जोगिदैन ।

—"के त्यसो भए महिलालाई 'फिलिङ' भएको जति मात्रै यौन हिंसा। नभएमा 'यौन न्याय' हो त ?"

बहस निकै चर्कियो। आदर्श न्यायको वकालत त्यसै हराउँदै गयो ।

—"यो सबै नासमझ नियतको कुरा हो।"

यौन हिंसाको बहस चलिरहेकै थियो। अर्कोदिन फेरि त्यस्तै प्रकृतिको घटनाको हङ्गामा मच्चियो । त्यो दिनचाहिँ यौवना प्रोफेसरले आफ्नो छात्रलाई उत्कृष्ट भएबापत खुसीले गाला चिमोटिदिइन् । छात्र रातो पिरो भयो । उसलाई जति बेलासम्म 'यौन फिलिङ' भएन उसले न यौन हिंसा न यौन न्याय केही सम्झेन। जब उसको नियत कुनै सन्दर्भबाट बाङ्गियो । तब उसले आफ्नै सत्यवादी गुरुआमा विरुद्ध मुद्दा हालिदियो । उनको जीवन बरबाद बनाइदियो ।

—"के त्यसो भए पुरुषको यो फिलिङलाई चाहिँ के भन्ने ? नियत खराब कि यौन हिंसा ?"

त्यसपछि सबै विज्ञहरूले मिलेर नियत र नमस्कारबारे एउटा सुझाव दिए । अब कसैले पनि कसैलाई नमस्कार गर्नु वा आदर भाव देखाउनु यौन हिंसाको रुपमा लिइने र कुनै शब्दले आपसमा बाचचित गरेमा 'भर्वल एव्युज' ठहरिने सुझाव दिए । पछि कक्षामा पढाउन र भट्याउन कसैलाई परेन । अब बाँकी सबैको हात थियो । हातको लागि पनि अर्को सुझाव दिए ।

—"विश्वविद्यालयमा प्रवेश गरेपछि पुरुषले आफ्नो हात पाइण्ट या कोटको बगलीमा राख्ने र महिलाहरू सुरक्षित हुने !"

महिलाहरूलाई अलिकति राहत भयो । न्यायको आभास देखियो । महिलाहरूको हातको बारेमा चाहिँ जोखिमको समस्या देखापऱ्यो । उनीहरूको हात राख्ने कहाँ ? त्यसपछि बल्ल पुरुषलाई न्याय होला । उनीहरूको बारेमा विज्ञहरूले कुनै सोच दिन सकेनन् । पुरुषलाई यौन हिंसा हुने जोखिम बाँकी नै रह्यो ।

—"नियतमा जब हात फुस्किन्छ तब कक्षाहरू पनि मर्यादित हुँदैनन् । इमोशनल फिलिङ एक नियत र एक हिंसाको बहानाबाजी मात्रै हो !"

अचेल जब प्रोफेसरहरू विश्वविद्यालयमा प्रवेश गर्छन् तब चक डस्टर पनि छैन, लेक्चर पनि छैन । यति नै हो न्याय । तर महिला प्रोफेसरका लागि कामको चाप त घटेन नि । राख्ने ठाउँ नभएपछि हात त कक्षामा पनि चलिहाल्छ ! पुनरावेदन अदालतले हात राख्ने बारे बल्ल फैसला दियो ।

—"सबै फुस्टा समानता !"

४०

# क्याप्सुल उद्योग

इहलोकका बिरामीहरू अस्पतालमा छटपटाइरहेका थिए । वैद्यले आएर बिरामीहरूलाई भने ।

—"रेडियमयुक्त औषधी खानुपर्छ । तब मात्र रोग निको हुन्छ ।"

छटपटाएको बिरामीले वैद्यको उपाय सुनेपछि बिरामी रेडियमबाट बनेको औषधी खोज्न पृथ्वी तलमा ओर्लियो । संसारभर रेडियमबाट बनेको औषधी नपाएपछि उसले एयरपोर्टमा हिँडिंरहेको मान्छेलाई सोध्यो ।

—"हजुर रेडियमले बनेको औषधी कहाँ पाइन्छ ?"

पुरानो सरकारी कर्मचारी रहेछ । हतपत जवाफ दिइहाल्यो ।

—"ए, यो औषधी त सिंह दरबारमा पाइन्छ ।"

—"कुन कोठामा हजुर ?"

—"प्रत्येक कोठाको पेन्डिङ राखेको फाइलमा कति रेडियम लेपनको औषधी पाइन्छ ! जानु न हेर्नू ।"

त्यो बिरामी त्यतै दौड्यो । उसले बाटोमा अर्को एकजना मान्छेलाई भेट्यो । अनि सोध्न भ्याइहाल्यो ।

—"हजुर ! रेडियमले बनेको औषधी पाउने टेबल कहाँ छ ? थाहा छ हजुरलाई !"

त्यो मान्छे पेन्डिङ फाइलमा रेडियम लेपन गर्नेमध्ये एक फर्मासिष्ट थियो । उसले त्यो बिरामीको प्रश्न खस्न नपाउँदै भन्दिहाल्यो ।

–"कुन जेनेरिक नाम हो, थाहा छ तपाईंलाई ?"

–"जेनेरिक भन्नाले ?"

–"तपाईंको वैद्यले भनेन् !"

–"भनेनन् नि, हाम्रो लोकमा त वैद्यलाई खूब मान्छन् । उनको अगाडि कसैले टाउको उठाउन सक्दैनन् । भन्नु न जेनेरिक नाम भनेको के हो ?"

–"लौ सुन्नुस् ! भ्रष्टोसाइक्लिन, कमिसनोमाइसिन एवं लुटोफ्रासिन अनि यस्तैयस्तै थुप्रै गुणबाट बनेका जीवन पोषक औषधी ।"

–"पोसाक पनि औषधी हुन्छ त ?"

–"त्यो खाएपछि ज्यानलाई पोषक पनि हुन्छ शानका लागि पोसाक याने मिलिट्याण्ट पनि हुन्छ ।"

–"ओहो यहाँ त निकै औषधीको जेनेरेसनहरू पो विकास भएको रहेछ । खुसी लाग्यो । बरु यस्ता औषधीहरूको क्याप्सुल उद्योग खोल्न पाइँदैन ?"

–"हैट, कडी कुरा गर्नु भो ! धन्दा नमान्नु म मिलाइहाल्छु नि । बरु लगानी पूरा तपाईंको, शेयर आधा

आधा गरौँ न ल ?"

–"हुन्छ नि ! तर मेरो लगानी वैध हुन्छ, हैन ?"

–"यो त मेरो कान्छी औँलाको खेल ! यहाँ सब मेरा छन् मेरा, बुझ्नु भो !"

बिरामी अलमलमा पऱ्यो । उसलाई जेनेरिक नामबारे थाहा नभएपछि त्यसै छटपटाउन थाल्यो । त्यत्तिकैमा उसलाई पखाला लाग्न सुरुभयो । पेट कटक्क काटेकोले बाटोमा कुनै अस्पताल छ कि भनेर ठूलाठूला भवनमा आँखा लाउँदै हिँड्दा उसका आँखा भ्रष्टाचार नामको क्याप्सुलमा पुग्यो । क्याप्सुल हातमा लिएर क्याप्प मुखमा हाल्दै भन्यो ।

–"उद्योग गर्न लगानी पर्दैन । झूट, फर्जी र दलाली गरे उद्योग पनि खुल्ने रोजगारी पनि मिल्ने ।"

४१

# भाषिक समाजवाद

समाजवादमा नयाँ प्रयोगले टाउको टनक्क टन्किन्थो । दुःखी अनि पीडित कार्यकर्ताहरू सडकमा असरल्ल थिए । सर्बुलरका हरफहरूले नेपाली मनको नयाँपन उन्नतीको शिखरमा सित्तै चढेको देख्दा त्यसै मिलेनियम अभिमानले निकै चमत्कारको आभास हुन्थ्यो ।

—"अबदेखि कसैलाई तँ नभन्नू !"

एक समय अङ्ग्रेजीको 'यु' सार्वनामिक आदरार्थीको चर्चाले चर्चहरू खूब फस्टाएका थिए । लैलैमा लागेर चौथो अङ्ग बोकेकाहरू समेत 'यु' को मात चडेर बौलाउन थाले । तर कसोकसो त्यो मात पागल हुनबाट बच्यो ।

--"हि हि हि, साँच्चै समाजवादको घोषणा सर्कुलरमा आएछ नि !"

हौसिएर सडकमा पुगेको अब्बल खान्दानी कार्यकर्ता भन्ने नयाँ बाबुसाहेबहरू उच्चदम्भको मानसिक रोगमा हिल्लिरहेका थिए । अर्को अपाङ्ग पाटीमा काम्रो बाँधेर घाम तापिरहेको थियो । कुनै उच्चदम्भको दलाल आएर अपाङ्ग छेउमा बसेर गफ गर्न लाग्यो ।

—"लौ, हजुर ! अब हामी सबै राजा हुने भयौँ ।"

—"किन ? अनि कसरी ?"

—"तपाईं लडाकु होइन र ?"

—"हो !"

—"अब हामी सबैले सबैलाई हजुर, सरकार, मौसुफ भन्नुपर्छ अब !"

—"किन नि ?"

—"ल हजुर पनि ! देशका सबै मान्छेहरू अब रैतीबाट मुक्त भएर एकसे एक राजा भएका छन् । कसैले कसैलाई 'तँ', 'तिमी' भन्न पाइँदैन । आइस्यो, खाइस्यो भन्नुपर्छ !"

—"कसरी यस्तो भयो त ? म त औषधी नपाएर मर्न आँटिसकेँ ! उल्लू कुरा !"

—"हामीजस्ता जुझारुहरू पनि त छौँ नि ! हामीलाई समाजवादको अवसरमा राजा हुनु परेन त ?"

पार्टीमा भोको पेटमा औषधी खोजिरहेको उक्त अपाङ्ग खोच्याउँदै लुरुक्क अन्तैतिर हिँड्यो । उसले सम्झ्यो ।

—"मेरो समाजवाद यही हो ?"

त्यसपछि दरबारी भाषा समाजवादमा चल्न थाल्यो । अचेल हरेक दलाल, गुण्डा, नवधनाढ्य, भ्रष्टाचारी, कमिसन खोर अनि सम्पत्तिले टुप्पिएका हैसियतवाल समाजमा 'हुन्छ, हस, हजुर' त चलेकै थियो । अब समाजवादको भाषिक प्रयोगले दुनियाँ दङ्ग थियो । समाजवादमा हजुरबाले नातिलाई बोलाउँदै भने ।

—"सानो कान्छा नाति आइबक्स्योस् !"

कति सङ्क्रमणमा हुँदोरहेछ भाषा र वैभव निर्माणमा लागिरहेको यो बेला अनि समाज विकासको चरण !

—"पुराना राजाहरू मर्थे । नयाँ राजाहरूका भाषिक अभ्यास चलिरहन्थे ।"

वैयाकरणहरू आफ्नो भाषाको खास मर्ममा आउने यस्ता भेदकहरू देखेर टाउकोमा हात राख्थे । घोत्लिरहन्थे ।

—"मौसमअनुसार परिवर्तन भइरहने जात नै समाजवादी नाम हो ?"

मैले पनि अबदेखि सबैलाई तिमी, तपाईं, हजुर, मौसुफ अनि सरकार भन्न छोडिदिएँ । म सर्कुलरअनुसारको भेडो थिइनँ । भाषाको समाज आफ्नै हुन्छ । समाजवादसँग मेल खाँदैन ।

४२

# भुँडीको टुक्रा

जब किसानहरू खेततिर धाउँथे । उनीहरू निरास बनेर घरतिर फर्कन्थे । जता हेऱ्यो उतै उजाड थियो । डाँडापाखा फुस्रै थिए । उहिलेका बधुवाँहरू आज पनि उस्तै थिए । उहिलेका अँधियाहरू आलीपिच्छे जन्जीर तानिरहेथे । रातको रात हेर्दाहेर्दै आलिशान भवन उभिसकेको हुन्थ्यो । मेरा बाजे उहिलेका सम्झे जति कथा भन्थे ।

—"मोहर माना घ्यू कति कोचिकोची खानु !"

घ्यू खायो, भुँडी ढल्कायो । उहिलेको बोसे भुँडी निकै जातको थियो । हेर्दा पनि मान्छे हेरिरहूँ जस्तो ।

—"जग्गा आनाको कति पर्छ दाइ ? तपाईंको तिर ?"

प्रोफेसरको होसहवास उड्यो । यसो भुँडी सुक्या मान्छे देख्यो कि अचेल सहरमा सुख खोज्न आउनेदेखि सरकारका सेवकहरू दलाल नै सम्झेर प्रश्न गरिहाल्छन् । न जवाफ छ न छैन, प्रोफेसर त अक्क न बक्क पर्छन् । हेर्दाहेर्दै फाँटहरू सहरमा परिणत भए । नहर र पुलेसा जतिमा मोटर हुइँकिने बाटो बन्यो । सार्वजनिक जग्गाहरू मिचिएर उधुम छ । न घाम ताप्ने ठाउँ छ । न डण्डी-बियो उतिछ्ने चौर छ । एकदिन वाक्क लागेर टुँडिखेलमा घाम ताप्न पसेका मान्छेहरू नगर प्रहरीको कारबाहीमा परेर हैरान भए । विनासित्तीमा पाँचसय जरिवाना ठोकेथ्यो ।

—"भ्रष्टाचारी भुँडीका टुक्रा !"

सहररियाहरू खाली सार्वजनिक चौरको अतिक्रमणलाई भुँडीको टुक्रा देख्थे । तर गाउँका किसानहरू आफ्नो वन, पाखा, खेत, बारी एवं पर्तीमा उम्रिएका

आलिशान भवनहरूलाई हेरेर पुर्पुरोमा हात राख्थे । आपसमा बसेर हाँसी मजाका ठट्टा गर्थे ।

—"योचाहिँ साहेबको भुँडीको टुक्रा हो !"

—"हैन, हो ! मेरो त्यो खेतको दरबारचाहिँ त बडाहाकिमको हो । क्या खतरा बनाएको त्यो त, सुरुङै सुरुङ छ त्यसमा ।"

उनीहरू पनि सहरियाजस्तै भुँडीको टुक्राको नापनक्सा लम्बाइ चौडाइको कुरा झिकिरहेथे । एकछिनपछि वरतिर रेडियोमा समाचार आयो ।

—"भुँडीको टुक्रावाला भ्रष्टाचारीहरू समातिए ।"

—"तर बनेको आलिशान महल जस्तातस्तै, उनीहरू मात्रै राज्यका सेवक अरे, यो नवयुगमा !"

खाँटी सहरियाजस्तै गाउँलेहरू पनि नीलो न नीलो चेहरा लगाएर आज पनि घरमा ताउलो तताउन पुगे । तर खै तिनको ताउलो अब कसरी तात्छ ? टुक्रा जति उजाड बनिसके जमीनहरू । डाँडापाखामा सुस्ताउँदै कोलम्बसको यात्राका ऋणमा उकालो उक्लिरहेथे कति !

४३

# ज्या बिर्स्यो !

भगुवाहरूको जब चित्तमा सङ्कट आउँथ्यो तब भोगिदिने अर्कै हुन्थे । कुनै कुरा मनमा जलन उठ्यो कि गुथ्थिन मन लाग्दथ्यो । जिम्मेवारी बोध आफ्ना लागि हैन अरुका लागि गरिदिनु नै पर्दथ्यो । मध्यमवर्गी भएर जन्मनु कुनै अचम्म थिएन । सास्ती थियो । अवसरको दोधारमा उभिएकोले सीप थिएन । आग्रह थियो । बस ! कसैले सोधिहाल्यो ।

—"अचेल के गर्दैछस् !"

—"काम त केही छैन, के गर्नु र ?"

—"त्यसो भए हाम्रो दलमा नेता बन्न पाइन्छ, आउने हो ?"

—"नेता बनेपछि के हुन्छ ?"

—"काम पाइन्छ !"

—"काम ?"

ऊ त्यसपछि काममा लाग्दैगयो । सबतिर कुद्यो । दिनभरि यति खट्यो कि थकानले घर पुग्दा परिवारसमेत वाक्क थिए । उसकी बिचरीले झर्किंदै भनिन् ।

—"तीन दिन भैसक्यो कस्तो नसुनेको !"

—"तँलाई थाहा छैन ?, बूढो राजनीतिमा लागेको, पख न दुईचार दिन !"

—"त्यसो भए भरेदेखि खल्लै पार्दिन्छु नि !"

—"धरोधर्म भरे पक्का नुन ल्याउँछु के !"

सङ्गठनमा उसको काम सकिएको थिएन । आज पनि कामले रात पऱ्यो । आम्दानीको मेसो कतै छैन । सबै टाट पल्टिसक्यो । घर हेऱ्यो उस्तै छ पार्टी, सितल पाटीजस्तो हावा मात्र खाएर बाँच्नुपर्ने ।

—"आ ..! नेता पनि न गरी खानु, न मरी जानु ! बरु समस्यामाथि समस्या !"

—"किन तर्कना चलाको मित्र ?"

—"न कसैले सुन्छ, न कसैले देख्छ, न कसैले तान्छ, न कसैले बुझ्छ सबतिर छलछाम ! आफ्नो घरमा कस्तो समस्या छ !"

—"धैर्य गर्नुपऱ्यो नि, धैर्य !"

ऊ घर पुग्यो । उसकी बिचरीले फेरि गनगन गर्न लागिहालिन् ।

—"खै ! नेताको भर ? अरु नेताका कत्राकत्रा घर कत्राकत्रा शान, तिम्रा त न शान न मान, पुच्छर मात्रै ? जाबो नुन पनि ल्याउन नसक्ने पामर !"

त्यसपछि ऊ रन्थनियो । लुखुरलुखुर दलको अफिस पुग्यो । आज बडे नेताले आदेश दिए ।

—"भोलि दलको विरोध जुलुस खतरा हुनुपर्छ । दुस्मनलाई थर्काउनुपर्छ । सब तयारी तपाईंको जिम्मा !"

रात परेपछि हिँडेर घर पुग्यो । घरमा उसकी बिचरी तरकारीमा नुन नभएकोले पर्खेर बसेथिन् । मनमा उदासता थियो । हाल बेहाल थियो, व्यवस्था अव्यवस्था थियो । अवसर थियो । अर्कैले लुटिदिन्थ्यो । अवसर थिएन ऊ नै जोतिन्थ्यो ।

—"आज नि नुन आएन ?, के हो पारा ?"

—"आफूलाई क्या टेन्सन छ, आज नि ज्या बिर्स्यो !"

मध्यम वर्गको अवसर फेरि छलमा पर्दथ्यो । न यता, न उता, न घर, न कर्म यतैउतै भुस । आमाको काखमा सानी सपनामा सुतिरहेकी थिई ।

—"बिचरी नेती भनाउँदीको नसालु नश्लका लैबरी चालाका जीवन, कहिले बेचुवा कहिले थिचुवा !"

४४

# सीमा सङ्घर्ष

बाबुबाजे सबै लडे । अर्थात् भुईंमा त्यसै पछारिए । लम्पसार परे । चुपचाप लागे । दुश्मनसँगको भिडन्त सकिएको थिएन । उनीहरू लडिरहे । उनीहरूले लडे, हारेर लडिरहे । जितेर पनि लडिरहे । लड्नु, लडिरहनु माटोको माया र जातिको नियति नै थियो । माटोलाई यसो हातमा लिएर सुँघेथे । तिनले थाहा पाइहाले ।

—"बलभद्रको उम्लिएको रगत, उफ् ! कति तातो ?"

अतिक्रमण चर्किरहेको थियो, सिमामा लङमार्च थियो । माटोको सुगन्धमा स्थानीयहरू छटपटाइरहेथे । लडिरहेका उनीहरूले बुझेनन् ।

—"उनीहरूको रगत कति चिसो !"

फेरि विवशता लडिरह्यो निरापराय भएर । बलमा मात्र लडिरहे । अझै पनि लडिरहन्छ माटोको लागि वीर बलभद्रजस्तै । यो विरासत र पहिचान, सङ्घर्ष बनिदिएको छ । अनि जम्काभेट भएको दुश्मनले चिया गफमा थर्थर काम्दै डराएर सोधेथ्यो ।

—"तिमीहरूसँग खुकुरी छ ?"

—"अहिले हाम्रो खुकुरी उलटफेर भएको छ । तिमीहरूसँग नि छ कि ?"

—"उलटफेर ?, खै बुझिन, भन्नु न, त्यो हाम्रो साबलाई गोप्य रिपोर्ट गर्नुपर्छ !"

—"भन्न त भनिदिन्छु तर गोप्य है ?, बरु भने बापत कति आउँछ ?"

—"बुझें बुझें अह, त्यही सत्ता उलटफेर भनेको होला हैन ? त्यो त थाहा छँदैछ नि !"

—"तपाईंलाई त हाम्रो सत्ताको उलटफेर मात्रै चिन्ता छ, क्या फसाद !"

—"भन्नु न त केको उलटफेर !"

—"अब हामी पनि निकै बाठो भइसक्यौँ है, लाटो नसम्झनु अब ! पहिला दाम अनि काम ! उदारोको जमान सकियो, भाइसाब !"

सीमानामा खटिएको 'र' प्रमुखलाई लाग्यो– उनीहरूको खुकुरी त निकै तागतदार हतियार थियो । यस्तो हतियार उलटफेर भयो भने आणविक हतियारभन्दा खतरा हुनसक्छ भन्ने लाग्यो । त्यसपछि आफ्नो खसखस मेट्न उसले वीर बलभद्रको विरासतलाई फेरि सोध्यो ।

—"हत्तेरिका खुकुरीको उलटफेर के हो ? भन्नु न यार !"

निकै फकाएपछि विरासतलाई यिनीहरू भाउमा निकै कचकच गर्ने जात हुन् भन्ने लाग्यो । अति नै कचकचपछि उसले अड्किअड्की भन्यो ।

—"खुकुरीबाट 'कुखुरी' भएको छ, क्या !"

—"ह्या ! 'कुखुरी' त हामीकहाँ कति छ कति ! पहिले पहिले नेपालीहरू कति लाटा र मूर्ख हुन्थे । अहिले त कति बाठा । यही रिपोर्ट साबलाई गरिदिन्छु ।"

—"हाम्रो नि जीवन धान्नु परेन त ?"

—"ल ल भयो, तिम्रो पुरानो खिया लागेको 'खुकुरी' पनि झिक । मेरो यताको "कुखुरी' पनि झिक्छु । सँगै बसौँ । सँगै काटौँ । सँगै भोज खाउँ । एकछिन रमाऔँ ।"

तब भर्खर सिमानाको महान सङ्घर्ष सकिएथ्यो । खुकुरीमा भएको खिया र रातो रगत के हो ? चिनिँदैन थियो । तर कुखुरा भुत्लिरहेको थियो । कुखुरा पनि भुत्लिएर मिचिएको जमीनजस्तै तन्द्रङ्ग थियो । रसिलो स्वादमा सबै हाकिमहरूले घोषणाा गरे ।

—"लौ, अब सिमानाको सङ्घर्ष सकियो ।"

❀

४५

# घरानियाँको लत

ठूलो भेरी तरेर उकालो लाग्ने बेलामा बल्ल एकजना भरिया भेटियो । भरियाले मलाई देख्ने बित्तिकै भनिहाल्यो ।

–"उसलाई बाटोमा भेटेँ । मतिर खूब हेरिरहेकी थिई । मैले नै पहिला उसलाई बोलाएँ । ऊ पनि बोली । मसँगै जान्छु भनी ! मोरी दुःखी रैछ बोकी हालेँ ।"

–"त्यसो भए तेरो त्योसँग खूब लभ पर्‍यो हैन त ?"

मैले उसलाई अलि होच्याएको आदर देखाएर 'तेरो' भनेँ । उसले मतिर निकै आँखा तरेर ठूलै बाबुसाहेब पारामा भन्यो ।

–"पर्न त परेको छैन तर ऊ पनि एक्लै छ रे ! म पनि भरिया न हो एक्लै छु । दुवै एक्लै एक्लै किन हिँड्नु भनेर साथ दिएको सर ! तर 'तिम्रा' कुराले मलाई चित्त दुख्यो !"

त्यसपछि भरिया अगाडि लाग्यो । बाटोमा उसले बोकिरहेको भारीलाई एकछिन बिसायो । त्यसपछि मेरो झोला गर्धनमाथि राख्यो । उसलाई मबाट निकै चित्त दुखेको कुरा चुरोट सल्काएर धूवाँ उडाउँदै भन्यो । उसको जातीय अभिमानले कड्क्यो ।

–"हेप्नी मलाई ? मैले दिनभरि बोकेको भारीको कति पैसा ज्याला दिने ?"

–"दुई सय रुपियाँ !"

–"त्यो त अलि थोरै भो, पुग्दैन मलाई, न नापिऊ है धेरै !"

–"भरियाको तोकेको ज्यालै त्यति छ, किन पुग्दैन ?"

—"हाम्रो ठाउँको जाडले झोला बोकेको त त्यति नै पाउँछ । हामी त जातको मान्छे, त्यतिले त पुग्दैन, तिम्रा भारी गह्रौँ छन् । अलि त थप !"

उसको अनुरोध देखेर म अचम्ममा परेँ । एकतिर जात र अर्कोतिर ज्याला छँदैथियो । सँगै उसको दुखेको चित्त पनि थियो, ढाडमा उसले आफैसँग एक्लै बोकेको साथी पनि । यत्तिकैमा गर्वसाथ उसले आफ्नो पुर्खाको लामो इतिहास भन्यो ।

—"उहिले हाम्रा पुर्खा राज घरानियाँ थिए । तर कुल मासिएर आफू अहिले भरिया बन्नुपऱ्या छ !"

एकातिर पुर्खौली दम्भ र अर्कातिर हेपिएको मन थियो । मैले जिस्क्याएर भने ।

—"बरु तिम्ले पो आइस्योस्, खाइस्योस् भन्नुपर्ने त मलाई ?"

उसले उल्टो मलाई आफ्नो धरानियाँ व्यवहारले थर्कायो, सक्कली रुप देखायो । मैले पनि उसलाई आफ्नो धरानियाँ शैली देखाएँ । ऊ मेरो भरिया थियो तरपनि उसको मुखबाट 'हजुर !' भन्ने शब्द सँगैहुन्जेल पटक्कै निस्केन । मलाई लागिरह्यो ।

—"घरानियाँको लत निकै दुर्व्यसन नै हुँदोरहेछ !"

बरु उसले ढाडमा बोकेको भारीलाई 'मेरी मोरी' भनिरहन्थ्यो र भेटे जतिलाई नमस्कार गरेर ढोग गरिरह्यो । तर मेरो भरिया मसँग राजा पल्टिरह्यो । त्यसपछि गन्तव्यमा पुग्नैलाग्दा उसले मलाई अन्तिम चेतावनी दिँदै भन्यो ।

—"बुझ्यौ ! तिम्रो राजा अबसम्म मै त हुँ ।"

उसको दम्भले मलाई निकै खसखस चलिरहेथ्यो । ऊ गम्भीर मुद्रामा ज्यालाका लागि हात जोडिरहेथ्यो ।

—"माफ पाउँ !"

**C. लघुकथाको आधार**[३] : *मनोविज्ञान विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश ३१ देखि ४५ सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू सामाजिक जीवनको मनोवैज्ञानिकताको विविध विषय क्षेत्रको घटनामा आधारित छ । लघुकथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरी निर्देशन पङ्क्तिमार्फत लघुकथा सुरु गरिएको छ । संवादलाई प्रत्यक्षकथन पद्दतिको एकल निर्देशक चिन्हको निर्देशन प्रयोग गरी दोहोरो उद्धरणले बाँधेको तरिकाको बुनौटमा छ । लघुकथा आधारको* ***शीर्षाङ्कन*** *गर्ने मुख्य काम लघुकथा आयामको शीर्षस्थानको* ***बीच*** *भागमा समेटएिको छ ।*

## पहिलो आयाम

# लघुकथामा आरम्भ

गहन विचार, मननीय भनाइ, मिथक, प्राक्सन्दर्भ, उखान वा विशेष सन्दर्भलाई उकृष्ट तवरले प्रस्तुत गर्नुपर्दछ । यस्तो सन्दर्भको भाषाशैलीय विन्यास प्रत्यक्ष या अप्रत्यक्ष कथनको दुवै रचना ढाँचाबाट गर्न सकिन्छ । आरम्भ, लघुकथामा विषयवस्तुको गहनता उजागर गर्ने प्रारम्भिक बिन्दु हो । यसको सुरूवात एक शब्द वा सोभन्दा माथिल्लो भाषिक संरचनादेखि चार वाक्यसम्मको घटकीय संरचनाको प्रयोगले हुन्छ । यस्तो रचना ढाँचा, एक अनुच्छेदसम्मको अन्त्यले बन्ने गरी लघुकथाको पहिलो आयाम हुनुपर्दछ । आरम्भको रूपमा रहेको यस आयामले शीर्षकको परिचयात्मक पक्षमा जोड दिएर घटनाको आकस्मिक उठान गर्दछ । आरम्भिक यस आयामको संरचनात्मक आधारका रूपमा शाब्दिक, पदावलीगत एवं वाक्यगत प्रकारका घटकहरू हुन्छन् । सङ्क्षिप्तता, प्रभावकारिता एवं उत्तेजकताको प्रयोग आरम्भिक कलामा हुनुपर्छ । यस आयाममा भाषागत दृष्टिले सरल वाक्यको प्रयोग अनिवार्य हुनुपर्छ । तर, किनभने, यसकारण, यसैले, यस्तै, यद्यपि, यसर्थलगायत अन्य कतिपय कारणबोधक अव्यय वर्गका शब्दलाई प्रयोग गर्नुहुँदैन । शीर्षकअनुसारको बिम्ब, प्रतीक, मिथक वा प्राक्सन्दर्भलाई साङ्केतिक रूपमा आरम्भमा विजारोपण गर्नुपर्छ । विभिन्न विचार, स्थिति र घटना बीचको पारस्परिक सम्बन्धको खोजी प्रयोग आरम्भमा हुनुपर्दछ । शीर्षकअनुसार विषयवस्तुमाथि सर्जकले मानसिक कार्यको गम्भीरताको प्रयोग यसैबाट सुरू गर्छ । प्रचलित गद्यलेखनमा रूपवैज्ञानिक ढाँचाको आयाममा प्रयोग हुने स्वस्ति गायन वा श्री बेहोराको लेखनलाई लघुकथामा आरम्भ आयामको सन्दर्भमा प्रयोग गरिन्छ ।

## ◆ आरम्भ ढाँचाको लघुकथा-क्रम


४६. तीजको नृत्य/१०३
४७. परित्यक्ता/१०५
४८. उल्टो आकाश/१०७
४९. जयशम्भो !/१०९
५०. फुटको ऐना/१११
५१. सलह/११३
५२. सुकेको लेग्रो/११५
५३. मंगल सूत्र/११७
५४. मामला/११९
५५. धर्मको अवतार/१२१
५६. चप्पलको धूलो/१२३
५७. प्रथा/१२५
५८. लाठ साहेब/१२७
५९. बन्दको धूप/१२९
६०. आगो/१३१
६१. डिउटी डायरी/१३३
६२. खाली हजुर/१३५
६३. मौन व्रत/१३७
६४. बदिया/१३९
६५. सङ्कट/१४१
६६. एक्स-रे/१४३
६७. विदेशको माया/१४५
६८. जोखिम/१४७
६९. लाइसेन्स/१४९
७०. टेरपुच्छर/१५१
७१. गर्भदोहन/१५३
७२. सृष्टिकोण/१५५
७३. अवमूल्यन/१५७
७४. भूमि दोहन/१५९
७५. पानी रेल/१६१
७६. हाइब्रिड/१६३
७७. कल गर्ल/१६५
७८. बिटो/१६७
७९. काउसोको सुप/१६९
८०. क्रिसमस भ्रम/१७१
८१. जाउँला/१७३
८२. जफत/१७५
८३. गाइने कोठा/१७७
८४. सम्पत्ति जाँच १७९
८५. दम देखा/१८१
८६. मृत्यु घोषणा १८३
८७. खाल्डो निरीक्षण/१८५
८८. चाला/१८७
८९. जीउ नै तात्दैन/१८९
९०. पहिचानको टोपी/१९१

४६

# तीजको नृत्य

बूढीआमैको त्यसै भुइँमा खुट्टा थिएन । बल्लबल्ल विदेशबाट आएकी कान्छी छोरीलाई यसपाली तीजको दर मजैले खुवाउने विचार थियो । भोलिपल्टको तीजमा कान्छी छोरीलाई धीत मरून्जेल नचाउने पनि मन थियो । विदेश सयरको उल्लास र वैभवको धाक बूढीआमैलाई हर्षको विषय थियो ।

जोगाड गरेको कन्तुरको सबै पैसा खर्च गरेर गाउँका जोरीपारीका छेउ नाक ठाडो पार्नु कुल घरानियाँको मर्यादाका निम्ति कम्ती इज्जतको रहस्य थिएन । त्यसपछि *उनले–* कान्छीलाई निम्ता दोहोऱ्याएर भए पनि गर है ? धेरै वर्षदेखि छुटेकी छे । यसपाली रमाइलो गर्नुपर्छ ! ननिको मान्ली ! भनेर सबैलाई सम्झाइन् । नाक ठाडो पारेर बूढी फऱ्याकफुरूक गर्न थालिन् । *मनमनै–* हत्तेरिका आज त औँसीको दिन पो हो साँच्ची त ! आजै आएको भए पनि हुन्थ्यो ! आ... होस् ! आज त बाबू खुवाउने दिन त हो ! त्यसका बाबुलाई मैले सधैँ खान दिएकै छु नि । एकदिन त्यसले खुवाएर मात्रै के हुन्छ र ? भनेर खूब सोच्न पनि थालिन् ।

मन एकाएक *सङ्कियो–* औँसीको दिन बरू नआए पनि तीजको दर भनेको छोरीचेलीको दिन हो ! भनेर समेत सोचिन् । भट्भटाउँदै कान्छी छोरीलाई फोन गरिन् । उनको गोडा त्यसै त्यसै हवाइका पङ्खझैँ उडेका थिए । फोन राखिन् र बजारमा हतार हतार दरको सामान किनेर ट्याक्सीलाई *सोधिन्–* ट्याक्सी यता सिनामङ्गल जाने हो ?, *उसले–* जान त जाने, तर डबल भाडा लाग्छ ! भनेर भन्यो । गन्थनका *क्रममा–* जाबो त्यहीँ जान पनि डबल भाडा ?, भनेको

*सुन्दा*– उमम् बज्यै ! एक त लकडाउन छ, त्यसमा पनि तीजको बेला !, भनेर झर्क्यो ।

सामान गुटुमुटु पारेर झोला ट्याक्सीमा राखिन् । ट्याक्सी सलल्ल अगाडि बढ्यो । उनले फेरि मनमनै *सोचिन्*– तीजमा आउने कान्छी छोरीलाई सारी, ब्लाउज, पोते, चुरा टीका सबै लगाएर यसपाली रातै पारिदिनुपर्छ । यसले त बिहे गरे पनि सिउँदोमा सिँन्दुर लगाउनै मन गर्दिन ! सधैँ विधवा जस्ता छ्या ! यसलाई कस्तो नसुहाएको, फुङ्ग उडेकी ! भनी सांस्कृतिक परम्परालाई बचाउन खोजिन् । सारी, ब्लाउज, पोते, चुरा, टीका किनेर कान्छीका लागि एक झोला बनाएर ट्याक्सीमा हालिन् । बूढीआमैको तीजको दर यसपाली धुमधामको तयारी भयो । दर खाने दिन बिहानै उठेर सफासुग्घर गरिन्, परिकार पकाउन सबै केलाइन् । घरकालाई छिटोछिटो बिहानको खाना खान दिएर दर पकाउने काम थालिन् । जति चोटि उनी भान्सामा पुग्थिन् । *कान्छीलाई*– कति बेला आउने ? छिटो आउनू है ? दिदीहरू पनि छिटै आउँछन्, बेलैमा रमाइलो हुन्छ ! भनेर सोधिरहन्थिन् ।

साँझको समय थियो । सबै रमझम गरिरहेका थिए । बूढीआमै सुस्तसुस्त लामो सास फेर्न थालिन् । कहिले बाहिर हेर्थिन् । कहिलेकाहीँ आँखा तानेर कौसीमा पुग्थिन् । उनलाई त्यसै त्यसै नरमाइलो लागेर आउँथ्यो । तीजको दरको रात निकै छिप्पेको थियो । सबैका गोडा थकित थिए । कान्छीको फोन बूढीबज्यैले *उठाउँदा*– मम्मी सरी ल ? आज ज्वाइँको साथीहरूसँग दरको डिनर पार्टी परेछ । उतै नगए ज्वाइँले मारिसिन्छ । हाम्रै तीजको दर त हो, अर्कै वर्ष मनाउँला ल ? भनेर सुनाएपछि उनले चित्त दुखाउँदै धाक र वैभव समाप्त भएको आशयका साथ मनको तीतोले *बर्बराइन्*– पोइटिङ्ग्रे छाडा आइमाई !

बूढीआमै खत्रक्क भइन् । उनी मनको वेदनाले केही नखाई घप्लक्क ओछ्यानमा सुतिन् । भोलिपल्ट कान्छी माइत आई । उसले महादेवलाई फूल *चढाउँदै*– अर्को जन्ममा महादेव जस्तै पति पाउँ ! भनेर भनी । तीजको अवसरमा महादेवले फेरि आँखा घुमाएर इसारा गरे– था था थैया !

४७

# परित्यक्ता

शिवदत्त बजारमा अलमलमा थिए । उनले किन किन एकसरो जेसुकै सामान किने पनि मन खिन्न थियो । उनी आफै अब्बल रूपका देवादीदेवसँग सम्बन्धको चक्करले रन्थनिएका थिए ।

सन्नाटा बीच *मनमा*– कसम माया गर्छु ! भनेर सम्झन्थे । समयको नजिकै आइपुगेको उनको बाचा उर्बर बनेर आउँथ्यो । कता कता *उनलाई*– अरू समय जसो गरी बिते पनि तीज, हिन्दू महिलाहरूका लागि विशेष पति भक्तिको अवसरको दिन भनेर पनि लाग्न थाल्यो । तर पनि द्विविधा बोधले किनेको एकजोर रातो कोटाको धोती विस्मितालाई तीजको उपहार दिए ।

*पत्नीले*– छ्या ! कस्तो च्यातिएको धोती ल्याइदिएको ? बूढी भई भनेर कति हेपेको ! भनेर टोकसेपछि अप्ठेरो अनादर बीच शिवदत्त केही बोलेनन् । अर्कोतिर बेलुका उनकी बहिनी अस्मिताले लामो सास तानेर सुस्केरा पनि हाली । सिरान छेउ घाँटीमा बाँकी रहेको आँसु घुटुक्क निलेर काँचो आँखाको *लयसँग*– म त्यही हृदयकी स्वामिनी हुँ, तर हृदय नभएपछि कसको तोड चल्दो रहेछ र ? भनेर मनको असन्तोषले बर्बराई ।

हृदय पोलेको कुण्ठाको दशाले आक्रान्त उसका थकित शरीरमा आफैले किनेको रातो सारी थियो । निधारमा रातो टीका एवं गलामा रातो पोतेले पनि उसलाई निकै शोभा दिएको थियो । फोहोरी रातै चुराका रङ्गिन तर निरास स्वरसँग रहेकी उसकी दिदीले *गिज्याएर*– तीजमा व्रत बसे लोग्नेहरू महादेव जस्तै हुन्छन् रे ! भनेर भनी ।

अस्मिताले दिदीको कुरा राम्रोसँग बुझ्न यकिन सकिन । तब उसले आफ्नो *अन्तर्यको*– के म व्रत बसेको छैन र दिदी ? भन्ने भावलाई प्रकट गरी । दिदीसँग उसका लागि चित्त बुझ्दो जवाफ नभए पनि काम चलाउ *जवाफ*– छन त छौ ! तर अविवाहितै छौ नि त व्रतको कर छैन ! भन्दै पन्छाइदिई ।

अनि दिदी भेनालाई सन्चो छैन र ?– अस्मिताको यो प्रश्नमा दिदी नाजवाफ भई । एकछिन *पछि*– भन् त अस्मिता तेरो भावी लोग्ने महादेवजस्तै होस् भन्ने चाहन्नस् र तँ ? भनेर हल्का जवाफ पनि फर्काई । अस्मिता बोल्न सकिन । उसले *दिदीलाई*– जे भए पनि सहनै पऱ्यो ! भनेर यति मात्र जवाफ फर्काई । दिदीले आफ्नै समाजमा भएका परित्यक्ताहरूको बारेमा उसलाई नराम्ररी सम्झाई । अस्मिताले मनमनै *भन्ठानी*– परित्यक्ताको के दोष ? मौन बजारमा ! तीजका प्रत्येक चोकमा शिलाहरू पनि महादेवजस्तै देखिन्थे र मौन व्रतमा रमाइरहेथे ।

४८

# उल्टो आकाश

मुटुको रोगले थकानमा परेकी चमेली सुस्ताउँदै आई । उसको टाउकोमा बेरिएको सेतो गम्छा फुकाली । कमजोरीले पसिना पसिना भएको अनुहारतिर फर्केर सो गम्छाले आफैलाई हम्कन लागी ।

उसको टाउको दुखेको थियो । मुटु थर्थर हल्लेको थियो । कमजोर मनका भावहरू विरक्त थिए । *उसले–* म त यसै मर्ने भएँ, बच्चाको बिजोक हुने भयो । न मेरो ज्यानको भर न बूढाको धनको भर ! म मरेँ भने यो बच्चा तैँले नै पाल्दे है ? भनेर उभिएकी अमलालाई भनी । अमला चमेलीको भावुक भावनाप्रति विह्वल भएर सुनिरही । उससँग कुनै जवाफ थिएन । नजिक रहेको चमेलीको कल्कलाउँदो छोरोलाई अमलाले काखमा राखी र गालामा 'चुप्प' खाई । अमलाले तताएको तातो अँगालोमा बच्चा लुटुक्क निदायो ।

तँलाई यसको खूब माया *लाग्छ* ?– चमेलीको चेतनामा चर्‍याएको भावुक बोलीले अमलाको बाँझो मन उर्बर बन्न थाल्यो । उसले निदाएको बच्चालाई मुसार्न थाली । दिदी बैनीका यी अन्योन्य बातचितका अगाडि आकाशमा चील गाडीहरू यता उता घुमिरहेको देखिन्थ्यो । चमेली चिलगाडी देखेर आलेको सपनामा डुब्थी र प्यारासुटबाट अब तुरून्तै झर्छन् कि झैँ गर्थी । टोलाएको आँखामा अमला आशा *थपिदिन्थी–* दिदीलाई केही भए, यो बच्चो तेरै हो है ! भनेर भनिदिएको कुरा सम्झाउँथी । एकदिन उल्टोतिरबाट फिर्फिरे आयो । उनीहरू आश्चर्यमा परे । फिर्फिरेबाट केही सुकिला

मानिस झरे । केही झोलाहरू खसालेर परतिर राखे । फूलमालाहरू पनि थिए । कन्तुर पनि थियो । कन्तुर बेहुलीझैँ रातै सिँगारिएको थियो । सो कन्तुर गाउँलेहरूले बेहुलालाई झैँ चमेलीको अगाडि राखिदिए । उपस्थित सबै चुपचाप थिए । यसैबीच *चमेलीले*– मेरो मुटुको उपचार गर्न आलेले पठाइदिएको पैसाको कन्तुर हो ? भनेर सोधी तर कोही बोलेनन् । अमलाले मत्त बैँसको *उमङ्गले*– भेनाले मलाई पनि लुगाफाटो, काइयो, ऐना, अत्तर र वासना आउने तेल पठाइदिएका होलान् ! *भन्दै* थपथाप गरी । उनीहरूको यिनै जिज्ञासा बीच आएको एक सुकिलो *मान्छेले*– लौ अब तपाईंहरू सम्पत्ति बुझ्नोस् ! हामीलाई हतार भो ! भनेर उनीहरूलाई भन्यो ।

उनीहरूले सम्पत्ति बुझ्ने कागजमा सहीछाप गरिदिए । केही छिनपछि फिर्फिरे उल्टो आकाशतर्फ उड्दै अलप भयो । जब उनीहरूले कन्तुरलाई सबै अगाडि खोले । आलेको *जीवनको*– यो देशभक्त हो, संस्कार गर्न घर परिवारहरूलाई बुझाइदिनू ! भन्ने प्रमाण पत्र लत्रिएको थियो ।

चमेलीले आफ्नो टाउकोमा बाँधेको सेतो गम्छा फेरि फुकाली । उसले त्यो गम्छा आलेको शरीरमा ओडाइदिई । भक्कानिएर पुर्लुक्क ढली । ढल्दाढल्दै उसको *मुखबाट*– अमला ! अब सम्पत्ति तँलाई नै जिम्मा भो है ? भन्ने शब्दहरू निकाली । वरिपरिका मानिसहरू आकाशको उल्टो प्रलयका बीच सन्नाटामा थिए । वातावरण सुनसान थियो ।

एकाएक बच्चालाई अमलाले अँगालोमा च्यापेर ऊ बर्बराउन *थाली*– हे भगवान् ! यो सम्पत्तिको जगेर्ना गरिदेऊ !

४९

# जय शम्भो !

प्रयोगशालाबाट निसास्सिएर निस्किएका दि ग्रेट साइन्टिस्ट शर्माजीले चिसोमा कठाङ्ग्रिएर लटपट गरेको भुइँको विचरो गड्यौँलालाई च्याप्प समाते ।

मुठीमा *परेपछि*– किसानको मित्र हुँ भनेर फूर्ति गर्छस्, तँ ? भनेर भने । *त्यसपछि*– हो हजुर, तर किसानहरू सहँदैनन्, हाम्रा सन्ततीलाई च्वाट च्वाट जमिनमै काटिदिन्छन् ! भनेर गड्यौँलाहरूले आफ्नो व्यथा सुनाए । शर्माजी दयालु थिए । उनले आश्वासनका *रूपमा*– ल, ल धन्दा नमान खुनका बदला खुन ! भनेर सम्झाए । गड्यौला लिरिङबिरिङ गर्न थाल्यो । शर्माजीलाई काउकुती लागेपछि उनले भुइँमै फालिदिए । अलिपर पुगेपछि सलहको एउटा हुललाई भेटे । उनले सलहलाई हातमा लिएर *भने*– तँ त किसानको शत्रु रैछस् !

गरिब छौँ हजुर ! बाँच्नै पऱ्यो । त्यही भएर लुटपाट र गुरिल्ला नगरे आफ्नै वर्गको सुरक्षा गर्नैपऱ्यो । हामी कसैका शत्रु त होइनौँ ! बरू, विपन्नताको शत्रु हौँ !, भनेर सलहले भन्यो । सलहको सामाजिक बुद्धिमानी कुराले शर्माजी त्यसै *सर्माएर*– उसो भए सँगै मिलेर किसानलाई फकाउँ र गोलबन्द गरेर आधार तयार गरौँ । भागबण्डामा जिन्दगी चलाउँ ! भनेर प्रस्ताव राखे । सलहले शर्माजीको कुरा माने । उनीहरूले सबैभन्दा पहिला करका लागि खुन आन्दोलन सुरू गरे । एकदिन *शर्माजीले*– सलहको भोकको बीचमा वातावरणमा बदलाव आएको छ ! भनेर तर्साइदिए । सब सलहका कान ठाडा भए । मुख मिठ्याए ।

घुटुघुटु थुक निले । एउटा *सलहले*– शर्माजीको बोली त खुनको भन्दा पनि कति मीठो स्वाद ? भनेर भन्यो ।

चुप लाग अहिले !, अर्को सलह रिसले चुर भएर भन्यो । त्यसपछि रिसाहा सो सलह त्यहाँबाट उड्यो । उसको पछिपछि अरू सबै सलहहरू पनि लाखापाखा लागे । शर्माजीले जैविक ल्याबमा एकदिन सलह, गड्यौला, फटेङ्ग्राहरू ल्याबमा वमन गर्दै *कराए*– अपच प्रयोगले चलेको गोलागानो !

समय सुनसान थियो । शर्माजीका हातहरू उठिरहेका थिए । जैविक ल्याबमा कुनै गोलाहरू थिएनन् । गानोले बेलाबेला छटपटाउँथ्यो तैपनि विकासवादको ढोका खोल्ने कचहरी *गर्दथे*– जय शम्भो, रक्षा गर !

५०

# फुटको ऐना

मनको असन्तोषले गलफत्ती गरिरहका निर्णायकहरू लहरै कुर्सीमा थिए । कुर्सीमा सुन्दर माला लगाएर उनीहरू सजिएका थिए । तिनका अङ्गबाट प्राप्त हुने भाषा निकै ओजिलो र अर्थपूर्ण थियो ।

'शङ्का गर्ने ?'

'किन नगर्ने ?'

'के मेरो अस्तित्व छैन ?'

'सतित्व भए पो अस्तित्व हुन्छ त !'

आशाहरूले घुमिरहेकाहरू जदौ ! गर्दथे । लहरै सजिएका भद्रहरूसँग मौन वाक्य थियो । अग्रभागका आशामुखीहरूसँग चिन्ता, आशङ्का र संशय थियो । भद्रहरूका अगाडि बोल्नसक्ने हिम्मत कसैको थिएन । म भने टेलिभिजनको पर्दामा ध्यान दिएर हेरिरहेको थिएँ । टेलिभिजनको पर्दामा एउटा फ्ल्यास लाइट नराम्ररी आयो । मैले आँखा बन्द गरेँ । एकाएक सजिएका मालामा लहरै रहेका भद्रहरू अलप भए– 'नो नो रूढ !' प्रत्युत्तर फर्क्यो– 'हरि शरणम् !'

उनीहरूको यो चालाले पुरस्कारका बारेमा खूब रिस उठ्न थाल्यो । अन्त्यमा सबैले ऐनालाई दोषी देखाएर भने– यो जाली ऐनाको के काम ! सबैले एकएक मुक्का पुरस्कार अर्पण गरे । कालो अनुहार पनि मेटियो । अन्त्यमा सबैले एकै स्वरमा कराएर– एकताको फुटको ऐना ।

चित्रकारले टुटेफुटेका मनलाई कोलाज चित्रको रूपमा समेट्यो । पुनः रङ भरेर

प्रदर्शनीमा राख्यो । चित्रमा एउटा भ्रम थियो– बाहिरतिर जुट भित्रभित्रै फुट ! चित्रकारको यस्तो कला देखेपछि मालामा सजिएका हातहरूले हातेमालोमा फेरि मुट्ठी कस्दै एकस्वरले घोषणा गरे ।

'नयाँ सङ्घर्षको युग सुरू !'

५१

# सलह

कृष्णेले नदीमा हामफाल्यो । एउटा माछाको ज्यान लिन खोज्यो । भोक साम्य भएन । अन्त्यमा माछालाई सराप्यो ।

उसले *भन्यो–* यस्ता भुराभुरीले पेट कसरी भर्नु ?, त्यसपछि ऊ जाल हातमा राखेर घरमा आयो । उसले आफ्नी प्यारीले ल्याइदिएको पानी कलकल खायो । भोकले रन्थनिएको कृष्णे श्रम गर्न पसिना पुछिरहेको थियो । गरिबी र जीवनको दुःखद् अत्यासले निस्लोट भएको ऊसँग जाल थियो, माछा थिएन । दिनभरिको कुराइले आशा मात्रै जगाउँथ्यो । बेलुकी निरास भएर बगरबाट फर्कनुपर्दा उसलाई जीवन नै झन्झट जस्तो लाग्दथ्यो । बेला बेलामा बचेका ढ्याकहरू सिरानमुनि फालिदिन्थ्यो । तिर्खाले मरिहत्ते भएको कृष्णे जीवनदेखि निरास थियो ।

मलाई माइतीले पेवामा दिएको एउटा *कन्तुर* छ– द्यौतीले कराएर भने पनि कृष्णेले कुरा बुझेन । कृष्णेले ख्याल गरेर उसलाई *सोध्यो–* माइतीबाट कन्तुर कसले दिएको ?, द्यौती त्यसै त्यसै नाजवाफ भई । उसले कृष्णेलाई मुख भरिको जवाफ *फर्काई–* कन्तुरमा पैसा, लुगा, सिन्दुर, पोते र टीका राख्न भनेर आमाले दिएको नि, माइतीको चिनो !

कृष्णेले यसो तकिया पल्टायो । खाटमा छरिएका पहेंला ढ्याकहरू बटुलबाटुल गऱ्यो । मायालुको चिनोको रूपमा द्यौतीलाई सो ढ्याकहरू दियो । द्यौतीले ढ्याकहरूलाई हत्त न पत्त कन्तुरमा छिराई । ऊ कृष्णेसँग सर्माउन थाली । भए भरका उमङ्गहरू पोख्न थाली । माइतीको चिनोमा आज केही थप जोगाड

भएको छ । जीवनको सुरक्षा धनलाई जोगाड गरी । द्यौती बहकिन थाली । उसका सपनाहरू कन्तुरमा बुनिँदै गए । जीवनको सुख, बुढेस कालको सुरक्षा, औषधी मुलोको संरक्षण ऊ सम्झँदै गई । कन्तुरको शक्तिमा एकछिन भए पनि सन्तोषको सास फेर्न थाली । त्यसमा पनि माइतीको चिनो भन्नु जीवन रक्षाको प्रतीक पेवा न हो । यसले चेलीलाई कति आनन्दित र ढुक्क बनाउँछ । उसले *सोची–* माइतेलाई केही भइहाले ?, कन्तुर छ र त शक्ति छ !

एकदिन उसको माइतीमा बाबु बाजेदेखिको सम्पत्तिको बाँडफाँडबारे दाजुभाइहरू बीच झगडा सुरू भयो । अन्तमा सोही कन्तुरको बारेमा सबैको झगडा गएर अड्कियो । खोजी भयो । उनीहरूले अन्त्यमा पत्ता लगाए । सो कन्तुर आमाले पेवाको रूपमा छोरीलाई दिएकी रहिछन् । दाजुभाइहरू द्यौतीको घरमा पुगे । उनीहरू सबैले मानिसहरूलाई जम्मा गरेर *भने–* हाम्रो बंशजको नागरिकता, लालपूर्जा र लिखत प्रमाणहरू द्यौतीको कन्तुरमा छ, प्रमाणहरू पाउँ !

द्यौतीको कन्तुरमा कुनै कागजहरू थिएनन् । केवल कृष्णेले दिएका पहेंला ढ्याकहरू मात्र थिए । त्यसपछि उनीहरूले द्यौतीलाई गाली गरेर *भने–* हाम्रो सबै सम्पत्ति बेचेर खाइस् हैन ?, कङ्गाल !

वरिपरि रहेका सबैजनाले मुखामुख गरे । बिना सबुद बोल्न नसकेका मानिसहरू चुपचाप यताउता गए । उनीहरू सबैको मनमा अब्यक्त शब्दहरू त्यसै घुमिरहेका *थिए–* जाबो छोरीको पेवामा पनि यति ठूलो रडाको ?, द्यौती कङ्गाल शब्द सुनेर निकै खिन्न भएर कृष्णेलाई *भनी–* डेरा छोडेर जाउँ अन्तै, गरिबलाई भाँडाहरूले गरिखान दिन्नन् !

कृष्णेले *रिसले–* हामी अब सलह हौँ त ?, भनेर जवाफ फर्कायो ।

५२

# सुकेको लेग्रो

सुमतिले घाँसको डोकोमा पोको पारेर ल्याएको मकैको ठेट्नालाई हातमा राखी । एक फाँको मुखमा हाली र उसले निकै गर्व साथ–*'सासू बज्यैले भुटेर हालिदिएको मकै साह्रै मीठो भो कमली !'* भनेर भनी ।

कमलीको मनमा सासू शब्द सुनेपछि चसक्क भयो । उसले सुमतिको कुरा पत्याउन सकिन । कमलीले यसैबीच सुमतिको चेहरामा पुलुक्क हेरी । उसलाई– *`कामको बेलामा भोजनभन्दा भोक मीठो भन्थे तर हेलाँमा पनि मीठै हुनेरेछ है ? दिदी !'* भनेर जवाफ फर्काई । कमलीको तिखो व्यङ्ग्य वचनले सुमतिलाई चसक्क भयो । उसलाई त्यो वचन उबेलामा साहेबज्यूले उमेरमा किटिक्क चिमोटेजस्तै अनुभव भयो । त्यसपछि ऊ झसङ्ग भई । साहेबको दौलत, वैभव र माया हुँदाहुँदै पनि टाढा बसेर जिन्दगी बिताउनुपर्दा नारी मनलाई कति पीडा हुँदो हो ?

सुमतिले खसमलाई भोग्न पनि सकिन । मेघ छेउमा गर्जिरहेको थियो । पानी झम्झमाइरहेको थियो । गाउँ चकमन्न थियो । हावाहुरी चलिरहेको थियो । उसले आफ्नो पटुका बाँधेकी थिई । नजिकै आएको बाढीले उसलाई हुत्यायो । छेउमा पुगेर अडिएपछि कसैले अस्पताल पुर्‍यायो । पेटीकोट भरी रगत देखेपछि डाक्टरले– *'मिन्स हुन्छ ?'* भनेर सोधे । ऊ लज्जावती झारझैँ कत्रक्क भई । कसैले अन्कनाउँदै गाइनाकोलोजिस्टसँग *'बलात्कारमा परेर गर्भ तुहिएको रे !'* भनेर भनिदियो ।

डाक्टरलाई लागेको शङ्काले– *'कसले भनेको तपाईंलाई?'* भनेर फेरि सोधे ।

*'गाउँका सुँडे सुँडेनीहरूले !'* भनेर फेरि कसैले भन्यो । गाइनाकोलोजिस्टले सबै रिपोर्ट जाँच पड्ताल गरेर प्रेस्कृप्सनमा– *'योनिमा विषाक्त जुकाको सुकेको लेग्रो छ ! शल्यक्रिया अनिवार्य !'* भनेर निष्कर्ष लेखिदिए । तब सुमती हर्षले चिच्याउँदै बाहिर निस्की ।

सङ्कल्प गरेर कराउँदै– *'अब जस्तोसुकै हेलाँ गरे पनि आमा बन्छु !'* भनेर ढुक्क बनी ।

५३

# मङ्गल सूत्र

घना जङ्गलमा घुमिरहेको एक प्रजातीको बँदेललाई अङ्ग्रेजहरू 'पिग' भनेर मान्दथे । पण्डा ब्राम्हणहरू भने संस्कृतमा भुनी ठहर गर्दथे । त्यस्तो भुनीलाई एकदिन प्रसव पीडाले दुःख दियो ।

भयानक भारी जीउ थियो । गर्भताले उसलाई धेरै सताएको थियो । एकदिन भुनीले आफ्नो भाले वीरलाई प्रेमको मोहपासमा अल्भेर *भनी*– मलाई एउटा इच्छा पुऱ्याइदिनु, म गर्भिणी छु, नत्र प्रसव वेदनाले मेरो प्राण हुरूक्कै जान्छ । आफ्नो प्रेमिकाको यस्तो भविश्यवाणी सुनेपछि उसले पनि इच्छा पूरा गरिदिने विचार गरेर *सोध्यो*– तिम्रो इच्छा के छ त ? भुनीले *भनी*– आफैं बुझ्नु न मेरो कुरा, प्रेम गर्दाको सर्त सम्झनु अनि के बुझ्नपर्छ बुझे भइहाल्यो नि !, त्यसपछि वीर बँदेल जङ्गलमा आफ्नो प्रेमिकाको *इच्छा*– के थियो ? भन्नेबारे भेटेजति सबैलाई सोध्न थाल्यो । प्रेमिकाको इच्छा बुझ्न ऊ यति भौँतारियो कि धेरै दिनसम्म उसले गर्भिणी भुनीको इच्छाबारे पहिल्याउन सकेन । ऊ दोबाटोमा निरास भएर उभिइरहेको थियो । उसले बाटोमा दौरा, कछाड र घेरा फाटेको टोपी लगाएर हिँडिरहेको एक पहाडियालाई देखेर *सोध्यो*– तपाईंलाई थाहा छ ? भुनी गर्भिणी छे, उसको इच्छा कसरी थाहा पाउने ?

पहाडिया अलमलमा पऱ्यो । तत्काल खास केही सुझेन । उसलाई उत्तर दिनैपर्ने बाध्यता भने थियो । उसले जवाफ *फर्कायो*– भन्नै पर्नेभए नजरानाबापत कति दिन्छौ त ?, त्यसपछि वीरले आफै बाठो भएर अर्थ लगायो र उक्त शब्द सम्झँदै गयो । गर्भिणी भुनीलाई प्रेमको धोकाको नजराना दिंदै *भन्यो*– लौ तिम्रो

इच्छाका लागि डोरी नजराना लिऊ र इच्छाको काम चलाऊ ! भुनीले छक्क परेर *भनी*– प्रसव वेदनाको बेलामा डोरी दिने असत्ती !, अपराधको पनि हद हुन्छ नि ?

प्रसव पीडाको वेदनामा थलिएकी भुनीको चीत्कारमा भागेको वीर बाहिरियो । उसको मनमा पोल्न थाल्यो । बौलाहाभैँ कराउन *थाल्यो*– देश दुनियाँ र समाज नबिगारौँ मिलेर कम्प्रोमाइज गरौँ !, दर्शकहरूलाई रिस उठिरहेको थियो । आवेगमा उनीहरूले *भनिदिए*– फौवन्जारी बन्द गर !

डोरीको फेरोमा बेरिएकाहरू फुस्कँदै गए । गर्भमा रहेको खुनी रङ्को गोप्यताहरू खुइलिँदै *गए*– मङ्गल सूत्रका जलपहरू !

५४

# मामला

विमली घरमा लर्खराउँदै झोला बोकेर आई । एकाएक भुइँमा पुर्लुक्क ढली । उसकी सासू पनि बोक्सीको सताइले कायल थिई ।

विमलीलाई शङ्का लागेर आतसले त्यसै *भुत्भुताई–* बजारतिरको आँखा लागेर हो कि त ! होस नै गुम हुनथाल्यो, रिसईबी साँध्ने मात्रै छन् !, रिसईबी भन्ने शब्द नखस्दै सासूले पनि शङ्का गरी । मनको अन्तर्यको सबूद प्रमाणहरू प्वाक्क *बकिदिई–* बुबुबज्यै बोक्सीले हिँडेको देख्यो कि आँखा लाग्छ, त्यसैको दोष हो !, बुबु बज्यैप्रतिको आशङ्काको पोल खुल्यो ।

विमली घरबाट निस्कने बेलामा बुबुबज्यै टुप्लुक्क आई पुगिइन् । उनले ठ्याक्कै बाहिर मूलढोकामा विमलीलाई जम्कामा भेटिन् । आँखा पनि तरेर्भैं गरिन् । अझ असान्दर्भिक शब्द पनि बोलेकी *थिइन्–* माइततिर लागेको कि ?, माइत भनेपछि विमलीको मनको पारो तात्यो । ऊ धेरै वर्षपछि घर गर्न लागेकी न हो । उसलाई माइत शब्द आजकल लज्जाको विषय बनेको थियो । उसले झर्केर जवाफ *फर्काई–* के को माइत हुनु नि बजारतिर !

बुबुबज्यैको खास ढङ्ग थिएन । बिरालोको चालले बेलाबखत छिमेकीको ढोका चहार्थिन् । सानैमा उनको खसम खसेका थिए । उनको एउटी छोरी थिई, जो अन्धी थिई । सेवा र सभ्यताको बुबुबज्यैसँग चुनौती थियो । गाउँले ठुल्दाजुको शरण नलिई बाँच्नसक्ने अवस्था थिएन । सानैमा विधवा भएकोले यौवनको उदात्तता ठुल्दाजुसँग कहिलेकाहीँ हाँसेरै प्यास मर्थ्यो । एकल हुनुको पीडामा बाँचिदिनुपर्ने थियो । छरछिमेकीमा इज्जत जोगाउन शिष्ट र शालिन

भएर चल्नुपर्ने सामाजिक बाध्यताले थिचेको थियो । जीवनको उत्तरार्धमा सुन्दर यौवनको आँखा लगाउने उनका समकक्षी पुरूषहरू भन्न थालेका *थिए*– बुबु त बूढी बोक्सी भइछे, हेराइ पनि डङ्किनीका जस्ता !

उनमा न सौन्दर्य थियो, न तृष्णा नै । बरू जीवन बाँचिरहनुपर्ने वेदना र विवशता थियो । यस्तैकुरा सुनेकी विमलीमा बुबुबज्यैप्रति शङ्का थियो । 'बोक्सी छ' भन्ने सुनेदेखि त झन् विमलीलाई स्पष्ट भयो । आमालाई पनि बिसन्चो भयो । अटेरी विमलीले बुबुबज्यैलाई साङ्केतिक उत्तर आँखाबाटै *फर्काई*– बोक्सी बूढी ! यसको त अनुहारै कुसाइत !, बाटोभरि विमलीले ढोकैमा भेटेको बुबुबज्यैलाई शङ्का गर्न लागी । मनमनै अपत्यारिलो त्रासले उसलाई घर गर्न लाग्यो । ऊ पूजासामान किन्न बजारमा पुगी । जब पूजा सामान किन्दैथिई । उसलाई एकाएक फेरि ' हाच्छ्युँ' आयो । ऊ त्यसै झस्की र बुबुबज्यैलाई बोक्सी खुट्याएर *भनी*– त्यो बोक्सी भेट्यो कि साइत बिगार्छे ।

विमलीले केही अरू सामान पनि किनी । घर आएपछि सासूबज्यैले काम्दै *भनिन्*– तिमी पनि खूब महसुर जान्ने रैछौ !, विमलीले जवाफ *फर्काई*– उमम्, हजुर पनि !, यै धूप हो, सौताको ओखती !, धूवाँसँग धूपको हावा उडिरहेथ्यो । धूपसँग टाढाटाढा विधवाको बेसरम लज्जा मामला बनेर घुमिरहेथ्यो ।

विमलीको मनमा आफ्नै खास अर्को शङ्का *थियो*– कम्मरको मामला झन् चौपट !

५५

# धर्मको अवतार

नर्वदाको जीवनमा आजसम्म धर्म थियो । सन्तोष थिएन । पानी परिरहेको थियो । वर्षे बाढीले बगाएर ल्याएको एउटा थाङ्गो निकैपर देखिएको थियो ।

चर्को आवाज नरनाथको कानतिर परे । उनले बगेको वस्तुलाई उद्दार गर्न झ्याम्म बाढीमा हाम फाले । बिस्तारै तानेर बगरमा उतारे । एक सासमा नर्वदालाई *भने*– नर्वदा ! अब तिम्लाई निःसन्तान भनेर हेप्ने दिन सकियो । मेरो स्वर्गको ढोका खुल्यो ! गाउँ छिमेकमा नर्वदालाई गाउँलेहरूले हेपेर बेलाबेला व्यङ्ग्य गर्दै उडाउँथे । पेटको कीरा मर्ने गरी अमिलो मनले *भनिदिन्थे*– यो बाँझी बैला आइमाईको के अनुहार हेर्नू ? यो अलच्छिनाको, बन्ने काम पनि बिग्रन्छ ! गाउँ पुरातन सोचको थियो । रहनसहनको तागत आधुनिक ढाँचाढर्राको नौटङ्कीमा बाँचेको थियो । एकदिन नरनाथले स्वस्थानी पूजा लगाएका थिए ।

प्रसाद खुवाउन छोरा नभएर निकै अप्ठेरो परेथ्यो । भक्तालुहरूले मनमनै सायद भनेका पनि *थिए*– अपुत्राको छोरो त छैन छैन । मीत छोरा वा धर्म छोरा पनि रहेनछन् । कानमा परेको यो वाक्यले उनलाई सताएको थियो । नर्वदा र नरनाथ रूग्ण, ग्रामीण ढोँगी समाजको खटनमा बाँचेका थिए । समाजको हेराइ र गाउँलेका मनका आशय तिनका लागि अभिशाप बनेको थियो । यसैबीच नरनाथले बगरको थाङ्गामा लुटपुटिएर कराएको बच्चाको आतसको स्वरलाई थुम्थुम्याए– ओ ! छोराको अवतार !

नर्वदाले मातृत्व भावमा नरनाथको हातबाट सो बच्चालाई खोसेर लिइन् । रूँदारूँदैको बच्चालाई छातीमा टाँसिन् । बच्चाको रूवाइमा निस्किएको आवाजको

तरङ्गले नर्वदाको मुटुमा मातृ-वात्सल्यको झनक्क विद्युतीय तरङ्ग गयो । उनले एक *निमेषमा*– बच्चा च्यापेर पनि कुल पूजा ? भने र भनिन् । नर्मदा र नरनाथलाई जीवनभर दुखेको मनको पीडा छोप्न बच्चालाई अँगालो हाले । गालामा टाँस्थे । सैसला खेलाएर *कराए*– जसले जेसुकै भनोस् ! थाङ्गाको किकी (जुम्रा) नै भए पनि हामीले आफैका लागि पाएको अवतार– धर्मको अवतार !

समाजको ढोंगी चेतना फेरि ब्युँतिएर *करायो*– लौ लौ धर्म पुत्रबाट पनि त प्रसाद चल्छ !

❀

५६

# चप्पलको धूलो

पोकलीले आफूलाई निकै सुन्दर देखाई । साथीहरूसँग हृदयको ब्यथा फुस्काउँदै *भनी*– म त मन्त्रीसँग बिहे गर्छु !, अनायास पोकलीको मुखबाट निस्केको यो आवाज कसैले पनि पत्याउन सक्ने अवस्था थिएन ।

कारण ऊ एक त गरिबकी छोरी थिई । त्यसमाथि पनि चेपाङ्ग भएकीले समाजले पत्याउन साह्रै गाह्रो थियो । न उसको पहुँच न त्यो समाजको हैसियत, कुनै केही अर्थ *थिएन*– यसको ढल्कँदो उमेरको कुरा पनि पत्याउनु ?, उसलाई ताकेर बसेका युवाहरू बेला बेला उसलाई नक्कली भनेर अचाक्ली गर्थे । नजिक हुन खूब कोसिस गर्थे । उनीहरूको कुनै दाइँ चल्नसकेको थिएन । कतिपटक त गाउँकै युवाहरूले मौका छोपेर जबरजस्ती गर्न खोजे, सकेनन् । उसले आफ्नो भूमिगत सेल्टरमा बसेको साथीको फुटानी *लगाई*– मलाई छोयौ भने उसलाई भनेर उडाइदिन्छु !

एकरात उसको बाबुको खरको कटेरो अनायास आगलागी भयो । स्वदेशबाट एक मन्त्रीको निरीक्षण भयो । आगोको भुत्भुते रापको छेउमा मन्त्रीलाई उसले कताकता चिनेको मान्छेझैँ लाग्यो । उसले नजिकै पुगेर गरिब ब्यथाले आँसु खसालेर *भनी*– हजुर मलाई चिनिसिनु हुन्छ ?, पोकलीको रूप सौन्दर्यमा मन्त्री एकछिन चुपचाप लागे । मोहक सौन्दर्यको लाभले मिठास भाषामा *गुन्गुनाए*-

– तिम्रो घर कहाँ नि ?

– यतैतिर हो ! चिन्नु भएन र ?

– अहँ, चिनिनँ !

– हजुर भूमिगत बस्दा मसँगै कति रात सेल्टर बसेको हैन ? हजुर पनि ! त्यसपछि मन्त्रीलाई ज्वरो उठ्दै कपाल दुख्न थाल्यो । उनको होस एकाएक बेहोस भयो । त्यहाँबाट आगलागी मुकामको निरीक्षण गरेर छिटछिटो उम्कन खोजे । मन्त्रीका टहलुवाहरू दायाँबायाँ घुमिरहेका थिए । मन्त्रीको गोडा फटाफट अगाडि बढेको थियो । धेरै वर्षपछि भेटिएको नायकले सेल्टरमा दिएको विश्वास र आश्वासनको सम्झनासँगै पोकलीले लम्केको मन्त्रीलाई बाटो छेकेर *भनी*–

– यो मन्त्रीज्यूकै कटेरो हो । कानुन बमोजिम न्याय पाऊँ !

– वाइयात आइमाई ! मन्त्रीको बेइज्जत गर्ने ?

वरिपरि रहेका सबै स्थानीय मानिसहरू पोकलीको पछिपछि लागिरहेका थिए । मन्त्रीज्यूको अगाडिपछाडि अङ्गरक्षकहरू घुमिरहेका थिए । परतिरबाट एउटा युवक धुस्रैफुस्रै भएर मन्त्रीको खुट्टामा लम्पसार परेर रूँदै भन्यो– आज जसरी पनि मेरो नागरिकता प्रमाणित गरिपाउँ !

सबै अङ्गरक्षकहरूले युवकलाई जवरजस्ती गरेर पन्छाउन खोजे । मन्त्रीज्यूको दिमाग आउट थियो । कटेराको आगलागीको ज्वालासँगै उडेको कालो मुस्लोसाथ आफ्नो भूमिगत शक्ति प्रदर्शन गरेर युवकलाई एक लात *हिर्काए*– चप्पलको धूलो ! धेरै फूर्ति नगर मसँग !

आगलागीमा उडेको मुस्लोजस्तै पोकलीको त्यो दिनको सम्झना मानसमा विलीन हुँदैगयो ।

५७

# प्रथा

राजासाहेब आफूलाई आधुनिक मान्थे । सामाजिक न्याय, धर्म र समाज परिवर्तनको मुख्य अभियान जीवनको लक्ष्य थियो । तिनकै दरवारमा जनैपूर्णिमाको दिन टपरीमा पुरानै जनैशिखा राख्दै रानी साहेबले पण्डितछेउ सर्माएर *भनिन्*– बेफुर्सदीले भ्याइन ! यसपालि त पोहोरकै बाँकी थियो ! त्यसैले काम चलाएँ हजुर !

पण्डितजीले अमिलो मुख लगाएर आफ्नो झोलिएको झोला बिस्तारै छामे । व्यस्तताको सरमले उत्तर *फर्काए*– ए हजुर ! भइहाल्छ नि !, पण्डितजीको मुखबाट आएका शब्दहरू जति कोमल र सहज थिए । सायद मन अल्मलिएको थियो । उनको चेहरा अलि रातो भयो । केही बोल्न सकेनन् । अर्को टपरीमा सीधा दानको तयारी थियो । रानीसाहेबले पण्डितजीलाई गाईको स्वादिलो दूध ल्याएर ख्वाइन् । फेरि अलि सर्माए झैँ गरी लज्जाले मुस्कुराएर *भनिन्*– हजुर ! यसपालि कपडा, चामल, दाल र तेल सबै पोहोरकै थियो, हजुरलाई अर्पण गर्न पाइयो, खुसी छु !

पण्डितजी झन् केही बोलेनन् । निकै गम्भीर मुद्रामा बसिरहे । रानी साहेबको फन्याकफुरूक चल्दैरहे । तलमाथि गर्थिन् । यत्तिकैमा जनैपूर्णिमाबारे मेसेन्जरमा शुभकामना आयो । नाक बङ्ग्याउँदै झर्केर *भनिन्*– वाइयातहरूको जतिवटा शुभकामना आउँछ । सबैको एउटै उही पोहोर कै ! लाज सरम नभाका !, रानीसाहेबले मोबाइल त्यसै राखेर तल ओर्लिन् । कुश ल्याएर फेरि पण्डितजीलाई दिएर *भनिन्*– यसपालिको कुश कता परेछ खै ?

पोहोरकै कुशले शान्ति स्वस्ति मिलाउँ हजुर !

पण्डितको वरिपरि रहेका सबै वस्तुहरू जनैपूर्णिमाको पण्डितलाई अर्पण गर्न पुरानै थिए । उता रानीसाहेबका मोबाइलका शुभकामना पनि उस्तै कटपेस्ट र कपी गरिएका थिए । रानीसाहेब पनि यो चालाको औपचारिकताको प्रयोगदेखि दिक्क भइन् । तब पण्डितजीले पनि पुरानै मन्त्र पढिदिए । साहेब्नीको हातमा रक्षा बन्धनको डोरो बाँधिदिँदै उनले मनको उलूकले *भने–* हजुर साहेब ! अलि रङ उडेको यो डोरो पोहोरकै अलिकति बाँकी थियो । हतारमा आज यसैले प्रथाको काम चलाएँ !

मैलो रङ उडेको डोरोबीच रानीसाहेब र पण्डितजीको प्रथाको प्रयोग एकअर्कालाई आँखा जुधाएर हेरिरहे । तिनमा फेरि मुखबाट निस्कन सक्ने शब्दहरू थिएनन् । दुवैका मौन आँखा टाढा-टाढा थिए । प्रथा चलिरहेको थियो । आजको प्रथा सकियो ।

राजासाहेबले भित्रपस्दै पण्डितजीलाई नमस्कार गर्दै *भने–* यो प्रथा नै खतम छ !

५८

# लाठ साहेब

महलको छेउमा सुकेको धारो सजाएर राखेको थियो । मेसिनले पानी नतानेको पोखरीको सौन्दर्य उजाड झैँ लाग्दथ्यो । पोखरीमा सुकेका कीट पतङ्गका अवशेष निकै थियो । भानुको ज्वाइँले बिहानै सूचना *दिए*–

– धन्न बसाइँ सरिएछ !

– हजुरकै प्यारीलाई दिएको त हो नि बाबाले !

– धन्न मेरो कसम !

आश्चर्य एवं उदेकलाग्दो शैलीमा सुनिएको यो लवज भानुलाई अचम्म लागेको थिएन । सहरका घनाबस्तीका मान्छेहरूलाई जिज्ञासाको विषय थियो । सहरिया हल्लामा सङ्कीर्ण चिन्तनका मान्छेले भानुको ज्वाइँलाई *सोधे*– ज्वाइँ साहेब ? हजुरको बुबाको बसाइँ ?

ज्वाइँ साहेब चुप लागे । उनले कुनै उत्तर दिएनन्, मात्रै यति *भने*– तराईमा जुलुम छ !, सहरिया मान्छेहरू सानो चिया पसलको टेबलमा गफिन थाले । उनीहरूले समाचारका छापामा निकै सन्सनीपूर्ण खबरहरू *पढे*– हे भगवान् ! असह्यताको हद !

सन्दर्भ समाचारमा वर्णित घटनाको दृश्य हृदयविदारक थियो । एउटा बूढो, कपाल र दाह्री फुलेको मान्छे निकै तेज प्रवाहमा उर्लिरहेको नदीको बेगसँग बगिरहेको थियो । काँधमा पोकापन्तरा थियो । टाउको माथि एउटा सानो बच्चा

बोकेर डुबुल्की मारिरहेको थियो । बचाउन खोज्नेहरू, दैवको लीला देखेर पनि बचाउन सक्दैन थिए । दर्शकको नयनले नभ्याउने गरी वृद्ध र बच्चाको डुवानको दृश्य एकाएक अलप *देखिए*– प्रकृतिको निर्विवेकीतामा निरीह मानव !

समाचारको पङ्क्ति पढिसकेपछि चिया गफले मात्तिए । हल्ला गरिरहेका सहरियाहरूको हाँसोमा पनि कुनै आँसुको थोपा रसाएन । भानुको ज्वाइँ पनि विगतमा दूनबाट बसाइँ सरेझैँ गरे । चिया पसलबाट सरासर घर आए । आफ्नो पोखरीमा पनि समाचारको दृश्यझैँ गरी पोखरीको विद्युतीय मेसिन चलाए । जमेका फोहरहरू, फोहराले छरपस्ट पारे । एकछिन आफ्नो जीवनको बसाइबारे खूब मजा आयो । पानी निकै सङ्लो भयो । आज भानुको ज्वाइँ पनि बाढीको डुवानबाट बाँच्दै जीवन निर्मलीकरण गरिरहेका *थिए*– हजुर ! रामभरोसेका छोरा हो ?

भानुको ज्वाइँ मोबाइलको आवाजबाट झसङ्ग भए । उनले खास उत्तर *दिएनन्*– उफ् ! बाढी !, बातचितपछि भानुको ज्वाइँले दूनको समाजलाई सम्झाइबुझाइ गरेर अन्तिम फरफारक गर्न *भनिदिए*– जो बचेको लिनु, लास पाए जलाइदिनु, त्यहाँको श्रीसम्पत्ति फरफारक भो !

रामभरोसेको कटेरोमा माटोको हाँडी, अगेनो, एउटा खटिया र थाङ्नाको सानो पोको बग्न बाँकी थियो । दूनको रामभरोसेका आफन्तहरूले छोरा चाहिँलाई आशिष् दिँदै *भने*– लाठ साहेबको पितृ–ऋण चुक्ता भयो !

## ५९

# बन्दको धूप

एउटीले बाटो छेकेर मलाई *भनी*– दाइ... ! लाने हो ?, अर्कीले घाम छेक्न लगाएको क्याप माथि सारी । लाडे स्वरमा आग्रह गरेर *जिस्क्याई*– जाने भए सँगै लान्छु !

काठमाडौँको रमझम हेर्न गाउँबाट लैलैमा बरालिएर आइपुगेका किशोरीहरू उभिएका थिए । आफ्नै कामको सिलसिलामा बीस दिनको बन्दलाई अटेर गर्दै मुखमा नाकबन्दी लगाएर म बाटो छेउमा थिएँ । उनीहरूलाई *सोधेँ*-

– तिमीहरूको घर ?

– हुम्लातिर !

– के कामले आयौ तिमीहरू ?

– गुम्बामा आनी बन्न !

आनी बन्न आएका किशोरीहरूको सोधाइले मलाई अचम्म तुल्यायो । जिज्ञासा लागेर उनीहरूलाई पुनः प्रश्न *गरेँ*– के तिमीहरू साँच्चि नै आनी बन्ने हो ?, मेरो प्रश्न सुनेपछि उनीहरू अलि झस्के झैँ गरे । मलाई प्रश्नसोध्ने पहिलो किशोरीले सच्याउन खोजेर *भनी*– हेर्नु न दाइ ? जब हामी यहाँ आइपुग्यौँ । केही दिनपछि लकडाउन भएको थाहै भएन । जब हामीले थाहा पायौँ, हामी समस्यामा पऱ्यौँ !

चुपचाप लागेर उनीहरूको कुरा सुनिरहेँ । उनीहरूले लकडाउन भरीका आफ्नो वेदना र व्यथाहरू कहे । पुलिसको खैराँते खेला, रातको बास, पैसाको अभाव

उनीहरूका लागि समस्याको विषय थियो । अझ बन्दको बेला बाँच्नका लागि खोजेका ग्राहकहरू पनि नआइदिनु र मोफसलमा नभेटिनु उनीहरूका लागि झन् मुख्य पीडा थियो । यत्तिकैमा अर्कीले *थपी–*

– धरोधर्म दाइ ! बन्दपछि दुईदिन भो मुखमा अन्न जात परेको छैन !

– चुप लाग ! तँलाई त एकजना दाइले चिया खान लगेको हैन ?

– मर्छेस तँ पनि अब !

उनीहरूको भोक प्यासमा सल्किरहेको धूपको गन्ध बन्दको सुगन्धमा प्रताडित थियो । उनीहरूको मनमा रहेको सहरको सुख, सुविधा र रमझमको मोह मनबाट हराइसकेको थियो । उनीहरूले मसँग मोलतोल गर्न नसक्ने देखेपछि उभिएकै ठाउँमा कारूणिक लयमा *भने–* दाइ ! हामीलाई एकछाक भात त खुवाउनु !

मैले सम्झेँ । जीवनमा अनेकौ धूपहरू सल्किरहेका थिए । विगुतहरू झरिरहेका थिए । बन्दको धूपले यिनीहरूको जोवन पनि धूपझैँ सल्केर धूलोको क्षारझैँ झरिरहेका थिए । शालीनझैँ मलाई उनीहरूले अन्त्यमा व्यङ्ग्य गरेर *भने–* पापी दाइ ! हाम्रो पनि दिन आउँला नि !

बन्दको धूपमा अलि परसम्म गयौँ । तिनले जीवनमा वेदनाको अर्कै धूप सल्काउन खोजेथे । फेरि बाटोबाटै तिनीहरू लकडाउन सफल पार्न गल्लीतिर छिरे । विलीनहुँदै गएको स्वरमा धूपको धूवाँमा फत्फताई *रहे–* नयाँवर्षको लागि शुभकामना !

६०.

# आगो

एक गँवारले उडन्ते पारामा ठट्टा सुरू *गऱ्यो*– हनुमानले लङ्का जलायो रे, बुझिस् !, अर्को झन कम थिएन । उसले तुरून्तै जवाफ पर्कायो– कुरो न कुरोको बाउसँग जिस्किन्छ यो ?, उनीहरू चुपचाप एकछिनपछि बोले–

– तेरो पोल खोल्दिऊँ !

– बढी नकरा है, छुस्के !

तुयुचालाई मनमनै रिस उठ्यो । उसले लालचालाई आफ्नो हैसियत देखाउने विचार गरेर पत्रकारलाई भेट्यो । पत्रकारलाई जेभए पनि समाचारको मसला चाहिएको थियो । उसलाई झ्यााप्पै तुयुचाले *भन्यो*– मसँग खतरा समाचार छ, छाप्ने ?, पत्रकारलाई समाचारको चास्नी चाहिएको थियो । उसले हतपत तुयुचाको सूचना टिप्दै गयो । तुयुचाले पत्रकारलाई *सोध्यो*–

– यो समाचार कसरी भाइरल बनाउने ?

– छ नि त भाइरस गर्ने आइडिया, डिटेलमा दिनू !

– लौ लौ दुनियालाई रिंङ्गाइदिनु त उसो भए !

– समाचार भनेको समाचार नै हो के ?, स्रोत खोल्न भने पत्रकारले मिल्दैन ! पत्रकारिताको धर्म नै भइहाल्यो ।

त्यसपछि तुयुचाले जासुसी गर्न लाग्यो भने लालचा आपूर्ति गर्न लाग्यो । पत्रकार खबर भाइरल बनाउन लाग्यो । बजार हल्लिखल्ली भयो । समाचारको हेड लाइन *थियो*– लासमा कमिसनको आगो !, बजारको हृदयमा अदभूत भाव उद्वेलित

भयो । साराका आँखा मर्माहित भए । सुस्त मुटुका चाल पनि थर्किन थाले । एकदिन लासको कमिसन खोज्न पत्रकार फेरि घाटतिर लाग्यो । तुयुचालाई पनि त्यतै भेट भयो । तुयुचाले पत्रकारलाई *सोध्यो*-

– लासहरूको कमिसन ?

– पर्खनोस् है ? कात्रोभित्र खोतल्छु !

पत्रकार लासको नजिकै गयो । निर्जीव लासलाई खूब नियाल्यो । लासको कात्रो च्यातचुत पाऱ्यो । लासको पुच्छरमा पनि उसले केही भेटेन । तुयुचाको जिज्ञासा त्यसै बक्यौता रह्यो । कुनै जवाफ दिन सकेन । उसले खल्तीबाट केही झिके झैँ गरेर घाटेको हातमा *थमायो,*

– लौ लिनुस्, यसको पुच्छरको लाइटर !

– कुन पुच्छरको नि !'

– कमिसन नदिने भुँडीको ! कमिसन दिन्छ भनेर समाचार खोजेको, दिएन ! जलाइदिनु यसलाई । खेल खत्तम !

त्यसपछि लाइटरको उन्मत्त आगोको ज्वाला लाससँगै जुलुल्ल उठिरह्यो । पत्रकार जाडोले कामिरहेको बेलामा घाटको आगोमा ताप लिइरहे । मलामीहरू मुखामुख गरिरहेका *थिए,*

– आगोको ताप मुर्दा र मान्छे दुवैमा उस्तै !

**C.**आरम्भ ढाँचा[१] : यहाँ समसामयिक विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश ४६ देखि ६० सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू सामाजिक जीवनको समसामयिक विविध विषय क्षेत्रको घटनामा आधारित छ । कथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरी निर्देशन पङ्क्तिमार्फत लघुकथा लेखन प्रारम्भ गरिएको छ । यसैलाई लघुकथा लेखनमा आरम्भ भनिन्छ । आरम्भिक पङ्क्ति ०.५ स्पेस ट्याव नछोडी सुरू गरिएको छ । आरम्भ आयामको संवादलाई अप्रत्यक्ष कथन पद्दतिको बुनौटमा राखिएको छ । लघुकथामा संवादका लागि संयोजन भएको निर्देशन पदलाई बक्राक्रम *(Italic)* प्रणालीमा व्यवस्थापन गरिएको छ । निर्देशन पदको बक्राक्रम (*Italic*) पछि 'निर्देशक चिन्ह', 'भने', 'भनी', 'भनेर' जस्ता पदको प्रयोगमार्फत लघुकथाको प्रस्तुतीलाई प्रत्यक्ष कथन ढाँचामा पनि राखिएको छ । प्रत्यक्ष कथनमा प्रस्तुत भएका संवादहरूलाई एकल निर्देशक चिन्हबाट निर्देशित गरी संवादलाई सामान्य क्रममा मिलाइएको छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन स्पेस मिलाइएको छ ।

६१

# डिउटी डायरी

पिल्पिलाउँदा आँखा, थकित शरीर, हतास मनका बीच आबेलले आफ्नो अगाडिको टेबलमा टाउको बजारेर भक्कानिएको स्वरमा आँसु खसाल्यो । बूढो बाबुको मृत्युमा करूणाले **चिच्यायो**–

'ओ ! भगवान् तँ कति निष्ठुरी !'

अस्पतालको बेडमा लहरै सुतिरहेको बिरामीको पीडा थियो । बेडहरू सेतै कपडाले छोपिएको थियो । कैयौँ लाससँग उसको आँखाअगाडि आएको निर्दयी भावनाले मर्माहित बनाइरहेको थियो । कोकोहोलो, आतस, तीव्रता र आपतकालको मापन पनि थिएन । नजिकै स्टेसनमा त्रासले चलिरहेकी नर्सले आबेललाई रिपोर्ट **गरिन्**–

'डाक्टर ! अर्को बिरामीको हर्ट बरबाद भो !'

'मुटुको चाल ?'

'धड्कन स्लो, गन !'

आबेल बिरामीको नजिक पुग्यो । उसले बिरामीलाई माउथ सक र चेस्ट पम्प गर्न लाग्यो । शिथिल बिरामीको प्राण कुनै भरोसामा पनि फर्केको देखिएन । तब आबेलको जीवनभरको योग्यताको परीक्षा समाप्त भयो । उसको आमाले पनि प्राण छोडिन् । भगवान् पुकार्न यतिबेला उसले सकेन । उसकी आमाको मृत्युले छियैछिया भएको मुटुलाई उसले नर्सको आँखामा राख्यो । नर्सलाई छोइहेऱ्यो । मातृ-वात्सल्यको तरङ्ग उठेझैँ लाग्यो । सुस्केरा हाल्दै **बोल्यो**–

'आमाको माया !'

अस्पतालभरि बिरामीहरूको चाप बढिरहेको थियो । आबेललाई डिउटीको पेसा, धर्म, सेवा र मानवता भावले उठाएर बेडमा पुऱ्यायो । बेहोस भएकी अमिराको श्वास बढेको थियो । उसले भेन्टिलेटर लगायो । अक्सिजन जोड्यो । उसको शरीरमा बिरामीको आर्तनाद सुनिरहेको थियो । आँखाबाट बिरामीका पीडाका आँसुभन्दा पनि अझ निर्मल जलका थोपाझैँ पीडाका थोपाहरू परेलाबाट झरिरहेका थिए । उसले अन्तिममा आफ्नो मनको सन्ताप केरकार गरिरह्यो र सुईय्य सुस्केरा हाल्दै **लेख्यो**–

'यो हप्ताको डिउटी डायरी यत्ति हो !'

६२

# खाली हजुर !

छेउको उहिलेदेखिको रिसाहा छिमेकी मलाई देखेपछि कराइरहन्थ्यो । मनमा जमेर बसेको आक्रोश पोख्न नसकेर यही शब्द मात्रै भेटेर भनिरहन्थ्यो । निकै टेन्सन भएको बेलामा प्वाक्क **सोधिहाल्थैँ**–

'खाली ?'

'के को खाली ?'

उसको अनुहार त्यसै चाउरी परेर आउँथ्यो । म पनि उसलाई पन्छाउँदै **भनिदिन्थैँ**–

'अहिले कतै केही पनि खाली छैन, पछि भेट्नू !'

'खाली' शब्दको ज्वार अकासिएर उधुम थियो । उसले मेरो सातपुस्ताको समेत धरम जाने गरी सातो **खायो**–

'के म जागिर खान आएको हो र ? खाली... !'

मेरो दिमाग चक्कराइरहेको थियो । आफूलाई चाहिँ पद, पैसा, प्रतिष्ठा र प्रमोसनका लागि स्थान खाली भए डाइभ हान्ने 'खाली' तर्कना मात्रै आउँथ्यो । माथितिर 'खाली' भऱ्याङ उक्लँदैथिए । एकान्त बासको बेला थियो । एक झापड सित्तैमा **खाइहालेँ**–

'नुन सकिएर भाँडै 'खाली' छ ! 'खाली' ऊ कति हिँडेको, काम छैन ?'

फुलरियाको झर्किलो वचनले मेरो मन फत्रक्क गल्यो । खाली, अभावको तिर्खा

मात्रै मनमा लाग्न थाल्यो । मेरो मुखबाट पनि रिसको खाली सिसी त्यसै पोखिन थाल्यो । आवेगमा उसलाई जवाफ **फर्काई दिएँ**–

'म राजनीतिक कार्यकर्ता हो र ? बरालिएर हिँड्नु ! खाली टिमुर्किने मात्रै ?'

'ल ल भयो, खाली झगडा मात्रै झिक्ने ? भुइँमा न भाँडा कुकुरलाई टाँडा !'

आफ्नो मन कटक्क खान्थ्यो । जीवनको खाली व्यथा र व्यवस्थाले रेडियो बजिरहेको थियो । मैले कानमा बजार भाउको सूची सुनेँ । त्यहाँ पनि ग्यास भसक्कै खाली थियो । उता दुनियाँको पनि पेटको हालत उस्तै थियो । यता अड्डाहरूमा दरबन्दी खाली थियो । उपचारमा समस्या भएको खबर निकै रोचक थियो । मलाई मनमा लाग्यो । *यसबारे*– कसैलाई सोध्नुपऱ्यो, भनेर बुद्धिजीवी कहाँ सोध्नपुगेँ । खाली जीवनको आशामा मलाई उडाइदिनुपर्ने थियो । बाटोमा नेतालाई ट्याक्कै भेट भयो । उनले भन्न **भ्याइहाले**–

'आश गर्नुपर्छ, भर पर्नु हुँदैन, अर्को वर्ष चुनाव लड्छु, सहयोग गर्नुपर्छ है ?'

त्यसपछि मसँगै जम्मा भएका सबै मान्छेहरूले 'खाली' हात देखाएर **भन्यौँ**–

'हुन्छ नि ! अर्को वर्ष पनि हजुरै त हो !'

६३

# मौन व्रत

आकासमा उडिरहेको एक पन्छीले अर्को पन्छीलाई **भन्यो–**

'तँलाई मान्छेको मासु मन पर्छ ?'

'मन त पर्छ तर भेटेको छैन !'

'ल अब, त्यसो भए सिकार गर्ने !'

'सिकार त गर्ने तर कहाँ ?'

पूर्वबाट उड्दैआएको डुलुवा सिकारी पन्छीले आकासमा भेटेको मित्रलाई पहिलेको कथा पनि **भन्यो–**

'बच्चाको मासु खूब स्वादिलो !'

'त्यसो भए जाउँ न त उतै !'

'तर पख !, अहिले उतातिर नजाउँ बरू पश्चिमतिरै घुमुँ !'

त्यसपछि दुईवटै पन्छीहरू युरोपमा मान्छेको मासु खोज्न लागे । बूढा भएका पन्छीहरूले पश्चिमको आकासभरि दिनदिनै मान्छे खोज्न लागे, पाएनन् । हैरान भएका उनीहरू अचम्ममा परे । छलफल गर्न एकले अर्कोलाई **सोधे–**

'तँलाई गिर्जाघर थाहा छ ?'

'अहँ थाहा छैन !'

'उसो भए चिहानघारी थाहा छ त ?'

'चिहानमा त कहाँ सकिन्छ र ? पाउन !'

'लौ, त्यसो भए बगर ?'

उनीहरू युरोपको बगरभरि मान्छेको लास खोज्न बगरतिर भौतारिरहे । पश्चिमजस्तो सभ्य सहरको बगरमा कुनै मान्छेको लास भेटेनन् । तिनले त्यसपछि हैरानहुँदै पूर्वतिरको भ्रमणको कथा एकले अर्कोलाई **सुनाए–**

'जब म त्यहाँको आकासमा उडेको हुन्थेँ । सहरभरि बारूदको धूवाँ र धूलोमा पनि लासहरू यत्रतत्र खूब पाइन्थे । खूब स्वाद चाखिचाखी मान्छेको मासु खाइन्थ्यो । पश्चिम भन्नु मात्रै रैछ । विना लासमा बाँचेको, कति महान् ठाउँ !'

उड्दाउड्दै उनीहरू एउटा अस्पतालमा पुगे । त्यो अस्पतालको छेउमा उनीहरूले नयाँ दृश्यहरू देखेर अचम्मित भए । खातमा खात मिलाएर मान्छेको लास त्यहाँ सजाइएको थियो । लस्करै सेतै वस्त्रले ढाकेका हजारौँ लासहरू थिए । मान्छेहरू पनि चुपचाप थिए । पूर्वमा जस्तो कोलाहल, संत्रास, धूवाँ र धूलो कुनै थिएन । एकदम शान्त वातावरणमा लास गणना गर्नमा व्यस्त थिए । वरिपरि झुम्मेका मान्छेमा कुनै फुर्सद थिएनन् । यस्तो दृश्य देखेपछि करूणा जागेर पनि आयो । अत्यतै भोक र प्यासले भौतारिएका तिनले ठट्टा गरेर **भने–**

'यही हो पश्चिमको बगर ?'

'होइन, यो सभ्य समाजको कुरूक्षेत्र मात्रै हो !'

'युद्ध त देखिँदैन त ?'

'उफ् ! लाटा यो अदृश्य युद्ध हो के ।'

'तब त विना युद्ध पनि सबतिर लास ?'

'छोडौँ यो कुरा, अब आक्रमणकारीलाई खोज्न जाउँ ।'

पूर्वमा अकासिएर चाखेको मासुको स्वाद बगरमा त्यसै बिलायो । त्यसपछि ती हिस्रक पन्छीहरूले पनि त्यहाँ एकछिन सबैका नाममा मौन धारण गरे । आफ्नो बाटो लागे । बाटोमा तिनले निष्कर्ष **निकाले–**

'यसै सङ्क्रमण बढ्यो, मौन-व्रत सुरू !'

❀

६४

# बदिया*

प्रेमको सागरमा डुबिरहेका यौनासनका भत्रिकाहरू छट्पटिँदै थिए । बेजोड लीलामा एकले अर्कोलाई आरोप गरिरहेका थिए । तिनको लीला सुनीदिने कोही थिएनन् । मात्रै प्रकृतिका निशाचरहरू थिए । आरोपमा बर्बराइको क्लाइमेक्स मात्रै थियो । अन्तर्य भेद बुझिँदैन थियो । एकाएक आवाज **आयो**–

'अबदेखि सम्बन्ध कट !'

'तलाक नै हो त ?'

प्रेममा पागल बनेकी जीनाले सोधेको प्रश्नको उत्तर आएन । माइकलले रातो न रातो अनुहार लगायो । जीनाले कुखुराको मसलेदार चोक्टालाई हातमा देखाएर माइकललाई झर्कंदै **भनी**–

'अबचाहिँ तँ बँदिया बन्ने भइस् !'

'त्यसो भए तेरो गर्भ तुहाइदिऊँ ?'

'म छानो उध्रेको पराल हो ?'

अहङ्कारले सम्बन्धमा रहेको रहस्यको भेद बजारमा छचल्कियो । ब्युँतिएको हल्ला छेउ छाउहुँदै रेस्टुरेन्टमा पस्यो । तर्सेर कराउन **लागे**–

'समात् यसलाई !'

'भो भो छोड्दे, भागोस् !'

'हुन्न हुन्न, यो दुस्मन हो ! जाकिदे यसलाई !'

उनीहरू शङ्का र संशयमा आ–आफ्नै जन्म दिवस मनाउन थाले । खुल्ला

चौरमा आफ्नै सुन्दर जीवनको आनन्दमा चरिरहेको एउटा भाले कुखुरा थियो । भालेलाई हराम एवं खुनी माइकलले देख्यो । भालेको सुरूवाको भोज लगाउने सोच गर्न थाल्यो । झगडा गरिरहेका दुवै प्रेमी-प्रेमिका भालेको अण्डा झिक्दै फाल्न लागे । रेष्टुरेन्टको साहुले देखेर अचम्म मान्दै **सोध्यो**–

'हजुर ! के गरेको ?'

'यसलाई टेस्टी बनाउन बदिया गरेको !'

'ओहो यसको मतलब ?'

'कुखुरे खसी !'

'अचम्म ! साइन्टिस्ट हुनुहुँदो रहेछ । भाइरसको अण्डा कसरी निकाल्ने त उसो भए ?'

'व्यापारी भएर के निफुल्केको कुरा गरेको, चुप ! तिम्रो काम हैन, बुझ्यौ ?'

एकदिन साइन्टिस्टहरूलाई अस्पतालको शैयामा साहुले देखे । उदास साइन्टिस्टहरूलाई **सोधे**–

'यहाँलाई बदियाको औषधीको आवश्यकता छ ?'

'भेन्टिलेटर भए पुग्छ !'

❀

६५

# सङ्कट

चुपचाप लागेको काइँलो फुस्रो ओठ लगाएर सोफामा पल्लोपट्टि सऱ्यो । हातमा रहेको खेस्रो कागज च्याप्दै बाहिर निस्क्यो । उसको आँखामा अगाडि रहेको दृश्य निकै गम्भीर थियो । भयानक दुर्दशाको चक्र-वातमा फसेको उसलाई दया दिने कोही थिएन । सबै एकनास बोलिरहेका **थिए–**

'जनताको सुरक्षा नगर्ने, तैँ हैनस् ?'

'सुरक्षा गरिराछु त हजुर !'

'बकबास बोल्ने ? न लाज, न सरम !'

'कात्रोको कमिसन र लासको कर पनि खाने ?'

काइँलोले, सात पुस्तासम्म चोरीजारी पर्ने, अपुताली खाने र सिकारी गर्नेको सन्तती झन् धेरै बाँचेर सधैँ भ्रष्टाचार फस्टाएको सम्झेर पुर्पुरोमा हात **राख्यो–**

'खेल खत्तम, पैसा हजम !'

कुरा सकिएको थियो । चलेको हल्लाले कानै टट्टाउँथ्यो । गाउँमा राहत प्याकेट बाँड्ने हल्लाले पनि मनमा खूब उत्साह पलाएको थियो । समाजका एकजना महान् भुइँफुट्टा भद्र पनि राहत प्याकेट लिन पुगे । उनलाई देख्ने बित्तिकै भोकभोकै मर्न लागेको गरिबले **सोध्यो–**

'हजुर पनि यहाँ ?'

'अँ.., हेर्नू न ! जोहो गर्नै बिर्सेछ, के भन्ने अब !'

राहतको लामो भीडभाडको बीचमा च्याँसे गरिबले उल्टोतिर फर्केर **भन्यो–**

'लाज नभएको नकच्चरो !'

उभिएका भीडको विपन्न गरिबहरू हातमा राहत प्याकेट थापिरहेका थिए । सो भद्रले पनि हात उठाएर प्याकेट लिन खोजे । वितरकको आँखा तिनै भद्रको अगाडि **पुग्यो**–

'ओहो माननीयज्यू हजुरलाई पनि राहत ?'

'हैन हैन, यो त नोकरलाई हो !'

भुइँफुट्टा भद्रलाई सबैले हेर्न थाले । लाजले भुतुक्क भयो । उसलाई महासङ्कट देखापऱ्यो । उसले अर्को गरिबको हातमा रहेको चुहिएको प्याकेटबाट खसेको चामल हातमा राखेर भीडमा कराउँदै **भन्यो**–

'हेर दुनियाँ हो ! मान्छेले खाने चामलमा चिलेसा र घुन ?, गरिबलाई भनेर हेप्नी ?'

बाचा पूरा भएपछि उसले लामो सासमा **भन्यो**–

'मौका आउँछ पर्खंदैन, बगेको खोला फर्कंदैन !'

रित्तो हातमा फर्किएका भुइँफुट्टा भद्रसँग खाली हातको काइँलोसँग बाटोमा भेट भयो । एक आपसमा देखेर हेराहेर गरे । एकले अर्कोलाई र अर्कोले एकलाई **प्रश्न गरे**–

'सङ्कट टऱ्यो ?'

लाज न धरमको सङ्कटमा रहेका ती दुवैको जवाफ एउटै सर्तमा **मिल्थ्यो**–

'जो निगाहा !'

६६

# एक्स–रे

आयो रे ! आयो रे !!, आवाज सुनेर ठुल्नानी भान्छाको कोठाबाट कराइन् । तल बाटोमा बजिरहेका आवाजहरू स्पष्ट सुनिएका थिएनन् । उनको छोरो कराउँदै माथितिर **उक्ल्यो**–

'के ग्यास ल्याएको हो, ममी ?'

'हत्तेरिका भान्सामा सागको मुठो छैन ! सागजस्तो सुनेर कराएको । हेर हेर, तल बाटोमा के आयो रे ?'

'हि हि हि ममी, पुलिस पो आयो रे !'

'किन आएछ पुलिस ?'

'खै एकान्त बाँस बस्नु, रे !'

'अब त पाँच पाण्डव बनाउने भए, यिनले !'

माइकको आवाज आइरहेको थियो । एउटा भ्यान बिस्तारै गुडिरहेको थियो । भ्यानमा टोलतिरका अल्लारे बच्चाहरू थिए । स्कुल बन्द भएकोले यताउतीतिर हिँडिरहेका थिए । पुलिसले ती बच्चालाई बुट बजाएर तर्साउँदै **भन्यो**–

'यतातिर रोग फैलिएको छ रे, बिरामी होलास, भाग यहाँबाट !'

एउटा बच्चा कसो कसो लुकेर बिस्तारै गुडेको भ्यानको पछाडि झुन्डिरहेको थियो । माइक बजिरहेको थियो । बच्चा माइकको आवाजसँग भ्यानमा उभिएर निकै मजा लिइरहेको थियो । बच्चा भ्यानबाट खसेर लड्यो । टोलका मान्छेहरूले फेरि घर घरमा कानेखुसी **गरिरहे**–

'पुलिसको भ्यानबाट बच्चा खस्यो रे !'

'हैन रे हैन !'

'किन नहुनु, बच्चा त खुत्रुक्कै भयो रे !'

'पुलिसले कहाँ लग्यो रे त बच्चालाई !'

'पुलिस थानामा लगेको छ रे !'

परिवारसहित बच्चाको टोलका सबै आफन्त पुलिस थानामा पुगे । पुलिस माइक बजाएर बसिरहेको थियो । भीड देखेपछि पुलिसले भीडलाई **सोध्यो**–

'भीडभाडमा नहिँड्नु भनेको होइन ? किन आएको तपाईंहरू ?'

'हाम्रो बच्चा पुलिस थानामा छ रे, त्यही भएर लिन आएको !'

'कुन बच्चा ?'

'पुलिसको भ्यानमा दुर्घटनामा परेको बच्चा !'

'त्यो त यहाँ छैन, भित्रबाट भनेको अस्पताल लगे रे !'

त्यसपछि बच्चाका परिवार र आफन्तहरू अस्पताल पुगे । अस्पतालमा पनि सो बच्चाको दुर्घटना भएको प्रमाण भेटिएन रे । विश्व स्वास्थ्य सङ्गठनले एउटा बुलेटिन प्रकाशित गरेको **सुनियो**–

'दुर्घटनाग्रस्त बिरामी अस्पतालमा आयो रे, गयो रे !'

उफ् ! रे को उपचार विधिबारे मलाई मनमनै **लाग्यो**–

'आयो रे, गयो रे, स्वर्ग भयो रे ?'

घर आइपुग्दा ढोकैमा खुट्टा तेर्स्याएर बूढीमाउ बसेकी **थिइन्**–

'आज पनि प्याज ल्याउनु भएन ?'

गह्रुँगो टाउको हल्लाएर भित्र पस्दै उनलाई आज पनि **सम्झाएँ**–

'प्याजको भाउ त्यसै बढ्यो रे के !'

'हैन हैन, गरिबीको एक्स-रे रे ?'

❁

६७

# विदेशको माया

ईशाको 'अनविश्वासी' भन्ने चोटिलो शब्दको व्यङ्ग्यले जेफरको सातो उड्यो । जेफर टोलाएको भूतझैँ जोइटिङ्ग्रे बनेर त्यसै ईशाको अगाडि नतमस्तक उभियो । उसले कुनै जवाफ दिएन । ईशाको गलामा अँगालो हालिरह्यो । उसले निकै कडाइका साथ **भनी**–

'मेरो गला छोड त !'

जलिरहेको उसको देहमा जेफर टाँस्सिरहेको थियो । उसको जीवन एकप्रकारले अन्त्यजस्तै थियो । ईशा, अँगालोमा रहेको जेफरसँग बार्गेनिङ गरिरहेकी **थिई**–

'अन्तिम सत्य, अब पैसा, पैसा, पैसा !'

जेफरको एक हात ईशाको काँधबाट झुन्डिएको थियो । अर्को हात अँगालोमा बेरिएको थियो । गोडा लल्याकलुलुक थिए । मुटुको चाल मन्द मन्द सुस्तहुँदै **थियो** –

'नाटक गर्छस् ?'

नाटकको रवाफी शब्दसँग जेफर अन्तिम पटक बोल्न बाध्य भयो । उसले ईशाको अगाडि लर्बरिएर **भन्यो**–

'माफ गरिदेऊ, आज ओभर डोज भो !'

'नो, नो, ओभर पोज देखाउने, अझै ?'

भव्य रेस्टुराँमा यस्ता दृश्यहरू खूब देखिन्थे । भोड्काका बोतलसँग यौवनाहरू कति झुमिरहेका थिए, कति । त्यसको गणना गर्न सकिने अवस्था पनि थिएनन् ।

मद-माधुर्यको आकासमा सौन्दर्यको छाप लागेको थियो । पेरिस सहरको यस्तो दृश्यले राज्यको बजेटमा खुब टेवा दिइरहेको थियो । बजारमा पुँजीको प्रयोगको उन्माद थियो । लीलामय जीवनका आदर्शहरू स्खलित भएर संसारभर उडिरहेका थिए । आफ्नो व्यवसायको मूल्य चुक्ता नहुन्जेल यौवनाहरू जेफरजस्ता मृतप्राय भोगवादी लासहरूलाई बन्धकमा थुनिरहेका हुन्थे । ईशाको आङबाट एकाएक मातेर ना-तागतले ढलेको जेफर भुइँमा पछारियो । ईशा जोडले **कराई**–

'लौ ! खुत्रुक्कै गयो, अब !

जेफरको शरीरमा एकजोर सेतो सर्ट थियो । खरानी रङको पत्लुङले पाइतालासम्म डाकिएको थियो । मृत भएर ढलेको उसलाई ईशाले सुमसुम्याउँदै **भनी**–

'ओ, मेरो प्राण, अब म एक्लो भएँ !'

ईशा त्यहाँबाट फटाफट अगाडि गई । स्टेसनमा पुलिसलाई खबर गरी । पुलिसले जेफरको लास उठायो । कफनमा हाल्ने बेलामा ईशालाई पुलिसले **सोध्यो**–

'यो मातेको मृत जिङ्ग्रेको कात्रो कहाँ छ त ?'

'मेरै करले किनिदिएको कात्रो यै हो ! देख्नु भएन ? शिरदेखि पाउसम्म बेरेको सेतो रोजगारीको कात्रो !'

'कस्तो दारूण र कारूणिकता ? उसो भए लास बुझेको हस्ताक्षर गरिदिनु न त !'

'हैन, हैन, म पूर्ण अवैध छु !'

दुनियाँसँग पुँजीको मतलब भन्नाले प्रेमको परिचय के थियो र ? केवल लाससँग मात्रै न हो, त्यसै **लागिरह्यो**–

'लीलाको क्षणमा भाइरसको विस्तार र मुर्दाघरको तनाव उस्तै उस्तै !'

गिर्जाघरतिर उडिरहेको मुर्दाहरूको हाँसो र ईशाको अन्तिम यौनेच्छाको हाँसोमा रहेको फरक चमत्कारले जीवाणुलाई कन्याइरहेको थियो । सन्तापका बीचमा पथिकहरू आफ्नो लास आफै सडकभरि कुरिरहेका थिए । आश्चर्य बोधले कानमा आएर कसैले खुसुक्क **सुनायो**–

'हेर त ! विदेशको माया !!'

६८

# जोखिम

मखमलीको अवस्था देखेर नरून्ने को नै थियो होला र ? उसको कसरत निकै दामी **थियो**–

'कामज्वरो कतिको छ ?'

'थाम्नै सकिन !'

'लौ ! त्यसो भए बचेर हिँड्नु ! हात धुनु ! टाढैबाट कारोबार गर्नु !'

मनको बह कसैलाई न कह भन्छन् । आलु चाउरेको झैँ मनको पिरले चाउरिएको पुड्के सोचमग्न थियो । डाक्टरको सल्लाहअनुसार पुड्के पुतुवारले त्यसै गर्न लाग्यो । ओछ्यानमा पल्टेको पुड्केलाई उसकी मखमलीले **भनी**–

'लौ अब कसरी बाँच्ने हो, खै ?'

'म बिसेक हुन्छु, लकडाउन पनि सकिन्छ अनि त कमाएर पालिहाल्छु नि ! बरू मलाई झर्को नलगाई बस्, तेरै पीडाले चाप्छ !'

'के गरूँ त अब ! हुने हार दैव नटार !'

मखमली पुड्केसँगको गन्थनपछि घरबाहिर स्वाङ्ग पार्दै निस्की । आक्कलझुक्कल चिच्याटमा ठट्टा गर्ने बजारको भैयाले तरकारी ल्याएको रहेछ । उसले बोडीको मुठा के छोएकी थिई, भैयाले सातो **खायो**–

'नछुनू है, पिरती लाग्छ !'

मखमली पुतुवार्नीलाई खूब जङ्ग चल्यो । यसै त ऊ समाजमा हेपिएकी थिई । भैयाको चर्किलो स्वरबाट उठेको अछुतको दम्भी भावको स्वर–लहरले उसको

दिमाग तिल्मिलायो । उसले झर्केर भैयाको अघिल्तिर **कराई**–

'के म दलित हो ?'

'नाईं नाईं, लुकिलुकी आएको भाइरस !'

मखमलीको सातो नै उड्यो । 'भाइरस' भन्ने शब्द कि गाउँमा हल्ला सुनेकी थिई, कि पुड्केको मुखबाट अधमरो मात्रै सुनेकी थिई । भैयाले भाइरसको बेलिविस्तार लगायो, ऊ तर्सी । बूढालाई हतपत सोध्न पुगी । बूढाको बिसन्चोको कारण थाहा पाएपछि झन् अन्यौलमा पुगी । बाहिर निस्की । भैयालाई **सोधी**–

'अब तरकारी नखाने त हामी ?'

भैयाले जुक्ति लगायो । रोगको न्यूनीकरणका लागि उसले मखमलीलाई **सम्झायो**–

'धन्दा नमान्नु न, उपाय छ !'

'कस्तो उपाय ?'

'उ के ! जोखिम र भाइरस कम गर्ने उपाय !'

मखमली काला नीलो भई । भैया गललल्ल हाँस्यो । रातो अनुहार लगाएकी मखमलीलाई पुलुक्क हेऱ्यो । ट्वाल्ल पर्दै आँखा झिम्क्याएर **भन्यो**–

'भाइरसको जोखिम उडाइदिम् ?'

'सक्कि गो नि त खेला !'

'अबदेखि उसो भए तरकारी दैलोमा फाल्दिन्छु, जान्छु !'

'पैसा नि त !'

'चुप ! सकुन्जेल बक्सिस् !'

पुड्केले नजिकैको कोठाबाट यो सब सुनेको थियो । उसले भित्रैदेखि हतारिएर **भन्यो**–

'ल ल हुन्छ, भाइरसको जोखिम पनि खत्तम, रोग त यसै आराम !'

त्यसपछि भाइरल भएको भाइरस पनि मऱ्यो । पुड्केको जीवनको जोखिम पनि टऱ्यो । मखमली अलमलमा बिलखबन्दमा परी । लकडाउन गर्दै **सोचिरही**–

'अब झन् जोखिम बढ्यो !'

६९

# लाइसेन्स

आमाचकारी कुरा सुनिएको **थियो**–

'यौन भाइरस !'

'भोकमरीको आवाज !'

'दम्भको चमत्कार !'

बजारमा यस्तै यस्तै प्रश्नहरूको खोजीमा पत्रकारहरू समाचारको शीर्षक बनाइरहेका थिए । तिनको प्रश्नको उत्तर न समाजवादले दिन सक्थ्यो, न पुँजीवादले **नै**–

'एक डलर दिने हो ?'

सोफियाको यो प्रश्न बजारमा आतङ्कले खूब बाँचेको थियो । उसले एउटा पुरूषलाई दयालु तर लर्बरिएको स्वरमा सोधी । बाँच्नका लागि विवस रहेको भोग्या पुरूष पनि अलमलमा पऱ्यो । उसले पनि छेउमै रहेको पत्रकारतर्फ फर्केर **सोध्यो**–

'के यसको भाउ घटेको हो ?'

'उम्, हो ! रातभरिमा डलरको भाउ घट्यो !'

'डलरको सोधेको हैन ! यो सुन्दरीको ?'

'हो त, शून्यमै झरेको छ सौन्दर्य व्यापार !'

पत्रकारको उत्तरसँग भोग्या पुरूष निकै चित खायो । त्यसको स्वात्तै भाउ घटेको देखेर उसले पनि आफ्नो पुरानो घाटा सम्झ्यो । बजारको सुन्दरीलाई वास्ता **गरेन**–

'हाई डियर !'

पुरूष आफै पीडाले ग्रस्त थियो । उसले त्यसको कुरा सुन्न चाहेन । ऊ नजिकै आई । फकाउन थाली । बोलेन । त्यसलाई झोक चल्यो । तब क्रुद्ध आँखाले घुर्दै **भनी**–

'बास्टर्ड !'

त्यो पुरूषले यस शब्दलाई ठिमाहाको अर्थमा बुझ्यो । सोफिया डरले त्यहाँबाट भागी । बजार सुनसान थियो । रोगको आतङ्क थिएन । पुरूषलाई कुर्ने कैयौं सुन्दरीहरू रातभर यौन प्यासको व्यापार गर्थे । नबिक्ने यौनको त्रासमा बजार सुनसान थियो । रेस्टुराँहरू खाली थिए । पेय पदार्थहरू सुन्दरीहरू जस्तै मात्रै सजिन्थे । नृत्यका अनेक रमझमका बदला लासका शैतानी दृश्यहरू थिए । चकमन्नको त्योबेला एकछेउमा ठिमाहा पुरूष पर्खिरहेथ्यो । आपतका साइरनहरू सुन्दरीका मातले जस्तै हतार हतारमा दौड्न्थे । पत्रकारहरू फेरि पेरिस र रोमको भयानक सङ्क्रमण भाइरसको खोजीमा समाचारका कारणहरू खोजिरहेका थिए । यत्तिकैमा एउटा पत्रकारले **भने**–

'युरोपका वेश्याहरू भोकभोकै !'

अर्को पत्रकारले कुरो खुट्याउन साथीलाई अँठ्याएर **सोध्यो**–

'किन लाइसेन्सको म्याद सकियो ?'

'हैन हैन अर्थशास्त्रीय लाइसेन्स सङ्क्रमण !'

शास्त्रअनुसार पुँजीको विकासमा मानवीय देह व्यापारको जस्तो असर थियो । त्यस्तै असर रोग सङ्क्रमणको समय बजारमा पुँजीको धराप थियो । तब पत्रकारहरू पनि भ्रमबस छलफल **गर्दथे**–

'पुँजीको सौन्दर्य, यौन हो या दम्भको त्रास ?'

'जस्ट भाइरल आडम्बर !'

'त्यसो भए यौनको व्यापार सकियो ?'

'राजा नभए त राज्य चल्छ ! एउटा गए अर्कोले चलाउँछ !'

सबैजना मरिमरी हाँसे । समाचार नयाँ नयाँ खोजिरहेथे । प्रकाशित गर्थे । यत्तिकैमा रिसले आक्रान्त भोग्या पुरूष पत्रकारहरू अगाडि आयो । खूब बितण्डता मच्चायो । आफ्नो घाटाबारे सम्झेर खूब **करायो**–

'नो लाइसेन्स, नो पर्मिट !'

७०

# टेरपुच्छर

पहलमानहरू जोरी खोज्थे । पछारेजस्तो गर्थे । पछारिन्थे अनि पछार्थे । दृश्य समाप्त गर्थे । बाहिरको आपसी शक्ति  दर्शकको मनोरन्जनका लागि मात्रै थियो–

'सधैँ डाउन गर्ने मलाई ?'

'खै डाउन गरेको ?'

'भो भो, नियत राम्रो भए पो !'

'टुस त क्या, खत्रा !'

उनीहरूको व्यङ्ग्य कहिलेकाहीँ आगोको लप्काजस्तै देखिन्थ्यो । कहिलेकाहीँ झगडाको बीउ **बनिदिन्थ्यो**–

'ल ल पीर नगर्नु, टुहुराको दिन एकचोटि आउँछ ।'

उनीहरूको झगडाको बीचमा भने आशामुखी जीवन बाँच्न बाध्य थिएँ । आशैआशको एकदिन आयो । त्यो दिन मैले धीत मरून्जेल जीवनमा एकछाक मासु भात खाएँ । चुनावको दिन एक भोट खसालेँ । त्यो दिन मेरा लागि एकपटक आयो । अर्को दिनदेखि कहिल्यै मासु भात खाने दिन आएन । पहलमानहरूले झैँ शक्ति देखाउन नै **परेन**–

'तपाईंलाई के चाहिन्छ ?'

'हजुर गाँस, बास र कपास !'

जब भूकम्पले सतायो । घर घुम्न निकै मान्छेका भीड लागेका थिए । फेरि अर्को

नयाँ दिन आउनेकुरा बताए । म ढुक्क भएँ । उनीहरू कहिल्यै मेरो नजिक फर्केनन् । बरू राहत वितरणको हिसाब निकै बुझिरहेको थिएँ । अलपत्रको अर्को पल थियो । कहाँ कहाँबाट सनसनी खबर कसैले **पठाए**–

'कसैले भोकमरिमा रहनु पर्दैन !'

'ओ ! फेरि मालपानी ?'

विश्वव्यापी प्राकृतिक प्रकोपको महामारीमा संसारभर मान्छेहरूको जीवन त्राहीमाममा थियो । सायद भोकमरीमा बस्नु नपर्ने दिन नआउँदै गरिब टुहुराको दिन सकिने त्रास पनि छँदै थियो । फेरि समाचारमा खुसीको कुरा **सुनेँ**–

'गरिब, टुहुरा र विपन्नका लागि घर घरमा राहत प्याकेट उपलब्ध !'

'ओहो ! आठौँ आश्चर्य !'

जीवन बाँच्न दिने यो नयाँ फर्मुलाले मरेको मनको निराशा पनि सैतानझैँ जुरूक्क ब्युतेर आयो । उत्साहले घरभित्रै गुप्तबास बसेर अबको जीवन सुखको हुने ठानेँ । टुहुराको दिन अवश्यै फर्केछ क्यार भन्ठानेर घरमा एकान्त बाँस बसिरहेँ । एकदिन गयो । अर्को दिन गयो । अर्को अर्को दिन पनि गयो । राहत पर्खेर बसिरहेँ । भोकले गाल्दै लगेको कमजोर ज्यानलाई रूघाले सतायो । ज्वरोले गाँद्यो । चिसोले खूब अमिल्यायो । जीवनभरिको दिन आउने आश्वासनको भविष्यवाणीमा दिक्क भएर खोक्दै गरेकी बुढियाले **भनी**–

'कस्तो असत्तीहरू रहेछन्, गरिबलाई त टेरपुच्छर कसैले लाउँदैनन् !'

'पख ! पख !! म पनि भाइरस जस्तै डुल्छु, अब !'

'अब कस्तो भाइरस फेरि ?'

'सङ्क्रमण बढाउने कोरोना भाइरस होइन, बरू रगत पसिनामा रमाउनेजस्तै !'

'पामर ! हट जा !'

मैले पनि बुझाइरहेको एकदिनको जीवन त्यतिबेला मात्रै उसले थाहा पाई । जब भोकभोकै राहतको आशले एकान्तबासमा निस्लोट सुतिरहेकी थिई । बाहिर कसैले हल्ला **गऱ्यो**–

'राहत प्याकेट ल्याएको तुरून्तै सकियो ।'

'हरे शिव ! यसले पनि टुहुरालाई टेरपुच्छर लाउन सकेन ।'

हुने हार दैव नटारको उखानलाई सम्झँदै सङ्कटमा आफैभित्र मानवता खोजिरहेँ ।

७१

# गर्भ दोहन

छिमेकीले हारगुहार गर्दै लौ, यसलाई अस्पताल लैजाऊँ !, भनेर माइलीलाई अस्पतालसम्म पुऱ्याए । उसको अवस्था निकै नाजुक त थिएन । नाजुक बन्ने वातावरण सिर्जना हुँदैगएको थियो । ट्याक्सीबाट बिस्तारै ओर्लेर गाइने रूममा जब पुगेकी थिई । नर्सले हतारहतार भर्ना गरिदिइन् । डाक्टर ओ.टी.बाट आए । माइलीलाई चेकजाँच गर्न **लागे**–

'तपाईंको केस अप्ठेरो छ ! आफन्त को छ यहाँ ?'

'उहाँ हुनुहुन्छ ।'

लज्जा मिश्रित स्वरमा माइलीले आफ्नो पीडाका बीचमा भनी । डाक्टरले उसको बूढोलाई बोलायो । अनि डाक्टर र उसको बूढो बीच कुराकानी **भयो**–

'केस अत्यन्त जटिल छ, अप्रेसन गर्नैपर्छ । नगरे बच्चा जे पनि हुनसक्छ !'

धेरै कालपछि उपचारको मेहनतले बल्लबल्ल जन्मन लागेको बच्चा उनीहरूलाई जोगाउनु नै थियो । माइलीको बूढो यस्तो कुरा सुनेर अत्यन्त तर्सियो । एकातिर घर परिवार, आफन्त एवं छिमेकीहरूबाट 'बाँझो पल्टेका जोडी' भनेर घोचिरहने वचनका लागि इज्जत जोगाउनु पनि थियो । अर्कातिर जसरी होस् बच्चालाई बचाउनु समेत थियो । मृत्यु स्वघोषणा कबुलियतनामामा ल्याप्चे थिचाएपछि माइलीलाई ओटीमा पोजिशनमा राखियो । उसलाई व्यथाले निकै च्याप्दैगएको थियो । नर्सहरू अप्रेसनका लागि तयारी गर्दैथिए । माइलीको सहनशक्तिले चरमचुली नाघेको थियो । डाक्टर अप्रेसन गर्न तयारीमा नाइफ उठाइरहेका थिए । माइलीले आफ्नो चरम पीडाका बीचबाट फुत्त बच्चा जन्माई । डाक्टर

हेरेको हेर्‍यै भए । बेहोस सरहकी माइलीको नाभीस्थान तल डाक्टरले नाइफले चिर्दै नर्सलाई **भने**–

'बच्चा जन्मिए पनि डन विथ कम्प्लिकेटेट सिजरिन !'

सिजरिन गरिएका अन्य सुत्केरीहरूका आफन्तहरू वार्डमा थिए । उनीहरूको बीचमा गाईंगुई **चल्यो**–

'बच्चा आफै जन्मिसकेको थियो अरे, डाक्टरले अप्रेसन अनावश्यक गरिदिए रे । ऊ त्यो माइलीको घाउ पाक्यो रे बीचरीको !'

खासखुसकै क्रममा माइलीको कानमा यो कुरो पुग्यो । ऊ झल्यास्स भई । पाकेको घाउको तोडमा कराउन **थाली**–

'पापी डाक्टरले मलाई अप्रेसन पो गरेछ ।'

'हो दिदी हो, अस्पतालमा यसै गरी गर्भ दोहन गरेर अचेलका अस्पताल पैसा कमाउँछन् ।'

एक महिनादेखि सिजरिन गरेर नजिकैको शैय्यामा छटपटाएर बसिरहेकी चमेलीले आँखाबाट आँसु पुछ्दै **भनी**–

'गर्भ दोहन गरेर पैसा कमाउन पल्केकाहरू !'

अर्को शैय्याको सुत्केरीको त घटना अर्कै थियो । उसले आफ्नो वेदना सुनाउँदै भक्कानिई । अनि मुटुमा गाँठो पार्दै आमाको ममता पीडा **पोखी**–

'अप्रेसन गरेर जिउँदो बच्चा तान्दा ठहरै भएपछि डाक्टरले पाठेघरमै बच्चा मरेकोले अप्रेसन गरेको रे, कसरी सहुँ हे भगवान् ।'

वार्डमा रहेका कुरूवाहरू सबैका आँखामा गहभरि आँसु थियो । उनीहरूको भावुक हृदयले सायद भनिरहेको **थियो**–

'गर्भ दोहनमा पैसाको खेती !'

❀

७२

# सृष्टिकोण

उहिलेको कुरा हो, एकजना दार्शनिक जो अत्यन्त पागलजस्ती भएकी थिइन् । उनले आफ्नो पागलपन ढाँट्न समकक्षीहरूसँग सुरू गरिन् । नजिकै बसेकाहरू उनको दार्शनिक रटना देखेर खूब ताली बजाउँथे । कहिलेकाहीँ नाचिरहन्थिन् । छनकमनक गर्थिन् । निकै तर्कका बिटा बुन्थिन् । जब बहस हुँदै जान्थ्यो । लज्जाले मर्मबोध गर्दथिन् । स्तब्ध चेहरामा गुलाबी रङ पोतेर ओल्छिन्थिन् । केही तर्कनाको लामो सन्दर्भमा बहस सुरू **गर्दथिन्–**

'दाजैज्यू ! हजुर त !'

'गुलाफको जिन्दगी कस्तो हुन्छ ?'

तब बसिरहेका दार्शनिक सहपाठीका बीचमा आफ्ना मान्यवरलाई दृष्टि दिन्थिन् । प्रश्नको उत्तर खोज्न मनको अभ्यन्तरसम्म पुग्नसक्ने आधार कसैको थिएन । अर्का दार्शनिकले जीवनजगत्को रचनाबारे प्रश्न **गरे**–

'मनयोगको आन्तरिक तरङ्ग कस्तो हुन्छ ?'

'पानीजस्तै बगिरहने सृष्टि !'

भ्रम र भयका बीचमा निकै उत्ताउलो प्रश्न सोधिरहन चाहने विदुषी नीलो न नीलो भइन् । एकछिनमै खै के सोचिन् । अनावश्यक प्रश्न गर्न लागिन् । उनको खास इच्छा बुझ्न सबैलाई गाह्रै थियो । त्यतिबेला स्त्रीपुरूषको समाज, बराबर बोलवाला भएकोले उनलाई कहिलेकाहीँ औडाहा चल्थ्यो । उनले स्त्रीहरूको गर्भबारे पुरूषहरूतर्फ प्रश्न **तेर्स्याइन्**–

'के पुरूषले मात्रै सृष्टि सम्भव छ ?'

दार्शनिकहरू अलमलमा परे । अन्य विदुषीहरूले निकै घनीभूत प्रश्न **गरे**–

'हैन, यो कस्तो दार्शनिक प्रश्न हो ? पागल प्रश्न !'

'हो हो ! स्त्री नभई सृष्टि हुँदै हुँदैन ।'

तिनको सृष्टिसम्बन्धी दार्शनिक दृष्टिकोण सभामा उत्तेजित भएर बगिरहेको थियो । सब दार्शनिक पुरूषहरू बेलाबेला टाउको भित्तामा ठोकिरहन्थे, चिन्तन **गरिरहन्थे**–

'अरे, यो रटना केका लागि ?'

समाजमा हैरान भई थिचिएका पुरूषहरूले तब मुख खोले, प्रश्न **उठाए**–

'के पुरूषहरूको युग सकियो ?'

'किन र ?'

'सृष्टि स्त्रीले मात्रै चल्छ भने पुरूषको के काम !'

सभाबाट जन्याकजुरूक्क उठेकी विदुषीले साक्षी हवाला दिँदै **भनिन्**–

'पुरूषविना सृष्टि हुँदैन भनेर कहाँ भनेको हो र ! याने मान्छेको मनको इच्छा त हुन्छ नि ! पुरूष अनिवार्य सर्त हो तर स्त्री होइन !'

उनको अन्तस्करणको आवाज सबैले थाहा पाए । विदुषीको दृष्टिकोण अनि जीवन जगत्को सिर्जन चेतना !, कति निकृष्ट तर **गम्भीर**–

'पठनशालाका शिक्षकहरू तिनलाई मोहले खूब रोजिरहेथे !'

लीलामय जीवनका उकाली ओरालीमाथि अलमलका दादाहरू हैरान भएर कविता कोर्दथे । कविताका भ्रममा तिनको सपना उडिरहेथ्यो ।

७३

# अवमूल्यन

भाउ थिएन । थियो । जस्को थिएन । उसको केही पनि थिएन । हुनेहरूलाई कसैले दिंदैन थिए । कोही **करायो**–

'तँ त खूब भाउ खोज्छस् रे ! के हो ?'

टाउको रनक्क तातिसकेको थियो । कसोकसो उसको तापको चाप कम भयो । मनमनै प्रतिवाद पनि **गऱ्यो**–

'के ! बोल्ने ढङ्ग पनि नभाको मान्छे रैछ यो त, अर्काको हैसियत नबुझ्ने ठालु पल्टेको ! जति ठालु पल्टे पनि समाजमा यसको के भाउ ? सामन्ती चिन्तनको दुब्लो हात्ती !'

उसलाई सामन्ती चिन्तनको हात्ती दुब्लाएकोमा निकै चिन्ता त थियो । तर आफू गरिब भएकोले यसैको बेलाबेला सहारा लिनुपर्दा अर्को पीडाको विषय पनि थियो । ऊ जब बजारमा निस्कन्थ्यो । बजार निकै तनावमा थियो । बाटो हिंडिसक्नु थिएन । सबैतिर घञ्चमञ्च थियो । कसैले कसैलाई हेर्ने फुर्सद पनि थिएन । उसको आँखामा एक्कासि भीडको सागको मुठामा आँखा पऱ्यो । उसले **सोधिहाल्यो**–

'यसको भाउ कति हो ?'

साग निकै झरिलो थियो । कल्कलाउँदो तर सलक्क परेको साग देख्दै स्वादिलोजस्तो लाग्दथ्यो । ठेलावालाले उसको स्वर सुन्ने बित्तिकै **भनिहाल्यो**–

'यसको त हात्ती नभई हुन्न !'

'आम्मै, कति चर्को सागको मूल्य पनि हैट !'

'हात्ती भए लैजानू नत्र बार्गेनिङ नगर्नू । ग्राहक कति आउँछन् कति ।'

ऊ अलमलमा पर्‍यो र बगलीबाट अत्यन्त मोटो हात्ती झिक्न खोज्यो । उसको त्यो हात्ती बगलीबाट झर्न नाकनिक गरिरह्यो । उसले निकै जोड गरेर त्यसलाई बाहिर निकाल्यो र ठेलावालालाई हात्ती सुम्पिदियो । उसले सागको मुठा बोकेर हिँड्यो । बाटोमा उसलाई सामान्य चिनेको कसैले **सोध्यो**–

'दाइ तपाईं यतैको रैथाने हैन ?'

'हो, किन भन्नु न ?'

'सुन्नु न यतातिर यसो परती-वरती जोडिएको एक दुवाना सस्तो जग्गा छैन ?'

उसलाई यो मान्छे निकै धनी र मनकारी होला अनि सहयोग गर्ला भन्ने लागेर उसले **भन्यो**–

'जग्गा त छ !'

'कहाँ हो दाइ ?'

'ठाउँमै छ, चोक पनि मिलेको, पिच पनि भएको !'

'भाउ कति भन्छ ?'

त्यसपछि उसलाई भाउ भनिदिएपछि त्यो चिनेको मान्छे बेसरी झर्किएर **करायो**–

'जाबो दुवाना जग्गाको मोल पनि यति चर्को ?'

'हैन फिल्डमा चारआना पुग्छ नि त !'

'लालपुर्जाको पो मोल तिर्ने त !'

उसलाई ठालुले बोलेको 'निकै भाउ खोज्छस्' भनेको तिखो वचन सम्झ्यो । ठेलावालाको मूल्य पनि मनन गर्‍यो । भुत्भुताउँदै बालुवा चाल्न गयो । बगिरहेको पानीमा बालुवा झिक्दै गर्दा **सम्झ्यो**–

'यो दलाल पनि कति अवमूल्यन गर्दोरैछ मान्छेको गाँठे ! सियो उन्ने हात्ती थुन्नेहरू ।'

उसको आजको हजार रूपियाँ पनि विना काम त्यसै सकियो । भरे भाग कसरी बस्ने ? जिन्दगीको अब फेरि अर्को अवमूल्यन सुरू भयो ।

❀

७४

# भूमि दोहन

यसपालि देशका विज्ञहरूले खूब घतविचार गरेर टुङ्गोमा पुगे । गणतन्त्रहुँदा हुने फलिफापबारे शोध गर्ने निर्णय गरे । शोधको विषय **थियो**–

'ल्यान्ड इरोजन एन्ड इट्स फ्याक्टर्स ?'

त्यसपछि उनीहरूले अनुसन्धान कर्ताहरूलाई आँकडा सङ्कलनका लागि गाउँ गाउँमा पठाए । हरेक गाउँका खोला, नाला, पाखा, पर्वत तथा भावरसम्म तिनीहरू पुगे । तथ्य सङ्कलन गर्न गाउँलेहरूसँग प्रश्न पनि सुरू **गरे**–

'यो बालुवा खानी कसको ?'

'हजुर, यो त गाउँपालिका अध्यक्षज्यूको !'

'अनि यो क्रसर नि ?'

'हजुर, यो त जिविस साबको !'

'यो बाटोको ठेक्का नि त ?'

'वडाध्यक्षज्यूको हो नि हजुर !'

त्यसपछि उनीहरू तथ्य सङ्कलनका लागि अर्को गाउँमा पुगे । उनीहरूले ग्राभेल खानी देखे अनि फेरि आँकडाका लागि गाउँलेलाई प्रश्न **गरे**–

'ग्राभेल खानी कसको ?'

'कसको हुनु हजुर माननीयज्यूको !'

'अनि सुन्नु त, त्यो जग्गा प्लटिङ कसको नि !'

'जग्गा त हाम्रै नामको, तर खै हजुर !, बैना गरेको दुई वर्ष भो । किन्नेचाहिँ

सुन व्यापारी हुँ भन्थ्यो ।'

'डाँडामा त धेरै नै डोजर चलेको रैछ ! त्यसको ठेकदारचाहिँ थाहा छ ?'

'प्रदेश माननीयको भन्थे । पक्काचाहिँ थाहा छैन !'

गाउँको काम सकिएपछि सहरमा उनीहरू तथ्य सङ्कलनका लागि आए । प्रत्येक सदर मुकाममा उपभोक्ता समितिहरू कोही दायाँ कोही बायाँ फर्केको देखे । सही सत्य खुट्याउन पहाडिया सहरका मान्छेलाई जम्मा गरेर **सोधे**–

'अचेल तपाईंहरूको सहरमा चोरी डकैती कति हुन्छ ?'

'गणतन्त्र आएपछि अलि कम छ हजुर !'

'किन कम भयो थाहा छ तपाईंहरूलाई ?'

'राजनीतिको चूरो कुरो त थाहा छैन । तर धेरै निर्वाचित भा छन् रे !'

त्यसपछि तथ्य सङ्कलकहरू टेबलमा बसे । प्रतिवेदन लेख्न सुरू गरे । जताबाट हेरे पनि निष्कर्ष एउटै **निस्क्यो**–

'गणतन्त्रको फलिफाप कस-कसलाई हो भन्नै नसकिने !'

बरू अन्त्यमा ती अनुसन्धानकर्ताहरूले बुद्धि पुऱ्याएर लटरपटर पारामा निष्कर्ष **लेखिदिए**–

'भूमि दोहन अति छ, तर माफियाको हात छैन !'

त्यसपछि दलको जनवाद खोज्न अनुसन्धानकर्ताहरू जनताकोमा पुगे । उनीहरूले त्यहाँ पनि गणतन्त्रको फलिफापको तागत भरिएको पटक्कै भेटेनन् । बरू मोटाएको चिन्तामग्न दृष्टिहरू भेटे ।

❀

७५

# पानी रेल

जब यौवना म्याडमहरूले स्कूलमा बच्चाहरूलाई नयाँ तरिकाले नयाँ कला सिकाउन चाहन्थे तब सिकाइ कक्षमा व्यस्त **थिए**–

'यो बच्चाले पियानो बजाउन जान्दैन । हात चलाउन मात्र नबज्ने थोत्रोचाहिँ दिनू ।'

बच्चाले थोत्रो नबज्ने पियानो हातमा लियो । अनि साथीले बजाएको धुनसँगै पियानोलाई फुकिरह्यो । साथीहरूको पियानो बज्थ्यो । उसको पियानो बजेन । हावा मात्रै फ्यासफ्यास जान्थ्यो । उसलाई मनमनै अति चोट लागेर होला 'हेलाँ' गरेको भावना मनमा गुम्सिरह्यो । घर पुगेपछि आमासँग निहुँ खोज्न **थाल्यो**–

'आमा मलाई बज्ने पियानो चाहियो !'

बच्चा निकै असन्तोषको भावमा गनगन गर्न थाल्यो । बच्चाकी आमा सामान्य महिला थिइन् । उनले पियानोको बारेमा सुनेकै **थिइनन्**–

'कति दुःख दिन्छस् केटा तँ, चुप लाग त !'

बच्चाले धेरै नै झगडा गऱ्यो । उनले बच्चा चुप लाग्ने जुक्ति लगाइन् । आमाले बच्चालाई फकाउँदै भनिन् । बच्चा खुट्टा बजार्दै रून **छोडेन**–

'ल ल पख ! पियानोजस्तै पानी रेल किन्दिउँला !'

बच्चो एकछिनसम्म ठुसठुस गर्दै थियो । केही बेरपछि चुप लाग्यो । आमाले उसलाई बजारतिर लगिन् । बजारमा उसलाई आमाले पानी रेल किनिदिने निकै आशा गऱ्यो । फेरि ठुसठुसाउन **थाल्यो**–

'आमा, पानी रेल !'

उसको आमालाई टाउको दुख्न थाल्यो । उनले पनि बजारमा पानी रेलबारे सोधिन् । कसैले पनि पानी रेल बजारमा छ भनेर भनेनन् । बच्चा सडकमै आँसु खसाली खसाली रून लाग्यो । आमा हैरान भइन् । नजिकै रहेको पसलमा पुगिन् । अनि आइसक्रिम मागिन् । त्यो आइसक्रिम रोइरहेको बच्चालाई दिँदै **भनिन्**–

'लौ ला ! पानी रेल !'

बच्चालाई स्कूलको म्याडमले दिएको नबज्ने पियानो दिँदा उसलाई निकै हेलाँको अनुभव भएको थियो । यसपटक उसले मनमनै **भुल्यो**–

'आमा स्कूलले यस्तो पियानो दिँदैन ?'

'अब नकरा त ! तेरो स्कूलको जस्तो पियानो हो त यो ! यो फुकेपछि मुख र दिमाग दुवै रसिलो हुन्छ ! चुप लाग !'

उसलाई स्कूलमा जस्तै बज्ने पियानो लाग्यो । कमसे कम मीठो धुन नआए पनि मीठो स्वाद त आयो । त्यसपछि बच्चाले एक श्वासमा पियानो बजायो । आमाले बुझेको पानी रेल पनि पायो । जब आइसक्रिमलाई मुखमा राखेर चुस्यो तब उसलाई पियानोको धुन र रेलको आवाजसँगै आएझैँ लाग्न थाल्यो–

'आमाले पनि पानी पानी भएको रेल चढिन् !'

**E.आरम्भ ढाँचा**[२] : यहाँ समसामयिक विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश ६१ देखि ७५ सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू सामाजिक जीवनको समसामयिक विविध विषय क्षेत्रको घटनामा आधारित छ । कथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरी निर्देशन पङ्क्तिमार्फत लघुकथा लेखन प्रारम्भ गरिएको छ । यसैलाई लघुकथा लेखनमा आरम्भ भनिन्छ । आरम्भिक पङ्क्ति ०.५ स्पेस ट्याव नछोडी सुरू गरिएको छ । आरम्भ आयामको संवादलाई प्रत्यक्ष कथन पद्दतिको बुनौटमा राखिएको छ । लघुकथामा संवादका लागि संयोजन भएको निर्देशन पदलाई **मोटाक्षर (Bold)** प्रणालीमा व्यवस्थापन गरिएको छ । निर्देशन पदको **मोटाक्षर (Bold)** पछि निर्देशक चिन्हको प्रयोगमार्फत संवाद आरम्भ गरिएको छ । संवादको प्रस्तुतीलाई प्रत्यक्ष कथन ढाँचामा उद्धरण दिई राखिएको छ । अनुच्छेदको मान्यताअनुसार रचना मिलाइएको छ ।

७६

# हाइब्रिड

*बाटोमा लखरलखर हिँडिरहेको मान्छेलाई कसैले सोध्यो । सुनेन । फेरि कानैमा आएर सोध्यो ।*

–सम्मान लिन्छस् ?

*ऊ अक्क न बक्क पऱ्यो । केको सम्मान हो कुरा पनि बुझ्रेन । मतलब पनि राखेन । त्यसपछि ऊ आलु बजारमा गयो । एक एक धार्नी आलु र प्याज किन्यो । आलुलाई त जता पनि मिलाउन सकिन्थ्यो तर प्याज किन्नुको चाहिँ उसलाई समस्यामा भयो ।*

–'दाइ ! प्याज वैष्णवहरूले खान हुन्छ कि हुन्न ?'

–'खै ! थाहा छैन मलाई, आफूलाई एकछिन फुर्सद छैन । जुन ग्राहक आउँछ । किचकिच मात्रै गर्छ ।'

–'के निफुल्किएको पसले रेछ, प्याजको विशेषज्ञ भएर पो सोधेको त !'

*उसलाई अप्ठेरो पऱ्यो । अनि नजिकै रहेको गोलभेडा पसलेलाई सोध्ने विचार गरेर उसले सोध्यो ।*

–'छ नि दाइ ! प्याजको गर्भाशयको भूतको महत्वबारे थाहा छ तपाईंलाई ?'

*गोलभेडा पसलेले उत्तर दिन आनाकानी गरिरहेको थियो । तैपनि जे होस् होस् भन्ने उसलाई लाग्यो । अलमलिएर उत्तर दियो ।*

–'खै ! के भन्ने भन्ने, किन र ?'

–'हैन ! यसको तत्वबोध जसले गर्छ उसले नगद बक्सिस र सम्मान पाउने घोषणा बजारभरि हल्लिखल्ली छ त्यही भएर ।'

*गोलभेडा पसले लोभियो । नगद बक्सिस्को राशी पनि सम्झ्यो । उसलाई प्याजको बढेको भाउ थाहा थियो । लायायित उसका हातहरू अगाडि बढिरहे ।*

–'लौ त अब नगद बक्सिस् र सम्मान दिनुपर्‍यो नि महाशय !'

*जुँगा मुसार्दै टोलमा ऊ बक्न थाल्यो । टोलका सबै मान्छेहरू खासखुस गर्न लागे ।*

–'गोलभेडा पसले त क्या खतरा साइन्टिस्ट रैछ ! बक्सिस् र सम्मान पाउनु त यस्तो पो !'

–'अचम्म, उच्चघरानियाँ बक्सिस र प्याजवादी ठसठसे सामान के भयो त ?'

–'पुरस्कार र सम्मानको हाइब्रिड मोडल !'

–'लौ थाहा छैन ? सामानको भाउ घट्यो भन्थे । हैन रेछ, सम्मानको भाउ पो घटेको रेछ ।'

*त्यसपछि मनोवैज्ञानिक शून्यतामा जाबा अब्बल साइन्टिस्टहरू थाप्लोलाई भित्तामा ठोक्दै थिए । एउटा साइन्टिस्टले भनिदियो ।*

–'हाइब्रिड प्याजजस्तै पुरस्कार र सम्मान पनि हाइब्रिड !'

*पछि सबैलाई प्याजको जात थाहा भयो । गन्हाउने भुइँ फल रेछ, भाउ बढाइरहने, बढाइरहने, काँठे मुलाजस्तै ।*

## ७७

# कल गर्ल

*चौरमा घुमिरहेको बेला एउटा निकै मीठो लघुकथा फेसबुकमा पोस्ट भएको उसले देख्यो । सो कथामा लेखिका थिइन डियर डार्लिङ् । उनको लघुकथा यति सुन्दर थियो कि बुझ्नेहरूलाई अत्यन्त लीलाले भरिएको उत्कर्षमय लाग्थ्यो । नबुझ्नेहरूका लागि वाह वाहको थपडी बजाउने मौकाको बाटो थियो । हेर्दाहेर्दै एक शुभेच्छुकले कमेन्ट बक्समा लेखिहाले ।*

–'सुन्दर सुख भोगको कल्पनामा रमाउनु ! विषयवस्तु ठ्याक्कै लेखकको आत्मपरक !'

*लघुकथाकी लेखिकाले फेसबुक वालमा हतारहतार रिप्लाई वक्समा रिप्लाई लेख्न भ्याई हालिन् ।*

–'हुन्छ दाइ ! आत्मीयतापूर्वक खुसी छु ।

–'दाइको आशीर्वाद सधैं प्राप्त होस् !'

–'उमम्, आशीर्वाद मुटुमा सजाइरहनु ल ?'

–'हुन्छ नि !'

*त्यसपछि लेखिका फेसबुकबाट हराइन् । अर्कोदिन चौरमा घुमिरहेको त्यो मान्छेले अपर्झट सोही चौरमा तिनलाई भेट्यो । ऊ आफ्नै धुनमा उभिरहेको थियो । तिनले पछाडिबाट बोलाइन् । बोलाउँदाबोलाउँदै भन्न भ्याई हालिन् ।*

–'कस्तो संयोग दाइसँग भेट भयो !'

*उसले नचाहँदानचाहँदै पनि प्रस्तावहरू निकै खोक्न थालिन् । आफ्नो भाउको भारी निकै तेर्स्याएर देखाई हालिन् ।*

–'है ? दाइ ! कस्तो संयोग भने दाइलाई कल गर्नै परेन ! कस्तो 'वेभ' मिलेको ! साच्चै मन मिलेपछि त यस्तै पो हुँदोरैछ !'

*तर त्यो मान्छे शान्त थियो । ऊ गम्भीर र भद्र पनि थियो । उसले ती लेखिकाको मोबाइलको लघुकथा पनि पढेकै थियो । कथाको शीर्षक नै यति उत्ताउलो थियो कि–*

–'सम्भोग कल !'

*तिनले जब 'संयोग कल' भनिन् त्यो मान्छे झस्कियो । उनको अन्तर्यमा सायद 'सम्भोग कल' को थियो होला । सायद झुक्किएर 'संयोग कल' भनिन् ।*

–'तर खैर केही छैन ।'

*तिनका लागि 'संयोग' या 'सम्भोग' भाइस भर्सा जेसुकै होस् र पनि कल न थियो, लघुकथाको शीर्षकजस्तै । केही समयपछि तिनीहरू छुट्टिए । छुट्टिएपछि चौरमा उभिएको मान्छेलाई तिनको तारन्तार कल आइरहेथ्यो । निकै हैरानी दिएपछि उसले सिम कार्ड चेन्ज गर्‍यो । अनि म्यासेजमा लेखिदियो !*

–'नो कल एट अल !'

*उताबाट फेरि अर्को अटोमेटिक म्यासेज रिप्लाई भएर आयो ।*

–'दिस इज 'वियोन्ड' कल, 'नो युज फुल यु' बास्टर्ड !'

–'ओ ! यु आर कल गर्ल ?'

७८

# बिटो

*कोही नजिकै आएर करायो ।*

–'ओइ छिटो उठ् त !'

*भुक्क जोडले जब एक लात खाएकी थिई । सडक छाप बेसहारा कराउन थाली ।*

–'मा¥यो ! मा¥यो !! बचाउ !!!'

–'छिटो उठ् त !'

*पुलिस बेरिएको थाङ्ना यताउता पल्टाउन थाल्यो । तिनको मध्यरातको मस्तनिद्रा खुरूरूरै उड्यो । बेसहारा उन्मूलन जागरणका अभियन्ताहरू तिनलाई केराउन थाले । पुलिस खानतलास गर्न लाग्यो । पत्रकारले सोधे ।*

–'तपाईंको नाम के हो ?'

–'किन चाहियो ?'

–'घरचाहिँ कहाँ हो त ?'

–'अनि घर पनि झन् किन ?'

–'दिनभरि के काम गर्नुहुन्छ ?'

–'देख्या छैन के गरेको ! तपाईं पत्रकार हो ? उल्लू उल्लू कुरा सोध्ने !'

*पत्रकार चुपचाप लाग्यो । उपस्थित अरू देखिएका अभियन्ताहरू त्यसै गम्भीर भएर बसे । त्यसपछि पुलिसले केरकार गर्न लाग्यो ।*

–'अबदेखि यहाँ बाटोमा यसरी बेसहारा बसिरहने होइन है ! जाउँ हिँड्

आश्रममा !'

–'आश्रममा लगेर मलाई के गर्ने ?'

*पुलिस नाजवाफ भयो । यत्तिकैमा उभिएकामध्ये एकजनाले भन्यो ।*

–'अबदेखि सडक पेटीमा राती सुत्न बस्न पाइँदैन । आश्रममा बस्नुपर्छ । त्यहाँ सबै सेवा उपलब्ध छ ।

–'ए, सबै सुविधा रे !, त्यस्तो सुविधा भएको ठाउँमा त्यसो भए झन् जान्नँ ! जाँदै जान्नँ ।'

*सबैले तिनलाई एकछिन क्वारक्वार्ती हेरे । रूपसौन्दर्य नियाले । सौन्दर्यले निकै जडित तिनले अटेर गरेपछि पुलिसलाई रिस उठ्यो । उसले लछारपछार पाऱ्यो । तर पनि जबरजस्त थिइन । आएकामध्ये कसैले सोध्यो ।*

–'त्यसो भए उमेर कति त तिम्रो ?'

–'लाज नभकाहरू अनुहार हेरेर थाहा पाउँदैनौ !'

–'लौ ! यो त किचकन्या पो !'

–'सडकमा बस्ने केटी देख्यो कि बौलाउने तिमीहरू ? हो म कन्या हो, के गर्छौ त ?'

*त्यसपछि पुलिसले निकै झाँङ्ग्लझुङ्गल गऱ्यो । थाङ्ना टक्टक्यायो । टकटक्याउँदा थाङ्नाबाट पैसाको ठूलै बिटो तिनको साथबाट फुत्त झऱ्यो ।*

–'आम्मै ! यसको पैसाको बिटो !'

*पुलिसले पैसाको बिटो सुरक्षा खतरा बोधले आफूले बोक्यो । थाङ्ना तिनैलाई बोकायो र मध्यरातमा तिनलाई एरेस्ट गरियो । नगर अभियान सकियो । तर तिनको हालत कसैलाई थाहा दिइएन । पुलिसले जाहेरी दियो ।*

–'बेसहाराहरू गोलमाल रैछन् ।'

*अगाडि कुर्सीमा बसेका साहेबले लाल लाल आँखा तर्दै आदेश दिए ।*

–'गोलमाल जति बुझाउनू !'

७९

# काउसोको सुप

*नमूना काम थियो । दाम नमूना थिइन । दाम कामको जब हल्ला चल्यो । ठेकदारले भन्यो ।*

–'मेरो पेस्की फछ्र्यौट गरिदिस्यो हजुर !'

–'धेरै किचकिच नगर्नुस्, काम गर्नुस् तपाईं !'

–'म काम गर्न नसक्ने भएँ । म ठेक्का तोडिदिन्छु !'

–'ठेक्दा लिएपछि त्यसो गर्न मिल्दैन, काम सुरू गर्नोस् !'

–'मन्त्रीज्यू ! सर्तको पहिलो काम नै यताबाट भएको छैन । म सक्दै सक्दिनँ ।'

–'ल ल भयो, अहिले जानोस्, हप्ता दिनपछि भेटुँला ।'

*ठेकदार त्यहाँबाट रन्थनिएर सचिवको कोठामा पुग्यो । सचिवलाई ठेकदारले फेरि विन्ती गऱ्यो ।*

–'हजुर !, म त यो ठेक्का तोड्छु । पेस्की फछ्र्यौट जसरी नि गरिदिस्यो ।'

–'किन नसक्ने तपाईं ? भन्नुस् त ।'

–'सर्तको काम यताबाट भएन, हजुर !'

*सचिवले आफ्नो अगाडि रहेको फाइल पल्टाए । नक्सा हेरे । कानुन पढे । प्रशासनको सहयोगको पत्र हेरे । बजेट देखाए । वाल्ल परिरहे अनि फेरि ठेकदारले झस्के झैँ गरेर भन्यो ।*

–'हजुर !, म यो काम गर्दै गर्दिनँ । पेस्की फछ्र्यौट गरी पाउँ ।'

*त्यसपछि सचिवले उपाय निकालेर ठेकदारलाई निकै नरम स्वरमा भने ।*

–'बरू काम सुरू नभएसम्म क्षतिपूर्तिको व्यवस्था गरूँला, काम गर्नू ।'

*त्यसपछि ठेकदारलाई लाग्यो । क्षतिपूर्ति हुन्छ भने उसले फेरि काम सुरू गर्ने कुरा सोच्यो । सडकमा ठेक्काको विरूद्धमा चर्काचर्का नारा लागेको पनि सुनिरहेको थियो ।*

–'ठेकदार चोर ठेक्का छोड !'

*प्रदर्शन निकै तनावमय अवस्थामा थियो । रमितेहरू ताली बजाउँथे । यत्तिकैमा ठेकदारले मन्त्रीको ढोकाको छेउमा पुगेर भन्यो ।*

–'भोलिदेखि निर्माणको काम सुरू हुन्छ, हजुर ।'

*तर मन्त्रीकोमा उभिरहेको एकजना मान्छेले निकै उत्तेजितहुँदै ठेकदारलाई लम्किफम्की गर्‍यो । प्वाक्क भनिदियो ।*

–'बाटो नबनाउने आफैँ, क्षतिपूर्तिचाहिँ हसुर्ने । लौ त हेरूँ कसरी आफू मात्रै क्षतिपूर्ति हसुर्दो रैछस् !, देख्लास् अब !'

*त्यो ठेकदार डरले मन्त्रीको कोठामा पुग्यो । मन्त्रीको कोठामा निकै चर्काचर्का आवाज सुनिएको थियो । मन्त्री फकाउँदै थिए ।*

–'तिमीहरू त आफ्नै मान्छे ! अवरोध नगर न !'

*उनीहरू त्यसपछि चुपचाप लागे । आफ्नो नजिकै उभिएको सचिवलाई सुनाएर उनले प्रदर्शनकारीलाई सोधे । के खाउँ भन अब ? त्यसपछि सबैले एकै स्वरमा भने ।*

–'काउसोको सुप !'

*सचिवतिर मन्त्रीले आँखा डुलाए । सचिवले आशय बुझिहाले । उनले प्रदर्शनकारीहरूलाई बाहिर पठाए । मन्त्रीको कोठामा निकै समयदेखि चुपचाप उभिरहेको ठेकदार थचक्क बस्यो । थचक्क बसेको ठेकदारलाई मन्त्रीले भनिहाले ।*

–'हामीले खाएजस्तै रहलपहल सुप छ नि अलिअलि तिनलाई पनि दिनु न !'

*त्यसपछि काउसोले निवेदन लेख्यो । पेस्की पनि फछ्र्यौट भयो । निर्माण सकियो । काउसोले फेरि मन्त्रीलाई भेटेर भन्यो ।*

–'हजुर, अर्को साल सुपले मात्रै पुग्दैन नि हजुरलाई पनि, यसो बजेट थप्नुपर्‍यो !'

❀

८०

# क्रिसमस भ्रम

*भ्रम थिएन यथार्थ थियो । यथार्थ थियो र नै भ्रमको लज्जा उत्पती भएको थियो ।*

–'हाम्रो 'कृष्नज ट्री' याने 'कृष्णको रूख !'

–'होइन होइन 'कृष्मस ट्री' याने 'ईश्वरको रूख !'

*निकै बाजिरहेका दुई धर्म कुलका पण्डित र पाष्टरको बीचमा आफ्नै तर्क चलिरहेथ्यो । 'कृष्नज' र 'कृष्मस' का बीचमा 'न' र 'म' को खास भेद मात्रै थियो ।*

–'चोरी भो, मेरो लीला चोरी भो !'

*पछिको पुस्ताका गोपेनीहरू कदमको रूखमा चढेर कृष्णले आफूलाई हेरोस् भन्ने चाहन्थे । तर सम्भव भएन । त्यसपछि कोठाबाट अत्तालिएर बूढा कृष्ण द्वारकाको आँगनमा निस्किए ।*

–'मेरो शिरको नागमणि आज राति एक्कासि हरायो । तिमीहरूले देखेका छौ ?'

*कसैले पनि थाहा पाएको सङ्केत गरेन । बरू त्यहाँ त 'न' हराएको विषयमा हल्लिखल्ली निकै मच्चिरहेको थियो । 'न' को अर्थ कृष्णको शिरको नागमणि भन्ने बुझिन्थ्यो । तर एथेन्सको वैभवसँग 'म' लाई निकै झकिझकाऊ प्राप्त सम्पत्तिको रूपमा सजाइएको थियो । 'म' को मतलब मपाइत्व थियो । एथेन्सियनहरू कृष्णको शिरको नागमणि आफ्नै देशमा देखेर तिल्मिलाए ।*

–'ओ कृष् ! ओ नागमणि !'

*उनीहरूको आँखामा भगवान् कृष्णको नागमणिले एकप्रकारको आरिसको आरोप*

*खेपेको थियो । तब उनीहरूले कृष्णको चमत्कारिक देवत्वसँग जोडिएको यौनलीलाको आधार रहेको नागमणि भेटे तब के चाहियो र ? तिनलाई ।*

–'केटाकेटीको खेलौना बराबर 'कृष्नज ट्री' !'

*तर त्यो आधारको रूखलाई तिनले आफ्नो सहरमा कदमको रूखमा पाउन सकेनन् । तब नजिकै रहेको सल्ला र धूपीको रूख देखे । अनि उनीहरू आनन्दले चिच्याए ।*

–'ओ ! म्याजिक, 'क्रिष्मस ट्री' !'

*कृष्णको देवत्व प्रेमलीलाको प्रतीक त्यसैलाई मान्न थाले । यही सांस्कृतिक धरोहरको अन्तरमा कृष्नज ट्रीको 'न' को रूप बदलिएर कृष्मस ट्रीमा देखापर्यो ।*

–'ओ ! एथेन्सियनहरू तिमीहरू कृष्नज ट्रीबारे भ्रममा छौ । त्यो त तिमीहरूले मात्रै उच्चारण बिगारेर आफ्नो कृष्मस बनाएका हौ ।'

*यसो अक्षर केलाएको त हिन्दूहरूले श्रद्धाले प्रयोग गर्ने कृष्नजलाई ईसाइले पो कृष्मस भनिएको रहेछ ।*

–'कृष्मस ट्रीबारे बिल्कुल हिज्जे भ्रम ! याने कृष्नको रूख, कृष्मको रूख । फरक 'न' र 'म' वर्ण मात्रै !'

*सबैको रूप उही, सार उहीँ अनि लीला र मनको धोको मात्रै कति फरक, नियत एवं नातामा पनि कति फरक ?*

८१

# जाउँला

-'ल ल पख, म बाबालाई भनेर ल्याइदिउँला !'

*बच्चा चुप लाग्यो । खुसीले फुरूङ्ग भयो । बाबालाई पर्खेर बसिरह्यो ।*

-'मामु बाबा कति बेला आउने ?'

*आमाले नढाँटे पनि अल्मल्याउन खोजिन् ।*

-'गिफ्ट किन्न गएको ढिला भयो होला, आउनुहुन्छ पख न !'

*बच्चाले गिफ्टको कुरा सुनेपछि हौसियो । उसलाई स्कूलमा साथीहरूले खूब गिफ्ट दिएका थिए । उसले चाहिँ साथीहरूलाई कहिल्यै गिफ्ट दिन पाइरहेको थिएन । उसले मनमनै सोच्यो ।*

-'बाबाले ल्याएको गिफ्ट मेरो मन परेको साथीलाई दिन्छु । अनि उभन्दा म पनि के कम हुन्छु र ?'

*आँखा तानिरह्यो । पर्खिरह्यो तर न बाबा आए न गिफ्ट आयो । उसलाई झन् खसखस लाग्यो । उसले लडिबुडी गरेर आमासँग झगडा गर्‍यो ।*

-'मेरो बाबा खै ?, मलाई गिफ्ट चाहियो, चाहियो ।'

*आमाको हृदय आफ्नै चिन्ताले बेसरी चलिरहेको थियो । आफ्नै मनमा पाकेको चिन्ता बच्चालाई भनेर समाधान पनि थिएन । एकछिन आफै टोलाइरहिन् । फेरि बच्चातिर हेरेर भनिन् ।*

-'धेरै झगडा नगर अबदेखि तिमी र मसँगै बस्ने, बाबा नआए पनि म ल्याइदिउँला । झगडा नगर ल !'

*केही सान्त्वना मिलेजस्तो गरेर बच्चा मत्थर भयो उसको मनको चाहना उम्लिरह्यो ।*

–'आमा ! साथीले मलाई खेलौना 'कार' दिएको थियो । हामी त साँच्चिकै उड्ने ठूलो प्लेन दिने है आमा ?'

–'ल ल हुन्छ एकछिन चुप लाग ल !'

*अब निकैबेरको बच्चाको जिकिरको पर्खाइमा आमा अप्ठेरोमा थिइन् । उनी भर्खरै आफ्नो श्रीमान्सँगको झगडामा सम्बन्ध बिच्छेदले मर्माहत थिइन् । उनी यो कुरा बच्चालाई सुनाउन चाहन्न थिइन् । उनी आफ्नै लज्जालाई छोप्न बच्चालाई ढाँट्दै थिइन् । बच्चा भने छिप्पिँदै गएको साँझमा निन्याउरो बन्दैगएको थियो । खाना खानेबेलामा उसले अन्तिम झोक देखाएर आमालाई भन्यो ।*

–'आमा भोलि त म स्कुल जाँदैजान्नँ ! गिफ्ट नलगे म्यामले क्लासमा छिर्न नदिने भनेको छ, अहँ जान्नँ !'

*त्यसपछि आमा आफ्नै बाध्यताका साथमा लज्जित भइन् ।*

–'ल ल बाबा नआए पनि भोलि गिफ्ट किन्न पक्कै जाउँला, अब सुत !'

*त्यसपछि बच्चा मस्तले बिछ्यौनामा खूब निदायो तर तन्द्रामा हातले 'बाबा बाबा' भनेर छामिरह्यो ।*

८२

# जफत

*ट्राफिकले सिट्ठी बजायो । दौडिरहेको गाडि झ्याप्प रोकियो । आँखा बाहिर हेर्न नपाउँदै एउटा लिखुरे आएर भन्यो ।*

-'सर ! सर !! टालो लिनु न गाडी पुछ्न !'

-'भयो, चाहिँदैन !'

-'लिनु न लिनु एउटा के ! ल दाइ ?'

-'हट उता !'

*लिखुरे ओल्छिएर परतिर लाग्यो । आँखा तरेर्भैं गरेर अर्कोछेउ पुग्यो । गाडीहरू गुडिरहेका थिए । ऊ ओहोरदोहोर गरेको दृश्य देखिएको थियो ।*

-'आज कति टालो बेचिस् लिखुरे ?'

*साथीले सोधेको प्रश्नमा लिखुरे फिस्स हाँस्यो । गरिबीमा खिया लागेको दाँत देखाएर बीच बाटोमा ठिङ्ग उभियो ।*

-'आज बोहनी नै भा छैन मेरो त ! तेरो नि ?'

-'चिसो लागेर कोही पानी किन्दैन !, मेरो नि खत्तम छ !'

*त्यसपछि लिखुरेले आफ्नो हातमा भएको टालो फिर्र हल्लायो । हातको टालोहरू नयाँमा क्या चमकदार थिए जति दिन बित्दै थिए, टालोहरू पनि निकै खस्रँदै सुक्दैथिए । मैलोले टालो स्याप्पिएको थियो ।*

-'हे हे, जस्तो टालो उस्तै व्यापारी !'

*बस कुरेर बसेको यात्रुले लिखुरेलाई देखेर भन्यो ।*

–'विचार पेट पाल्नै पऱ्यो ! जस्तो सक्यो उस्तै गऱ्यो । स्वास्नी छोराछोरी होलान् पाल्नै पऱ्यो ।'

*दया देखाउने ती महिलालाई अर्को कुनामा बसेको मान्छेले भन्यो ।*

–'जाबो टालो बेचेर नि कसरी पेट पालिन्छ र ? बरू खाडितिर गए त पाइँदो हो नि काम !'

*बाटोमा निकै गाडीहरू दौडिरहन्थे । रोकिरहन्थे । लिखुरे पनि दिनभरि दौडिरन्थ्यो । रोकिइरहन्थ्यो । तर समय कहिल्यै रोकिँदैन थियो । जीवन गुजाराका लागि टालो बेचिरहन्थ्यो । कहिले एक दुईवटा बिक्री हुन्थ्यो । ऊ बाटोमा कराइरहन्थ्यो ।*

–'आयो आयो ! टालो आयो ! गाडी पुछ्ने कपडा ! लौ लिनुस् सस्तोमा !'

*त्यो दिन एकजना सवारी चालकले उसलाई देख्यो । चालकले उसको सबै टालो किन्दै सोध्यो ।*

–'घर कहाँ ?'

–'मोतिहारी !'

–'बाबुको नाम खुर्दमान !'

–'आमाको नाम ?'

–'जरिना !'

*उसले सबै कुरा बुझ्यो । सानैमा बेपत्ता भएको एउटै प्यारो छोरो चालकले भेट्यो अनि भन्यो ।*

–'घर हिंड् बाबू, बरालिए नबस् ! यो गाडी तेरै त हो, लौ चढ् यसमा ! गाडी पनि चढ्, पुछ पनि !'

*गाडी बिस्तारै गन्तव्यतिर अगाडि बढ्यो । खुर्दमानले हराएको हिंगको टालो बल्ल जफत गऱ्यो ।*

८३

# गाइने कोठा

*रातभरि पेट दुखेर मूर्च्छा परेकी चमेली अस्पताल पुगी । अस्पतालमा मान्छेको भीड निकै थियो । सायद बिरामीको चापले अस्पताल प्रशासन हैरान थियो । नर्सले चमेलीलाई बाहिरबाट हातमा समाउँदै भित्र लादैथिन् । डाक्टरले बिरामी जाँच्दै नजाँची देख्नासाथ भनिहाले ।*

-'यो बिरामीलाई गाइने कोठामा बिस्तारै लगेर गीत सुनाउनू ।'

*बेसरी पेट दुखेको रोगीलाई अस्पतालको कोठामा गीत सुनाउँदा कस्तो आनन्द आउला ? विषय घत लाग्दो थियो ।*

-'बहिनी यो गीत सुनेर बस्नु है एकछिन् । ट्वाइलेट गएर आउँछु ।'

*बूढी नर्सले गीतको पार्श्वध्वनि लगाएर उनी एकछिन ट्वाइलेटतिर लागिन् । तर चमेली भने झन् छट्पटिन थाली । उसको ऐया आत्थाको पीडाले निस्केको चन्याइँदो ध्वनि कोठामा अत्यन्त गुन्जायमान थियो । यत्तिकैमा डाक्टर आइपुगे । उनले चमेलीलाई जाँच गरे । ऊ झन् छट्पटिन लागी । त्यसपछि बिरामीको केस हिष्ट्रि लेखे । उसलाई मन्जुरीनामामा नर्सहरूले ल्याप्चे थिचाए ।*

-'म त बरू घरै जान्छु । यहाँको गीत सुन्दै सुन्दिन । जेसुकै होस् !'

*वेदनाले बर्बराइरहेकी चमेली छट्पटीमा दायाँ र बायाँ शैय्याबाट फाल हाल्न खोज्थी ।*

-'बिरामीलाई कस्तो छ सिस्टर ?'

*बाहिर निस्कन लागेको गाइने कोठाको लेबरलाई आफन्तले सोधे ।*

-'अँ, अघिभन्दा गीत सुनेपछि अलि सन्चो भा'छ । बरू गीतको धुनमा खूबै

नाच्न थाल्नुभएको छ !'

*बाहिर कुरूवा बसेको आफन्तले अलि आत्मसन्तोष मान्यो । गाइने कोठा एकछिन सुनसान भयो । त्यसै बेला डाक्टर बाहिर निस्के । आफन्तले डाक्टरलाई फेरि सोधे ।*

–'डाक्टर साब बिरामीलाई कस्तो छ ?'

–'ल, सुन्नु भएन ? गाइने कोठामा भित्र पस्दा एकजनाले मात्रै गीत गाको थ्यो । अहिले दुईजना गीत गाउँदै छन् ।'

*आफन्तलाई गाइने कोठाको बारेमा निकै खुल्दुली थियो । उसलाई निकै चिन्ता र खुल्दुली लाग्यो । कसैलाई सोध्ने आँट गर्न सकेन । एकछिन के आपत हो भनेर नीलो कालो भयो । त्यसपछि ऊ सोधपुछमा पुग्यो । त्यहाँ निकै भद्र शैलीकी मस्त यौवना महिला थिइन् ।*

–'दिदी ! गाइने भनेको के हो ?, नबुझेर सोधेको !'

–'क्या ! यो दाइ पनि कस्तो लाज नभाको रेछ । गाइने भनेको प्रसुति सेवा हो के । सुत्केरी गराउने कोठालाई गाइने कोठा भन्छन् ।'

–'लौ ! गीत गाउन बस्ने गाइनेहरूको कोठा पो भन्ठानेको त !'

८४

# सम्पत्ति जाँच

–'लौ आज त मैले पनि घोषणा गरिदिएँ !'

*उसकी बूढी मख्ख परी । कुरो नबुझ्केर उसले आफ्नो खसमलाई सोधी ।*

–'के घोषणा गरिस्यो हजुरले ?'

–'के हुनु नत्र सबैले भ्रष्टाचारी भन्न थाले त्यसैले सम्पत्तिको स्व-घोषणा !'

*उसकी बूढी निकै अन्कनाउन थाली । उज्यालो चेहरा एकाएक कालो मैलो भयो ।*

–'मलाई नसोधी सम्पत्तिको स्व-घोषणा किन गरेको ? उफ् ! के के लेख्नु भो सम्पत्ति ?'

*उसले सहजतापूर्वक जवाफ दियो ।*

–'डराउनु पर्दैन !'

*पछि उसको बूढी पाक्न थाली । उसका मनमा अनेकौँ प्रश्नहरू जन्मन थाले । बिस्तारै तिल्मिलाउन थाली ।*

–'भन्नू न बूढा ! सम्पत्तिमा के के घोषणा गर्नुभो ?'

–'सबै मिलाएर गरेको छु ।'

–'हत्तेरी ! भन्नु न हजुर !'

–'धेरै छैन । हामी सर्वस्वहरण भएको परिवारको कति नै हुन्छ र !'

–'हुन त हो तैपनि अप्ठेरो पर्ला नि हजुरलाई !'

–'के अप्ठेरो पर्नु र ! सम्पत्ति विवरण खाली राखेँ । सर्बस्व हरणमा परेको

परिवारको सदस्य भनेर विवरणका कोठाहरूमा 'छैन' 'छैन' लेखेँ ! अरू एकअक्षर नलेखी खाली विवरण फाराम बुझाइदिएँ ।

–'लौ त्यसो भए ठीकै भो ! तर यसैले नियुक्ति पनि जाला भ्रष्टाचारले पनि खाला नि !'

–'ढुक्क होऊ न मैले भनेसी !'

*एकदिन उसले नियुक्ति पाएको शक्तिशाली पद दाउ पेचले खुस्कियो । दाउमा पेच हाल्नेले उजुरी दिएको थियो ।*

'सम्पत्ति जाँच गरी पाउँ !'

*पद खुस्कियो । दाउमा हालेको पेच अड्किएर उत्कर्षमा भ्रष्टाचारको छानविन सुरूभयो । प्रहरीले छापा माऱ्यो । खान तलास भयो । त्यसपछि बयान सुरू भयो ।*

–'तपाईंले भरेको सम्पत्ति विवरण र यथार्थ सम्पत्ति विवरण मिल्दैन नि ?'

–'हो, मिल्दैन ।'

–'कसरी जोड्नुभयो त यत्रो सम्पत्ति ?'

–'खै ! आफैलाई थाहा छैन ।'

*त्यसपछि छानविनको क्रममा उसकी बूढीलाई प्रश्न सोधियो । पहिला त के सरोकार भनेर पन्छिन खोजेकी थिइन् । पछि निकै कर गरेपछि उनी तयार भइन् । उनैले प्रश्न सोधिन् ।*

–'तपाईंहरूलाई थाहा छ ?'

–'के होला !'

–'ऊ त मेरो बूढा नै होइन । उसको र मेरो छोडपत्र भएको दस वर्ष भइसक्यो । नपत्याए यो छोडपत्रको प्रमाण हेर्नुस् ।'

*बयान लिनेहरू अलमलमा परे । उनीहरूले माथि रिपोर्ट गर्न प्रतिवेदन तयार गरे ।*

–'वास्तवमा अभियोग गलत दाबी देखिन्छ । कतै कुनै भ्रष्टाचार गरेको 'सम्पत्ति जाँच' गर्दा देखिएन । सबुद प्रमाणका रूपमा उनको पत्नीको सहमतिमा भएको सम्बन्ध विच्छेद प्रमाणपत्र यसैसाथ संलग्न रहेको छ ।'

*त्यसपछि भ्रष्टाचारको फाइल तामेलीमा पुग्यो । तर नियुक्ति पाएको पद खुस्कियो । अहिले सो पद पेचमा अड्किएको थियो ।*

–'एकक्षण एउटा नियुक्त पदको नाटक सकियो !'

*उसकी बूढी अब सम्बन्ध विच्छेद यथावत् राख्ने कि नराख्ने बारे नैतिक द्विविधामा सोचिरहेथिन् ।*

## ८५

# दम देखा !

*पढ्न बसेको बच्चा जुरुक्क उठ्यो । गालामा आफ्नो साथीले नदेख्ने गरी प्याट्ट एक चड्कन दियो । सिरकले जीउ ढाकेर अर्कोतर्फ फर्क्यो । रन्थनिएको साथी दायाँ बायाँ हेरेर पाठ घोक्न लाग्यो ।*

–'रेडियोका आविष्कारक गुलेल्मो मार्कोनी हुन् भने घडी पत्ता लगाउने वैज्ञानिक ग्यालिलियो हुन् ।'

*पाठ घोकिरहेको साथीलाई फेरि चटपटे उक्त बच्चाले दायाँ फर्केर हेऱ्यो र प्रश्न सोध्यो ।*

–'आकासबाट स्याउ खसेको देखेको छस् ?'

–'किन नदेख्नु ! प्रत्येक वर्ष देखेको छ !'

–'ए, तँ पनि अब आइज्याक न्युटन रैछस् ! ल ल पढ्न त पढ् तर घोकेर नसुना !'

*उसको साथी चुपचाप लाग्यो । उसले केही बोलेन । वाल्ल पऱ्यो । खिस्स हाँस्यो । बिस्तारै किताब आफूतिर तान्यो र फेरि कराएर पढ्न थाल्यो । चटपटे साथी किताब हेरेको हेऱ्यै थियो । कहिले पानाभरि केर्थ्यो । कहिले कागजका टुक्रा च्यातेर मुखमा हाल्थ्यो र चपाएर थुक्थ्यो । फेरि विज्ञान विषयको पाठ घोकिरहेको साथीलाई जिस्क्यायो ।*

–'ओइ ! भन त ! बिजुली बनाउने को हो थाहा छ ?'

–'माइकल फाराडे हो ।'

–'ह्या ! त्यति नै थाहा पाउँदोरैनछ, के साइन्टिस बन्छु झैं गरेर घोकेको त !'

–'को हो त भन् न !'

–'त्यही के हाम्रो गाउँको काले इन्जिनियर !'

–'होइन होला, त्यो त साइकल बनाउने मेकानिक्स पो हो त !'

–'त्यही त हो नि, साइकलको चक्का घुमाएर बिजुलीमा पानी निकाल्छ । पानीमा साइकल घुमाउँदा झलल बिजुली निस्कन्छ रे !'

–'कसले भनेको नि तँलाई ?'

–'त्यही काले इन्जिनियरले भनेको !'

*चटपटेको साथीले पत्याएन । उसले आफ्नो कुरा नपत्याएको देखेपछि उसलाई होच्चिएको महसुस भयो । पढिरहने उसको इमानदार साथीलाई रिसाएर ठोस्दै भन्यो ।*

–'मैले भनेको नपत्याउने तँ ? तँ जान्ने कि म ? त्यसो भए तेरो साइन्टिसको दम देखा त ! खूब साइन्टिस हुन खोज्दोरेछ ।'

*आज भोलि ती विगतका दुई केटाकेटीहरू गाउँमा देखे भने पनि अनदेखा गर्छन् । चटपटे चिया पसलमा कुरा काटेर भन्छ ।*

–'त्यो त कति ठूलो भाको, साइन्टिस त बोल्दा पनि बोल्दैन ।'

*वरिपरि अरू समकक्षी साथीहरू पनि थिए । तिनले ठट्टामा भने ।*

–'तँ पनि त साइन्टिस होस् नि बिजुली पानीको ।'

*त्यसपछि एकछिन सबैजना ज्ञानको दम देखाउन चुपचाप लागे ।*

८६

# मृत्यु घोषणा

-'तँलाई तँ मर्ने दिन थाहा छ ?'

-'मर्ने दिन पनि कसैले थाहा पाएर मर्छ र ? के कुरा गर्छ ए ! यो साथी ! पागल त भइनस् तँ ?'

*कोठाका दुईजना साथीहरू विवाद गरिरहेका थिए । भित्तामा झुन्ड्याएको क्यालेन्डरमा एकजना जुरुक्क उठेर क्यालेन्डरमा एकदिनको एक समयलाई गोलो लगायो र आफ्नो साथीलाई भन्यो ।*

-'लौ हेर म यै दिन मर्छु !'

*साथीको मर्ने भविष्यवाणी देखेर ऊ चुप लाग्यो र मनमनै गम खायो ।*

-'नझोक्किइकन भन त । तैँले कसरी थाहा पाइस् तँ आफू मर्ने दिन ?'

-'मलाई धेरै जिस्कयाएर टेन्सन न दे है, चुप लाग त तँ ! तँ पनि थाहा पाउलास् कुनै दिन ।'

*दोस्तीका बीचमा आश्चर्यले त्यसै उसको मन उम्ल्यो । नमर्ने साथीलाई लागेको खसखस भन्यो ।*

-'मर्ने दिन थाहा पाउने मान्छे त ईश्वर हो । ईश्वरले बाहेक कसैले यस्तो घोषणा गर्न सक्दैन ।'

*त्यसको केही दिनसम्म उसको साथीले क्यालेन्डरमा लगाएको गोलो सम्झँदै साथी मर्ने कुरा पर्खेर बस्यो । सो समयमा साथी मरेन । बल्लबल्ल उसको साथी जोगिएझैँ नमर्ने साथीलाई लाग्यो ।साथीको मर्नेसम्बन्धी स्व-घोषणा फेल भयो ।*

–'तँ त मरिनस् नि त ?'

–'एकपटक मलाई कालले माफी दियो । अर्को दिन घोषणा गरेको छ । बरू त्यो दिन सम्झिराख । त्यो दिनलाई डबल गोलो लगाउँछु ।'

*नमर्ने साथी आफ्नै साथीको फेरि मृत्युको स्व-घोषणाबारे अलमलियो । उसले ठान्यो ।*

–'इमानदार साथी हो, यसले झूट बोल्दैन !'

*तेस्रो पटक मर्ने दिन जुन दिन र समय तोकेको थियो । त्यो दिन भने ठ्याक्कै नमर्ने साथीले स्व-घोषणामा तोकेकै समयमै मऱ्यो । सहरमा खूबै हल्ला भयो अनि मर्नेको बयान चल्यो । कोही बुझ र कोही अबुझ थिए । उसको मृत्युको सूचना टाँस र क्यालेन्डरमा लेखिएको मृत्युको समय एक घडि पनि फरक परेन ।*

–'जोगीझैँ मारेछन् तिनलाई त लिलामी सम्पत्तिको अन्तिम दिन ।'

*भोलिपल्ट संवेदना र लिलामी सकारका लागि हक हस्तारणको सूचना पत्रिकामा एउटै पन्नामा आयो ।*

–'मर्ने दिन थाहा पाउन के गर्नुपर्ने रहेछ र ? केवल चर्को ब्याजको ऋण !'

*अब नयाँ आविष्कार भएको मर्ने दिनको स्व-घोषणा आफू आफैले गर्ने नयाँ कला ।*

८७

# खाल्डो निरीक्षण

–'खाल्डो नहोस् बाटो होस् !'

*कुर्सीमा पहिलो पटक बसेका मन्त्रीले आफू मातहत कर्मचारीलाई आदेश दिए । जन कर्तव्यबोधको पाठ सिकाए । मन्त्री सरासर पत्रकारहरू र क्यामेरा लिएका सहयोगीसाथ सडकमा पुगेपछि उनले भने ।*

–'यो सबै भिडियो खिच्नु र समाचार बनाउनु !'

*सबैतिरका सडक बनाउने ठेकदारको सातो उड्यो । बिस्तारै मन्त्रीको चाकडी सुरू भयो । कतिले तत्कालै भेट्न चाहे । सेक्रेटरी फोन उठाउँदाउठाउँदै हैरान भयो ।*

–'हजुर मन्त्रीज्यूको टायम पाउँ न !'

–'मन्त्रीज्यूलाई सोध्नुपर्छ । अचेल मन्त्रीज्यू व्यस्त हुनुहुन्छ ! भन्नु त को बोल्नुभयो ?'

–'म निर्माण व्यवसायी विक्रम !'

*सडक निरीक्षणबाट मन्त्रीको निष्कर्ष निस्क्यो । उनले मातहतका सचिव र उच्च पदका प्राविधिकलाई बोलाएर थप आदेश दिए ।*

–'काम नगर्ने ठेकदारहरूलाई कालो सूचीमा राख्नू र कार्यवाही अगाडि बढाउनू !'

*सबैले मन्त्रीको कुरा सुने । सबैले केही विषय टिपेको जस्तो गरेर चुपचाप बसिरहे । त्यसपछि ब्रिफिङ्ग सकियो । बिस्तारै सबै उठेर आफ्नो कुर्सीतिर लागे । आर्थिक मसान्तको बेला थियो । अडिटर सचिवको कोठामा पसे । उनले पस्न नपाई सचिवलाई नीति नियम नियमित नभएको बताए ।*

–'सबतिर घोटाला छ ! मन्त्रालयको काम एकदम लापर्बाही देखियो !'

*कर्मचारीहरूको अलिअलि टाउको पनि दुख्न थाल्यो । मन्त्रीको फिल्ड निरीक्षणबाट त ठेकदार आत्तिएकै थियो । त्यसपछि उनीहरूलाई ज्वरो आउन थाल्यो । अब भ्रष्टाचारमा परिने भइयो भन्ने लागेर खुरापाती सबैजना बेलुका जम्मा भए । भोलिपल्टका लागि योजना बनाए ।*

–'पहिलो काम रातभरिमा मन्त्रीज्यूको घरसम्म पिच गरिसक्ने !'

–'दोस्रो काम खाल्डो पुर्ने ।'

–'तेस्रो काम मसान्तमा बजेट सकिएकोले तुरून्त अन्य शीर्षकबाट रकमान्तर गरेर मिलाउने ।'

–'चौँथो काम सबतिर मिलाउने ।'

*भोलिपल्ट सचिवको टेबलबाट हतारहतार मन्त्रीको टेबलमा फाइल पुग्यो । मन्त्रीले बाटो नभई खाल्डो बनाउनका लागि बजेट रकमान्तरमा स्वीकृत लिए । निरीक्षणले खाल्डो पनि बन्दाबन्दै सकियो । बेलुका सचिवसँग कुरा भयो ।*

–'हजुर ! अलि नरम होइसिनुपऱ्यो । बनेको खाल्डो पुर्न मलाई कम्ती अप्ठेरो परेन । जे निरीक्षण गर्नुपर्छ हजुर ! मलाई भनिसेला । म सब मिलाउँछु ।'

–'लौ त लौ ! त्यसो भए मैले देखेको बाँकी खाल्डो पनि पुरिदिनू ।'

८८

# चाला

'ठाँगाले कस्तो दुःख दियो भने ! जे नगर भन्यो त्यही गर्छ !'

*बिरामी परेकी सुन्तलीले आफ्नो औषधीको ट्याब्लेट निल्दै भनी । नजिकै रहेको भाँडोलाई उठाएर परतिर राख्न खोजी तर सकिन ।*

–'तेरो हात त सुन्निएछ वाई !'

*बिरामी हेर्न आएकी गौरीले यसो हात पल्टाई अनि हातमा रहेको ब्यान्डेज यसो फुकाएर हेरी ।*

–'औषधी खाएर मात्र हुँदैन है ! हाड भाँच्चिएको जस्तो छ ।'

*सुन्तली हात दुखेको तोडमा अलि आत्तिएर भुन्भुनिन् थाली । उसका स्वामी टुप्लुक्क आइपुगे ।*

–'म त मर्न आँटे ! लैजाऊ अस्पताल !'

–'ह्या ! पख न आफूलाई क्या टेन्सन छ !'

–'केको टेन्सन ? तात्तो न छारो !'

–'समितिको निरीक्षणमा आउने रे के !'

–'आफू यहाँ मर्छुजस्तो भइसक्यो । स्वास्नीको चिन्ता छैन । खाली यै समिति, नेता र अल्लारेहरूको पछि लाग्यो । काम दाम छैन । खै ? आफ्नो कर्म त सुख पाउन कहिल्यै लेखेको रैनछ !'

–'धेरै कर्म नभाक, गएँ म !'

*सुन्तलीको स्वामी गएर भीडमा उभियो । उपभोक्ता समितिको छफफल थियो ।*

*छलफलको वातावरण हिनामिनाको विषयले तातिरहेको थियो । सबैले सुन्तलीको स्वामीलाई बोल्न उचालिरहेका थिए । उसले जोसिएर प्वाक्क भनिदियो ।*

–'उपभोक्ता समितिमा कसले हिनामिना गरेको हो, मलाई थाहा छ, भन्दिउँ ?'

*त्यसपछि उसलाई सबैको नाम भन्न जबर्जस्ती गरियो । ऊ त्यहाँबाट घरमा बिरामी स्वास्नी हेर्न भन्दै भाग्यो । डरले अर्कैको कोठामा लुक्न पुग्यो । तर स्वास्नी अस्पतालको इमर्जेन्सीमा भर्ना भएकी थिई । देवरबाहेक सुन्तलीको स्वामी घरमा पुग्दा रूवावासी चलिरहेको थियो । सुन्तलीको मृत्युको खबर सुनेपछि उसले सुस्त सास तानेर भन्यो ।*

–'ए, सुन्तली सोध्दै नसोधी मरिछ, उल्फतमा ! सधैँ मरिरहनुभन्दा एकचोटि मर्नु नै वेश भो विचरीलाई !'

*छिमेकीहरूले सुन्तलीको स्वामीतिर खूब हेरेर लख काटे ।*

–'चाला निको रैछ त ? फटाहा ! पाता फर्काउनुपर्ने स्वाँठ !'

८९

# जीउ नै तात्दैन

–'तँ धेरै जान्ने न हो है ! भन्दिया छु नि फेरि !'

*डुब्ने घामको धूलो उडिरहेको बेलामा समरपुरीका नवराज राजाले आफ्नो जुरेलीलाई भने । जुरेली निकै जुरजुर गर्दै वल्लाछेउ र पल्लाछेउ गरेर बुरूकबुरूक उफ्रिरहन्थी । उसको चन्चले स्वभावले कहिलेकाहीँ अप्ठेरोमा पर्थी । नवराज राजा हैरान हुन्थे ।*

–'आज त खूब ठाँटिएर हिँडेको छ नि राजा साहेब त ?'

*जुरेलीको व्यङ्ग्य मिश्रित लवजहरू भुइँमा के भर्न लागेका थिए । नवराज राजाले भट्याइहाले ।*

–'आज त मिटिङ छ, साथीहरूसँग नबसी हुँदै हुन्न ।'

*सबैजना जम्मा भए । देश बनाउने गफ चल्यो । बाटो खन्ने कुरा उठ्यो । पुल हाल्ने योजना बन्यो । केवलकारको चर्चा भयो । एजेन्डा एकातिर छलफल अर्कोतिर हुँदैगयो । चारघण्टा मिटिङ बस्यो । अन्तिम निष्कर्ष कुनै निस्केन । रात पर्‍यो । एकछिन अगाडिसम्म बेजोडले बाझिरहेका सबैले एकस्वरमा भने ।*

–'बाहिर हिउँ परेकोले आज यतै सिरक ओढौँ ।'

*तब जाडोको सिरक ओढ्न सबैले सिरक पसलमा पसेर सिरक मागे ।*

–'साहुजी सिरक छ ?'

–'छ नि त हजुर ! हजुरहरूलाई कुन खालको सिरक ल्याऊँ ?'

*सबैले मुखामुख गरे । सिरक ओढ्न गएकामध्ये एकजनाले प्वाक्क बोल्यो ।*

–'जाडोमा छिटो तात्ने ल्याउनु न !'

*पसलवालाले सबैको गिलासमा पानी सिरक हालिदियो । सबैले ओढ्न सुरू गरे ।*

–'चेयर्स !'

*सबैले सिरक निरन्तर ओडिरहे । रातमा जति ठण्डी बढ्दैगयो । सिरक थप्दै गए । ओढेको सिरकले फालेको तातो रापमा तिनीहरू तिल्मिलाउन थाले ।*

–'ओई ! घर जाउँ हिँड् !'

–'जान्न बूढीले मार्छे ।'

–'बूढीदेखि नि डराउने छेरूवा ! तिमीहरू नजाने त ? म त जान्छु !'

*एकजना तनक्क तन्केर उठ्यो । सिरकसँगै भित्तामा लट्पटियो । अर्कोले उठाउन खोज्यो । ऊ धुन्मुनियो । अर्को झन् सिरकको तातोमा भुईंमै लुटपुट थियो । उनीहरूले पसलको दैलो नछोड्ने देखेपछि साहु सुत्न हिँड्यो । राती तिनलाई सिरकको तातोले कतिखेर छोडेछ । बिहानपख काम्दै एकजना घर पुग्यो । स्वामिनीले आवेगमा झट्काइन् ।*

–'रातभरि कता सबारी भइस्यो राजा ?'

–'कता हुनु मिटिङ थ्यो । साथीहरूले सिरक ओढाइदिए । जाडोमा तातो आयो । उतै सुतेँ ।'

*स्वामिनीलाई रिसले पारा छोड्यो । उसले चिच्याएर प्रश्न सोधी ।*

–'केको सिरक ?'

–'उमम्, तिम्ले बुझिनौ ? त्यही क्या ब्वाइँखट्टे ।'

*स्वामिनीको बेइज्जत भयो । राजाको चरित्रमाथि पनि शङ्का लाग्न थाल्यो । उसले जगल्टा समाई र स्वामी राजालाई भकुर्न थाली ।*

–'के को ब्वाइँखट्टे, कोदो प्रसाद ! कोदोको प्रसाद खाएर खट्टे भन्ने ? हुँ !'

–'बेइज्जत नगर न के, आज हिउँ परेको छ । घरमा जीउ नै तात्दैन त के गरू !'

*त्यसपछि स्वामिनीले चिसो पानीले सिरक पखालेर तातोमा सुकाई ।*

१०.

# पहिचानको टोपी

*हलहलेको डाँडामा खोपी खेलिरहेको गोठालोले टोपी लगाएर सानले बाख्रा चराइरहेको थियो । उसको साथीले आएर प्वाक्क भनिदियो ।*

–'खै ! किन किन मलाई त टोपी लगाउने मान्छेहरू देख्यो कि चोर जस्तो लाग्छ !'

*विचरा गोठालोले उसको साथीलाई के भनौँ के भनौँ जस्तो भयो । ऊ गोठालो भए पनि पहाडको जिङ्ग्रे टाठो ठहरिन्थ्यो । उसले हत्पत भनिहाल्यो ।*

–'ए ! साथी तैले पनि हवाई जागिर खाएर आइस कि के हो ?'

*साथीले पहिला त कुरा बुझेन । पछि कुरा बुझ्दै गयो । अनि उसले भन्यो ।*

–'तँलाई चोर भनेको हैन नि साथी !'

–'जागिर खाएँ भन्दैमा गाउँका गोठालाहरूलाई तँ हेप्नी, ठूलो पल्टिनी ?'

–'मैले भोगेको कुरा मात्रै पो भनेको त । हेर न एकवर्ष भइसक्यो । बडाहाकिम तेरोजस्तै टोपीमा ढल्कँदै आउँछ । कुर्सीमा बस्छ । काम लगाउँछ । तलबको कुरा गऱ्यो । लौ हेर ! यै टोपीमा छ, भन्छ । तलब भने दिँदैन ।'

–'ए ! त्यसो भए त्यो राष्ट्रवादी हाकिम रेछ !'

*उसको साथी तलब नपाएर रन्थनिरहेको बेला बडाहाकिमको प्रशंसा देखेर ऊ झन् अल्मलियो । जिज्ञासा लाग्यो ।*

–'कसरी राष्ट्रवादी त्यो ?'

–'लौ त्यति नि थाहा नपाउने तँ त कस्तो बेचुवा जोदाहा रैछस् । टोपी नेपाली पहिचानको संस्कृति भए नि यो पहिचान विकृतिमा पुगेको छ त

अचेल ।'

–'के उल्लु कुरा गर्छ ! पहिचानको संस्कृति पनि त्यस्तो हुन्छ ? कहिँ नभएको जात्रा हाँडिगाउँमा !'

–'हेर साथी म पनि हाकिम थिएँ । जब हाकिम भएँ । टोपी शिरमा होइन, टेबलमा उत्तानो पारेर राख्न थालेँ । डोनरहरू आए । मेरो टोपी भरिदिए । म दुईचार दिन दङ्ग परेँ । मोजमस्ती, शक्ति, हैकम र सहयोगी सबै प्राप्त भए । त्यो समयमा राष्ट्रवादको आवाज ममा खूब पलायो । जब मेरो टोपीभित्र लोभ पस्यो । बिस्तारै टोपी खाली भयो । त्यसपछि टोपी उल्टो भएर घोप्टियो । त्यै टोपी हो हेर, यो अहिलेको मैले लगाएको पहिचानको टोपी !'

–'उसो भए टोपी लगाउनेलाई के भन्ने त अब ?'

–'हि हि हि हि !'

*संस्कृतिको पहिचान दुवैको शिरको टोपी भुइँमा एकाएक खस्यो र फेरि उल्टो फर्क्यो । केही समय टाउकोमा टोपी नहुँदा चिन्नै गाह्रो । पहिचान नै छैन ।*

**F.आरम्भ ढाँचा**[३] : यहाँ समसामयिक विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश ७६ देखि ९० सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू सामाजिक जीवनको समसामयिक विविध विषय क्षेत्रको घटनामा आधारित छ । कथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरी निर्देशन पङ्क्तिमार्फत लघुकथा लेखन प्रारम्भ गरिएको छ । यसैलाई लघुकथा लेखनमा आरम्भ भनिन्छ । आरम्भिक अनुच्छेदको पङ्क्ति निर्देशनबाट सुरू भए ०.५ स्पेस ट्याव नछोडी एवं संवादबाट सुरू भए ०.५ स्पेस ट्याव छोडी आरम्भ गरिएको छ । निर्देशन पङ्क्तिलाई **बक्राक्रम** *(Italic)* गरिएको छ भने संवादको पद एवं पदावलीका लागि संवाद निर्देशक चिन्ह एवं उद्धरण प्रयोग गरी प्रत्यक्ष्य कथनअनुसार सामान्य लेखन (*Simple writing*) गरिएको छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन मिलाइएको छ ।

## दोस्रो आयाम

# लघुकथामा उत्कर्ष

विषयवस्तुमाथि विचरण, संचरण, व्याख्या, विस्तृतीकरण र गहन भावको उद्‌बोधन लघुकथामा उत्कर्ष प्रस्तुतीका कारणले हुन्छ । लघुकथामा रूपविन्यासको उत्कर्षमय प्रयोग शास्त्रीयताको 'संवृत्त' र 'विवृत' को अर्थमा प्रयोग गर्नुपर्छ । 'संवृतीकरण' बाट रचनाकारले सरल अभिव्यक्तितर्फ विषयवस्तुलाई उन्मुख गराएर लघुआकारको संरचनाको पछिपछि रूपविन्यासलाई उत्कर्षतिर लगाइदिन्छ । 'विवृतीकरण' बाट भने रचनाकार घरिघरी विशिष्ट प्रकारको अभिव्यक्तितर्फ उन्मुखहुँदै बक्र चिन्तनतर्फ अग्रसर हुन्छ । यसबाट कहिलेकाहीँ लघुकथामा अबोधगम्यता पनि प्रकट हुनपुग्छ । त्यसैले लचिलो गहन भाषिक कलाको प्रयोग, कथ्यताको उचाइ, प्रकटित विषयवस्तुको गहिराइ र अर्थको घनत्वपूर्ण अगुवाइबाट मात्रै उत्कर्षको आयामिक घटकीय संरचना बन्न पुग्दछ । भाषाशैलीय विन्यासका रूपमा सकेसम्म सरल वाक्यको प्रयोग, बिम्ब, प्रतीक, मिथक एवं प्राक्सन्दर्भको छोटो छरितो व्याख्यान, अनुभव र अनुकरण गरी लघुकथाको घटनालाई स्थापित गर्नु पनि यसको आदर्श हुनुपर्दछ । यसभित्रको सर्जकीय निर्देशन र पात्रीय संवादको विस्तारित पक्षलाई सचेततापूर्वक प्रयोग गर्नुपर्दछ । यस आयामका संरचनात्मक घटकहरू शाब्दिक, पदावलीगत र वाक्यगत तहका हुन्छन् । यिनै संरचनात्मक घटकको संयोजनबाट निर्देशनात्मक र संवादात्मक अनुच्छेदहरू बन्दछन् । यस्ता निर्देशनात्मक अनुच्छेदहरूमा संवादको समिश्रणसहित न्यूनतम तीनदेखि लामो भए पाँच र छोटो भए अधिकतम सातसम्मका अनुच्छेदहरू रहन सक्दछन् । यिनै अनुच्देदभित्र रहेर घटनाको उत्कर्षलाई लघुकथामा प्रस्तुत गर्नु पर्दछ । लघुकथाको उत्कर्षमा प्रस्तुत हुने अनुच्छेदको संरचक घटकका रूपमा रहने शब्दहरू धेरै वा अनावश्यक कुराहरू प्रयोग हुँदा सर्जकलाई शीर्षकअनुसार सन्देशको मर्म खिपेर पाठकको बीचमा उत्कृष्टभावको सन्देश प्रवाह गर्न गाह्रो पर्दछ । प्रचलित गद्यलेखनमा रूपवैज्ञानिक ढाँचाको आयाममा प्रयोग हुने पेटबोलीको बेहोरा लेखनलाई लघुकथामा उत्कर्ष आयामको सन्दर्भमा प्रयोग गरिन्छ ।

## ◆ उत्कर्ष ढाँचाको लघुकथा–क्रम


९१. दरिद्रता/१९५
९२. उपचार/१९७
९३. उपनिवेशवाद/१९९
९४. घृणाको हद/२०१
९५. यो चिहान !/२०३
९६. राष्ट्रियता/२०५
९७. वीर–शक्ति/२०७
९८. कर्फ्यू यात्रा/२०९
९९. युद्धको राग/२११
१००. बरबाद/२१३
१०१. नजरिया/२१५
१०२. नातेदार/२१७
१०३. अटाली जोस/२१९
१०४. फिक्का/२२१
१०५. राज/२२३
१०६. वर्षा/२२५
१०७. साँध/२२७
१०८. छुकछुक रेल/२२९
१०९. तन्द्राको स्वर्ग/२३१
११०. प्रेसर/२३३
१११. धमिलो पानी/२३५
११२. सेन्टरको घडेरी/२३७
११३. धुम-चक्कर/२३९
११४. टीका/२४१
११५. बुर्का/२४३
११६. किचकिच/२४५
११७. कनिका आतङ्क/२४७
११८. कार्टोग्राफिक खेस्रो/२४९
११९. करूणाको दिन/२५१
१२०. पापी चङ्गा/२५३
१२१. खुरापात/२५५
१२२. थुक दिवस/२५७
१२३. भ्रम वर्षा !/२५९
१२४. भर्त्सना/२६१
१२५. श्रमिक सत्ता/२६३
१२६. सौतेलो जागिर/२६५
१२७. कोटा/२६७
१२८. अवसर/२६९
१२९. आरोपी सभा/२७१
१३०. पीडाको अवतार/२७३
१३१. खँजाहा/२७५
१३२. कोरोना भाइरस/२७७
१३३. निर्विरोध पार्किङ/२७९
१३४. तर्कको पुनर्जन्म/२८१
१३५. बा-प्रथा/२८३

९१

# दरिद्रता

टरङ्‌टरङ् गरेर फोनको घन्टी आयो । मैले वास्ता नै गरिनँ । फेरि दोहोरिएर आयो, उठाइनँ । अर्कोपटक फेरि फोन आइरह्यो । गुप्तवासको दिन *पनि*– कति फोन आएको होला ?, भन्ठानेर फोन उठाएँ । तिखुल्लो स्वरमा एकजनाले *फोनमा*– ल ल बधाई छ !, भनेर भने । एक्कासि झटारिएर आएको फोनमा आश्चर्यलाग्दो बधाईको आवाज सुनेँ । नबुझेर मित्रलाई *सोधेँ*– के को बधाई ?

उसले मलाई रहस्यमै कुराको भेउलाई थाँती राखेर फोन राखिदियो । मेरो मानसिक तनाव त्यसै बढेर आयो । कुराको भेउ खोज्न मन लागेर उसलाई फोन गरेँ । मेरो फोन पटक्कै उठाएन । मन त्यसै भौँतारिन थालेर *सोचेँ*– चुनावी समयमा गाउँमा जाँदा उम्मेदवारले निकै कर गर्दै खाना खुवाएको सम्झेँ । अर्को मनमा कतैबाट पुरस्कार पनि पाइएछ कि भन्ने लाग्यो । त्यो पनि सम्भव थिएन !, त्यसपछि *सोचेँ*– कसैले जागिरमा नाम पारेछ कि भन्ने पनि लाग्यो !, त्यो त झन् सम्भावना नै थिएन । यसरी म बधाईको गुरूत्वपूर्ण अर्थ खोज्न निकै दिन भौँतारिरहेँ । बधाईको भेउ पाउन ठ्याम्मै सकिनँ । केही दिनपछि त्यही पहिलाकै मित्रले मलाई फेरि फोन गरे । उनको स्वर सुन्न नपाउँदै मैले पहिले नै *सोधिहालेँ*– मलाई के को बधाई हँ ?

त्यो मित्र मरिमरी हाँस्न थाल्यो । उसको हँसाइले मलाई व्यङ्ग्य गरेझैँ लाग्यो । उसलाई रन्किलो भाषामा *सोधेँ*– तपाईंले किन सित्तैमा बधाई दिएको भन्नुस्, हैन भने मलाई उल्लू बनाउने अधिकार तपाईंलाई छैन !, त्यो मित्र झन् अट्टहास छोड्न थाल्यो । अट्टहासमा उसले *भन्यो*– भोलि मेरो जन्मदिन छ, मलाई

बधाई दिन बिर्सनु होला नि !, त्यसपछि म एकदिन चुनावी प्रचारमा जाँदा मैले खाएको एकछाक मासुभात सम्झेँर उसलाई *भनेँ*– चुनावी मासु भातजस्तो थियो, त्यस्तै स्वाद जन्मदिने बधाईमा हुन्छ र ?

उसले मेरो औकात देखेर नाकनिक गरेर उपदेश दिँदै *भन्यो*– अब बुझ्नु भो ! धन्धा मान्नुपर्दैन । तपाईंको गुप्तवासमा राहत प्याकेज आउँदैछ । आनन्दले बसिबसी मासुभात खानुस्, के गर्नू ? आफू त चुनावमा पनि हिँडिएन !, उफ्, मेरो जिब्रोमा मासुभातको स्वाद टाँसिएको थियो । मित्रको ध्याउन्नमा मच्चिएको बधाई पनि थियो । सरकारी राहत झुन्डिएको थियो । विपन्न भोकका जीवित भाइरसहरू कतिन्जेल मर्दथे या बाँच्दथे, जान्दिन थिएँ । त्यसैत्यसै अल्मलिएर सोचिरहेँथेँ । मेरो मित्र फेरि फोनमा गनगन गरिरहेको *थियो*– अब न मासु, न भात ! बधाई पनि चाहिँदैन बरू !

मलाई पनि झोक चल्यो । मैले पनि चिच्याएर उसलाई *भनिदिएँ*– मानसिक दरिद्र !

९२

# उपचार

काँडा थियो । फूल त्यसै फुलिरहेको थियो । फूलको दिलमा उमङ्ग के थियो, थाहा थिएन । पुनम फुरूङ्ग परेर झ्यालमा पुगी । भ्रमरको वासनाको रागमा झैँ शब्दहरू प्वाक्क मुखबाट **निकाली,**

– मेरो त चारैतिर आँखा छन् !

– चारैतिर त शैतानको मात्रै आँखा हुन्छ !

– कस्तो नापिया कुरा गरेको ?

– उफ् ! औतारी छाले !

पुनमका लागि खटपटको भनाभनले कृष्णको फुर्क्याइँको प्रश्नोत्तर त्यसै ओइलियो । रातभरि सिकिस्त जस्तै भएकी पुनम सबेरै उठेर अस्पतालको इमर्जेन्सीमा पुगी । डाक्टर थिएनन् । नर्स घोप्टो परेर निदाइरहेकी थिएँ । पुनमका साथै गएका कृष्णले नर्सलाई ठूलो स्वरमा बोलाए । एक नर्स आङ तान्दै उठिन् । यसो आँखा लोलाएर पुनमतिर हेर्दै **भनिन्,**

– लकडाउन छ, होम क्वारेन्टाइन बस्नू !

– ज्यादै गाह्रो भयो लौन, डाक्टर साब बोलाउँ ?

– यहाँ उपचार हुँदैन, सरकारी अस्पताल जानोस् !

– यो अस्पताल होइन र ?, उपचार नहुने ?

– कोरोनाको महामारी छ, अरू रोगी जाँच्दैनन् !

— कोरोना हो कि होइन, त्यो त जाँचिदिनोस् !

— प्राइभेटमा मिल्दैन !

त्यसपछि उनीहरू हतारहतार सरकारी अस्पतालतिर लागे । सरकारी अस्पतालको इमर्जेन्सीमा **पुगे,**

— ज्यादै गाह्रो भो, भाउन्न भयो !

— ए ल ! पख्नोस् है ? तपाईंलाई कोरोना होला सायद, सेन्ट्रल ल्याबमा जानोस् ।

चारहात खुट्टा टेकेर उनीहरू सेन्ट्रल ल्याब पुगे । पुनमको सम्पूर्ण परीक्षण गरियो । बेलुकैदेखि मुर्मुरिएका कृष्णले पुनमसँग **भने,**

— भन्दिया छ, अब चारैतिर आँखा नपुऱ्याउनू है ? नत्र अर्को भाइरस लाग्छ ।

बुझिनसक्नु कुराले पुनम रातोपिरो भई । उपचारमा दुईवटा मनको अनैतिक आँखा फालिदिई । रोगको निदानपछि उसलाई **लाग्यो,**

— भाइरस र भूतको उपचार सकियो !

## ९३

# उपनिवेशवाद

*'तर्स्यौ कि ?'*

*'तर्साउने को हौ तिमी ?'*

*'हि हि सहयोगी !'*

*'प्रेमको दुहाइ दिने ?'*

*'म तिमीलाई खूब प्रेम गर्छु त !'*

*'स्वार्थी माया !'*

विपत्को बेलामा म अरूलाई जोखिरहन्थेँ । उनले मलाई यसैगरी प्रश्न गर्थिन् । म हैरानहुँदै बड्बडाउन थाल्थेँ । मेरो पकेटमा भएको लाइटर सम्झन्थेँ । लाइटर बालेर मेरो सुन्दर जुँगाजस्तै तिनको सानदार परेला डढाइदिउँ जस्तो लाग्थ्यो । बारूद सल्काएर सहयोगीहरूमार्फत ढाड भाँचिदिउँ जस्तो लाग्थ्यो । म तिनलाई मनपर्ने मानिस थिइँन । मेरा लागि श्रम जति मूल्यवान् थिए, तिनका लागि नाफा त्यतिनै अधिकारको विषय थियो–

*'सैतान भूत !'*

तिनको मुखबाट अचानक निस्किएको दम्भको लय हावामा बहेलियो । ध्वनिले कानमा ठक्कर खाएको थियो । मैले तिनलाई केही हल्का बुझेँ । त्यसपछि मलाई झन् औडाहा चल्नथाल्यो । दम्भसँगै शरीरहरू हल्लन थाल्यो–

*'हजुर सतर्क होइबक्सेला है ?'*

आफन्तको सहृदयी सुझावमा मेरो नाक निकै ठाडो भयो । एकसमय आरामले

ढुक्क बसिरहेको थिएँ । एकाएक मेरो नाक भाइरसले चिलाएर आयो । उनैले मेरो नाकमा आनाकानी विनानै पुछिदिइन् । मलाई लाग्यो–

*'यो साह्रै ठूलो षड्यन्त्र हुनुपर्छ !'*

एकाबिहानै आलिशान बार्दलीबाट सडकमा हेरेथैँ । त्यहाँ सयौँ मानिसहरू लडिरहेको देखेँ । मेरा तिनै आफन्तहरू छटपटाइरहेको देखेथैँ । जसले मलाई भोग गरिरहेका थिए । मैले हतपत उनलाई बार्दलीमा बोलाएँ । उनले मप्रतिको आसक्त चेतनालाई आँखा घुमाइन् । नजिकै देखिएको भाइरसबाट मरेको एक लासलाई औँल्याएर मृतकलाई भनिन्–

*'आजदेखि मेरो पुरानो लडाइँ तँसँग समाप्त भयो !'*

म जिल्ल परेँ । तिनको मद, माधुर्य र यौन लीला विश्वबजारमा खूब बिक्री भइरहेको थियो । उनी मानवीयताको अर्थ पैसा चाहन्थिन् । मलाई तलाक पनि दिन खोज्थिन्, पर्खाउँथिन् पनि । फरक्क फर्केर लासलाई थुक्दै बर्बराउँथिन् । मलाई फकाएर भन्थिन्–

*'लडाइँमा न दया, न माया ! बुझ्यौ प्यारा ?'*

बीभत्स लडाइँको त्रासले त्यसपछि मेरो मनमा एउटा विचार पलाइरह्यो । मैले तिनले सुन्नेगरी फलाकिदिएँ–

*'के भाइरस लडाइँ हो ? या प्रेमको ह्रास लीला ?'*

उनी मसँग हतास जस्ती देखिन्थिन् । आफ्नो बचावट गर्दै प्रमाण पेश गरिन्–

*'नो नो, यो लालपूर्जा हो !'*

नैराश्य मदले कायरहरू भागे झैँ म पनि टाढा भाग्न खोज्दथैँ । तिनी भने लालपूर्जा लिएर फेरि अर्को गन्तव्य हिँड्दै थिइन् । तिनको लालपूर्जामा वर्गशत्रु सङ्क्रमणको जोखिम थियो । नजिकै उभिएर यो दृश्य हेरिरहेको लठेब्रो मान्छेले सङ्केत गर्दै मलाई नबुझेर सोध्यो–

*'पुँजीवाद र बेस्यामा के फरक छ ?'*

*'खोइ ! थाहा छैन !'*

*'कसलाई थाहा हुन्छ त ?'*

*'म पनि त तपाईंजस्तै लठुवा न परेँ ।'*

उफ् ! मेरो लालपुर्जामा उनको मोहियानी हक कसरी लेखियो ? आफैँलाई पत्तो भएन । अनुमान लगाएँ–

'हि हि उपनिवेशवाद !!!'

९४

# घृणाको हद

*'आराम छौ नि ?'*

*'एकदम स्वस्थ छु !'*

*'कुनै अन ईजि फिल ?'*

*'छैन छैन, कम्प्लिटली फ्रेस छु !'*

विदेशबाट छुट्टिमा आएकी रिनालाई आफ्नो बाबाले केराइरहेका थिए । उनको मनको त्राससँग रिनाको भविष्य जोडिएको थियो । वैश्विक रोगको आतङ्कले सबैलाई सताएको थियो । सबल मानसिक उमङ्गमा बाँचिरहेकी रिनालाई उसकी मामुले खाना खाने बेलामा भनिन्–

*'विदेशबाट आएको, भाइरस होला है नानी तिम्लाई ? अलि पर सरेर बस !'*

मामुको यस्तो आतङ्कित चिन्तन शैली देखेर रिना वाल्ल परी । एकछिन टोलाई । अगाडि रहेको खाना त्यसै मुछेर उठी । बार्दलीमा उभिन पुगेकी रिनाको मनमा संशय र शङ्का छुट्यो–

*'मसँग भाइरस ?'*

विश्वभरि फैलिएको भाइरसले बाबाआमामा आएको त्रास र रिनाको मनमा फैलिएको भाइरसको त्रास सायद एकै थिएन । विषय सोचनीय थियो–

*'अई, साथी हेर त ! बार्दलीमा कोरोना भाइरस ?'*

लकडाउनको समय थियो । रिनालाई बार्दलीमा देखिएको थियो । छुट्टीमा आएकी सुन्दर स्वरूपाको उसको चेहरा देख्ने बित्तिकै टोलका मान्छेहरू त्रासले कराए ।

हल्लाखल्ला गरे । पुलिसलाई रिपोर्ट गरे । आ–आफ्नो घरको ढोकाको छेउमा बसेर उसलाई देखाउँदै नारा लगाउन थाले–

*'विदेशी भाइरसदेखि सावधान !'*

रिना निरूत्तर बनी । केही बोल्न सकिन । भित्र पसी । एकछिनपछि पुलिस दलबलसहित उसको घरमा पुग्यो । पहिला वरपर डि-इन्फेक्सन स्प्रे गऱ्यो । टाढैबाट घरको मान्छेलाई बोलायो । उसको बाबाले झ्यालबाट हेरे–

*'यहाँ विदेशबाट आएको भाइरस ?'*

*'विदेशबाट आए ! मान्छे कि भाइरस ?'*

*'याने भाइरस लागेको मान्छे !'*

पुलिसले केरकार गर्न लाग्यो । रिनाको बाबाले यथार्थ कुरा बताए टोलको उजुरी र पुलिसको आदेश बीच केही उपाय नचलेपछि रिनालाई पिपिई ओडाएर भ्यानमा राखियो । सुनासान परिवेशका बीच टोलका मान्छेहरूमा सन्तोषको निःश्वास देखियो–

*'अब टोलमा भाइरस सकियो !'*

बाबाआमाबाट दिएको घृणा भावको वचन थियो । टोलको सामाजिक भाइरसको घृणित भाइरसका रूपमा पक्राउ गरिएको रिनालाई अस्पतालले केही समयमा फाइण्ड आउट गऱ्यो–

*'नो इन्फेक्टेट कोरोना भाइरस !'*

जब अबोध जीवनको सामाजिक उत्तरदायित्वको प्रश्न गम्भीर थियो, तब म समाजबारे सोचिरहन्थेँ–

'शङ्कालु घृणाको हद !'

९५

# यो चिहान !

— कोरोना भाइरस ?

— हैन हैन शैतानी भूत !

हतास मनका बीचमा रहेका आक्रान्त कीराहरू यस्तै वातचित् गरिरहेका थिए । विश्वबजारमा देखिएको आतङ्क पेचिलो र कसैका लागि त्रास थियो । उनीहरू कीराका रूपमा रहेका थिए । अन्जान भाइरसदेखि त्रसित तिनीहरूलाई सुरूमा आफूले आफैलाई सताएको थियो । अचेल मौसम बदलिएको थियो । मनको त्रास त छँदैथियो । भाइरसको भयले आँखाअगाडि लथालिङ्ग देखिएको **थियो,**

— टोटल्ली लकडाउन !

यो समाचार सुनेपछि सब मानिसको मन आतङ्कित थियो । जुनाको हातमा ग्यासको सिलिन्डर झुन्डेको थियो अर्थात् उनी बेलुकाको खाना जोरिरहेकी थिइन । ती गृहिणीले बजारमा पुलिसले गरेको अर्को माइकिङ **सुनिन्,**

— विश्वमन्दीको चपेटामा अर्थतन्त्र !

अस्पतालमा भएको छोराको ज्वरो ठ्याम्मै नओर्लेर हैरान भएका उनका बूढा छेवैको शैयामा छोरालाई कुरिरहेका थिए । अर्को शैयामा बिरामी रहेकी वृद्धाले रोदनमा **बर्बराइन्,**

— हे ईशु ! मलाई बचाउ !

करूणा र देहको दुहाइमा छट्पटाइरहेकी ती वृद्धाको जीवन लीला केही बेरमै खुस्कियो । अर्कोतिर बालक छेउमा भाइरस पीडाले उफ्रिरहेथ्यो । उसको मुखबाट केवल शब्दहरू **निस्कन्थे,**

– मलाई बचाऊ ! म बाँच्न चाहन्छु !

भविष्यका उसका सपनाहरू कराइरहेथे । दयाको भिक र निष्ठुरताको कदमका अगाडि उसको प्राण टिक्न सकेन । जुनाको हातको सिलिन्डरमा मात्रै ग्यासहरू रित्ता थिए । उसलाई अस्पतालबाट खबर **आयो**,

– उसका लागि कफिनको बन्दोबस्त गरिएको छ । ढुक्कले होम लकडाउनमा सुरिक्षत भएर बस्नू !'

त्यसपछि निनाले अन्तिम शब्दमा छोराको मृत्युको वेदनाको पीडामा **बोली**,

– हरे भगवान् मेरो भविष्य सकियो !

अस्पतालमा देखिएका भाइरसका शैतानी रूपहरू जस्तै यस्तै भाइरसका जोखिमहरूमा विश्वबजार कुदिरहेथ्यो । बजारमा देखिएको भाइरसको बिगबिगी र अस्पतालको शैयामा रहेका भाइरसहरूमा देखिने जोखिममा के नै फरक छ र ? कीराहरूको काम मानवजगत्को हमला न हो ! होम लकडाउनको झ्यालबाट परतिर चिहाएर हेरेकी जुनाले स्वयम् सेवकहरूको दृश्य देखी । अगाडि ठूला खाडलहरू देखिन्थे । खाडलमा सेता पोकाहरू खसिरहेका थिए । उसलाई त्यो दृश्य देखेर नर्कको रौरबकुण्ड झैँ लागेर आयो । आक्रोश, विस्मय, बीभत्सता र उदेक सोकको अमिलो रोदनमा अत्तालिँदै **कराई,**

– भाइरसले बनाएको यो चिहान !

९६

# राष्ट्रियता

— भ्रष्टाचारीको राष्ट्रियता हुँदैन !

आम जनताको आक्रोश सुनिएको थियो । मुर्मुरिने समाजका मानिसहरूका समेत कति निदहराम भएका होलान्, भन्न सकिने विषय **थिएन**,

— भ्रष्टाचार कसले गर्छ ?

मेरो मनमा उठेको सहज प्रश्नसँग मिथ्या आरोप मात्रै हो, भन्ने लाग्थ्यो । कहिलेकाहीँ रिस उठेको बेलामा मुखबाट शब्दहरू पनि **निस्कन्थ्यो**,

— कर्मचारी, व्यापारी, नीति निर्माता वा उच्चपदस्थ हाकिमहरू !

उनीहरू आफ्नै देशमा नीति चलाउँथे । विल भर्पाई मिलाउँथे । बिहान यहीँ उठ्थे । राती यतै सुत्थे । भ्रष्टाचारको कारोबार तिनकै देशमा हुन्थ्यो । मनमा फेरि **लाग्दथ्यो**,

— भष्ट्राचारी त हुन्, तर तिनको कसरी राष्ट्रियता छैन र ?

नागरिकता यहिंको छ । पेसा, व्यवसाय र बसोबास यहिं छ । खानपान र उठबस पनि यहिं छ । राष्ट्रियताको प्रश्न मेरा लागि पेचिलो बन्यो । पेचिलो प्रश्नको बीचमा अराष्ट्रिय भ्रष्टाचारी तत्वको पहिचान गर्न भौँतारिएको थिएँ । रेडियोमा समाचार **सुनेँ,**

— भ्रष्टाचारको आतङ्कबाट बच्न अब लकडाउन !

यो समाचारले गदगद् भएँ । सबैलाई खबर सुनाएँ । आमजनतालाई पनि यस्तै **लागेथ्यो,**

– भ्रष्टाचारका अराष्ट्रिय तत्वहरू फेला पर्ने भए । तिनीहरू खोरमा जाकिने भए ।

बाटोमा निस्किएको थिएँ । एउटा पुलिसले मलाई च्याप्प समातेर **भन्यो,**

– मर्ने मन छ कि के हो ?

–– किन रोकेको मलाई ? म स्वतन्त्र हिँड्न पनि नपाउने ?

अलमल्ल परेर उसलाई जवाफ फर्काएँ । ऊ पनि एकपटक त अलमल्ल पर्‍यो अनि **भन्यो,**

– पक्डेर क्वारेन्टाइन लैजाउँ ?

–– किन लाने क्वारेन्टाइनमा ?

उ बेसरी मरीमरी चिल्लाएर हाँस्यो । सरकारी सूचना पढेर सुनाउँदै **भन्यो,**

– अराष्ट्रिय भ्रष्टाचारीको बिगबिगी !

–– अहिले कोरोना भाइरसको पो बिगबिगी छ त !

– त्यही त तपाईं कुरा बुझ्नुहुन्न के ! यही त हो अराष्ट्रिय भ्रष्टाचारी । अराष्ट्रिय भएकोले इन्टरपोलले पनि समाउन सक्दैन । यसबाट बच्न आफै क्वारेन्टाइन याने खोरमा बस्ने ल अब !

–– के त्यसो भए यहाँका भ्रष्टाचारीहरूको राष्ट्रियता छ त ?

तर्कहरू सुनेर पुलिस आजित थियो । मेरो प्रश्नलाई अराजक सम्झ्यो । एकलट्टी स्वाँट्ट डँडाल्लोमा सुम्ला बस्ने गरी हिर्काएर **भन्यो,**

– अराष्ट्रिय भाइरस ! अब धेरै हैन है, खुरूक्क होम क्वारेन्टाइनमा जाने !

डँडाल्नोको सुम्ला सुमसुम्याएपछि बल्ल थाहा **भो,**

– राष्ट्रियता !

१७

# वीर-शक्ति

*'थप्पड हानूँ ?'*

हेपाहा झाँक्रिले एक कठोर वचन भन्यो । बिरामी हराम थियो । त्यसै त्यसै नसामा फैलिएको रगतमा हेपिएको उम्लँदो ज्वार उठेर **भन्यो–**

*'भाइरस मऱ्यो !'*

समाचारको हेडलाइनमा मेरो आँखा त्यसै पुग्यो । एकातिर अस्पतालमा झाँक्रीको ढ्याङ्ग्रो थियो । अर्कोतर्फ आँखामा परेको समाचारको हेडलाइन पनि थियो । बिरामीको रूपमा बसेको मेरो हालत पनि त्यस्तै खराब थियो । त्यसपछि अस्पतालमा मेरो आँखा रोग परीक्षण कोठामा **पुग्यो–**

*'अनुमति विना प्रवेश निषेध !'*

*'वाइयात सूचना !'*

म कराउन थालेँ । इन्फेक्टेड कोरोनासँग हल्लिरहेको थिएँ । कोरोनाको आभामा जीवनतत्व घुमिरहेको थियो । परीक्षणका लागि थप्पड खाने अर्को बिरामीसँगै उभिरहेको **थिएँ–**

*'मेरो कोरोनाको परीक्षण कति बेला ?'*

*'ह्या ! पख्नुस् न टेस्टकिट् आउँदै छ । टाइम लाग्छ !'*

प्रयोगशालाको जवाफ पाएपछि कोरोनोको चाप बोकेर चिकित्सकको कोठामा पुगेँ । विन्ती गरेँ । उनी मुख छोपेर बसेका थिए । बोलेको सुनिँदैन थियो । 'कोरोनाको बिरामी' भन्ने बित्तिकै चिकित्सकले छिँ छिँ गर्दै हाच्छिउँ गरे । मलाई आइसोलेसनमा रिफर गरे । आइसोलेसनमा जब पुगेँ । त्यहाँ सबै बिरामीहरू

मलाई हेरेर घुरिरहेका थिए । तिनीहरूको कुनै शब्द थिएन । नर्सले एउटा बेडमा मलाई बसाइन् । स्लाइन झुण्याइन् । हातको नसामा थुप्रै ड्रिप गरिन् । ड्रिपबाट पानी बगेको थियो । रगतहरू चुहिरहेको थियो । अस्पतालको त्यो झापड पनि मलाई ननिको लाग्यो । रन्थनिएको मेरो दुःखी आत्माले चिच्याएर **करायो–**

'सिष्टर मलाई त खूब चाप्न थाल्यो ?'

*'चुप लाग्नु के, तपाईंलाई कोरोना छैन होला ।'*

एकछिन चुप लागेँ । अलि होइन कि जस्तो पनि लाग्यो । आरामी भने उस्तै थियो । आइसोलेसन वार्डमा कोरोनाको कारणले सुतेका बिरामीहरू थिए । त्यो बिहान रोगबाट सङ्क्रमितका लागि मन्त्रीज्यूबाट भिजिटको रूटिन थियो । मन्त्रीज्यू खूब पोजका साथ शालिन मुद्रामा आइसोलेसन वार्डमा प्रवेश गरे । उनीसँग मन्दमुस्कान र बिरामीहरूको साथमा मलिन चेहरा थियो । छटपटाहटका बीचमा चिकित्सकको रिपोर्टिङ्ग चलिरहेको थियो । बेलाबेलामा मन्त्री मुन्टो हल्लाउँथे । यत्तिकैमा एउटा बिरामीले मन्त्रीज्यूलाई हात जोडेर **सोध्यो–**

'हजुर ! हाम्रो चेकअप कहिले हुन्छ ?'

*'ए, तपाईं पनि कोरोनाको चेकअप गर्ने हो ? पख्नुस् है ? भर्खर टेन्डर सकियो, कुरा नमिलेर हैरान छ ! छिटै हुन्छ !'*

बिरामी छटपटिएर दिनहुँ कुरिरहेका थिए । त्यसपछि मानवीय संवेदनालाई ध्यानमा राखे । उनीहरूद्वारा मलाई भोलिपल्ट होम क्वारेन्टाइनमा रिफर **दिइयो–**

*'भ्रष्ट रोग !'*

मेरो मुखबाट अचानक यी शब्दहरू निस्के–

*'काँक्रो चोरलाई मुड्की सास्ती !'*

९८

# कर्फ्यू यात्रा

*'थाहा पाइस् ?'*

भागाभागमा आइरहेका गाउँलेहरूले पोका पन्तराधारी मान्छेहरूलाई सोधे । कसैले पनि जवाफ फर्काएनन् । बरू नीलो चेहरामा अमिलो मनका साथ उकालो उक्ले । पुरानो छप्पडको दैलोमा पथिकहरू पुगे । दैलोछेउ पुगेका पथिकले ट्यास्स **भने–**

*'पाउ लागि बा !'*

*'आफ्नै परिवार भोकभोकै मार्ने हराम !'*

अत्यन्त तिखो र व्यङ्ग्यपूर्ण वचन थियो । लामो जीवनको यात्रामा दुःख भोगिरहेका थिए । पचासी वर्षे बूढोले घर कटेरोमा छिर्न लागेको अधबैंसे छोरासँग रिसाए । पथिक सहरमा थियो । सहरमा खूब आनन्द र सोख छँदैथियो । सहरतिर लुट, छल र भ्रष्ट कलामा निकै उत्कृष्ट उसको जीवन अब्बल बनेको थियो । वृद्धको आक्रोशमा पथिक बोल्न सकेन । यतिमै छिमकीले दया एवं हृदय विदारक उद्घोषले **सोधे–**

*'ओहो कस्तो चिन्नै नसकेको सहरियालाई ! उता के छ ? अचेल !'*

बोल्न नसकेको पथिकले घोसे मुन्टो लगायो । सुइय्य सुस्केरा हालेर पुर्पुरोमा हात राख्यो । टाढा हेरिरह्यो । गाउँलाई हिजोजस्तो देखेको थियो, त्यस्तो देखेन । सहरको सुख भोग सम्झ्यो । उसलाई सहरको आदर्शले दम्भ थियो । जब फेरिएको गाउँमा ऊ पुगेथ्यो, त्यसै दम्भका चेतहरू चाउरिन **थाले–**

*'सहरतिर के छ दाइ ?'*

गाउँको पुरानो आफ्नो दौँतरीले सोध्यो । खिस्रिक्क परेर उसले जवाफ दियो–

*'कस्तो हुनु उस्तै त हो नि !'*

*'सहरमा त कस्तो आनन्द होला है ? दाइ !'*

पथिकको कन्चट त्यत्तिकै तात्न थाल्यो । घुँडामाथि चिउँडो राखेर लोप्रियो । सहरमा लुटेरै भए पनि जोडेको के थिएन र ? तर आज उसको त्रास किन बढ्यो ? गाउँका अरूलाई थाहा थिएन । वृद्ध बेलाबेला **बर्बराउँथ्यो**–

*'हुने हार दैव नटार !'*

यो कुराले कुनचाहिँको मुटुमा वेदनाले छियाछिया हुँदैन थियो होला र ! बाध्यतावस यस्तै कदमहरू आइलागेको **थियो**–

*'उखानसुखान हैन, बरू खोलेफाँडो चाहियो !'*

दुई दिनदेखि महामारीले भोकको सिकार भएको पथिक पश्चाताप मिश्रित स्वरमा झर्किरहेको थियो । गाउँलेहरूले प्रश्न **गरे**–

*'सहरको सुख कस्तो हुन्छ ?'*

*'कस्तो हुनु, उन्नत !'*

*'त्यसो भए उहिल्यै छोडेको वृद्ध बाबुको घरको सम्झना किन त ?'*

*'उता महामारीले अचेल आफ्नो कारोबार बन्द छ, कर्फ्यू छल्न यता आएको ?'*

*'ए ल ल भयो, बल्ल थाहा भो दुःखी गाउँमा तेरो कर्फ्यू यात्रा !'*

*'धेरै टेन्सन नदेओ है बाँच्नु परेन ?'*

हीनताबोधमा ज्यान बचाउन गाउँ पसेको पथिकसँग अचेल धाक धमाका हान्ने कुनै दरिलो शाब्दिक प्रयोजनहरू थिएनन् ।

९९

# युद्धको राग

थिएटरको पहिलो दृष्य थियो । सधैँ अर्काको लागि वीरताको पगरी गुथ्ने नरबहादुरको मनमा उत्साहको लोभ थपियो । उसका नसा नसामा देश र जनताको मुक्ति र प्रगतिका लागि जोशको प्रवाह बढ्न थाल्यो । फूर्तिलो उसको भावनामा साहसको रङ्ग मिश्रण भयो । उसले निकै विचार *गऱ्यो*– शासकद्वारा आक्रान्त, पीडित तथा सर्वस्व लुटिएका नागरिक दमनको बदला !

सर्वहारा श्रमजीवि वर्गको नेतृत्व लिने निर्णय गऱ्यो । आफू हेपिएको थुप्रै अनुभव पनि थियो । नरबहादुरले श्रमजीवि जनताको मुक्तिवाद पढ्यो । *उसले*– जनताको मुक्ति आफ्नो मुक्ति र राष्ट्रको मुक्ति हो, भनेर निष्कर्ष निकाल्यो ।

उसमा क्रान्तिकारिता दृढ थियो । धेरै समयपछि नरबहादुर देशमा कहलाइएका जनवादी नेता गनियो । सामन्तहरू हुँकार छोड्न थाले । सत्तासीन शक्तिहरू दमन गर्थे । भूमिगत मोर्चाबाट मुक्तिकामी जनताका लागि थुप्रै क्रान्तिकारी मसला बजारमा आइरहेथ्यो । मुक्तिकामी जनताहरू क्रान्तिका पोका *लुट्थे*– युद्धको भ्रम ! बजारमा सामन्ती राज्यसत्ता विरूद्ध गगनभेदी नारा लगाएर जुलुस थियो । प्रहरी तैनाथ थियो । मुक्तिकामी जनताले मिर्मिरे आशा कतै देखेनन्, सब भाग्न थाले । आश्वासन यतिधेरै बढ्यो । सबैतिर त्यसको भाउ घटेर गयो । बजार, सडक, चोक, कुना, गल्लिमा क्रान्ति आयो । काम आएन । नारा जुलुश आयो । पत्रपत्रिकाहरू बेफुर्सदी थिए ।

नरहादुरको फोटो एउटा पत्रिकामा धेरै वर्षपछि देखियो । जोश उस्तै थियो ।

पोज उस्तै थियो । उसको भावनामा कुनै फेरबदल नभएको चर्चा सर्बत्र थियो । पत्रकारहरू नरबहादुरलाई भेट्न खूब चाहन्थे । मुक्तिका खातिर बलिदानी भावना, सिद्धान्त, कार्यक्रम र चरित्रबाट देशको निकै माथि उठेको थियो । 'बरिष्ठ' उसको नाम थियो । क्रान्तिपछि नरबहादुरले देखेको सपना एकदिन पूरा हुनेभयो । उसमा नयाँ क्रान्तिकारी योजना फुर्नु थियो, फुऱ्यो । राज्यसत्तामा उसको बोलवाला रह्यो । उसको इशारामा सारा देश नाच्न थाल्यो । उसको आदेश प्रभुको अमृत वचनमा परिणत भयो । अन्तिम दृष्य *थियो*– भयानक दुस्साहस ।

एकदिन नरबहादुरले आफ्नो अनुहार र सिनेमाको क्रुरव्यक्तिको अनुहारलाई ऐनामा एकै देख्यो । खिस्स हाँस्यो । जुम्रा, उपियाँ, उड्डुस, जुका, फट्याङ्ग्रा क्रान्तिकारीहरू फेरि सडकमा ओर्लिएपछि विगत सम्झेर *सुलेलिरह्यो*– युद्धको सिम्फोनिक राग ।

१००

# बरबाद

सुप्रियाको तल्लो पेट खूब दुखेर आयो । अस्पताल भर्ना भई । डाक्टरले सबैप्रकारको स्वास्थ्य जाँच गरे । अन्त्यमा एउटा जवाफ **दिए**–

*'अरू सबै रिपोर्ट ठीक छ ! एउटा एमआरआई गरेर हेरूँ अनि रोग कन्फर्म गरूँला !'*

आफन्तहरू सुप्रियाको दुखिरहेको तल्लो पेटको तनावले चिन्तित थिए । उनीहरूले छिटो छरितो एवं विश्वस्त एम आर आईबारे सोधे । डाक्टरले रिफर गरिदिए । अर्को अस्पतालमा एम आर आई गरियो । रिपोर्टमा लेखिएको **थियो**–

*'मे बि सिवियर ओभरी क्यान्सर !'*

त्यसपछि सुप्रियाकी डाक्टरले उसलाई अप्रेसन गर्ने सल्लाह **दिइन्**–

*'अप्रेसन छिटो गर्नुपर्छ नत्र ज्यान खतरामा छ !'*

आफन्तहरू कालोनीलो भएर छटपटाउन लागे । कलिलै उमेरमा खतरा रोग लागेकोले सबै चिन्तित भए । अर्को एसिष्टेन्ट डाक्टरले रेकर्ड केलायो । सर्जरी डाक्टरले उसको बूढालाई छुट्टै बोलाए । डाक्टरले सभ्य, मुलायम र शिष्ट भाषामा सल्लाह **दिए**–

*पैसाभन्दा पनि जीवन ठूलो हो, तुरुन्त आँटनोस्, नत्र ज्यान यसै भन्न सकिन्न !'*

सुप्रियाका आफन्तहरू झन् आत्तिन थाले । उनीहरूको होस् उड्न थाल्यो । केही घण्टाभित्रमै सुप्रियाको परिवार छाँगाबाट खसेझैँ भए । उनीहरू सबैजनाले छेउमा

बसेर शङ्कापूर्वक निर्णय गरेपछि डिस्चार्ज अफिसरलाई **भने–**

*'आज एकरात बिरामी डिस्चार्ज गरिपाउँ । भोलिबिहान खर्चपुग्ने पैसासहित बिरामीलाई लिएर आउँछौँ ।'*

डिस्चार्ज अफिसरले मानेनन् । त्यसपछि एसिष्टेन्ट डाक्टरकहाँ पुगे । उनले पनि मानेनन् । त्यहाँबाट उनीहरू गाइनाकोलोजिस्टकहाँ पुगे । उनले आफन्तलाई झपारे । अन्त्यमा सर्जरी डाक्टरकहाँ पुगे । आफ्नो समस्या सबै बुझाएर सर्जरी डाक्टरले अड्को **थापे–**

*'बिरामीको अप्रेसनका लागि, एनेस्थेसिया स्टाफ, क्योरिङ स्टाफ र बेडको पैसा तिरिसकियो । अब त बिरामीलाई फर्काउन मिल्दैन, मिल्दै मिल्दैन ।'*

त्यसपछि अस्पतालको प्राङ्गण वरिपरि सुप्रियाका आफन्तहरू निकै चिच्याए । उनीहरूको रिसको कुनै सीमा रहेन । खुब **कराए–**

*'के यो बिरामी स्वादिष्ट कुखुरा हो ? सबको तृष्णा मेट्न भुत्ल्याइभुत्ल्याई खुइल्याउने !'*

पेसेण्ट पाटीको रिसको चपेटामा परेका सबै डाक्टरहरू यताउता थिए । बोल्ने आँट कसैको थिएन । अरू स्टाफ पनि वाल्ल परिरहेका थिए । कताकताबाट मोबाइलको घन्टी कसैलाई आयो । छेउ लागेर बात मारे । मधुरो, तर टाढासम्म रहेको आवाज हतासको **थियो**–

*'अप्रेसनको ज्वाइण्ट भेन्चर विजनेसको कमिसन यसपालि त अलि बढाउनुपर्छ है ?'*

फोनको धमिलो स्वरमा हतास मनसँग बेहोसीहरूको अप्रेसन चलिरहेको थियो, **सुनियो**–

*'पेसेन्ट पाटी खूब चलाख रैछ, बरबाद भो आज !'*

सुप्रिया ट्याक्सीभित्र थिई । आफन्तहरू हल्ला गर्दैथिए । अस्पतालको गेटमा एकजना चिनेको आगन्तुकले **सोधे**–

*'सुप्रियाको खाइकुफत निको भो ?'*

१०१

# नजरिया

बर्थ-डेको रमझम र सिँगारपटारको सौन्दर्यका साथ भीडमा तोयानाथ नाचिरहेका थिए । एकअर्कोलाई निकै आदरसाथ व्यवहारिक जीवन चलाइरहेका थिए । खानदानीहरू बीच एकाएक एकजनाले अपुष्ट समाचार **भनिदिए**–

*'निर्मली त बिरामी परिछ, आउन सक्दिन रे !'*

महामारी रोगको बिगबिगीका बीच सबैमा जिज्ञासा जुरूक्क उठेर आयो । उनीहरू सबैले एउटै प्रश्न **गरे ।**

*'निर्मलीलाई के भएको रे ?'*

समाचार सुन्ने ज्ञाननाथ चुप लागे । उनले सबै कुरा भन्न चाहेनन् । यो विषय नभन्न पनि सक्दैन थिए । भने पनि समस्याको विषय थियो । उपस्थित सबैजनाले दोहोऱ्याइ तेहऱ्याइ सोध्न थाले । ज्ञाननाथ सबैको गनगन र जिज्ञासाका अगाडि बाध्य थिए । उनले अनकनाउँदै **भने**–

*'उसलाई कोरोना भाइरस भएको रे ! अस्पतालमा भर्ना गरिएको छ अरे !'*

एकाएक रमझमको बेला सबैको मानसिकता त्रास र संशयमा परिणत भयो । महामारीको विश्वव्यापी हल्ला एवं सन्त्रासले मान्छेहरूमा मनोवैज्ञानिक आतङ्क थियो । उपस्थित सबैजना यसबाट अछुत थिएनन् । हतार हतार सबैजना बर्थ-डेको रमझम छोट्याएर कोठामा पुगे । एउटाले बाटैमा हाच्छियुँ गऱ्यो । अर्की महिलाले ढोकाबाट छिर्ने बित्तिकै शङ्का गरेर **भनी**–

*'मलाई पनि कोरोना आयो कि क्या हो ?'*

अर्को एकजना मोटेले पार्टीबाट उठ्दाउठ्दै सबैलाई सुनाएर **भन्यो**–

'केक खाएको तुरून्तै टाउको रन्केर आयो ।'

अर्को तर्कालुले गम खायो । आफ्नो भविष्यवाणी **गरिदियो**–

*'यै फुच्चीले आमा चाहिनेसँग सारेर आइछ कि क्या हो ? हट उता !'*

मिलेर बसेका खानदानका परिवार एकाएक शङ्का र संशयमा दोषारोपण गर्न थाले । बिहान बेलुका पनि भेटघाट हुन छोड्यो । उनीहरूमा निकै लामो समयसम्म बोलचाल पनि भएन । सामान्य उपचारपछि निको भएर एकदिन निर्मली बाटोमा हिँडेकी थिई । उनीहरूले भेटेर पनि ऊसँग बोलेनन् । उनीहरूमा निकै ठूलो स्वास्थ्य अज्ञानताको शङ्का थियो । निर्मलीलाई देख्नेहरू मानसिक सन्त्रासले झन् भागाभाग गर्न लागे । सबैकी निर्मलीले चित्त दुखाएर **भनी**–

*'के म पनि अछुत भएँ ? अब !'*

सबैले मुखमा मुखौटो राखेर तैँ चुप मैँ चुप भए । लज्जा बोधले **बर्बराए**–

'भ्याक्सिन पाएपछि लगाउनू ल !'

१०२

# नातेदार

पारितिरको उर्वर माटो, रसिलो मैदान, कञ्चन पानी, चिसो वायु र हरियालीहरू देख्दा कसलाई पो लोभ नलाग्दो होला र ? हल्दिरामले एकदिन राजकुमारीजस्ती छोरीलाई बोलाएर भने,

– अब तिम्रो विवाह गर्नुपऱ्यो ।

लाड प्यारमा उम्लिएकी छोरीले हल्दिरामलाई सर्त राखेर भनी,

– राष्ट्रपति बनाउनेसँग मात्र विवाह गर्छु, नत्र कसम, भयो, गर्दिनँ ।

हल्दिरामलाई अप्ठेरो पऱ्यो । भएको एउटा छोरीको बिहे पनि उनले गर्न सकेनन् । समाजबाट उनको हुर्मत जाने पक्का थियो । त्यसपछि उनले पहिलेदेखि आँखा लगाइरहेको पारितिरको उर्वर भूमिमा एउटा दुलाहा थियो । खोज्न भौँतारिँदै हिँडिरहे । उनले बाटोमा धेरै छोकडाहरूलाई भेटे । सबैले एउटै प्रश्न सोधे,

– दाइजो कति आउँछ ?

हल्दिरामलाई मनमा लाग्यो । हेर्दा भावरिया सुतारजस्ता मान्छेहरू थिए । उनले तिनीहरूसँग प्रश्न गरे,

– दाइजोको विषय कसरी थाहा पायौ ?

भावरियाहरू बोलेनन् । लज्जा र संशयमा टाउको निहुराएर चुपाचाप बसिरहे । त्यसपछि हल्दिरामले बोले,

– ल ठीक छ ! मेरो एउटा राजकुमारी छ ! बिहे गर्ने भए, राजकुमारीको सर्तहरू छन्, मान्छौ ?

– मान्न त मान्छौँ तर सर्त के के हो ?

– नागरिकता र राष्ट्रपति जन्तरमन्तर !

भावरिया समाजमा जन्तरमन्तरको ठुलो प्रभाव थियो। राजकुमारीबारे हल्दिरामको बयान सुने। झन् लोभिए। एउटा सर्त राखे,

– त्यसो भए मनग्गे दाइजो कति आउँछ त ?

– त्यो त मागे जति अबश्य आउँछ ! ढुक्कसँग राजतिलक पनि पाउँछ !

बाटोमा फर्कंदैगर्दा युवाहरूलाई मनमा गर्मी चढ्न लाल्यो। बस्तीको गरिबी छट्पटाउन थाल्यो,

– उफ् ! रातारात राजकुमार हुन पनि पाइने ! मनज्ञ दाइजो, गरिबबाट धनाढ्यको सान, त्यसमा स्वास्नी राष्ट्रपति भएपछि पिएको जागिर आफ्नै खोपीमा चल्ने !

सुहाग रातपछि प्रियाका लागि बजारभरि नागरिकता माग्न थाले। जतातिर पुगे पनि तिनले नागरिकता नपाएपछि राजकुमारीले निहुँ खोजेर भन्न थाली,

– मलाई अनागरिक बनाउने ?

– नागरिक बनाउँछु नि ! मेमसापकै लागि उफ्रिरहेछु त !

भावरिया केटाहरूलाई लज्जाबोध हुनथाल्यो। स्वास्नीलाई कजाउनुपर्ने ठाउँमा उसैले कजाउन थाली। गोडा छोएर कसम खान थाले,

– रोटीबेटीको सम्बन्ध !

एकदिन भावरियाकी स्वास्नीले आफ्नो लफङ्गा पोइबारे हल्दिरामलाई दुखेसो पोख्दै भनी,

– लोग्ने त गएको नामर्द झोले परेछ !

हल्दिरामले पुर्पुरोमा हात राखे। छली आँखाले दिएको भ्रममा एकछिन गम खाए। राजकुमारीलाई सम्झाउँदै भने,

– चुप, जेहुनु थियो, भयो, झोलेहरूसँगै इज्जत गयो !

पिना पानीको बहसमा मुख्य चर्चा दाइजोको थियो। कागले कराउँदै भन्यो,

– जे भए पनि नातेदार !

१०३

# अटाली जोस

सासू बज्यैले बुहारीलाई एकाबिहानै कनकन गरिन–

'अधिकार चाहिने भए, यस घरको नृत्य कर्म गर्नू !'

बुहारी चतुर र पढे लेखेकी थिइन् । उनले सासूलाई फकाउँदै भनिन्–

'नित्यकर्म कसरी गर्ने ?'

सासूले आफ्नो पुरानो ढाँचाको नित्यकर्म सबै बताएपछि फेरि थपिन्–

*'बर्खा लाग्यो, भूत, प्रेत, पिचास, अमले र रोगव्याधीले डाहा गर्छ अबदेखि धूपध्वाँर गर्नू !'*

बुहारीले पसलमा पुगेर सुगन्धित धूप किनेर ल्याइन् । धूप सल्काएर बाबाजीको मूर्तिअगाडि राखिन् । धूप सल्कँदै गयो । परिवारसहित सबै वरपर रहेका थिए । छिमेकीले समेत सुगन्धित धूपबाट आएको वास्नालाई निकै प्रशंसा गरे । सासूले गाउँका छिमेकीसँग कुरा काट्न थालिन्–

*'धन्न छे मेरी बुहारी ! दुनियाँको सेवा गर्छे, यसको घर अझै भाको छैन ।'*

एकदिन सासू बज्यैलाई आँठे रोगले समात्यो । यो रोग लाग्नेलाई कि झाडा लाग्थ्यो कि कम्पारो तातेर आउँथ्यो । जोर्नीजोर्नी दुख्नु यसको मूल समस्या नै थियो । बूढीले फेरि बुहारीलाई बोलाएर भनिन्–

*'अबदेखि धूप आफैं बाल्छु ।'*

बुहारीलाई आफ्नो अधिकार खोसिएकोले रिस उठेर आयो । बुहारीले त्यसपछि तितेपाती, खोर्सानी एवं बेसारको धूप हालेर बूढीलाई टक्कर दिन थालिन् ।

बुहारीले सल्काएको धूपले लामखुट्टे, ऐँजरूपैँजेरू र किटपातहरू भागे । सासू बज्यैलाई छिमेकीबाट सरेको आँठे रोगको ज्वरोले छोडेन । सासूले फेरि सोचिन्–

'*यसै भएन उसै भएन, खोर्सानी धूपमा नुन हालेर मज्जाले पड्काइदिन्छु ।*'

सासूले खोर्सानी धूपमा नुन हालेर पड्काउन सुरू गरिन् । गाउँभरि खोर्सानीको रागले वायुमण्डल कुइरियो । छिमेकीले खूब सराप्न थाले । नून बारूदझैं पड्केर छिमेकीको सातो लिन थाल्यो । सातो गएको छिमेक बर्बराउन थाल्यो–

'*असत्तीहरू, सात पुस्तादेखिको शत्रुका सन्तान शत्रु नै हुने रैछन् !*'

'प्राचीन कालदेखिको महान् महाकाली मातालाई चिन्दैनौ ?'

'*हेहेहेहेहे चिन्छौ ! तर अहिले लफिङ बुद्धले दुःख दिएको छ के !*'

छिमेकीहरूले बेसार ल्याएर आगोमा हाले । सो धूपमा कुनै सार थिएन । धूपको महकमा धूवाँ उडिरहेको थियो । बूढीले बुहारीको अधिकार घोषणा गरिदिइन् ।

'आली बराबर !'

१०४

# फिक्का

– दुर छौ वा सुदुर, तिमी बिना म बाँच्न सक्दिन । तिमी बाँचेको ठाउँ कस्तो छ ?

उसले यो लाइन पढ्नासाथ भावुक भयो । आफ्नो हातमा भएको राइफललाई भुइँमा थ्याच्च राख्यो । उसका आँखामा आँसु रसाएर आए । निकै हतारमा फेरि अर्को लाइन पनि पढ्यो,

– दैवले साँचे कालले बाँचे फेरि पनि भेटौँला ! मलाई यहाँ बचाउने कोही छैन । तिमी उता छौ । म यता छु । तिम्रो हातको राइफल पड्केको समय धूवाँको गन्ध बेलाबेला यता पनि आउँछ ।

उसको मन एकपल क्रुर बन्यो । दुस्मनतिर सोझिएको राइफल फेरि प्रतिदुस्मनतिर सोझ्याएर सम्झियो,

– उफ् ! यो अमरसिंहको राइफल ?

इतिहास सम्झेर छातीमा हात राख्यो । प्यासले सुकेको घाँटीमा तुम्लेटको पानी तुर्क्यायो । फेरि हरफहरू पढ्न थाल्यो,

– गोर्खालीसँग धोखा भन्ने शब्द छैन !

ऊ मनमनै मुर्मुरिएर सम्हालियो । बिस्तारै अर्को हरफ पढ्न पुग्यो,

– भोकमरी सहन्छु । अभाव सहन्छु, तैँले सहेको देख्न सक्दिन । तेरो राइफल पड्कन त पड्कन्छ के ?

उसलाई यी शब्दहरू आफ्नै घाउको पीडाझैँ लाग्यो । आमाको चेहरा बरोबर

सम्झ्यो । छातीमा उम्लिएर साहसीले बगेको रगतले फेरि राइफलको कन्धा उचाल्यो । वरिपरि हेऱ्यो । सबैजना लडिरहेका थिए । उसको सामुन्ने कतैबाट एकाएक फायर चल्यो । ऊ झस्याङ्ग भयो । उसलाई फायरको वेगभन्दा मेसेजको वेग निकै रफ्तारको लाग्यो । फेरि छेउको ढिस्कोमा आडा लागेर मेसेज पढ्न थाल्यो,

– आखिरी दिन अब के गर्छौ ? म पनि छियाछिया भएर अस्मिता लुटिएकी छु । सन्तानको अनुहारमा त्रास मात्रै छ । हामी नहुनेलाई सबै छिमेकीले पेलेकै छन् । बाँच्ने आधार त तिम्रै राइफल न बाँकी हो ?

–– हो माई ! कपट भयो ?

उसको स्वाभिमानमा कपटको बेल्ट बाँधिदिइएको थियो । जब उसले कपटको बेल्ट फुकाल्न थाल्यो । यत्तिकैमा कताकताबाट उसको छातीमा लागेको गोलीले ऊ ढल्यो । उसको मुखमा युद्ध उत्तेजनापूर्ण आवेशका शब्दहरू गुन्जित भए ।

– जय गोर्खा !

युद्धमा मृत भएका सैनिकहरूका लागि सलामी चल्दैथियो । एउटा शबमा निकै रोचक भाषा लेखिएको थियो–

– हिम्मत !

दर्शकहरूलाई लज्जाबोध भएर हो या सम्मान, निहुरिरहेका थिए । बोल्ने साहस कसैको थिएन । नजिकै दुलही माला लिएर पर्खिरहेकी थिई । तिनले सलामीमा अबीरले टीका दिई । फुल चढाई । माला लगाइदिई । सबैले ठाने,

– यसको बिहे आजै रेछ !

उत्साह, उमङ्ग, साहस र वीरताको सट्टा करूणा र वेदनाका बाजाहरू बजेका थिए । न्याउलीको सट्टा अर्कै धुन सुनिएको थियो । सहभागीहरूले भने,

– आज साह्रै फिक्का भो !

१०५.

# राज

*'धेरै झगडा नगर है हात्तीले कुल्चेर मर्लाऊ !'*

जङ्गलको छेउमा कुसुण्डाको वस्ती थियो । एउटी आमाले आफ्ना बच्चाहरूलाई तर्साउँदै भन्थिन् । छिमेकका मुखिया पनि छिमेकीलाई तर्साउँदै भन्थे–

*'कुसुण्डा हो ! तिमीहरूले मेरो चौरमा चरेको भूत हात्ती देखेका छौ ? देखेका छैनौ भने लौ हेर्न आऊ !'*

गुसुण्डाहरूले मुखियाको चौरमा चरेको बडेमानको भूत हात्तीलाई बाहिरैबाट हेरिरहे । बेलुका साँझ परेपछि उनीहरू घर फर्के । त्रास लागेर भूतहात्तीको बयान गरे । बच्चाहरूलाई सो हात्ती भूत नै भएकोले सजग गराए–

*'घरबाट बाहिर निस्क्यो भने मुखियाको चौरतिर चरेको भूतहात्तीले भेट्यो भने सबैलाई मार्छ ।'*

त्यसपछि उनीहरू बिहान, दिउँसो, बेलुका सो हात्ती चौरमा बसिरहन्छ कि रहँदैन भनेर चियो चर्चो गर्न लागे । कुसुण्डाहरू मुखियाका बारेमा केही बोल्न सकेनन् । डर र त्रासले जीवन बिताउन लागे । एकदिन कुसुण्डाहरूको बस्तीमा आएको चक्रवातको कारणले त्यो भूत हात्ती चौरबाट सडकमा देखियो । कुसुण्डाहरू आफ्नो घर, कटेरा वा ओडारबाट झनै निस्केनन् । उनीहरू भित्रै कष्टकर जीवन बिताउन थाले । यसैका कारण कुसुण्डाहरूको जनसङ्या रोग व्याधले घट्दै गयो । बाँचेका कुसुण्डामा पनि सो भूत हात्तीको मनोवैज्ञानिक त्रासले बसिरहे । एकदिन सो हात्तीलाई मुसाले भेटेर भन्यो–

*'दाइ ! दाइ !! तिम्रो र मेरो बिहे गर्ने ?'*

त्यो भूत हात्ती बोल्दै बोलेन । मुसा खुरूक्क हात्तीको काँधमा पुगेर भन्यो–

*'हाम्रो रोटीबेटीको सम्बन्ध छ नि, बिहे गरौँ न !'*

हात्तीको चालचुल मुसाले सुनेन । मुसालाई रिस उठ्यो । सुँडमै कुटुक्क टोकेर भनिदियो–

*'अब पनि बोल्दैनौ त ठूल्दाइ ?'*

हात्तीको मौनता देखेर ऊ हैरान भयो । उसले हात्तीको बारेमा अनुसन्धान गर्न लुकेका कुसुण्डाहरूसँग सोध्यो–

*'यो हात्तीलाई चिनेका छौ ?'*

उनीहरूले थरथर काम्दै भने–

*'उहुहुहु हुहुहुहु ! यो त हाम्रो बाबु बाजेदेखि तर्साउने भूतहात्ती हो !'*

मुसो मरीमरी हाँस्यो । कुसुण्डाहरूलाई सम्झाइबुझाई गर्दै हात्तीतिर देखाएर भन्यो–

*'हैट ! यो त यसको शरीरको भ्रम मात्रै रहेछ, बुझ्यौ ? देख्यौ यसको जताततै धमिराको प्वाल ?'*

मुसा र कुसुण्डाहरूले जब हात्तीलाई समाउन थाले । कसैको हातमा खुट्टा, कसैको हातमा सुँड, कसैको हातमा दाँत, कसैको हातमा कान र कसैको हातमा छाला एकएक टुक्रा पाए । तब उनीहरू सबैले हात्तीको दम्भबारे एक स्वरमा चिच्याए–

*'बेकारको जाबो हात्तीको भूत !'*

**G. उत्कर्ष ढाँचा**[१] : यहाँ मानवीय जीवनको गति विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश ९१ देखि १०५ सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू मानवीय जीवनको गतिको विविध विषय क्षेत्रको घटनामा आधारित छ । लघुकथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरिएको छ । आरम्भ लेखनपछि निर्देशन एवं सवाद दुवैप्रकारका पङ्क्तिमार्फत लघुकथाको उत्कर्ष ढाँचालाई प्रस्तुत गरिएको छ । संवादलाई प्रत्यक्ष र अप्रत्यक्ष कथन पद्दतिको दुवैप्रकारका बुनौटमा राखिएको छ । लघुकथामा संवादका लागि प्रयोग भएको कथन निर्देशन अनुच्छेदलाई बक्राक्रम (*Italic*) प्रणालीमा उद्धरण चिन्हबाट एकप्रकारले व्यवस्थापन गरिएको छ भने संवादको पद एवं पदावलीका लागि पहिलो संवाद निर्देशक चिन्ह (–) र दोस्रो संवाद निर्देशक चिन्ह (–) तथा संवादकै लागि उद्धरण प्रयोग गरी अर्को प्रकारको प्रत्यक्ष्य कथन विधिअनुसार सामान्य लेखन (*Simple writing*) गरिएको छ । उत्कर्षित अनुच्छेदको पङ्क्ति निर्देशनबाट सुरू भए ०.५ स्पेस ट्याव नछोडी एवं संवादबाट सुरू भए ०.५ स्पेस ट्याव छोडी उत्कर्षारम्भ गरिएको छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन मिलाइएको छ ।

१०६

# वर्षा

लुमडीको ढोकामा आज बिहानै मान्छेहरूको लस्कर लागेको थियो । लुमडीलाई पनि मान्छेहरूका यस्ता दैनिक भीड देखेर आजित लाग्ने गरेको थियो । भेट्न आउने मान्छेले यो पनि गरिदेऊ । ऊ पनि गरिदेऊ भनेर गरेको कचकच सुनिरहँदा दिक्क थिए । झिँजलो लाग्नु पनि स्वाभाविकै थियो । कहिलेकाहीँ त उनी दिक्क मानेर भन्दथे कि– 'उफ् ! अख्तियारको प्रमुख ! दुनियाँको नोकर हुँदै हैरान !' ।

उनी बेलाबेला बर्बराउँथे । दुनियाँ बचाउनका लागि टिपिएका समस्याको फेहरिस्ताले मूर्छनामा– 'खाउँ भने कान्छा बाबुको अनुहार नखाउँ भने दिन भरीको सिकार !' भनेर भन्थे । हात मोल्ने र जिउ हजुरी गर्नेको ताँतीले हैरान भएकी श्रीमतीले– 'हजुरलाई मेरो पनि सलाम ! लौन मेरो विदेश जाने पासपोर्ट अड्कियो । सोर्स लगाइदिनुपऱ्यो !' भनेर उनलाई व्यङ्ग्य गर्दथिन् । लुमडीका आँखामा प्रताप भए पनि मनमा सन्ताप भने छँदैथियो । आफ्नो कतिपय कमजोरीले पश्चातापको डोको चुलिरहेको थियो ।

'हजुर साप ! शुभकामना छ हजुरलाई !' भन्दै अक्षय तृतीयाको दिन लुमडी अन्यमनस्क बनिरहे । अगाडि आउने सबैका हातमा पुष्पगुच्छा थियो । कसैले खादा लगाइदिए । कसैले अबीरबाट टीका दलिदिए । बिहानभर उनको अघिपछि लागेर भक्तहरूले भजन गाइरहे । लुमडीलाई अचम्म लाग्यो । उनले भावुक मुद्रामा– 'यो कस्तो सर्प्राइज !' भनेर सबैलाई सोधे । सबैले मुखामुख गरे । घरकाले मुख खोल्न सकेनन् । श्रीमतीले लुमडीलाई–

'हजुरको प्रमोशन भएको पनि मलाई नभन्ने ? के तपाईंको म सेविका होइन ? उहाँहरूबाट सर्प्राइज दिने मलाई पनि ?' भनेर सोधिन् । लुमडी चुपचाप सुनिरहे । उनले कुनै जवाफ दिन सकेनन् । शुभकामनाको आशीर्वादबारे अनभिज्ञ बनेका उनले सबैलाई त्यो दिन– 'आज तपाईंहरूको समस्याहरू छैन ?' भनेर सोधे । उनको कुरा सुनेर सबै उपस्थितहरूले एक स्वरमा भने– ' लौ आज हजुरको जन्मदिन हो नि ? त्यही भएर जन्मदिनको शुभकामना चढाएको हजुर !' ।

सबैले उनीसँग बसेर विभिन्न पोजको फोटोहरू खिचे । उनकी श्रीमती लज्जावती झारझैँ निहुरिएर फोटोमा टाँसिएर बसिन् । तुरून्त फेसबुकमा फोटो पोस्ट गरे । लाइक र कमेन्टको यति वर्षा भयो कि उनीहरू दङ खान थाले । यत्तिकैमा लुमडीले सबैलाई आश्चर्यमा पारेर आफ्नो उमेरको औँला गनेर भने– 'लौ उसो भए आजदेखि म साठी पुगैँछु । भोलि नै अवकासको चिट्ठी पाउनेवाला छु !' ।

जन्मदिनको शुभकामना लिँदै चाकरी बजाउन गएका भीडका मान्छेहरूको चेहरामा कालो न कालो बादल मडारियो । उनीहरू सबै बिस्तारै लल्याकलुलुक हातले नमस्कार गर्दै बाहिर निस्के । श्रीमतीले लुमडीलाई भनिन्– 'देख्नु भो नि, स्वार्थीहरूको शुभकामनाको वर्षा ?' ।

उनी ठग हुन् या ठगिएका हुन्, फेसबुकको कमेन्टमा कसैले नि उच्चारण गरेका थिएनन् ।

❀

१०७.

# साँध

हजारीले क्वाप्प एक कोदाली माटो आलीमा ताछ्यो । खेतबाट खुल्खुल बगिरहेको पानी छेक्यो । खेतको लामो कान्ल्हा ताछ्न लाग्यो । पुछार गहरोको छेउमा अलिकति कान्ल्हा थियो । उसको आँखा इ्वास्स सो कान्ल्हाको लामो घाँसमा पऱ्यो । हजारी रिसले मुर्मुरिँदै– तेरो मात्रै खेती ? आफ्नो कान्ल्हामा उम्रेको घाँस काटिदिनु पर्दैन ? हेपाहा !, भनेर करायो ।

छिमेकीले उसको आफ्नो खेतको कान्ल्हाको घाँस नकाटिदिएर हजारीलाई पारेको सन्धिसर्पनमा हजारी बेहद रूष्ट भयो । मनमनै ईख राखेर नानाभाँती बोल्यो । असारको बेलामा किसानहरूको बीचमा धान रोप्ने हानथाप थियो । आकासे पानीको भरमा खेतीपातीको मौका छोप्न कम्ती गाह्रो थिएन । बल्लतल्ल परेको मौसमी पानी छेकेर बाली लगाउन नसके वर्ष दिनसम्म बाँच्न मुस्किल थियो । झार उखेल्दै गरेकी उसकी जोईले वर्षौंदेखि पाकेको गोफ्लेको हेपाहा छुकछुक बानीले रूष्ट थिई । उसले– कान्ल्हाको लामो घाँस ताछेर छेउकुना फालिदेऊ ! सत्रुको पेटमा कहिल्यै हरि आएन ।, भनेर पनि भनिदिई ।

हजारीलाई जोईको कुराले चसक्क भयो । उसले पनि सफा पारेर गोफ्लेको कान्लाको घाँस वाल्ल परेर ताछिरह्यो । दर्के पानीले एक दुईदिन अगाडि रोपेको रोपो खेतमा तैरिरहेको थियो । माथिबाट आएको बाढीको भेलले बनेका खेतका समाहरू कोतरिएका थिए । बगेको आलीले गोफ्लेलाई हैरान भएको थियो । सिरानबाट झरेको गोफ्लेले हजारीतिर फर्केर– यो कान्ल्हाको घाँस कसलाई सोधेर तासेको ?, भनेर कड्क्यो । उसले क्षणभरमै– तेरो लामोलामो

धाँसले रोपो छेक्यो अनि ताछेको !, भनेर जवाफ फर्कायो ।

त्यसपछि हजारीले– मैले तेरो रोपो छेकेको छैन बुझिस्, छुसी !, भनेर भने पनि नसुनेझैँ गरेर बाउसे गरिरह्यो । गोफ्लेचाहिँ चोटिलो पाराले नानाभाँती सराप्न थाल्यो । झारपात उखेलिरहेकी हजारीकी जोईले गोफ्लेतिर फर्केर भनी– काका ! तपाईंको माथिदेखि उम्लेर आएको पानी रोकेर राख्नु अनि पानी माथितिरै फर्काउनु ! हामी खेत रोप्दैनौँ भैगो, तपाईंलाई भए पुगिहाल्छ । बरू, भोकै बसौँला !

नापिएको कुरा गर्छे छौँडी !, छौँडीले पनि गोफ्लेतिर फर्केर बिस्तारै हाँस्दै– काका म पनि त तपाईंकै साँधमा छु नि त ! हजुर नरिसाउनु न !, भनेर भनी । उसको मुसुक्क मस्काइमा काकाको लवज एकाएक– त्यसो नभन न दुलही !, भनेर फेरियो ।

उनीहरू साँझ घरतिर– हैट यो त साँध पो हो त !, भनेर ठट्टा गर्दै फर्किए । त्यसपछि साँधको पर उनीहरू रोपाइँ सकेर घरतिर उक्लिए । गोफ्लेको दिनभरिको उत्तेजनाको भेल रोकियो ।

१०८

# छुकछुक रेल

नजरबन्द कोइरीले आफ्नो प्रेमिकालाई लामो समयदेखि फकाउँदै भन्यो ।

––'अब जात भात केही छैन । मुलुकी ऐनले सबैलाई समान अधिकार दिएको छ । यसको सामना हामीले नै गर्ने हो !'

––'तिमी बेजात अनि म उच्चजातको कुजात छोरी रे ! तिमी पनि जातको देखाउन जन्ती नै लिएर आऊ अनि लैजाऊ बरू । भाग्यौँ भने झन् औडाहा दुस्मन हुन्छ !'

––'बुझ्यौ औँसी ! अन्तिम बयानपछि अवश्य छुट्नेछु अनि आउनेछु !'

––'जहिले पनि यस्तै भन्छौ, कसरी पत्याउँ ?'

कोइरीले आफ्नो वरिपरि छामछामछुमछुम गर्‍यो । केही भेट्न सकेन । फेरि औँसीलाई सुनायो ।

—'तिमीले रेल देखेकी छौ ?'

—'अहँ तिमी कसम छैन !'

—'तिम्रो पेटमा छाम त गुड्छ कि गुड्दैन !'

औँसी गुथ्थ परेर नबोली बसिरही । उसलाई मायाको रेल र कोइरीको रेला उस्तै लागेर आउँथ्यो । उसको कुरा सुनेर कम्पारो तातेर आउँथ्यो । बराबर कराइरहेको कोइरीलाई उसले भन्दिई ।

—'तिमीले माया देखेको छौ र ?'

––'आँखाले नदेखे पनि भोगेको छु नि त, हेर न कस्तो लज्जा लागेर आउँछ मलाई ।'

तस्वीरमा आँखा पुलुक्क पल्टाएर औँसीले खूब हेरिरही । कोइरीको सुन्दर

नजरले खै कसरी हो ? औँसी आँसु खसालेर रून लागी ।

—'मलाई नजिस्कयाऊ है ?'

फेसबुकमा बात गरिरहेका यिनीहरू निकै गहिरोसँग भावुक बनिरहेका बेला आवाज बन्द भयो । कोइरी बन्दी आवाजमा कराइरह्यो । उनीहरूको सम्बन्ध तत्काल बन्द भयो । आँखा झुकाएर एकदिन औँसीले आमालाई भनी ।

—'मेरो पेटमा त रेल चलिरेछ !'

आमा चाहिँले कुरा बुझ्न सकिनन् । उनले औँसीलाई सम्झाएर भनिन् ।

—'अमिलो पिरो नखानु ठीक पनि हुन्छ अनि रेल पनि भाग्छ !'

चलिरहेको औँसीको मन तथा पेटको रेलका बीचमा कोइरीको फैसला हुने दिन थियो । बयानका लागि कोइरी नजरबन्दबाट बाहिर निस्केको थियो । बाटोमा उसलाई मुलुकी ऐनले भेट्यो ।

—'तँ कुन जातको होस् ?'

—'नेपाली !'

—'ऐनले छुवाछुत गर्नेलाई कारबाही हुन्छ, बुझिस् ?'

—'म त अरू सबैजस्तै नेपाली हुँ, कसरी कारबाही ?'

—'परिवर्तनको निर्णयअनुसार !'

—'हजुर मैले कसलाई छुवाछुत गरेँ र ?'

—'मुलुकी ऐन आउनुभन्दा पहिला तैँले छोए, मलाई कारबाही हुन्थ्यो, चारपाटे मुडेर लखेटिन्थ्यो । अब मुलुकी ऐन आइसक्यो अब मैले छोए तँलाई कारबाही हुन्छ । अब चारपाटे मुडेर गाडिन्छ ! लौ आइज !!'

—'हि हि हि रेला नगर्नु न बाजे !'

भाग दौडमा कोही लखेटिए । कोही लघारिएर पहिरोमा पुगे । कोही नदीमा बगे । कोही ढुङ्गाले थिचिएर मरे । कोइरीको अभूतपूर्व पवित्र मायाको रेल मुलुकी ऐनसँग गुडिरहेको थियो । ऐनामा यात्रा गर्ने रेलका यात्रुहरू भने मुक्तिले सुसाउँदै गीत सुसाइरहन्थे ।

—'छ माया छपक्कै, रेल गुड्यो भेरी किनारमा !'

सर्जमिनमा रेलको धूवाँसँगै पानी मात्र थियो । लिगचाहिँ थिएन । तब सर्जमिनले घोषणा गऱ्यो ।

—'ए ! यो त छुवाछुतको छुकछुक रेल !'

१०९

# तन्द्राको स्वर्ग

मार्क्सवादीहरूले धर्मलाई धतुरो र पूँजीवादीहरूले धर्मलाई धातुको रूपमा स्वीकार्ने हाटमेलामा गोठालाहरू घुमिरहेका थिए । मेलाका एकजना कनफट्टाले धतुरो तानेको लयमा एक्कासि सोझो गोठालोलाई देखेर झपार्दै भन्यो ।

–'बुझिस आले ? मेरो, तेरो धर्म एउटै हो । त्यसैले मैले भनेको मान् ! धतुरो खाएपछि साइन्टिस् होइन्छ  भेडालाई धर्म पढाएपछि स्वर्ग गइन्छ !'

हाट मेलामा घुमिरहेको गोठालोलाई खूब रिस उठ्यो । उसले आफ्नो भेडाहरूलाई बचाउ गर्दै कनफट्टासँग भन्यो ।

–'भेडाहरूको कुनै धर्म हुँदैन । त्यसैले यिनीहरू स्वर्ग पनि जाँदैनन् । तिम्रो धर्म पनि मान्दैनन् । बरू मेरो धर्म पनि यिनैसँग साट्छु । धर्म निरपेक्ष बन्छु !'

त्यसपछि कनफट्टाले धतुरोको तन्द्रामा भन्यो ।

–'दुस्मन ! अब दानापानी रोक्दिउँ ?'

गोठालो सकस सहेर पनि भेडा चराउँदै थियो । केही दिनपछि फेरि महाजनले गोठालोलाई झपार्दै भन्यो ।

–'तँलाई धातुबारे थाहा छ ?'

–'अरू त थाहा छैन । बरू व्याकरणको क्रियाधातु र दानापानी मात्रै थाहा छ !'

–'हैट लाटा ! तँ त गोठालो नै रैछस् ! लौ अब ईसुका भेडासँग मीत लगा बरू ! बथान पनि बढ्छ । पाखण्ड धर्मको धतुरो पनि झर्छ !'

गोठालो बोरा बोकेर अक्क न बक्क भयो । जिज्ञासाको धातुबारे ऊ चुपचाप रह्यो । एकदिन सोही हाटमा गोठालो, कनफट्टा र महाजनको भेट भयो । यसैबीच कनफट्टाले सोध्यो ।

—'स्वर्गको बाटो थाहा छ ?'

महाजनले चतुऱ्याइँपूर्वक भेडा गोठालाको मुख थुनेर झटपट भनिदियो ।

—'थाहा छ साधु महाराज ! त्यो त कैलाश हो नि !'

नजिकै रहेका गोठालाहरूलाई धर्मको धतुरो छोडेर कनफट्टाले बेवास्ता गर्दै भन्यो ।

—'तिम्रो ईसुको भेडाहरू समेतलाई स्वर्ग पुऱ्याउने हो ? मसँग आइडिया छ !'

गोठालोले कुरा बुझेन । बरू चुपचाप मात्रै लागिरह्यो । हाट मेलापछि कनफट्टा कुटीमा पुगेर कैलाशको ध्यान गर्न लाग्यो । सोच्दासोच्दै ऊ यति कल्पना गर्न लाग्यो कि कुटीदेखि कैलाससम्मको सबै दृश्य देख्न थाल्यो बाटो समेत फुमन्तरमा तय गरिदियो । बर्बराउन थाल्यो ।

—'अब स्वर्ग गइन्छ । कैलाश दर्शन गरिन्छ । भोलेनाथको आशीर्वादले देश दुनियाँ जितिन्छ !'

रातभरि दाल, चामल, नुन, तेल र बेसार नपाएको निहुँमा पार्वतीको कचकचले खपिसक्नु भएन । भोलेनाथलाई कनफट्टाको फजुल ध्यानबाट झोक चल्यो । ध्यानको तन्द्रा टुट्यो । तब कनफट्टालाई नाक निचोरेर एक चड्कन दिँदै धतुरो झारेर भने ।

—'लौ अब, मेरो आशीर्वाद लिने भए हिमाली गौँडा गल्छेडा मनाउनू !'

त्यसपछि धर्मको धतुरो रोटी, बेटी, दाइ, भाइ र नाता सम्बन्धमा फत्किरहेको थियो । तन्द्राको स्वर्गबारे फौवन्जरहरू महावाणी उफारिरहेथे ।

—'राष्ट्रियता जिन्दावाद !'

बाटोमा निस्किएको बेलामा एक औतारीले हल्ला गर्दै राष्ट्रियताबारे चिच्याइरह्यो ।

—'अहिले मौसम परिवर्तन छ !'

## ११०

# प्रेसर

रातोरातो चेहरा लगाएर विचरा लालु थचक्क बस्यो । एक्कासि बर्बराउन थाल्यो ।

—'म म म गर्दिनँ ! गर्दिनँ भनेपछि गर्दिनँ !'

पल्लो कुर्सीमा बसेको साथी हेरिरह्यो । केही बोल्न सकेन । उसले कुनै कुरा सोध्न सकेन । हेरिरह्यो र आफ्नो फाइल पल्टाउँदै बस्यो । अर्को कोठामा फेरि गाँइगुँई आवाज आयो । ध्वनिले भित्ताहरू थर्किएर आएका कम्पनका तरङ्गहरू लालुको कानमा ठोकिँदै गयो । तर ध्वनिको अर्थ राम्रो बुझेन । थच्चिएको लालु बिस्तारै उठ्यो फाइल फेरि पल्टायो । अनि नियम कानुन र विधि हेर्‍यो ।

—'मलाई मात्रै किन यस्तो गर्छन्, हँ !'

उसले मनमनै सोच्यो अनि अगाडि भएको सिमानासम्बन्धी सन्धिको पोकाहरू खोल्यो । दौड्दै अर्को मान्छे आएर भन्यो ।

—'सर ! एथेण्टिक म्याप र सन्धिपत्र छिटो चाहियो रे, हजुर !'

उ चुप लाग्यो । त्यो मान्छेसँग आँखाबाटै कुरा गर्‍यो । उक्त मान्छे तत्कालै हतारमा भए पनि बसिरह्यो ।

—'एथेण्टिक म्याप र सन्धिपत्र धूलो छ भन्ने थाहा छैन र ? तिनलाई !'

अफिसमा खैलाबैला मच्चिरहेको थियो । सीमाबल कमजोर थियो । सीमासम्बन्धी बल मन्त्रीको टेबलमा ग्लोब गुडिरहेको थियो । ग्लोबमा मन्त्रीका हात पुग्थे एथेन्टिक म्यापको बल सुम्सुमिन्थे । हडबडीका बीच लालुलाई फोन आयो ।

—'जाबो त्यति एउटा कागज पनि खोज्न नसक्नेको के काम ? खतम छ यिनीहरूको चाला !'

कसैले जीवनमा नराम्ररी लालुलाई हकार्‍यो । हंशले ठाउँ छोडेझैँ फत्रक्क भयो । शरीरका अङ्ग गलित भए । मस्तिष्क सम्झना शून्यतामा परिणत भयो । खोजिएका कागजहरू देखिँदैन थिए । धूलैधूलोमा धूलोधूलो भएको कागज, मन र बट्टा बिक्री भएको तथ्यको तनाव एकै पटक उर्लिएको थियो । ग्लोब ग्लोबल ढङ्गले घुमिरहेथ्यो । पत्रकार सम्मेलनमा सुनुवाई सहितको बहस थियो ।

—'देश बेचुवाहरू !'

भोलिपल्ट मन्त्रीको टेबलको ग्लोब घुम्दैथियो । लालु तनावले बर्बराइरहेथ्यो । गाउँ घरबाट उसलाई फोन मेसेज आयो ।

—'त्यहाँ खाएर यहाँ चुठ्न आइपुग्नु बाँकी कुरा यतै जानकारी होला !'

त्यसपछि लालु भुइँमा डङ्रङ्ग ढल्यो । वरिपरिकाले समातेर उठाउन खोजे, उठेन । सबैले एक स्वरमा भने ।

—'तनाव नहुनु पनि कसरी त ? प्रेसरले हानेको हान्यै छ !'

जोखिम मोलेका अरू पनि मान्छेहरू थिए । ती थर्थर काम्दै बक्दथे । ऊ त ढल्यो ढल्यो, प्रेसरले ढल्नेहरू देखिन थुप्रै बाँकी थिए ।

१११

# धमिलो पानी

—'शुभारम्भ बहस !'

भित्तामा लेखिएको यो भाषाले सबैको ध्यान आकृष्ट गरेथ्यो । जिज्ञासा बढ्नु पनि स्वाभाविक नै थियो । गाउँको पारितिरबाट टुप्लुक्क मास्टर मामा आइपुगे । मामाको काखमा एउटा बच्चा थियो । उनले बच्चा देखाउँदै भने ।

—'यो नालाको बच्चा हो, कसलाई जिम्मा दिने ?'

बद्रीनाथ अलमल्ल परे । बद्रीनाथ ज्योतिष थिए । उनले बच्चाको ग्रहदशा हेरेर मामला बताइदिए ।

—'यो बच्चा भविष्यमा सम्राट् हुन्छ ।'

नालामा पाएको बच्चाको स्वभाव माछाको जस्तो थियो । तर नालामा बसेकोले जिङ्ग्रिएको थियो । त्यसपछि मामाले उसलाई खूब पोसिलो खानाहरू खुवाए । बच्चा जवान भयो । विश्वमा एउटा यस्तो मानवको खोजी भयो । जो 'ई-चन्द्र' ग्रहको सम्राट्को गद्दीमा बस्नसक्ने हुनुपर्थ्यो । त्यसपछि मामाले उक्त जवान युवालाई सम्राट् बनाएर पठाउने निर्णय गरे । यो कुरा स्कूलका बच्चाहरूलाई थाहा भयो ।

—'सर ई-चन्द्र भनेको के हो ?'

शिक्षकले केही बुझ्न सकेनन् । ती शिक्षकले आफ्नो लज्जा धर्म निभाउनुपर्ने नै थियो । उनले झटपट भनिहाले ।

—'ईश्वरको चन्द्रग्रह अर्थात् हाम्रो शास्त्रमा त्यही लेखेको छ ।'

बच्चाहरू कतिले पत्याए कतिले पत्याएनन् । कति चुप लागेर बसे । तर केही बच्चाहरूमा भने ई-चन्द्र ग्रहबारे निकै खुल्दुली रह्यो । एकरातको समयमा उनीहरूले ई-चन्द्र ग्रह पृथ्वीमा उदाएको देखे । सबैले आश्चर्यमा चिच्याए ।

—'लौ के अचम्म ! मध्यरातमै झललल, संसार जादुनै जादुले भरिएको छ ।'

—'हे भगवान् ! के को जादु ?'

नालामा जन्मेको युवाले भन्यो । एकछिन पछि अर्को ई-चन्द्र पृथ्वीको पहाडमा बजारिन थाल्यो । कछाडिया मानिसहरू कराउँदै आए ।

—'स्याटेलाइट चम्क्यो !'

—'हैन हैन मिसाइल पड्क्यो !'

—'कहाँ हुनु क्षेप्यास्त्र पो दौड्यो !'

तब कछाडियाहरूमा 'ई-चन्द्र' अर्थात् ईलेक्ट्रोनिक चन्द्रबारे नयाँ बहसको शुभारम्भ देखियो । बौध्दिक जमातको तर्क थियो । नयाँ बहसले पानी धमिलो धमिलो थियो । बगिरहेका पानीका बुँदहरू कञ्चन थिए । मन अमिलो थियो । जिब्रो स्वादले चट्किरहेथ्यो । कर्तव्य र अधिकारको बहसका भ्रमहरू उडिरहेथे ।

—'युवक सम्राट्को अतिक्रमण सुरू भयो ।'

११२

# सेन्टरको घडेरी

—'घडेरी किन्ने हैन ?'

बाटोमा लफङ्गाझैँ हिँडिरहेको एकजना सामान्य चिनेका मान्छेले भन्यो । मैले पनि उत्तर दिएँ ।

—'एक त पैसा छैन । अर्को कहाँ किन्नु र खै ?'

उसले घडेरीको अनेक सन्दर्भ, योजना र आधारले मलाई कन्भिन्स गर्न खोज्यो । म अलि छड्किएर भाग्न खोजेँ । उसले हातै समाएर भन्यो ।

—'माननीयज्यूले पनि पैसा छैन भन्न मिल्छ र ?, हजुरहरूले त एक कल गरिदियो भने बैङ्कले घरमै पैसा बुझाउन आउँछ !'

म दङ्गदास परेँ । माननीय शब्दले मेरो पोज बढायो । अनि मैले भनिदिएँ ।

—'हुन्छ नि त हेरूँला । बरू घडेरीचाहिँ राम्रो र सेन्टरमा चाहिन्छ नि है ।'

त्यो मान्छेले मेरो मोबाइल नम्बर लियो । दिनको दिन घडेरीको साइड बताउन थाल्यो । माननीयलाई थाहा नै नभएका राष्ट्रिय नीतिका कुरा पनि मलाई पहिल्यै उसले भनिदिन्थ्यो । निर्णय पनि उसै सुनाइदिन्थ्यो । अनि घडेरी कहाँ राम्रो कहाँ नराम्रो मलाई कन्भिन्स गर्थ्यो ।

—'माननीयज्यू एउटा घडेरी अत्यन्त सेन्टरमा छ । हजुरलाई खूब राम्रो हुन्छ ।'

आफू माननीय भएकोले जनसम्पर्क र भेटघाट राम्रो हुने ठाउँमा घडेरी भए काम लाग्छ । यसो घर बनाएर राखे भाडा पनि आउँछ । राजनीति पनि गर्न सहज हुने ठानेर फेरि उसलाई भने ।

—'खोज्नु न राम्रो भए ।'

नयाँ सन्दर्भ चलिरहेको थियो । उसले मलाई लोभ देखाएर भन्यो ।

—'माननीयज्यू प्रदेश केन्द्र मुकाम पनि उतै हुन्छ । चौरास्ताको सेन्टर हजुरलाई घडेरी खूब सुहाउँछ ।'

त्यसपछि ठीकै ठानेर बैनाबट्टा गरिदिएँ । बैङ्कमा ऋणका लागि दौडन थालेँ । ऋण लिन दौडदादौडदै वर्ष बित्यो । बजारमा प्रदेश केन्द्र मुकाम सर्ने हल्ला चल्यो । चौरास्ता छेउको घडेरीको भाउ घट्यो । नलिउँ बैना चट हुने, लिउँ भाउ घटने फन्दामा परेपछि उसैले नै जुक्ति सिकायो ।

—'हजुर त माननीयज्यू हो नि संसदमा बोल्नुपर्‍यो !'

—'के बोल्ने, बोल्नै नमिल्ने कुरा छ ?'

—'ल हजुर पनि ! कि घडेरी मिस गर्नुपर्‍यो कि जेसुकै ह्वीप भए पनि तोड्नुपर्‍यो । नत्र हजुरको बैना चट हुन्छ ।'

अर्को पटक माननीय हुने हो वा होइन निश्चित छैन भन्ने सोच्दैथिएँ । एकदिन साथीहरू दौडादौड गर्दै आएर भने ।

—'लौ राजधानी सार्ने पत्रमा हस्ताक्षर गर !'

—'ह्वीप त नसार्ने भन्ने छ नि त ?'

—'ए ! तँलाई अर्को पटक टिकट चाहिँदैन ?'

सोचेँ, जीवनमा एकचोटि माननीय भएको हो, फेरि के हुन्छ हुन्छ । सेन्टरको घडेरी त चाहिन्छ भन्ने लाग्यो । बाटोमा हिँड्दै गर्दा मतदाताले सोधे ।

—'प्रदेश राजधानी कसैलाई पायक पर्दैन । कुनामा किन पास गरेको ?'

—'अब यो प्रश्न उठ्ने माननीयलाई सोध्नु के !'

मतदाता रिसाएर फत्फताउँदै बाटो लाग्यो । उसको मुखबाट टाढासम्म केही शब्दहरू निस्केको सुनिएका थिए ।

—'सेन्टरको घडेरीमा राजधानी सट्टापट्टा ।'

११३

# धुम-चक्कर

—'ब्याज त उठाउनै पऱ्यो । नत्र जिन्दगी खत्तम भो !'

जम्मा भएका अल्लारे अधबैँसेहरू चिया कोठीमा हल्ला गरिरहेका थिए । उनीहरूको हल्लाले खासमा भसक्कै सकिँदो जीवनको चिन्ताको झलक दिन्थ्यो । ओठका रगत र उमेरको बल समयको बेहोसी राजमा पोखिएर बगेको त्यतिबेला तिनलाई थाहै भएन छ ।

—'खै, आफू त मूल्याङ्कनमा कहिल्यै परिएन !'

एउटाले ठस्केर असन्तोष पोख्यो । अर्को पनि के कम थियो र ? उसले पनि दर्दनाक आफ्नो जीवनको कथा सुरू गरिहाल्यो ।

—'काम गर्ने कालु मकै खाने भालु !'

—'छ्या ! छ्या !! यो ठसठस गन्हाउने उहिलेका कुरा नगर है तिमीहरू ! उहिलेका कुरा खुइलिसके । थाहा छैन तिमीहरूलाई ?'

त्यसपछि सबै चुपचाप लागे । उनीहरूका सबै चुप लागेका मर्महरू बिहानको चियासँग तुरूक्क तुर्किएर उठे । सबैको मनमा अचेल निराशा, कुण्ठा, पीडा, छटपटी र आक्रोश एकैसाथ मिसिएर विरक्त कथाका विषयवस्तु बनिरहेका थिए । उनीहरूको विगतको यथार्थ व्यङ्ग्यमा परिणत भइरहेको थियो । विगत उनीहरूप्रति सद्भाव राख्ने एक समर्थकले सोधे ।

—'आजकल कता जान्छस् ? कतै भेटिँदा नि भेटिन्न त ?'

—'खै ! कता जानु र ? यस्तै छ जिन्दगी !'

—'खासमा के गर्दैछस् त अचेल !'

—'उमम्, गर्दैछु, सडकछाप काम !'

जिज्ञासु समर्थक अल्मलियो । पीडा बोकेकाहरूको कुरा अलिकम बुझ्यो, सोध्यो ।

—'साच्चै भन्नु न राजनीति के हुँदैछ अचेल ?'

एकोहोरो उसको चासोमा भ्रमले लिप्त अकबरहरू अप्ठेरोमा पर्थे । उनीहरूसँग खास जवाफ थिएन । राजनीतिको मतलब र मर्यादा पनि सायद तिनीहरूले बिर्सिदिएका थिए । ओल्छिएको अधबैंसे तागतसँग कुनै सशक्त उभार थिएन । समर्थक आफैले कुरा बुझेझैं गरेर उनीहरूप्रति दयाभाव देखाएर भन्यो ।

—'कस्ताकस्ता फुच्चाले चान्स पाइसके तर खै ! तपाईंको हालत के हो के हो ? माथितिर पहल गर्नु नि !'

स्वाभिमानीले आवेगको शैलीमा हात उठाएर हत्केला माड्दै भन्यो ।

—'ज्यान जावोस् ! म त चाकडीमा लम्पसार पर्दिनँ, बरू भोकै मर्छु, भीक माग्दिनँ !'

अरू पनि लज्जाबोधका साथ उसलाई समर्थन दिन्थे । झोत्राएर सबै टाउको निहुराउँथे । परतिर बसेको पत्रकार उसको अर्को साथीलाई त्यो दृश्य देखाउँदै भनिरहेथ्यो ।

—'लौ हेर ! एक्काइसौं शताब्दीका महानक्रान्तिका योद्धाहरूको धुम-चक्कर ! भविष्यमा यिनीहरूका सन्तती नै आदर्श नायक बन्ने छन् !'

—'के भन्ने अब, जे जे बन्लान्, बन्लान्, आखिर यिनै बन्ने छन् ।'

धुम-चक्करमा परेका अधबैंसेहरूलाई सिद्धान्तको खूब माया थियो । तर सिद्धान्तको माया थामिदिने अचेल कोही थिएनन् । उनीहरूको योगदानको ब्याज अन्तै हिसाबमिलान भइसकेको थियो ।

११४

# टीका

यौवनको उम्दा आदर्शसँग जति तल्लीन भएपनि आँटेको जोखिमसँग त जो कोहीले अवश्य पूरा गर्नैपर्ने थियो । लाग्थे, जीवन जति हेर्दा सरल थिए । खासमा नागबेलीमा दौडिरहेथ्यो ।

—'तिमी कहिले आउँछौ ?'

—'युद्धको समय छ, भन्न सकिन्न !'

—'तिमी युद्धमा मऱ्यौ भने ?'

—'तिमी छौ र पो म बाँचेको छु । तिमी छैनौ भने त म कहाँ हुन्थेँ र !'

—'त्यसो भए युद्धबाट जसरी नि भागेर आऊ ! कुनै समय आइपुग म यहीँ हुनेछु !'

—'बाजी लगाउँछौ त !'

—'यत्रो वर्ष पर्खेर बसिसकेँ । हजुरले के भनिसेको होला ।'

—'ल त्यसो भए बाजीको साइतमा आउने भएँ ।'

प्रेमिल संवादका ध्वनि तरङ्गहरू सकिन नपाउँदै सिपाही प्रेमको उन्मादले फुर्किए पनि ऊ पुगेको ठाउँमा त्यहाँ एकाएक आक्रमण भयो । युद्धको आक्रमणमा परेर बिच्छिप्त सो घाइते सिपाही खूब चिच्याइरहेथ्यो । साथीहरू लन्चर तानिरहन्थे । दुस्मनहरू जहाजलाई सन्त्रासको साथ आकासमा फन्का खुवाउँदै थिए । धूवाँ, धूलो र गन्धले वातावरण ढाकिरहेथ्यो । त्यतिबेला उसको हातमा भएको राइफल भुइँमा खस्यो । उसले निकै भावुक मुद्रामा भाँचिएको एउटा हातलाई कम्मरमा भएको खुकुरीमा पुऱ्यायो । उसको बिच्छिप्त मनोचेतमा सल्बलाएको वीरतारूपी

साहसले चीत्कारको ज्वाला छोड्यो ।

—'तैँ हैनस् ? शत्रु छिनाल्ने खुकुरी ?'

खुकुरी निर्जीव थियो । ऊसँग न मन थियो न चेतना, उसको अर्को हातबाट चुहिएको रगत खुकुरीमा पऱ्यो । अनि हिंस्रक बाघझैँ रिसको उन्मादले छटपटियो । उसले प्रेमिकालाई तत्काल बिर्सियो । उसले टीकाको रातो रङ सम्झेर खुकुरीमा लागेको रगतसँग बालुवा मुछ्यो अनि निधारमा टाँस्यो ।

—'यो मेरो बाजीको टीका !'

उसको बहादुरी अनि शृङ्गारिकतासँग मिसिएका दुवै बाजीका अन्तर्भेदमा अर्को राइफल लिएर दौडेको साथीले भन्यो ।

—'उफ् ! यसको भक्ति !'

सिपाहीहरू जब फुर्सदको समयमा ब्यारेकमा बस्थे वा विदामा घर फर्कन्थे तब उनीहरू प्रेममा डुबेको मस्तीको जीवनसँग टीका लगाउँथे । जब युद्धको मैदानमा शत्रुको सामना गर्नुपर्दथ्यो । उनीहरू तब रगतको टीका लगाउँथे र आफूमा जीवनको साहस भर्दथे । सिपाहीको जीवन एकातिर भक्तिको स्वाद र अर्कोतिर टीकाको उग्र धर्मसँग घमण्डले बाँचेका हुन्थे । प्रेम जति अन्धो थियो, उति अन्धो, युद्धमा साहसी बहादुरको भूमिका देखाउन तनाव बढ्थ्यो । तिनलाई बिल्ला भिराइन्थ्यो ।

—'बहादुर सिपाही !'

आफ्नैसँग आफै मर्ने एउटा जातको नाम सिपाहीहरू भएकाले युद्धपछि बहादुरीको तक्मा यी खूब भिर्दथे । कमान्डरले सिपाहीको लासलाई अन्तिम सलामीमा पगरी जब गुथाउँथे अन्तिममा प्रेमले रातो टीकाबाट सजाएर श्रद्धाञ्जली अर्पण गर्थे । प्रेमिकाको हातको टीका त्यसै छुटिदिन्थ्यो ।

—'कर्तव्यबोधका टीका र प्रेममा पर्खिरहेको टीकामा के नै फरक थियो र ? दुवै राता न थिए । बाजीमा पर्ने हार वा जीतको टीका ।'

❀

११५

# बुर्का

—'युद्धको बदला कसले लिन्छ ?'

युद्धको पीडामा प्रताडित छोरीको गम्भीर प्रश्न थियो । युद्धको कठिन सङ्कटको घडीमा धर्मराएका खमेनीले उत्तर दिए ।

—'हामी सबै मिलेर लिने !'

त्यसपछि आफ्नो मृतक बाबुको शवयात्रा सुरू हुनथाल्यो । ओहनीको आँखामा रसाएर आएको आफ्नै अमिलो आँसुलाई बुर्काको छेउले लपक्क पुछ्दै कालो बुर्काको अन्तर्यमा रहेको युद्धको प्रताडनामा सुकाई । श्रद्धाञ्जलीको लाबा लस्करमा बाबुको मृत शरीर पुष्प गुच्छाले ढाकिएको थियो । बाबुको मृत शरीरमा बाँचिरहेको युद्धको अमृत आदेशले उसलाई उत्तेजित बनायो । ओहनी जसरी आफ्नै परम्पराका अधिनमा रहेका संस्कारबाट मुक्त हुन चाहन्थी । त्यसरी नै ऊ युद्ध प्रताडित धर्मको जय चाहेर सोच्थी ।

—'युद्धमा मुछिएको बाबुको लासको रगतमा कुनै छलसँग बुर्काको दम्भ अवश्य छ !'

विजय प्राप्त गर्नु शासन व्यवस्थाको विषय थियो र पनि लासको यात्राको भीडमा सङ्कल्पले मनमनै पाकिरही । बदलामा पोखिने रगतमा ढाकिने बुर्काको अन्धतासँग कट्टरता र हिंसाबाहेक केही थिएन । परिबन्दकी ओहनीले सहर घुम्दै गरेको लाससँग प्रार्थना गरी ।

—'ओ अल्लाह ! बुर्काभित्रको अन्याय, अत्याचार र छद्म हिंसाबाट मुक्ति देऊ !'

उक्त समय धर्मगुरूको अन्तिम सम्बोधन चल्दैथियो र दमदार आवाजमा सहर घन्किरहेथ्यो ।

—'शत्रु राष्ट्रले गरेको नौसैनिक हमलाका विरूद्धमा शोकलाई शक्तिमा बदलौं !, ओ अल्लाह !'

गुरूले दिएको अल्लाहको दुहाइमा ओहनीको चेहरा मधुरो बन्यो । उसका अनुहारका छाला खुम्चिए । नसाहरू लल्याकलुलुक भए ।

—'यो अर्को कालो बुर्का याने युद्धको बुर्का !'

ओहेनी सम्झँदै गई । मुस्लिम महिलाले लगाउने जस्तै बुर्का र शोकलाई शक्तिमा बदल्ने सङ्कल्पको बुर्कामा कुनै अन्तर देखिँदैन थियो । अन्तरङ्गमा खेलिने सबै खेलहरू बुर्काले जस्तै छोपिएका थिए । ऊ अन्त्यमा कराई ।

—'युद्धको बदला आफै लिन्छु, अब बुर्का फालेँ ।'

ओहनीले बुर्का फालेको देखेर धर्मगुरू झोकले त्यसै उसलाई लखेटिरहेथे । तब युद्ध विरामको घोषणाले बमवर्षक विमानहरू पनि फर्केका थिए । दौडाइभर ओहनी चिच्याइरही ।

—'बुर्काले ढाकेको समाजको युद्ध, बस ! कहिलेसम्म ? सबैले कहिले फिर्ता लिने ?'

जानिफकारहरू बुर्काको रहस्यबारे बहस गरिरहन्थे । वैज्ञानिकहरू भने रहस्यको गहिराइमा पुगेका थिएनन् । बुर्का नभएर के भो र ? ओहनी अझै आँखा छोप्दै चिन्ता गर्दथी ।

❀

११६

# किचकिच

—'आफूलाई कस्तो टेन्सन छ !'

सुन्तलीको मुखबाट प्वाक्क निस्क्यो । साथीहरूले जड कुरो ट्याप्प जिब्रैमा समातेर सोधे ।

—'के त्यस्तो टेन्सन छ ? भन न हामीलाई पनि !'

—'भयो भन्दिन । पछि भनौँला !'

साथीहरू उसको मनको खास व्यथा बुझ्न चाहन्थे । तर सुन्तली आफ्नो कुरा भन्न खोज्थी र पनि कसैले के हो ? भनेर सोध्यो भने कुरा अड्काएर राख्थी । भन्न पनि खोज्ने तर भन्न नसक्ने उसको समस्या थियो । साथीहरूले उसलाई जिस्क्याउन थाले । ऊ कुनै हदसम्म त संवाद गरिरहेकी थिई । साथीहरूमध्येकै एकजना नौलीले सोधी ।

—'दिदीको सर त कस्तो भलाद्मी हुनुहुन्छ । विचरा, सोझो देखिनुहुन्छ । बाटोमा चिनेको कसैलाई देख्यो भने पनि नबोली हिँड्नु हुन्न ! कस्तो मिजासिलो !'

—'हो, है ! दाइ त कस्तो मिजासिलो ! भन् त सुन्तली तँलाई कस्तो टेन्सन पऱ्यो ?'

—'तिमीहरू बौलाही नबनाओ है ? जान्छु म !'

सुन्तली अलिपर गएर बसी । अर्कीले थपी । सुन्तलीको मनका कुरा कसले के कसरी बुझ्ने ? यो जटिल प्रश्न थियो । साथीहरूमा जिज्ञासा बढ्न थाल्यो । सुन्तलीको उत्तर अल्मलियो । उसका मनमा रहेका समस्याका धीतहरू पनि

मर्नसक्ने अवस्थाका थिएनन् । साथीहरूका प्रश्नहरू पनि समाधान हुनसक्ने खालका थिएनन् । त्यसपछि अप्ठेरोमा अल्भिँदैगएको उसको टेन्सन आरोपमा परिणत हुनथाल्यो । साथी साथीहरू बीच घोचपेच चल्यो । एकले अर्कोलाई आँखा सन्काइसन्काई बौरिनथाले । टठिलो शब्दहरू पनि फुस्कनथाल्यो । यत्तिकैमा सुन्तलीले साथीहरूको भिल्केलाई देखेर कराई ।

—'तिमीहरू त कति किचकिच गर्छौ है ? अर्काको टेन्सनलाई त्यसै हावामा उडाउँदा रैछौ, हैन ?'

भिल्के नजिकै आयो । आफ्नो स्वामिनीलाई आँखा तऱ्यो अनि फत्फताउन थाल्यो ।

—'तिमीहरूको कचहरी अभै पनि सकिएको छैन ? डिङ्गिनीहरू !'

त्यसपछि सबै जऱ्याकजुरूक उठे । टेन्सन त सकियो नै किचकिच पनि सकियो । तर सबका मनमा एउटा दुःखले घर गरिरहेथ्यो । तिनीहरू फुर्सद भयो कि कुनै न कुनै बहानामा दुःखको बहस गरिरहन्थे । भोलिपल्ट अर्कोको अर्कै टेन्सनको बहस हुन्थ्यो । त्यहाँ पनि त्यत्तिकै कचकच चलिरहन्थ्यो । कचकच नहुनुपर्ने कारण कसैसँग थिएन ।

—'विचराहरूको फुर्सदका उपर !'

❀

११७

# कनिका आतङ्क

—'तँैले न्युट्रिसस फुड खाएको छस् ?'

एउटा देशी मित्रले सोध्यो । नेतालाई न्युट्रिसस फुडबारे थाहा भएको विषय थिएन । नेताले उपनेतालाई सोध्यो । उपनेताले तल तलसम्म सोध्दै गयो । तर उत्तर आएन । त्यसपछि प्रोफेसरलाई पनि यो विषय सोधियो । उनले पनि यसमा पटक्कै ध्यान दिएनन् । शोधकर्तासँग पनि बुझ्ियो । तिनले पनि यसबारे कुनै अड्कल पनि दिन सकेनन् । त्यसपछि नेताहरूले यो विषयलाई संसदमा प्रवेश गराए । संसदमा निकै ठूलो प्रश्न उठ्यो ।

—'न्युट्रिसस फुड भनेको के हो ?'

त्यहाँ कसैले केही बोलेनन् । संसदीय विधिपरम्पराले प्रस्तावक र समर्थक नभै छलफलको कार्य सूचीभित्र पर्ने स्थिति पनि थिएन । यस्तो कुरा त्यसै गुपचुप भयो । केही समयपछि त्यही देशी मित्रले नेतालाई कानमा सुटुक्क फुकिदियो ।

—'न्युट्रिसस फुड भनेको त तपाईंको गाउँमा पाइने कनिका जस्तै हो नि !'

—'कसरी ?'

—'कनिकामा जस्तै यसमा पनि मानिसको जीवनका लागि चाहिने निकै पोसिलो तत्व हुन्छ !'

स्वदेशी नेता निकै लोभियो । उसलाई नयाँ स्वादले रन्कायो । महादेवले पार्वती खोजेझैँ गरी न्युट्रिससयुक्त कनिकाको ध्याउन्नमा लाग्यो ।

—'मिलेनियम घोषणा भयो रे नि !'

—'मिलेनियम सिलेनियम थाहा छैन । बरू भन् न भन् ! न्युट्रिसस कनिका कहाँ पाइन्छ ?'

—'ल ल चिन्ता नगर ! काम हुनुपर्छ म मिलाइदिन्छु न्युट्रिसस कनिका ।

बल्ल आफ्नो शरीरको न्युट्रिसन पूरा हुनेभयो भन्ने सोच्यो र उसले हौसिँदै भन्यो ।

—'त्यो खाएपछि के के पावर बढ्छ ?'

—'हृष्टपुष्ट हुन्छ । सोच्नसक्ने पोज बढेपछि ऐश्वर्य पनि उन्नत हुन्छ !'

तब परदेशीले यही मौका खोजेकोले उसले ठान्यो । अब यसलाई मिलेनियमको कनिके लोभ देखाउँदा फस्छ भन्ने आइडिया लगायो ।

—'मिलेनियम तिम्रो संसदबाट पारित गर्छौ त ?'

—'लौ ! त्यो त मेरो बायाँ हातको चुट्कीमा पास !'

—'त्यसो भए अब तिमी रोगाइरहनु पर्दैन । तिम्रो सबै रोग त्यसैले निको पार्छ ।'

—'गजबको न्युट्रिसनयुक्त कनिका याने मिलेनियम पोसिलो फुड !'

संसदमा पोसिलो फुडको भागका लागि भाग दौड चलिरहेथ्यो । नजिकै आएर कुपोषणले ग्रस्त जनता ट्याउँ ट्याउँ कराउन थाल्यो । कुरो त्यसै अलमलमा पऱ्यो ।

—'कनिका आतङ्क !'

❀

## ११८.

# कार्टोग्राफिक खेस्रो

दराजमा भएको कागज पत्रहरू केलाउन थालेको थिएँ । धुलेटोमा लागेको जीवाणुले हातहरू चिलाउन लागे पनि कागजका पोकाहरू फुकाउन थालेँ । तर मैले खोजेको कागज भेट्न सकिरहेको थिइनँ । मलाई यता मेरा आदेशकले खूब थर्काइरहेका थिए, –'सीमा सम्झौताको प्रमाण तु. जुटाउनु !'

म हतासमा थिएँ । एकातिर धूलैधूलो भएको पोका केलाउँदा हैरान थिएँ । अर्कोतिर वातावरणमा वर्षौं जमेर रहेको विषाक्त धूलो उडेर सासनै रोकिएलाजस्तो भएको थियो । आलमारीहरू खुइलिएका थिए । मुसाका बिष्टाहरू छरपष्ट थिए । आफू ठूलो हाकिम भएकोले सबैको चित्त बुझाउनु मेरो कर्तव्य नै थियो । उताबाट जोडले खबर आयो, –'कार्टोग्राफिक नक्सा तु पठाउनू !'

अर्को तनावमा पर्नथालेँ । बजारमा सीमा मिचिएको बारे निकै ठूलो होहल्ला थियो । सदन चलेको थिएन । जानकारहरू मधुरो विरोधका स्वरहरू फाटफुट बकिरहेथे । सबुद प्रमाणहरू खोज्न निकै हम्मेहम्मे थियो । सयौँ वर्षदेखिको परराष्ट्रबारेको प्रमाणहरू भएको जैसी कोठा विशेषतः मेरो जिम्मामा थियो, –'सर ! म त एक महिना बिदा लिन्छु !' –कर्मचारीले घुर्की देखायो ।

'तपाईं यस्तै गर्नुहुन्छ । जतिबेला कामले च्याप्दै ल्याउँछ अनि बिदा खोज्नुहुन्छ । आफूलाई यताबाट पनि उताबाट पनि प्रमाण देऊ भनेर ताकेता आएकोआयै छ । तपाईं खुरूक्क आफ्नो काम गर्नुहोस् । कति भो जागिर खाएको ?' –कर्मचारीलाई भनेँ । उसले, –'चालीस वर्ष ! रिटायर्ड हुन तीनमहिना बाँकी छ ! भन्यो । मैले

रिसाएर भनेँ, –'हाकिमहरू कतिवटा फेऱ्यौ त ?, उसको मुख रातो भए पनि सहज रूपले भन्यो, –'हजुर समेत एकचालीस जना !' उसलाई टेन्सन दिएर भनेँ, –'त्यतिका हाकिम फेर्नसक्ने गजबको बहादुर पो रहेछौ, तिमी त !'

'उमम्, हजुर मात्रै हो धेरै टिकेको । हजुरको पनि अब धेरै समय त बाँकी छैन होला !' –म झस्केर चुप लागेँ । प्रमाणहरू खोज्न उसलाई मैले पनि दबाब दिएँ । ऊ रातोपिरो भयो । उसले लगाएको पावरको चस्मामा टल्किरहेको उज्यालो टेढामेढा भइरहेको थियो । उसले मेरोअघि कपाल कन्याउँदै भन्यो, –' हजुर ! यसो यो धूलोमैलो कागज धुलाउन पठाई दिउँ !'

'काम नलाग्ने धुलाइदिनु नि त, ठाउँ पनि सफा देखिन्छ !' –उसले धूलैधूलो भएको जैसीकोठा सफा गरेर पुरानो कागज खुद्रा पसलमा पुऱ्यायो । पत्रकारले सनसनीपूर्ण एउटा समाचारलाई खूब महत्व दिएर लेखे, –'सीमाको कार्टोग्रफिक खेस्रो नक्सा खुद्रा पसल !'

म झसङ्ग भएर जिब्रो काट्नथालेँ । त्यो सेवकलाई सम्झेँ अनि सीमासन्धिको प्रमाणबारे यताउता सबैतिर पत्र लेख्न सुरू गरेँ, –'तर खै ! के लेख्ने ? के भन्ने के भन्ने, अब केही नभन्ने बरू, आफू पनि त बच्नैपऱ्यो !' –त्यसपछि गोप्य कुटनीतिक नोट तयार गरेर सबैतिर बुझाइदिएँ । –'जेसुकै होस् !'

११९

# करूणाको दिन

—'आज बाजी मार्ने दिन ! खूब खाओ अनि रमाओ तिमीहरू !'

हवेलीमा तास थियो याने खसीको चाम्रो मासु । निकै सुर चलिरहेको थियो । रसिलो सुगन्ध एवं तासको गन्धमा चलिरहेको रात्रिभोजमा गोपीसँग पखालेको भाँडावर्तनको कालो झोल मात्रै हातमा थियो ।

—'कस्तो कालो बगेको ?'

—'उ हेर्न दराजमा, त्यो पनि !'

—'भयो, भयो नहेर त्यता क्रुरलाई !'

—'खै संसारमा करूणाको दिन कहिले आउला र ?'

गोपीले पुलुक्क परतिर सजाएको ब्राण्डेड ह्विस्कीको कालो तरल पदार्थ देख्यो ।

—'उद्घाटन ! सन्त्रास उद्घाटनको ब्राण्ड याने मानव विनासको जडीबुटी !'

—'कस्तो मानवको विनास ?'

—'सुख्खड अनि उजाड धर्मका मानिस !'

—'के उनीहरू पिछलग्गु होइनन् ?'

—'बाइवलको अप्रभात ! अनि त्यसको सजावट !'

त्यसलाई खूब सजाइएको थियो । यता उसका हातका काला झोलहरू पनि त उस्तै रङले बनेका थिए । उसको पनि त मन न हो, उसको मनबाट एकछिनमा भावुक वेदनाले आवाज झऱ्यो ।

—'कस्तो करूणा !'

उसलाई करूणा लागेर आयो । तासको चाम्रिएको लाप्सालाई हेरेर घुटुक्क थुक निल्यो । वरिपरि चहलपहलमा रहेका लहडीहरू बीच उसको कुनै नाता पनि थिएन, पहिचान पनि । मनका करूणाले द्रवित मनोदशाका रोगीहरूलाई चुटिरहेका थिए । बरू उसलाई त्यतैतिर पलपल उडेको चुरौटे धूवाँ बमको दुर्गन्धभँै लाग्दथ्यो । उसको चिन्ता न कुनै सौखिन लडाइँका पिपासुका उन्मादजस्ता थिए न आततायी खुपियाँका सौखजस्ता । ऊ हवेलीको रमभमको दृश्यलाई हेरिरहेको थियो । मैलोले लत्पतिएको कालो हातमा टङ्ग्रङ्ग बज्ने सामानहरू मात्रै थिए । चिसो खरानी उडिरहेथ्यो ।

—'अब श्रमिकहरू आफ्नै देश फर्क ! सुरक्षा चुनौती बढ्यो !'

हतासमा आएको समाचारले गोपीको अनुहार कालोमैलो भयो । हातको कालो अनुहारमा गएर ठोकियो । हताहतीको सङ्ख्या बढिरहेको थियो । रोदन अनि क्रन्दनको चापले धूवाँको मुस्लो बादलभैं फुल्दै उडेको थियो । नाबालकहरू सोत्राम भएको खबर सुनिन्थ्यो । गोपीको करूणाले उन्मत्त रात्रिभोजको खासै भेउ पाउन सकेन । ऊ उदात्त भएको भोजको नायकसँगै जऱ्याकजुरूक उठ्यो । नायकले आक्रमणको स्वीच दबाए । ठीक त्यतिनै बेला गोपीको मनमा रहेको करूण भावले घरकी करूणालाई मोबाइलको स्वीच दवायो ।

—'म आउने भएँ प्यारी ।'

—'किन यति छिटो हजुर ?'

—'तिमी मेरो कुरा बुझ्दिनौ करूणा ! यहाँको जीवन खासखास खालका छन् । युद्ध र सन्त्रासले हरेकदिन यहाँका करूणाहरू सबै मरेका छन् । बरू तिमी त त्यहाँ बाँचेकी छौ ।'

त्यो दिन गोपीले बकेको हृदयविदारक सन्त्रासको कथा सुनेर बल्ल करूणाले जीवनको चाल पाई ।

—'भयो ! अबको दिन यतै जिउँ !'

गरिबीमा करूणाको दिन बेहद निरास थियो । सबैका आँखामा आँसु तरर्र चुहिरहेको थियो । शोकसभामा देखिएको करूणासँग मानवधर्म मरिसकेको थियो । भोलिपल्ट बिहान घोषणा भयो ।

—'करूणाको यो दिन अब सुख शान्तिको कामना गरिन्छ ।'

करूणाको नावमा अहिले कोही थिएनन् । थिए त केवल आँसुका करूण भाव मात्रै ।

१२०

# पापी चङ्गा

—'तैँले स्वर्ग देखेको छ ?'

कानै टट्टाउने गरी बले करायो । बिहानसम्म नै म विछ्यौनामा सुतिरहेको थिएँ । आँखामा चिप्रा थियो । नाकमा सुख्खा कसरहरू थिए । ओठमा चिसोले उप्काएका पाप्राहरू खस्राहुँदै उभिएका थिए । चिसो स्याँठको रन्कोले कोठा सेकिरहेको थियो । बलेले फेरि भट्यायो ।

—'स्वर्ग देख्नलाई त मनुष्य भएर जन्मनुपर्छ, लौ ! जा अब उता ।'

—'म्याउ !'

कसैले कराइदियो तर बलेलाई यो बिरालोको नै स्वर हो भन्ने विश्वास थियो ।

—'आज स्वस्थानी पुर्णे हो ! बुझिस् ?'

—'म्याउ'

स्वस्थानीको कथा सुनिरहेको शान्त मुद्रामा जिब्रो चाटिरहेको बिरालो चटपटायो । उसले त्यहाँ स्यारसुर आवाज सुनेको के थियो । स्वस्थानीमा नवराज राजा भएको कथाको घटना बिर्सिदियो । सिंहकोजस्तै राजर्षी शैलीले मुसालाई झ्याप्प झम्टा हान्यो । बिहानको स्वस्थानीको व्रतको प्रारम्भको दिन दैलोभरि तरर्र रगत चुहिँदै गयो । रगतका थोपा देखेपछि चमेलीमा गएको सातोले बकबकाउन थाल्यो ।

—'यस्ता पापीले पनि स्वस्थानीको कथा पढेर धर्म हुन्छ ?'

उसको लवजमा सामेल भएको रनकको सुरिलो स्वर सन्देशले बलेको कान तात्तिएर आयो । उसले स्वस्थानी पढ्दापढ्दै जुरूक्क उठेर चमेलीलाई झम्टा दियो ।

–'स्वर्ग जान्छु भन्ठान्छे, अधर्मी ! पाप पखाल्ने ? तातो पानी खन्याइदिउँ ! '

–'नापियो ! तिमीले देख्यौ त स्वर्ग ?'

मनमा पाकेको असन्तोष दुवैमा उम्लियो । झगडा गर्दागर्दै बाल्टिनमा इलेकट्रिक रडले पानी तताउन बसालेको भाँडोको कुरा ट्वाक्कै तिनीहरूले बिर्से । पानीको बाल्टिनमा बिरालो इवाम्म हामफाल्यो । तातोपानीमा छटपटाएर त्यो मऱ्यो । तब चमेलीले बलेलाई धिक्कार्दै भनी ।

–'पापीले स्वस्थानी पढे अनिष्ठ हुन्छ भन्थे, हो रैछ । लौ अब बिरालो झिकेर फाल, बले !'

जोईटिङ्ग्रे बले अलमलमा पऱ्यो । एकछिन अगाडिको जिउँदो प्राण एकाएक मृत बन्यो ।

–'यसले बल्ल स्वर्ग देखेछ, हि हि हि हि ! निर्दयी लफडा !'

त्यसपछि घर घरमा बिहानको स्वस्थानी व्रतको अध्याय सकियो । रातभरि पाकेका असन्तोषका तिनका मन एकछिन समन भयो ।

–'न बाँचे पाप, न मरे पुण्य, धर्मकर्म शून्य !'

चमेली बलेदेखि त्यसै बर्बराउँदै फतफत फत्कन थाली । एकलोटा पानी अम्खोरामा सारेर भट्याइरही !

–'आजको प्रथम अध्याय राम्रोसँग पाठै भएन ! मनमा चङ्गा त लोटीमा गङ्गा, हर हर महादेव !'

मनको कामना महादेवका कारणले दिनभरिलाई पूरा भयो, अर्को दिनका लागि अर्कै अध्याय ।

**H. उत्कर्ष ढाँचा**[१] : यहाँ मानवीय जीवनको गति विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमश १०६ देखि १२० सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू मानवीय जीवनको गतिको विविध विषय क्षेत्रको घटनामा आधारित छ । लघुकथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरिएको छ । आरम्भ लेखनपछि निर्देशन एवं संवाद दुवैप्रकारका पङ्क्तिमार्फत लघुकथाको उत्कर्ष ढाँचालाई प्रस्तुत गरिएको छ । संवादलाई प्रत्यक्ष र अप्रत्यक्ष कथन पद्दतिको दुवैप्रकारका बुनौटमा राखिएको छ । लघुकथामा संवादका लागि प्रयोग भएको कथन निर्देशन अनुच्छेदलाई सामान्य (*Simple*) प्रणालीमा उद्धरण चिन्हबाट एकप्रकारले व्यवस्थापन गरिएको छ भने संवादको पद एवं पदावलीका लागि एकप्रकारको संवाद निर्देशक चिन्ह(–) र अर्कोप्रकारको संवाद निर्देशक चिन्ह (–) तथा संवादको लागि एकल प्रकारको उद्धरण चिन्ह प्रयोग गरी प्रत्यक्ष्य कथनअनुसार सामान्य लेखन- (*Simple writing*) गरिएको छ । उत्कर्षित अनुच्छेदको पङ्क्ति निर्देशन वा संवादबाट सुरू भए ०.५ स्पेस ट्याव छोडी एवं संवादबाट सुरू भए ०.५ निर्देशनको स्पेस ट्याव नछोडी उत्कर्षारम्भ गरिएको छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन स्पेस १५ प्वाइन्टमा मिलाइएको छ ।

१२१

# खुरापात

सूर्योदयको समय थियो । बादलजस्तै बढेका भ्रमका छिचिमिरा उडानले सूर्यको रापिलो ताप चिसिएको थियो । आकास त उस्तै हो, तातोले समनमा थियो । धरती निकै बेहोसी बनिरहेथ्यो । चिसो रापमा तातो वाफ उम्लिएर एकाएक अनिष्टको वर्षा भयो ।

–'मार्ने धम्की !'

–'मार्ने धम्कीको पनि कहीँ कतै वर्षा हुन्छ ? यो त गुप्तचरको कुरा हो !'

गुप्तचरहरू अनुचरको रूपमा रापिलो वाफमा रमाउँदै च्यालेन्ज ठोकिरहेथे । सहचरहरू सडकमा दिइएको पाठ घोक्दथे ।

–'बौलाहा बादलको फुईंफुईं !'

–'तँलाई देशभक्ति थाहा छैन ? भक्तिको कुरा मात्र गर्छस् ! बहादुर योद्धाहरूको सन्तान हौँ बुझिस् के ?

आफ्नो हैसियत बिर्सने तँ ?'

फुस्स फुस्केको रापमा आएको तापको च्यालेन्जले मन त्यसै भुट्भुटियो । दरबारजस्तो घरवारको रापबाट आएको उज्यालो भुसको ज्वाला एकछिन जुलुलु बल्यो । खरानी अलिअलि उड्यो । त्यो जुलुलु रापले अलिअलि पोल्यो वा पोलेन, मात्रै बोलिरह्यो ।

–'मार्ने धम्की दिनुपर्ने कारण नै छैन ।'

–'के त्यसो भए, मर्ने धम्की दिएको त दुनियाँलाई ?'

यो मर्ने र मार्नेको धम्कीको विषय थियो । सहरका ठूला मानिसहरू एकअर्कालाई आरोप गर्दथे ।

-'कुरा नबुझी बुझ पचाउने ?'

-'उल्टो धम्की दिने ? मर्ने ?'

दुई बहादुरहरू युद्धको मर्ने र मार्ने मैदानमा बसेका थिए । एकसँग मिसाइल थियो । अर्कोसँग मसला थियो । हानाहानमा च्यालेन्ज पनि चलिरहेको थियो । यस्तो च्यालेन्ज अन्यत्र कसैले कसैलाई गर्नसक्ने थिएनन् । अरू सब लुरे सिपाहीहरू थिए । सिपाही पनि कस्ता भने च्यापु खुस्किएका, ढाड भाँचिएका अनि जिब्रो काटिएका मात्रै ।

-'यो युद्धको मैदान हो ?'

पत्रकारको यो प्रश्न खस्न नपाउँदै मार्ने बहादुर त्यसै चिच्यायो ।

-'यो च्यालेन्जको विषय हो !'

मर्ने बहादुरलाई छटपटी भयो । क्यामेरातिर फर्केर उफ्रन थाल्यो ।

-'नो नो यो विग च्यालेन्ज ! मार्न नसक्नेलाई मर्ने च्यालेन्ज पनि बढ्न सक्छ !'

पत्रकारहरू रिसाए । उनीहरू चौँथो अङ्गका प्राणी थिए । जङ्ग चल्यो ! सब पत्रकार एक स्वरमा कराए ।

-'मार्ने, मर्नेको खास कुरो के हो ?'

-'ह्या ! यति नि थाहा छैन, यो सब मिले नियम नमिले खुरापाती च्यालेन्ज !'

१२२

# थुक दिवस

थुकुवाहरूको कुनै राष्ट्रिय पर्व त हुँदैन तर पनि बहस गर्न प्रयत्न गर्दथे ।

–'अराष्ट्रिय !'

–'के सन्की कुरा गर्छ, यो पाखे !'

मन हरेको, मान हारेको अनि सम्मानहरूको प्यासले तृषालु बनेको मान्छे सालिकलाई पाखे एवं अराष्ट्रिय बनेर हेरिरहन्थ्यो । आँखामा पट्टि र मनमा कुण्ठा पालेको त्यो मान्छेमा खै ? किन हो, कसको रिस थियो ? उसलाई सालिकको सौम्यपन त्यसैत्यसै ननिको लाग्दथ्यो । रिसले चूर भएर आगो हुन्थ्यो ।

–'तैँ होस् आक्रमणकारी ! लौ खा ! तेरो काट्टो !'

सालिकलाई काट्टो खुवाउन सक्ने बहादुर मानिस देखेर सडकका मानिसहरू बोल्दैनथे । बरू मनमनै पेट मिचिमिची हाँसिरहन्थे । उसलाई बाटोमा कुनै सालिक देख्यो कि औडाहा लागेर बोलिहाल्थ्यो ।

–'ज्यान माराका नाइके, विस्तारवादी खस, थुक्क तेरो बुद्धि !'

थुक चाटिरहन्थ्यो । थुकिरहन्थ्यो । चाटिरहन्थ्यो फेरि थुकिरहन्थ्यो । तर एकदिन घटनालाई बुझाउन ऊ आफ्नो समाजमा गएर सालिकको बारेमा तथानाम गाली गर्न लाग्यो । जब सबैले पहिला अबुझ भएर उसलाई साथ दिए, तब एउटा प्रस्ताव राख्ने विचार गरेर भन्यो ।

–'हामी रैती भएकाले त्यो पापीको नाममा थुक दिवस मनाउँ र वर्षैपिच्छे त्यसलाई थुकौँ !'

हुन्छ ! भन्ने सहमति सबैको थिएन तर पनि हेराहेर गरेर बसेकाले सहमति

जस्तो जुट्यो । पछि उसले आफै थुक दिवसको घोषणा गऱ्यो । थुक दिवसको पहिलो दिन जुरेथ्यो एकीकरण अभियान सन्दर्भमा ।

–'हामीले तिम्रो राज्यलाई झुकाउन कहिल्यै सकेनौँ बरू झुकेथ्यो, हाम्रै साम्राज्य ।'

एक खैरेले इतिहास यसरी पढेर सुनाइरहेको थियो कि तब त्यस मान्छेले फ्याट्टै भनिहाल्यो ।

–'थुकेर म झुकाउँछु खुइलिएको यो साम्राज्यलाई, तर झुकाएबापत के ?'

–'पाउँछौ नि पाउँछौ इनाम !'

थुक दिवसपछि उल्लू बनिने कुरा अरूले बुझेपछि तिनले हात झिके । त्यो मान्छेलाई जसले भेट्दथे, भन्न थाले ।

–'थुक दिवस कहिले पर्छ ?'

–'थुक सुक्दा !'

–'अनि यसको निमन ?'

–'नाक कान घाँटी अप्रेसनको बेला !'

–'थुइक्क !'

त्यसपछि थुकिहिँड्ने मान्छेको नाक कान खोज्यो, अप्रेसन गरेर जोडिदिउँ भन्यो, भेटिँदैनथ्यो । बरू गल्लीमा थुकहरू जमेर दिवस मनाएको देखिन्थ्यो । थुक दिवसको सलामीबापत अमिलो थियो, मन ।

**१२३**

# भ्रम वर्षा !

–'बढ्ता बुद्धि भएको मान्छे खोज्न काँठ जानुपर्छ !'

नेपाली उखानलाई लोकमा किन प्रचलित भएको थियो, कसैलाई थाहा थिएन ।

–'जाने होइन दाइ ?'

–'जाने !'

–'ल ल कविता लेख्नुस् है ? भाग लिनुपर्छ !'

निकै टाढा टाढाबाट आएका नयाँ पुराना कविहरू थिए । आत्मव्यञ्जनाले भोकाएका धेरै कविहरूले कविता लेखे । भ्रमण वर्षलाई सफल बनाउन उत्सव मनाए । डाँडा पाखा डुले, कविता खूब आनन्द आउने गरी पढे ।

–'दाइ ! तपाईंको कविता त क्या दामी छ !'

–'खै ! यस्तै लेख्छु थाहा छैन !'

–'अरू कविहरूको कवितामा त संसार बदलौँ भन्ने सन्देश थियो तर तपाईंको कवितामा आफू नै बदलौँ भन्ने चोटिलो सन्देश छ !'

प्रशंसा पाइरहेको कविको मन फुरूङ्ग भयो । गफिरहेका हुलहरू बीच निकै उत्सुकताहरू चहलपहलिन थाले । उद्घोषकले कविता प्रतियोगिताको नतिजा घोषणा गरे । उनै भावुक कविलगायत अरू सबैले हैसियत अनुसारको पुरस्कार प्राप्त गर्ने भए । सबै अगाडि पुरस्कार लिन लाम लागेर उभिए । यसै क्रममा

उद्घोषकले नाम बोलाउँदै पुरस्कार थाप्न आग्रह गरे । पुरस्कारको राशी थियो, मोबाइल नम्बर, तब उद्घोषकले थपे ।

–'सर्प्राइज मोबाइल पुरस्कार ।'

त्यसपछि पुरस्कृत कविहरूले आफ्नो मोबाइल नम्बर दिए । उद्घोषकले अन्तिम घोषणा गरे ।

–'पुरस्कृत कविहरूलाई बधाई । पुरस्कार मोबाइलमा आफै आउँछ । सफलताको हार्दिक शुभकामना ।'

–'यो भ्रमण वर्ष हो कि भ्रमको वर्षा ?'

कविको पागल स्वभाव पुरस्कार पर्खिरहेको थियो । मोबाइलमा घन्टी अचेल बज्दैबज्दैन थियो । धमाकामा रङ्गिरहेको थियो । कविको आफू बदल्ने महान सन्देशका चतुर हरफहरू काँठ घोकिरहेथ्यो ।

–'संसार बदल्ने त मात्रै ढिँड अनि जड नारा !'

१२४

# भर्त्सना

उतापट्टि गोप्य वार्ता चलिरहेको थियो । यतापट्टि हाँडीगाउँको जात्रा चलिरहेथ्यो । राज उठेर त्यसै कराइरहेको थियो ।

—'लौ छो त हेरूँ !'

—'छुनै नहुने को हो त अनि ?'

—'छोई त हेर अनि थाहा हुन्छ !'

—'मानौँ छोइदिएँ रे ल ! अब के हुन्छ ?'

—'भयो भन्दिनँ बढ्ता कुरा !'

—'छिटो भन्ने भए भन, हैन भने पेल्दिन्छु !'

—'तर के गर्नु भन्न त मिल्दैन नि !'

—'नमिल्ने भए पनि खुरूक्क गर ! दिन्छु भनेसी दिइहाल्छु नि चाहिए जति !'

—'कसरी मिलाउनु खै ? सबले मुख आँ गरेर बसेका छन् ।'

राज र विराजको यस्तो उट्पट्याङ वार्ता सुनेर चासो राख्ने वरपरका मान्छेहरू कुराको चुरो बुझ्न सक्दैनथे । गँजडीका जस्ता उल्लू गफमा तल्लीन थिए ।

—'समुद्रको माछा मर्ने भयो रे !'

—'बढ्ता कुरा नगर है ठिटा हो, आवाराले जस्तो ।'

—'त्यसो भए हामी पनि उल्टा दिन्छौँ !'

–'हत्तेरिका तिमीहरू कुरा बुझ्न न ! त्यो रणनैतिक भूमि हामीलाई चाहिएको छ । त्यति नि गर्न सक्दैनौ त वीर पुर्खाका गोर्खालीहरू भएर ?'

एकाएक नाजवाफ बनेका परीक्षार्थीहरूसँग उम्दा उत्तर थिएन । उनीहरू चिट चोर्न खप्पिस भएकाले कसैको चिट पर्खिरहेका थिए ।

–'चिट छ ? भए देऊ न राष्ट्र बचाउने उत्तर लेख्न !'

–'कुन चिट ? क्लिन चिट कि ब्ल्याक चिट ?'

१२५

# श्रमिक सत्ता

—'हे भगवान् ! बचाइदेऊ उसलाई !'

विदारक चित्तको यो आवाजमा वरिपरिका मान्छहेरू चिच्याइरहेका थिए । सिलिङमा सिमेन्ट छ्याप्ने ज्यामीहरू खट मिलाउन माथितिर हेरिरहेका थिए । निकै तलतिरको पिलरको ढलानमा एकजना ज्यामी खटबाट खसेर पिलरको डण्डीमा अड्किएको थियो । पिलरको ठाडो डण्डीले घाँटीदेखि छेडेर उसकै मुखबाट निस्किएको थियो । अनि उसको ज्यान तन्द्रङ्ग ढलानबाट तलतिर झुन्डिएको थियो । मान्छेहरू भने भगवान् पुकारिरहेका थिए ।

—'लौ, आल्चा फलामको डण्डीमा पो अड्किएको रहेछ ।'

सिमेन्ट प्लास्टर गर्नका लागि खट बाँध्न माथितिर हेरिरहेको ज्यामीले कराएर भन्यो ।

—'ए ! मर्ने भो अब, यो कसरी फलामको डण्डीबाट यसलाई निकाल्ने खै !'

आपतमा रङ्गबङ्गिएका अरू मान्छेहरूले हतारो र हतासले बोले ।

—'रेती ल्याओ रेती । अड्केको फलामलाई काटेर यसलाई निकालौ !'

मिस्त्री रेती लिन दौडिरहेको थियो । वरपरका अन्य मान्छेहरू हस्याङफस्याङमा टाँगोले तलबाट उसको ज्यानलाई माथि घचेँटिरहेका थिए । मृत्युदण्डको पोजमा आल्चा झुन्डिरहेको थियो । बुख्याचाको जस्तै गरी आल्चाका खुट्टा लफ्रक्क फिल्लिएको थियो ।

—'के भो यसलाई ! हेरेर काम गर्नुपर्छ नि ! मैले पहिले नै भनेको यसलाई चिप्लेला भनेर । भनेको नटेरेपछि यस्तै हुन्छ । खाली ज्याला मात्रै बढाएन भनेर निहुँ खोज्छ !'

रिस र आतसले रातोपिरो हुँदैआएको साहु कराउन थाल्यो । आल्चा फलाममा अड्किरहेको नै थियो । एकछिन अगाडिसम्म अलिअलि खुट्टा चलिरहेका थिए । जब मिस्त्रीले फलामलाई रेतीले छिनालेथ्यो । ठीक त्यत्ति नै बेला आल्चाको प्राण पखेरू उडेर गयो । उसको शरीर लत्रक्क लत्रियो ।

—'ल ल अब यसलाई बचाउनुपर्छ अस्पताल छिटो पुऱ्याउ !'

साहुले आदेश दिएपछि सबै ढुक्क भए । खर्चबर्च साहुले तिर्ने भो । आल्चाको ज्यान बचाउने जिम्मा उसको भयो । तर केही समयमा आल्चाको मृत घोषणा भएको खबर आयो ।

—'लौ ! अब आल्चाको लास कसरी जलाउने ?'

—'बाँसको खट बनाउएर बोक्ने अनि घाटमा लगेर जलाउने !'

—'घाटको खर्च कसले गर्छ ?'

तब कोही बोलेनन् । निकैबेर पछि मिस्त्रीले बोल्यो ।

—'यसलाई जलाई सकेपछि साहुको मनको जलन पनि सकिन्छ अनि उसैसँग खर्च माग्ने, नदिए फेरि हामी श्रमिक सत्ताको लागि अनसन बस्ने ! हुन्न ?'

त्यसपछि श्रमिक सत्ताको लागि सबैले एक स्वरमा कराए ।

—'हाम्रो एकता अमर रहोस् !'

१२६

# सौतेलो जागिर

—'किन रोएर बसेको, त्यसै ?'

—'जागिर नपाएर हजुर !'

युवालाई जागिरको खूब धुन चलेको थियो। कामको सङ्क्रमण चलेको थियो। पदमा आफन्त हुनेहरू जसै गरी जागिर भेट्टाइहाल्थे । कति टाठाबाठाहरू विदेशमा पलायन थिए । पढ्यो, लेख्यो, हातहातमा प्रमाणपत्र लियो, जतातत‍ै धायो। पहुँच नहुनेको प्रमाणपत्र र सीप कुहिएर बस्थ्यो। एकदिन टाटे कान्छाले नजिकै आएर हरिचालाई भन्यो ।

—'जिन्दगी भर रोएर नबस बाबु । जागिर खाने भए मसँग एउटा काम छ, गर्छस् ?'

के खोज्छस् काना आँखो, भने झैँ हरिचालाई भयो। जागिरको बारेमा सोच्यो। टाटेको कुरा सुनेर अगाडि बढ्यो ।

—'योग्यता के छ काका ?'

—'सामान्य लेखपढ भए पुग्छ !'

—'तलब कति छ नि काका ?'

—'कमाए जति सबै !'

—'अफिसचाहिँ कहाँ छ काका ?'

—'धन्दा नमान न, सधैँ आफ्नै खल्तीमा !'

हरिचालाई अचम्म लाग्यो । गजबको जागिर पाइयो । भगवान्ले जुराइदिए ।

त्यसपछि हरिचा जागिर खान हिँड्यो । जुन ठाउँमा जागिरको बारेमा भन्थ्यो र काम लिन खोज्दथ्यो । त्यहाँ कमिसन पहिले नै मागिन्थ्यो । यसरी उसले जागिर खोज्दै गइरह्यो । जागिर पनि पाउँदै गयो । कमिसनको दर पनि बढ्दै गयो । उसको कामको रफ्तारमा समेत बढोत्तरी भयो । हरिचा एकदुई वर्षमै निकै ठूलो धनाढ्य हुनपुग्यो । गाउँका मानिसहरूले उसको उन्नतीमा आरिसले सोध्न थाले ।

—'हरिचा ! कसरी जोडिस यत्रो सम्पत्ति ?'

हरिचा गमक्क फुलेर चुपचाप लाग्दथ्यो । ऊ निकै वैभवशाली सम्राट्भैँ उपदेश दिन थाल्दथ्यो । एकदिन गाउँका मानिसहरूले अँठ्याइअँठ्याई सोधे ।

—'आज त भन्नै पर्छ, कमाइको बारेमा, नत्र भ्रष्टाचार गरेको बारेमा आयोगलाई उजुर गरिदिन्छौँ ।'

उसको टाटे कान्छा बाले जिब्रो समातेर भने । ऊ अलमलमा पऱ्यो । उसले सोच्यो । अब यी कान्छा बालाई पनि चखाउनुपऱ्यो । त्यसपछि एकान्तमा लगेर कानेखुसी गऱ्यो । टाटे कान्छा बा भिमिक्कै माने ।

—'टाटे बा !'

—'हजुरलाई पनि अलिकति दिन्छु के !'

—'के दिन्छस तैँले ? आफू मात्रै कमिसन हसुर्ने ?'

—'चुप लाग्नु न ! बरू कुरा मिलाइदिनु हजुरलाई पनि जागिर मिलाइदिन्छु ।'

—'जागिर खानेभए त उहिल्यै खान्थे । चाहिँदैन तेरो जागिर, फुसडी !'

—'ल, त्यसो भए सौतेला जागिर दिन्छु खाने त ?'

—'कस्तो हो त्यो ?'

—'त्यति नि थाहा छैन हजुरलाई ?'

—'के थाहा !'

त्यसपछि हरिचाले बाटोमा फकाउँदै लग्यो। सौतेला जागिरको बारे व्याख्या गर्दैगयो। काका भतिजको खास कुरा मिल्यो। सरकारी विकासको योजनामा भतिजले मिलाउने, काकाले ठेक्कापट्टाको हिसाब मिलाउने । बाँकी काम सम्पन्न गर्ने ।

—'अब सहमति भयो हैन त ? काका !'

—'भयो, लौ त्यै सौतेलो जागिर !'

रामका राजा र राजाका राम भेट्न गाउलेहरू निकै कुदिरहेका थिए । तर तिनले राजा नामका भ्रष्टहरू भेटेनन् ।

१२७

# कोटा

—'तँ जनजाति हैनस् ?, जाड !'

—'ओ, हो हो ! अनि तँचाहिँ दलित हैनस् ?, अछुत !'

—'छ्या छ्या तँचाहिँ पण्डित रे हैन त ?, काट्टे !'

—'खसको पनि के कुरा गर्नु ? दमन गर्ने राक्षस !'

एक आपसका व्यक्तित्वमाथि कालो धुँसो छ्यापाछ्याप गरिरहेका सुन्दरशान्त मातृभूमिका दीनदुखी दयालुहरू आखिर चाहन्थे के ? निजी स्वार्थी सत्ता वा हेलित मातको मस्ती वा हीनताको अफरमा त्याग, कसैले भन्नसक्ने विषय थिएन । तर पनि एकसमान बसेर चित्त बुझाएका यिनीहरू बेलाबेला पलाएका मनका क्षणिक भोकले रूवावासी गर्दथे ।

—'हाम्रो कोटा खै ?'

भोक जागेकाहरू खूब नारा लगाउँथे । खाजा खान्थे अनि बेलाबेला सहयोग खोज्दथे । सहयोग र सुविधा पाउने आशामा उनीहरू आफ्ना सारा सत्यम् सत्य मूल्यहरू बेच्दथे । अन्तरआत्मा बेचिदिनु नै अधिकार पाउने मुख्य सर्त थियो । तिनका भगवान्ले तिनलाई बारम्बार सोध्दथे ।

—'तिमो जात के रे ?'

—'म त बाहुन हुँ, बाहुन !'

—'तिमी सर्वहारा विवाह चाहन्छौ ?'

—'हैट, त्यस्तो नि कुरा गर्ने ? आफ्नो कुलधर्मको सत्यानास हुन्छ, भयो ।'

—'तिम्रोचाहिँ के जात नि ?'

—'म त दलित हुँ, हजुर !'

—'त्यसो भए तिम्रो एक टुक्रा मोहियानी लागेको जमिन छोड्छौ त ?'

—'ह्या के दलित भनेर हेपेको ! भयो बढी कुरा नगर्नु है भन्दिया छ ।'

—'तिम्रो जात ?'

—'जनजाति !'

—'ओ, ठीक कुरा गऱ्यौ । त्यसो भए जताततै झगडा गर्न नखोज सब ठीक हुन्छ ।'

—'के आफ्नो ज्यानको बल पनि देखाउन नपाउने ? क्या खुत्लेको !, भयो चाहिएन तिम्रो कोटा ।'

—'अन्त्यमा भन त तिमी हौ को ? कोटा अलिकति बाँकी छ !'

—'म त बहादुर खस हुँ !'

—'बहादुरहरू पनि कोटामा पर्छन् त !'

—'हे हे हे जता हावा उतै कावा भन्ने थाहा छैन ?'

—'त्यसो भए वैभव छोड, तिम्रो मोही लागेको जमिन सबै मोहीलाई बाँडिदेऊ ।'

—'भयो, उसो भए पुर्खाको विरासत खतम गर्न उपदेश दिन लागेको ? तिम्रो कोटा चाहिँदैन !'

एक समय सबैले कोटाकोटा भन्दै काकाकुलले झैँ प्यासमा भौँतारिँदै हिँडेका मान्छेहरूको देशमा आपत पऱ्यो । आपतको समयमा सङ्कट देखापऱ्यो । त्यो सङ्कट भू-गुरूत्वाकर्णको थियो ।

—'देश बचाउने हैन ?'

सब भागाभाग गर्न थाले । मुखबन्द गरेर सबै चुपचाप लाग्न थाले । सुविधाको कोटा फेरि खाली हुनथाल्यो । सुविधाको अवसरको बेला कोटा 'फुल' थियो । सङ्कटको बेला कोटा खाली हुनलाग्यो । पागल दार्शनिकका झैँ पीपलपाते तर्कमा क्षमता र सीप हराइरहेका मानिसहरू अवसरवादी छायाँमा उभिएका थिए !

१२८

# अवसर

बिहानै शैक्षिक प्रशासककहाँ गाउँको टाठो मान्छे चाकडी बजाउँदै दैलोमा पुग्यो । दीनदयाका भावमा निकै अनुनयविनय गऱ्यो ।

—'जागिर खोजिदिस्यो न सर !'

—'हुन्छ ! बोर्डिङ स्कूलमा भन्दिन्छु, भोलि जानू !'

गाउँको टाठो मान्छेले आनाकानी गऱ्यो, अनि कपाल कन्यायो । नजिकै पुगेर ढोगुँलाझैँ गर्दै हात जोड्यो ।

—'हजुर । यसो सरकारी कोटा मिलाइदिइस्यो न !'

—'बोर्डिङ स्कूलमा किन ? नजाने ?'

—'हजुर ! पैसा कम छ । काम धेरै पर्छ । जागिरको सुरक्षा पनि छैन, हजुर ! पेन्सनको टेन्सन मात्रै !'

—'सरकारी कोटा पाइँदैन । अब जागिर नखाने त ?'

—'हजुर आफ्नै मान्छे हो, यति गर्दिस्यो न !'

गाउँको त्यो टाठो मान्छे झोला बोकेर वल्लो कोठा र पल्लो कोठा चहारिरहेको थियो । उसले आफ्नो जागिर पाउन सकेन । त्यसपछि टुप्लुक्क नेतालाई भेट्यो । देख्नासाथ दस औँला जोडेर भनिहाल्यो ।

—'दर्शन हजुर ! म त हजुरको साख्खै कार्यकर्ता हुँ नि । हजुरले चिनिबक्सेन ?'

—'अँ चिने चिने, बरू नामचाहिँ ?'

—'प्रेमप्रसाद !'

—'केही काम थियो कि ?'

—'हजुर, एउटा जागिर खोजेको !'

—'ल ल पख, शिक्षा अधिकारीलाई भनिदिन्छु । कोटामा पार्दिउँला । बरू चुनावमा सहयोग गर्नुपर्छ नि ?'

त्यो गाउँको मान्छे, शिक्षकको कोटा लिएर गाउँमा मास्टर बन्यो । अब उसलाई पेन्सनको टेन्सन हुन छोड्यो । अर्कोदिन सोही सरकारी पेन्सन खान पाउने मास्टर, नेतालाई भेट्न सहर पुग्यो । नेतालाई भ्याएसम्मका उसका कथा गाउँलेको भनाइ बनाएर नेताको बखान गरेको चाकडी सुनायो । नेता कुरा सुन्दै मख्ख पर्न थालेको उसले महसुस भएपछि कपाल कन्याएर भन्यो ।

—'हजुर, एउटा पिउसो छ । सहरको बोर्डिङमा पढ्छु भन्छ । बोर्डिङ स्कूलमा निःशुल्क पढाउन भन्दिस्यो न !'

—'सरकारी स्कूलमा पढाउनु न पैसै पर्दैन !'

—'हजुर छोरो मान्दैन ! उसलाई बोर्डिङको हावा लागेको छ !'

नेतालाई उसको चाकडी सुनेर अघिदेखि नै मनमनै रिस उठिरहेको थियो । नेताले रिसको आवेग थाम्न नसकेर प्याच्च भनिदियो ।

—'के त तपाईंलाई चाहिँ सरकारी स्कूलको पेन्सनको हावा लागेको त ?'

त्यसपछि टाठो गाउँले न नेताकहाँ पुग्यो, न शिक्षा अधिकारीकहाँ । बरू उसले छोरालाई बोर्डिङ स्कूलमा पढाउन नपाएको झोकमा चुनावको बेला नेताको पछिपछि लाग्ने अवसर छोड्यो । उतातिर चुनावको हिसाबकिताव सकियो । हार मानेकाहरू कराइरहेका थिए ।

—'अप्सरियाहरूको काम !'

१२९

# आरोपी सभा

—'लौ विज्ञापन आयो ! पद खाली छ !'

अनुचरहरू ठूलोठूलो स्वरले कराइरहेका थिए । कुनै आत्मरतिले कुनै जीवलाई पुल्पुल्याएर सोधे ।

—'कुर्सीमा बस्ने इच्छा छ ?'

—'बस्न त बस्थेँ नि, तर हजुरको निगाहा नभए म कसरी बस्न सक्छु र ? अनि मेरो आरोप ?'

—'बस्छु मात्रै भन न, आरोपसारोप छोडिदेऊ । बरू कति छ त्यस्तो आरोप कुर्सीमा बसेपछि चट हुन्छ !'

—'छन त निकै छ, कुर्सीलाई नै अप्ठेरो पर्ने एक दुईवटा न हो ।'

—'ल धन्दा नमान त्यो विज्ञापन नै आरोप लाग्नेहरूका लागि हो, ढुक्क होऊ !'

—'जनताले थुक्ने हुन कि ?'

—'काँतर नबन है तिमी, योभन्दा अगाडि पनि त यौन, अनि स्त्री आरोप लागेर बसेकालाई केही भएन त । तिमी नडराऊ । जनताहरू कराउँछन्, डराउँछन् अनि थाक्छन् ।'

—'विज्ञापन भएको पद ?'

—'ह्या ! सभामुख के ! बरू अलिअलि बन्दोबस्त गर, धेरथोर लागेको मैलो मेट्न सावुन पानीले धुनु पर्छ !'

उता मङ्गलग्रहमा त्यहाँका जीवात्माबीच निकै ठूलो बहस चलिरहेको थियो । तिनले भर्खर नै गणतन्त्रको घोषणा गरेका थिए । उनीहरूको गणतन्त्रको मोडेल भने फरक थियो । मङ्गलग्रहका सबै प्रकारका प्राण भएका जीवात्मा, जलचर, थलचर, वायुचर एवं गुप्तचरसम्मलाई एउटै शासनको छाताबाट चलाउन सकिने मङ्गल दर्शनको नामको मङ्गल गणतन्त्र घोषणा गरिएको थियो । त्यो दर्शनअनुसार सबै जीवलाई मिलाएर सभा चलाउन सक्ने बहादुर कहाँ होला भनी खोजतलास भयो । खोज्दैजाँदा सिंहदरबारमा उनीहरू सुटुक्क पसे । यहाँको सभामुखको मोडल लिएर गए । सभामुखको जडकामको कामना गरेर उनीहरूले खुसीले सिंहदरबारको मुल ढोकामा इनामको पोको झुन्ड्याइदिए । इनाम देख्ने र थाहा पाउने जतिको अब सिंहदरबारमा घम्साघम्सी चल्यो । इनाम कसको भागमा कति पर्ने, यकिन नभएपछि आरोप-प्रत्यारोप चल्यो । इनामको राशी सडकमा पुगेर पोखियो । सबै कराउन थाले । तानातानमा केही सभासद्, केही विज्ञ, केही दलाल, केही आरिसेहरू मरे । त्यसपछि नारा घन्कन थाल्यो ।

—'हत्या आरोपी सभामुख !'

त्यसपछि मङ्गलग्रहका समाजशास्त्रीय दार्शनिकहरूले थाहा पाए ।

—'यो सब हाम्रो मङ्गल दर्शनको प्रभाव !'

आरोप अहिले हत्यामा थिएन् । हत्यारामा थियो । मौसम परिवर्तन भएको थियो । सभा भने निरन्तर चलिरहेको थियो । सभामुखले घोषणा गरे ।

—'आरोपहरू सकियो, इनामको एजेन्डा सर्बसम्मतले पारित !'

१३०

# पीडाको अवतार

—'तँ त मरेको मान्छे कसरी भेटिइस् ?'

कसैले यो प्रश्न सोधिरहँदा युद्धको विभिशिखाको यादमा थियो । मनमा झड्का जान्थ्यो । हातखुट्टा लगलग कामेर आउँथ्यो । बहादुरीका दम्भहरू त्यसै ओइलाएर जीवन बाँड्न मन लाग्दथ्यो । बेलाबेला उठिरहने असन्तोषसँग भक्कानिन बाध्यहुँदै प्रश्नहरू लहरिँदै फुस्कन्थ्यो ।

—'म कसरी बाँचेर आएँ ।'

यसरी आफ्नै मनलाई प्रश्न सोध्न मन लाग्थ्यो । उत्तरहरू विस्मृतिपटमा पुगिसकेका हुन्थे । यथार्थ बहादुरीको तक्मासँग ओइलिएर स्मृतिका लवजसँग बाहिर निस्कन्थ्यो । युद्धको जर्जर माहोलका बीच दुस्मनले आएर बोलायो ।

—'ओ मित्र ! बहादुर उठ अब युद्ध सकियो ।'

झल्यास्स भएको आँखाहरू उसका हरूवा पोजमा पुग्थे । जीत झैँ उन्मादको दममा पागल भइरहेका शरीरका रगतहरू उम्लिरहेका थिए । ऊ निकै कामिरहेको थियो । मेरो हातमा रहेको खुकुरी देखेर उसको पिसाब चुहिएजस्तो लाग्थ्यो ।

—'ओ ! मलाई मित्र भन्ने साहस किन गऱ्यौ ? म त घाइते त्यो सिपाही हुँ ! दुनियाँको बुद्धु, परिवारको प्राण र दुस्मनको बहादुरले कहलिएको एक पहाडि बछेडा !'

उसले अगाडि आँखामा बरर्र आँसु झाऱ्यो । दुई औँलाले दुवै आँखाको आँसु पुछ्यो । त्यतिबेला भावुक बनेँ । उसलाई देखेर दयाको दर्शन देखाएँ अनि लज्जाले सोधेँ ।

–'तिमी के कुरामा पीडित छौ त ?'

–'छु नि मित्र !'

–'के कुरामा यस्तो बर्बरायौ ? किन तिमी मसँग माफ माग्न आयौ ?'

–'मित्र ! मसँग थुप्रै पीडाका अवतारहरू छन् । सबतिर च्यालेन्ज छ ।'

जब ती अवतारहरू विश्व रङ्गमञ्चमा देखिन्थे । त्यो सब हत्या, हिंसा, अत्याचार, दमन, लुट र कानुनको बर्खिलाप थियो । त्योभन्दा बढ्ता भातृत्वको जखम थियो । त्यस समय मात चढेको उन्मत्त पोजिसनको मेरो खुकुरी खत्रक्क खस्यो । उसलाई अँगालो हालेर म मानवमानव एक हौं भनेर शिविरबाटै कराएँ । वरिपरि खुकुरीको दनक खाएका लडाकुहरू सयौं लडेका थिए । तब उसले मलाई बोलाएर भन्यो ।

–'खासमा तँ मरिसकिस् भनेर तेरो लास उठाउन आएको हुँ, वास्तवमा तँ त जिउँदै रहेछस् ।'

–'नकच्चरो दुस्मन !'

म बुरूक्क उफ्रेर झम्टेँ । ऊ चुपचाप उभिरह्यो । मलाई दाइ भन्ने सम्बोधन गऱ्यो अनि फत्फताउन थाल्यो ।

–'दाइ ! बोली फेरेर मात्र मित्र भनेको हुँ तर मलाई चिन्दैनौ । आमाले लखेटेको साख्खै तिम्रो सौतेला भाइ हुँ । म हराएको दिन तिमी यसरी रोएका थियौ रे कि आज पनि तिम्रो क्रुद्धता उस्तै रहेछ !'

–'ओ ! तँ सूत्रबहादुर हो ? मेरो बाबुको सूत्रधार !'

–'हो, अब पीडाको अवतार जेजे भए पनि सँगै बाँचौ सँगै नाचौं, मानवताको जम्काभेटमा ।'

१३१

# खँजाहा

—'एक्लै बाँच्नु पनि जिन्दगी अपुरो हुनेरैछ !'

—'हुन त हो तर दैवको लीला कसलाई के थाहा ?'

—'आज पनि आएनन् ।'

—'काम पऱ्यो होला अनि भ्याएनन् ।'

काइँली तोरी पत्ताइरहेकी थिई । नारायणी नदीको मस्के हावाले धूलो उडाएर धमिलो बनाएको थियो । जोडतोडले चलेको हावाको गतिले नदीछेउको बासमा बसेका मान्छेहरूको खरको छानो उडाउलाजस्तो भएको थियो । उडाउने डरले ठूले निदालमा डोरीले बाँधेर पिङमा झैँ झुन्डिरहेको थियो । अरू केटाकेटी हावाहुरीको डरमा थिए ।

—'हेर ठूले ! तिम्रा बौ अझै आएनन् ! त्यसै हिक्क हिक्क मात्रै लाग्छ !'

ठूलेलाई हिक्क हिक्क लाग्नुको कुनै अर्थ थाहा थिएन । काइँलीलाई भने हिक्क लाग्नु भनेको अपसगुन हो भन्ने विश्वास थियो ।

—'लौ बरबाद भो चेली ! बरबाद भो ।'

एकाएक हस्याङफस्याङ गर्दैआएको बद्री मगरले दुखेसो अलाप्यो । उसको तरह केही थिएन । वरिपरि रहेका बच्चाकी आमा काइँलीको मुहार अमिलो हुनपुग्यो । शङ्काले बद्रीलाई सोधी ।

—'के भयो र भिनाजु त्यस्तो बरबाद ?'

—'गाडी पहिरोबाट खस्यो रे ! चढेका जति सबै मरे अरे ! बरू काइँलो खोइ ?'

काइँली खबरले चक्कराई र थचक्क बसी । ऊ घोप्टो परेर रून लागी । हावा बेजोडले चलिरहेको थियो । चैतको हावा निकै बटारिएर आएको थियो । तोरीको बोरा यसो उचालेर पर राखी । उसले उचालेको तोरीको बोरा निकै गह्रूङ्गो थियो । बोरा उचाल्दैगर्दा चसक्क दुखेर बेसरी कराई ।

—'ऐया ! मरे नि बाबा गानो गयो !'

ऊ निली भई । उसका स्वर एकाएक रोकिएका जस्ता भए । रक्तचाप सुस्थ हुँदैगयो । मुटुको धड्कन कम भएको महसुस हुनलाग्यो । शिथिल भएर काइँली सुइय सुइय गर्न थाली । हात गोडामा पसिनाका फोकाहरू बिर्बिराउन थाले । ऊ मन्दगतिको सासको प्रश्वासमा सुस्ताएर घोप्टिएर लम्पसार भई ।

—'कस्तो सबैतिर असरल्ल ? दुई चारदिन आफू घर भएन भने भताभुङ्ग हुन्छ सबैतिर !'

काइँलो स्वर्ग जितेको झैँ घमण्डमा थियो । ऊसँग कुनै सोच्ने विषय थिएन । हप्ता दिनपछि उसको काइँलीसँग भेट भएको थियो । उसले काइँलीलाई देख्नासाथ भनिहाल्यो ।

—'कस्तो खँजाहा आइमाईको फेला परिएछ भने ! म घरमा नभए तेरो सब शक्ति खतम हैन ?'

—'दुनियाँलाई जति मख्याए पनि ग्यास्ट्रिकले त्यसै मर्न आँटिसकेँ ढँटुवा पागललाई थाहा छैन !'

—'के ढाँट्नु बजारमै त थिएँ नि !'

काइँलीले घुर्की देखाएर झर्की अनि फरक्क फर्केर विलौना गर्दै प्वाक्क भनी ।

—'चोरको सरदारको घर यै त हो भनेर हावाहुरीले झण्डै छाप्रो उडाएको । जेलमा कोचिँदै बसेर गाडी दुर्घटना भनी हल्ला गर्ने तँ ? पापी !'

—'नकरा न तँ ! नाम परिवर्तन नगरेको भए कसरी बाँच्थैँ त । पुलिससँगै थियो । नाम के भनेर सोधिरह्यो । सुबेदार भनेर गाडीबाट ओर्लिदिएको थिएँ ।'

—'ल ल भयो ! सात दिनमा कति बटुल्यौ त ?'

त्यसपछि नक्कली सुबेदारले खँजाहा स्वास्नीलाई दुईदिनका लागि सित्री लगाइदियो । गलामा अर्को सुनको माला थपिएपछि खँजाहा बनिरहेको शरीर फेरि खँजाहा हुनबाट जोगियो ।

❀

१३२

# कोरोना भाइरस

—'अचम्म ! भाइरस भन्ने कुरा कति खतरनाक ! चाहे रोगको होस् या उपनिवेशको !'

नासाको प्रयोगशालामा छट्पटाएर टाउको ठोक्दैगरेका वैज्ञानिकहरू विचलित थिए । भाइरसले सार्ने रोग र निदान बारे तिनीहरूको खुट्याइ कुनै थिएन । त्यत्तिकै भुरूरूर्र उडेर एउटा चमेरो आयो । तिनलाई त्यो चमेरो कहाँबाट उडेर आयो पत्तो भएको थिएन । उनीहरूले तत्काल चमेरोलाई सोधे ।

—'अजीवज्यू ! यहाँको सवारी कुन देशबाट ?'

चमेरोले बोलेन उसले मुन्टो मात्रै हल्लाइरह्यो । पखेटा चल्मलाइरह्यो । उसको अडिने ठाउँ कतै थिएन । त्यसपछि एउटा मस्त यौवना वैज्ञानिकको टेबलमा त्यसै पछारिएर बस्यो । ती यौवना डराएर थुर्थुर कामिन् ।

—'भो भो नडराउ नानी । तिम्रै गोलार्धको हुँ ! अहिले म तीर्थयात्रा गरेर भ्रमण वर्ष मनाउन हिँडेको, बाटो अल्मलिएर यता आइपुगेँ । सरि ल !'

त्यसपछि ती यौवनाले यो प्राणी आफ्नो गोलार्धको रहेछ, काम लाग्छ भन्ने ठानेर त्यसलाई सुरक्षित स्थान दिँदै आफ्नो कोठामा सजाएर राखिन् । एकाएक त्यो चमेरोले प्रेमिल स्वभाव देखाउन थाल्यो ।

—'म्याडमको वैज्ञानिक खूबी ?'

—'छैन छैन त्यस्तो, बरू सिकारू मात्रै !'

—'प्रेम गर्ने इच्छा ?'

–'ओ ! जटिल प्रश्न । तर के गर्नु प्रयोगशालाको जड कामले अत्यन्त व्यस्त छु ! मन त त्यस्तै छ नि ।'

–'उसो भए मसँग प्रेममा पागल हुने एउटा औषधी छ । मनपर्छ कि ?'

–'ओ हो ! भन्नु न त्यस्तो अमृत के छ ?'

–'कोरोना भाइरस !'

त्यसपछि कोरोना भाइरसबारे विश्वभर हल्ला चल्यो । यसको उत्पादन एसियाको सबभन्दा बढी जनता भएको स्थानबाट सुरू भयो भन्ने समाचार आइरह्यो । ती यौवनालाई चमेरो खेती गर्ने इच्छा लागेर आयो अनि उसलाई सोधिन् ।

–'तिमीलाई पहाडी ठाउँ मन पर्छ ?'

–'मेरो बाँच्न सक्ने ठाउँ नै त्यही हो । ठीक पहिचान गर्नुभयो, वैज्ञानिकज्यू !'

त्यसपछि कोरोना भाइरस बोकेको चमेरोलाई अचेल सडकभरि देख्थ्यौँ । तिनीहरूको अघिपछि लागेर खूब नमस्कार गर्दथ्यौँ । उनीहरूचाहिँ बेलाबखतमा हामीसँगै बसेर झम्टिरहन्थे । जति औषधी खुवाए पनि सँगै बसेको भाइरस कहिल्यै मर्दैन थियो । तब विश्व स्वास्थ्य सङ्गठनले घोषणा गऱ्यो ।

–'भाइरस मार्न युरेनियम दिनुपर्छ ।'

कोरोना भाइरसरूपी प्रेमिल औषधीबारे सडकमा झगडा सुरू हुनथाल्यो । युरेनियमको खोज जोखिमपूर्ण थियो ।

१३३

# निर्विरोध पार्किङ

—'कुनै प्रश्न थियो कि ?'

सवारीका जामको समय सिट्ठी बजाउने पालेले सोध्यो । बीच सडकमा उभिएको मान्छे त्यसै तर्सियो र झसङ्गियो ।

—'हैन ! केही छैन ! फैसला कुरेको ! किन तर्सनु र ?'

—'हजुरले कसलाई पर्खेको त ?'

—'गाडी जाम गर्ने मान्छे आउँछ कि भनेर पर्खेको !'

पालेसँगै आएको अर्को मान्छे फटाफट दौडेर फर्क्यो । पार्किङमा गाडी जाम गर्नेको साँचो खोज्नलाग्यो । साँचो लिने मान्छे भोजको मस्तीमा थियो । ऊ यताउता खोजिरहेको थियो । उसले पार्किङ जाम गर्ने गाडीको साँचो पाउन सकेन । भद्रलाई भने तारन्तार फोन आइरहेको थियो ।

—'अस्पताल छिटो आउनु, बुबाको सास जाने भो ।'

भद्र मान्छे हतास, हतार एवं वेदनाले प्रताडित थियो । पार्किङमा रोकिएको गाडी बाहिर निस्कन सकेन । भद्रलाई अस्पतालबाट कल आइरहेको थियो । बेलाबेला फोनको घन्टी बजिरहेको थियो । उसको रक्तचाप बढिरहेको थियो । ऊ हतासमा बर्बराएर ढाँट्दै फोनबाट भन्थ्यो ।

—'आज बाटो जाम छ ! आइपुग्न लागेँ !'

—'लौ ! अब बुबाको अन्तिम सास गयो । मुख हेर्न नपाए पनि घाटमा छिटो आउनु । घाटमा ल्याउँछौँ ।'

किरिङमिरिङले मधुरो स्वर आएको थियो । आवाज बुझिएको थिएन । साँचो लिनगएको मान्छे फर्केको पनि थिएन । भद्रका मनका हतासहरू बेगले दौडेका थिए । समयको रात निकै छिप्पेको थियो । सैतानले गरेको आफ्नो गाडी जामको हैरान र बाबुको मृत्युको खबरले निरास भद्र त्यसै मर्माहत भएर छट्पटिएको थियो । अत्यन्त पीडाबोधले उभिरहेको भद्रको अगाडि आएर हल्लँदै गाडी जाम गर्ने मातेको रक्स्याहा मान्छे करायो ।

—'बुझिस् ! भाइ ? म आज निर्विरोध भएँ !'

उसका खुट्टा टेकिसक्नुका थिएनन् । उसको ज्यान लथरिएकोले दुईजना बलिया मान्छेले आडा दिएर अँठ्याएका थिए । भद्र मान्छेको आँखाबाट पीडाका आँसु चुहिरहेको थियो । गाडी सार्ने सुरसार कतै थिएन । त्यसपछि निकै चहकिलो बत्तीमा उभिएको सबै मान्छेलाई रक्स्याहाले धाक छोड्यो ।

—'म यसै निर्विरोध उसै निर्विरोध । पार्किङमा पनि मै निर्विरोध । कसो साथी हो ?'

वरिपरि रहेका उसका मतियारहरूले खूब थपडी बजाए । भद्रको आँखा रिसले लाललाल भयो । ऊ यस्तो निर्विरोध भाषण सुनेर हार खाइरहेको थियो । उता बाबुको मृत्युको शोक यता निर्विरोधको उन्मत्त मस्तीको शोखका बीचमा पाकेको त्यो भद्र मान्छे, बोल्दै नबोली मुर्मुरिरह्यो । लामो यात्राको पार्किङ जाममा परेको भद्रमा मनमनै एउटा उत्तर उठिरहेको थियो ।

—'हराम रक्स्याहा र हतास भद्र जब भेट हुन्थे । कसैका पनि समयहरू निजी प्रयोगमा हुँदैनथे । तब तिनलाई समयले छोडिसकेका हुन्थे । कोही दुःखमा त कोही सुखमा नाचिरहेका हुन्थे । बेहोसी हुनु र विवश हुनु आकास जमिनका फरक थिए । निर्विरोध पार्किङमा नाचिरहँदा कैयौँ मानिसहरूलाई मनमनै लाग्दथ्यो ।'

—'अबको विकल्प अन्तिम फैसलालाई पर्ख र हेर !'

जब उत्तरहरू वेदनाले गुँडुल्किन्थे । प्रत्येकसँग प्रश्नहरू उठिरहेका हुन्थे ।

—'कुनै प्रश्न थियो कि ?'

१३४

# तर्कको पुनर्जन्म

प्राप्त तथ्याङ्कलाई जति जोडघटाउ गरेपनि अन्त्यमा निष्कर्ष विनाश कै निस्कन्थ्यो । मानव जीवनको सुन्दरतासँग अनुदान कामयाबी थिएन । बरू विनाशी खतराको नजिक पुगेको लैलासँग विकासको नयाँ ढाँचाको आडले समय तुन्द्रुङ्ग्रिएको थियो । दार्शनिक भने जीवनको मोहले भँै सश्लेषणको राग छोडिरहेका थिए । उनी आफ्नो खरौटीलाई सोह्रशृङ्गारमा देखेर अकर्मण्यतापूर्वक बर्बराए ।

–'आजको रात मसिहाको बध !'

–'नो नो, जसरी पनि छिपाएर बचाउनुपर्छ !'

–'त्यसो भए तिम्रो गर्भमा दुश्मन मर्न सक्दैन त ?'

–'असम्भव ! तिमी त प्यारा हौ नि त नकच्चरो कुरा नगर न ! बेथाले गाह्रो भइसक्यो ।'

–'बरू, अरू थप दान दिन्छु त्यसलाई बलि देऊ न त उसो भए अर्थात् पतन गरिदेऊ ।'

अल्मलले भोक्राएकी दर्दनाक ती अहिल्या ओछ्यानमा त्यसै छटपटाइरहेकी थिइन् । उनमा आक्रोशयुक्त विद्रोही लज्जा थिए । प्रतिवादको सामना गर्ने आँट थिएन । मानवताको खातिर हिंसाको दुहाइ थियो । तथ्यको अभिलेख र विश्लेषण सिरानीमा नोटको रूपमा पल्टिएको थियो । उनलाई समय समयमा तर्साउने विवादका शैतानी कम्प तरङ्गहरू उठ्दथे, बस्दथे । सपनामा जस्तै विपनामा पनि खूब बर्बराइरहन्थे ।

—'भूतको आभासमा मसिहाको युद्ध लीला !'

यौन दुराचारका भ्रष्ट सिताराहरू ब्युँतिरहेको थिए । यसैबीच एक योगी बोले ।

—'अब अर्को तर्कको जन्म !'

वरिपरिका सबै गलल्ल हाँसे । कोही मुर्मुरिए । कसैले समर्थनमा थपडी बजाइरहे । हाँसोको पर्रा र रूवाइतको वेदनाले अल्मलिएको समयमा परिवेशको हावा धुमिल थियो । सिर्जना र सचेतता हराएका थिए । नयाँ आकासबाट कसैले आक्रोशको सर्बथा नयाँ घोषणा गरिदियो ।

—'अब तिमी हिन्दू हुनेछैनौ । मात्रै मुसलमान भनेर चिनिने छौ !'

—'ओ ! नयाँ तर्कको पुनर्जन्म ?'

—'के खुल्केको तन्नमहरि हराम ! भिक मङ्गा !!'

—'रोबोर्ट बन्न कदापी इच्छुक छैनौँ ! बुझ्यौ !'

—'हेर्दै जानु ! मेरो शक्तिको क्षमता !'

—'के चढेको दादा रैछ ! रक्त मातले मातेको !'

त्यसपछि अहिल्याको गर्भमा भएको दुश्मन मसिहा जबरजस्त निर्जीव बनेर झऱ्यो । उसको व्यवहार साइकोटिक रोबर्टको जस्तै विध्वंशको आभाहरूसँग स्वचालित भएर उडिरहेको थियो । मौसम सफा त थियो तर सङ्क्रमित भाइरसले दुःख दिइरहेको थियो । त्यसलाई मनोवैज्ञानिक भाइरस नामले चिनिन्थ्यो । उसले रगत खोजिरहेको थियो । कोमामा रहेको मसिहालाई बचाउनका लागि केवल मानवको शुद्ध रगतको खोज पहिलो प्राथमिकता थियो ।

—'अब पुनर्जन्ममा सङ्कट कसको ? तर्क या रोबोर्टको ? नेपाली दार्शनिकहरू थाहा चाहियो !'

१३५

# बा-प्रथा

–'तिम्रो मनको धूप जलिरहेछ ?'

–'छैन, बरू अभियानमा छु !'

सन्सार बदल्ने मेरो चेतनाले आफैलाई प्रश्न गरिरहेको थियो। आफै उत्तर पनि दिन्थ्यो। कुनै उत्कर्षको कलाचाहिँ थिएन्। एकदिन मैले मेरो बाको फोटोलाई भित्तामा हेरिरहेँ। अर्को भित्तामा हजुर बाको फोटो थियो। निकै जुँगा मुठे पोजको पनि थियो। अर्को भित्तामा जिजु बाको फोटो थियो। तरवारको जोसिलो दममा सालिकझैँ उभिएका थिए। आफूले आफैलाई प्रश्न गरेँ।

–'ओहो मेरो इतिहासको सान !'

दम्भले फुलेका छातीमा निःश्वासहरू निकै भुल्भुलिए। उत्साहले मनोतरङ्ग चट्कियो। अस्पताल सानो कोठामा एउटा खूब रोइरहेको महिलालाई देखेँ। तिनको होसहवास थिएन। उनी चिच्याइरहेकी थिइन्।

–'खोइ ? मेरो प्राण ! मेरो पुत्ररत्न !'

डाक्टरले प्रविधिको समाचार खूब सुनाए। घटनाको विवरण भने। महिला चुप लागिनन्। उनले अस्तित्वको सहाराका लागि प्राण खोजिरहिन्।

–'अब म आत्महत्या गर्छु !'

छटपटाएकी महिला बर्बराउन थालिन्। सहारामा कोही बोलेका थिएनन्। मात्रै चिच्याउँथिन् र न्यायको भिख माग्दथिन्। डाक्टरले आफन्त खोजे। कोही अघि सरेनन्।

–'तपाईंको साक्षीको ?'

–'उसको बाउ !'

–'कसको ?'

–'मर्नेको !'

–'ए ! ऊ त फरार भइसक्यो ।'

–'किन फरार भयो ? पुलिसलाई सोध्नु न !'

–'किन होला त्यस्तो जड कुरा ?'

–'यो सब बा-प्रथा रेछ नि त !'

–'कसरी ? पुरूषलाई नहेप्नु न त्यसरी !'

–'उसले मलाई स्वीकार नगर्ने तर अस्पतालचाहिँ मेरो मरेको छोराको बाउ खोज्ने ? के त म अब आत्म हत्या नगरू ?'

–'ओ ! डिस्चार्ज गर्न पो नसकिने भो । चर्को बाउ परेछ गर्भेको त ! बच्चो गई गो, गए भई गो !'

अस्पतालका बिरामी कुरूवाहरू तमासा देखेर कुरा गरिरहेका थिए । तिनका आँखा शान्त र मन जिज्ञासु थिए । उत्तर कतै थिएन । तर अस्पतालमा बाउ प्रथा चलिरहेथ्यो । दुर्गमका छाउ प्रथाका चेलीहरू र अस्पतालका बाउ प्रथाका पुरूषहरूमा बस फरक अन्धता थियो ।

–'मनको धूप सदाबहार सर्बत्र जलिरहेको थियो । साक्षी प्रमाण किनारा लागे बमोजिम !'

**I. उत्कर्ष ढाँचा**[३] : यहाँ मानवीय जीवनको गति विषयक लघुकथा लेखनको न्यूनतम बान्कीलाई प्रस्तुत गरिएको छ । क्रमशः १२१ देखि १३५ सम्मको क्रममा प्रस्तुत सबै लघुकथाहरू मानवीय जीवनको गतिको विविध विषय क्षेत्रको घटनामा आधारित छ । लघुकथाहरूलाई शैलीवैज्ञानिक लेखन ढाँचा प्रयोग गरिएको छ । आरम्भ लेखनपछि निर्देशन एवं संवाद दुवै प्रकारका पङ्क्तिमार्फत लघुकथाको उत्कर्ष ढाँचालाई प्रस्तुत गरिएको छ । संवादलाई प्रत्यक्ष र अप्रत्यक्ष कथन पद्दतिको दुवैप्रकारका बुनौटमा राखिएको छ । लघुकथामा संवादका लागि प्रयोग भएको कथन निर्देशन अनुच्छेदलाई सामान्य (Simple) प्रणालीमा एकल निर्देशन चिन्हका साथबाट एकल वा दोहोरो दुवै उद्धरण निर्देशक चिन्हबाट व्यवस्थापन गरिएको छ । उत्कर्षित अनुच्छेदको पङ्क्ति निर्देशन वा संवादबाट सुरू भए ०.५ स्पेस ट्याव नछोडी एवं संवादबाट सुरू भए ०.५ निर्देशनको स्पेस ट्याव छोडी उत्कर्षारम्भ गरिएको छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन मिलाइएको छ ।

### तेस्रो आयाम

# लघुकथामा निष्कर्ष

स्फुरित भएका विचारहरू र उत्कर्षमा पुगेको घटनाको वर्णनबाट निष्पन्न हुने मानस क्रियाको सार लघुकथामा निष्कर्ष हो । शीर्षकसँग जोडिंदै आएका घटना, भाव, शैलीय प्रखरता, प्रभाव र पात्रको आदर्श अभिव्यक्तिबाट प्रभाविलो तरिकाले लघुकथालाई टुङ्ग्याइन्छ । शीर्षकसार, प्रभावसार वा व्यङ्ग्यसारको रूपमा पाठकको मस्तिष्कमा लघुकथाले गहन प्रभाव छोड्छ । त्यसैलाई लघुकथाको निष्कर्ष मानिन्छ । विशिष्ट विचार, भनाइ, मिथक, प्राक्सन्दर्भ, उखान वा विशेष सन्दर्भको उत्कर्षअनुसार प्रभावकारी तवरले लघुकथाको बैठान गर्नु निष्कर्ष हो । शब्द, पदावली वा सरल वाक्यको उत्कृष्ट भाषाशैलीय विन्यासमार्फत प्रत्यक्ष या अप्रत्यक्ष कथनका माध्यमबाट निष्कर्ष प्रस्तुत हुन्छ । निष्कर्षलाई लघुकथामा विषयवस्तुको उग्रता र प्रस्तुतीको चमत्कारलाई नियन्त्रण गर्ने एक साधनका रूपमा प्रयोग गर्नुपर्दछ । एक शब्द वा एक पदावली वा एक वाक्यबाट लघुकथाको निष्कर्ष व्यक्त गर्दा लघुकथा चोटिलो र मर्मस्पर्शी हुन्छ । निष्कर्षको आयाममा यस्तो प्रयोगलाई नै एक अनुच्छेदको रूपमा मान्नु पर्दछ । कहिलेकाँही सर्जकको सिर्जनकलाको क्षमताअनुसार निष्कर्षको भाव पुरै लघुकथाको आयामभित्र पनि गुम्फित भएको हुन्छ । यस्तो अवस्थामा भने लघुकथाकारले प्रयोग गरेको गहन बिज शब्द वा पदावली वा वाक्यको वरिपरि लघुकथा अबोधगम्य भएर बस्दछ । प्रचलित गद्यलेखनमा रूपवैज्ञानिक ढाँचाको आयाममा प्रयोग हुने अन्त्यको पुछार बेहोरा लेखनलाई लघुकथामा निष्कर्ष आयामको सन्दर्भमा प्रयोग गरिन्छ ।

## ◆ निष्कर्ष ढाँचाको लघुकथा-क्रम


१३६. अटल विश्वास/२८७
१३७. जासुस/२८९
१३८. ढैचा/२९१
१३९. बर्बरिया/२९३
१४०. औडाहा मन्तर/२९५
१४१. काबु बाहिर/२९७
१४२. रोजी रोटी/२९९
१४३. मौसमी राजा/३०१
१४४. फण्डा/३०३
१४५. सलामी/३०५
१४६. नौलो आलु/३०७
१४७. दुख्या घर/३०९
१४८. सट्टापट्टा/३११
१४९. उपनिवेश/३१३
१५०. समलैङ्गिक/३१५
१५१. छुत/३१७
१५२. खुनी औकात/३१९
१५३. सौन्दर्यको सौदा/३२१
१५४. पन्चट स्वार्थ/३२३
१५५. अनेक दाउ/३२५
१५६. लयको कम्पन/३२७
१५७. जङ्गली कुखुरा/३२९
१५८. औडाहा निहुँ/३३१
१५९. चोट/३३३
१६०. पुरानो सौभाग्य/३३५
१६१. न्याय सम्पादन/३३७
१६२. फासफुस/३३९
१६३. स्वामीको खर्च/३४१
१६४. स्वतन्त्र अभ्यास/३४३
१६५. लुरू मान गुरू/३४५
१६६. अर्ध पट्टी/३४७
१६७. तेजाबी गहना/३४९
१६८. छायाँ सरकार/३५१
१६९. झोलीका देवता/३५३
१७०. प्लट/३५५
१७१. कमिसन भाइरस/३५७
१७२. भाङ/३५९
१७३. भयग्रस्त मानसिकता/३६१
१७४. झिल्लीको वर्षा/३६३
१७५. ग्यास्ट्रिक दबा/३६५
१७६. कालो टालो/३६७
१७७. नक्कली आत्मा/३६९
१७८. स्थानीय खोट/३७१
१७९. झगडाको बीउ/३७३
१८०. कम्प्युटर पसल/३७५

१३६

# अटल विश्वास

–'धोबीका बेटा ! हट् ! अब तेरो ज्याला घट्यो आजदेखि !'

गाउँमा शोषणको अन्त्य न कहिल्यै थियो न अहिले भयो न भोलि हुने नै थियो । झोला बोकेर हिँड्ने बेलामा मलाई आमाले राता आँखा पार्दै भन्नुभयो ।

–'गाउँका मालिकहरू भन्छन्- तँ बरालिएर मेरो नाक काटिस् !'

मसँग आत्मपीडाको निकै ठूलो घाउ थियो । आमाले आएर फेरि कानै थर्किने गरी कराएर भन्नुभयो । म चुपचाप लागेर लज्जाले झैँ पर भागेँ । आमाको मनमा जस्तोसुकै त्रास भएपनि, कुनै त्रास नलिइकन लोक लाजका लागि केही बोलिनँ ।

–'अब तेरो घर गर् खा !'

आमाको झन् झर्किलो थपिएको वचनले मेरो कम्पारो रन्कन थाल्यो । म अपराधले भुतुक्क भएको प्राणीझैँ हुन थालेँ । हातगोडामा सल्बलाएका तीव्र उत्साहका साथ मडारिएका धमनीहरू ओइलाउन थाले । आमाको रिस निकै चढेको थियो । उहाँ बौलाहाझैँ कराउन थाल्नुभयो । झन् बर्बराउनुभयो ।

–'जोरीपारीका अगाडि मर्नु न बाँच्नुभयो ! के गर्नु आफ्नो त हारेको कर्म ? एउटा भएको छोरो पनि !'

तब पनि मैले आमाको खासै कुरा वास्ता गर्न सकिन । उहाँको संवेदनशील चेतनाबारे अन्दाज मात्र गरिरहेँ । बरू यत्ति हो, आमाको अगाडि उभिनसक्ने अवस्थामा म भइनँ । तब निस्कने बेलामा आमाले लुरे स्वरमा भन्नुभयो ।

–'लौ बाबु, अटल विश्वास राख् ! गरिबको बेटा थिइस् । खेत जोत्थिस् ।

ज्याला कमाउँथिस् अनि कमाएर पाल्थिस् । अब बरालिएर नेता भइस् । के भनौँ अब ! तेरो इच्छा छ भने मर्न जा !'

समाजको हेपाइमा पाकेको ठालुहरूलाई सबक सिकाउन चाहन्थेँ । एकदिन मलाई युद्धको हुरिले उडायो । म त्यतै अटल विश्वासले सिपाहीमा भर्ना भएँ । भर्ना भएको दिन मैले आमालाई सम्फेँ ।

-'तिमी कति गम्भीर ध्यानी महात्मा !'

जब म युद्ध लडिरहेको थिएँ । जिन्दार मलाई फेरि आदेश दिइरहेको थियो ।

-'तेरो अटल आत्मविश्वास छैन ? नत्र किन ठोक्न सक्दैनस् मेरा शत्रुहरूलाई ? ठोक् !'

तेरो शत्रु मेरोमा त्यसै खै कसरी बदलियो ? अनि मेरो शत्रु तेरोमा खै कसरी कसरी बदलियो । पछि मेरो बन्दुकको नाल सिसातिर गएर ठोकियो । शोषण अन्त्य गर्ने मेरो सपना चकनाचुर भएर धापमा खस्यो । म धापमा भासिइरहेँ । शोषक फेरि आदेश दिइरहेको थियो ।

-'फेरि अटल विश्वास जगाऊ है तिमीहरू नत्र मौसम खराब छ । तिमीहरू सकिन्छौ ।'

त्यसपछि स्याल र शोषकहरूलाई एकैदिन बगरमा झगडा गरिरहेको देखेथेँ । उनीहरूको बीचमा सानो भोज थियो ।

१३७

# जासुस

भ्यूटावर उक्लेका महन्तले हात हल्लाउँदै डाँडाभरि स्वर घन्कयो ।

—'जय शम्भो, लौ अब हामी जस्ता जोगीको पनि दिनखुल्यो । गाँजाभाङको जपनामा सपना देख्ने हामीजस्ताले खुसी मनाऔँ ।'

—'फुस्रा ! कत्ति न जीवन बुझेको जस्तो ! स्यान्टि पल्टिन्छ, सित्तैमा !'

—'हुन्दे न त, विचरालाई कस्तो मजा आको छ होला, भ्यूटावरमा बसेर अघिपछिको धुनीको रापिलो धूलो सिर्सिरे बतासमा उडाउँदा ।'

—'के यस्तो फन्टुस कुरा ? तिमी त !'

भ्यूटावरमा जीवनलाई चङ्गाझैँ देखेको जोगीलाई तल ओर्लनासाथ पत्रकारले सोधे ।

—'बाबाजी जिन्दगी कस्तो लाग्यो ?'

—'बहुत अच्छा !, मै तो देश के बडे आदमी समान हो गया ! परधान मन्तरी की सीमा से उपर !'

पत्रकारसँग दुईजना चाप्लुसीवाला सरकारी राष्ट्रसेवक थिए । उनीहरूले बाबाजीलाई भने ।

—'तपाईंको यस्तो सन्देश हामी माथिसम्म पुऱ्याइदिन्छौँ । तपाईंको सम्पर्क ?'

—'दर्द के साथ पाटी और पौवे के छेव छाव !'

राष्ट्रसेवकले माथितिर कुरा जोड्ने पुलका रूपमा मसला भेट्यो । उसले जोगीसँग उर्लिएको 'परधान मन्तरी से उपर' को भनाइलाई खराब ख्वाबको डेढ

अक्कल लगाएर राजाकहाँ पुऱ्याएर चाप्लुसी सुनायो ।

—'एउटै देशमा दुईवटा राजा त हुँदैन नि हजुर !'

झस्केका राजाले आश्चर्यमा सेवकसँग सोधे । सेवक हात मोलिरहेथ्यो । वरिपरि घुमेर हजुर, हस, हुन्छ गरिरहेको थियो । फेरि उसले थप्यो ।

—'हजुर ! जोगी त अब यहाँको पो राजा भएछ !'

राजालाई अचम्म लाग्यो । निलो कालोहुँदै राजाले तुरून्त जोगीलाई झिकाए । राजाको अगाडि जोगी आफ्नै भेषमा उभियो ।

—'तिम्रो नाम के हो ?'

—'हुचुर ! दर्दवाला चिप्रा याने भिख मङ्गा !'

राजालाई अचम्म लागेर आयो । आफ्ना प्रतिस्पर्धी दर्दवाला चिप्राको बारेमा उनले छानविन गर्ने विचार गरेर आयोगको घोषणा गरे । त्यसपछि छानविन सुरू भयो । छानविनमा एउटै निष्कर्ष निस्क्यो ।

—'रापिलो धुनीमा उडेको भुत्भुते रातो खरानीको कस याने नङ्गा !'

त्यसपछि जोगीलाई पुर्पक्षका लागि अगाडि ल्याइयो । उसले आफ्नो कुरा सहज भन्यो ।

—'मै तो आखिर पाटी मे रहता हूँ पार्टी मे तो नही ! मेरे भक्तो ने मुझे बल दिया । मैने भि शम्भोका बोल दिया । दर्दका दिन गया मर्दका दिन आया ।'

चाप्लुसीवाला सेवक त्यतै थियो । उसले विन्ती चढायो अनि बोली बदल्यो ।

—'हजुर यो त खुँखार जासुस पो हो त !'

बल्ल थाहा भयो देशमा जिब्रेहरू धेरै छन् ।

## १३८

# ढैचा

कृषि विज्ञहरूले मधेसमा फल्ने धानमा नावो बारे प्रशिक्षण दिइरहेका थिए । देश विदेशबाट आएका एकजना किसानले जिकिर गरिरहेका थिए–

'मधेसमा धानको नाबो होइन सदाबहार नावो नै फलाउने विधि के हो ?'

उनको यो प्रश्नले कृषि विज्ञहरू हैरान थिए । उनीहरूसँग तत्काल उत्तर थिएन । यसबारे अनुसन्धान पनि भइसकेका थिएनन् । प्रशिक्षणको केही समयपछि विज्ञहरूको बीच एकदिन प्रयोगशालामा नश्लीय रूपमा ढैचा उत्पादनबारे बहस भयो । ढैचा र स्थानीय धानका बीचमा जात, भाषा, पहिचान एवं रहनसहनबारे खूब बहस भयो । मान्छेहरूले नारा, जुलुस र धरपकडका साथ विन्ती गरेर भने–

'स्थानीय पहिचान मास्नु हुन्न ! यसको अस्तित्व मेट्यो भने राष्ट्रिय अस्मिता खतरामा पर्छ ।'

विज्ञहरूलाई धानको हस्तक्षेप बढाएर क्रान्ति गर्नु थियो । यो कुरा तिनले मानेनन् । धमाधम स्थानीय धानलाई विस्तापित गर्दै ढैचालाई मलजल गर्नलागे । ढैचा यसरी मौलाएर आयो कि विकासे रासायनिक मलको पोषणले केही वर्षमै यसको बिगबिगी चल्यो । त्यसपछि ढैचाहरू जम्मा भएर निहुँ खोज्न थाले–

'हामीलाई राष्ट्रवादी नमान्ने ?'

'मान्न त मान्ने तर प्रमाण चाहियो नि !'

'के प्रमाण चाहियो, तँलाई ?'

'स्थानीय बसोबासको नागरिकता !'

'आम्मै ! आफू मात्रै बाठो छु भन्ठान्दोरहेछ ! लौ हेर !'

ढैचाले खडबड नागरिकता खल्तीबाट झिकेर देखायो । स्थानीय धान तैँ चुप मै चुप भएर पन्छियो । फेरि नक्कली र सक्कलीको कुरा उठेपछि उनीहरूले प्रमाण जुटाउन सडक र संसद्मा आवाज उठाए । मनपरी गरे । सीता यताको गीता उता गरेर बाजी मारे । चलिरह्यो । भाइरसले ढैचाको दोहोलो काटिने भयो । झारफुक बुटीलाई प्रयोग गरे । पन्जा पत्रमा छाप ठोके । एकदिन बाटोमा ढैचालाई स्थानीय झुत्री बूढीले सोधी–

'तिमीहरू त राष्ट्रप्रेमी भनेर प्रमाणित भयौ तर तिम्री द्रौपदी किन बाउँठिए कि नि ?'

तिनले लज्जा विना नै हाँसेर उडाउँदै जवाफ दिए–

'उनको नश्ल विकास हुन अझै समय लाग्ने भयो ! त्यसैले पारपाचुके गर्दैम् ।'

झुत्री बूढीले फेरि कनकन गर्दै अँठ्याएर सोधी–

–'त्यसो भए त्यो ढैचाको अबको खेती कताको त ?

ढैचाहरूले लाचार भएर जवाफ दिए–

'अहिले भन्दैनौँ, राष्ट्रप्रेम !'

१३९

# बर्बरिया

झोलाराम बसमा चढेको थियो । सिटमा बस्न नपाई भुसुक्क निदायो । घुर्न थाल्यो । उसले निद्रामै भनिदियो,

— नालायक सरकार !

यस्ता शब्दहरू सुनेर सबै चुपचाप लागे । मुखामुख गरेर हाँस्न थाले । कण्डक्टरले निद्रा बिथोलिदियो । फेरि निद्राबाट ब्युझियो । बसबाट ओर्लेर भन्न थाल्यो,

— सत्य निरूपण गर ! दोषीलाई कारबाही गर !!

झोलाराम जहाँ जहाँ जान्थ्यो, शाहजहाँले झैं आफ्नी सुन्दरी प्रेमिकाको वियोगमा जस्तै झोलाभरिको गीत गाउँथ्यो । एकदिन उसलाई ज्योतिषले बाटोमा भेटेर भनिदियो,

— तपाईंको भाग्यमा राजा बन्ने योग छ !

त्यसपछि ऊ झन् हौसियो । एकदिन आफ्नो प्रेमिकालाई एउटा प्रस्ताव राख्यो,

— बुझ्यौ ? म राजा बन्ने भएँ ! अबदेखि मलाई राजा भन !

झोलारामको कुरा सुनेर उसकी प्रेमिकालाई अचम्म लाग्यो । तैपनि प्रेमी राजा भए आफू पनि रानी बन्न पाइने लालसाले आफ्नै स्वार्थका लागि उसलाई 'राजा' भनेर बोलाउन थाली । बाटोमा झोलारामसँग सँगै हिंडेका बेलामा कसैले राजा भनेको पनि प्रेमिकाले सुनी । उसले जहाँ जता पुगे पनि आफ्नो चर्चा राज

पदवीबाट सुरू गर्न लाग्यो । सबैले पत्याए । सडकमा बेरोजगारहरूको साथ निकै थियो । सडकमा बेरोजगारहरूले झोलारामलाई सोधे,

– अब त, तपाईं हाम्रो राजा हुनुभयो । रोजगारी चाहियो !

उसले फेरि सबै बेरोजगारहरूलाई सम्झाएर भन्यो,

– हेर्नुस् ! छापवाला राजाले के नै पो गर्न सक्छ र ?

–– उसो भए हजुर नक्कली राजा हो ?

– तपाईंहरूको रोजगारीको प्रश्न छ । अधिकार प्राप्त प्रधानमन्त्री भएपछि रोजगारी मिलिहाल्छ नि ! बरू नारा लगाऊ नारा !

सबैजना भोकको नारा लगाउन थाले । सडकका अधिकार विहीन सडक छापवाल राजा जोडले चिच्याउन थाले,

– नालायक सरकार रोजगारी दे ! सत्य निरूपण गरी दोषीलाई कार्बाही गर ‼ भ्रष्ट सरकार राजिनामा दे !

झोलारामको उत्साह बढ्न झन् थाल्यो । उसले सबै बीचमा नारा लगाइरहेको थियो । साँझ पर्न थालेपछि उसकी प्रेमिकाले डेरातिर लाग्न अँगालो हालेर चुम्मन गर्दै भनी,

– लौ जाउँ हिँड बर्बरिया डेरातिर ! नारा सकिएन ?

–– खोइ त मेरो अधिकार ?

– लौ, आजदेखि बर्बरिया भयौ ।

झोलारामले आफ्नो झोलाबाट कागजपत्र, छाप र कलम प्रेमिकालाई दियो । उनीहरू पनि अधिकार प्राप्त अधिकारीको रूपमा घर प्रवेश गरे । सुनसान रहेको सडकबाट सदनमा बर्बरियाहरू फेरि बहस सुरू गर्न थाले,

– देशको नक्सा मलाई नसोधी त्यसै फेर्न पाइँदैन !

नारा लगाउने पछुवाहरूको आँखा त्यसै झुलिरहेको थियो । लोलिरहेका आँखामा उदास मनसँग रोजगारी आयात गरिरहेका थिए । आवाज मौन थियो । भित्रभित्रै षड्यन्त्र तेज होला सायद !

१४०

# औंडाहा मन्तर

सडकमा नारा घन्किरहेको थियो । पानीको फोहराले गर्मीमा तात्तिएको सडक चिसो हुँदैथियो । सडकमा आन्दोलनकारीहरू बुरूकबुरूक उफ्रिरहेका थिए । सेल्फी र सजावटका क्यामराहरू फोटो क्लिक गरिरहेका थिए । एक सडक छापले चिच्यायो–

'अपराधी तत्व मुर्दावाद !'

अर्को जत्थाले नजिकैको खम्बालाई रिसले लात्तले हान्यो । आफ्नो झोलामा भएको पानी प्यासले निकै तन्कायो । श्यालको बथानमा झैँ चिच्याट आवाजमा भट्यायो–

'भ्रष्टाचारीलाई कारबाही गर !'

वरिपरि रहेका सबैले फेरि नारा लगाए । उत्कर्षमा नारालाई पुऱ्याए । उनीहरूको मनश्चेतना झन् उफ्रेर भड्कन थाल्यो । नाराको लवज फेरिन थाले । मिश्रित ध्वनिमा जड मनसाय बाहिरियो–

'भाइरस बजेट खारेज गर ! भाइरल कोरोनालाई नियन्त्रण गर !'

दिनको घाम ढल्किरहेको थियो । ढल्किएको घामको लालीत्यमा एकजना रातै अबीरको टीका र मालामा सजिँदै भीडमा उपस्थित भए–

'उहाँ को हो ?'

भीडमा भएको एक प्रदर्शनकारीले अर्कोलाई सोध्यो–

'खै थाहा छैन ! सायद जादुगर होला !'

'जादुगर भए त हाम्रो माग सब पूरा भयो त !'

'धेरै जान्ने नहो है फेरि ? धुसपैठिया !'

त्यसपछि वरिपरिका सबै मुखामुख गरेर चुप लागे । उनीहरू कसैले कसैलाई चिन्दैनन् थिए । पुलिस छेउ लागेर भ्रष्टाचारीको नाम टिप्दै थियो । वाकीटकीमा माथिबाट आदेश आयो–

'के छ स्थिति ?'

'सब जादुगर छन् साप !'

'ए, उसो भए एकएक चिलिम बचेको गाँजा छ नि सप्लाई गरिदिनु सब ठीक हुन्छ ।'

त्यसपछि पुलिसले गाँजा फुक्न थाल्यो । गाँजाको रन्कोले सब भागाभाग गर्न लागे । निकै दौडिरहेको अवालेलाई पुलिसले च्याप्प समात्यो । अनि गाडीमा हालेर थानामा पुऱ्यायो । पुलिसको हाकिमले उसलाई सोध्यो–

'को हो तँ !'

'हजुर ! म त इँटा पोल्ने अवाले !'

'ए तैँ होइनस् आगो बाल्ने ?'

त्यसपछि आगो बालेको भूटा निहुँमा उसलाई कोर्रा हानियो । उसलाई खूब दुखिरहेको थियो । तत्पश्चात् पुलिसले सोध्यो–

'भ्रष्टाचारको स्वाद पाइस् नि अब ?'

'अब लकडाउन सकियो त हजुर ?'

त्यसपछि अवालेले आफ्नो शरीरमा भएको सबै धूलो टकटक्यायो अनि लमकलमक अगाडि बढेर भन्यो–

'हाम्रो अधिकार गर ! फुमन्तर गर ! फुमन्तर !!'

एकहुल मानिसहरू फेरि औडाहा मन्तर सडकमा फुकिरहेका थिए । हिङको गन्धमा टोलाएका झाँक्री थर्थर कामेर उफ्रिरहेथ्यो–

'मसँग अधिकार भए चुडकीमा चट् !'

१४१

# काबु बाहिर

—'राजनीतिको मुख्य उखान के हो ?'

सुरूकै भारदारी सभामा सुनामको गोप्य योजनाको मानसिकता बुझ्न सामन्तले सोधिदिए । सुनाम आफूले उत्तर नदिई गुपचुप बसे । आफ्नो हातमा भएको चुनाव घोषणापत्र सामन्तलाई दिए । सामन्तले सो घोषणापत्रलाई आँखा टट्टाउने गरी पढे ।

—'सर्वहारा श्रमजीवी वर्गको मुक्ति !'

घोषणापत्रको उखान पढेर तिल्मिलाएका सामन्तले पुनः सुनामलाई प्रश्न गरे !

—'अरे मेरो आफ्नो मुक्ति नि त ?'

सामन्तलाई एउटा जन्तर बनाएर सुनामले घाँटीमा लगाइदिए । जन्तरमा बाहिर लेखिएको थियो ।

—'राष्ट्रियताको महान् गौरव !'

सुनामलाई मुक्ति भन्ने शब्द खूब घत पर्‍यो । आफ्नो घोषणा पत्रमा फेरि अरू उखानहरू थप्दै गए ।

—'न्याय, समानता र कानुनी राज ! जनताका लागि इमानदार काज !'

मुक्तिदाता सुनामको अगाडि कसैको पतिहरणको समस्या थियो । पीडित स्त्री सुनाम छेउ पुगिन् । न्यायका लागि अनुनय विनय गरेपछि सुनामले संविधानको व्याख्या गर्न थाले ।

—'संविधानमा पतिहरणको कारबाहीको धारा छैन ! समस्या समाधान मेरो

काबु बाहिर छ !'

रिसको असह्य आवेशमा पुगेकी स्त्रीले उग्रस्वरमा चिच्याउँदै रहिन् । बेजोड मुटुमा आएको धड्कनको आवेशले भनिन् ।

—'त्यसो भए मेरो मौलिक हक हनन भयो त ?'

—'पति पो हरण भयो त, मौलिक हक जति भए पनि छ नि त, मजाले प्रयोग गर्न सक्नुहुन्छ ।'

मौलिक हकसम्बन्धी सुनामको निजी अपव्याख्याले छुवाछुत व्यवस्थाबारे गाउँमा पति वियोगमा परेकी स्त्री आगो भइन् । सुनामलाई एक्कासि एक चड्कन गालामा चड्काएर भनिन् ।

—'तिम्रो राजनीतिको मुक्तिको उखान यही हो ?'

उच्च अहङ्कारले खूब रन्थनिएका सुनाम रातो गाला समाउँदै दाँत किटकिटाएर कराए ।

—'आफै चड्कन दिने ? वाइयात !'

—'के गर्नु त स्थिति काबु बाहिर गएपछि !'

—'उफ्, समाजको काबु बाहिर !'

१४२.

# रोजी रोटी

संसद चलिरहेको थियो । सांसदहरू वाद-प्रतिवाद गरिरहेका थिए । जोई माननीयले सभामुखको छेउतिर उभिएर भनिन् ।

—'सभामुखज्यू दोकलामबारे संसदलाई जानकारी चाहियो ?'

सबै सांसदहरू हलभित्र गलल्ल हाँसे । सभामुखले हड्बडाएर जोई माननीयलाई सोधे ।

—'दोकलामबारे मात्रै थाहा छ ! दोकलामबारे चाहिँ थाहा छैन !'

जोई माननीयज्यूको रोस्टममा अपमान भयो । उनले अर्को प्रश्न गरिन् ।

--'ल ल त्यसो भए सभामुखज्यू दोकलामको बारेमा थाहा नभए पनि केही छैन । बरू कालीको बारेमा त थाहा छ होला नि त ?'

सभामुख अलमल्ल परे । जोई माननीयज्यूको दोस्रो प्रश्नको जवाफका लागि अगाडि भएका सबुदहरूलाई केलाएर ठट्टामा उत्तर दिए ।

--'माननीयज्यू ! सबूदले त काली सालीलाई मान्दैन । महाकाली मात्रै देखाउँछ !'

—'ओहो सभामुखज्यू ! सालीको कुरा त बुझ्नुहुन्छ नि ? तपाईं महाकालीको बारेमा खुरूक्क भेनासँग सोध्नू ! नत्र सम्बन्ध हराम हुन्छ !'

सभामुखले महाकालीको फाइललाई एकछिन थाँति राखे । गोरखबहादुरले जोई माननीयको छातीमा लट्किरहेको संसदको लोगोबारे प्रश्न गरे ।

—'माननीयज्यू तपाईंको निर्वाचन क्षेत्र यो लोगोभित्र कहाँनेर पर्छ ?'

—'उम्, हजुर उतापट्टि माइति पर्छ, यतातिर घर ! उतातिर जादव थिएँ यतातिर नेपाली थर !'

—'ओहो ! तपाईं अल्पसङ्ख्यक समानुपातिक !'

—'हो त, भेनाले बनाइदिएको नि ! उता त खान्दानकी चेली हो त !'

मूर्ख गोरखबहादुर अलमलमा पऱ्यो । यसो माननीय जोईको शरीरमा शिरदेखि पाउसम्म हेऱ्यो । माननीय जोईको हातको चुरा, सिउँदोको सिन्दुर, सुन्दर रूप र सलक्क परेको जीउडालले घुरेर हेरी दिएपछि जोई माननीयको लोगोको भूगोल गोरखबहादुरले बिर्स्यो अनि चुपचाप लागेर सलाम गऱ्यो । लामो समयपछि संसदमा देशको सिमानाबारे बहस सुरू भयो । बहसमा भूमिपुत्रीले लफडा निकालिन् ।

—'कालीसाली थाहा छैन । महाकाली चाहियो !'

त्यसपछि सभामुखले रूलिङ गरे । माननीयज्यूहरू बहस गर्दागर्दै मुख छोड्न लागे । यत्तिकैमा माननीय जोईले आक्रमण गरिन् ।

—'लौ भन ! दोकलाम कहाँ पर्छ !'

—'हाम्रैमा पर्छ, थाहा छैन तँलाई ?'

—'मेरो भेनालाई टोक्ने ?, बोक्सी !'

—'लोफर ! दोक्ला कुरा गर्ने ?'

त्यसपछि बाहिर निस्किरहेका संसदभित्रका अन्य दर्शकहरूलाई पत्रकारहरूले प्रश्न सोधे ।

—'सांसदज्यूहरूको आजको खास विषय के के थियो ?'

सबैले एक स्वरमा जवाफ दिए ।

—'रोयाल्टी र रोटी बेटीका रिस्ता !'

पत्रकारले अनुमान लगाएर भोलिपल्ट समाचार प्रेषण गरे ।

—'संसद्मा जनताको रोजी रोटीबारे बहस !'

१४३

# मौसमी राजा

—'तपाईं ठूलो नेता हो ?'

बाटोमा हिँडिरहेको बेलामा एउटी ठिटीले सुमधुर लयमा सोधी । अलमल्ल परेर उल्टो उसैलाई प्रश्न गरेँ ।

—'किन र ? म नेता जस्तो देखिन्छु र ?'

—'हैन ! नेता भए एउटा काम थियो !'

उसको कामको बारेमा मलाई जिज्ञासा लागेर आयो । बाटोमा एक्कासि कुनै नचिनेको ठिटीले यसरी प्रश्न सोधेकोले मनमा अनेक तर्क वितर्कहरू चल्न थाले । मैले पनि उसलाई जान्न खोजेँझैँ गरेर सोधे ।

—'के काम थियो र ? अनि बहिनीको घर कता ?'

उसले मेरो प्रश्न सुन्ने बित्तिकै सरक्क उफ्रँदै थर्काएर झपार्न थाली । आफ्नो करूणामय आवाजमा भनी ।

—'मान्छेसान्छे चिन्नु छैन, त्यसै बहिनी भन्ने ?'

अपरिचित ठिटीसँग अनावश्यक भनाभनजस्तो भएपछि मेरो नौनाडी गलेर आयो । उसको रूप ढाँचाले एकातिर सम्मोहित पारिरहेको थियो । अर्कोतर्फ अपरिचितसँग कहिलेकाहीँ हुने दुर्घटनाले समेत मनमा भय पैदा भएको थियो । मैले बिस्तारै मनको आशय बुझेझैँ गरेर भनेँ !

—'अहँ, धरोधर्म चिनिन् नि त, को ? भन्नु न त !'

—'को भन्नु नि ! भन्यो भने दुनियाँ उस्तै !, मान्छे !'

उसको अभ्यन्तरको कुरा बुझिरहेको थिइन । उसले मलाई धेरै बेरसम्म केरकार गरिरही । मेरो अनुहारमा लगाएको मुखारीमा ऊ खूब नियालिरहेकी थिई । उसलाई लागेको मेरो लवज, स्वर र स्वरूपमा ऊ भ्रमबस मसँग गफिरहेकी थिई । उसको प्रश्नको आशय मैले बुझिरहेको थिइनँ । उसको हातमा भएको मोबाइलमा कल आयो । मधुरो स्वरमा त्यो मोबाइलबाट आवाज आइरहेको थियो ।

–'अर्ग्यानिक छ ?'

–'छ ! तर म कुरा मिलाउँदै छु !'

त्यसपछि मलाई त्यो ठिटीदेखि घृणा लागेर आयो । सकेसम्म म त्यहाँबाट भाग्न खोजेथेँ । उसले मेरो हात च्याप्प समातेर भनी ।

–'त्यसै भाग्न पाइन्छ, अलपत्र पारेर, पख्नोस् !'

यस्तो हर्कतले मलाई निर्दिष्ट गन्तव्यसम्म पुग्न अप्ठेरो परिरहेको थियो । उसको मुलायम हातको स्पर्शमा सारा दुःखहरू बिर्सिएर भनिदिएँ ।

–'बुझ्यौ मैयाँ ? आजदेखि म पनि नेता भएँ नि !'

–'लौ ? एकाएक बदलिएको त अनि ? कहिले नेता हो, कहिले हैन, के पारा देखाएको त अनि ?'

–'तिमी कुरै बुझ्दिन रैछौ ! नेता भनेकै बदलिइरहने जात हो क्या ! उसले कहिल्यै स्थिर भएर बसिरहन मिल्दैन नि त, नत्र हाम्रो समाज कसरी परिवर्तन हुन्छ त अनि ?'

–'त्यसो भए मौसमको च्यालेन्ज सकियो ?'

–'अर्ग्यानिक तर्क नगर के ? जे भयो भयो !'

यत्तिकै बहसको अन्त्य गरेर हामी आआफ्नो बाटो लाग्यौँ । पर पुगुन्जेल उसले मलाई हात हल्लाइरही । मैले हेर्दै अगाडि बढिरहेँ । एकाएक मेरो खुट्टा फुटपाथको खाल्टोमा ओइरिएर रोकियो । त्यसपछि म बेस्कन कराइरहेँ । बाटोमा मेरो महान् नेतृत्वका बारे निकै ठूलो नारा लागिरहेको थियो । मलाई अर्को कुनै दरिद्रले गाली गरेको सुनेँ ।

–'मौसमी राजा !'

मलाई लाज लागेर आयो अनि क्षमा याचना गर्दै सबैसँग भनेँ ।

–'राजनीतिको एड्स !'

१४४

## फण्डा

सरको हातमा परीक्षाको कापी थियो । उनी हातको कापी हेरेर मुस्कुराइरहेका थिए । कापीको छेउतिर दीनदयालु विद्यार्थीको रून्चे भाषा कारूणिक ढङ्गमा लेखिएको थियो ।

—'यसपालि पनि फेल भएँ भने अवस्य आत्महत्या गर्छु !'

उनले खिस्स दाँत देखाएर गरिमामय अध्यापनको उचाइको पारो तताए । मुखबाट बेजोडको अध्यापकको हैसियत ओकले ।

—'पाजी ! पढ्नुसड्नु छैन ? लाछी कुरा गर्छ !'

उनलाई अध्यापकको गर्वको चर्को पारो तात्यो । तब उनले त्यो विद्यार्थीको उत्तरपुस्तिकामा रातो अक्षरले शून्य लेखेर गोलो लगाइदिए । उनका लागि आश्चर्य र हरामी यस्ता सन्देशहरू लेख्नै थियो । कमजोर विद्यार्थीहरूछेउ तागतको अर्थ थियो । आशा भरोसाको आत्मतुष्टिको रूप देखिँदैन थियो । अर्को कापीमा निकै लज्जाबोध विलौनाका स्वरहरूले अनुनय विनयको भाषामा कापीको बीचमा लेखिएको थियो ।

—'अनलाइन पढेको पटक्कै बुझ्िन । कृपा गरेर पास गराई पाउँ सर ! बरू गुरू दक्षिणा यसै साथ संलग्न छ, हजुर !'

चमन सरको टाउको रनक्क रन्क्यो । उनको टेबलअगाडि रहेका सबै सञ्चार संयन्त्रहरू झूटझैँ सावित भए । सन्दर्भ सामग्रीका सबै चाङहरू निरूत्तरित बने । चमन सरअगाडि कापीमा टाँसिएको हजारको नोट र कृपाङ्क बीचको नैतिक सङ्कटमा परे । उनले त्यो हजारको नोटलाई सुरूक्क ताने । चार नम्बरमा

शून्य थपिदिए । उनले मनमनै ठाने ।

—'तँचाहिँ पास ! अब अनलाइन कक्षाको ऋण चुक्ता भयो !'

चमन सरको हातमा लामो उत्तरकापी पनि आयो । त्यसमा लेखिएको भाषा सबै आफ्नै गाइडका थिए । गाइडको परिमार्जन गर्दा थप्दै गएका सूचनाहरू पछिल्लो पृष्ठतिर सङ्केत गरेर लेखिएका थिए । विद्यार्थीले पनि सोही बमोजिम उत्तरपुस्तिकामा हुबहु सारेर लेखेको थियो ।

—'यसको उत्तर एक सय पृष्ठमा छ !'

त्यो विद्यार्थी देखेर दया लागेर आयो । कापीमा पनि दयाको मूल्य र आफ्नो गाइडको अनुयायीको मूल्य एकैपल चुक्ता गर्दै उनान्सय अङ्क तोकिदिए । वर्तमान शैक्षिक नीतिको प्रयोगमा नयाँ उचाइ थपिएको विकासशील देशमा विद्यालयहरूको प्रतिस्पर्धाका बीच एउटा जड फन्डा चल्यो ।

—'गुणस्तरीय शिक्षाका लागि हाम्रो सेवा !'

उतातिर मुनाफाको फण्डामा उडेका शैक्षिक नोटका पत्ताबाट मृतक विद्यार्थीको सद्‌गदका लागि राहत कोषमा चेकबाट शैक्षिक शान्ति स्वस्ति थियो । शैक्षिक फण्डमा रकम थिएन ।

१४५

# सलामी

पठारको गेगरमा रगतले लत्पतिएको एउटा सिपाही घस्रिरहेको थियो। आकासमा उडेको वायुसेना र तोपका पर्राहरूले लद्दाखको आकास मुस्लिएको थियो । चिनियाँ सेनाहरू आक्रामक रूपमा शत्रुका सेनालाई लखेटिरहेका थिए। गेगरमा घस्रिएको सो सेनाले आफ्नो युद्ध आत्मबललाई उचाइमा पुऱ्याएर चिच्यायो ।

—'आयो गोर्खाली, जय महाकाली !'

उसको शाहसको स्वर, बगेको रगत र महाकालीको उत्सर्ग तेजमा उम्लिरहेको खुकुरीको टङ्कारले शत्रु सेनाको ध्यान आकृष्ट गऱ्यो। उसलाई तत्कालै त्यही बन्धक बनाएर तिनले सोधे ।

—'तेरो परिचय ?'

—'वीर बलभद्र कुँवर, भक्ति थापा र अमर सिंह थापाको उत्तराधिकारी !'

—'ओ ! बहादुर गोर्खेहरू ! अनि लद्दाख तेरो देशको सिमाना हो ?'

—'हैन ! हैन बरू  हामी सहायता गर्न गोर्खा रेजिमेन्ट बनेर आएको !'

—'आइमिन तँ भारतीय ?'

—'हैन, हैन ! नागरिकता नेपाली !'

उनीहरूले थप केरकार गरे। युद्धको नियमअनुसार बन्धकलाई उसको ज्यानको सुरक्षा, औषधी पानीको व्यवस्था र घाइते सिपाहीको हेरचारको प्रबन्ध मिलाइदिए। बेलुका सेनाको क्याम्पमा कमान्डरबाट उसको थप सोधपुछ भयो ।

—'नेपालको वीर गोर्खालीले लद्दाखमा छिमेकीसँग लड्न मिल्छ ?'

—'साहेबको आदेश थियो नि त !'

—'के तिमी भाडाको सिपाही हौ ? उसो भए तिम्रो स्वाभिमान ?'

—'हैन, हैन घरपरिवार बचाउने गरिबको श्रम !'

वीरताले उन्मत्त बनेर उम्लिरहेको गोर्खालीको रगत र खुकुरीको चमक एकाएक ओइलाउन थाल्यो । उसको बटारिएको हातको खुकुरी फत्रक्क भुइँमाथि खस्यो । पछि चिनियाहरूले गोर्खा रेजिमेन्टको उक्त सिपाहीलाई जासुसीको आरोपमा रेजिमेन्टलाई बुझाइदिए रेजिमेन्टले घोषणा गरिदियो ।

—'यो गोर्खा नौजवानको गुलामी भत्ता रोकिदिनु !'

अन्य गोर्खाहरूले लद्दाखको युद्धमा मरेका नौजवानहरूको विधुवाहरूका लागि क्षतिपूर्तिको माग गरे । सरकारले पनि निर्णय गरिदियो ।

—'मृतकका लागि जनही पचास हजार किरिया खर्च सलामी दिनु !'

दुनियाँ भरका समाचार गृहका छापामा खबर व्याप्त थियो ।

—'लद्दाखमा पनि बहादुर गोर्खा जवान !'

१४६

# नौलो आलु

हिमाली गल्छेडामा चङ्गा उडाइरहेको बछेडाको कानतिर एउटा समाचार फुस्स छिऱ्यो ।

--'चक्र-बातको तीव्र चापले मान्छेहरू मर्न थाले । सबैको घरबार विहीन भयो । प्राय अल्पसङ्ख्यक मान्छेहरू शिक्षामा अलपत्र परे !'

बछेडाले यो समाचार पत्याउन सकेन । उसको चङ्गा निकैमाथि अक्कासिरहेको थियो । देशमा महामारी फैलिएको थियो । सरकारले बालबच्चाहरूको पढाइ उकास्न अनलाइन कक्षाको व्यवस्था गरेको थियो । हिमाली गल्छेडाका बासिन्दाहरू भए ठाउँमा पनि यो समाचार बेलैमा पुग्यो । हिमाली गाउँले बछेडाहरू गफ चुट्न थाले ।

—'हाम्रो गाउँमा अनलाइन स्कुलले पढाउँछ रे !'

—'मैले सुनेको त सबै विद्यार्थीलाई कम्प्युटर पनि दिने रे !'

अर्को आलोचक बछेडाले जुँगा बटार्दै ठट्टाको गजँडी गफ हान्दियो ।

--'अनलाइन स्कुलमा त जहाँ बसेर पढे पनि हुन्छ रे ! म त बच्चालाई बाख्रा चराउन पठाउँछु । पढेर पनि आउँछ बाख्रा पनि चराउँछ ।'

अर्को लाल बुझक्कडले सही थापेर आलोचक नजिकै गएर भन्यो ।

—'हो नि काका, एक पन्थ दो काज, बरू एक कप चिया खुवाउनोस् न !'

अर्को बुज्रुक अल्लारे युवा बछेडाले सबैका अगाडि कसम खाँदै थपिदियो ।

--'गाउँमा रोजगारी र शिक्षाको विकास एक गोलीले दुई सिकारको प्लान

गजब आयो । खेत पनि खन्ने

अनलाइन क्याम्पसको क्लास आलीमा बसेर मजाले लिने । उता खेत नि खनियो, यता पढाइ पनि !'

अनलाइन कक्षाको सरकारी योजना सुरू भयो । बच्चाहरू कम्प्युटर बोकेर बाख्रा चराउन गोठाला गएका थिए । तिनले कम्प्युटर खोले । पेच र स्टिकले लक भएका ठाउँहरू टुक्राटाक्री पारेर खोले । अन्त्यमा एउटा जब्बर पेचले दुःख दियो । तिनले सिन्काले सो ठाउँमा बेसरी घोचे । तर पनि कम्प्युटर पूरै खुलेन । त्यसपछि कम्प्युटर ढुङ्गाले हानेर छुट्याए । वाल्ल परेर तिनले कम्प्युटर स्याउलामा चुपचाप पोको पारे । घरमा आए ।

–'आजको अनलाइन स्कुल कस्तो भयो बाबू हो ?'

–'राम्रो, एकदम मज्जा आयो ।'

ती हिमाली बछेडा गाउँलेहरूले एकदिन माननीयलाई भेटेर साँचिलो हुँदै भने ।

–'माननीयज्यू हाम्रो गाउँ त शिक्षा र रोजगारीमा खूब विकास भएको छ, हजुर ?'

माननीयज्यूले टाउको हल्लाए । उनले फेरि बहस झिके ।

–'अनलाइन कक्षालाई नेटको छुटको व्यवस्था गर्न पनि यसपालि बजेट छ !'

गाउँलेहरूले चङ्गाको धागोमा आउने विद्युतीय तरङ्ग र चक्र-बातका झड्कासँग कम्प्युटरलाई जोडे । इन्टरनेटको झड्काको अनुभव भने थिएन । मास्टरका लागि झूटको खतरा बढेको थियो । उनीहरू अनलाइन स्कूलका कक्षामा व्यस्त थिए । अनलाइन कक्षाबाट चाहिँ रूष्ट थिए । उनको मुखबाट आक्रोशझैँ लवज त्यसै जोडले फुस्कियो ।

–'आलुजस्तो कम्प्युटर !'

१४७.

# दुख्या घर

छारूङको उकालोमा पुगेपछि पोको पन्तरो बोकेर खल्ट्याङखल्ट्याङ गरिरहेकी एउटी वृद्धाले डराएर सोधिन् ।

—'तिम्यारू उता कि हौ कि, यता कि ?'

हामी अलमल्ल पऱ्यौँ । मेरो साथी अलि ठट्टा गर्ने भएकोले उनको कुरा भुइँमा खस्न नपाउँदै उसले भन्न भ्याइहाल्यो ।

—'हामी त उताका जासुस हौँ, बजु !'

वृद्धाको सातो उडेछ क्यारे, उनले आफूले बोकेको काँधको पन्तरोलाई काँखीमा निकै अँठ्याएर च्यापिन् । बोल्दै नबोली छिटोछिटो अगाडि लागिन् । त्यसपछि हामीतिर फर्केर पनि हेरिनन् । अन्ततः साथीलाई मैले दुर्गमको उकालो बाटो काट्दै भनेँ ।

—'तेरो ठट्टा त भालुलाई बन्दुक जत्तिकै भो भाइ !'

निकै घण्टा अलप भएकी वृद्धालाई हामीले फेरि अलिपर ढुङ्गे ओडारको छेउमा भेट्यौँ । ज्यादै पानीको वर्षा भइरहेको थियो । संयोगले ओत लाग्ने एकै ठाउँ थियो । हाम्रो अनुहार देख्ने बित्तिकै तिनी डराइन् र स्थानीय भाषामा उनीसँगै रहेको अधबैँसेसँग कुरा गर्न थालिन् । त्यसपछि तिनको त्रास एवं चिन्ताको चेहरामा खलखल पसिना देखियो । उनको मुहारमा देखिएको सन्तापले हामीलाई पनि अप्ठेरो पाऱ्यो । त्यसपछि मैले उनीहरूलाई सोधेँ ।

—'आमैज्यू, तपाईंहरू कहाँसम्म जाने ?'

अपरिचितहरूको यस्तो प्रश्न सुनेपछि उनीहरूमा झन् सन्देह उम्लिन थाल्यो । डरले कामे झैँ देखिन थाले । तिनको स्वभाव, चालचलन र कुराकानीमा यथार्थको अवरोध पर्नथाल्यो । त्यत्तिकैमा अधबैँसेले आफ्नो मुख खोली ।

—'हम्रा दुख्या घर छ ! किन्याको हम्रा नुन थोरै !'

अधबैँसेको कुरा सुनेपछि हामी अलमलमा पऱ्यौँ । नुन किन्न गएका ती सिमानाका महिलाहरूको ब्यथाबारे अनेकौँ लख काट्यौ । तिनलाई सोध्यौँ ।

—'तपाईंहरूले गोर्खालीहरू चिन्नुहुन्छ ?'

—'हमी नै त हौ क्यारे गोर्खाली !'

—'त्यसो भए नेपालीलाई पनि त चिन्नुहुन्छ होला नि त ?'

—'उनी त हम्रा बिष्ट मात्रै हुन् । नवराज नेपाली त खै मऱ्यो भन्थे !'

—'उसो भए तपाईंहरू ?'

—'गोर्खेका सौतेला, गोर्खाली स्वास्नी !'

हामी राष्ट्रवादको समाचार सङ्कलनका लागि गएका मनुवाहरू सौतेला गोर्खालीका स्वास्नीहरूका नुनको पीडादायी सन्दर्भको क्षणमा आँसु खसालिरह्यौ । पानी पर्न छोडेपछि आफ्नो बाटो लाग्यौँ । पर पुग्दासम्म तिनीहरूको लवज सुनिरहेको थियो ।

—'जासुसले तै दुख्या घरकी नुन देखिनन् !'

१४८

# सट्टापट्टा

नेपाली मन न हो, सुरोमा उस्तै, बहादुरमा भन्नै परेन । दयावानमा त अब्बल नै थियो । नेपाली बहादुरको तारिफ नगर्ने दुनियाँमा को नै नहोला र ? हिटलर काँपेका थिए । बृटिसहरू थर्किएका थिए । रूसीहरू नेपालीको ट्रेडमार्क सुन्ने बित्तिकै कायल हुन्थे । यो, त्यो जमानाको कुरा थियो । यस्तै शाहस र बहादुरीको माला जपेर गोर्खालीको भेषले युद्धबहादुर मठमा जप गरिरहेको थियो । बूढा गोर्खालीको कुटीमा कता कताबाट एउटा मुसा छिऱ्यो । जप गरिरहेको गोर्खालीलाई जिस्क्याउँदै सोध्यो ।

—'सातो खाइदिऊँ ?'

मुसाको कुरा सुनेर जप गरिरहेको गोर्खालीलाई रिस उठ्यो । हातमा जप गरिरहेको माला झट्कारेर मुसालाई झम्टँदै भन्यो ।

—'कसरी खान्छस् लौ हेरूँ त म पनि ! गोर्खालीसँग निहुँ खोज्ने तँ ? छुसी !'

त्यसपछि मुसा त्यहाँबाट धेरै दिन अलप भयो । केही दिनपछि जप गरिरहेको गोर्खालीलाई मुसा नजिकै गएर विन्ती गर्दै भन्यो ।

—'हजुर प्रधानमन्त्री बन्नुपऱ्यो !'

—'हैट, बन्दिनँ म प्रधानमन्त्री सर्धानमन्त्री !'

—'त्यसो नभन्नु न ! तपाईंजस्तो बहादुर गोर्खाली प्रधानमन्त्री बने पो देशको रक्षा हुन्छ त ! जप गरेर पनि

बहादुरी देखिन्छ त ?'

गोर्खालीलाई लाग्यो । मान्छेको जीवनमा एउटा उखान निकै प्रचलित छ ।

—'मौका आउँछ पर्खंदैन, बगेको खोला फर्कंदैन !'

गोर्खालीले प्रधानमन्त्री बन्नका लागि मुसासँग निकै हिमचिम बढायो । उनीहरूको दोस्ती देखेर विरालोलाई सहिनसक्नु भयो । उसले मुसालाई खान त सकिहाल्थ्यो तर गोर्खालीलाई भने खानसक्ने आँट थिएन । तब बिरालोले गोर्खालीलाई भेट्ने विचार गर्‍यो । कुटीमा पुगेर सोध्यो ।

—'तपाईंसँग खुकुरी छ !'

जप गरिरहेको गोर्खालीको हातमा माला मात्रै थियो । माला बिरालोलाई दियो । त्यसपछि गोर्खाली 'शरण गच्छामी' भन्दै मुसालाई पर्खिरहेको थियो । मुसोलाई भने विरालोको चालले सातो उड्यो । यत्तिकैमा मुसाले घोषणा गर्‍यो ।

—'हाम्रो भाइ भाइको नाता !'

मुसाको घोषणाबाट वाक्क भएर गोर्खालीले बोली फेरेर दुनियाँलाई सुनाउँदै भन्यो ।

—'भैगो चाहिँदैन अब तेरो प्रधानमन्त्री !'

—'बुझेँ क्या बुझेँ, तेरो सातो पनि बल्ल उडेछ, गरि खा अब !'

—'विस्तारवादी सातु !'

—'सातु लेना है तो सातो देना है ! नही तो क्या लेना ?'

—'ओ ! सट्टापट्टा ?'

मुसा हेरिरह्यो । गोर्खाली उफ्रिरह्यो । विरालो चुपचाप लागेर सुनिरह्यो । सडकमा निकै हल्लाखल्ला चलिरहेको थियो ।

—'देश मिचियो रे !'

१४९

# उपनिवेश

बन्दको लामो समयका बीच विद्यार्थीको दैनिक कक्षा अनलाइनमा चलिरहेको थियो । कम्प्युटरको पर्दामा कक्षा लिने विद्यार्थीहरू थिए । कोठामा हल्लाखल्ला गरिरहेको आवाज सुनियो । तारा कम्प्युटरको छेउमा आइन् र डम्बर सरलाई भनिन् ।

—'के राम्री छ र त्यो ? कति जिस्केको ?'

डम्बर सरको मानसिक चञ्चलताका साथै रोमान्चक प्राध्यापन धर्म क्षोभले लज्जित हुनपुग्यो । नीलो न नीलो चेहरा भएको डम्बर सरको कन्फ्युज सोच, त्यसै अल्मलियो ।

—'प्राध्याापनको मर्म बुझ्नुपर्छ नि ! कक्षा भइरहेको समयमा पनि के जिस्केको ? सोमत !'

पर्दा अगाडि अनायास रिसको आवेग तुरिन थाल्यो । ताराले पनि हेलित भएको महसुस गरेर डम्बर सरलाई जवाफ फर्काइन् ।

–'त्यस्तो जाबो ताई न तुईको गफ गरेर त म कति पढाइदिन्छु कति ! कम्प्युटरको पर्दामा पढ्ने भनेको तरू नीहरूसँग जिस्किने काम मात्रै हो त ?'

ताराको शङ्काले डम्बर सरको रिसको ज्वार झन् झट्किन थाल्यो । उनी तिर्मिराउन थाले । उनको मुखबाट अचाक्लीको रिसको झोक दर्के पानीझैँ दर्क्यो ।

—'लौ प्राध्यापन गर्नु नि त ! मैले विद्यार्थीलाई दिएँ !'

कम्प्युटरको पर्दामा कक्षा लिइरहेका छात्राहरू त्यसै अलमल्ल परे । ताराले

कम्प्युटर यताउता समाइन् । कम्प्युटरका कि–बोर्डमा क्याचकिच थिचिन् । त्यसपछि चलिरहेको क्लासको कम्प्युटरको पर्दा अफ भयो । नेट पनि डिस कनेक्ट भयो । उनी डम्बर सरको अगाडि मरिमरी हाँस्न थालिन् ।

–'मेरो एक लेक्चरमा विद्यार्थी पास आउट !'

डम्बर सरको मनको रिस, मुखको शब्द र अनुहारको मैलो रङ एकैपटक ताराको ठट्टामाथि बज्रिदियो ।

–'महाशया प्राध्यापिका !'

डम्बर सरले यति मात्रै के सम्बोधन गरिदिएका थिए । ताराको रिसको खिल जुरूक्क उठ्यो । उनी त्यसै रणचण्डी बन्न थालिन् । महाशया प्राध्यापिकाको आदर्श भारले गलित भएर डम्बर सरको विद्वतातिर प्रहार गर्न पुगिन् ।

–'धेरै फुटानी नलाउनु ! मैले घर नधानिदिएको भए, तपाईं कसरी प्राध्यापक हुनुहुन्थ्यो त ?'

नाजवाफ भएका डम्बर सरले छात्राहरूसँग आजको अनलाइन कक्षा समाप्त गरिदिए । ताराले आफूलाई भान्सामा रिप्लेस गरिन् । डम्बर सर सोचिरहेका थिए । विद्यार्थीहरूलाई नयाँ सिकाइ प्रविधिको उनी प्रयोग गरिरहेका थिए । उनको चेतनामा थोपरिँदै गएको ताराको चिम्ट्याइलो लाञ्छना मौलाइरहेको थियो । निकै औडाहामा कम्प्युटर तह लगाइरहेका डम्बर सरले परपर हेर्दै भरोसाका आँखाले उनलाई सोधिरहेका थिए ।

–'साम्राज्यको उपनिवेशले आज पनि फेरि कोर्स बदलियो ?'

अमिलो धूवाँको मैलो दृश्यबाट लगातार आवाज आइरह्यो ।

–'आफ्नु त के नै छ र यस घरमा ?, बेचिएकी !'

१५०

# समलैङ्गिक

जिस्किरहेका यौवनाहरू आफ्ना मनका आवेगहरू यसरी साटिरहेका थिए ।

—'मेरो पेटमा गर्भ छ !'

सोनीकी आमाले यो कुरा पत्तो पाई । नतातेको कन्सिरी पनि तातेर आयो । त्यसै जुरूक्क हुनेगरी सोनीले आफ्नो बयान दिलाउन कचहरी बोलाई । वरिपरिका दर्शकहरू एकाएक मुखामुख गर्न लागे । पीडामा छटपटाइरहेको एक वृद्धले सोनीलाई फत्फताउँदै भन्यो ।

—'लाज नभएकी छौँडी यस्तो कुरा गर्न लाज लाग्दैन ?'

सोनी निलोकालो भएर मुन्टो निहुराएर चुपचाप बसी । उसको धैर्यतासँग अधैर्य आवेगहरू चुलिँदै गएका थिए । कचहरीका निर्णय दाताहरू तथ्य निरूपणको उपायको खोजीमा थिए । यत्तिकैमा सोनी कि आमाले कचहरीको छेवैमा आएर भनिन् ।

—'जसरी हुन्छ मेरो छोरीको पेट कसैबाट सकारी पाउँ ।'

निस्तब्ध एवं निःशब्द बनेका जम्माजम्मी सबै साक्षि प्रमाणहरू चुपचाप बसिरहेका थिए । समय निकै तरल अवस्थामा थियो । परबाट एकहुल मानिसहरू आएर चिच्याउन लागे ।

—'अपहरणकारी हत्यारा मुर्दावाद !'

हत्याराको खोजीमा आएको आक्रोशित हुल र मौन बसिरहेका कचहरीका बीच एकक्षण सन्नाटा छायो । सबै निर्णायक भलाद्मी बसिरहेका थिए । यसै बखत पीडामा रहेको अर्का वृद्धलाई सकस भयो । उनी निर्णय दाता त थिएनन् । बरू सबैको कल्याण होस् भन्ने चाहन्थे । त्यसपछि उनले सबैले सुन्ने गरि सोधे ।

—'लौ भन केटी, तेरो पेट कसको ?'

—'भर्चुअलको !'

कुनै पनि बूढाबूढी र कचहरीका निर्णायकहरूले यो कुरा बुझेनन् । उनीहरूले भर्चुअल नाम गरेको बलात्कारी खोज्नतिर लागे । हल्ला गरिरहेका हुलका मानिसहरू एकछिन निकै चर्किएर फेरि नारा लगाए ।

—'भर्चुअल बलात्कारी मुर्दावाद ! हत्यारालाई फाँसी दे !'

सोनीको हात झुन्डिरहेको थियो । उसको अनुहार क्षोभले झुकेको थियो । ऊसँगै रहेका उसका आँखा अगाडि देखिँदै गएको सबुद प्रमाणले गलाएको थियो । हत्यारा खोज्नेहरू बिस्तारै सिथिल बन्नपुगेका थिए । त्यसपछि वृद्धले पुनः दुवैतिर देखाएर सोधे ।

—'लौ भन अब सबैजना, कसको हत्या भयो ?'

कचहरीका मान्छेहरू तर्क-वितर्क गर्न लागे । सोनीको मन छटपटाउन थाल्यो । उसले प्रमाण झिक्न थाली ।

—'मोबाइलमा भर्चुअल !'

सबैले उसको हातबाट मोबाइल खोसे । स्क्रिनसर्ट सरेर सबैले मोबाइलबाट प्रमाण सङ्कलन गरिदिए । कचहरीले निर्णय दियो ।

—'भर्चुअल गर्भ !'

आमा चाहिँले यो कुरा मान्न तयार भइनन् । उनी निकै दुःखीहुँदै सोनीलाई झपारेर सोधिरहिन् ।

—'के हो यो नाटक ?, पागल !'

—'चलनचल्तीको समलैङ्गिक अवास्तिक प्रेम !'

**J. निष्कर्ष ढाँचा :** लघुकथा लेखनको न्यूनतम मापदण्डअनुसार १३६ देखि १५० सम्मका क्रममा प्रस्तुत सबै लघुकथाहरूमा शैलीवैज्ञानिक लेखनकला प्रयोग गरिएको छ । आरम्भ लेखनपछि उत्कर्ष र त्यसपछि निर्षकर्ष लेखनलाई यहाँ प्रस्तुत गरिएको छ । निर्देशन एवं सवाद स्वरूपका दुवै खालका निष्कर्ष प्रस्तुतीको झङ्कागत अभिव्यक्तिलाई निष्कर्ष ढाँचामा प्रस्तुत भएको छ । लघुकथाको निष्कर्ष प्राय प्रत्यक्ष कथन पद्दतिमा बुनौट भएको राम्रो मानिन्छ । निष्कर्षलाई पनि लघुकथाको अन्त्यतिर सामान्य (Simple writing) वा बक्राक्रम *(Italic)* प्रणालीमा एकल निर्देशन चिन्ह साथमा एकल वा दोहोरो दुवै उद्धरण निर्देशक चिन्हबाट व्यवस्थापन गर्न सकिन्छ । निष्कर्षको अनुच्छेद प्रत्यक्ष्य वा अप्रत्यक्ष कथनअनुसार जेजस्तो अवस्थामा गरिए पनि छोटो हरफमा निष्कर्ष बुनौट गर्नु सर्जकको लघुकथा लेखनको कौशल झल्किन्छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन स्पेस १.१५ (*Multiple*) गरी एकअनुच्छेदको आधारमा लघुकथा लेखनको निष्कर्ष ढाँचा प्रस्तुत हुनुपर्दछ ।

१५१

# छुत

—'लौ बच्चा, तँ त कि जोगी हुन्छस् कि भोगी !'

—'जोगी बन्दा के हुन्छ ?'

--'भएको इज्जत, सम्मान, प्रतिष्ठा हतारहतारमा नै त्यागेर डरै डरमा पाटी पौवाको शरणार्थी बन्नुपर्छ !'

—'उसो भए जोगीबाट भोगीतर्फ फर्कनचाहिँ के के गर्नुपर्छ र त ?'

—'केही गर्नुपर्दैन केवल जात परिवर्तन गरे पुग्छ !'

एकफेर संस्कृतको पण्डितसँग गएर चिना हेराएको लालध्वजलाई यस्ता प्रश्नोत्तरले मनमा खूब चोट पुऱ्याएको थियो । यौवन कालमा सबै कुरा बिर्सेर उक्त पण्डितको धर्म मास्नतिर लाग्यो । एकदिन धर्म मास्दामास्दै अधर्मीहरूको भीडमा जेलिन पुग्यो । जब उसलाई अधर्मीहरूले जेलिदिए तब उसले सोच्यो ।

—'जोगी बन्ने समय आयो !'

जोगी बन्नतिर लाग्यो । दुनियाँले उसलाई छिः छिः दुर्दुर गर्न लागे । बजारमा उसको चर्चा हराउन थाल्यो । मानिसहरू आश्चर्यमा पर्न थाले । विद्वान् जोगीलाई विभिन्न चेलाहरूले मठमा गाँजा, भाङ, धतुरो र अन्य लागू पदार्थले सेवा गर्न थाले । अधिक सेवनबाट मात चढेका लालध्वज सनकमा फेरि जोगी भेष छोडेर गाउँ धाउन थाले । फेरि भोगी बन्ने विचार गरे । एकदिन उनलाई लाग्यो ।

—'पहिलेको लालध्वज नाम राख्यो भने गाउँलेहरूले पत्याउने वाला छैनन् ।'

तसर्थ जोगीबाट भोगी हुने भएपछि जात पनि फेर्ने विचार गरेर एकदिन टुहुरा

गाउँलेहरूलाई भेला गरेर उनले उद्घोष गरिदिए ।

—'आजदेखि मेरो जात कामी भयो । अब हामी सबै कामी हौँ !'

हावा फुस्किएको तर्कमा सबै गाउँलेहरू गलल्ल हाँसे । लालध्वजको गर्जनमा सबैजनाले धीत मर्ने गरी ताली बजाए । एकापसमा खासखुस कानेखुसी पनि गरे ।

—'लालध्वज जोगी बनेको थियो, हैन ?'

—'हैन नि, अचेल भोगी बनेको छ रे त !'

—'त्यसो भए अर्को ल्याएछ कि क्या हो ?'

—'नत्र किन त पण्डितले पनि कामी जात घोषणा गर्थ्यो त !'

त्यसपछि समाजमा उनलाई परिवर्तनकामी जनताको धरोहरको रूपमा हेर्न थालियो ।

—'कामीमा परिवर्तन !'

एकदिन हल्काराले उनलाई चिठ्ठी पुऱ्याउन डेरामा पुगेको थियो । आफूले आफैँलाई सफाइ दिँदै भने ।

—'हल्काराजी, डराउनु पर्दैन । धर्म परिवर्तन गरिसकेँ !'

१५२.

# खुनी औकात

रणबहादुरको तरवारमा रगत कट्‌कटिएको थियो । उसको खुट्टामा नेल ठोकिएको थिएन । जिब्रो पनि छेडिएको थिएन कानमा बुजोसमेत देखिएको थिएन । त्यसै बर्बराइरहन्थ्यो । निमनका आशाले सोधिरहन्थ्यो ।

—'देशद्रोहीहरूलाई कारबाही !'

उसको तरवारमा लेपिएको रगत शाहसपूर्वक जऱ्याकजुरूक हुन्थ्यो । त्यसै निःस्तब्ध बन्दथ्यो । दुब्लाएको विरूप आकार हेरेर त्यसै त्यसै मुर्मुरिन्थ्यो । रणबहादुरको शाहस बारम्बार तुहिएको थियो । उसले भक्कानिएर बाटोमा आउँदै गरेको युवतीलाई सोध्यो ।

—'तिमीलाई सुन्ने सहनशीलता बारे थाहा छ ?'

—'धेरै बकबक नगर्नु है ? आफूलाई क्या टेन्सन छ !'

—'के तिमी पनि देशद्रोही हौ र ?'

—'मलाई देशशेश थाहा छैन ! बरू,  मेरो अस्मिता लुट्ने तिनीहरू ?'

—'ओहो सीता माता प्रणाम् !'

युवती त्यहाँबाट त्यतिकै अलप भइन् । रणबहादुरले फेरि तरवारमा कट्‌कटिएको रगत हेऱ्यो । युवतीको अस्मितासँग जोडिएको रगतको रङ थियो । तरवारको आफ्नो रगतको रङको डिएनए टेस्ट गर्ने विचार गरेर ल्याबमा पुग्यो । उसले आफ्नो हातमा भएको तरवार पखाल्यो । डिएनए टेस्टका लागि दियो । ल्याबव्वाय त्यसै अलमलमा पऱ्यो ।

—'कहीँ तरवारको पानीमा पनि डिएनए टेस्ट हुन्छ ?'

—'तपाईंलाई थाहा छैन । यो नानीको डिएनए हैन बुझ्नु भो ? पानीको हो, पानीको !'

ल्याबमा भाइरसको बिगबिगी थियो । ल्याबब्वायले भाइरसबाट डिएनएलाई बचाउन टेस्ट ट्युबमा हाल्यो । टेस्ट ट्युबमा केही क्षणपछि एउटा अजीवको जीवको विकास भएको पाइयो ।

—'लौ रणबहादुरजी तपाईंको डिएनएमा डाइनोसर पो भेटियो !'

ल्याबब्वायसँग टिठलाग्दो अनुहार थियो । नयाँ जीवको उत्पत्तिबारे हर्ष र विस्मातसँगै प्रकट भएको थियो । उसले फेरि ल्याबबाट चिल्लाइरहेको डाइनोसरलाई तरवार देखाएर भन्यो ।

—'यो पुरानो तेरो कट्कटिएको रगत देखिस् ?'

—'देखेँ ! हिजो म नोकर थिएँ, आज डाइनोसर छु !'

—'खुकुरी र तरवारले छुँदैन त तँलाई ?'

—'हानी हेर न अनि थाहा हुन्छ !'

त्यसपछि रणबहादुर एक हातमा रगत कटकटिएको पुरानो तरवार र खुकुरी लिएर नाचिरह्यो । डाइनोसर हेरिरह्यो । आत्तिएर उसले च्याँसे रणेलाई भन्यो ।

—'डिएनए टेस्ट र तरवार खुकुरीका कुरा छोडौँ । बरू वार्ता गरौँ !'

—'वार्ता त गर्ने तर केमा ?'

—'हिहिहि कैलाश पदयात्रा !'

—'खुनी औकात !'

डाइनोसर निकै परसम्म हेरिरहेको थियो । रणेको तरवार बजिरहेको थियो । मानिसहरू पनि हल्ला गरिरहेका थिए । खुन बगेको थिएन ।

१५३

# सौन्दर्यको सौदा

--'भन्न त मिलेन तर कडा रै छ !'

बन्दको समयमा ठेला गाढामा तरकारी बेच्न हिँडेको साहु भुत्भुताइरहेको थियो। बूढा ग्राहकहरू भेलाहुँदै भाउ घटाउन खोजिरहेका थिए। उसले भाउ घटाउने कुरा सुनिरहेको थिएन। मन बेचैन थियो। फेरि एकसुरमा कराउँथ्यो।

--'मेरा माई बाप। अजीवको रसबरी !'

उसको तन र मन खै केले हो भड्कँदै थियो। तरकारी जोख्दथ्यो। तराजुको सन्तुलन मिल्दैमिल्दैन थियो। फेरि रसबरीको कथा सम्झन्थ्यो। उल्फतमा गुन्गुनाउँथ्यो।

--'उफ् ! त्यस करामतले त शिवधनुषै भाँचिएथ्यो !'

राम र सीता स्वयम्बरको कथा सम्झन्थ्यो। रामको शक्ति, भरतको भक्ति एवं नकुल र सहदेवको उक्ति थियो। भाँचिएको शिव धनुषको टङ्कारबारे बूढाहरूको खूब तारिफ गर्दथ्यो। त्रासले त्रसित हुन्थ्यो। उसले आलुप्याज तराजुमा जोख्दै ग्राहकतर्फ फर्केर भन्यो।

--'गाँठी कुरा थाहा छ ?'

बूढा ग्राहकहरू सबै वाल्ल परे। उनीहरू कुरा बुझिरहेका थिएनन्। बेलाबेलामा यसरी नै ऊ जुरूक्कजुरूक्क आवाजहरू फुत्काउँथ्यो। तुक न बेतुकको उसको कुराले ग्राहकहरू चुपचाप थिए। यत्तिकैमा बूढा ग्राहकहरूलाई उसको मुखबाट बेलाबेला फुस्किएका लवजले प्रभाव पारेको थियो। खसखस लागेर बूढा ग्राहकहरूले सोधे।

—'गाँठी कुरा के हो त साहुजी तपाईंको !'

—'रसबरी !'

—'ठेला गाढामा तरकारी बेच्नेले के रसबरीको कुरा गरेको ? कामकुरो एकातिर कुम्लोबोकी ठिमीतिर !'

—'नो नो, बुझ्नु भो ? के मलाई चाहिँ चाहिँदैन त ?'

—'अनि के चाहिने त तपाईंलाई ?'

—'तपाईं बुझ्नु हुन्न ठेलेको कुरा, बरू चुप लाग्नोस्, तरकारी लिनोस्, जानोस्, बरू है ? एकछिन मेरो पक्षमा नारा लगाइदिनोस् न ल ?'

—'लौ किन नारा लगाउने ?'

—'सबैलाई गुहार्छु अनि यहीँ आरती जगाएर प्रसाद पनि बाँडुँला ।'

यिनका यस्तै गलफत्तीका बीचमा एक सोड्षी सुन्दरी छेउमै आएर उभिई । उसले सबै बूढाहरूको अगाडि गएर आँखा झिम्क्याइदिई । छाती तनक्क तन्काएर झस्काई दिई । मुस्कान छोडेर मस्किदिई । बूढाहरू मख्ख परे । अनि उनीहरूले न तरकारी किने न तरकारी बेचे । तिनीहरू लल्याकलुलुक भएर सबै एकोहोरो सो सुन्दरीलाई हेर्न लागे । सौन्दर्यको मोहमा एकाग्र भएका बूढा ग्राहक र तरकारी साहुको बीचमा एकछिनपछि विवादको अन्तिम टुङ्गो लाग्यो ।

—'भूलचूक लिनेदिने अब सहमति !'

झ्यालझ्यालबाट हेरिरहेका समाजको कानमा फेरि नयाँसमाचार सम्प्रेषण भयो ।

—'सौन्दर्यको सौदा !'

टोलटोलका मान्छेहरूमा अहिले आश्चर्यमय चर्चाहरू चलिरहेको थियो ।

—'बालबाल बचेका अन्तिम तृष्णाका मिलनहरू !'

एकपटकलाई सबै जोगिए पनि तिनीहरूको मनको रसबरीसँग अकुच पल्टेको बुझिन्थ्यो ।

१५४

# पन्चट स्वार्थ

सिंहदरबारको ढोकामै एउटा माननीयसँग भेट भयो । उनले बडो ठाँटका साथ भने ।

—'के गर्नु ? कोरोनाले गर्दा गाउँको सेवा गर्न र गरिब दु:खीको आवाज उठाउन नै नपाइने भयो !'

मैले उनको कुरा नसुने झैँ गरेर उत्तर दिइनँ । तर हो, भनेको जस्तैगरी टाउको हल्लाइदिएँ । त्यसै मख्ख परे । मलाई प्रश्न गरे ।

—'तपाईं पनि मेरै निर्वाचन क्षेत्रको हो कि ?'

सुकिलोमुकिलो र यसो हेर्दा जाने बुझेको झैँ देखेर होला उनले मलाई अनुरोध गरे ।

—'तपाईं पनि मेरैतिरको हो भने सेवा उपलब्ध छ । भोलि बिहानै गाउँमा बस जानेवाला छ । तपाईं पनि बरू जाने भए सम्पर्क गर्नोस् । स्वस्थ्यकर हावा, स्वच्छ मौसम, जीवन्त जीवन उतै पाइन्छ । कोरोनाबाट पनि छुटकारा हुन्छ ।'

माननीयको यो कुरा सुनेपछि उनको गाउँलेको मतको पैँचो यसैले फरफारक हुने उसको बुझाइ देखेँ । मचाहिँ उनको कुरा नसुनेझैँ गरेर उनलाई इग्नोर गरेँ । आफ्नो बाटो लागेँ । केही दिनपछि सोही ढोकाको छेउमा उनले गाउँबाट आउने मान्छेलाई पर्खिरहेको देखेँ । मैले उनलाई देख्नासाथ हात हल्लाएर सोधेँ ।

—'माननीयज्यू हजुर के गर्दै हुनुहुन्छ ?'

उनको चेहरा पहिले भेटेकोजस्तो उत्साह र उमङ्गमा थिएन। उनी झ्याउरिएका थिए। उनको मलिन रूप देखेर मैले थप जिज्ञासा लागेर सोधेँ।

—'के हजुरको क्षेत्रको भाइरसहरू मरिसके ?'

उनी बोल्न सकेनन्। तब मेरो चेहरामा हेरेर लज्जाको अमिलो चूकझैँ भएर बर्बराउन थाले।

—'हेर्नोस् ? सिंहदरबारको भाइरसले त दुःख दियो दियो। मेरो क्षेत्रका भाइरसले पनि दुःख दिए। गाउँ लैजाऊ यहाँ बस्न सकिन्न भनेर धुरूक्क पारे। जब उता पुगे। यता स्थानीय भाइरस झन् चर्को रहेछ। अब यता होइन उतै लगिइनस् भने, भनेर धम्की दिए। यिनलाई ओसारपसार गर्दागर्दा हैरान छु। बरू लौन खाजा खानेबेला भो ! भोक लागेको छ। खाजा खायौँ !'

मलाई पनि ठुलै चिङ्ता परेको थियो। त्यसपछि हामी खाजा खाइसकेर उठ्न लागेका थियौँ। मलाई उस्काउँदै भने।

—'तपाईं यहाँको स्थायी कर्मचारी। हेर्नोस् न गाउँलेको सेवा गर्दागर्दा पन्चट छु। खाजाको पैसा तिर्नोस्।'

त्यसपछि पार्किङसम्म आइपुगेपछि आफ्नो ल्यान्डकुजर स्टार्ट गरे। हात हल्लाउँदै मलाई भने।

—'परसम्म सँगै जान हुन्थ्यो तर कोरोनाले गर्दा वाई ल ?'

म लुखुर्लुखुर धोवीखोलाको बाटो समात्दै भाइरसलाई सहरमै छाडेर आफ्नो बाटो लागेँ।

१५५

# अनेक दाउ

—'चौका थियो, छक्का भयो !'

धनीरामको छट्टु कुरा सुनेर गोरे नाकनिक गर्नतिर लाग्यो । उसको आँखै अगाडि भएको झेली खेलको घटना कसरी पत्याउनु र ? सबैले उसलाई झाङ्गलझुङ्गल पारे । गोरे स्याप्प सेपियो । उसले परबाट झोला बोकेर आएको पातलो मान्छेलाई देखेर सोध्यो ।

—'तपाईं लेखनदास हो ?'

—'होइन ! लौ ! किन र ?'

—'नत्र मुद्दा थियो, दिउँ भनेर !'

—'मान्छे चिन्नु छैन ?'

—'लौ भैगो, त्यसो भए पत्रकार हो कि त ? भए भन्नु, जडी कुरा छ !'

दोबाटोतिर हल्लिरहेको त्यो मान्छेले मसला पाएपछि उसले गोरेलाई अँठ्याएर सोध्यो ।

—'तपाईंको टेन्डर खुल्यो त ?'

—'यो कुरा छोड्नु, चौका थियो छक्का भो, लौ अब ! यो समाचार लेखिदिनुस् !'

त्यो झोलेले सोच्यो । यसको कुरा जस्तातस्तै लेख्यो भने दानापानी नझर्ने ठान्यो । गोरेको जड कुरा उल्टाइ दिएर समाचार छपायो ।

—'भ्रष्ट जति खालमा, ठेकदारचाहिँ बेहालमा !'

गोरेले पत्रिकाको यो समाचार देखेर पहिला त मख्ख परेको थियो । कुरा बुझ्दै जान थाल्यो अनि रातो पिरो हुँदै निहुरिन थाल्यो । उसले पत्रकारलाई भेटेर अर्को दिन भन्यो ।

–'महामानवको चमत्कारमा अब फसे तिनीहरू !'

–'ल ल अब गोरे दाइ तपाईंले पनि मिलाउनुपऱ्यो, अलिअलि छ्याकन !'

त्यसपछि गोरे बालुवाजस्तै धूलो, गिट्टीजस्तै साह्रो र अलकत्रा स्तै कालो बन्यो । चेहरामा कुनै तेज थिएन । एक्कासि रिसाएर भन्यो–

–'त्यसो भए भूल सुधार गरिदिनोस् !'

–'लेखेर दिनू, छानबिनपछि छापौँला !'

छानविन भन्ने शब्द सुन्नासाथ उसले धनिकरामलाई भेट्यो । धनिकरामले उसलाई एउटा खोल उपहार दियो । त्यस खोलमा भित्रपटि एकटुक्रा कागज थियो । कागजमा लेखिएको थियो ।

–'धेरै बकबक नगर्नू लौ अब ! भागशान्ति जय नेपाल कमरेड !'

त्यसपछि गोरेले ब्रुक्कब्रुक्क उफ्रँदै बाटोमा कराउँदै अगाडि लाग्यो ।

–'चौका थियो, चौकै भयो ।'

छेउछाउका मान्छेहरू गलल्ल हाँसेर आ–आफै ठट्टा गरिरहेका थिए । उनीहरूमध्ये कसैले भन्यो ।

–'यसको सहमतिको खोल पनि कडै रैछ !'

अर्कोले खस्खसाएर मडारियो ।

–'खोल भित्रको कुनै सहमति, न देखिने, न खोलभन्दा खोलिने, अचम्मको अनेक दाउ !'

## १५६

# लयको कम्पन

जन्मदिनमा 'हाई' काढेको गोरखले गरिबीको उकुच उल्टिने गरी फेसबुकमा लेख्यो ।

—'दरिद्रको मान, महादान !'

बन्दको समय थियो । बाहिर जाने अनुमति थिएन । बाहिर निस्क्यो कि कता कताबाट सिट्ठी बजाएर पुलिसले नै हैरान पार्थ्यो । पल्लो घरकी नौली पनि हैरानले त्यसै हाई काढिरहेकी थिई । सुनसानजस्तो वातावरण कस्तो कस्तो थियो । अमिलो, उराठ र सन्त्रास जीवनको लयका बीचमा आएको जन्मदिनमा गोरख विन्दासले मूर्च्छित थियो । चरम गरिबीले चापेको बेला तल्लो तलामा बसेकी नौलीले नजिकै आएर भनी ।

—'सुन्नु भो दाइ ! सरकारले यो महिनाको भाडा त माफ गरिदियो नि ।'

उसको टाउको रिङ्ग्यो । पैताला चड्कियो । मनले सबै अभावका गल्छेडाहरू चिहाए । सुभ्क न बुभ्क केही समाचारमा हल्का सुनियो । बेमतलबमा रहेका उसका चेतना महिना मरेको दिन भने जुरू क्क उठेर पछारियो । बोल्न नसकेको उसको मुखमा नौलीले हेरिरही । केही सन्नाटापछि भ्कर्केर भन्यो ।

—'उहिलेदेखिको बाँकी भाडा त दिनु नि त !

नौलीले फेरि अर्को पनि खबर गोरखको कानै थर्किने गरि सुनाई ।

—'घरपेटीले भाडा छुट नगरिदिए सरकारले कार्बाही गर्ने रे !'

त्यसपछि गोरखले सबैभन्दा पहिले बैङ्कको आफ्नो ऋणको चर्को ब्याज,

बजारको महङ्गी, स्कुलको फि एवं गुजारा सम्झ्यो । तब उसले नौलीलाई एकाएक निर्णय सुनाइदियो ।

—'छोरो परदेशबाट काम नपाएर आउँदै छ । कोठा छोडिदिनु ल ?'

नौलीको घरभाडा छुटको सरकारी तरङ्गको कुराको डोरो झट्कारिएर चुँडिएझैँ भयो । ऊ चुँसम्म बोल्न सकिन । उसलाई टेन्सन हुन थाल्यो । नीलो भएर छेउ लाग्न के थालेकी थिई, गोरखले अन्तिम निर्णय सुनाइदियो ।

—'वर्ष दिनदेखि बाँकी दिनु पर्दैन ? बाँकी भाडा दिनू, कोठा छोडिदिनु, बस त्यति हो !'

त्यसपछि नौलीको मुखाँ आएको सरकारी निर्णयको फुर्फुरको लय त्यसै विलय भयो । बन्दको समयमा गोरखले फेसबुक मेसेन्जरमा पठाएको खबर हुर्रिएर एकछिनपछि फर्क्यो ।

—'दरिद्रको मान, सजिलो सरकारी दयादान !'

गोरखलाई झोक चल्यो । उसले नौलीलाई फकाउँदै भन्यो ।

—'लौ अब पुलिस थाना जाऊँ, सरकारी कार्बाहीमा !'

नौलीको चर्को घरभाडा छुटको लय एकाएक विलयहुँदै गयो । ऊ डरले कामिरहेकी थिई । डरको लयको कम्पनमा थर्थर कामेर विस्मयमा धिक्कारी ।

—'हरे शिव ! दरिद्रलाई बण्डा !'

अन्तमा गोरखले जीवनमा जन्मको धर्म थामे पनि नौलीले भने पाप पखाली । समाजको गतिमा निर्णय शून्यता पहिलेदेखि थिए र पनि व्यवहार उसै चलेको थियो ।

१५७

# जङ्गली कुखुरा

—'धोखा भो ! धोखा भो !!'

एउटा जङ्खु कराइरहेको थियो । उसको वकिल त्यसै अलमलमा थियो । आफ्नो कर्मको छटपटीले उसलाई अपराध बोध थियो । पाउने न्याय हारको थियो । हातमा हत्कडी, काँधमा साङ्लो र खुट्टाको नेलको सहायतामा उभिएको थियो । उसको चाल त्यसैत्यसै बिलखबन्द भयो । यत्तिकैमा जितुवाले उसलाई कानमा ठट्टा गरेर खुसुक्क सोध्यो ।

—'प्रधानमन्त्री खान्छस् !'

अचम्मको प्रस्ताव सुनेपछि ऊ अलमलमा पर्‍यो । हारमा पनि न्याय हुने भयो भन्ने लागेर गम खायो । पिल्पिलाउँदै वकीललाई सोध्यो ।

—'हरूवाले ठूलो सम्मान लिन हुन्छ ?'

—'लौ ! किन नमिल्नु ?, तपाईं नेता होइन ?'

—'उम् हो ! त्यसो भए अपराधले यस्तोमा छोइछुटो हुँदैन ? जात पनि जाँदैन ?'

—'तपाईं पनि ? कस्तो सोझो मान्छे ! प्रधानमन्त्री हुने योग्यता नै यस्तै त हो । यसलाई धोखा नमान्नुस् । बरू वरपर रहेका तपाईंका सहयोगीहरूलाई नारा लगाउन लगाउनु होस् । नेल, हत्कडी र सिक्री फालेर भीडमा नारा लगाउँदै अगाडि अगाडि हिँड्नुस् । तब तपाईं अपराधी होइन । महान् नेता देखिनुहुन्छ । प्रधानमन्त्री त दायाँ हातको खेल भइहाल्यो नि !'

जङ्खुलाई यो विचार कताकताबाट खूब घत लागेर आयो । ऊ आफ्ना सहयोगीमार्फत सडकभरि दौड्न थाल्यो । दिनहुँ दौडिरह्यो । समर्थकहरू पनि दिनहुँ बढ्दै जानथाले । उसको हौसला खूब बढेर आयो । सबैले तारिफ गर्न लागे । उसको तारिफ देखेर वकीलले मान्छेहरूलाई बजारमा असाध्यै गफ दिन थाल्यो ।

—'बुझ्नु भो ? जङ्खु त नेता भयो नि ?'

समाजका सबै मान्छे गलल्ल हाँसे । वकील जङ्खुको अपराध धर्म र महान् नेतृत्वको खूब बखान गरिरहेका थियो । चुक्क नबोलि सुनिरहेका मान्छेहरूले आफ्नो कुनै बोली फुटाउन सकेनन् । उनीहरू सुनी मात्रै रहे । वकीलले बोल्दाबोल्दै यस्तो स्तुति गर्न पुग्यो । सायद भगवान् जेलमा थिए । भाग्यबस प्रधानमन्त्रीको अफर सात्क्षात स्वरूपमा जङ्खुलाई प्राप्त भयो । उसको हवाई सपना बौरिन थाल्यो । यत्तिकैमा गाउँबाट एक किसान डोको बोकेर आउँदै थियो । वकीलले उसलाई देख्ने बित्तिकै सोध्यो ।

—'गाउँतिर के छ हालचाल ?'

उसले सामान्य चिनजानको वकीललाई झर्कंदै भन्यो ।

'हजुरको जङ्गली कुखुरा खै ?'

वकिलले किसानतिर फर्केर नम्र हुँदै भन्यो–

—'पेसा बचाउनै पऱ्यो । थुनिएको थियो । उडेर भीडमा पुग्यो !'

त्यसपछि किसानले आफ्नो डोकोको अर्को जङ्गली कुखुरालाई हेरिरह्यो । आँखामा आँसु टिलपिलाउँदै भन्यो ।

—'हेर, आजदेखि तँ पनि सहरमा नेता हुने भइस् । तँ नेता भइस् भने प्रधानमन्त्रीचाहिँ नभएस् है ?'

किसानका भावुक आँखाका आँसुबाट गरिबी, अभाव छटपटी, भोकमरी, अन्याय र अत्याचार झरिरहेको थियो । जङ्गली कुखुरा चुपचाप सुनिएको थियो । यसै सन्नाटाका बीच अर्को प्रलयको स्वर सुनियो ।

—'फेरि जङ्गली कुखुराको धोखा !'

१५८

# औडाहा निहुँ

—'तिम्रो निधार खुम्चेछ !'

जमुनाले आफ्नो कुण्ठालाई निरञ्जनतर्फ आँखा तर्काई । मनमा उठेको रिसको अग्नी-ज्वाला घुमाई । कालो बादलले झरेको वर्षात्को झैँ लयमा भनी ।

—'ईन्दुको लोग्ने त, लोग्ने नै हैन !'

निरञ्जन त्यसै चुपचाप लागे । एकछिनपछि जमुनालाई उसले प्रश्न गऱ्यो ।

—'यो कुरा तैँले कसरी थाहा पाइस् ?'

—'थाहा भइहाल्छ नि निष्ठुरीको मन ! सङ्कटको अवरमा परेको बेलामा पनि रक्सीले मात्तिएर सडकमा लम्पसार छ नि त !'

निरञ्जनलाई थाहा नभएको कुरा जमुनालाई थाहा हुनु चिन्ता र रहस्य दुवै कौतुहलताको विषय थियो । त्यसपछि ऊ घरबाट बाहिर निस्क्यो । बाटोमा हरिजनलाई भेट्यो । ऊ निकै चित्त दुखाएर रून थालेपछि निरञ्जनले सम्झाउँदै भन्यो ।

—'ईन्दुको खबर के छ ?'

—'ए ! त्यो महारानी ?'

निरञ्जनले कालोनीलो मुख लगायो । केही पनि बोल्न सकेन । एकपल जमुनाको चेहरा सम्झ्यो । केही बेरपछि रक्स्याहा हरिजनले धाक छोडिरहेको थियो । निरञ्जनले हरिजनलाई भन्यो ।

—'तैँ नै त हो राजा, अनि ऊ तेरी महारानी हैन र ?'

हरिजनले भने आफू कहिल्यै राजा भएको महसुस गरेको थिएन। बरू हेपिएको हेलित निमित्त पात्रको रूपमा बुझेको थियो । उसको मुखबाट दमित कुण्ठा फुत्त निस्कियो ।

—'त्यो किचकन्यीलाई पनि महारानी भन्नु ?'

निरञ्जनको रिसको चाप एकाएक त्यसै बटारिँदै गयो । पुरूषत्वको अधिकार जमाएको घ्राणलाई फटायो। ऊ जुरूक्क उठ्यो हरिजनलाई सुनाइदियो।

—'के ईन्दुको उल्टो खुट्टा छ त ?'

—'सुल्टो खुट्टा भएको भए मैले रक्सी खाएर सडकमा पछारिन नै पर्दैन थियो नि त !'

पुरूष पीडा सुनेर घर फर्केको निरञ्जनले जमुनालाई हियाउने भावमा भन्यो।

—'मेरो स्वास्नी पनि स्वास्नी हो र ?'

जमुनाले पनि सहजै जवाफ दिई ।

—'घर बिगार्ने मै त हुँ नि ! अब यो घरमा म बस्दै बस्दिनँ । जान्छु बरू मागेर खान्छु !'

घरको कम्पाउन्डबाट बाहिर निस्केकी जमुना गाउँतिर लागिन्। एकछिन बाटोमा हिँडिन् । केहीबेरपछि उनलाई मनमनै के लाग्यो कुन्नि ? निरन्जनको चित्त दुखेर आयो । उनी त्यसै सुब्बा बाजेको घर पुगिन् । सुब्बिनी बाज्यैको साग केलाइदिइन्। अन्त्यमा उनले आफूले आफैलाई मन बुझाएर घर फर्किन् ।

—'बेकारको निहुँ, उनको पनि त निधार खुम्चेकै छ नि ?'

## १५९

# चोट

पङ्खाबारीमा कामका लागि झरेका जोगिन्दरले पुर्पुरोमा हात राखेर मझेरीभित्र छिरे । धेरै दिनदेखि साथमा नभेटेको विन्देश्वरलाई ओछ्यानमा देखेपछि नराम्रोसँग भने ।

—'तँ को होस् ? धेरै जान्ने हुने ! बेकारमा बकबक गर्दै नहिँड् भोकै मरिएला !'

जोगिन्दरले छोरालाई बरालिएको देखेर हकारेका के थिए । छोरो पनि बाबुको कर्कसा झड्काबाट आजीतहुँदै किमकर्तव्य विमुढ भएको पनि थियो । एकदिन उसलाई निकै चिन्ता लाग्यो । उसले आफैलाई सम्झेर भन्ठान्यो ।

—'म, मै हुँ ! क्रान्तिकारी !'

क्रान्तिकारीको ठूलै इगो भएकोले विन्देश्वर धेरै दिन बोलेन । बाबुले पनि उसलाई कुनै वास्ता गरेनन् । उसलाई लागिरह्यो ।

—'अन्याय नसहनेले न्याय खोज्न तयार हुनुपर्छ !'

बाबु छोराको समय फरक फरक हुँदैगयो । दैनिक भेटघाट हुन पनि छोड्यो । जोगिन्दर निकै चिन्तामा थिए । अधिग्रो जाँदाजाँदै बाँचेको उनको एउटा कोग्ल्याटे छोरो पनि बिग्र्यो भन्न उनको ठम्याइ र चित्त दुखाइ थियो । राति घरमा नबस्ने, दिउँसो समाजदेखि भागिभागी हिँड्ने, उसको चाला देखेर जोगिन्दर हैरान थिए । एकदिन हरिन्दरले जोगिन्दरलाई उसको छोरोको बारेमा नराम्रोसँग टेन्सन लिएर हपारेका थिए ।

—'बुझिस् जोगिन्दर ! यस्तै हो भने मेरो घर छोडिदे ! बरू अर्कै व्यवस्था गर !'

—'किन र ? मालिक !'

—'तेरो छोरोले बाटो छेकेर मेरो चिया बगानको बारेमा केरकार गर्‍यो !'

—'के केरकार गर्‍यो मालिक ?'

—'मजदुर हक चाहियो रे ! नदिए भाटा कारबाही गर्छ रे !'

—'अलि बदमास छ, सम्झाउँछु, मालिक !'

धेरै दिनपछि उनीहरूको जम्काभेट भर्‍याङमा भयो । एकले अर्कोलाई हेराहेर गरे । टक्क उभिए अनि आ-आफ्नो बाटो लागे । माथितिर उक्लिएका जोगिन्दरले आफ्नी रतियालाई भने ।

—'म अब यहाँ छोड्ने भएँ ।'

—'किन ? के भयो र ?'

—'मजदुर हकको भाटा कारबाही हुन्छ रे !'

—'लौ ! हामी त बूढाबूढी भयौँ । साग बेच्न पाटीमा बसौँला, एकदिन मर्नै पर्छ । तर विन्देश्वरको उठीवास हुने भयो !'

उनीहरू त्यहाँबाट बसाइँ सरे । भाटा कारबाहीको सन्त्रासले कापिरहेको हरिन्दरले उनीहरूलाई चित्त दुखाउँदै भने ।

—'जोगिन्दर ! यो घर क्रातिकारीको रे ! म पनि फकिर बन्दैछु ! यस्तै रेछ !'

भाटा कारबाहीमा आएकाहरूले हरिन्दरलाई धम्क्याएर भने ।

—'छिटो ल्याप्चे थिच्, नत्र खालास् !'

मर्माहत भएको जिम्दार हरिन्दरले पुनः विद्रोहको आवाजमा घोषणा गर्‍यो ।

—'यो यस्तै हो, लकिरका फकिर !'

—'गरिमामाथि चोट !'

❀

१६०

# पुरानो सौभाग्य

बद्रीनाथको आँखामा मोतिबिन्दु थियो । उनकी श्रीमती ललिताले हात समाउँदै भनिन् ।

—'बूढा ! कमाएको यत्रो सम्पत्ति कसलाई साँच्छौ ! अहिलेसम्म एकदिन विवाह उत्सव मनाएको छैन ।'

ललिताका अगाडि नदेखिने आँखाको भर थिएन । विवाहोत्सवको रमझमको सन्दर्भ ललिताले बोलेपछि उनको मन खिस्रिक्क भयो । बुढेसकालको सहारा रहेकी ललिताको यश प्रश्नमा कुनै जवाफ दिन सकेनन् । बरू उनले रातो अनुहार लगाएर खिस्रिक्क परे । आत्मग्लानी मिसिएको हाँसोले ललितालाई भने ।

--'जवानीमा बालबच्चा, घरजम र परिवारहरूका लागि मरिमेट्दै समय र जवानी बितेको पत्तै भएन ! गर्नु के त ?'

उराठ लागेको डाँडामाथिको जूनजस्तो ढल्केको जीवनलाई यति सम्झेर आत्मसन्तोष लिनुबाहेक उनको उपाय अरू केही थिएन । लड्खडाउँदै आँगन वरिपरि ललिताको हात समातेर हिँडेका बद्रीनाथलाई ललिताले सम्झाइन् ।

—'हजुर ! यसपालि त चौरासी पुगिसिन्छ ! यो उत्सव त नगरी हुन्न !'

बद्रीनाथलाई पनि ललिताको सुझाव ठिकै लाग्यो । नपुग्दो के थियो र ? जग्गाजमिन, घनदौलत, छोराछोरी, नातिनातिना सबै उल्लेख्य थियो । इज्जत, मान र प्रतिष्ठा समाजमा व्याप्त थियो । उनले बेलुकीपख आफ्ना सबै परिवारलाई जम्मा गरेर भने ।

—'जीवनमा कुनै तीर्थ व्रत, उत्सव, पूजाआजा, धर्मकर्म गर्न सकिएन । सबै जीवन तिमीहरूकै लागि सधैँ बिताएँ । त्यसैले तिमीहरूको आमाको पनि इच्छा त्यही छ । यसपालि म पनि चौरासी वर्ष पुग्न लागेँ । चौरासी पूजाउत्सव गर्नुपर्छ ! सल्लाह देओ ?'

परिवारका कोही बोलेनन् । सबैले मुखामुख गरे । कोही उठेर हिँडे । बद्रीनाथको आँखाले कुनै दृश्यको भेउ पाउन सकेनन् । यत्तिकैमा एकजनाले मुख खोल्यो ।

—'बाको चौरासी वर्ष पूजा-उत्सव त गर्ने, तर खर्चचाहिँ कसले व्यहोर्ने ?'

फेरि सबैजना चुपचाप लागे । उनीहरूले बाबुले कमाएर भागबण्डा गरिदिएको घरबार, जमिन तथा नगदको कुनै उच्चारण गरेनन् । आपसमा आफूले कमाएको त हिसाब दिनुपर्ने पनि थिएन । चौरासीमा खर्च गर्ने बारे सबै बीच निकै गलफत्ती, भनाभन र मनमुटाव भयो । अन्त्यमा ललिताले भनिन् ।

—'एउटा टुक्रा जिउनी भाग भनेर बूढाले चारआना जग्गा मेरो नाममा दिएका थिए । त्यही बेचेर चौरासीको काम चलाओ !'

परिवारको बीचमा फेरि लोभानी पापानी बढ्यो । चारआना जग्गा बेच्न कसले जिम्मा लिने र तुरून्तै आएको चौरासी पूजा कसले गर्ने भन्ने बारेमा जिम्मा पनि लिन सकेनन् । चौरासीको दिन आयो । ललिताले बद्रीनाथलाई सम्झाउँदै भनिन् ।

—'आमाबाबुको मन छोरा छोरीमाथि, छोराछोरीको मन ढुङ्गा मुढामाथि !'

बद्रीनाथले जीवनदेखि थक्क थक्क मानेर ललितालाई भने ।

—'अब समय गएछ, यो उत्सव पनि छोडिदेऊ !'

बद्रीनाथले भावुक बनेका आफ्ना आँखाका चिप्रालाई पुछे । ललिताले पनि बिलखबन्दमा रातो धोती र रातै चोलो पट्याएर भनिन् ।

—'सौभाग्य मात्रै बाँकी छ त, के गरू ?'

❀

१६१

# न्याय सम्पादन

उग्र होहल्ला र भयका बीच हतारमा देवीकी आमाले रूँदैकराउँदै बैकुण्ठेलाई हारगुहार गरेर भनिन् ।

—'जसरी पनि बलात्कारी नउम्क्योस् हजुर ! छोरीको जिन्दगी त बर्वादै हुने भयो । सारा बेइज्जत भयो ।'

बैकुण्ठे चुपचाप लाग्यो । गाउँका काकालाई बोलाए । घटनाको छिनोफानोको काम सुरू नहुँदै उसको मनमा एक सत्य विचार आयो ।

—'यो घटनालाई आफन्त बीचको इज्जत भएकोले गुपचुपमै सबै कुरा मिलाएर सल्टाउनुपर्छ । यसमा बलात्कारको मीठो रस छ !'

बैकुण्ठे गाउँका सबैका भरपर्दो मानिस थियो । सकेसम्म यस्ता घटनाहरू सहज रूपमै मिलाउँथ्यो । पहुँचको बारेमा सबै आश्चर्यमा पर्थे गाउँका सीधासाधाहरू भन्थे-

—'तब न बैकुण्ठे दाइ !'

यसलाई यो काम पनि दाहिने हातको खेला थियो । पहिलोपल्ट उसले देवीकी आमालाई बोलाएर भन्यो ।

—'भाउजू सबैको इज्जत, बेइज्जत छ ! छोरी बलात्कारमा त परी नै, उसलाई मिलाउनतिर जाऊँ !'

—'कसरी मिल्छ त दाइ ?'

—'गुपचुपमै पुलिसलाई मिलाउनुपर्छ । बरू ! जगतेलाई सबै मिलेर क्षतिपूर्ति मनग्ये तिराऊँ !'

देवीको परिवार निकै नाजुक र गरिब थियो । हर्ताकर्ता बैकुण्ठेले सुझाएको कुरा मखमलीले पनि मनमनै सोचेर यसरी नै चित्त बुझाई ।

–'जे भए पनि गाउँ ठाउँको मान्छे हो । देवीलाई खासै छोएको मात्रै हो ! सबैको इज्जत उस्तै छ ! उसको इज्जत जाँदा देवीको, देवीको जाँदा उसको !'

त्यसपछि बैकुण्ठेले गाउँका काकालाई बोलाएर आदेशको भाषामा भन्यो ।

–'त्यो नाथे जगतेलाई खुसुक्क भेटेर भन्नोस् त, करणी मुद्दामा नजाकिने भए दुई लाख मिला, भन्दिनू !'

जगतेलाई लुकाएर राखेको काकाले ऊसँग निकैबेर कुरा गरे । उनले जेल जान नपर्ने र सबै कुरा थानामा मिलिसकेको भनेर ग्यारेन्टी गरे । त्यति मात्रै हैन केटीले आफै माफी माग्न, बैकुण्ठे दाइले लगाउने बाचा गरे । भगवान भाकेर कसम खाए । जगतेलाई विश्वास दिलाएका उनले अन्तिममा सर्त राखे ।

–'तर पैसाचाहिँ चारलाख ! मेरै हातमार्फत् दिनुपर्छ !'

जगतेको चारलाखको पोको बीच बलात्कारमा परेकी देवीलाई थानामा फैसला सुनाइयो ।

–'तपाईंहरू आफन्त हुनुहुँदोरहेछ ! कहिलेकाहीँ झाकझिक भएछ । अबदेखि जगतेको कसुर पनि क्षतिपूर्ति लिएर माफ ! नानीले पनि इगो नलिनू !'

फैसलाको अन्तिम आक्रोशसम्म देवीले खुट्टा बजार्दै थानामा उफ्रिरही । उसले अन्त्यमा शङ्का प्रकट गर्दै औँला ठड्याएर सबैतिर भनी ।

–'बैकुण्ठे ! गाउँकी अबोध चेलीको अस्मिता बेचबिखन गर्न तँलाई अझै लाज लाग्दैन ?'

–'न्याय सम्पादन गरेको त !'

बैकुण्ठे र काकाको बीचमा निकै बेरसम्म हिसाब मिलेको थिएन । उनीहरू त्यति बेलासम्म पनि थानामै थिए । जति बेलासम्म जगतेसँग लिएको दुईलाख हो कि चार लाखबारे तिनमा भ्रमको भय भेद खुलेको थिएन ।

१६२

# फासफुस

डार्बिनले जीवको अधिनायकत्वको उत्पत्तिबारे प्रयोग कक्षमा परीक्षण गरिरहेका थिए । तालु खुइलिउँन्जेल हातले पुर्पुरोमा ठोक्दथे । रातबिहान भोकभोकै अजीब जीवसम्बन्धी आफ्नो खोजमा तल्लिन थिए । एकदिन उनले वैज्ञानिकता प्राप्त तथ्य र तर्कका साथ एउटा बुटी फेला पारेर कराए–

'अब संसार बदलिन्छ, बदलिन्छ !'

उनका समकक्षीहरू निकै तर्क गर्न लागे । अनुयायीहरू पछिपछि दौडिए । विरोधीहरू अलमल्ल परे । यत्तिकैमा एक सिद्धान्तको बारेमा व्याख्या गरे–

'मानव विकासको चरणमा वैभवको प्रभाव !'

उनको यो विषयको सम्बन्धमा समकक्षीहरूलाई मन परेन । अर्को सूत्र बनाएर अनुयायीहरूलाई छरिदिए–

'वैभव प्रभावको चरणमा मानवको विकास !'

डार्बिन र उनका समकक्षीका बीचमा निकै ठूलो बहस चल्यो । बहस यति धेरै चल्यो कि प्रयोगशालामा जीवको अधिनायकत्व उत्पत्ति बारेको अभिकर्मक तत्वमा ढुसी आउन थाल्यो । ढुसीले प्रयोगशाला नै दुर्गन्धित बनेर गनाउन थाल्यो । अनुयायीहरू तब त्यहाँबाट छटपटिन थाले । धेरै समयपछि एक अनुयायीले सो ढुसीबाट अनौठो जीवको उत्पत्ति देखेर भन्यो ।

'बाजे ! हजुरलाई लाल सलाम !'

अर्को अनुयायीलाई निकै रिस उठ्यो । उसले आवेशमा आएर थपिदियो । जोडले करायो ।

'हजुरबाजेलाई सलाम !'

अनुयायीहरू निकै बाझ्न थाले । उनीहरूसित सत्यतथ्यको मानसिकतामा जहरको कहर थियो । एउटा अनुयायीको झुण्डले बलपूर्वक भने ।

'साला चेपा !'

अर्कोलाई सहिनसक्नु भयो । बल्लबल्ल मिल्न आँटेको स्वार्थ धोकाजस्तै भयो । पाखुरा सुर्केर कन्कनाउँदै भन्यो ।

'खाते गाँडा !'

यस्तै झगडा धेरै कालसम्म चलेपछि एकदिन डार्बिन र उनका समकक्षीहरूलाई खूब टेन्सन भयो । आफ्ना अनुयायीहरूको मनमुटाव अन्त्य गर्नका लागि सहमतिमा एक प्रतिवेदन तयार गरे । प्रतिवेदनमा लेखिएको थियो ।

'चेपागाँडा अधिनायकत्व उत्पत्ति !'

डार्बिनका समकक्षीहरूमा फेरि एक सोचनीय विषय बल्झेको थियो । सामाजिक जगतमा कोरोना रोगभन्दा बढ्ता त्रासको प्रश्न पनि थियो ।

'मानवको वैभव विकासका लागि यस्तै प्रतिवेदनले सम्भव छ त ?'

प्रयोगशालामा सबैले एक एकवटा बुटी बाँधे । खिस्स हाँसे । मुटुमाथि ढुङ्गा राखे । ट्याग भिरे । नयाँ उत्सव सुरू गरेर भने ।

'सब कुरा मिल्यो, अब फासफुस !'

१६३.

# स्वामीको खर्च

भयावह भएको महामारी रोगका बीचमा वैज्ञानिकहरूले टाउको निकै तताएर खुइल्याएका थिए । यसैबीच पुतली दिदी रोग नलाग्ने औषधी खोज्न यताउता भौँतारिरहेकी थिइन् । उनले बाटोमा जोगीलाई भेटेर सोधिन् ।

—'बाबा ! महामारी केले ठीक हुन्छ ?'

—'खरानी जीउभरि दलिदिनु, ठिक हुन्छ !'

—'मसाने भूत ! खरानीले पनि ठीक हुन्छ ??'

—'रोग नै मसानको त हो !'

पुतली दिदीको मनमा मसानको भूतको त्रास एक्कासि बढ्यो । सोझी दिदी अक्क न बक्क परिन् । अलिपरसम्म हिँड्दै गइन् । उनले बाटोको पेटीमा कामिरहेको झाँक्रीलाई भेटेर सोधिन् ।

—'झाँक्री बा ! महामारी यहाँ निको पारिन्छ ?'

—'ग्यारेन्टीका साथ पारिन्छ, नभए पैसा फिर्ता !'

—'महामारी पनि बोक्सी हो र ?'

—'वीर हान्दिएपछि त्राहीत्राही हुन्छ !'

झाँक्रीले धूप बाले, अछेता पुछेर फाले, केही गुन्गुनाए । अनि महामारीको रोगीलाई औँलाको चुड्की बजाएर भनिदिए ।

—'उत्तरतिर फर्केको नागले डसेछ, दोहोलो काटिदिएँ । अब ठीक हुन्छ !'

पुतली दिदीलाई झन् टाउको दुखेर ज्वरो आउलाजस्तो भयो । आङ सिरिङ्ग

गऱ्यो । उनलाई थप शङ्का लागेर आयो । उनले निकै सकसका बीच बजारको कुनातिर रहेको वैद्यलाई भेटेर जँचाइन् । वैद्यले घोरिएर यसो नाडी समाते । ठोकुवा गरिदिए ।

—'गानो गोला बढेछ ! मनोविकार गढेछ ! ज्वानु बेसारमा बिरे नुन एकचिम्टी हालेर दिनको दुईपल्ट खानू । गोला फाल्न छाडसूत्र गर्नुपर्छ, चट् हुन्छ !'

पुतली दिदी फन्फन उड्न थालिन् । उनको रोग खुट्टिन कतै पुग्दा पनि नभएपछि भोलिपल्ट डाक्टरकोमा जँचाउन पुगिन् । डाक्टरले दिदीलाई देख्ने बित्तिकै भनिदिए ।

—'लौ, लौ उता गइहाल्नुस् त ! कोरोनाले सङ्क्रमित हुनुहुन्छ । तुरून्त स्वाब टेस्ट गर्नुस् !'

पुतली दिदीको होसहवास उड्यो । उनी त्यसै अलमल्ल परिन् । स्वाब जँचाउन जब अस्पतालमा पुगिन् । उनले चिकित्सक र स्वास्थ्यकर्मी नभेटेपछि पत्रकारलाई भेटेर सोधिन् ।

—'यहाँ महामारीको उपचार हुन्छ भाइ ?'

—'हुन त हुन्थ्यो, तर मिलेको छैन !'

पुतली दिदी मनभरि प्रश्न लिएर उभिइरहिन् । उनको घाँटीमा अकस्मात् तिलहरीजस्तै बुटी झुन्डिन आइपुग्यो । उनले त्यो तिलहरी सुमसुम्याउँदै कराइन् ।

—'स्वामीको खर्च !'

वरिपरि भएका धेरै दिनका पीडितहरू पनि टामाटुमी थिए । उनीहरूले दिक्क मान्दै पुतली दिदीलाई गुनासो गरे ।

—'कति उड्दै हिँडनुहुन्छ दिदी ! तातो पानी खानोस् ! जोगी, झाँक्री, वैद्य र डाक्टरले बेच्न बाँकी उपाय नै केही छैन !'

उडिरहने र उडाइरहने मनका बीचमा ऋणभारको बारेमा निकै लामो बहस चल्यो । खर्चको निष्कर्ष टुङ्गिएन ।

१६४.

# स्वतन्त्र अभ्यास

मेरा हजुरबाका दुवै आँखा कमजोर थिए । उहाँ पढ्दापढ्दै जनै शिरमा राखेर कराउनु हुन्थ्यो ।

—'ॐ शान्ति ! पृथ्वी शान्ति !! मनुष्य शान्ति !! !'

मलाई अचम्म लाग्दथ्यो । यति धेरै आँखा कमजोर हुँदासमेत शान्ति मन्त्र पढेर दुनियाँलाई सुख बाँडेको देख्दा दिक्क पनि लागेर आउँथ्यो । मनमनै औडाहा लाग्थ्यो ।

—'लौ ! यी बूढा बौलाए ।'

नाङ्गै शरीर, मुडुलै टाउको, एकसरो कम्मरमा बेरिएको धोतीमा खासै के थियो होला र ?

—'हदभन्दा बढी भए गरिबी ! नभए पनि फकीरको झैँ याचक जिन्दगी ।'

आधुनिक समाजमा जस्तो दान दिने विदेशी र मन दिने स्वदेशी पनि थिएनन् । केवल थिए त दयाको भीकझैँ बटुलबाटुल भएका सिधा, सर्दाम ! तर पनि मेरा हजुरबाले गर्वसाथ भन्नुहुन्थ्यो ।

—'आँखाको होस गर्नू है ?'

मलाई हजुरबाको निकै दया लागेर आउँथ्यो । निकै खुल्दुली पनि चल्थ्यो । मैले मेरा बालाई साछी राखेर एकपल्ट भनैँ ।

—'चस्माको भर हुन्न, रैछ !'

उहाँले मलाई समाजका मत्तालु बैँसका उन्मत्तहरूको याद दिलाउँदै सम्झाउनुभयो ।

दुःखित पनि भएर भन्नुभयो ।

—'यसको अर्थ आफै बुझ्लास् !'

मान्छेहरूले हजुरबालाई बाजे भनेर सम्बोधन गरेको देख्दा मन कुटुक्क खान्थ्यो । बूढाले दुःखै खपेर पनि शाखा सन्तान बनाएको देख्दा गर्व पनि लाग्थ्यो । एकदिन बाले मलाई हकारेको अझैसम्म याद आउँथ्यो । खाउँला झैँ गरेर झर्केको पनि खूब सम्झना हुन्थ्यो । म झन् धर्मसङ्कटमा परेर मनमनै यस प्रश्नको गहन अर्थ खोज्न चुपचाप सहेर बसेँ । मेरा हजुरबा मर्नुभयो । उहाँका मन्त्रहरू बेलाबेलामा भट्याउने गर्थें । म जति भट्याउँथे, उति नै जाती चस्मा लगाउनेहरूले मलाई श्रद्धा गरेरै भए पनि भन्थे ।

—'बाहुन बाजे !'

तर अर्को नजाती चस्मा लगाउनेले चोकचोकमा खुइल्याउँथ्यो । नाकैमा औँलो ठड्याउँदै खिसि गरेर भन्थ्यो ।

—'काट्टे बाहुन !'

त्यसपछि मैले हजुरबाले भनेको कुरा अर्थ लगाएँ । चस्मा भन्ने कुरा हेर्ने दृष्टि र बुझ्ने कोणमा देखेँ । त्यसैले कमजोर तर दृष्टिविहीन र दृष्टिकोण विहीनका एउटै बगलमा मेरा हजुरबाका विश्वशान्तिका मन्त्रहरू बैगुन बनिदिन्थे । बुद्धले पनि एकदिन मलाई बाटोमा सुझाएका थिए ।

—'तिमी कुन चस्मा लगाउँछौ ?'

—'मानवतालाई हेर्ने चस्मामा पनि फरक छ र ?'

बुद्ध पुनः मरिमरी हाँसे । उनले परिपाठ लगाउँदै मलाई जवाफ फर्काए ।

—'चस्मामा टाँसिएको सामाजिक वितण्ड धब्बा !'

—'उफ् ! यो त झन् नजाती थ्रि-डी गगल्स !'

विपरित ध्रुवमा गुन्जिएको शान्तिका स्वर लहरीहरू उस्तै उस्तै थिएनन् । झिँगाको पखेटामा टाँसिएका पत्तासँगै स्वरनादका गुन्जनमा म भित्रका कुण्ठाहरूले बुझे ।

—'व्यक्तिगत स्वतन्त्रताको अभ्यास !'

१६५

# लुरूमान गुरू

बजारमा बुद्धिमान प्रमाणपत्र धारीहरूको खाँचो थिएन । बरू खाँचो त केवल व्यवस्थाको थियो । व्यवस्थामा एक कचहरी चलेको थियो ।

—'नेपाली शिक्षा नीति !'

शिक्षा पद्धतिको नयाँ प्रारूपमा घोरिएका भोलारामले शैक्षिक नीतिबारेको आफ्नो खोजको प्रतिवेदन पेस गरे ।

—'शिक्षा नीतिमा निजी फेरबदल !'

लालमोहरको दिन थियो । उनले राष्ट्रको नाममा सगर्व घोषणा गर्दै हल्लाखल्ला मच्चाए ।

--'देशको आम्दानी बढ्ने भो ! बेरोजगारी हट्ने भो ! गुणस्तरीय शिक्षाले समाजवादको शिखर छुने भो !'

लाटाहरू वाल्ल परेर बसेका थिए । उनीहरूले नपत्याउने कुरै भएन । बुर्जुवा शिक्षा बहिष्कार गरेका भोलानाथले एकदिन अल्लारे ठिटा ठिटीहरूलाई भाषणमा सातो खाएर भने ।

--'आफ्नो पावर देखाउन नसक्ने पनि बुद्धिमान हुन्छ ? के गर्नु आफूले त प्रमाण-पत्र च्यात्दै हिँडियो ।'

भाषण सुनिरहेका नयाँशिक्षाका ठिटीहरू अवसरसँग डराएका थिएनन् । भोलानाथले स्कुल कलेज खोल्ने विचार गरे । गाउँका भुराभुरी बटुले । टाकटुक अङ्ग्रेजी भाषा खूब पढाए । विदेशी पाठ्यक्रमको निकै हल्ला गरे । एकदिन हेडमिसले सँगै रहेका सबै सर म्याडमहरूलाई कुरैकुरामा हौसला स्वरूप सुनाइन् ।

—'संस्थाको प्रगतिको उपलक्षमा हजुरहरूलाई अवश्य सम्मान गर्ने छौँ !'

मिस र म्याडम बनेका ठिटीहरूको यस समय भुइँमा खुट्टा किन हुन्थ्यो र ? सरहरू पनि निकै हौसिएर काममा जोतिए । पैसा बटुलेर कार, बङ्गाला, वैदेशिक भ्रमणका सबै इज्जत बनाएका भोलानाथले महामारीको तोडमा एकदिन मन्चबाट निकै लामो भाषण गरे ।

—'समय नै यस्तै आयो ! विद्यार्थी पैसा तिर्दैनन् । सरकार फि नलिनू, भन्छ । काम भए पो, माम दिनु !'

प्रमाण-पत्रवाला शिक्षक शिक्षिकाहरूले कान ठाडो पारेर हेडमिसतिर फर्केर भने ।

—'बफादारीको सम्मान यही हो ?'

तलब नपाउने सङ्केतमा झगडा गरिरहेका कामदारहरूको बीच भोलानाथले आफ्नो झोलामा भएको खाली चेक निकाल्दै भने ।

—'अबदेखि तपाईंहरू अनपेड लिभमा बस्नू । बोलाए आउनू, नबोलाए बाटो खुल्ला छ !'

त्यसपछि उनीहरू लुरे स्वरमा गन्थन गर्दै सडकमा कराउन थाले । लुरू मान हली घोप्टिएर रू न थाल्यो ।

—'अब प्रमाण-पत्र च्यातौँ त ?'

संस्थापकको चाटुकारहरूले जोड दिएर भने ।

—'होस्, होस् निजी भाइरस मरोस् पहिला !'

**K. निष्कर्ष ढाँचा :** लघुकथा लेखनको न्यूनतम मापदण्डअनुसार १५१ देखि १६५ सम्मका क्रममा प्रस्तुत सबै लघुकथाहरूमा पनि शैलीवैज्ञानिक लेखनकला प्रयोग गरिएको छ । आरम्भ लेखनपछि उत्कर्ष र त्यसपछि निर्षकर्ष लेखनलाई यहाँ प्रस्तुत गरिएको छ । निर्देशन एवं संवाद स्वरूपका दुवै खालका निष्कर्ष प्रस्तुतीको झङ्कागत अभिव्यक्तिलाई निष्कर्ष ढाँचामा प्रस्तुत गरिएको छ । लघुकथाको निष्कर्ष प्राय प्रत्यक्ष कथन पद्दतिमा बुनौट भएको राम्रो मानिन्छ । निष्कर्षलाई पनि लघुकथाको अन्त्यतिर सामान्य (Simple writing) वा बक्राक्रम (*Italic*) प्रणालीमा एकल निर्देशन चिन्ह साथबाट एकल वा दोहोरो दुवै उद्धरण निर्देशक चिन्हबाट व्यवस्थापन गर्न सकिन्छ । निष्कर्षको अनुच्छेद प्रत्यक्ष्य वा अप्रत्यक्ष कथनअनुसार जेजस्तो अवस्थामा गरिए पनि छोटो हरफमा निष्कर्ष बुनौट गर्नु सर्जकको लघुकथा लेखन कौशल झल्किन्छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन स्पेस १.१५ (Multiple) गरी एकअनुच्छेदको आधारमा लघुकथा लेखनको निष्कर्ष ढाँचा प्रस्तुत हुनुपर्दछ ।

१६६

# अर्ध पट्टी

दुलीआमाको सासको गाँठो खै केमा अड्केको थियो, थाहा थिएन । उनले बलतल बाँचेकी कान्छी छोरीको हातमा च्याप्प समाउँदै भनिन् ।

—'कान्छी ! तेरो बिहे चाँडै होस् !'

कान्छीको आँखामा भरिएको गह तुरूक्क भुइँमा झऱ्यो । उसको मनको वेदित भयको मन्त्रले उसलाई नै चिमोट्न थाल्यो । कान्छी, दुलीआमाको छेउ रहेकी गाउँले भाउजूको काखमा घप्लक्क परी । गाउँले भाउजूले उसलाई निकैबेर सुम्सुम्याइन् । उसलाई यसबेला यौवानन्दको खूब काउकुती लागेको थियो । सोमनाथले माङ्गलिक तिरो स्वरूप जुठे दमाईलाई केही रकम दिएर उसलाई किनेको विधि पूरा गरेका थिए । माङ्गलिक बनाएर जुठेसँग किनेपछि उसबाट सोमनाथको घर उज्यालिएर लक्ष्मी नै भित्रिए झैँ भएको थियो । सोमनाथको दुःखका दिन सकिएका जस्तै थिए । सुख पलाएर हुर्केको समयमा दुलीआमा गाउँले र आफन्तका बीच धक्कु छोडेर बेलाबेला भन्थिन् ।

—'यो त कहाँ छोरी हो र ? छोरा हो, छोरा ! आनीबानी पनि छोराजस्तै छ, परेको जे पनि गर्छे ।'

त्यतिबेला कान्छीको किशोर स्वभाव उत्कृष्ट छोराको झैँ हुन्थ्यो । बाआमालाई सान्त्वना दिँदै उत्कृष्ट विश्वासमा भन्थी ।

—'हजुरहरूको मृत्यु भएमा, म आफै काजक्रिया गर्नेछु !'

सोमनाथका साथै दुलीआमामा हर्ष र विश्वासको सीमा रहेन । जीवनको सार्थक सत्यबाट स्वर्गवासको बाटो कान्छीबाट नै प्राप्त हुने अन्तिम निष्कर्षमा विश्वस्त

थिए । क्षयरोगले अति नै आक्रान्त सोमनाथ घरको ओछ्यानमा इन्तु न चिन्तु अवस्थासँग जुधिरहेका थिए । घाटको शैयामा मृत्युछेउ पुगेकी दुलीआमालाई चाप्दै गयो । घाटे वैद्यले उनलाई बिरामीको शैयाबाट घाटमा सार्नका लागि अनुरोध गरे । वरपर भएका सबैजनाले झ्याइँकुटी गर्दै घाट छेउमा लगे । आफन्त, नातागोता र समाजका सबै मानिसहरू जम्मा भए । कान्छीकी मृत दुलीआमालाई ब्रह्मनालमा राख्ने समय थियो । उपस्थित सबैजनाले हल्लाखल्ला गर्दै विधिशास्त्रको कुरा उठाए ।

—'शास्त्रमा छोरीले बाबुआमालाई अर्धजल दिने चलन छैन । जो अविहित चेलीले घाटमा मरेको बाआमाको अनुहार हेर्छे । उसलाई विवाह बन्देज छ !'

उनीहरूमा छक्का पन्जा के थियो, थाहा थिएन । समाजमा रहेको दमित एवं ढोंगी आदर्श खुलासा गरिदिए । मसान घाटको कुनै कुनाको छेउबाट पापिष्ट मनको हल्लाखल्ला सुनियो ।

—'जसले दागबत्ती दिन्छ । अपुतालीको हक पनि उसैको !'

ममतामयी मातृवियोगमा रूँदै अलाप गरिरहेकी कान्छीलाई दुई हातमा समातेर केही आफन्त मान्छेहरूले घाटबाट घरतिर फर्काउँदै गर्दा बाटोमा सम्झाउँदै भने ।

—'अब बालाई राम्रोसँग स्याहार गर्नू ! रोगी बाबुको पनि अब को नै छन् र ? भएकी तँ एउटी छस् ।'

कान्छीको मनभित्र जलिरहेको पुत्रत्व ज्वालाको लप्का भुलुल्लबाहिर निस्क्यो । सँगै रहेका आफन्तहरूलाई उसले सोधी ।

—'मृत्युपछि, बाबालाई अर्धजल कसले खुवाउँछ नि ?'

सँगै रहेका नाजवाफ आफन्तजनहरूले एकस्वरमा कान्छीको जीवनको ग्यारेन्टी गर्दै भने ।

—'अब विवाह चाँडै नै गरेर घरजम गर !'

उसले आफन्त दुनियाँका तिता, टर्रा, पिरा र गुलिया भावहरू सम्झेर मनमनै भनी ।

—'थुइक्क स्वार्थीहरू !'

ब्रह्मनालमा मृतात्मालाई सुताएर जीवनभर ईर्ष्यामा बाँचेका नालायकहरूले पनि मनमनै यस्तै सम्झे होलान् ।

—'यो अपुत्रीको छोरा नभए पनि हामी त भयौँ नि, अर्ध पट्टी !'

१६७.

# तेजाबी गहना

–'कसिङ्गर !'

दुलहीको मन अमिलो भयो । उसले सुने पनि नसुने झैँ गरी । फेरि कुचो लगाउन लागी ।

–'ढङ्ग न बङ्गको साँप्रे !'

रमिता हेरिरहेकी देवियाले मुन्टो तानी । दुलहीको हातको कुचो समातेर आफै बढार्न लागी । दुलहीको हातको कुचो देवियाको हातमा पर्‍यो । दुलही अलमल परेर छेउमा मुख छोपेर उभिरही । उसले कुनै प्रतिक्रिया दिइन । देविया त्यसै फत्फताइरही ।

–'हुनेखानेको सन्तान भए पो ! कस्तो टपरी !'

फेरि देवियाको मुखबाट फ्यास्स शब्दहरू निस्के । उसको चित्त नबुझेको विषय के थियो । कसैलाई थाहा थिएन । दुलहीतिर मात्र आफ्नो घुर्की झैँ भावले शब्दहरू निकाल्थी । दुलहीले देवियाको सबै कुरा सहिरहेकी थिई । तथापि टपरी भन्ने शब्द सुनेपछि उसलाई निकै पीडा भयो ।

–'बाहुनको उपनाम !'

उसले मनमनै सम्झी । तर ऊ बाहुन कि छोरी पनि थिइन । दलितकी छोरी भएकोले उसलाई तनाव त कम भयो तर उसको अनुहारमा रिसको आवेगभन्दा लज्जाले गुलाबी रङको आभा छरियो । देवियाको कुचो त्यसै लर्बरिएर भुइँमा बजारियो । उसले आफ्नु चरक्क चर्किएको अभ्यन्तर खोलेर थचक्क बसी ।

–'मेरो कानको सिक्री र औँठी लगाएर खूब दुलही बन्ने ! तेस्को पोईको कमाइ हो र ? यसरी ठाँटिएर बस्नलाई ! यसले लाउँदा लाउँदै पित्तल बन्ने भो !'

दुलही कालो नीलो भएर कोठाभित्र पसी । बेलुकासम्म ऊ लाजले कोठाबाट बाहिर निस्कन सकिन । बेलुका सबैजना खाना खाएर सुत्नजाने सुरसारमा थिए । दुलहीले एकपोको उपहार ल्याइन् । सबैका अगाडि राखेर भनिन् ।

–'हजुरहरूलाई यो मेरो सिन्दुरको उपहार !'

सब अचम्म परे । कसैले केही बोल्न सकेनन् । पोको निकै पुष्ट थियो । त्यसभित्र लेखिएको थियो ।

–'यो छापावाल सुन हो ! पित्तल होइन !'

–'अचम्म ! के हो दुलही यो ?'

–'हजुरहरूले थाहा नपाएको आमाको पेवा धन !'

–'कसरी यो पेवा ?'

–'चपरीको थिचाइमा उन्मुक्ति खोजिरहेको गहना !'

त्यसपछि उसले आफ्नो अनुहारमा आएको गुलाबी बहाव मुस्काएर परेला तल झारी । देवियाका बूढाले मुखामुख गरेर गुलाबी उपहारलाई हेरिरहे । सो पोकोलाई समातेर टपरीलाई पनि हेरिरहे । भुइँको कसिङ्गर बढारिए पनि मनको कसिङ्गर तबसम्म कसैको बढारिएको थिएन ।

–'गहना मेरो, दुलही तेरो !'

गाउँभर चर्चा चलेको यो हावाले समय पल्टिरहेथ्यो । अविश्वासीहरू कुरामा हावा फुकिरहन्थे ।

–'तेजाबी गहनाको के भर र !'

१६८

# छायाँ सरकार

प्रतिपक्षको धर्म अनुकूल हुन्जेल सत्तापक्षको दोहन गर्नु र प्रतिकूल हुँदा बद्नाम गर्नु उसको शैली नै हो । परम्परादेखि प्रतिपक्षको भूमिका यत्रतत्र सर्बत्र थियो । सम्पन्नको पगरी गुथ्नेका लागि प्रतिपक्ष व्यवसाय इज्जतको विषय न थियो ।

–'लौ न, त्यो त मरिछ !'

एकाबिहानै दौड्दै आएकी लठेब्रीले समाचार सुनाई । कुरोसुरो बुझ्नु उसको खास मतलब थिएन । केवल महिला मरेको कुराले मात्रै उसले चासो लिएकी थिई । अर्को वाक्य फेरि बोली ।

–'त्यत्रो इज्जतवालाले पनि घरमै रगताम्य भएर मर्नुपर्ने !'

–'को मऱ्यो ?'

–'त्यै क्या मेमसा'ब !'

अगेनोमा गाईलाई खोले पकाउँदै गरेकी अमलीले आश राखेर सोधी ।

–'हुनेखानेको घरमा पनि कसरी मरिछ त त्यस्तो विजोगले ?'

–'सुन्नमा आएको घरकै नोकरले हत्या गऱ्या रे !'

–'नोकर कि नो कर ?'

त्यसपछि लठेब्रीले 'नो कर' को बारेमा बुझ्न सकिन । ऊ त्यसै अस्मटाई । यत्तिकैमा चुपचाप लागी । अमलीको खसम धारामा पानी भर्दै थियो । उसले लठेब्री र अमलीको गन्थन सुनिरहेको थियो । उसले प्वाक्क बोलिहाल्यो ।

–'बुझिस् अमली ! हाम्रो घर क्या सुन्दर छ है ? गजब आनन्द !'

–'नापियो ! हुनेखानेका स्वास्नीका लोग्ने पो लोग्ने ! आफ्नो त जोईटिङ्ग्रे । त्यसमाथि हरि कङ्गाल !'

–'म त गरिब छु के गर्नु त ?'

–'सधैँ गरिब छु भन्ने अनि स्वास्नीसँग निहुँ मात्रै खोज्ने ? कमाएर ल्याउन नि नसक्ने ! राम्रोसँग पाल्न पनि नसक्ने लाछि ! हाम्लाई नि त रहर हुँदो हो नि बैंसमा नोकरचाकर राखेर घर चलाउन । मस्तीले जिन्दगी बिताउन !'

निकैबेरको गन्थनमा दुवैजनाको रिसले त्यत्तिकै कम्पारो तात्यो । अनुहार पनि रातोरातो हुन्जेल बाझाबाझ भयो । जिन्दगीमा सुख भोगको तृष्णा पलाएको अमली फत्फताइरही । निकैबेर उसको फत्फत सुनेर वाक्क भएको खसमले भुइँमा खुट्टा बजारेर भन्यो ।

–'ल ल पख् ! अब धेरै नकरा ! अब म घरमा छायाँ सरकार बनाइदिन्छु !'

अमली त्यसपछि चुप लागी र छायाँ सरकारबारे नबुझेर सोधी ।

–'कसरी ?'

–'म, अब जसरी पनि पैसा कमाउँछु । नोकरचाकर राख्छु । त्यसपछि तँलाई खूब सुख र मोज मस्तीको दिन आउँछ । घर पनि उसैले चलाउँछ । मात्रै म त सत्ता पक्ष न हुँ !'

१६९

# झोलीका देवता

–'हेर भाइ ! इमानदार हुने मान्छे पाउनै गाह्रो । संसारमा इमान्दार मान्छे कहाँ पाइएला ?'

इमान्दार मान्छे खोजेर हिँडेको एक नेताले आफ्नो हैरानी बिसाउँदै अर्को नेतालाई भन्यो ।

–'त्यही त सबै उस्तै छन् । कसलाई विश्वास गर्ने ?'

उनीहरूको बीचमा इमान्दार मान्छे खोज्ने र आफ्नो नीति चलाउने होड चल्यो । उनीहरू जहाँ पुग्थे त्यहाँ इमान्दार मान्छेको खोजीबाट कुरा सुरू गर्थे । देशमै कोही इमान्दार नहुनु उनीहरूका लागि चुनौती थियो । त्यसपछि उनीहरूले इमानदार मान्छे देशमा को छ होला भनी खोज्न विज्ञापन गरे । विज्ञापनमा कसैले चासो दिएनन् । कोही आएनन् । पुनः उनीहरूले अर्को विज्ञापनमा सबभन्दा धेरै अल्छी ठहर्नेलाई इमान्दारका साथै राजा घोषणा गरिने सर्तहरू राखे । विज्ञापन भयो । आकाङ्क्षीहरू लाखौँ तयार भए । छनौटको काम हुँदैगयो । अन्तिम चरणमा पुगेपछि दुईजना अल्छीहरू बाँकी भए । अन्तिम छनौटको विधिअनुसार उनीहरूलाई एउटा फुसको घरमा राख्ने र आगो लगाउने अनि नभागी जो बस्छ त्यसैलाई छनौट गर्ने विधि थियो । यत्तिकैमा एउटा नेतालाई के जङ चल्यो थाहा थिएन । प्याट्ट अर्कोलाई प्रस्ताव राख्यो ।

–'इमान्दार पनि नपाइने भो । राजा पनि कोही नहुने भो अब !'

–'किन र ? एकजना त भइहाल्छ नि !'

–'अन्तिम विजेता त मरिहाल्छ नि अनि कसरी राजा हुन्छ त !'

-'कसरी हौ यस्तो ?'

-'उ जलेर अन्तिमसम्म नबसी राजा हुनै पाउँदैन त, जल्छ, मर्छ अनि कसरी राजा हुन्छ । भए पनि मरेको इमानदार राजा न हो ।'

-'त्यसो भए यो खेल छोडौँ भाइ ! आफूले आफैँलाई इमानदार पनि भनौँ, राजा भएको घोषणा पनि गरौँ ।'

-'कसलाई गर्ने त पहिला ?'

-'मलाई गर्नुपर्‍यो नि पहिला !'

-'हैन, मलाई नगरी कहाँ हुन्छ ?'

-'हैन हैन मलाई !'

-'हैन हैन मलाई !'

त्यसपछि अरू सबैलाई उनीहरूले इमान्दार देख्न छोडे । आपसमा बाझिरहन थाले । यति बाझे कि उनीहरूको देखादेख र आमने सामनेहुँदा पनि बोलचाल हुन छोड्यो । बरू देखभेट हुँदा आफ्ना भन्ने बेइमान मान्छेहरूलाई सुनाएर एकआपसमा भन्न थाले ।

-'त्यसको त क्या सानो चित्त !'

-'हो हो हजुर माखाको पित्त सानो चित्त यस्तै हो !'

सबै बेइमानहरू गलल्ल हाँस्न थाले । उनीहरूसँग हाँसिदिने सीप, अघिपछि लागिदिने जाँगर र नेताका लागि भरोसा योग्य जोसबाहेक केही थिएन । मात्रै ती झोलीका देवता थिए । अन्तिम इमान्दारहरूको भीडको झुण्ड ।

१७०

# प्लट

-'लघुकथा कसरी लेख्ने ?'

-'ड्याप्प हान्दे न स्पीडमा !'

-'हैन हैन शब्द गन्दे न कम्प्युटरमा !'

-'हैट ! आरम्भ, उत्कर्ष र अन्त्य, त्यति नि थाहा छैन ? नाथे तिमीहरू त सिद्धान्तकार रे !'

सिकारू लघुकारहरूका लघु कुराहरू बजारभरि खूब चर्चा चलिरहेका थिए । स्रोताहरू सुनिरहेका थिए । उनीहरूमा लघुकथाको बैंस असाध्यै चलिरहेको थियो । सिकारूमध्ये एकले अर्कोलाई कोट्याए भन्यो ।

-'वास्तवमा भन न लघुकथा कसरी लेख्ने, भ्रम भयो के मलाई !'

-'ह्या ! थाहा छैन सिद्धान्तको व्याख्या गर्नेहरूलाई सोध !'

-'तँ कसरी लेख्छस् ? त्यो त भन् !'

-'म त ट्याप्प शब्द समाउँछु, सके छायाँ नसके मायाको ब्याड पार्छु अनि लघुकथा बन्छ !'

-'यसको त कुरै बुझ्न गाह्रो, क्या स्यान्टिस कुरा गर्छ ।'

त्यसपछि उनीहरूले लघुकथाको सिद्धान्तबारे खूब चर्चा गरे । अन्तिममा गुरूहरूलाई सोध्ने निर्णय गरेर उठे । अर्कोदिन गुरूसँग भेट भयो । सिकारूले सोधिहाल्यो ।

-'गुरू ! लघुकथाका सिद्धान्त के के हुन् ?'

–'हेर बाबू, मैले विद्यार्थीलाई त शब्द गन्न सिकाएर लघुकथा पढाएको अरू कुरा थाहा छैन । बरू कार्यपत्र लेख्ने प्राज्ञलाई सोध उहाँ त्यसको आधिकारिक व्याख्याता हो । त्यसपछि व्याकुल सिकारू कार्यपत्र लेख्नेकहाँ पुगेर सोध्यो ।

–'वास्तवमा प्राज्ञज्यू लघुकथाको संरचना कस्तो हुन्छ ?'

–'के भल्लो कुरा गर्छ यो केटो ! लघुकथामा पनि संरचना हुन्छ त । यसमा त प्लट तयार गर्नुपर्छ अनि फुर्छ लघुकथा ।'

–'त्यसो भए प्लटमा के के हुन्छ त हजुर !'

–'बङ्गला, गार्डेन, स्विमिङ पुल, पार्किङ यस्तै यस्तै सजिसजावट !'

त्यो सिकारू लघुकथाकार पेसाले सरकारी अमिन थियो । त्यसपछि उसले सम्झ्यो । लघुकथा भनेको जग्गा प्लटिङ रहेछ ! त्यसपछि उसले लघुकथाको नयाँ सिद्धान्त फेलापाऱ्यो । चिटिक्क पारेर जग्गाजस्तै सम्म कम्प्युटरका स्क्रीन वा कागजमा अक्षर केरकार गरेपछि लघुकथा अब्बल हुन्छ भन्ने ठान्यो । अन्त्यमा नजिकै रहेको पाठकले सोध्यो ।

–'के लघुकथाको प्लट मिल्यो त अब ?'

–'मिल्यो होला !'

–'नमिले कसलाई सोध्ने त !'

–'खै त्यो त थाहा छैन !'

प्लट केर्दाकेर्दै अमिन हो या लघुकथाकार हो, पत्तो पाउदिनथेँ, पेट मिचिमिची हाँसिरहन्थेँ ।

❀

१७१

# कमिसन भाइरस

अस्पतालको शैयामा लम्पसार परेर सुतेकी न्याउरी कहिले ओल्टो त कहिले कोल्टो फर्कन्थी । उसका आफन्तहरू भाइरसको प्रकोपबाट आक्रान्त भएर पिल्सिएकी न्याउरीलाई रामनाम सुनाइरहेका थिए ।

–'बज्यै ! राम राम भन्नुस् !'

न्याउरीले शिथिल लयमा आफ्नै आँखा उठाएर यसो परतिर हेरी । उसका अगाडि कालानिला धब्बा अनि अचेत बादलको छायाँ घुमिरहेको थियो । यत्तिकैमा न्याउरीले बोली ।

–'हराम !'

–'हराम हैन बज्यै ! हे राम भन्नुस् न, हे राम !'

न्याउलीले कुरा बुझिन छ क्यारे । उसले अर्को कोल्टे फेरि । मुखमा माक्स लगाएर बिस्तारै उठी । उसलाई निकै चक्कर लागिरहेको थियो । उताबाट नर्स आइरहेकी थिई । नर्सले उसलाई देख्नेबित्तिकै त्यसै आत्तिएर कराइन् ।

–'कस्तो अटेरी बज्यै त ! हलचल नगरी सुत्नु भनेको होइन ? यहाँ भाइरसहरू भाइरल भएको छ र !'

आफन्तहरूले नर्सको कुरा सुनेर अचम्म माने । त्यस अस्पतालमा भाइरसको प्रकोप छ भनेर सुनेपछि उनीहरूलाई त्यहाँको भाइरसबारे जान्न मन लाग्यो । उनीहरूले बजारमा कोरोना भाइरसको चर्चा खूब सुनेका पनि थिए । उनीहरू अस्पतालमा डुलिरहेको भाइरसदेखि निकै डराए । उनीहरूले सोचे ।

–'अब बज्यैको ज्यान खतरामा पर्ने भयो !'

भाइरस उनीहरूको त्रासको विषय थियो । तिनले आफ्नो ज्यानको सुरक्षाका लागि भाइरसको भाइरल भिडियो बनाएर रोग निर्मुल पार्ने विचार गरे । त्यसपछि बिरामी न्याउरी बज्यैलाई छोडेर आफन्तहरू भाइरसको भिडियो बनाउन ल्याबमा पुगे । ल्याबमा पुगेकाहरूमध्ये एकजनाले निकै जान्नेसुन्ने अर्कोलाई सोध्यो ।

–'यहाँ कस्तो भाइरस फैलिएको रे छ भाइ ?

–'खै कस्तो कस्तो ?, ल्याबमा टेस्ट गर्नुपर्छ ।'

–'अनि भाइरसको भिडियो बनाउने भनेको होइन त ?'

–'कुन कुन भाइरसको बनाउने त ?'

–'कोरोना भाइरसको नि !'

–'त्यो चीनले बनाउँछ, पर्दैन त्यसको !'

–'उसो भए डेङ्गुको भाइरसको बनाऊ !'

–'त्यसलाई डब्लुएचओले बनाइसक्यो त !'

–'कुन बनाउने त खै ?'

अर्कोले निकै हतारमा जवाफ दियो । उसलाई रोगको निदान गर्नुभन्दा पनि रोगीलाई राहत दिनु थियो ।

–'लौ, त्यसो भए कमिसन भाइरसको भिडियो बनाऊ ।'

–'कमिसन भाइरस, उफ् !'

त्यसपछि सबैजना कम्प्युटर ल्याबमा दौडिए । न्याउरीलाई सङ्क्रमित भएको भाइरसको भिडियो बनाए । उनीहरूले सल्लाह गरे । भिडियोको नाम के राख्ने ? उनीहरूले अस्पताल फर्केर नर्ससँग सोधे ।

–'हामीले भाइरसको भिडियो बनाएका छौँ । के नाम राख्ने हजुर ?'

–'के बारेको भिडियो हो ?'

–'सामाजिक रोग बारेको !'

–'ए ! लौ त्यसो भए कमिसन भाइरस राख्नू न !'

न्याउरी अझै गलेर गइरहेकी थिइन् । उनको श्वासको धड्कन छिटोछिटो चलिरहेको थियो । डाक्टरहरू पसिनापसिना भएर कराइरहेका थिए ।

–'मुटुमा पम्प देऊ पम्प ! नत्र बिरामी बाँच्दैन ।'

१७२

# भाङ

रोजगार दाताको लिष्ट रेडियोमा बजिरहेको थियो । रोजगारीका आवेदकहरूको ठूलो भीड भर्खरै टिभीमा हेरिसकेको थिएँ । विदेशमा पुगेको एउटा रोजगारले मलाई छक्याएर फुटानी दिँदै मात्र फोन गरिसकेको थियो ।

–'म त लन्डनमा छु । अत्यन्त बेफुर्सदी !'

–'ओहो, हो र ?'

–'हो त, तपाईंको मित्र पनि बरू मैसँग हुनुहुन्छ । उहाँसँग कुरा गर्नोस् ।'

मैले त्यो साथीसँग पनि कुरा गरेँ । चार .घण्टा अगाडि सडकमा भेटेको साथी लन्डनबाट बोल्छ । म तिनछक परेँ । मलाई लाग्यो ।

–'बेलायती शिव हो, अति कडा संवाद भो, गजब शिवबुटी रेछ ! जय शम्भो !'

शिवरात्रिको दिन थियो । म सडकमा थिएँ । बिहानै काम परेकोले घर बाहिर निस्कँ । हिँडिरहेको थिएँ । कानमा स्वाट्ट केही आवाज प्रवेश गऱ्यो ।

–'काम छैन दाइ आज ?'

म खत्र्याकखुत्रुक भएँ । सहज पारामा हिँडिरहेका मेरा गोडाहरू लर्बरिए । मलाई आफ्नै जिन्दगीमा लाग्दथ्यो । म जत्तिको काम पाउने मान्छे कोही छैन ! उच्चशिक्षा हासिल गरेको थिएँ । हातमा सीप थियो । ज्ञान, क्षमता र पहुँच पनि थियो । साथै पहल र प्रयत्न पनि भरपूर गर्दथेँ ।

–'हि हि हि... हैन हैन, म आज त्यसै !'

मेरो अप्ठेरो अनपेक्षित उत्तर सुनेर प्रश्न गर्ने अल्लारे भाइ अन्कनायो । उसले फेरि केही सोध्न खोजेजस्तो गरेको थियो । तरपछि चुपचाप लाग्यो । नजिकै रहेको चिया पसलमा म उभिएँ । सँगैको बेन्चीमाथि थचक्क बसेँ । केही चिया धोक्न आएका मान्छेहरू टामाटुमी गरेर चिया थपिरहेका थिए ।

–'आज शिवरात्रिको दिनमा पो दाइले फुर्सद पाउनु भएछ, है दाइ ?'

–'हो, आज बेफुर्सदी, त्यत्तिकै हल्लिएको आज !'

उसको मनको आशय बुझ्न सकिनँ र पनि त्यतिकै अल्मलिएँ । मनमा लाग्यो ।

–'यसले आज शिवरात्रि मनाएछ ।'

आज मैले पनि बेफुर्सदीमा भाङ लागे झैँ गरी अन्तिम स्वादमा भनिदिएँ ।

–'लौ जय शम्भो !'

१७३.

# भयग्रस्त मानसिकता

नथाकेको गोडा हिँडिरहेको थियो । थाकेको अवसर पोखिरहेको थियो । मनमा अवरोध आशङ्का र आशा निकै दौडिरहेको थियो । यत्तिकैमा फोनको घन्टी बज्यो ।

-'लौ बधाई छ है तपाईंलाई !'

झसङ्ग भएको सुल्तानको मन यसैउसै तुल्बुलियो । उसले आफूले आफैलाई प्रश्न गऱ्यो ।

-'लौ ! मलाई केको बधाई ?'

उसले सम्झ्यो । मान्छेहरूमा एकअर्कोसँग निकट वा टाढा हुनु खास घटनाका सन्दर्भमा गरिने सहयोग र लिइने उपलब्धिले निर्धारण गर्दछ । सायद यसैको मानसिकता उसको फोनको जड हुनुपर्दछ ।

-'पाप धुरीबाट कराउँछ !'

आम प्रचलनका मान्छेहरू यस्तै भन्थे । उनीहरूलाई यो बाहेक अरू कुनै नयाँ कुरा गऱ्यो भने पत्याउँदैन थिए । तर सुल्तानको विचार अर्कै थियो ।

-'धर्मले धुरीबाट हेरेर मात्रै कर्मको बखान गर्नुपर्दछ तब पाप हराउँछ अनि भय कराउँछ !'

एकदिन पाप गर्ने, धर्म गर्ने र कर्म गर्नेको बीचमा पनि मत्स्य न्यायबारे प्रश्न उठ्यो । उनीहरूले सम्झेको न्यायमा मानसिक भयको निकै ठूलो भूमिका थियो ।

–'तपाईंको फैसला सही भयो । खुसी लाग्यो ।'

–'हो, मेरो फैसला सही भएर त पहिला नै छोडपत्र दिएको, मेरो मुटु झन् दह्रो भएको छ !'

–'छोडपत्र नभन्नु न राजिनामा भन्नु के ! त्योचाहिँ फिर्ता गर्न मिलिहाल्छ नि !'

–'त्यसो भए तपाईंले दिएको फिर्ता गर्नु न त !'

–'के फिर्ता गर्नु ?'

–'त्यही बधाई के बधाई !'

–'त्यो दिएको चीज त फिर्ता लिन मिल्दैन !'

एकाएक ठट्टा मिश्रित पारामा बोलिरहेका सुल्तान र उसको साथी भयग्रस्त मानसिकतासँग निकै आरोप-प्रत्यारोप भइरहेको थियो ।

–'तपाईंको खास कुरा के हो ?'

उसको साथीले फैसलापछिको सम्पर्कमा निकै अमिलो बोलिमा सोध्यो । सुल्तानले जवाफ दियो ।

–'पछि भनुँला !'

–'साँच्चै फस्नुभएको हो ?'

–'फसाउनुभयो नि तपाईंले, बाँकी कुरा नसोध्नु पछि भनुँला !'

भय यति छिटोछिटो दुवैतर्फ चड्किरहेको थियो कि एकसँग शङ्का र अर्कोसँग संशयबाहेक केही थिएन । दुवैजना डरले लुगलुग कामिरहेका थिए । यतिबेला कर्म धुरीमा थियो । पाप टाट्नामा अनि धर्म खल्तीमा उँगिरहेको थियो ।

–'हे हे अल्लारे बैंस !'

दुवैजना एकछिन मरिमरी हाँसे सुल्तानको साथीले भय निवारणका लागि फेरि समाचार प्रेषित गऱ्यो ।

–'फेरि अर्कोको राजिनामा पनि गराइयो नि !'

१७४.

# झिल्लीको वर्षा

-'कति वटा बनाइस लड्डु ?'

-'टन्नै बनाइसकेँ त अनि !'

-'क्या फास्ट भाइ तँ त ?'

-'क्यार्नी जान्नुपऱ्यो नि आइडिया !'

-'त्यही भएर पो खूब घ्याम्पे देखिन्छस् त !'

भाँडा माझिरहेका राम साहुका दुई मन्त्रीहरू गलफत्ति गरिरहेका थिए । उनीहरूलाई साहुको भन्दा रसिलो स्वाद र पोसिलो तागतको मतलब थियो । त्यसैले भाँडा माझ्दामाझ्दै पनि लड्डुको झल्को उनीहरूलाई आइरहन्थ्यो ।

-'ओई ! भन् त तेरो आइडिया ?'

राम साहुको एक मन्त्रीले अर्को मन्त्रीलाई साँच्चै कुरो अँठयाएर सोध्यो ।

-'सक्दैनस् तैँले भैगो !'

-'भन् न भन् म पनि मोटाउँछु कि !'

-'ल, सुन् त्यसो भए, झिल्ली खेती गर !'

आइडिया लिने मन्त्री वाल्ल पऱ्यो । उसले सम्झ्यो ।

-'झिल्ली भनेको आकासका तारा हुन् ।'

त्यसपछि उसले हरेक दिन आकासको तारा गन्न थाल्यो । गन्दागन्दै करोड पुऱ्यायो तर गन्न सकिएन । अरब पुऱ्यायो सकिएन । खरब पुऱ्यायो सकिएन ।

तब उसले त्यो झिल्ली गन्न एउटा एजेन्ट तोक्ने विचार गऱ्यो । एजेन्ट निकै चलाख थियो । उसले विचार गऱ्यो । सके कमिसन खान्छु नसके पासोमा पार्छु भन्ने सोच्यो । उसले हलुवाई पसलमा लड्डु बनाइरहेका दुवैजना मन्त्रीलाई खुवाको झिल्ली हातमा दियो ।

–'अब वर्षा गर्नोस् न मन्त्रीज्यू !'

–'के वर्षा गर्ने ?'

–'कस्तो उल्लु मन्त्री तपाईं त कुरै नबुझ्ने !'

–'कि रेट मिलाउनु कि दररेट मिलाउनु !'

–'कस्तो एजेन्ट तपाईं त ? रेट मिलिसक्यो, दररेट तपाईंको अलि पुगेन !'

–'त्यो तपाईंको जिम्मा, यो मेरो जिम्मा सक्कि गो !'

केही समयपछि एजेन्ट हाँस्दैआयो । अनि साहुका दुई मन्त्रीलाई बाटोमा देखेर सोध्यो ।

–'हजुर आज किन फतक्कै गलेको ?'

–'झिल्ली झरेन नि त !'

–'झिल्ली त झरेन झरेन अनि मन्त्री कसरी खुस्क्यो त हजुर ?'

–'खाएको विष लाग्छ नखाएको विष लाग्दैन बुझ्नु भो । बेकारमा मेरो भाँडा माझ्ने जागिर गयो । तर केही छैन, अर्को हराम साहुले डाकेको छ नि !'

फेरि दुई मन्त्रीहरू उतै लागे । जहाँ झिल्लीको अधिक वर्षा थियो । अखवारको पन्नामा लेखिएको थियो ।

–'आज राम साहु भुतुक्कै रे ! न झिल्ली न झुला !'

१७५

# ग्यास्ट्रिक दबा

–'ऐया ! ऐया ‼ लौन म भुतुक्क हुन आँटिसकेँ ।'

–'नरून्नु न दिदी त्यसरी !'

–'क्यान्सर भइसक्यो मेरो पेटमा, मरेँ म उहुँ !'

ट्वाल्ल हेरिरहेका तमासेहरू अस्पतालको मूल ढोकामै थिए । डाक्टर र नर्सहरू निकै हतारले डिउटीमा दौडिरहेका थिए । उनीहरूको हस्याङ्फस्याङ छुट्टै थियो । नौलीको स्वास्थ्य वेदनाले वरिपरि रहेका सामान्य बिरामीहरूमा पनि निकै उसको रोगबारे उत्सुकता जगाइरहेको थियो । उसको पीडाको ध्वनिले अस्पतालको परिसर रन्किएको थियो । दया देखाउने कुनै सिकारू डाक्टर आए भने कि वार्डमा पर्खन कि क्लिनिकमा आउन निम्ता गर्दथे । लामो भीडको पर्खाइमा विशेषज्ञ डाक्टरकोमा नौलीलाई जँचाउने पालो आयो ।

–'सुत्नु त तपाईं !'

लक्का जवान विशेषज्ञ डाक्टरको यस्तो अनुरोधपछि गाउँबाट झरेकी नौली लजाई र ठिङ्ग उभिरही । फेरि डाक्टरले भने ।

–'सुत्नु न एकपटक !'

–'नाईं लाज लाग्छ !'

डाक्टरले केही नबोली बिरामी भए पनि मस्त नौलीको स्वरूपको अनुहार नियाँले । आँखा र मुख खूब हेरे । ढाडमा स्टेथेस्कोप लगाएर उसको दमको गति नापे । नौलीको सिरिङ्ग गरेको आङमा काउकुती लागेझैँ भयो । उसले हल्का सजिलो भएको महसुस गरी । सोधी ।

–'के भएको छ डाक्टर साब मलाई ?'

–'ग्यास्ट्रिकको दबाबले दम निकै बढेको छ ।'

त्यसपछि डाक्टरले स्वास्थ्य जाँचको सबै रिपोर्ट हेरे अनि ट्रिपल डोज थेरापीको औषधी लेखिदिँदै भने ।

–'मिल्क टी खाँदै नखानू, सुगरले नै त हो ग्यास्ट्रिक पोइजन हुने !'

डाक्टरले गुलियो स्वादमा नौलीको मुहारमा पुलुक्क हेरे । नौलीले लज्जाभैँ बोधले नजर यसो तलतिर घोप्ट्याई । ऊ प्रेस्क्रिप्सन लिएर दबाखाना पुगी । दबाखानामा दबा बेचिरहेको अनुभवी मान्छे थियो । नौलीलाई सोध्यो ।

–'के भएको रे हजुरलाई ?'

–'ग्यास्ट्रिक भएको !'

–'ए त्यसो भए मिल्क टी खान छोडिदिनू, ग्यास्टिक आफै ठीक हुन्छ । पर्दैन यो औषधी !'

नौलीले दबावालालाई प्वाक्क भनिदिई !

–'त्यसो भए ग्यास्ट्रिक बन्द हुन्छ त ?'

त्यो मान्छेले मुन्टो हल्लायो । सायद उसको ग्यास्ट्रिक निको भयो होला । नौली अस्पतालको ढोकामा देखिन्न थिई ।

–'हजमोला खानू !'

१७६.

# कालो टालो

विकासको कैरनमा हावाको वेगले काममा दौडिएका कामदारहरूलाई वेलुकाको रोटीका लागि कामको छटनी थियो । उनीहरूलाई प्राप्त हुने नाफा मात्रै अल्छी लाग्नु र हाइ काढ्नु शिवाय के नै थियो र ? तैपनि आशामुखी भएर काममा लागेका तिनका लागि कुनै अपेक्षा त थियो नै होला ।

-'तेरो हथौडा खोइ ?'

-'किन चाहियो तँलाईं ? न जिस्क्या है मलाई !'

-'ल ल होस्, भयो ! छिटोछिटो बढार्दे ! धूलो जति भगाइदे ! एकदम सफा गर !'

छेउ लागेर बसेको टुल्केले आफ्नो हातमा लागेको धूलोलाई पहिचानको पहिरनमा पुछ्यो । सडकको किनारमा गएर थचक्क बस्यो । पुड्केले अलकत्राको झोल सुरूरूरूर्र भुइँमा धारा चुँहाउँदै गयो । नाइकेले कालो अलकत्रा माथि रोलर चलायो । चलाइरहेको रोलर एक्कासि रोकियो । टुल्के करायो ।

-'ए पख ! पख !! अड्केछ ।'

-'त्यसका बाजे गिट्टी यता अड्कने, बिल उता अड्कने । म त हैरान भइसकेँ बा !'

रोलर चलाउँदाचलाउँदा जिन्दगी सकेको नाइकेको लवजमा अमिलो जिन्दगीको विवशता थियो । उसले जिन्दगीमा कति रोलर पेल्यो । कति सडकको मसलालाई कहिल्यै उठ्न नसक्ने गरी थिचिदिएको थियो । त्यसको हिसाब थिएन । उसले जीवनमा देखेको कालो टालोको मसला सडकमा आउँथ्यो ।

साबको टेबलबाट कता वेपत्ता हुन्थ्यो थाहा थिएन । धूलैधूलो बाटो अलकत्राको कालो टालोले छापियो । बेलुका साब त्यही बाटोमा आफ्नो गाडीमा सरर्र कुदे । आज साबलाई खूब आनन्द आयो ।

–'ए नाइके, अब हामी कति पाउँछौँ अलिअलि !'

नमिलेको पेट्रोलको बिलको चक्करमा रहेको नाइकेलाई पुड्केले सोध्यो । ऊ अल्मलियो ।

–'के अलि अलि ?'

–'यसो चियाखाजा र चुरोट खाने पैसा !'

–'डबल सही गर्दे न त हाजिरमा है !'

पुड्के चुपचाप लाग्यो । नाइकेले सय रूपियाँ झिकेर पुड्केलाई दियो । टुल्केलाई रिसले कम्पारो तात्यो । उसले पनि भनिहाल्यो ।

–'के मचाहिँ भोकै ?'

–'ह्या ! आफूलाई हिसाब मिलाउन कति गाह्रो छ ! तँ पनि उसो भए हाजिरमा ल्याप्चे ठोक्दे !'

त्यसपछि उनीहरूले सडकको कालो टालोमा कसैले खाजा, कसैले चुरोट त कसैले पेट्रोल त कसैले घुस खाए । भोलिपल्ट हिसाब फछ्र्यौट भयो । सडकमा कालो टालो च्यातिएर अर्को पटक पैसाजस्तै धूलो उडिरहेको थियो । मान्छेहरू भने नाक छोपिरहेका थिए ।

१७७

# नक्कली आत्मा

सबै थिए । मुखामुख गर्दथे । बोलिहाल्ने हिम्मत पनि कसैको देखिँदैनथ्यो । विषय प्रवेशका लागि कसैको मुखबाट छचल्किएर शब्द निस्क्यो ।

–'हुन त हामीजस्ता जाबाको कुरा कसले सुन्छ र ?'

दम्भको वेगमा मडारिएको ज्वारको शब्द गोलपोस्टमा हानेको फुटबलझैँ अर्को मित्रको कानमा झन्झनाएर पुग्यो । उनको टाउको रन्कियो ।

–'लौ त अब तपाईंहरू नै भन्नोस् । हाम्रो इज्जत चैं नजाओस्, भव्य हुनुपर्छ । बरू अलिकति कसैलाई जिम्मा दिउँ, मान्छेलाई खटाउँ न !'

बाबुसाहेबी शैतानी चिहाइ जुरूक्क उठ्यो । शैतानी तागतको वेग थाम्न नसकेका अर्का बुझक्कड रातोरातो चेहरामा उडिहाले ।

–'सबै काम सभापतिले गर्ने ! त्यसै सभापति हुन पाइन्छ त, नत्र ? अरू त सहयोगी न हो । उहाँलाई सबैले सहयोग गरौँ । उहाँको निर्देशनमा चलौँ ।'

बैठक सुरू भएकै थिएन । सभापतिको काँधमा ठूलो जिम्मेवारी सुम्पने मित्रको मुहारमा राहतको महसुस भएको देखियो । उनी गलल्ल हाँसे । नजिकैको भद्रले खसखस लागेर बोलिहाले । बैठक नै सुरू नभई त्यसै सभापतिलाई जिम्मेवारी दिन मिल्छ र ? एकछिन सन्नाटा छायो । सभापतिले आफ्नो एजेन्डा जब सुरू गरे तब बैठकमा सहभागीहरू चुपचाप लागे । उनीहरूले केही बोलेनन् । छलफल पनि कुनै गरेनन् । निर्णय लेखे । सही गरे । उठे । अर्को दिन थियो । एजेन्डा सुरू भयो । विनसित्तिको गलफत्ती चल्यो । सहभागीहरू बीच रातोपिरो अनुहार भयो ।

–'खै मलाई त यो निर्णय भएकै थाहा छैन । मनोमानी निर्णय गर्ने अधिकार कसले दियो ?'

सभापति रातो भए । अन्त्यमा सभापतिलाई बैठक नसकी नहुने सिर्जना भयो । उनले सबैलाई सम्बोधन गरेर त्यो बैठकमा आफ्नो निर्णय सुनाए ।

–'नक्कली आत्माबारे तपाईंहरूलाई थाहा छ ?'

सबैले मुन्टो निहुराएर सुनिरहे । सभापति नक्कली आत्माबारे बक्न थाले ।

–'हेर्नुस् ! मान्छे दुईप्रकारका हुन्छन् । एकप्रकारका नामका र अर्को प्रकारका कामका । उनीहरू तर्क खूब झिक्छन् । आफूलाई बुज्रुक ठान्छन् । आफ्नो सानोतिनो कमाएको प्रतिष्ठा गुम्ला भनेर अनेक अड्को थापेर फोकडका अकडा कुरा गर्छन्, ठालु पल्टन्छन् तर कामका मान्छेहरू बोल्न जान्दैनन् । चुपचाप काममा लाग्छन् ।'

यतिसम्म सभापतिको मन्तव्य आधाआधीमा के पुगेको थियो । स्वनामधन्य नामका मानव जुरूक्क उठ्दै भने ।

–'के हामी सबैलाई मूर्ख ठान्ने ?'

सबै हतासमा जन्याकजुरूक उठे । निर्णयमा सही गर्ने कोही थिएन । सभापतिले निर्णयपुस्तिका बोके । फत्फताउँदै बाहिर निस्के ।

–'नक्कली आत्माहरू !'

निर्णय सुन्न बसेका आगन्तुकहरू खस्याकखुसुक गरिरहेका थिए ।

–'आज पनि मनको भूतको सैतानी जादु चलेछ । अब फेरि अर्को सडकको ठूलाठूला नाम छनौटमा ध्यान दिनुपर्छ !'

अन्तिममा सभापतिसँग झोला थियो । निर्णय लेख्न बाँकी निर्णयपुस्तिका र झ्याउरे अनुहार मात्र थियो । जेहोस् आत्मा लगावले सबै कुरा सम्पन्न पनि थियो । झ्याउरे अनुहार मात्र थियो । जेहोस् आत्मलगावले सबै कुरा सम्पन्न पनि थियो ।

१७८

# स्थानीय खोट

–'प्वाक्क मुखाँ हान्दिन्छु अनि !'

छुद्र वचन सहँदासहँदै हैरान भएको गोपीले मुर्मुरिएर मनमनै ठान्यो । उसको समाजमा कुनै इज्जत नै नभएको जस्तो गरी आलुपाँडे पारामा रिसले जलेको बलेतर्फ फर्क्यो ।

–'तँ त खूबै ठूलो रैछस् ।'

बलेले बोलेको यो चर्को रहस्यबारे गोपीले फेरि कुरो बुझेन । गोपीले यो पागल यस्तै हो भनेर चुपचाप लागे पनि बले फेरि फत्फताएर उधुम गर्न लाग्यो ।

–'हि हि, मलाई त घर जान हतार भो । तैँ गर है यो सब काम ! औषधी खानु छ !'

गोपीलाई त्यो रिसाहाको खोटी मन देखेर निकै दुख्न थाल्यो । उसले आफूसँग आएको दुखाइको आवेगलाई संयम राख्यो । उसले नरम भाषामा खोटीको अगाडि भन्यो ।

–'सन्चै छैन र दाइ तपाईंलाई ?'

बलेले फेरि मनमा के सम्झ्यो कुन्नि ? गोपीको शालीन भाषा पनि व्यङ्ग्यझैँ बुझ्न थाल्यो । उसका अद्भूत विराट रूप सन्सनी बनेर आयो । त्यसपछि बले झर्किन थाल्यो ।

–'बेकुफ ! के मलाई रोगी ठानेको ? म पनि त्यति कमजोर छैन बुझिस् !'

गललल्ल हाँसिरहेका रमितेहरू त्यसै ओल्सिएर पर सरे । तर गोपीलाई

लाग्यो ।

-'बले दाइ अचेल पागल भएछ ।'

उसको खान्दानी रोग देखेर गोपीले फेरी बलेको बाबुलाई सम्झन पुग्यो । बलेका बाबु उसबेलामा निकै चल्ता पुर्जा थिए । समाजका अगुवा भन्थे । सोचमा समानताको दम्भ कहन्थे । व्यवहारमा निकै चर्को सामन्तको रूझान राख्थे । छिमेकमा उनको सामन्त शैली चिन्नेहरू निकै थिए । समानताको सोच भोग्नेहरू खासै थिएनन् । बलेका बाबुको खुनी समानताको सोचलाई भट्याइदिने दुनियाँ गोपीको पीडामा सायद थिएनन् । बलेको स्थानीय पुर्खौली ठालु खोटसँग परिचित थिए । एकदिन बलेले मनको खोट पोख्न वरिपरि बसिरहेकाहरू बीच निकै चिल्लायो ।

-'त्यो त्यो ठूलो हुन खोजेको ? निकै विद्वान् ठान्छ ठूलो भाको, फटाहा ! मै हुँ ठान्ने यी सबै बेकुफहरू !'

तब बलेको अन्तर्हृदयको स्थानीय खोट जुरूक्क उठ्यो । उसको नैतिकताको चेत सबलाई थाहा भयो । पहिल्यैदेखि नै ऊ पनि आफूभन्दा ठूलो कसैलाई देख्नुपऱ्यो भने मरेतुल्य हुन्थ्यो । जब बले बिस्तारै बाटो लाग्यो तब वरिपरि सुनिदिने सोझा मानिसहरू ठासठुस गर्थे ।

-'जस्तो गुरू उस्तै चेला ! बाबुचाहिँ पनि त कम थिएनन् नि !'

हिँडिरहेको बलेले मनको भेद खोल्दै भन्यो ।

-'यहाँ धेरै विद्वान्हरू छन् ! आफू त ताई न तुईको मान्छे !'

कहिल्यै नरिसाउने अनिसँगै हिँडेको अर्को साथीले उसलाई जवाफ दियो ।

-'यो सब स्थानीय खोट हो दाइ !'

त्यसपछि एकछिन सब चुपचाप हिँडिरहे । निकै पर पुगेपछि आ-आफ्नो घर छिरे । आजको दर्शनशास्त्रको व्याख्यान सकिएथ्यो ।

❀

१७९

# झगडाको बीउ

बुहारीलाई देख्ना साथ बूढीसासूलाई निकै पारा चढ्दै झगडाको बीउ उम्र्यो ।

–'आज त नुन कम हाल्नू है प्रेसर बढेको छ मलाई !'

बुहारीले सुनिन् कि सुनिनन् थाहा भएन । फोनको घन्टी आइरहेको थियो । खाना पाक्यो । सबै खान बसे ।

–'आजको तरकारी त खूब मीठो च्वाट्ट छ !'

लोग्नेचाहिँको शब्द खस्न नपाउँदै नन्दले अड्को थापी ।

–'खै के मीठो, के मीठो म त खान्न यस्तो जाबो ?'

बुहारीको मुख रातो भयो । जुरूक्क उठेकी नन्दलाई ससुराले सम्झाउँदै भने ।

–'मीठै छ त कहिलेकाहीँ अलिअलि तलबितल त पर्छ नि !'

सम्याइसुम्याई गरेको ससुराको बोलीलाई प्रेसरले आलसतालस भएकी बूढी सासूले झम्टँदै भन्भनाइन् । तरकारीमा तातो पानी थपेर चलाइन् । खल्लरे झोललाई सुर्क्याउन थालिन् ।

–'कस्ताको छोरी फेला परेछ भने ! न केलाउन ढङ्ग छ न पकाउन ढङ्ग । आफू यस्तो प्रेसरको रोगी छु । जति भने पनि टेरपुच्छर लाग्दैन, अटेरी छौँडी !'

बूढी सासूको छौँडी शब्द सुनेर बुहारी घोसे मुन्टोले भान्सामा सहेर उभिरही । कालो अनुहार र वेदनाको प्रभावमा ऊ अल्मलिरही । केही बोलिनँ, सहनु उसको

मर्यादा एवं धर्म दुवै थियो । बेलुकाको भान्साको सुरसार भयो । खाना कसले कति खाने भन्ने प्रश्न थियो । बुहारीले सधैँको झैँ अन्दाज गरेर चामल हालिन् । अरू परिकार पनि बनाइन् । भान्सा कुरिरहिन् ।

–'आज म खाना खान्नँ !'

छोराको कुरा सुनेर बूढी सासू बिहानको खल्लो झोलको रिसको झोकमा झर्किइन् ।

–'नखाए छुट्टै बस् ! अब हामी सहन सक्दैनौँ ।'

यत्तिकैमा साखुल्ले बनेर रूँदै बहिनीचाहिँले तुरून्तै थपी ।

–'भाउजू आजकल मसँग बोल्नु त हुन्न । मैले के खाइदेको छ र ?'

भान्साको निहुँमा घर भाँडिन थाल्यो । सबै एक एकतिर फर्कन थाले । सबैमा रिस र आरिस दुवै बढ्यो । रातभरि घरमा झगडा सुरू भयो । कोही डाँको छोड्न थाले । कोही घुर्की देखाउन थाले त कोही मुन्टो छोपेर आँईउँई गरेर कराउन थाले । मध्यरात भएपछि थाकेर सबै निदाए । बूढा बाबुचाहिँ पुर्पुरोमा हात राखेर भगवान् पुकार्न थाले ।

–'मेरो घरको भान्सामा के रोपिदेऊ हँ ? झगडाको बीउ !'

भोलिपल्ट बिहान सबैको आँखामा उदास भाव थियो । रातभरिमा बूढी सासूको प्रेसर डाउन भइसकेको थियो । बुहारीको टेलिफोनको घन्टी पनि बज्न छोडिसकेको थियो । फेरि भान्सा सुरू गर्न सब लागिरहेका थिए । कसैसँग चामल थियो, तरकारी थिएन । कसैसँग तरकारी थियो, चामल थिएन । बाँच्नु त आखिर पर्‍यो नि त्यो छाक, अलिअलि यस्तैउस्तैले भान्सा चलाए । झगडाको बीउ मर्‍यो ।

१८०

# कम्प्युटर पसल

–'नेट चल्छ सर !'

टाईसुट अनि अत्तरको बास्नासँग गजक्क कुर्सीमा पल्टेको महाशयलाई झोलेले सोधे । जवाफ आएन । फेरि उनले नरम भाषामा सोधे ।

–'हजुर यता फ्री वाईफाई होला ?'

टाईसुटवाला महाशयका वरिपरि कम्प्युटरहरू निकै देखिन्थे । झोलेलाई लाग्यो ।

–'बरू यै अफिसमा बुझाउने फाइल न हो । पेन ड्राइभको कपी गरेर यतै छोडिदिन्छु !'

त्यसपछि उसले अत्तरवाला महाशयलाई अनुरोध गऱ्यो । फाइल कपी गर्न कम्प्युटरमा पेनड्राइभ घुसाऱ्यो । पेन ड्राइभ सपोर्ट गरेन । लहरै रहेका पाँच सातवटा कम्प्युटरमा प्रयास गरेपछि झोलेले भन्यो ।

–'हजुर खै कम्प्युटरले त सपोर्ट नै गरेन !'

महाशय अलि नीलोजस्तो भए । उसले अनि आफ्नो कथा भन्न सुरू गऱ्यो ।

–'हेर्नुस् न धेरै वर्षका कम्प्युटरहरू बूढा गोरूजस्ता भइसके । कहिले काम गर्छन् कहिले आफै थाक्छन् ।'

–'हि...हि...हि..., हो र ? हजुर !'

झोले फेरि अर्को उपायबारे सोधिरहेथ्यो । महाशयले अर्को कोठातिर देखाउँदै भने ।

–'कम्प्युटर ल्याबमा जानुस् । त्यहाँ कम्प्युटर भर्खर किनेको छ । अब यहाँ हैन उतातिर जानुस् !'

अत्तरवाला महाशयको अगाडि चेक र भौचर आयो । उनी सही गर्न थाले । झोले

पल्लो कोठामा पुगेर दौरा सुरूवाल र टलक्क टल्कने ढाका टोपी भए ठाउँमा पुग्यो ।

-'हजुर कम्प्युटर छ ?'

लहरै तेर्सिएका कम्प्युटरका टेबलहरू सुन्दर थिए । कुर्सीहरू पनि लचकदार थिए । नजिकै रहेको टोपी वालालाई झोलेले सोधे । उसले पहिला त झर्किफर्की गऱ्यो । पछि निकै अनुरोध गरेपछि उसले भन्यो ।

-'हजुर वायर छैन !'

-'यसो यताउतिबाट मिलाउनु न कम्प्युटरको काम जरूरी पऱ्यो ।'

दौरा सुरूवालवाला ढाँट्न र कमजोरी लुकाउन खप्पिस थिए । उसले कानको जर्बुटोदेखि चढेको मनको टेन्सनको पाराले भन्न थालिहाल्यो ।

-'बुझ्नु भो हजुर । यो सरकारी अफिसमा यस्तै नै हुन्छ । कमिसन जति कसकसले खान्छन् खान्छन् । सबै कम्सल सामान मात्रै ल्याउँछन् । हाम्रा अगाडि पसल थाप्छन् । हेर्नू न ! आफूलाई समाल्न नै कति गाह्रो परिसक्या छ । बरू हजुर ऊ त्यो गेटमै साइबर छ, त्यहाँ राम्रो सुविधा छ । उतै गइस्यो है !'

त्यसपछि झोले सरकारी अफिसको कम्प्युटर पसल भएको कोठाबाट साइबरमा पुगे । साइबरवालासँग एउटा मात्रै कम्प्युटर देखिन्थ्यो । ऊ निकै व्यस्त थियो । उसले मलाई देख्ने बित्तिकै सोधिहाल्यो ।

-'के हजुरलाई भित्रैबाट पठाएको हो ?'

-'हो !'

हैरान भएका थकित झोले जो प्राध्यापक थिए । उनी थचक्क बेन्चीमा बसे अनि उनले सोधे ।

-'तिमीले कुन विषय पढेको ?'

-'म्यानेजमेन्टमा मास्टर्स !'

त्यसपछि कम्प्युटर पसलबाट इमेल गरेर सरासर उनी खुरूक्क बाहिर निस्के ।

**L. निष्कर्ष ढाँचा :** लघुकथा लेखनको न्यूनतम मापदण्डअनुसार १६६ देखि १८० सम्मका क्रममा प्रस्तुत सबै लघुकथाहरूमा पनि शैलीवैज्ञानिक लेखनकला प्रयोग गरिएको छ । आरम्भ लेखनपछि उत्कर्ष र त्यसपछि निर्षकर्ष लेखनलाई यहाँ प्रस्तुत गरिएको छ । निर्देशन एवं सवाद स्वरू पका दुवै खालका निष्कर्ष प्रस्तुतीको झड्कागत अभिव्यक्तिलाई निष्कर्ष ढाँचामा प्रस्तुत गरिएको छ । लघुकथाको निष्कर्ष प्राय प्रत्यक्ष कथन पद्दतिमा बुनौट भएको राम्रो मानिन्छ । निष्कर्षलाई पनि लघुकथाको अन्त्यतिर सामान्य (Simple writing) वा बक्राक्रम *(Italic)* प्रणालीमा एकल निर्देशन चिन्ह साथबाट एकल वा दोहोरो दुवै उद्धरण निर्देशक चिन्हबाट व्यवस्थापन गर्न सकिन्छ । निष्कर्षको अनुच्छेद प्रत्यक्ष्य वा अप्रत्यक्ष कथनअनुसार जेजस्तो अवस्थामा गरिए पनि छोटो हरफमा निष्कर्ष बुनौट गर्नु सर्जकको लघुकथा लेखन कौशल झल्किन्छ । अनुच्छेदको मान्यताअनुसार रचनाको लाइन स्पेस १.१५ (Multiple) गरी एकअनुच्छेदको आधारमा लघुकथा लेखनको निष्कर्ष ढाँचा प्रस्तुत हुनुपर्दछ ।

## अनिवार्य आयाम

# लघुकथामा तत्व

एक समय, एक घटना र केही पात्रीय प्रयोग नै लघुकथाको आयतन हो । आयतको संरचना स्वरूप यसको आयाम पनि हो । यसै आयतनको अन्तर्शक्तिले लघुकथाको आकारप्रकारको पहिचान र घटनालाई लघुकथत्वको घनत्व प्रदान गर्छ । लघुकथामा आयाम आवरण मात्रै हो भने तत्व लघुकथाको आन्तरिक गूढशक्ति हो । आन्तरिक पोषक तत्वको रूपमा रहेका शक्तिका विविध घटकहरूले नै लघुकथाका आयामिक ढाँचालाई यसको शास्वत सत्यसँग गाँस्दछ र लघुकथा एउटा पूर्ण संरचना बन्दछ । बाह्य रूपमा रहेका आयामिक नाप नक्सा या आन्तरिक रूपमा रहेका तत्वहरू लघुकथामा साधन भएर सघन रूपमा प्रस्तुत हुन्छन् । त्यसैले लघुकथाको आयामिक नाप नक्साको रूपमा माथिउल्लेख गरिए पनि अनिवार्य साधनको रूपमा यसका मूलतत्वहरू निम्नअनुसार प्रयोग हुन्छन् ।

१. **कथावस्तु** : घटना, स्वभाव वा विषयवस्तुलाई भनिन्छ । यसमा कथाको एक लघुतासूत्रको कथ्य विषय रहन्छ । यसको आँकलन सर्जकले देखेर, अनुभव गरेर, सुनेर, हेरेर, पढेर, बुझेर वा चिन्तनमनन गरेर तयार गर्दछ । कथावस्तुलाई खास एक आकारमा सर्जकले मानिसमा रहेको शरिरको अस्थिपन्जर झैं स्थूल रूपमा घटनाचित्र प्रकट भएको देख्छ । यसलाई सर्जकले लघुकथाको आयामभित्र धारण गर्दा यसको विषयगत गुरूत्व एवं घनत्वलाई मजबुत रूपमा विभिन्न रेखीय ढाँचाद्वारा खिपेको र खैंचेको हुन्छ ।

२. **भाव/विचार** : घटनाको मूल कथ्य, भाव वा विचारलाई यसमा सारको रूप

लिएर आउँछ । समाजका विविध क्षेत्रमा घटित घटनाको लघुकथामा प्रस्तुत भएका कथावस्तुका निचोडहरू नै यसको आत्मा हुन्छ । मुख्य रूपमा कथावस्तुको अनुभूति तत्व नै लघुकथामा भाव वा विचार हो । यसको परिचालन सिर्जनाको अवस्थामा सर्जकले र सिर्जनापछि पाठकले गर्दछ । यो सर्जक एवं पाठकको सामूहिक एक मनोवैज्ञानिक प्रक्रिया हो ।

**३. पात्र** : विषयवस्तु माथिको संवाद या द्वन्द्वका कारणले पात्रको परिचालन हुन्छ । पात्र लघुकथामा आफै सहभागी भएर आउँछ । पात्रको परिचालन लघुकथामा खास एकसन्दर्भका लागि सर्जकले मानिसको मनमा रहेको लघुकथाको शरिररूपी बोधको स्वरूपमा रक्त संचलनको गति झैं प्रकट गर्छ । एक सन्दर्भीय एवं थोरै पात्रीय परिचालनले लघुकथालाई गतिशील, खँदिलो र पूर्णआकारको तर सानो आयामको बनाउन प्रयोग हुन्छ ।

**४. परिवेश** : कहिले ? कहाँ ? वा कस्तो ? ले बुझाउने समय, स्थान वा अवस्थालाई लघुकथामा परिवेश भनिन्छ । एक समय, एक स्थान र एक अवस्थाको परिवेश प्रयोगले समय, स्थान वा अवस्था लघुकथामा आफै छोट्टिन्छ । परिवेशलाई कार्यपीठिका पनि मान्नुपर्छ । स्थान विशेष, काल विशेष एवं परिस्थिति विशेष संसारको विशेषतासँग सम्बध्द हुन्छ । यसैको चित्रण लघुकथामा छोटो आयतनमा गरिएको हुन्छ ।

**५. उद्देश्य** : लघुकथा सिर्जनाको प्रयोजन प्रष्ट हुनु नै यसको उद्देश्य हो । लघुकथा सिर्जनाका लागि सर्जकले यसको प्रयोजन स्पष्ट र प्रभावकारी रूपमा अनुभूत गरेको हुनुपर्दछ । प्रचलित मान्यताका विषय, घटना र स्वभावलाई कृती/सङ्गती भए स्वीकृतिको सन्देश र विकृती/विसङ्गती भए व्यङ्ग्यमार्फत सुधारको सन्देश लघुकथाको उद्देश्य हुनुपर्दछ ।

**६. कथनपद्दति** : लघुकथालाई लघु रूपमा भन्ने वा लेख्ने वा कथ्ने आधारलाई लघुकथा कथनपद्दति भनिन्छ । कथनको गतिलाई परिचालित गर्न पात्रताको प्रयोग दृष्टिबिन्दु मार्फत गर्नुपर्दछ । आन्तरिक वा प्रथम पुरूषीय दृष्टिबिन्दुका रूपमा 'म/हामी' तथा वाह्य वा

तृतीय पुरूषीय दृष्टिबिन्दुका रूपमा 'उ/ऊनी' वा नामपदको सहभागीद्वारा प्रयोग हुनुपर्दछ । दृष्टिबिन्दु मार्फत नै सर्जकले आफ्ना मनका भाव वा विचारलाई पाठक समक्ष उत्थापन गर्दछ ।

७. **भाषा** : लघुकथाको अभिव्यक्तिको माध्यम भाषा हो । यसलाई लघुकथामा कथनको साधनको रूपमा लिइन्छ । भाषिक साधनद्वारा लघुकथामा भन्न खोजिएको कुरा ध्वन्यात्मक, प्रभावोत्पादक, चमत्कारपूर्ण, बक्रोक्तिमूलक र सघनतापूर्ण आधारमा लघुकथा कथ्ने कार्य गर्न सकिन्छ । यस्ता भाषिक अभिव्यक्तिको तीब्रताले लघुकथालाई सरल, सुबोध्य, सङ्क्षिप्त, स्पष्ट, सटीक र बिम्बात्मकताका साथै लघुकथालाई प्रभावपूर्ण बनाउँछ ।

८. **शैली** : लघुकथा भन्ने वा लेख्ने वा कथ्ने तरिकालाई लघुकथामा शैली भनिन्छ । यसको भाषा र शैलीका बीचमा नजिकको सम्बन्ध हुन्छ । यसलाई भाषाशैलीय विन्यास पनि भनिन्छ । लघुकथालाई प्रभावकारी बनाउन कुनै पनि प्रस्तुत घटनालाई बिम्बात्मक, प्रतीकात्मक, आलङ्कारिक, मानवीकरण वा सजीवीकरण जस्ता शैलीको प्रयोग गर्न सकिन्छ । यसका अलावा अन्य विशिष्ठ शैलीको पनि सर्जकले प्रस्तुत गर्नसक्छ । यिनै शैलीगत बैशिष्ठ्यका आधारमा लघुकथालाई 'कसरी ?' प्रस्तुत गर्ने भन्ने उत्तर प्राप्त हुन्छ ।

## ◆ तत्त्वबोध ढाँचाको लघुकथा-क्रम


१८१. रजौटाको वैभव/३८१
१८२. गुलाबी सिस्नो/३८३
१८३. स्वार्थको घैला/३८५
१८४. दोकला नागरिक/३८७
१८५. स्वार्थ चक्र/३८९
१८६ बँधुवा पानी/३९१
१८७. सलामी/३९३
१८८. वाहियात बदलाव/३९५
१८९. पाशविकता/३९७
१९०. बात त यो हो न !/३९९
१९१. भैरेको न्याल/४०१
१९२. सोच्न भ्याइनँ/४०३
१९३. जलिन्/४०५
१९४. पाखण्डीकरण/४०७
१९५. सनसनी खबर/४०९
१९६. अन्धविश्वास/४११
१९७. इलाज/४१३
१९८. दस दान/४१५
१९९. नमस्कार/४१७
२००. अलप/४१९
२०१. फरिया/४२१
२०२. भूमिपति/४२३
२०३. टोकन/४२५
२०४. अन्तिम भाषा/४२७
२०५. करको दर/४२९
२०६. राजनीतिक चिना/४३१
२०७. काँतर किलर/४३३
२०८. अदलबदल/४३५
२०९. लाञ्छना/४३७
२१०. जग्गा दान/४३९
२११. भ्याक्सिन/४४१
२१२. अध्यादेश/४४३
२१३.भोकको खेती/४४५
२१४. राहतको भात/४४७
२१५. श्रम बिक्री/४४९
२१६. चल सत्र/४५१
२१७. ग्रीन कार्ड/४५३
२१८. किल्लाको भूकम्प/४५५
२१९. निर्धन अवतार/४५७
२२०. सुख्खा टाट/४५९
२२१. मूल्यान्तर वार्ता/४६१
२२२. भेटुँ न यतै/४६३
२२३. श्वेत आतङ्क/४६५
२२४. लार्भा/४६७
२२५. आफन्त ज्वाला/४६९

१८१

# रजौटाको वैभव

मैले एक अध्याय पाठ सकेको थिएँ। मेरो पाठमा थुप्रैथुप्रै ऐतिहासिक महापुरूषहरूको पहिचान लेखिएको थियो । तिनका साहस र उदेकलाग्दो रसिलो जीवनका कथाहरू पढेर निकै लोभिन्थेँ। पढ्दापढ्दै मेरो नजिक आएको भारदारिया पामर साथी ममाथि खनिएर कराउँथ्यो– 'कसैले नपढेको इतिहास पढ्छस्, गोरू!' । मेरो विद्वताप्रति उसलाई आरिसभैँ लाग्यो । मलाई भोक चल्यो । जवाफ फर्काएँ– 'तँलाई महान् व्यक्तिहरूको आदर्श र साहसबारे के थाहा ?' उसले कचकचिया जवाफ दियो – 'हो, थाहा छ सबैका कथाहरू !' ।

म, साथीको अगाडि निकै ठूलो पढैया हुँला भन्ठान्थेँ । उसको यस्तै छुद्रताले मेरो दिमागमा अतिनै ठूलो तिक्तताको दरार आयो । तब उसलाई प्रश्न गरेँ– 'इतिहास पढ्दैमा गोरू भइन्छ र ? मूर्ख !' उसको मनको तनाव बढ्यो। जवाफ फर्कायो– 'पछि थाहा पाउँदै जालास्, मूर्खताको परिचय !' ।

त्यसपछि मैले त्यस्ता ऐतिहासिक महापुरूषहरूको सन्दर्भमा पढ्न चटक्क छोडिदिएँ। मेरो मनमा जखमका साथ एउटा ऐतिहासिक प्रश्न निकै उठिरहेको थियो– 'रजौटा उन्मूलन प्रकरण !' । नयाँ सन्दर्भमा मेरो जीवन नयाँ ढङ्गले बितिरहेको थियो। एक समय मसँग भावना थियो। विगतमा पढेका इतिहासका पन्ना च्यातेर डोकोमा थन्क्याएँ। गरिबलाई बटुलेँ। अपाङ्गलाई पनि आश्वासन बाँडेँ । वृद्धलाई भत्ताको लोभ देखाएँ । जवानहरूलाई श्रम विना सडकमा दौडाएँ। श्रमिक वर्गलाई अधिकार पढाएँ। निर्धनहरूको गाँस, बास, कपासको बारेमा नारा खूब लगाएँ। कसैले खान नपाएर भोकै मर्न नपर्ने भयो। तमाम

तयारीपछि एकदिन आफ्नै इतिहासबारे सोचेँ– 'जहाँ सत्ता त्यहाँ शक्ति, जहाँ शक्ति त्यहाँ इतिहास !' ।

पुरानो इतिहासमा त्यसै हराउँदै गएका तर मानसपटलका भारदारका इतिहासहरू मेरो मनमा खूब घुमिरहेको नै थियो । एकदिन भारदारहरूको विरासत खोज्न देश दौडाहामा थिएँ । चोक र गल्लीहरूमा बजिरहेको राष्ट्रिय धुन थियो । एउटा निर्विवेकी प्रादेशिक प्रतिमूर्ति, स्टेजको बीचमा निष्प्राण सालिकझैँ धुनले रङ्गिरहेको थियो । न उसमा लज्जा थियो न हीनताबोध नै । उसको चेहरामा रातो र अमिलो सगर्व खुनको उत्कर्ष उम्लिरहेको देखिन्थ्यो । हेर्दाहेर्दै मेरो आँखामा विगतका इतिहासका पात्रहरू विलीन भए । उनीहरू मनबाट बिस्तारै हराउँदै जानथाले । मेरो मनमा अर्को इतिहासको पन्ना च्यातियो । यसपछि मैले आफ्नो शक्तिलाई अस्तित्वमा बदल्न घोषणा गरेँ– 'महापुरूषको सान !' ।

बाटोमा धेरै समयपछि सोही राष्ट्रिय धुन बजेको थियो । छेउमा मेरो पुरानो भारदार साथीलाई भेटेँ । उसले मलाई निकै गम्भीर प्रश्न गऱ्यो– 'थाहा पाइस् त रजौटाको इतिहास ?' । मेरो विद्वताको अनुहार रातो भयो । मैले राष्ट्रिय धुनको अगाडि उभिएको प्रतिमूर्तिलाई साथीको भाव लयमा उपनाम दिएँ– 'यस जमानाका भुरेटाकुरे राजा !' ।

१८२

# गुलाबी सिस्नो

—'आज जात्रामा जान नदिए, घरै बस्दिँन !'

—'उसो भए तेरो काले तैँ नलैजा ! छँडुली लाग्छ !'

मायाले उन्मत्त तेज, मैमत्त मनको कुरा, स्वतन्त्र अनुभव र असीम तृष्णाका बीचमा सासू आमालाई घुर्की देखाई । घुर्कीको आवेगमा मायाको पिठ्यूँमा काले थियो । यसपालि गाउँदेखि आएर बौद्धको तिमाल जात्रा हेर्न चाहन्थी । आउन त उसका गाउँका साथीहरू पनि आएका थिए । कुण्ठित मनको बहमा जात्रा हेर्दाहेर्दैको भीडबाट साथीहरू कताकता अल्मलिए, थाहै भएन । आँखा तान्दै साथीहरू खोज्न निकै परसम्म पुगी, भेटिन । अग्लो ठाउँमा यसो उक्लेर उभिई । उभिइरहेको छेउमा आँखा ठूल्ठूला भएकी एकमोटी आइमाई ऊसँगै उभिन आइपुगी । उसले त्यो आइमाईलाई देख्ने बित्तिकै परतिर सरेर मनमनै डरले भन्ठानी ।

—'कस्ती सौताजस्ती ! उता जा !'

उसको मनको अभेद्य भय, चिन्ता र शङ्का भड्किन थाल्यो । जात्राको रमझममा रमाएकी मोटी आइमाईले मायालाई पुनः धक्का लगाई । काले निकै रोएको थियो । मायाको मनमा पनि च्वास्स पऱ्यो ।

–-'खरौटीले भेदी दिई कि क्या हो ? यो नजिक आएपछि कति रोएको काले पनि ?'

एकछिनपछि त्यो मोटी आईमाई खोइ ? कतातिर हो, लागी । काले झन् ठसठस गरेर कन्दै रून थाल्यो । नजिकै रहेकी एक कालो चस्मा लगाएकी केटीले

बच्चाको रूवाइले झर्को लागेर मायालाई भनिदिई ।

—'दिदी ! तपाईंलाई मोटीले छोएकी थिई, है ।'

—'के ले छोएकी थिई, त्यो खरौटीले ?'

—'त्यसैको पछ्यौराको सप्कोले !'

माया छट्पटिन थाली । उसको रमाइलो जात्राको मोहित मन भाँडिएर एक्कासि मानसिक तनावमा मोडियो । उसले ओरालो छेउमा बसेको गाउँको अर्को बूढी मान्छेलाई भेटेर गुनासो गर्दै भनी ।

—'हेर्नू न बजु ! कालेलाई बोक्सीजस्ती खरौटीको पछ्यौराले सप्को लागेछ !'

अघिपछि पनि चिनेको मोटीलाई, बूढी मान्छेले शङ्काको गर्विलो पारामा भनिदिई ।

—'ओहो ! त्यो खरौटी त जण्ड छ, है ! याद गर्नू ! यही जात्रामा कालेको बाबु खूब हिँडेथ्यो ।'

उसले सौताको शङ्कामा झन् भुतुक्कै भई । मनमनै भगवान्सँग पुकारा गरी ।

—'यो धोविनीले कालेको बाबुलाई पनि नराम्री बिगारी छ !'

त्यसपछि बूढीले पछ्यौराको सप्को लागेमा अशुभ हुने कुरा बताई । आफ्नो पछ्यौराको एकलुर्कै धागो तानी । धागोलाई मुखको छेउमा राखेर थु थु गरेर फालिदिई । काले अटेसमटेस गरेर रून छोडेन । कालो मन र आफ्नै मनको वेदनासँग घर फर्केकी मायालाई बाटोमा कसैले सुनाइदियो ।

—'दोहामा कालेको बाबु धोवी चुटाइमा रन्थनिएर मऱ्यो रे !'

उसले आफ्नो दसा, चाहना र जीवनको फेरबदल भएको रङ्को बीच शङ्का, प्रताडना र वेदनाका लयमा करूणासँग क्षमा मागेर मुर्छनामा बर्बराई ।

—'हे भगवान् ! जात्राको सिस्नोले कालेलाई त पोल्यो, पोल्यो ! बाबुलाई पनि पोलेर खुत्रुक्कै पाऱ्यो ।'

गाउँको कचहरीमा मायाको दुर्दशा, लोग्नेको जीवनलीला र कालेको औसानी भेदबारे बहस चलिरहेको थियो । सबैले एक मतमा अभिमत दिए ।

—'जात्राको गुलाफ !'

१८३

# स्वार्थको घैला

बजेटको काम चलिरहेको थियो । नेताज्यू विकास निर्माणबारे छलफल गरेर जवाफ दिन तयार थिए । एक समय आफूसँगै बसेको नेतालाई कार्यकर्ताले सो दिन निकै हौसलापूर्वक भेटेर, –नेताज्यू ! दास र मिदासमा के फरक छ ?, भनेर सोध्न भ्याइहाल्यो । अलमल्ल परेको नेताले कुनै जवाफ दिन सकेनन् । उनी एकछिन घोरिए । मालिकत्व पोजमा सोचेझैँ कार्यकर्तालाई, –अँ भन्नु त ! तपाईंले कुनै सहयोग गर्ने मान्छे चिनेको छ ?, भन्दै जवाफ फर्काए ।

कार्यकर्ताले हात मोलेर, –हजुर ! चिन्न त चिनेको छ तर अलि लोभी छ !, भन्यो । तर नेताज्यूले लोभीको परिभाषा लगाए । उनको, –जाबो सहयोग गर्न पनि लोभ गर्ने त्यो त मिदास हो !, भन्ने कथन थियो । कार्यकर्तालाई मनमा सनक चढ्यो । मनमनै क्रुद्धहुँदै अमिलो बन्न थाल्यो । फोकडबाजी, सस्ता टालटुले र हावा हुरीका कुरा सुन्दासुन्दै बजेटको काममा अन्तर्यदेखि नै रिस उठेर, –च्याख्ले ! कार्यकर्तालाई त्यसै दास बनाउन खोज्ने ?, पनि भन्यो । नेताज्यूको नजिकै अरू नै सुनैना र सौन्दर्य स्वरूपा कार्यकर्ता आए । बिरालोको चालले बसे । उनी अब्बल मोडल थिइन् । नेताज्यू यसो दायाँ फर्के । सुनैनातिर कल्की कपाल झुकाएर मुलायम शब्दमा, –अहो ! यत्रो दिन कता बेपत्ता नि भेट्नै गाह्रो !, भनेर सोधे । उनी लज्जाले भुतुक्क भइन् । उनको प्रेमिल मोहको आँखा जुरूक्क माथितिर अक्कासिए । उनीहरू बीच फेरि एकपल्ट सहमति बनेजस्तो भयो । नेताज्यू अन्य भागीदार बीचमा लाल लज्जाले सर्माए झैँ भए । सुनैनाले आशावादी नजरका भाकासँगै सौन्दर्यको चहकले, –हजुर त मिदासजस्तै होइसिन्छ । जहाँ छोए पनि सुनै सुन !, भनेर बाजी थापिन् । नेताज्यूको

नायकत्व चेतना जुरूक्क सल्बलायो । उनले खूबै नम्र भाषामा सुनैनालाई चित्त बुझाउँदै भने, –सहयोगको थैली आफै राखिराख्नू, पछिलाई काम लाग्छ !

केही समयपछि पहिलो कार्यकर्ताले सुनैनालाई बाटोमा भेटेर गन्थन गऱ्यो । औडाहा चल्दै गयो । अन्त्यमा उसले आफूसँग भएको इमानलाई त्याग्न नसकेपछि –हामी त नेताहरूका लागि दास पो भइएछ ! विकास बजेट छलफल गर्न गएको जाबो सहयोगी नचिन्ने पनि के कार्यकर्ता भनेर थर्काए बा !, भनेर सुनैनालाई भन्यो । सुनैनालाई पेट पोलेर आयो । उनले सहन सकिनन् । ढाकछोप गरेर बचाउको दाउ थाप्दै , –उम् ! उहाँ मिदास हो ! भनेर पनि भनिन् । खटिरहेको इमानदार एवं वफादार कार्यकर्ताको मन दुख्यो । उल्टो फर्केर आफूले आफैलाई एक मुड्की छातीमा ड्याम्म हानेर, –यसले पनि स्वार्थको घैला भरिछ !, भन्ने सम्झ्यो ।

मिदासबाट सुनैसुन बनेकी निर्जीवजस्तै सुनैना कसैलाई पनि हेर्दै नहेरी खुरूखुरू अगाडि बढी । पजेरो हुइँकिएर गइरहेको थियो । उसले पजेरोबाट पुलुक्क बाहिरतिर हेरी । ड्याम्म ढोका लगाई । पजेरोले हर्नको एक साइरन दियो –गणतन्त्र जिन्दावाद !

❀

१८४

# दोकला नागरिक

भगनी यादव हस्याङफस्याङ गर्दै बसिरहेको कोठामा पस्यो । मैले उसलाई पहिलो पटक तौलिहवामा भेटेको हुँ । कुनैबेला सरकारी जागिरे भएकोले उसको निकै ठूलो भरोसा ममाथि रहेछ । उसले मलाई हात जोडेर भन्यो–

*'साप ! हजुरले हाकिम सापलाई भनेर म्याद थमाइदिस्यो !'*

मैले कहिल्यै नचिनेको मान्छे एक्कासि कोठामा पसेर यसरी हात जोडेर बिन्ती गरेको जीवनकै अनौठो घटना थियो । मैले उसका सबै बेलिविस्तार सुनेपछि मलाई पनि दया लागेर सोधेँ–

*'तिम्रो पद के हो ?'*

*'सर्भिएड याने परिचर सेवा !'*

*'कति पढेको छ तिम्ले ?'*

*'मुजफ्फरपुर कलेजबाट सोसियोलोजीमा एम ए पास !'*

म अचम्ममा परेँ । उसलाई थप जिज्ञासाहरू राख्न लागेँ । उसले पनि किन हो पहिलो चोटि देखेको भए पनि मलाई निकै विश्वास गर्‍यो । आफ्नो यथार्थ कुराहरू बताउन लाग्यो । मैले झन् उसका जिज्ञासामा थप प्रश्नहरू गरेँ–

*'एम ए पास गरेको, स्थानीय अनि तिमीजस्तो इज्जतदारले किन सर्भिएडको जागिर खानुपर्‍यो त ?'*

उसले मसँग निकै गुनासो गर्‍यो । सर्भिएडको जागिर खानका लागि उसले हाकिमलाई निकै मोलाहिजा गरेर कोसेली तथा मागेको दस्तुर पनि बुझाएको

कुरा सुनायो । म उसको कुरा ध्यानपूर्वक सुनिरहेको थिएँ । उसले फेरि थप्यो–

*'साप ! जागिरको म्याद जसरी पनि थपिदिस्यो । नत्र हजुर ! मगनी यादवको भाउ समाजमा घट्छ ।'*

उसका अन्तर्वेदनाले मलाई भावुकजस्तै बनायो । मैले उसले सोचेको भाउको अन्तर्य बुझ्न सकिन । एकोहोरो अगाडि बसेर अनुनयविनय गरिरह्यो । उसलाई अझै कुरा कोट्याउँदै सोधेँ–

*'कस्तो भाउ ? के को भाउ ? राम्रोसँग बुझाउ त !'*

*'हजुर छ नि ! सरकारी सिन्दुरको भाउ !'*

मेरो दिमाग त्यसै तिल्मिलायो । सामाजिक न्यायको अभियानसँग जोडिएको थिएँ । एक कर्मचारीको हैसियतले सरकारी सिन्दुरको उसको रहस्यबारे सुनेँ । मलाई ज्वरो आउन थाल्यो, सम्झेँ–

*'देश दुनियाँमा यतिखेर निकै फेरबदल भएर आएपनि विवाह बन्धनको किमती लेनदेनमा पुरानै सिन्दुरको अधमी रगतसँग युवतीको योनिको रातो रङ अझैसम्म मेटिएको रहेनछ ।'*

आधारातमा सुतेका हामीहरू बिहान नछुट्टिउन्जेलसम्म पनि उसले मलाई पछ्याइरह्यो । रोटीबेटी नाता सम्बन्धको बहस सकिएपछि छुट्टिने बेलामा उसको हाकिमले भेटेर मलाई मुख फोरेरै भन्यो–

*'म्याद थपिदिउँ भनेको संवैधानिक नागरिकता मिल्दैन !'*

त्यसपछि मैले उसको योग्यता, स्थानीयता र हैसियत सबै कुरा मनमनै अनुमान गरेर उसलाई सम्झना गरेँ–

*'दोकला नागरिक !'*

१८५

# स्वार्थ चक्र

कुनै म्याराथुन प्रतियोगिता पनि थिएन । न त कुनै समाजको उन्नतीका लागि आधिकारिक लगानी । फागुनीले आफ्नो दु:ख बिसाउँदै बकम्फुस भाषामा जर्साबलाई भनी, –हजुर ! मेरो लोग्नेले सिन्दुर पुछिदियो ! मलाई न्याय पाउँ ! जर्साबले फागुनीको जीवनको अतीतको लामो तर सामान्य कुरा सुने । त्यसपछि उनले यति मात्रै फागुनीलाई भनिदिए, –भोलि आउनू !

जर्साबको नजरमा एकाएक प्रफुल्लित फागुनीको रूप सौन्दर्यको आभा टल्किएको थियो । सुदर्शन चक्रको चक्रझैँ बेजोड गतिमा मन घुम्न थालेको पनि थियो । लालायित मनोद्वेगसँग एकैपल्ट फागुनीतर्फ हेरेर मनमनै अतृप्त आशाले भन्ठाने, –जम्दारकी विधवै भएर पनि कस्ती राजकुमारी जस्ती !

फागुनी काम नबन्ने भएपछि त्यो दिन रित्तै घर हिँडी । बाटोमा उसले दाशीरामलाई भेटी । दाशीरामले फागुनीसँग केही कुरा गर्न खोजेजस्तो गऱ्यो । फागुनीको आडभरोसा कोहीसँग थिएन । मरेको उसको जम्दार लोग्नेको कपाल काटिदिने दाशीराम, सैनिक थियो । सरकारी कामको झन्झट समाधान गर्ने भरोसायोग्य देखेर दाशीरामलाई भनी, –दाशीराम दाइ ! म त सरकारी काम केही जान्दिन । अड्डामा गएको जर्साबले फर्काइदिनु भयो ।

दाशीराम चुप लाग्यो । आफ्नो सम्बन्ध जर्साबसँग भएको महसुस गरेर फागुनीलाई सोध्यो, –जम्दार साँच्चै मरेकै हो ? सहयोग हुन्छ भने काम गरूँला !, दाशीरामले

भोलिपल्ट जर्साबसँग भेटेर बेलिविस्तार विन्ती गर्‍यो । मृतकको सिटरोलमा नामनामेसी हेरे । रेकर्ड नभिडेपछि क्लर्कले ल्याएको फाइलमा कैफियत लेखे, –मृतकले फागुनी नाम गरेको महिलालाई हकवाला तोकेको छैन !, अगाडि उभिएको दाशीराम नीलो भयो । उसले कुरा चपाउँदै जर्साबलाई फेरि विन्ती गर्‍यो, –हजुर ! म जसरी पनि मिलाइहाल्छु नि !

जर्साबले टिप्पणीको पाना फाइलबाट निकाले । उनी सरासर बाहिर निस्के । उनले फागुनीको हैसियत, वैभवता, योग्यता र कुलघरानियाँको बारेमा कुनियतका खासखुस हल्ला सुने । सहरमा जम्दार पुरूष वेश्या भएको बारेमा ठूलो अर्को अफवाह कानले सुने, –फागुनीसँग लागेको वेश्या जम्दार मर्‍यो रे !, जर्साब अर्कोदिन दाशीरामसँग कपाल काट्न पुगे । उनले दाशीरामलाई जिस्क्याएर सोधे, –तँ पनि बिचौलिया होस् र ?, उसले लजाउँदै भन्यो, –हजुर ! सहरमा बाँच्नसक्ने काम गरेर पैसा कमाउनै पर्‍यो ! जमाना जता नगद उतै जगत छ, नगद भए मन्त्री पनि किन्न पाइन्छ रे, हजुर !

त्यसपछि जर्साबले मुखको पानको रस घुटुक्क निले । खल्तीबाट पैसाको ठूलै चाङ्ग झिके । स्वार्थ चक्रका लागि इनाम दिएर भने, –गैँडा, चितुवा र हात्तीसँग विचरो जम्दार मरेछ ! दाशीराम पनि विस्तारै हाँस्यो, –हजुर पनि ! बैना त यति भए पुगिहाल्छ नि !

१८६

# बँधुवा पानी

छोराको आश गर्दागर्दै आधा दर्जन छोरी जन्माएका सुवेदारबाजे खिन्न थिए । ज्वाइँहरूका जमामर्दी कामका कारण समाजमा उनलाई सन्तोष नै थियो । तर पनि लहरै ज्वाइँहरू दशैमा टीका लगाउन आउँदा सबै उस्तै लाग्दैन थियो । उनको मनको भाव तलवितल परिदिन्थ्यो ।

–'साँची, जेठी दिदीको के हाल छ, मामा ?'

यसपालि धेरै वर्षपछि टीका लगाउन आएका भानिज भाइले उनलाई जिज्ञासा राखेर सोधे । उनले ठुली पाउँदाको उत्साहबारे निकै गन्थन गरे र जवाफ फर्काए ।

—'ज्वाइँ कतारमा छन् ! ठुलीचाहिँ घर व्यवहार चलाएर बसेकी छ ! अरू छोरी ज्वाइँहरू पनि सन्चै छन् !'

दसैँको चटारोमा भानिज भाइले हतारमा बिदा लिए । एकछिनमै आँखाको डिलमा ठोक्किने गरी सुसाउँदै ठूलो भेना आइपुगे । उनले टीका लगाउनुभन्दा अगाडि कुरैकुरामा सोधे ।

–'माइली छोरीको हालचाल के छ ? त्यो त हाम्रै सबु सँगको होइन र ?'

सुवेदारको बोली अलि खुल्यो । उनले भेनाको कुरामा सही थाप्दै भने ।

—'हो, ज्वाइँ कोरियामा काम गर्नुहुन्छ । माइलीको भिसा अझै लागेको छैन ! फेरि ट्राइ गरिरहेकी छ ।'

भेनाको मुख रातो जस्तो भयो । उनले सुवेदार सालोलाई यति मात्र भन्न भ्याए ।

—'ज्वाइँ असल परेछन् !'

सान्दिदीको जम्माजाल बोकेर रमानाथ पुगे । सन्चो विसन्चो सोधे । टीकामा आशीर्वाद दिँदैगर्दा रमानाथले थपे ।

—'केर केरे भेना, सरोज भान्जा जापान गएको होइन ?'

—'हो ! जापानको होक्साइदोमा छ !'

—'हाम्रो साइँलो ज्वाइँ पनि जापानकै टोकियोमा होइसिन्छ ।'

—'साइँली छोरी कता छ नि ?'

—'दसैँमा यसपालि चाँडै आउँछु भन्थी । ज्वाइँले उतैतिर उसलाई जब मिलाइसेछ । त्यही भएर एकहप्ता अगाडि उडी ।'

टिकाको दिन पाहुनाहरू घट्दै गएका थिए । सुवेदार बाजेको हातको टीका लगाउन भनेर मलेसिया पुगेर फर्केको काकाको छोरो आइपुग्यो । उसले बहिनीहरूको सबै खबरखाबर बुझेपछि आफ्नो ठूलो दाजु सुवेदारलाई सोध्यो ।

—'काइँली ठाइँली कहाँ कहाँ के के गर्दैछन् ?'

भाइको कुरो खस्न नपाउँदै सुवेदारले मुख चपाउँदै भने ।

—'काइँलो ज्वाइँ अस्ट्रेलिया अनि ठाइँलोचाहिँ जर्मनीमा परिवारसहित उतै सेटल होइसिन्छ !'

भाइ चुपचाप लाग्यो । उसले सुवेदारको हातको टीका थाप्यो । लस्याकलुसुक गरेर घर फर्क्यो । अन्त्यमा आफ्नै साखे भाइको छोरो यसपालि मात्रै युकेबाट तीन वर्षपछि फर्केको थियो । ठूलो बाबुको हातको टीका थाप्दै भन्यो ।

—'कान्छीको हालचाल के छ ठूलो बा ?'

सुवेदार परिवारको सबैभन्दा फुर्केकी पुतलीजस्ती कान्छीको बारेमा सुवेदारले ढाकछोप गरेर भनिहाले ।

—'ज्वाइँ युनिभर्सिटीमा पिएडी गरिसिन्छ । कान्छी पनि कलेज गर्छिन् !'

दिनभर घरको काम गर्न तलमाथि गरेका बँधुवा फुच्चीहरूले सुत्ने बेलामा आपसमा कुरा गरेको परसम्म सुनियो ।

—'पापी अपुत्रो ! यो बूढाको फुटानी मात्रै !'

अर्की बँधुवा फुच्चीले निकै भावुक भएर साथीलाई सम्झाउँदै दुखेसो पोखी ।

—'के गर्नु ?, हामीले पानी नदिए बूढो आजै ओछ्यानमा मर्छ ।'

१८७.

# सलामी

भोकले भौँतारिएर सडकपेटीमा जीवन गुजारा गरिरहेको थिएँ । अर्को माग्नेले मछेउ आएर खूब हपाऱ्यो–

'*खाते बूढा !* यहाँ त तँ बस्ने होइन । यो त मेरो आरामको ठाउँ हो, बुझिस् !'

म लुरूक्क परेर हातमा भएको बटुको, पुराना झ्याम्टा र एउटा लौरो लिएर अर्कै ठाउँतिर लागेँ । उसले पनि मैले जस्तै उक्त बसेको ठाउँमा एक सानो रूमाल बिछ्याएको थियो । लौरो तेर्स्याएको थियो । आँखामा नक्कली कालो चस्मा लगाएको थियो । भनिरहेको थियो–

'*मालिक* अलिकति पैसा !'

बाटोमा ओहोरदोहोर गर्नेहरू इच्छाले फलफुल, अछेता अनि केही पैसा फालिदिन्थे । म पर पुगेको भए पनि उसको दृश्य हेरिरहेको थिएँ । त्यहाँबाट उठेपछि मलाई किन हो ? रूमाल ओछ्याएर भीक मागिरहन इच्छा जागेन । मेरो मन किन किन अमिलो भएर आयो । माग्ने काम छोडेपछि मेरो मन फर्किएर माग्दामाग्दै बचेको पैसाले पहिला चुरोट सुपारी बेच्न थालेँ । पछि, बिस्तारै फुटपाथमा साहुहरूको सहयोगको सामानहरू उधारोमा लिएर व्यापार गर्न पनि थालेँ । मेरो दिन बितेको पत्तै भएन, मलाई । अचेल खान दुःख छैन । परिवार पनि छोडेको छु । वर बन्दोवस्त राम्रै छ । सन्तोष लागेको बेलामा मनमनै विगतका दिनहरू फुर्न थाल्यो–

'*बेकारमा* मैले किन दुनियाँलाई माग्नको लागि नमस्कार गरेहुँला ! किन अनुनय विनय गरेर जाबो माग्ने बन्न पनि हात जोडेहुँला !'

विगतका यस्ता सम्झनाले कहिलेकाहीँ जीवनबारे रमाइलो अनुभूति पनि हुन्थ्यो । आनन्द आउँथ्यो । धेरै समयपछि मैले भीक मागेको बाटोको पेटी भएर काममा जानुपर्ने भयो । उक्त बाटो हिँड्दैगर्दा सो स्थानमा मलाई लखेट्ने माग्ने अझै उभेको रहेछ । उसका अगाडि केही मान्छेहरू थिए । तीमध्ये कसैको हातमा माला, कसैकोमा पुष्प गुच्छा त कसैको हातमा रूद्राक्ष थिए । उनीहरू, मलाई लखेट्ने माग्नेलाई उत्साह, हौसला र आदर गरेर भनिरहेका थिए–

*'ल हजुरलाई बधाई छ !'*

उसलाई सबैले बधाई दिएको देखेर एकछिन म त ट्वाल्ल परेँ । नजिकै राष्ट्रिय धुन बजिरहेको थियो । तालकले हातको छडी हल्लाउँदै थिए । मलाई त्यो दृश्य देख्दा अचम्म लागेर आयो । पछि अर्कोछेउको मान्छेलाई सोध्न पुगेँ–

*'हैन हजुर, यो के को जात्रा हो !'*

उसले मलाई थर्काएर लम्किझम्की गर्‍यो । अब आयन्दा यस्तो प्रश्न नगर्न सर्त गराएर भन्यो–

*'थाहा छैन तँलाई ? संवैधानिक सलामी दिएको !'*

*'लौ, यो लुटेरा माग्ने पनि मन्त्री ?'*

'हाम्रो अन्नदातालाई जे पायो त्यही भन्छस्, जिब्रो थुतिदिउँ ?'

मेरो होसहवास उड्यो । सुनेथेँ, आफ्नै आँगनमा समाजवाद आइसक्यो भनेर फुटपाथे ग्राहकहरू पनि भन्थे । त्यसपछि मैले पनि उसलाई सलामी दिन टक्क उभिएर भनेँ–

*'अब त इच्छा पूरा भयो, हैन ?'*

त्यो माग्नेले मतिर हेर्दा पनि हेरेन । मैले पनि पछि त्यसलाई खोजिनँ ।

१८८

# वाहियात बदलाव

यतिबेला पुरानो सत्ता ढालेको खुसीयालीमा एकदिन टुडिँखेलको चौरमा घाम तापिरहेका विशेषज्ञहरूमा विवेक शून्यता थियो । आफ्नै विज्ञताको समेत रत्नपार्क छेउको जुलुसमा डँडाल्नो सेकेको पनि धेरै नै वर्ष भइसकेको थियो । उनीहरूले टाउको फोरेको, कम्मर भाँचेको, खुट्टा मर्केको, हात ठनक्क भएको दुखाइ पनि बिर्सेका थिए । अनुभव मात्रै सम्झेका थिए । यसै क्रममा एउटा अब्बल राजनीतिका विज्ञ आएर सबैका अगाडि कुर्ले–

*'तिमीहरूको देश बन्यो त ?'*

नियुक्तिको लाममा लागेका छुद्र ग्रहले सो विज्ञलाई उल्टो फर्केर थुक्दै बैठ्याइहाल्यो–

*'पन्चायतको भूत ! बढी हुन्छ !'*

देश बनाउने अर्को विज्ञ आशा भरोसाको लालचमा थिए । उसले अलि नरम भाषामा भन्यो–

*'जुन जोगी आए पनि कानै चिरिएका ! पहिलेका एक स्वस्ति अहिले हजार स्वस्ति !'*

घाम तापिरहेका सहयोद्धा विज्ञ साइन्टिस्टहरू दिनभरि हल्ला गर्थे । साँझपख रेस्टुराँमा सल्लाह गर्थे र बिहान आफ्नो नाम कुनै दयादृष्टिले सिफारिसमा पऱ्यो कि भनेर हतपत खबरहरू पत्रिकामा पढ्थे । तर जिन्दगीभर नियुक्तिको बाटो कुर्दा पनि केही सीप नलागेपछि उनीहरूको एउटै स्वर हुन्थ्यो–

*'के गर्नु आफ्नो त गतिलो गेयर नै छैन ।'*

टुडिखेलमा पहिलापहिला नेताहरूले जनतासँग व्यापार गर्थे । पछिल्लो समय देशका कतिपय विज्ञहरूले सत्तासँग व्यापार चलाए । देश विकास भयो ! फुटपाथेहरू भागे । सत्ताको नजिक बेरोजगारले लुब्ध विज्ञहरूलाई सोधे–

*'सर ! गेयर हाल्ने हो ?'*

टुँडिखेलका पुराना सबै विज्ञहरू कुरा बुझेपछि मुखामुख गरेर चुप लागे । एक लुब्ध विज्ञलाई अन्य अब्बल विज्ञका अगाडि विगतको इगो साँध्नु थियो । तब खूब घत मानेर सोधे–

*'गेयर किन्न पाइन्छ तपाईंकोमा ?'*

*'तपाईंलाई लाग्ने गेयर त मसँग मात्रै छ !'*

*'भाइ ! स्टार्ट गेयर के हो त ?*

*'पैसाको बिटो !'*

*'अनि मुभ गेयर नि ?'*

*'हत्तेरिका ! नातागोता, आफन्त र माइती मावली !'*

*'अनि स्पिड गेयर भनेको नि त ?'*

*'यसलाई थर्डक्लास गेयर भन्छन्, चाकडी चाप्लुसी !'*

*'उफ् भाइ ! अचेल पद पाउन त निकै महङ्गो भएछ !'*

*'कस्ता कस्ता त्यागी त टुँडिखेलमा छन् । चलेको चलन नै यही हो त !'*

त्यसपछि सबै विज्ञहरू फेरि राजनीतिको कुरा काट्न लागे । उनीहरूको दाह्री फुलेर सेतै थियो । कपाल झरेर टुँडिखेलमा छरिएको थियो । लेनदेन नभए कसैलाई चुक्क बोल्ने आँट पनि थिएन । ग्यास्ट्रिकको गानो गोलासँगै पाका बेरोजगार देशका योजना विज्ञहरू दाह्रा किटेर भन्थे–

*'वाहियात सत्ता बदलाव !'*

१८९

# पाशविकता

युद्धको समय थियो । म रेडक्रसको कार्यकर्ता भएर शान्तिको कामनागर्दै युद्ध उद्धार गर्नका लागि झन्डा बोकिरहेको थिएँ । मेरो कानमा बालक चिच्याएको आवाज आयो । त्यतैतिर लागेँ । दूधे बालक चिच्याइचिच्याइ अत्तालिएर रोइरहेको थियो । मेरो मुखबाट एक्कासि विदिर्ण वेदनाको आवाज छुट्यो–

*'हे दैव ! यसको के अपराध थियो र ?'*

आकासमा उडेका गोला बारूदका वायुहरू मडारिरहेका थिए । आरोप-प्रत्यारोपको वातावरण सुनसानजस्तै थियो । साँझपखको सन्नाटामय तमासाका बीच झ्याउँकिरीका स्वर सुनिए पनि गतिहीन सुसेली जस्ता लाग्थे । बालुवा, खरानी र धूलोले स्थानीय देवीमायाको रङ्गिएको लासमाथि दूधे बालकको जीर्ण चित्कार अमिलो गरी सुनिएको थियो । मैले हातमा बोकेको रेडक्रसको झन्डा एकछिन बिसाएँ । मानव वेदनाको सुस्केरामा उनलाई नियालेँ । मेरो हृदयबाट फेरि अर्को मृतधारामा ज्वारको विरागी आभा निस्क्यो–

*'निरापराध मातृ वात्सल्यमा दूधेको अबोधता !!'*

मृत मातृत्वको शरीरमा थुनिलो भएर थुनिएको दूध थियो । बालकले खूब स्वादिलो मानेर खायो । धीतमर्ने गरी तनतन चुसिरहेको थियो । हेर्दाहेर्दै मृत आमाको दूधको मात लागेर लमतन्न पल्टियो । बालक भुसुक्क आमाको काखको जाँगमा निदायो । मैले, मेरो हातमा रहेको रेडक्रसको शान्तिको झन्डा उठाएँ । त्यो बालक र मृत आमालाई समेत ढाकेर सो शान्तिको झन्डा ओढाइदिएँ–

*'खबरदार ! त्यसलाई नछोऊ !'*

निकै परबाट मायावी पारामा युद्ध उन्मादले बोक्सिएको धुस्रे सिपाहीले मलाई हकाऱ्यो । उसको साथमा राइफल थियो । कम्मरमा खोकाहरू बाँधिएका थिए । अर्कोतर्फ विस्फोटक पदार्थ पनि झुन्डिएको थियो । त्यो उसको स्वरूपीय पोज मात्र हो या यथार्थ म भन्न सक्दिनथेँ । उसको हुँकारले मेरो शान्तिको झन्डा निहुरिरहेको थियो । म केही बोल्न सकिरहेको थिइनँ । उसले अर्को सहयोगीमार्फत त्यो महिलाको बीभत्स लासलाई झ्याँइकुटी पारेर उठायो । मलाई हकार्दै खै कतातिर हो, लग्यो । युद्ध उन्मादमा बोक्सिएको सिपाहीले छेउमा छोडेको बालक अझै निदाइरहेको थियो । उसका औँलाहरू बेलाबेला झस्केर चल्मलाउँथे । मैले उसलाई नजिकै गएर उसको हात, निधार र गालामा मुसारेँ । मेरो हत्केलाको तातो मुलायम स्पर्शले उसको ऐँठनमा परेको निद्रा ब्युँझियो । उसले एक्कासि आफ्नो मीठो सपनाको लयमा आमालाई वरिपरि छाम्यो । उसले आमाको अनुभव गर्न सकेन । ऊ एक्कासि ओठ चलाएर चिच्यायो !

*'अम अम बुबु !'*

मेरो हृदयमा एउटा पक्षाघातको ठक्कर लागेझैँ भयो । मैले उसलाई अँगालोमा च्याप्प समातेर बोकेँ । ऊ निकै चिच्याएको थियो । निकै लामो जङ्गल पार गरेपछि गाउँको बाटोमा मलाई गाउँलेहरूले सोधे–

*'यो बालक किन रोइरहेको ?'*

*'अछुत आमा मरेर गई ! जघन्य यौन युद्धसन्त्रासको डरले !'*

*'अब यसको हाडनाताको पहिचान ?'*

मैले केही बोल्न सकिन । आँखाभरि झन् पीडाका आँसु र बात्सल्यताको चर्को मायावी तुफान मेरो वरिपरि घुम्न थाले । मेरो मनबाट एक्कासि अन्तर्आत्माको एक अपरिचित आवाज निस्कयो ।

*'दयाको महामानव !'*

गाउँलेहरूले मलाई निकै परसम्म सहयोग गरे । एउटा कचहरी चलेको थियो । त्यो कचहरीमा बालकको जिम्मा समुदायलाई बुझाएर म युद्ध मैदानबाट फर्कँ । बाटोमा मलाई लाग्यो–

*'त्यो बालक त सिपाही जस्तै पो देखेँ !'*

घर पुगेपछि मेरो परिवारले एक अकल्पनीय झुट्टा तर घटित घटना बारेको समाचारमा आएको कथा सुनाए–

*'पाशविक हाडनाता करणी !'*

१९०

# बात त यो हो न !

विज्ञापनमा देखिने तिघ्राले व्यावसायिक भेदको आशामुखी ग्राहकलाई प्रलोभनमा आकर्षित गर्नु थियो । त्यसैले सहरको बीचको यस्तो अश्लील चल्तीमा बजारको लज्जा भन्ने कुरा महान संस्कृतिजस्तै बनेको थियो । तिघ्रा भनेपछि महिलाको होस् वा पुरूषको, सहरमा तिघ्रा बेच्ने बेचाउने एवं किनाउने किन्नेका बीच निकै होडबाजी चलेको थियो–

*'ओई ! तिघ्रे भारी बोक्छस् !'*

*'कति पैसा आउँछ !'*

*'जति दह्रो तिघ्रा थाम्छस्, त्यहीअनुसार !'*

गाउँबाट आएको मानध्वजको तिघ्रा देखेर आलु साहुले खूब गनगन गऱ्यो । मानध्वजले लुरूक्क परेर तिघ्राको बलमा थपी थपी भारी उठायो–

*'के गर्नु बाँच्नैपऱ्यो, सहर खतम छ !'*

सहरमा तिघ्राको निकै मूल्य बढिरहेको थियो । एकदिन चोकमा नेताजी भेट भए । उनले साहस एवं हैसियतको गफ छाँटेपछि लुरे बलबहादुरलाई हौस्याएर भने–

*'तिमी तिघ्रा नकमाऊ है ? हामी छौँ, डेग नचल्नु, जसरी नि मुद्दा जितिन्छ !'*

बिचौलियाहरूको मार खेप्न नसकेर अदालत जान लागेको बलबहादुरले लुलो तिघ्रा पनि खम्बाझैँ गरेर ठड्यायो । ऊ हौसियो । जीवनको भरोसाको रसवरी किनेर परिवारलाई खुवाउँदै जीवनको आनन्दको सुस्केरामा भन्यो–

*'लौ चाखम, सपनाको आजको बलेको फूल !'*

बलेको बहादुरीमा खुसीको सीमा अग्लिएको थियो । ऊ निकै हौसिएर बसेको थियो । दुरदराजका भँडुवा गुण्डाहरू उसलाई खोज्दै आए–

*'खै ! बले !'*

वरिपरि रहेका सबै चुपचाप लागे । भँडुवाहरूको तिघ्रा भूईंमा बज्रिरहेको थियो । उनीहरूको आवाज, धाक र झुट्टा आरोप तिनका तिघ्राभन्दा पनि ठूला थिए । एकछिन रस्साकस्सी बीच झाँगलझुँगल भए । बलबहादुरको ठडिएको तिघ्रा फेरि काम्न थाल्यो । कतै झ्यालढोका, कतै डिल, कतै पर्खाल त कतै घरको धुरी चढेका हजारौँ मसलदार तिघ्राहरू रमिता हेर्दथे । तिनको तिघ्राको मापन बेतुकको लफ्फाजीभन्दा कम थिएन । यसैबीच केही समयपछि तिघ्रा प्रतियोगिता सुरू भयो । सन्त्रासका जति मोटामोटा तिघ्राहरू थिए, उनीहरू त्यति आवाज विहीन थिए । यसैबीच रमिता र रमितेको विज्ञापन सुरूभयो–

*'तिघ्रे अघिअघि पुलिस पछिपछि !'*

दर्शकहरूले डिलमा बसेर फेरि मजाक सुरू गरे । उनीहरूले मनमा लागेको सबै कुराहरू खुसुखुसु उडाए–

*'अब फेरि अलिअलि कटनी झर्ने भो, कतिलाई !'*

अवकास प्राप्त बूढो सिपाहीले आफ्नो पेसामा देखेको, भोगेको र अनुभव गरेको कुरा मनमा थिएन । सिधैकुरा भनिदियो–

*'दिनभर पुरूषका तिघ्रा बजान, रातभर फरक फरकसँग !'*

सबै गलल्ल हाँसे र बूढोतर्फ हेरेर ठट्टाको एक लयमा भने–

*'असली वात त यो हो न तिघ्राको भाउ !'*

१९१.

# भैरेको र्‍याल

सुस्तमनस्थिति भएका जस्ता मानिसहरूको कुनै विश्वास योग्य भरोसा हुँदैन । उनीहरू जतिबेला जे पनि गर्न सक्छन् । कक्षा लिइरहेका प्राध्यापक आफ्नै शिष्यहरूलाई खूब घोकाइरहेका थिए । मनोविज्ञानको कक्षामा बसेका एक शिष्यले जुरूक्क उठेर प्राध्यापकलाई व्यङ्ग्य गरेर सोधे–

*'सुस्त मनस्थिति भएका मानिसहरूमा फोबिया हुनसक्छ कि सक्दैन ?'*

*'हुनसक्छ, तर डाइनोग्सिसपछि मात्र !'*

*'डाइनोग्सिस कसरी गर्ने सर ?'*

जटिल प्रश्नले प्राध्यापक निकै अनकनाए । फोबियाले दिने डर मनको अपराधको निकै कमजोर सत्यतथ्य थियो । प्राध्यापकसँग मेडिकल साइन्सको डिक्सनरी थियो । उनले फोबियाबारे अर्थको खोजी गरे । शब्दको अर्थ भेट्टाउन सकेनन् । उनले कुनै बहानामा आफैले अर्को प्रश्नको बनावटी जवाफ फर्काए–

*'मुखबाट आउने र्‍याल टेस्ट गर्नुपर्छ !'*

हेर्दाहेर्दै उही विद्यार्थी भैरेले मुखबाट र्‍याल चुहायो । ऊ थचक्क भुइँतिर बजारियो । उसको र्‍यालले सङ्क्रमित भएर बसिरहेका वरिपरिका उसका साथीहरू खोक्नथाले । सङ्क्रमणीय प्रभाव बढ्न थाल्यो । प्राध्यापकको स्वर बिस्तारै कमजोर हुँदैगयो । चर्को आवाजको तनावका बीच सबैले प्राध्यापकलाई प्रश्न गर्न थाले–

*'भैरेको उपचार कसले गर्छ ? ऊ त ढल्यो पो ।'*

सन्नाटा र नाजवाफी परिवेश बीच शिष्यहरूको माग चलिरह्यो । प्राध्यापकसँग

जवाफ दिने अरू बाँकी उपाय केही थिएन। घेरिरहेका शिष्यहरूले मुख लुकाउँदै परतिर पन्छेर बस्दै निहुँ खोजे, नारा फेरि घन्काए–

*'माफियाद्वारा शिष्यहरूको बलात्कार भयो !'*

उनले प्रशासनलाई गुहारे। प्रशासनले ठूलो आवाजमा चर्केका शिष्यहरूलाई सोधेर थर्काए–

*'पुरूष शिष्यलाई पनि कसैले बलात्कार गर्छ ?, वाहियात !'*

*'न्यालले त बलात्कार गर्न सकिहाल्छ नि !'*

अपमानका बीच सबै शिष्यहरूको एकैस्वर थियो। उनीहरूले अरूलाई पनि झन् थर्काएर नारा लगाइरहे–

*'कि भैरेको उपचार गर कि न्यालको उपचार !'*

भैरेसँगै न्यालको मातमा कराइरहेका शिष्यहरूलाई प्राध्यापक विलखबन्दमा हेरिरहेका थिए। प्रशासनको हाकिमले भैरेलाई तानेर परतिर लगे। खै के हो ? कानेखुसी गरे। भैरे न्यालबाट बौरियो। उपचारको राहतमा सहमति गरेर साथीहरूलाई निकै सम्झाए झैँ गऱ्यो–

*'भयो भयो साथी हो, न्यालको भाउ सहमति भयो !'*

एकाएक सबै लाखापाखा लागेपछि पागलजस्तै उभिरहेका प्राध्यापकको कोठा सुनसान बन्दैगयो। तब उनलाई यतिबेला सुस्त मनस्थितिमा उत्पन्न हुने फोबियाको कारण थाहा भयो–

*'दरिद्र मानसिकतामा उत्पन्न न्यालमा फोबिया हुँदैन ।'*

ल्याबमा पुगेर भैरेको न्यालको जब टेस्ट गर्न खोजतलास भयो तब प्रशासनको शैक्षिक विकासको टेन्डर पनि फछ्र्यौट भएको पत्तो पाए।

१९२

# सोच्न भ्याइनँ

— उल्लुको पट्ठे आजकल कता नि !

अल्लारे लेखक लोकनाथको हातले समातेको चियाको कप थचक्क भुइँमा थचारियो । उनले राजुको प्रश्नमाथि झड्का नै *हाने*,

— आज किताब विमोचनमा गएर आएको फेला परियो !

लोकनाथ बसेको टेबल अगाडि विमोचित कृति थियो । राजुले नजर पुस्तकमाथि लगाए । पुस्तकको नाम *थियो*,

— अर्काकी स्वास्नीको सुरक्षा !

के चाहियो र ? राजु मरिमरी हाँस्यो । उनको घाँटीतिर पुगेको चियाको तुर्को नाकबाट सर्क्यो । नाकबाट केही थोपाहरू पनि चुहिए । विमोचित पुस्तकमा लेखिएका केही हरफहरू बेसरम मन लगाएर पढियो । उनले लोकनाथलाई *सुनाए*,

— विमोचित कृति त खतरा रैछ त !

— हेर ! यो फोटोको फ्याउरीलाई चिनेको छस् !

— योचाहिँ कसकी नि !

— यो पनि अर्काकी नै हो !

लोकनाथले टाउको हल्लाए । उनले त्यसपछि विमोचनका बारेमा निकै बयान गरे । प्रमुख अतिथिको भाषण कलाको टिप्पणी थपियो । उद्घोषिकामा मन्दमुस्कानको रौनकता थियो । स्रोताहरूको कल्याङमल्याङ स्वर र प्रेमिल

सपनाको कर्के नजर पनि त्यत्तिकै थियो । त्यसपछि पुस्तकको रोमान्चक प्रसङ्गको कथानक बयानमा लोकनाथ सर र राजु सरले तीन प्याक एकै टेबलमा सक्याए । रात निकै अबेर भएको थियो । तिनमा समयको चापको ख्याल थिएन । त्यसपछि लोकनाथले आफ्नै तालमा मनको भेद *खोले,*

— अर्काकी स्वास्नीको सुरक्षाचाहिँ म गर्ने, मेरो बूढी त गजब पतीव्रता छे !

— हो हो, कति भल्लो भएको तँ त !

उनीहरूका मनका अभ्यन्तरमा रहेका कुण्ठाहरू आकासदेखि पातालसम्म चिल्लाइरहेका थिए । रक्सी पसलेलाई खूब मजा आइरहेको थियो । यस्ता ग्राहक नआइदिए उसको जीवन पनि कसरी बाँच्दो हो र ? लोकनाथले देखेको विमोचन राजुलाई पनि निकै चढिरहेको थियो । उनीहरूमा पक्षविपक्ष भएर बात चलिरहेको थियो । रक्सी पसले उनीहरूले गरेको विमोचनको अभिनयलाई हेरिरहेको थियो । त्यो दिनको विमोचन तिनका लागि निकै रौसिलो र रसिलो थियो । मुग्ध तिनका आँखाको प्रेमको भावुक हृदय जलिरहेको थियो । जलिरहेको हृदयका बीच लोकनाथले *बर्बराए,*

— आज केही लेखेको छैन । अब घर जाउँ, ज्यान !

उनीहरू त्यहाँबाट बाटोमा उद्घोषिकाको लयमा झैँ कविता र श्लोकका भाकाहरू गाउन *थाले,*

— सोच्न भ्याइनँ, तिम्लाई आज खासै सोच्न भ्याइनँ !

घरको ढोकामा पुग्दा उनीहरूले टाँसिएको एउटा कागजको चिर्कटोमा हैरानीका साथ लेखेको *भेटे,*

— अल्लारेको घर, न भर न डर !

लोकनाथले विमोचित पुस्तकका साथमा थुप्रै फोटाहरू खूब च्यापेका थिए । उनी बेलाबेला बर्बराएर *भन्थे,*

— भोलि त विमोचनको भर छैन !

१९३

# जलिन्

बूढीआमै भान्सामा लखरलखर गर्दै थिइन् । कमिला स्याउँस्याउँ गरी चम्केर रमाइरहेका थिए । शुद्धोधनले आफू अगाडि देखिएका ती राता कमिलाहरूदेखि निकै रिस उठेर सोधे ।

–'यिनलाई स्प्रे गरेर मार्दिउँ ?'

बूढी आमामा प्राणी धर्मको जड प्रथाले ग्याँजेको थियो । उनले खाउँलाजस्तै गरेर शुद्धोधनलाई नाकामले हकारेर भनिन् ।

–'यिनीहरू भनेका सम्पन्न मान्छेका पोषक हुन् । धत् लाटा, यस्तो पाप पनि गर्नू !'

शुद्धोधनमा पलाइरहेको रिसको आवेग त्यसै ओल्सियो । बूढीआमैको मनबाट छुटेको शब्दहरूले शुद्धोधनलाई गम्भीर पनि बनायो । अनि जिज्ञासा थप्न पुगे ।

–'यिनले के खाएर यति धेरै राता र चिल्ला भएका त ?'

–'कस्तो छट्टु कुरा गर्छ । थाहा छैन तँलाई !'

–'राम ! राम !! धरोधर्म थाहा छैन नि आमै !'

–'लौ सुन ! यिनले पशुको घीउ एवं नगदे बालीको चिनी रस खाएपछि यस्तै देखिन्छन् ।'

शुद्धोधनले आफूले श्रम गरेर जोरजाम गरेको घिउ र चिनी रस सबै खाइदिने कमिलाहरूको चाला देखेर सोचे ।

—'यिनीहरूको देश कुन होला ? त्यहाँका राजा कस्ता होलान् ? प्रधानमन्त्री के गर्लान् ? मन्त्री र कर्मचारीहरू पनि को हुन् ?'

यसैबीच शुद्धोधनलाई फेरि अर्को नयाँ विचार आयो । उनले बूढीआमैसँग पुनः सोधे ।

—'त्यसो भए त यिनीहरू शोषक पो रहेछन् है आमै !'

बूढीआमै अक न बक्क परिन् । उनले थप कुराको जवाफ दिन नसके पनि यत्ति मात्रै भए पनि उत्तर फर्काइन् ।

—'यिनीहरू भनेका भान्साका आशामुखी हुन्, यिनीहरू बढे, घरमा सह हुन्छ !'

शुद्धोधनलाई आफ्नो समाजमा मौलाएको अनित्य भ्रष्टाचारबारे थाहा थियो । उनले रातो कमिलाको विश्लेषण गर्ने विचार गरेर घिउ र चिनी खाने कमिलाबारे अनुसन्धान गर्न चन्द्रमामा एउटा ल्याब खोल्ने विचार गरे । तर त्यहाँ न घिउ नै थियो न चिनी, राता कमिलाहरूले आफूहरू बारे अनुसन्धान हुने चाल पाएर खै कता छिरे छिरे उनलाई पत्तै भएन । शुद्धोधनले पृथ्वीनारायण शाहको एक दिव्योपदेश कण्ठ गरेका थिए । सम्झेर बूढीआमैलाई सम्झाए ।

—'चिनीमा घुस्न्या र घुस्याउन्यालाई महापातक लाग्छ ! घिउमा पल्किन्या र पल्क्याउन्याको आमा सुङ्ग्री, बाबु गादह !'

बूढीआमैले त्यसपछि भान्सामा रातो कमिलालाई देख्यो कि पटापट पड्काएर मार्न थालिन् । अचेल उनलाई पाप धर्मको चेतभन्दा पनि भान्साको रौनकता कम भएको बारेमा चिन्ता थियो । एकदिन शुद्धोधनको बाबाले निकै अप्ठेरोका बीच रिसले चूरहुँदै आफ्नीलाई भने ।

—'अब म पनि हेर्छु नि यो भान्छा कसले जोर्दोरहेछ !'

शुद्धोधनको हात, खुट्टा र अनुहारको छाला चाउँरिँदै गयो । बाटोमा कसैले शुद्धोधनलाई आश्चर्य मानेर यसो उसो हेरेर सोधे ।

—'ओहो ! अझै तँ पनि सर्वहारा छस् !'

—'पगरी सुव्यवस्थित भए पनि पोषकद्वारा च्यातियो !'

—'अनि बूढीआमै ?'

—'निरासाले जलिन् !'

१९४

# पाखण्डीकरण

आत्मा र परमात्मा खूब नाचिरहेका थिए । एक सन्त बाबाले दिनदयाल लेखकलाई मेसेज पठाए ।

—'तपाईं पनि यसो मेरो ग्रुपमा रचनाहरू पोस्ट गर्नुस् न !'

—'ओहो ! भइहाल्छ नि, मेरा लागि खुसीको कुरा !'

दिनदयाल लेखकलाई के चाहियो र ? उनको खुसीको सीमा नै रहेन । उनले नजिकै रहेको अग्लाअग्ला पुस्तकको खात छेउको मोबाइल हतपत उठाए । एक निमेषमा खुसीको भाका तुरून्त थप प्रेषित गरे ।

—'हस्, हुन्छ नि हजुर, आभारी छु !'

जब दिनदयाल केही लेख्न मात्रै के बसेका थिए । उनलाई फेरि अर्को मेसेजले डिस्टर्ब गऱ्यो । उनलाई बारम्बार मेसेजले दिएको टिङ्टिङ् आवाजले उनको सिर्जना क्षमता खल्बलियो । उनले आफूलाई निकै उम्दा लेखक सम्झेर मेसेज प्रेषपत गरे ।

—'दुई चार दिनपछि पठाउँछु ल !'

—'नो प्रोब्लम, पठाउनु न !'

उनका भावहरू भने जुरिरहेका थिएनन् । विषयहरू पनि फुरिरहेका थिएनन् । एकजना साहित्यका चिकित्सकले फोनै गरेर फेरि अर्को थप म्यासेज हाने ।

–'हजुरको रचना उम्दा छ ! हाम्रो साहित्य ग्रुपमा यहाँको रचना पाठकले देख्न पाए हामी पवित्र हुन्थ्यौं ।'

दिनदयाल लेखकलाई चर्को मानसिक दबाब पर्नथाल्यो । उनले आफ्नो मायावी लेखन कलाका लागि आफै आत्मप्रशंसा गर्न थाले । अनि मनमनै सिर्जनाको सङ्ख्या गन्न सुरू गरे ।

—'कविता पाँच, लघुकथा तीन, कथा एक, मुक्तक बिस अनि हाइकु बत्तीस !'

उनमा लेखक पदवीको उचाइ यतिधेरै बढ्न थाल्यो कि प्रभाव र प्रस्तावको आयतनमा आफ्ना हौसलाहरू तौलिँदातौलिँदै निकै ठूलो गर्वले उच्च व्यक्तित्वको आभासमा प्रकट हुनथाल्यो । मानसिक तरङ्ग चलेको समय त वरिपरि थुपारिएका कत्राकत्रा महान् पुस्तकहरू पनि जिरामरिचका खोस्टे पोकाको रूपले अनुभव हुनथाल्यो । तब उनले एक लामो सासको सुस्केरामा सुइय्य गरे । भगवान्को आशीर्वाद एवं आफ्नो भाग्यको उचाइसँग नतमस्तक बनेर स्वर्गीय अनुभूतिमा बर्बराए ।

—'धन्य मेरो जीवनको सार्थकता !'

बजारमा चलिरहेको साहित्यिक कार्यव्यापारका बीच एकदिन महिला लेखिकाले बाटोमा दिनदयाललाई भेटिन् । उनले निकै ठूलो आक्रोशका साथ भनिदिइन् ।

—'दाइ ! तपाईं पनि फस्नुहोला है ? म त फसेँ फसेँ !'

दिनदयालले ती बहिनीको कोमल आदरको छेउ कुरा नबुझेर आफ्नो प्रश्न दोहोऱ्याए ।

—'केमा ? कसरी ? किन फस्नू र !'

उनको हृदयको चैतन्यमा खिल बसेको साहित्यिक लेखनबारेको घाउ चऱ्याएको थियो । चऱ्याएको घाउमा उनको छटपटिरहेको आत्मा भड्किरहेको पनि थियो । यसैबीच मेरा अनेक प्रश्नहरू बीच उनले जवाफहरू फर्काउँदै गइन् । अन्त्यमा मैले उनलाई सोधेँ ।

—'ए ! मान्छेहरू त्यसरी फसाउन खोज्दा रहेछन् !'

—'हो, दाइ ! मलाई त लज्जाबोध भएको छ !'

त्यसपछि दिनदयाल बोल्दै नबोली अगाडि लमकलमक अघि लागे । उनले आफ्नो साहित्यिक लेखन पदवीछेउ आएको महत्तामा मधुरो स्खलनका बीच विभिन्न अनुरोध र आग्रहलाई थुप्रै प्रश्न उठाए !

—'लेखकहरूको खण्डीकरण !'

अन्त्यमा ती महिला लेखिकाले दोबाटोमा छुट्टिने बेलामा खूब आँखा तरेर हात हल्लाइन् । दिनदयाललाई उनले अझै केही बोलेजस्तो लाग्यो बुझ्न सकेनन् । दिनदयालले अनुमान गर्नचाहिँ भ्याए ।

—'सायद यिनको विशेषतालाई कसैले मलाईभन्दा पनि महान पाखण्ड लेखक बनाएछन्, होला !'

१९५

# सनसनी खबर

–'आतङ्क मच्चाएर विश्वव्यापी दौडिरहेको जत्थालाई के भन्ने ?'

–'उत्तर सहज थियो- आतङ्ककारी !'

–'ओहो ! अचेल इरान, कोरिया, चाइना अनि अन्य मुलुकमा पुगेको आतङ्ककारीलाई नि ?'

म यो प्रश्नको जवाफ खोजिरहन्थेँ । मेरो दिमाग यसै विषयले हैरानीमा थियो । एकरातको कुरा हो । मेरो सिरानीमा एउटा पुस्तक थियो । पुस्तक निकै वर्षदेखि त्यसै धूलैधूलोले मैलिएको थियो । बाहिरबाट हेर्दा झिँगा र माउसुलीको बिष्टाले सिँगारिएझैँ देखिन्थ्यो । पुस्तकको नाम पनि मेटिइसकेको थियो । मेरो दिमागमा रहेको आतङ्ककारीको प्रश्न हरायो । त्यही किताबमा मेरो ध्यान गयो । पुस्तक पढ्न मन लागेर पुस्तक पल्टाउँदै गएँ । एक पृष्ठमा कसैको नाम लेखिएको थियो ।

–'प्रकाश कोविद !'

मैले नाम सुनेको भारतीय जासुसी उपन्याकारको नाम थियो, त्यो । मलाई लाग्यो ।

–'यो उपन्यास जासुसी हो । त्यसैले यो जासुसीबारे वर्णित कथा नै मेरा लागि आतङ्क हो !'

त्यसपछि अलि निद्रा लाग्न लागेको थियो । ट्वीट खोलेँ । कुनै विज्ञ विशेषज्ञले गरेको ट्वीटमा आँखा पुग्यो । ट्वीटमा उल्लेख थियो ।

–'कोविड-१९ को प्रकाश आतङ्क !'

–'अरे ! प्रकाश कोविद विश्व आतङ्ककारी ?'

त्यसै अलमल्ल परैँ र प्रकाश कोविदको आतङ्कवाद विश्वव्यापी भएकोले दिमाग रन्थनिन् थाल्यो, सम्झैँ ।

–'धन्न ! मेरा अग्रज उपन्यासकार !'

निद्रा लागेन । त्यसपछि कोविदको औपन्यासिक जासुसी लीला पढ्न थालैँ । खूब मजा पनि आयो । कोविदका ती उपन्यासका जासुसहरू शक्तिशाली थिए । उनीहरू हत्या, हिंसा र बलात्कारलाई सहज मान्थे । धूवाँ धूलोमा शत्रुलाई खेलाउनु उनीहरूको प्रतिष्ठा हुन्थ्यो । शत्रुलाई आक्रान्त बनाउनु, प्रताडना दिनु, मुन्ट्याउनु र अन्त्यमा जितको दृश्य मञ्चन गर्नु उनीहरूको मुख्य लक्ष हुन्थ्यो । पुस्तक पढेर अनुभव गरेको दृश्यले निकै रोमान्चित थिएँ । एकाएक मलाई मनमा प्रश्न उठ्यो ।

–'अचेल इरान, कोरिया, चीन र अन्य मुलुकहरूमा आतङ्क मच्चाउने कोरोनाहरू प्रकाश कोविद हो या कोविदको प्रकाश ?'

मलाई बुझ्न निकै कठिन पऱ्यो । उपन्यासका महान पात्रहरू क्राउन थिए । तिनीहरू खूब जासुसी गर्दथे । विश्व आतङ्कित पार्थे । कोरोना भाइरसहरू पनि विश्वमा निकै ठूलो आतङ्ककारीको रूपमा थिए । हुनसक्छ तिनीहरू हिजो प्रकाश कोविदका जासुसी उपन्यासका पात्रहरू थिए । तिनै जासुसी पात्रहरू नै सङ्क्रमित रोगका 'कोरोना कोविड-१९' नामका प्रकाशमा फैलिएका त होइनन् ? या हुन् ! निश्चय गरैँ ।

–'कोरोना होस् या जासुसी उपन्यास, मानिसका मनका मनोवैज्ञानिक आतङ्ककारीहरू त अवश्य हुन् नै !'

त्यत्तिकै भसक्क लागेको निद्रामा निदाएर ब्युँझिएपछि झुलिरहेको काँचो निद्रामा लाग्यो ।

–'अहिलेको कोरोना कोविड भाइरस त उहिलेका जासुस पो ?'

पत्रिका हातमा लिएको हल्काराले बाटोमा कराउँदै समाचारको हेडलाइन भन्यो ।

–'कोविद आजको विश्व आतङ्ककारी सूचीमा !'

–'उफ् ! सनसनी खबर !'

**M.** लघुकथा तत्व[१] (कथावस्तु, विचार र पात्र) : लघुकथा लेखनको न्यूनतम मापदण्डमा रहेर १८१ देखि १९५ सम्मका क्रममा प्रस्तुत सबै लघुकथाहरूमा लघुकथा सिर्जना तत्वका लागि प्रयोग हुने नमूना कथावस्तुको स्वरूपमा रहेको घटना, स्वभाव वा विषयको कथा तत्वगत एक लघुतासूत्र प्रस्तुत छ । यसमा घटनाको मूल कथ्य, भाव वा विचारलाई घनत्वसारको रूप प्रस्तुत गरिएको छ । यो नै लघुकथाको आत्मा पक्ष हो । कथावस्तुको अनुभूति तत्व उल्लिखित लघुकथामा भाव वा विचार भएर रहेको छ । द्वन्द्वको परिचालन सर्जकको मानसशक्ति र पात्रको अभिव्यक्तिमार्फत भएको छ । लघुकथामा यसैलाई प्राथमिक तहको तत्वका रूपमा लिइन्छ ।

१९६

# अन्धविश्वास

–'लौ, अब कोरोना आयात भएछ !'

एउटा हिन्दू झाँक्री कराइरहेको थियो । कोरोनाको त्रासले हल्लिरहेको संसारमा यो हल्ला एककान दुईकान हुँदै हरमानिसको कानमा पुग्यो ।

–'लौ अब पठाइदिएछ !'

फुलरियाले कुरा बुझ्न सकिन । 'उसले पठाइदिएछ' भन्ने मात्रै सुनी । उसको बूढा विदेश गएको थियो । सायद उसले सम्झी । उसको बूढाले पैसा र सामान पठाइदियो होला भन्ने बुझी ।

–'अपसगुन ! अपसगुन !!'

एउटा हिन्दू मानव समुद्रको तटमा नुहाइरहेको थियो । उसले निकै चिच्याएर करायो । बर्बराउन थाल्यो । तटमा धेरै मानिसहरू नुहाइरहेका थिए । तिनीहरू प्राय हिन्दू थिए । अर्को छेउमा मुसलमानहरू पनि पौडी खेलिरहेका थिए । नुहाइरहेको त्यो हिन्दू मानवको आवाज सुनेर वरिपरि भएका सबै छक्क परेर प्रश्न गरे ।

–'केको अपसगुन ?'

–'कालो बिरालोको के कालो बिरालोको !'

–'कालो बिरालो किन र ?'

–'उफ् ! चाइनामा बिरालो खान्छन् । त्यही बिरालो कोरोना भाइरस बोकेर यता निर्यात भएछ !'

जम्मा भएका सबै भीडले कालो बिरालोसँग कोरोना भाइरस भएको विश्वासले बिरालोको निर्यात, नियत हो या सहज भन्ने खोजीमा लागे । खोज्दैजाँदा सो बिरालो पानी जहाजको कन्टेरमा लुकेर बसेको देखियो । उसै त कालो बिरालो देखेपछि बिछट्टै तर्सने हिन्दू र मुस्लिम समुदायलाई कन्टेनरमा देखिएको निख्खरा कालो बिरालो र टलक्क टल्कने आँखा बलेको देखेपछि सबैको होस उड्यो । तटमा नुहाइरहेको त्यो हिन्दू झाँक्रीले घोषणा गरिदियो ।

–'अब यो धर्मयुद्ध हो ! कलियुग समाप्त भएर सत्य युगको प्रारम्भ !'

त्यसपछि धर्मयुद्धको कोराना भाइरस बोकेर सन्देश छर्दैआएको सो कालो बिरालोलाई सबै हिन्दूहरूले खोज्न थाले । बिरालो पत्ता लागेन । हिन्दूहरूको समाजका मठमन्दिरमा चिम्टा बजाउँदै र ढ्याङ्ग्रो ठोक्दै हिन्दू योगी र झाँक्रीहरू आतङ्कित भएर हल्लाखल्ला गर्न लागे । उनीहरू यति डराएका थिए कि कालो बिरालोको नाम पनि सुन्यो भने उनीहरूको श्वास नै बन्द हुन्थ्यो । कसोकसो कताबाट हो शङ्का गरेको कालो बिरालो भीडबाट फुत्त निस्केर बाटो काट्यो ।

–'भाइरस त ल्याइसल्याइस हाम्रो बाटो पनि छेक्छस् ? तँलाई छौँडाका बच्चा !'

झाँक्री भने बाटो काटिरहेको कालो बिरालोलाई गाली गरिरहेको थियो । यत्तिकैमा सो बिरालोलाई दौडेर आएको गाडीले कचक्क किच्यो । बिरालो ठहरै मऱ्यो । तब समुद्रको तटमा नुहाउने त्यो हिन्दू मानवले झाँक्रीलाई लामो श्वास फेरेर भन्यो ।

–'कोरोना भाइरस बल्ल मऱ्यो, सगुन जुऱ्यो !'

भीडका हिन्दू र मुस्लिमरू बीच फेरि अर्को हल्ला चल्न सुरू भयो ।

–'अब चाहिँ ढुक्क, कोरोनाको अन्धविश्वास बल्ल हट्यो ।'

१९७

# इलाज

–'डाक्टर साब ज्वरो चड्क्यो !'

–'अलि खामोस् खानुस ! केही नलागे सिटामोल खानुस् !'

–'उफ् ! टाउको चड्क्यो भन्या !'

बेतोडको ज्वरोले जमुना निकै छटपटाइरहेकी थिई । अस्पतालको शैयामा बिरामी कुरिरहेकी उसकी आमा छोरीलाई सम्झाइरहेकी थिइन् । जमुना बेहोस जस्तै भएकोले होसहवास कमहुँदै गएको थियो । सान्त्वना स्वरूप आफ्नो हात छोरीको निधारमा राखेर भनिन् ।

–'ठीक हुन्छ नानी ठीक, नआत्तिऊ त्यसै । बरू लौ कोल्टे परेर पल्ट अनि निद्रा लागेपछि हलुका हुन्छ ।'

तर जमुनाको ज्वरो ओर्लेन । रातभरि जमुना भने त निदाइन निदाइन । आमा पनि निदाउन सकिनन् । वार्डको बिरामीको पहिलो राउन्डको निरीक्षणका लागि डाक्टरको टिम आए । अङ्ग्रेजीमा जमुनाको रोगबारे कुराकानी गरे । जमुनाकी आमाले यति बुझिन् ।

–'भाइरसको भूत !'

त्यसपछि उनले आफ्नो बुद्धिले निकै चिन्तन गरिन् । अरू केही ठम्याउन सकिनन् । बरू अन्त्यमा उनलाई झ्वाट्ट लाग्यो ।

–'भाइरस भनेको अचेल कोरोना हो !'

भूत लाग्ने व्यथाजस्तै कोरोनाको व्यथा पनि लागछोड हुने कुरा तिनलाई थाहा

थिएन । ज्वरो कहिले माथि चढ्थ्यो, जमुना मूर्च्छित पर्थी । तल झर्थ्यो कम भएको महसुस गर्थी ।

-'अछेता पुछेर फाले त भइहाल्छ नि !'

-'हैन हैन कालो बिरालोको सालको धूप हाल्नू !'

-'सिमेभुमेको पूजाआजा गरे त भैहाल्छ त !'

-'लाग छोड रेछ, देऊ पितृ मान्नु छैन, धामी बसाए आफै निको हुन्छ !'

-'यसको ग्रहदशा बिग्रेको रेछ । ग्रहशान्ति गरे ठीक हुन्छ ।'

जमुनाका समाजका छिमेकीहरू अस्पतालमा हेर्न आउँदा जमुनाको स्थितिलाई देखेर खूब सल्लाह दिन्थे । डाक्टरले सबै इन्भेस्टिगेसनको रिपोर्ट हेरे । कुनै रोगको साइन एन्ड सिम्टम थिएन । अन्त्यमा डाक्टरले शङ्कालु घोषणाका रूपमा सुझाव लेखिदिए ।

-'कोरोना भाइरस पनि हुनसक्छ, कन्सल्टेन्टलाई देखाउनु !'

बाहिर भीड थियो । एकजना मानिस अस्पतालको जमुनालाई भेट्न आतुर थियो । ऊ खराखर भित्र पस्यो । सबैलाई नमस्ते गऱ्यो । जमुनालाई पनि पुलुक्क हेऱ्यो । हात उठायो । उसले निकै छटपटिएकी जमुनाको नारीमा पल्स नाप्यो । निधारमा छाम्यो । चुम्बकीय स्पर्शले जमुनालाई हल्का हुनथाल्यो ।

-'कस्तो छ ?'

-'एकैछिनमा हल्का भयो ।'

-'अब सन्चो होऊ ल !'

त्यो मान्छे सबैलाई फेरि नमस्कार गरेर बाहिर खुरूर्र गरेर निस्क्यो । कसैले उसलाई के त, कसैले डाक्टर ठाने । त्यसपछि कुरिरहेका वरिपरिका आफन्तहरूले रोग पत्ता लगाएर खासखुस गरे ।

-'डेन्जर रेछ प्रेम रोगको भाइरस !'

अस्पतालले बेलुका हतारमा डिस्चार्ज गर्दै स्लिपमा लेखिदियो !

-'सी इज कम्प्लिटली ट्रिटमेन्ट बाई अन्डर योङ्स, नो कम्प्लिकेटेड !'

इलाज पूरा भयो । सबै आफ्नो बाटो लागे । बाटोमा कुरिरहेका छिमेकीहरूले जमुनाका बाबुलाई सोधे ।

-'के भएको नानीलाई ?'

-'खै माइग्रेन भन्छन्, थाहा छैन !'

१९८.

# दस दान

बाक्लो चस्मा, आँखामा चिप्रा अनि झ्याउरो अनुहार लगाएको लुखुरेसँग आएर मन्त्रीज्यूले सोधे ।

–'नमस्कार गुरू नमस्कार !'

मन्त्रीज्यूको हात जोडिएको जोडियै थियो । लुखुरे गुरू हाँसिरहेका थिए । गुरू किन हाँसिरहे थिए । न गुरू स्वयंलाई थाहा थियो न मन्त्रीज्यूलाई नै । उभिरहेका उनीहरू एकछिन चुपचाप लागे । फेरि मन्त्रीज्यूले गुरूलाई प्रश्न गरे ।

–'गुरूको हातमा त कति धेरै पुस्तक, किन्नुभएको हो कि ?'

गुरूलाई जवाफ आएन । उनी पुस्तक समातेर त्यसै उभिरहेको थिए । एकजना वरिष्ठ कविले हातमा पुस्तक राखिदिँदै भने ।

–'लौ हजुर ! यसको समीक्षा गरिदिनुपर्‍यो हजुरले !'

गुरूले सो पुस्तक झोलामा हाले । दुई पाइला अगाडि बढे । मन्त्रीज्यू यसपालिको बजेट पहिलेभन्दा निकै प्रगतिशील हुने गफ छाँटिरहेका थिए । एउटा नामी लेखक नजिकै आइपुगे । उनले गुनासो गर्दै भने ।

–'हेर्नू न गुरू ! यसपालि किताबको छपाइको खर्च बढेर खुत्रुक्कै भइयो । हजुरले यसो यसको खासखुस समालोचना लेखिदिनुपर्‍यो । हजुरको कलमले मेरो यो पुस्तकले समालोचित हुन चाहन्छ ।'

हातमा यस्तै प्रकारका गह्रौं पुस्तक बोकिरहेका गुरू अलमल्लमा परे । उनले मनमनै सोचे ।

-'यो समाजको लागि हो !'

त्यसपछि उनले पुस्तक समातेर झोलामा राखे । बूढा गुरू सकि-नसकि झोला भुइँमा टेकाउँदै तै तै उभिरहे । गुरूलाई मनमा के लाग्यो । कसैले अझै थाहा पाउनसक्ने कुरा भएन । परतिर फर्केका मन्त्रीज्यू वरतिर फर्के । वरिपरि अरू मानिसहरूको भीड जुटिरहेको थियो । मन्त्रीज्यूले फेरि गुरूलाई सोधे ।

-'एकछिनमै गुरूको यति धेरै किताब ?'

-'साहित्यमा धेरै किताब, गुरू भएर आएको हैन ! मात्रै आलोचक भएर !'

-'अचम्म ! राजनीतिमा त आलोचकलाई सफाया र समर्थकलाई सम्मान हुन्छ, गुरू !'

त्यसपछि मन्त्रीज्यू प्रगतिशील बजेटको कर्मकाण्ड गर्न आफ्नो कक्षतिर लागे । विचरा लुखुरे गुरू झोला बोकेर उभिरहेका थिए । उनका असली मित्र आइपुगे । केहीबेर भलाकुसारी गरे । उमेरमा जतिसुकै पाप गरेको भए पनि उनी मुक्ति चाहन्थे । त्यसैले जीवनको निवृत्त समय त्यसै बिताउनुभन्दा केही सिर्जना गरेमा समाजले मुक्ति पाउने हुँदा आत्मवृत्तान्त प्रकाशित गरेको कुरा सुनाए । हात जोडेर अनन्य मित्रलाई अनुरोध गरे ।

-'मित्र ! यो आत्म-वृत्तान्तको जसरी पनि हजुरको हातबाट दस दान गरिदिनुपर्‍यो । नत्र म नर्क पर्ने भएँ ।'

-'दस दान ?'

-'हो ! समालोचना लेखिदिनुपर्‍यो !'

-'के तपाईं पनि सफायामा परेको हो र ?'

त्यसपछि मन्त्रीज्यूले आत्म-वृत्तान्तकारलाई देखेर सोध्न भ्याइहाले ।

-'तपाईंको मुद्दाको पेसी भयो ?'

लुखुरे गुरू सकिनसकि समालोचना र समीक्षा लेख्न किताबको झोला काँधमा राखेर अगाडि बढे । मन्त्री र मित्रको कार सलल्ल अगाडि गुडेर बढिरहेको थियो । यत्तिकैमा उनलाई कसैले सम्झाइदियो ।

-'थुइक्क ! त्यै गाडीमा चढेको भए त हुन्थ्यो नि ! किताबै बोक्नपर्ने थिएन नि गुरू !'

-'होस् ! कर्मकाण्ड !'

उनी फेरि निष्कलङ्क त्यसै हाँसिरहेका थिए । भीड सकिएको थियो ।

१९९

# नमस्कार

वरिष्ठ वाम-बुद्धिजीवीलाई भेट्नासाथ मैले सद्भाव देखाउनका लागि हात मिलाउन आफ्नो हात बढाएँ । उनी झसङ्ग भएर टाढैबाट पन्छिएर भने ।

-'नमस्कार मात्रै है, अब नमस्कार !'

म अलमल्ल परेँ । त्यत्रा क्रान्तिका गुरूको चाला देखेर मनमनै प्रश्न उठ्यो । जे सुकै होस् भनेर प्वाक्कै सोधिदिएँ ।

-'हैन गुरू ! हाम्रो ऊ बेलाको क्रान्तिकारी कम्रेडली हात मिलाउनु न के !'

-'ह्या..! छोडदेऊ साथी ती कुरा, उहिलेका कुरा अब खुइले । समयको माग हो ।'

हात मिलाएर गरिने उहिलेको हैन्ड्स चेक कमरेडका लागि हिजो सुरक्षा र शान थियो । आज हात जोडेर गरिने नमस्कार भने मान र सुरक्षा दुवै हो भन्ने उनको बुझाइ थियो । त्यसैले उनीसँगै बुद्धिविलासमा आएका अरू बुद्धिजीवी देख्यो कि भनिहाल्थे ।

-'कोरोना नमस्कार !'

उल्टो फर्केका अर्को बुद्धिजीवीले ती गुरूको भुइँमा कुरो खस्न नपाउँदै स्याट हानिहाले ।

-'ढोँगी कुरा !'

भेला भएका जति बुद्धिजीवीहरूलाई हात मिलाउन खोज्यो, त्यति नै कोरोना नमस्कार गरेर पन्छिन्थे । उनीहरूलाई किन यस्तो गरेको ? भनेर सोध्यो भने मुखमा आएको जवाफ एकै स्वरमा दिन्थे ।

–'संसारमा चलेको हावा !'

मलाई यी सब तमासाहरू देखेर मेरो बुद्धि जोग्न मन लाग्दथ्यो । अनि मनमा प्रश्न उठ्थ्यो ।

–'हावा भर्ने र हावामा उड्नेहरूले रीति र थिति सब बिगारे ।'

उभिरहेको थिएँ । एकजना बुद्धिजीवी झटारिँदै आए । ठ्याक्क मेरो खुट्टामा ल्याएर उनको खुट्टा जोड्दै भने ।

–'लहै कोरोना नमस्कार छ !'

मलाई पनि रिस उठ्यो । मैले पनि कन्चट तताएर भने ।

–'यस्तो नि नमस्कार हुन्छ ? यो त छिर्के हानेको हो छिर्के मलाई !'

उसले मलाई फेरि मरिमरी हँसाउने गरि भन्यो ।

–'हात मिलाउन खोज्यो । कसैले मिलाउँदैन । बरू पुरातनवादी नमस्कार गर्नुभन्दा यै ठीक !'

–'यो त नमस्कार हैन नि !'

–'ल.. ! कोरोना लात्ती नमस्कार भनेको यै त हो !'

हामी सबै बेसरी हाँसिरहेका थियौँ । बुद्धि-विलासका अनेकौँ हावामा उडिरहेका थियौँ । पछाडिबाट मलाई कसैले ड्याम्म दनक दियो ।

–'आँखा छैन, त्यसै ढलाउन खोज्ने ?'

–'नकराऊ न साथी यो कोरोनाको हात्ती नमस्कार हो, के ।'

त्यो वरिष्ठ बुद्धिजीवी डाक्टरको पनि सोमत देखेर चिच्याट लाग्यो र टाउकोमा हात राखेर जलिरहेँ ।

–'उफ् ...! यसलाई पनि कोरोनाको हावा कत्ति लागेको ? सक्ने भो अस्पताल पनि !'

त्यसपछि सबैसँग एउटै विकल्प थियो । हावाको भरमा तैँ चुप मै चुप !

२००

# अलप

मोबाइलको पर्दामा निकै लोभलाग्दो विज्ञापन आयो । दयाराम विज्ञापन देखेर ट्वाल्ल परे । उनको मन खिस्रिक्क भयो । विज्ञापनको मोबाइलको भाषा नियालेर हेरे ।

–'गुणस्तरीय, सस्तो, राम्रो, आरामदायी र हावा भर्न मिल्ने सोफा !'

अनायासै उनको मनबाट आक्रोशको बेजोड ज्वाला उरालिएर आयो । मुखबाट प्वाक्क निस्क्यो ।

–'हावा भर्ने सोफा कि हावा सोफा ?'

केही दिन अघि अनलाइन विज्ञापनमा हौसिएर उनले आफ्नो कोठामा सजाई राखेको त्यस्तै सोफा बेलुका टनक्क हावा भरेर बेलुनझैँ पुष्ट पारेर राख्थे । बिहान उठ्दा चाउरिएर गुन्द्रुकझैँ भएको हप्ता दिनभन्दा बढी भइसकेको थियो । उनलाई त्यो सोफादेखि रिस त उठेको नै थियो । निकै औडाहा पनि चलेको थियो ।

–'सस्तो बेसा पेट लागि मर ! हावा मान्छेले किनेको हावा सोफा, एकदिनमै हावा चट् !'

श्रीमतीको यस्तो व्यङ्ग्यरूपी गनगनले उनको मनमा निकै चोट परेको थियो । तिनलाई दिने जवाफ उनीसँग थिएन । उनी चिन्ताए ।

–'उफ् ! महँगो त्यस्तै ! सामान आयो। पैसा गयो । हिसाबकिताब ह्वाम ।'

त्यसपछि उनलाई भर्खरै आएको मोबाइलको विज्ञापन देखेर रिस उठ्यो । रिस फेर्न मन लाग्यो । कमेन्ट बक्समा लेखिदिए ।

-'दुई दिन पनि नटिक्ने विज्ञापन !'

मेसेज बक्स र मेसेन्जरमा हैरान हुनेगरी कमेन्ट र कल आउन थाल्यो । सायद विज्ञापन दिनेलाई निकै अप्ठेरो पर्‍योहोला । ग्राहकको अप्ठेरोका लागि त्यो कल र मेसेज आएको थिएन् । दयाराम पनि त एउटा ग्राहक नै थिए । विज्ञापन दिनेले झर्केर कलमै खाउँला झैँ गरेर हपार्‍यो ।

-'त्यो त्यो, को तपाईं ?'

रिस उठ्यो, झोक देखाएर लेखिदिए !

-'तपाईंको हावा सोफा किन्ने ग्राहक !'

-'के भयो ? के कमेन्ट लेखेको ?'

-'हावा सोफाको औडाहामा दुईदिन पनि नटिक्ने विज्ञापन । एकछिनमै सोफाको हावाझैँ अलप !'

दयाराम फेरि सो हावा भर्ने सोफाको विज्ञापन निकै खोजिरहेका थिए । अहँ अचेल कतै पनि भेटिएका थिएनन् । उनलाई लाग्यो ।

-'यो पनि अर्को ठग भेटेँ !'

२०१

# फरिया

–'कालले छोड्ला, त्यसले छोड्दैन् ।'

अलपत्र परेको साइँलो कराइरहेको थियो । उससँग कुनै जासुसी अधिकार थिएन । इमानदारिताको हदले उसलाई काम दिन छोडेको थियो । एकरात ऊ बहुला भयो । बिहानपख भुसुक्क निदायो । बिहान निकै ढिला भएको थियो । कमलीले उसलाई निकै चिच्याएर बोलाई ।

–'दिन ढल्केर गइसक्यो । दिनरातै सुत्ने कुम्भकर्णको सन्तान !'

साइँलोलाई कमलीको बोलीले खास फरक पारेन । उसले मनमनै सम्झ्यो ।

–'यसको बाबु हाकिम भएर के खुल्क्यो त मलाई ?'

यसो आँखा घुमाएर के हेरेको थियो । उसले किलामा फरिया झुन्डिएको देख्यो । त्यसपछि ऊ फरियाको बारेमा निकै चिन्तन गर्न थाल्यो । उसको आँखाअघि झुन्डिएको फरियाको कहानी सम्झेर आफै मरिमरी हाँस्न थाल्यो ।

–'ऐतिहासिक फरिया !'

ऊ गर्वले फुलेल पनि भयो । उसले आफ्नो नातामा पर्ने सासूआमाको त्यो फरियाको घटना सम्झ्यो । त्यो फरिया लगाएर उनी एकदिन माइत गएकी थिइन् । उनले आफन्तबाट खुब सम्मान पाएकी थिइन् । मान, इज्जत र आदर्शको प्रतीकको रूपमा रहेको त्यस फरियाले उनलाई जीवनमा निकै सुख र शान्ति प्रदान गरेको थियो । उनले निकै सुखको जीवन बाँचेको कारणले त्यो फरिया छोरीलाई उपहार स्वरूप पठाइदिएकी थिइन् ।

–'ए साइँला, तँसँग फरिया छैन ?'

मानेको अचम्मलाग्दो कुरा सुनेर साइँलो वाल्ल न उल्ल भयो । मानेलाई उल्टै प्रश्न गऱ्यो ।

-'कुरा बुझिन, राम्रोसँग भन् न !'

-'तेरो फरिया भए मेरो छोरालाई जागिर खुवाउन ज्याक लगाइदिनुपऱ्यो भनेर !'

जागिरको कुरा मानेले झिकेपछि उसले सहरको नेताहरूमा चलेको फरियावादको कुरा पनि सम्झ्यो । उसको फरियाको नातासम्बन्ध कसैसँग थिएन । काँठको भएकोले साइँलोले जीवनमा सासूआमाको फरियाबाहेक उसको अगाडि कुनै पहिचानको फरिया छँदैथिएन ।

-'पाटे अल्छी ! जागिर खान जानु नि । यसरी सधैँ बौलाएर हिँडेर हुन्छ ?'

फरियामा अल्झिएको उग्रदम्भको नीच भावमा कमलीको आक्रोशपूर्ण लवज छुट्यो । उसले त्यसलाई स्वामिनीसँग स्वप्निल तीतो पोखेर जवाफ फर्कायो ।

-'तेरै फरिया छैन त के गरूँ ? झुन्डिएको फरियाले जागिर हुँदैन !'

-'ल ल पर्खनोस् मेरा बालाई भनेर जागिर खुवाउँला । फरियाको पटुकाले काम चलाउँला !'

साइँलो फरियामा झुन्डिएको जागिरमा जान तयार भयो । उसलाई के काम गर्ने थाहा थिएन । तैपनि फरियाको जागिरमा ऊ पनि किलामा झुन्डिएर बसिरह्यो । कहिलेकाहीँ कमली ठट्टा गरेर अचेल साइँलोलाई जिस्क्याउँथी ।

-'देख्नुभयो त फरियाको पावर ?'

-'उफ् ! जहाँ फरिया त्यहाँ भरिया !'

साइँलोले मानेलाई अर्ती दिँदै थियो । माने छोराको जागिरको लागि सहरमा फरिया खोज्न भौँतारिरह्यो । उसले सहरमा नातागोता, आफन्त, ज्वाइँ, भेना, जेठान, साला, ससुरा कोही भेटेन । तब उसलाई रिस उठेर आयो । चमेलीलाई पसलमा गएर एकजोर नयाँ फरिया किनेर गाउँतिर फर्क्यो । घर पुग्दा उसको फरियाको रङ खुइलिसकेको थियो । किलामा नाम्लो मात्रै थियो ।

-'उभिनका लागि भनसुन र श्वासका लागि मनसुन झैं खतरा !'

२०२

# भूमिपति

–'ओहो ! आफ्नै खेतमा धान उमारेर खाने दाइ !'

हर्केको कानमा परेको आवाजले मथिङ्गल रन्थनियो । ऊ साइकलमा बोकिरहेको दूधको गबुवालाई भुइँमा थचारेर थचक्क बस्यो । अनायास उसको कानमा परेको यो सन्देश उसकै लागि शुभ हुने सङ्केतको थिएन । तब उसले मेजरलाई भन्यो ।

–'दूधको भाउ बढाइदिनु पर्‍यो, हजुर ! नत्र भोकभोकै मरिने भइयो ।'

मेजर चुपचाप लागे । उनी हर्केको सम्म परेको जमिन देखेर मनमनै मौका छोपिरहेका झैँ देखिन्थे । जमिन जान्दा सम्पत्ति नजान्दा विवत्तीको विषय हुने कुरा मेजरलाई मात्र थाहा थियो ।

–'लौ, अब तपाईंको चारआना जग्गा बेच्नोस् । कार किनेर चढ्नोस् !'

–'किन्न त हुन्थ्यो नि, पैसो छैन ।'

–'जमिन बेचेपछि त्यही पैसाले कार किन्नु, दूध कारको डिकीमा राख्नु । साइकलमा के दूध बोकेर हिँडेको ? लाजमर्नु यत्रो सम्पत्तिको मालिक रे उहाँ भने !'

दूध बोक्दाबोक्दा थाकेको हर्के बाटोमा जमिन बेच्ने र कार किन्ने कुरालाई मनमा डुलाउँदै घर पुग्यो । उसको सपना उचालिएर चुलियो । श्रीमतीलाई जमिन बेचेर कार किन्ने कुरा भन्यो ।

–'कस्तो ठ्याक्कै मनको कुरा भनेको बूढा तिम्ले !'

उसकी श्रीमतीको मन कार चढ्ने कल्पनामा दौडिन थाल्यो । हर्केको कार चढ्ने सपना पनि हौसियो । जमिन बेचे । खुब पैसावाल भए । रवाफ देखाए । गाउँमा तरल पैसा भएपछि दुईचार महिना श्रीमतीले पनि आदर गरेर भन्न थाली ।

–'ओहो ! हजुर त घुमाउन पनि लगिसिन्न !'

उसको घरमा प्रवेश गरेको उच्चघराना सान, सौकत, भाषा र भवन सजावट देखेर गाउँका मानिसहरू पनि ठान्थे– हर्केले निकै पैसा कमायो । एकदिन कारमा हुँकिरहेको हर्केलाई थरीले भने ।

–'हेर् न ! हाम्रो त जमिनै बिक्दैन !'

हर्केको एकातिर देखावटी सुख भए पनि मनमा त्रासले पीडा दिइरहेको थियो । उसलाई बोल्न कर लाग्यो ।

–'तपाईंको जग्गामा मोही लागेको छ ?'

–'मोही त लागेको छ नि त !'

–'त्यसो भए तपाईंको सम्पत्ति बच्यो !'

–'किन र त्यस्तो ?'

–'के भन्नु र पीडा ! मेरो त सकियो, कार चढेर !'

–'अब के गर्छस् त ?'

–'नसोध न धेरै, पहिला खेतमा धान उमारेर खान्थेँ, अहिले धान उमार्ने खेत खाइरहेछु ! कतिन्जेल बाँच्छु थाहा छैन । आफू मरेपछि डुमै राजा !'

जब दुवैजना सामान्य मुस्कानमा हाँसिरहेका थिए । तब थरीले प्वाक्क भन्यो ।

–'हामी न, भूमिपति !'

२०३

# टोकन

-'यो त क्या मुलुकी खाना ?'

-'हो ! हाम्रो रगत चुक्ता गर्ने ठाउँ !'

लाइन बसिरहेका दुई बबुरा जनहरू वार्ता गरिरहेका थिए । उनीहरूलाई रगत बापतको शुल्क तिर्न खास कठिन थिएन । बरू रेकर्डमा चढाएर बुझाएको प्रमाण लिन हम्मे हम्मे थियो ।

-'जीवनलाल को हो ?'

-'हजुर मै हो जीवनलाल !'

खचाखच कार्यालयको भीडमा डकुमेन्टको क्लेरेन्स कुरिरहेको जीवनलालले हात उठायो ।

-'तपाईंको रेकर्ड कार्यालयमा पाइएन । हाकिमलाई माथि गएर भन्नोस् !'

-'पन्ध्र वर्षदेखि रेकर्ड ठीक थियो हजुर ! रेकर्ड कहाँ हरायो त ?'

-'तपाईंलाई थाहा छैन ? यो आन्तरिक कुरा !'

-'अहँ थाहा छैन । थाहा दिनुपर्‍यो नि के भएको हो भन्ने कुरा !'

-'उफ् ! आन्तरिक कोठा सरेको सबै भताभुङ्ग छ, के भन्ने अब ?'

हाकिमको टेबुलअगाडि पुगेको जीवनलाल आफ्नो रेकर्ड नपाएको गुनासो गरिरहेको थियो । हाकिम घुम्ने मेचमा बसेर झुलनामा झैँ सजिएको मेचमा झुलेर मोबाइलमा व्यस्त देखिन्थ्यो । बेलाबेलामा उनको बोलीको आशयमा कुनै सुन्दरीसँग प्रेमालाप वार्ता गरेको झैँ लाग्दथ्यो । जीवनलालको धेरै अनुरोधपछि

उसले यसो आँखा लोलाए झैँ गरेर जीवनलाल तर्फ फर्केर भन्यो ।

-'के हो तपाईंको ?'

-'हजुर मेरो रेकर्ड छैन रे ! पोहोरसम्म यही थियो । तलको सरले भनेको हरायो रे !'

उसले एकछिन आलटाल गर्‍यो । टेबलमा रहेको घन्टी थिच्यो । समय निकै घर्किसकेको थियो । घन्टीको आवाज सुनेर पनि कोही हाकिमको छेउमा आएनन् । जीवनलाल तलको सरलाई पर्खेर हाकिमको अगाडि कुरिरह्‍यो । जीवनलाल आफ्नो काम आजै सक्नै पर्ने बाध्यताले हाकिमसँग खासखुसमा गोप्य कुरा खोल्यो । हाकिम ट्वाइलेटभित्र पसेर बाहिर निस्कँदै गर्दा मोबाइलमा कुरा सकिएको थिएन । उसले जीवनलाललाई सोध्यो ।

-'टोकन लिएको छ ?'

-'लौ खा त्यो त छैन !'

एकछिन पछि माथि उक्लेको क्लेरेन्स फाइल र टोकनसँगै हातमा लिएर तल बसेको सर अगाडि उभिएर भन्यो ।

-'पहिले नै टोकन मिलाउनु पर्दैन त सर ? सङ्केत गरेको भए दस मिनेटमा कामै सकिन्थ्यो । उम, जीवन सर, तपाईं पनि कति सोझो !'

त्यसपछि जीवनलालले आफ्नो रगतको शुल्क राज्यलाई बुझाए । आज उनलाई मनमा लागेको छ ।

-'टोकनका कारण भ्रष्टाचार उन्मूलन सकियो !'

२०४

# अन्तिम भाषा

–'नारायण ! नारायण !! बा !, ओम नमो शिवाय भन्नुस् बा ! ओम नमो शिवाय !'

कल्ले घाटमा कुरिरहेको घाटे वैद्यले उमानाथलाई भने । उमानाथको श्वास अझै गएको थिएन । जीवनको अन्तिम प्रहरमा रहेका उनको वरिपरि कोही आफन्त थिएनन् । घाटे वैद्य केही जडीबुटी पिँधेर उमानाथको निधारमा लेपन लगाइरहेका थिए । सामान्य स्लाइन चढाएर घाटे वैद्यले उनको नजिकको आफन्तलाई खबर गर्न छेउ लागेर मोबाइल थिच्न सुरू गरे । निःसन्तान उमानाथको आफ्नै भन्नु सालीको छोरो बाहेक को नै थियो र !

–'बिरामी अन्तिम हुनलाग्यो । छिटो आउनुस् !'

–'ल ल, डाक्टर साब म कागज बनाएर आइहाल्छु । सकिन लाग्यो !'

उता उमानाथको श्वास अड्किरहेको थियो । पीडाले छटपटाइरहेका उनको के कारणले हो प्राण जानसकेको थिएन । बेहोस उमानाथलाई घाटे वैद्यले ठूलो स्वरमा सोधे । उनले घाटे वैद्यको स्वर सुने या सुनेनन् पत्तो थिएन ।

–'हजुरको मान्छे आउनै लागे बा ! हरे राम भन्नुस् बा, हरे राम !'

उमानाथ अझै छटपटीमा थिए । घाटे वैद्य बिरामी हेरिहेको थियो । त्यत्तिकैमा सालीको छोरो आयो ।

–'पापी मर्न नसकेको बूढा, कति छट्पटाइरहेको ?'

घाटे वैद्यले त्यो ठिटोको सो वाक्य सुनेर अचम्म माने । वाल्ल परिरहे । उसले मनमनै आफूले आफैलाई प्रश्न गरे ।

-'यस्ता पनि सन्तान !'

रातै पारेर रङ्गाएको अल्का पालेको कपाल ढल्काएर उमानाथको छेउमा उभिरहेको सालीको छोरो केही क्षण ट्वाल्ल परिरह्यो । केही भावुकता र केही रिस मिश्रित भावमा सालीको छोरोले बेहोसजस्तै उमानाथलाई सोध्यो ।

-'अन्तिम केही भन्नु छ कि ?'

उनले यसो मुन्टो हल्लाए भैँ गरे । मुखबाट शब्दहरू कुनै निस्केन । त्यसपछि उमानाथ लत्रक्क पर्दै गए । सायद उनले प्राण त्यागे होलान् । उनको अन्तिम वाक्य सुन्न लालायित सालीको छोरोले पनि सकेन । त्यसपछि सालीको छोरोले आफ्नो खल्तीबाट कागज निकालेर अन्तिम भाषामा लेखिएको बेहोरामा मृतक भएका उमानाथको बूढीऔँलाको ल्याप्चे ठोकायो । हेरिरहेको वैद्यलाई चित्त नबुझेर सोधे ।

-'के गरेको यो ?'

-'बकपत्रमा सही गराएको !'

-'किन ? तपाईं छोरो हैन र ?'

-'छोरा त हो तर झड्केलो !'

त्यसपछि झड्केलोले वैद्यलाई उमानाथको जीवनको वेलीविस्तार लगायो । वैद्य सुनिरह्यो । उमानाथलाई उठाएर घाटेहरूले ब्रह्मनालमा राखे । झड्केलो लामो श्वास फेरेर सायद मनमनै अन्तिम भाषा सम्झिरहेको थियो ।

-'अब त सम्पूर्ण सम्पत्ति मेरो ! बाबाको स्वर्गवास होस् !'

२०५

# करको दर

–'जगल्टामा समातेर कोच त यसलाई !'

–'हजुर माफ पाऊँ अब गर्दिन !'

यौनको आगोमा बलिरहेकी युवतीलाई महिला प्रहरी हप्काइरहेकी थिइन् । यौनप्यासी युवती लाजले मुख छोपेर माफ मागिरहेकी थिई । भ्यानमा भएका पुरूष प्रहरीहरू अभियुक्तलाई पर्खेर बसिरहेका थिए । लजमा रहेको यौन पिपासु पुरूष भागिसकेको थियो ।

–'भन् त्यो उल्लु कहाँ भाग्यो ?'

–'थाहा छैन हजुर !'

–'कतिबेर भयो लजमा बसेको ?'

–'भर्खर आएको सर !'

त्यसपछि चुपचाप लागेका महिला प्रहरीले लजवालालाई केराइन् । लजवालाले केही बोलेन । उसले भित्रबाट आफ्नो श्रीमतीलाई डिल गर्न पठायो । महिला प्रहरीले त्यो आइमाईलाई देख्ने बित्तिकै प्रश्न सोधिन् ।

–'यिनीहरूलाई चिनेको छ ?'

–'छैन हजुर !'

–'कति बेलादेखि आएका ?'

–'भर्खर पसेका मात्र हुन् !'

महिला प्रहरीले यौनप्यासी त्यो फुच्चीलाई भ्यानमा राख्यो । लजवालालाई

पनि कोच्यो । दुवै एकअर्कालाई हेरिरहेका थिए । सायद मनमनै व्यापार पनि गरिरहेका थिए । तर यो बोल्ने विषय थिएन । मात्रै उनीहरू आँखा जुधाइरहेका थिए । भरेको व्यापार कस्तो हुने हो, सोचिरहेका थिएनन् । यत्तिकैमा भ्यानभित्र रहेको पुरूष प्रहरीले ठट्टा मार्‍यो ।

–'दर कति हो ?'

उनीहरू कोही बोलेनन् । भ्यानमै भएकी महिला प्रहरीले अर्को ठट्टामा भनिन् ।

–'अचेल बजारको भाउ बढेको छ, कति हुनु ?'

यस्ता ठट्टा सुनिरहेका ती यौनप्यासी र लजवाला बोल्न थाले । पहिला लजवालाले बोली ।

–'नाफा छैन हजुर अचेल आएको जति सबै जान्छ !'

सोझो प्रहरीलाई अचम्म लाग्यो । उसलाई यो कुरामा निकै जिज्ञासा चल्यो अनि उसले यौनप्यासीतिर आँखा लगाएर सोध्यो ।

–'कता जान्छ ?'

तब लजवालाले यौनप्यासीलाई आँखा लगाई । यौनप्यासीले अर्को पुरूष प्रहरीलाई आँखा लगायो । ऊ भ्यानमा भएको निकै ठूलो दर्जाको थियो, सायद । उसले त्यो यौनप्यासीलाई निकै मायालु भावमा भन्यो ।

–'फुच्ची पगली ! कहाँ जान्छ थाहा पाउनु पर्दैन त त्यति नि ?'

त्यसपछि यौनप्यासीसहित चोकमा पुग्ने बेलामा ठूलो दर्जाको प्रहरीले तिनीहरूलाई छोडिदिने आदेश दियो । उनीहरू त्यहाँबाट छुटेको केही छिनपछि पगलीले आफ्नो दर घटाई र प्यासको कर चुक्ता गरी । लजवाला भित्रभित्रै मुर्मुरिरहेको थियो ।

–'आज पनि व्यापार चौपट, करको दर कति बढेको बा बा टिक्नै गाह्रो !'

❀

२०६

# राजनीतिक चिना

-'त्यसले त गुट परिवर्तन गरेछ !'

स्वार्थ लिप्त कार्यकर्ताहरू नेतालाई चिल्लो घसिरहेका थिए । नेता आफ्नो समर्थनबारे केराइरहेका थिए । उनको अन्दाज थियो । माहोल कतै गडबड छ कि वा अन्यथा ? त्यसपछि मैले पनि गडबड भएको समर्थनका लागि ज्योतिषलाई चिना देखाउने विचार गरेँ । जब म ज्योतिसकहाँ पुगेँ । आफ्नो घत हेरिदिन भनेँ । उनले ट्वाक्कै भनिदिई हाले ।

-'चिना ल्याएको छ ?'

-'ल्याउन त ल्याएको छ !'

-'कुन चिना ?'

-'राजनीतिक चिना !'

-'त्यस्तो चिना त मैले कहिल्यै थाहा पाएको छैन !'

त्यसपछि म अलमल्लमा परेँ । उहिलेदेखि राजनीतिमा लागेकोले घरमा भएको पुरानो बाकस टकटक्याउन थालेँ । खोज्दैजाँदा बल्लतल्ल एउटा झुत्रो खुइलिएको चिर्कटो फेला पऱ्यो । म त्यही चिर्कटो बोकेर ज्योतिष भए ठाउँमा पुगेँ । उनलाई राजनीतिक चिना देखाएँ ।

-'लौ हजुर मेरो राजनीतिक चिना यही हो ।'

उनले मेरो सदस्यता पत्र हातमा लिँदै भने ।

-'यो त थोत्रो न थोत्रो सिमसिम राजाको पालाको रैछ । यसले काम दिन्न । अचेल यसलाई ग्रहदशा चढेको र राहु केतुले दुःख दिएको देखिन्छ ।'

त्यसपछि मलाई अत्यन्त झोक चल्यो । ज्योतिषकै अगाडि कराएर भनिदिएँ ।

-'झुरपटास ! अब मैले गुट छोडेँ !'

त्यहाँबाट मैले राजनीति चिना देखाउन छोडेर जन्म चिना देखाउन अर्को ज्योतिष भए ठाउँमा धाउन थालेँ । अर्को ज्योतिष बडा गजबका थिए । उनलाई आफ्नो नाता पनि भनेँ । धनसम्पत्ति र बलको कुरा सुनाएँ । परेको बेला जुनसुकै आवश्यक सहयोग गर्नसक्ने कुरा पनि बुझाएँ । उनलाई पनि लागेछ- उनीभन्दा म निकै शक्तिशाली ठानेछन् क्यारे । उनले जन्म चिना हेरेरै प्वाक्क भनिदिए ।

-'ओहो, तपाईंको छ-छवटा राजग्रह परेको रैछ, क्या भाग्यमानी !'

मेरो नाक फुलेर आयो । चिनामा लेखेको भाग्य कसले नै मेट्न सक्छ र ? भन्ठानेर, फन्याकफुरूक यताउता पुग्न लागेँ । त्यसपछि मलाई यता देखे उसको भन्न थाले, उता देखे यताको भन्न थाले । हुँदाहुँदा घर फर्कंदै थिएँ । भित्र पस्न नपाई ढोकैमै छेकेर घरवालीले भनिन् ।

-'तपाईंले के ? अचेल गुट परिवर्तन गरेको ?'

मैले लाललाल नेत्रका ज्वालामा झपार्दै उनलाई जवाफ फर्काएँ ।

-'खै त मेरो राजनीतिक चिना ?'

-'तपाईं भनेको मान्नु हुन्न, हाम्रो गुटमा लाग्नोस् भनेको त हो नि, चिना भइहाल्छ एकछिनमै !'

२०७

# काँतर किलर

वैज्ञानिकहरू प्रयोगशालामा थिए । बिरामीहरू पनि अस्पतालको बेडमा भकाभक हुँदैथिए । मेरो मुखबाट त्यसै आत्तिएर जोडले झटारिँदै शब्द फुस्क्यो ।

-'जासुस !'

यो शब्द सुन्नेबित्तिकै नजिकै उभिएको सीमासुरक्षा बलको कन्चट तातेर आयो । ऊ तिल्मिलाउन थाल्यो । त्यसपछि उसले आफ्नो कम्मरमा भएको पेस्तोल झिकेर फनक्क घुम्यो । एक फायर आकासतिर गऱ्यो । सबतिर कोलाहल मच्चियो । सबै भागाभाग गर्न लागे । उसले लल्कारेर भन्यो ।

-'दुस्मनको एकएक हिसाब चुक्ता हुनेछ !'

यस्तो दृश्यको खासै अनुभव नगरेको मेरो मन त्यसै आतङ्कित बनेर आयो । मैले- जासुस भन्ने बारे के जानेको छ ? भनेर उसलाई सोधेँ । उसले मलाई गफ दिइहाल्यो ।

-'अचेल दुईप्रकारका जासुसहरू दुनियाँमा शक्तिशाली छन् ।'

मैले कुरा नबुझेर पेस्तोल हातमा लिएको त्यो सीमा सुरक्षा बलको मानिसलाई सोधेँ ।

-'कुन कुन भन्नु न त ?'

-'त्यति पनि थाहा छैन ? रसायनिक जासुस !'

-'हरे शिव, अर्को कुन हो त ?'

-'लौ ! तपाईं पनि कति मूर्ख !'

ऊ, मदेखि मरिमरी हाँस्यो । मेरो सबै नालीबेली पनि केलायो । उसले ठट्टामा गम्भीर भएर भन्यो ।

–'बुझ्नु भो ? अर्को डेन्जर भनेको जैविक दुस्मन हो । जो अहिले विश्वमा खुब जासुसी गर्दैछ । बरू तपाईंसँग कोरोना भाइरस छ कि ?'

कामिरहेको त्यो सीमासुरक्षा बलको मानिस पेस्तोल चोर औँलामा घुमाइरहेको थियो । मैले त्यसलाई सजिलै उत्तर दिएँ ।

–'हामीसँग कहिल्यै भाइरस हुँदैन, गणतन्त्र आइसक्यो ।'

मैले उसलाई निर्धक्क उत्तर दिँदै थिएँ । ऊ भने अति नै धकिरहेको थियो । फेरि थपेँ ।

–'हामी त गोर्खालीको बच्चा हो । कत्राकत्रा युद्धमा बहादुरी देखाउनेहरूका जात हौँ । कोरोना हामी देखेपछि आफै डराएर भाग्छ । त्यसपछि नि केही नलागे रक्षा गर्ने पशुपतिनाथ छँदैछन् ।'

उसले जासुसको हर्कत सम्झिरहेको थियो । फेरि अर्को फायरिङ गर्‍यो । मलाई पेस्तोल तेर्स्याएर भन्यो ।

–'ओ... भाइरस किलर ? यहाँ कोही मानिसहरू छैनन् !'

–'कोदेखि तर्सेर फायर गर्नुभयो ?'

–'उफ् ! तपाईं पनि ? यत्रो दुनियाँ थर्काउने कोरोनाका जासुसीका कारणले जनताहरू आतङ्कित छन् । बुझ्नु न तपाईं आफै ।'

–'के बुझ्ने त अरू ?'

–'ल ल भो, बहादुरी नदेखाउनुस् ! अचेलका गोर्खाली कति काँतर छन् ! देखिसकियो !'

–'कहाँ देख्नुभयो ?'

–'खै त कालापानी र नालापानीको सीमा ?'

–'लौ, त्यो त कोरोनाले उहिल्यै मिलाइसक्यो !'

त्यसपछि हामी दुवैको नाक जोगियो, फायरिङ पनि रोकियो ।

२०८

# अदलबदल

-'तिम्रो मुटु छ ?'

प्रेमिकाको झैँ यो प्रश्न सुनेपछि युवक त्यसै अलमल्ल भयो । उसलाई होच्याए झैँ लागेर आयो । उसले सम्झ्यो । आजकल केटीहरू किन पागल हुन्छन् भन्ने ठानेर जवाफ दियो ।

-'मुटु नहुनेले पनि कतै प्रेम गर्छ त ?'

-'लौ ! त्यसो भए आज मलाई खाना खुवाउनु !'

-'खाना खुवाउने ? ए !'

-'ल ल एउटा जड कुरो छ के !'

युवकको आकर्षण एकाएक चुम्बकीय तरङ्गझैँ बनेर बदलियो । उसको आशातीत मौनता त्यसै खल्बलिएर उठ्यो । उसको अगाडि रहेको सिटमा बसेर पत्रिका पढेकी युवतीको आँखामा कालो चस्मा थियो । हातमा पत्रिका थियो । उसले पत्रिका पढिरहेकी थिई । झट्टहेर्दा निकै विद्वानजस्ती देखिएकी सो युवतीले अलिपर पुगेको बसबाट बाहिर हेरी । नम्र स्वरमा एउटा झोला उसलाई दिँदै भनी ।

-'यो झोला एकछिन समाइदिनु न ल ?'

युवकले मानवीय धर्मको पालनासँगै सहृदयी मुलायम स्वरको आदरमा मिसिएको पराकर्षण भावमा झोला सपक्कै समायो । ऊ पत्रिका पढिरहेकी जस्ती थिई ।

-'सुन्नु त, पत्रिका उल्टो परेछ !'

युवती लाजले रातो भए पनि केही बोलिन । नजिकै रहेको अर्को अधबैँसेले ठट्टाको भाषामा भन्यो ।

-'नानीले पिएचडी गरेको छ, हो ?'

ऊ झन् कालोनीलो भई । उसको अनुहार पत्रिकाले छोपिएला जस्तो भएको थियो । पत्रिकाको तन्किएको फाँच चराको पखेटाझैँ फराकिएका थिए । युवक भने बोलिरहेको थिएन । उसको आँखा युवतीको मोहक सौन्दर्यमा लिप्त थियो । उसले बोकिदिएको झोलाले उसलाई कुनै सकस दिएको थिएन । गुडिरहेको बस घ्याच्च चेकपोस्टमा रोकियो । पुलिसले सबै यात्रुको झोला चेक गर्न लाग्यो । युवकले बोकिरहेको झोला युवतीलाई दिन खोज्यो । उसले चस्माभित्रको प्रेमिल आँखाले भनी ।

-'एकछिन ल ? अलि परसम्म !'

युवक चुप लाग्यो । पुलिसले सबैको झोला चेक गऱ्यो । संयोगबस उसको झोला चेक जाँचमा नपरेपछि बस अगाडि हुइँकियो । त्यसपछि युवकसँग रहेको झोला आफ्नो हातमा लिई । फटाफट अर्को स्टपबाट कता हो, त्यो अलप भई ।

-'तिम्रो मुटु दर्हो रैछ, धन्यवाद !'

हेरेको हेऱ्यै भएको युवकलाई बसको अर्को यात्रुले त्यसै सुनायो । युवकले कुरा नबुझेर शङ्कामा सोध्यो ।

-'उदात्त लीला ?'

-'धन्न बच्यौ भाइ ! त्यसको उन्मत्त खजानासँग !'

युवतीसँग दिवानाको उन्मादमा रूमल्लिरहेको युवकका आँखाहरू टाढा टाढासम्म दौडिरहेका थिए । उसको छायाँ भए पनि स्वरूप थिएन । सम्झनाको उन्मादले मुटु हल्लिरहेको थियो । त्यसपछि उसले सम्झ्यो ।

-'त्यसको उन्मादले धन्न मन्त्री हुन जोगिएछु !'

लामो सास तानेर बसको चालकले सुइय्य गऱ्यो । युवकलाई अचेलको मौसमबारे तिखो लयमा भन्यो ।

-'के गर्नु यस्तैको त छ बजार भाउ !'

हावाहुरीको मौसमका बीच बेलुका खबरहरू वरपर सुनियो ।

-'अदलबदलमा ऊ पनि छुट्यो, म पनि फुटेँ !'

२०९

# लाञ्छना

सतहमा उडेको धूलोले आँखा बिझाइरहेको थियो । तुवाँलोको रिमरिमसँग गरम वायुका तरङ्गहरू टाढासम्म चलिरहेका थिए । यो मौसम खै के के ? कसलाई सोध्ने ? कसले जवाफ दिने । त्यसै उसको रिसको चक्रवात जुरूक्क उठ्यो । भन्भनिँदै ट्वीटरमा सेल्फ हान्डलिङ भयो ।

–'भ्रष्टाचारीको पोल खुल्छ, बढी नकराउँदा हुन्छ !'

भ्रष्टाचारको चक्रवातबाट उठेको झड्का पानीपुरीको रसमा गएर ठोकियो । त्यसपछि पानीपुरीको रसको बारे छानविन हुने भयो । उठेको चक्रवात र उडेको मनको हंश एउटै थिएन । अर्को ट्वीट रिप्लाई प्लस भयो ।

–'धेरै फुल्नु पर्दैन ! जनताको जिउज्यानको जुका ! सेतो कात्रो कमिसन ?'

–'के सेतो जति सबै कमिसन ?'

–'हो ! लौजा घोषणा गरिदिएँ !'

आइप्याड स्क्रिनका वाक्-युद्धका यी ट्वीटधारीको हैसियत प्रदर्शन देख्दा निकै सर्वोच्च तहका कारिन्दाजस्तै देखिन्थ्यो । तिनको वास्तविक हैसियत बुझ्न जासुस लगाउनुपर्ने थियो । उनीहरूको पोलापोलले परिवेश धमिलिएको थियो । बिहानको समय थियो ट्वीट सकेर माथितिर उक्लँदै थिएँ । अज्ञानताकी गृहिणीले माथि उक्लन ढिलो भएको रन्कोमा पोलिहालिन् ।

–'के हो ? आजकल निको चाल छैन नि ! बिहान बिहान !'

उनको शङ्काले म खुत्रुक्कै भएँ । मप्रतिको उनको त्यत्रो आदर कला कसरी शङ्काको रूपमा पोलियो । मेरा लागि तीनछकको विषय थियो ।

–'खुब मोज भो हैन ? अब घरबाट निकाल्नु मलाई !'

मेरो होसहवास उड्यो । निरापराध मेरो व्यवहार र जीवनलाई आफ्नै प्राणको शङ्काले मलाई आक्रोशमा पुऱ्यायो । नरम भएर सोधेँ !

–'माउ, कस्तो छ ? खायौ ?'

उनको आवेगले धर्ती नै छोडे जसरी उनको प्रतिउत्तर हाम्फालेर मेरो मुटुमा रोपियो ।

–'पोइहरूलाई जस्तो, छुट्टी हुन्न नि स्वास्नीहरूलाई !'

उनको चक्रवात मेरोभन्दा पनि चर्को थियो । मलाई पनि रिस फेर्नुथियो । उनलाई अन्तिम तलाक दिएँ ।

–'लाञ्छनाको हद ? अब एक दुई तीन तलाक !'

–'हेरूँला कति दिन ? डोकाँ न ढोकाँ !'

जसरी बजार, ट्वीटर, यातायात एवं आफन्त बन्द भएका थिए । संवाद पनि बन्दमा नै सकियो । त्यो दिन नबोली बसेँ । प्राणले नै चित्त दुखाइदिएपछि जीवन त खै के भन्ने अब ? चक्रवातको मानसिकता तेज तरङ्गमा उडेको थियो । दुःख देखाउन आएका आगन्तुकले आएर मन्त्रालयका फाइलहरू परपरसम्म छरपस्ट रहेको बताए ।

–'उफ् ! अर्को लाञ्छना !'

पत्र बुझाउन आएको आगन्तुकले परतिर पुगेर आफ्नै सुरमा भुत्भुतायो ।

–'अझै नौटङ्की !'

❀

२१०

# जग्गा दान

–'तिमी कति फिटको छौ ?'

ज्वरोले भाइरल भएर अस्पताल भर्ना भएको एक बेडको रोगीले अर्को बेडमा रहेको रोगीलाई सोध्यो । उसले आफ्नो सहज उत्तर दियो ।

–'साँढे चार फिट !'

–'ओहो ! तिमी पनि बाम ?'

–'खै ?, त्यो त म बुझ्दिनँ, बरू तन्नमहरि !'

अर्को रोगीले आफ्नो जिन्दगीको कथा भन्न थाल्यो । उसले कथा भन्दैगयो ।

–'घरको छेउमा सुँगुर खेल्थ्यो, पोखरीमा हाँस डुल्थे । नजिकैको धापतिर सर्पहरू उभिएका हुन्थे । कुकुर वरिपरि घुम्दथ्यो । जिन्दगीभर कुवाको मैलो पानी खाएर बाँच्यौँ । लुगा त के भन्नु ? पोतरीजस्ता टाटेपाटे नै हुन् ।'

–'बस ! भयो, पुग्यो अरू नयाँ ?'

–'जिन्दगी यस्तै हो, मर्नु बाँच्नु के हो र ? घरभन्दा त यहीँ आराम छ । बेलाबेलामा औषधी, हेरचार, दानापानी सबैको सुविधा छ !'

त्यो रोगीलाई अर्को रोगीको सुन्दर मुहार र सम्पन्न शैली देखेर एक्कासि के मनमनै आयो, थाहा भएन । बरू उसले अपर्झट आफ्नो जीवनको व्यथा रोकेर छटपटिँदै उसलाई सोध्यो ।

–'बरू हजुरको ?'

–'मेरो घर सहरमा पर्छ । त्यो घर मैले करोडौँ खर्च गरेर बनाएको हो ।

त्यहाँ सम्पूर्ण सुविधा भएकोले सबै परिवार त्यही आनन्दले बस्छन् । म पनि यसअघि त्यही बस्थेँ ।'

रोगले आक्रान्त त्यो रोगीले आफूलाई हेऱ्यो । उसको शरीरभर झुन्डिएको प्लास्टिकको लहरालाई नियाल्यो । नाकमा अक्सिजन, श्वासमा तीव्र धड्कन, नाडीमा ड्रिपको दुखाइ, खलाँतीझैँ चलेको फोक्सोमा पेटको चाल हेऱ्यो । बिस्तारै तागत भरेर अर्को दीर्घ रोगीतिर पनि हेऱ्यो । उसलाई उक्त रोगीको कुरामा अचम्म लागेर सोध्यो ।

-'ओहो ! तपाईं निकै धनी हुनुहुन्छ ?'

-'हो, म अत्यन्त वैभवशाली !'

उसको धनको गर्वमा गरिब रोगीले टाउको निहुरायो । उसलाई खुसी लाग्यो । उसले दुवैतिर हेऱ्यो । दुवैमा बेड उस्तै थिए । कपडा, दाना, ट्रिटमेन्ट, ओखती एकै थिए । उसले गर्वले फुलेल भएर मनमनै सम्झ्यो ।

-'म तन्नमहरि, ऊ वैभवशाली, हि हि हि !'

केही सन्तोषको निःश्वास पनि फेऱ्यो । उनीहरूको शरीर भाइरल ज्वरोले ल्याएको बतासले निकै रूग्ण बनिरहेको थियो । डिउटीमा रहेको डाक्टरले तिनको स्वास्थ्य खराब भएकोले आइसियुमा रिफर गरिदिए । बेलुका ती दुवैको भाइरसले मृत्यु भएको समाचार बजारमा सनसनी भएर फैलियो । समाचार पत्रिकामा शीर्षक निकै भावुक एवं आकर्षक थियो ।

-'रोगीलाई जग्गा दान !'

आश्चर्यबोधमा अस्पतालमा यताउता गर्दै हिँडिरहेका मानिसहरू भने गरिब र धनीको मृत्युको जमिन नाप्थे र भावुक तर्क गरिरहेका थिए ।

-'धनी होस् वा गरिब ! जीवनको अन्तिमक्षण राज्यको जग्गा समान वितरण !'

N. लघुकथा तत्व[२] (परिवेश, उद्देश्य र कथनपद्धति) : लघुकथा लेखनको न्यूनतम मापदण्डमा रहेर १९६ देखि २१० सम्मका क्रममा प्रस्तुत सबै लघुकथाहरूमा लघुकथा सिर्जना तत्वका लागि प्रयोग हुने नमूना परिवेशको स्वरूपमा रहेको समय, स्थान र परिस्थितिको कथा तत्वगत एक लघु परिवेशसूत्र प्रस्तुत छ । यसमा घटना कथ्यको मूल उद्देश्य अभिप्रायको स्वरूप प्रस्तुत गरिएको छ । यो नै लघुकथाको आंगिक पक्ष हो । कथावस्तुको अनुभूतिले उल्लिखित लघुकथामा कथनपद्दतिको परिचालन सर्जकको सिर्जनशक्ति र पात्रको गतिविधिमार्फत भएको छ । लघुकथामा यसै पद्दतिद्वारा बोधगम्य/अबोधगम्यताको मापनबोध हुन्छ ।

२११

# भ्याक्सिन

शवगृहको दृश्य देखेपछि मन त्यसै रहस्यले भरियो । बाहिर निस्केर आफैलाई प्रश्न गर्न मन लाग्यो ।

–'शवगृहको क्षमता ?'

साथै रहेको साथीले शवगृहको क्षमताभन्दा पनि प्रतिरोधको प्रश्नमा नै शवगृहको क्षमताबारे भन्न सकिने तर्क गरिरह्यो । खोजको विषय मोडियो । त्यसपछि टिमको निष्कर्ष निस्क्यो ।

–'कोरोना भाइरस ट्रिटमेन्ट प्लान्ट !'

तथ्याङ्कहरू सङ्कलन गरेपछि सिम्टम्सहरू खुल्न थाले । युरोपको तुलनामा एसियाको प्रतिरोधी क्षमता निकै शक्तिशाली देखियो । आखिर किन ? प्रश्नहरू उब्जिए ।

–'विकास भएर ? हैन !'

–'रहनसहन र चालचलन राम्रो भएर ? त्यो त झन् हुनै सक्दैन !'

–'आनीबानी र अनुशासन उच्च भएर ? छ्या छ्या कस्तो अराजक तर्क !'

–'गोला बारूद सुँघ्ने र पुलिसको डण्डा खाएर पनि भुइँमा लडिबुडी गर्ने, कोरोनादेखि नतर्सने भएर त ?'

सोधका यी प्रश्नहरूले कोरोना प्रतिरोधी क्षमताको पत्तो दिन सकेन । एकदिन म टाउको समातेर जड कुरो पत्ता लगाउन घोरिइरहेको थिएँ । गाउँको मान्छेले आएर मलाई प्रमाण देखाउँदै भन्यो ।

-'बुझ्नु भो दाइ ! कोरोना त झ्याम्मै बढेछ नि यहाँ त ! नपत्याए युटुब हेर्नुस् त ?'

मेरो दिमाग खल्बलियो । हतपत मोबाइल खोलेर बसेँ । मोबाइलमा अत्यन्त हतारका सूचनाहरू आइरहेका थिए । सनसनीमा भ्यूअर्सहरू पनि क्षणभरमै लाखौँ देखिन्थे । मेरो खोजको विषयको जड खुट्टिने भयो भन्ठानेर दशौँ लाख भ्युअर्सले हेरेको युटुब खोल्दै र हेर्दै गएँ । ती युटुबहरूमा कोरोना प्रतिरोध क्षमताको अनेक विधि दिइएको थियो ।

-'तेल, बेसार, जिरा, मरिच, ज्वानो, मेथी, खुर्सानी !'

मलाई एकाएक वाइयात वैद्यको व्यापार लाग्यो । फेरि अर्को युटुब खोलेँ ।

-'हावा, पानी, मौसम, धूवाँ, धूलो, उत्सर्जन !'

यो त झन् पागल साइन्टिस्टहरूको नक्कली शोधको निष्कर्ष लाग्यो । फेरि अर्कै युटुब खोलेँ ।

-'पुरातन आचरण, परम्परागत जड जीवनशैली, उन्नत संस्कारको परिचय !'

-' उफ् ! हावा !!'

मेरो कन्सिरी तातेर आयो । कताकताबाट मेरो मुखबाट फ्वाट्ट निस्क्यो ।

'कोरोनाको प्रतिरोधी क्षमता नै गरिबी !'

त्यसपछि मैले बिस्तारै दलित, हेपिएका, श्रमिक र निर्धनहरूको दयालाई सम्झेँ । उनीहरूले पाटी, सत्तल, मन्दिर र सडक पेटीका वरिपरि कोरानाभन्दा पनि खतरनाक अनेकौँ रोगहरू प्रतिरोध गरिरहेको देखेर चित्त बुझाएँ । घोषणा पनि गरिदिएँ ।

'लौ ! यिनै हुन कोरोना भ्याक्सिन !'

२१२

# अध्यादेश

कानकानले लामो सास तान्दै रोगीहरू अस्पतालको शैय्यामा बर्बराइरहेका थिए । छिमेकीको ढोका त्यसै खुल्ला थियो । भित्र यसो हेऱ्यो, कोही देखिँदैन थियो । भित्रतिरको अनित्य कर्कस स्वरले बाटोलाई जगाइरहेको थियो । एक कुनाबाट प्रश्नहरू तरङ्गित भएको थियो ।

–'त्यो उल्लु हराम !'

कुनै जीव नभएको त्यस बङ्गलामा अँधेरा छिर्काहरू घुमिरहेका थिए । बाहिरका मनुवाहरू भित्र पस्नुपर्ने कुनै अर्थ थिएन । अर्को कुनाबाट आरोपको आवाज सुनियो ।

–'चौपट भो, बेमौसमको बाजा !'

बाटोमा दुईजना नर्तकहरू हिँडिरहेका थिए । हावामा लहरिँदै आएको उक्त आवाजले तिनीहरू एकछिन त झस्के । बारूलो झैँ त्यसै नाद छोड्न थाले ।

–'ओइ कमरे ? नाच्ने ?'

–'नाच्न त नाच्थेँ तर मिल्दैन !'

–'त्यसो भए मलाई नचाइदे न त !'

त्यसपछि उनीहरू नाद छोड्दै भौँतारिन लागे । त्यो कमरेलाई उटपट कुरा मनमा जगाउँदै भन्यो ।

–'आइडिया इज बेटर देन इन्डिया !'

–'के दार्शनिक कुरा गरेको ?'

–'कुरा बुझ न अब पक्का भइस् !'

यिनीहरूको लामो गन्थन र नृत्यको मनमोहक दृश्य निकै रोचक थियो। उनीहरूको नृत्यमा हल्लिएको कम्मर र लर्बरिएको गोडाको चालमा काम होलाहोला जस्तो भएको थियो। परतिर छहारीमा एक युवतीले कसैलाई पर्खेर बसिरहेकी थिई। उसले ती नर्तकहरूलाई देखेर हात हल्लाई। त्यसपछि उनीहरूले देख्ने गरी केही कुरा बाटोमा खसालेर ऊ खुरूखुरू हिँडी। खसेको त्यो वस्तु एक नर्तकले टिपेर भन्यो।

–'देखिस् ? त्यसले मलाई लभ लेटर पठाइछ !'

–'ह्या ! होइन होला ! त्यसको सिँगारपटारको सरसामान होला !'

–'पखपख नखोली राखौँ ! यसलाई हेरिरहौँ। क्या सुन्दर पर्स !'

–'यो त मायाको पासो पो हो नि !'

त्यसपछि उनीहरूले आ–आफ्ना सहमतिमा युवतीले खसालेको त्यस पर्सभित्र मायाको चिनो लिन आउने बारे लेखिएको थियो।

'गुलाफको फूल !'

उनीहरू फूलको वासना सुँघेर दौड्दै थिए। अगाडि अगाडि युवती र पछाडि पछाडि नर्तकहरू लम्केका थिए। जब उनीहरूले युवतीलाई भेटे तब उनीहरूले गुलाफको फुल आ–आफ्ना लागि मागेर झगडा गर्न सुरू गरे। युवतीले पनि तत्काल ती दुवैलाई निर्णय सुनाएर भनिदिइन्।

–'अब लौ अध्यादेश जारी भयो, चुप !'

दुवैजना गलल्ल एकछिन हाँसेर एकस्वरमा कराउन थाले !

–'हि हि हि हिस्स बूढी हरिया दाँत ! अध्यादेशले बेमौसमी बाजाको धुन, हराम !'

२१३

# भोकको खेती

ढ्याब्रेढ्याब्रे अक्षरमा पिलिकपिलिक देखियो । आँखा पनि त्यतै दौडियो । जिज्ञासाले फाल छोडेर समाचारको शीर्षक पढ्न मन यसै हतारियो । अन्त्यमा दृष्टि पुग्यो ।

–'लकडाउनमा बसेकाले हेर्नुपर्ने !'

यो नोटेसन देख्यो कि टाउको उसैउसै रनक्क तातेर आउँथ्यो । मनमनै गाली गर्न पुग्थेँ ।

–'वाइयात अनलान खबरहरू !'

घरमा यसै आराम गरेर बसेको क्षण मोबाइल खोल्यो । सबैभन्दा अगाडि युटुबरहरूको हतासिएको समाचार ब्यानरमा पिर्लिक्क देखिन्थ्यो ।

–'छिटो हेरिहाल्नुस् है, नत्र छुट्ला !'

वाचा र वचनहरूमा बाँधिएकाहरू कोही उत्तर अनि कोही दक्षिणका हवाई सपनामा उडिरहेका भाषण सुनिन्थ्यो । त्यसपछि कम्पारो तातेर हुरूक्क होला भैँ हुन्थ्यो । मोबाइललाई भुइँमा रिसले बजारिदिन मन लाग्थ्यो । चञ्चल मनले फेरि युटुब खोलेँ । शीर्षक थियो ।

–'श्रीमानको विवाह, श्रीमतीसँग लभ !'

–'आत्महत्याको स्व–घोषणा !'

यस्ता शीर्षक देखेर फेरि पागल बनायो । हामी दुबैजना बूढाबूढीसँगै थियौँ । सो युटुबको शीर्षक खोल्यौँ । भित्रको कथा भने आत्महत्या नगर्नुपर्ने कारण पो

रहेछ । अनि अर्को शीर्षक खोलेपछि त हामी मरिमरी झन् हाँस्यौँ । लकडाउनको दिन खुब मजाले बितायौँ । त्यसपछि मलाई लाग्यो ।

–'यस्ता समाचारका शीर्षक मान्छेहरू पछ्याइरहेका हुन्छन् । उल्लुहरू चाहिँ त्यस्ता शीर्षकमा रमाइरहेका हुन्छन् ।'

त्यसपछि मेरो ध्यान मोडियो । ती शीर्षकका घृणामा व्युत्पन्न मानसिकता बिस्तारै दयामा परिणत हुनथाल्यो । मैले आफ्नो फेसबुक स्टाससमा लेखेँ ।

–'गरिबीको बजारमा, बेरोजगार !'

मलाई कसैले फेसबुक स्टाटसमाथि कडा कमेन्ट लेखेर पठायो ।

–'भोकको खेती !'

मलाई पनि सहन नसक्ने गरी झोक चल्यो । मैले पनि हावामा छोडिदिएँ ।

'गति न पतिको खेती गोडिदिएँ, मोबाइल ट्यासट्यास !'

२१४

# राहतको भात

घना सहर बजारको कोठामा आमाछोरा अगेनाको ताउलो नजिकै बसेका थिए । उनीहरू उहिलेदेखि नै ज्यामी काम गर्दथे । आज कमायो । आजै सक्यो । भोलिको जोहो भने उनीहरूको कमाउने रूटिनमा चल्थ्यो । महामारी चल्यो र पनि भोकले कोही नमर्ने जागरण बजारभरि सरकारले छरिदिएको थियो । आमाछोरा ढुक्क नै थिए । चुनावमा त खाए खाए । गुप्तबासको सूचनापछि पनि केही दिनसम्म मासुभात आफ्नै कमाइले खाए । तर अलिदिनपछि थैली रित्तियो । सामलतुमल थिएन । खाद्यान्न सकिएको झोकमा आमाले छोरालाई डाडु उध्याएर भनिन् ।

–'भाते ! खालास् अब भात !'

–'भयो, खाँदा पनि खान्न, अबदेखि तिम्रो भात !'

कालेले रिसको पारो चढायो । मुनाको अविभावकत्व जुरूक्क उठेर झटारोमा परिवर्तन भयो ।

–'कति निफुल्केको त तँ ? राहत देखेर निहुँ खोजेको हैन ? लौ, तँलाई तथास्तु !'

–'भो, चाहिँदैन तिम्रो अर्ती, खाउँला नि त चुनावको झैँ मासुभात !'

लक्का जवान काले रिसले आगो भयो । आमाले भात अलिकति दिएकोले ऊ पनि भोक देखाएर झर्क्यो ।

–'लौ खा त ! तिम्रो भात खान्नँ !'

–'नखाए नखा, झड्के !'

उसलाई 'झड्के' शब्दले खुब चित्त दुख्यो । त्यसपछि ऊ फ्यान्निएर फत्फताउँदै बाहिर निस्क्यो ।

-'राहत पाउँदिनँ कि क्या हो ?'

कालेको घुर्कीदेखि मुना चुप लागेर ओछ्यान छेउमा बसिन् । एकमुठी पिठो उमालेर आधा आफूले खाइन् । आधा कन्तीमै राखेर निदाइन् । काले राहत खोज्न भात छोडेर लाम बस्न गयो । लामको पछाडि पुगेको समयमा दाताले सम्झाइबुझाइ गऱ्यो ।

-'लौ ! आजको राहत सकियो । अब भोलि आउनू !'

कालेचाहिँ त्यो दिउँसो आमाको लाजले डेरामा गएन । भोकै दिनभरि राहत अन्यत्र पनि पाइन्छ कि भनेर भौँतारिरह्यो । बाटोमा राहत बाँड्ने कार्यकर्तालाई भेटेर सोध्यो ।

-'सर ! यहाँ राहत दिन्छ ?'

-'तपाईंको मतदाता परिचय पत्र छ ?'

-'सर ! ज्यामी काम गर्नेसँग कसरी हुन्छ ?'

-'त्यसो भए यहाँको मतदाता परिचयपत्र बनाएर आऊ, दिउँला ल भाइ !'

त्यसपछि ऊ डेरामा आयो । आमालाई एकछिन घुर्की देखाएर रातिसम्म ओछ्यानमा लम्पसार परेर सुत्यो । मध्यरातमा उसले आमालाई चिच्याएर सोध्यो ।

-'मेरो बाबुको परिचय पत्र कहाँ छ ? राहतको लागि चाहियो ?'

-'उफ् स्वाँठ ! त्यो परिचयपत्र त भूकम्पको चामल युद्धमा तेरो बाबुको मृत्युसँगै उहिल्यै च्यातियो !'

अमिलिएको पेटसँग ज्यामी कामको गुप्तबासी त्यसै छटपटिएर रह्यो । विपन्न वर्गको राहतबारे गरिबीको वेदनासँग बर्बराइरह्यो ।

-'भोक र भातसँग पनि एकछापे धर्मयुद्धको कत्रो साइनो ?'

निकै थकित निद्राबाट बिहानपख उठेकी आमाले जवाफ फर्काइन् ।

-'लौ टन्न भइस् हैन ? महामारीको भातसँग !'

-'ए ! मासुभात खुवाउने त साँच्चिकै मरेछ !'

२१५

# श्रम बिक्री

–'राम ! राम !! हे भगवान् !!! बचाउ त्यसलाई !'

–'कसरी बाँच्ला र त्यो त्यतिमाथि छ !'

रमितेहरूका बीचमा चिन्ता, चासो, विस्मय, आश्चर्य र वेदनाले आपसमा बर्बराइरहेका थिए । अकासिँदा ती दृश्यहरू रोदन र क्रन्दनको उत्कर्षमा मसानका सैतानहरू पनि रनभूल्लमा थिए । देखिएको मान्छेको स्वरूपजस्तो आकारलाई औँल्याएर विष्णुमतीको एक सैतानले भन्यो ।

–'के त्यो हाम्रै सहयात्री हो ?'

–'यसै भन्न सकिन्न, घत हेरेर मात्रै थाहा लाग्छ !'

उनीहरूको जिज्ञासामा उत्साह, आश्चर्य, शङ्का र संशय सबै थियो । यथार्थ निरीह थियो । एक सैतानले अर्कोलाई केराएर फेरि भन्यो ।

–'तँ ऊ त्यो झुन्डिएको प्राणलाई देख्छस् ?'

–'देख्न त देख्छु । तर चिन्दिनँ !'

जाग्रत सैतानहरू निसाचर रातको सन्नाटासँग सुस्त चालमा शववाहन कुरिरहेका थिए । शववाहनको गतिमा कुनै यात्रुसँग शोक धुन थिएन । शववाहनका हेड लाइटहरू निला थिए । निला प्रकाशका तरङ्गसँग उनीहरू छेउ लागेर निस्तब्ध बसेका थिए ।

–'हेर त ! त्यहाँ सालिक खसाल्यो !'

–'यति धेरै पनि सालिक हुन्छ र ?'

–'त्यसो भए त लासको थुप्रो होला !'

अर्को भेट भएको सैतानले खरीको रूखमा उहिलेदेखि झुन्डिँदै बसेको गरिबका लासहरूको कल्पना गऱ्यो । अमेरिका र युरोपतर्फ फरक्क कुरा मोडेर भन्यो ।

–'अरे ! यी आन्दोलनकारीहरू होलान् ?'

–'उफ् !, उदारवादको पसलमा रोजगारी पाउनका लागि हिँडेका !'

सुविधा सम्पन्न अस्पतालको यस्तै दृश्यमा संवेदित, गलित र निरास चिकित्सकले आफ्नो डायरीमा मान्छेका प्रताडना, व्यथा र बीभत्सतामा महामारीका भोगाइका बर्बर घटनाबारे नोट गरे ।

–'इतिहास लेखाउन र भविष्यमा आफ्नो पहिचान देखाउन संसारका बादशाहहरू आफ्नो जीवन कालमै सालिक बनाउन कति लालायित हुन्छन् ? जसरी सालिक प्रतिस्थापन गर्दा अमर आत्मालाई ठूलाठूला क्रेनहरूले प्रस्तरबाट बनेका सालिकलाई झुन्ड्याएर राखिदिन्छन् । त्यसै गरी यहाँको रात पनि लासहरू भविष्यमा अमर बन्न मेरा अगाडि सुतिरहेका छन् । मान्छेका सुन्दर यी निष्प्राणहरू मेरो जीवनको अन्त समयसम्म बादशाहको जस्तो बहादुरीको कल्पनामा हे ईश्वर ! प्रार्थना छ, कहिल्यै नहोस् !'

डिउटी सेन्टरमा छोडिएको त्यो डायरी त्यहाँ त्यसै असरल्ल थियो । त्यसका पानाहरू बिस्तारै खुस्कँदै गएका थिए । एकदिन डायरी लेख्ने चिकित्सकलाई चिहानमा पुरेर आएको गडुवाले त्यो डायरी ड्रयरमा त्यतै भेट्यो । डायरीलाई अनायास पल्टाएर पढ्यो । आँखाबाट आँसु झार्दै चिच्यायो ।

–'ओ मेरो बहादुर सम्राट् ? मलाई माफ गर !'

अस्पतालका सबै मान्छे अचम्म मानेर गडुवातर्फ हेर्न लागे । नजिकै आएर उसको नाइकेले हप्काउँदै भन्यो ।

–'तिम्रो वेदना के ? के स्यालरी पुगेन ?'

–'हैन हैन, म आज अत्यन्त सन्तापमा परेँ !'

–'किन ? के भो र ? राहत पाएनौ कि ?'

–'हत्तेरिका, आज श्रमिकको अनावरण छुट्यो !'

त्यसपछि गडुवाले बहादुरहरूको सालिक स्थापन, शाहसी सैतानको आशा, महामारीबाट मृत भएका मानिसहरूको लासको स्वरूप र श्रमिकका चीत्कारहरू सम्झेर सन्नाटा हुन्जेल टोलाइरह्यो । उसले दुःखित भएर घरदेश र परिवारलाई सम्झेर परेलाबाट आँसु त्यसै खसाल्यो । मजबुरी सम्झिरह्यो ।

–'तैपनि त बाँच्न त श्रमको बिक्री गर्नैपऱ्यो !'

२१६

# चल सत्र

-'अब सहर डुब्यो !'

मेरो कानमा यो आवाज के परेको थियो । त्यसै मन पनि चसक्क भयो । भरियाहरू पनि पाटीमा थिएनन् । ढाक्रेहरूको भीडभाड त झन् शून्य नै थियो । बटुवाहरूको चाल सुनिँदैन थियो । दिउँसै सुनसानजस्तै देखिएको सहरमा बरू चराका स्वरहरू सुनिन थालेका थिए । सहरको कोलाहल त चराहरूको ध्वनिमा तरङ्गिरहेको थियो । म सहरको एउटा एपार्टमेन्टमा बस्थैँ । बाहिर माइकिंग भइरहेको थियो ।

-'भाइरस सङ्क्रमणले मरिएला बाहिर ननिस्कनु !'

तीन हप्तादेखि एकान्त बास बसेको कोठाको दराजमा आँखा पुग्यो । धूलैधूलो दराजलाई सफा गरेँ । दराजमा प्रेमिकाले लेखेको पुरानो एउटा मार्मिकपत्र भेटेँ ।

-'प्राण प्यारा ! तिमी नभए यस संसारमा रहन्न !'

यो पत्र उहिल्यै सिल गरिएको थियो । अचानक यही सङ्क्रमणको अवसरमा यो सिलबन्दी खामलाई फेरि भेट्ने मौका मिल्यो । मलाई लाग्यो ।

-'भाइरस र प्रेम सङ्क्रमण कति दुःखदायी ? उफ् ! अहिले मलाई अनि उहिले तिनलाई कति ठूलो डर ?'

समयले बन्द गरेको भाइरस प्रतिरोधी क्षमतामा कमी नआओस् भनेर सहरको कोठामा तल-माथि गर्न पनि अप्ठेरो थियो । माथिल्लो तलामा बस्ने बन्दीको भुइँतलाको मेरो मोबाइलमा म्यासेज आयो ।

–'हजुर ! मलाई पालेको भए दिनु न !'

म झसङ्ग भएँ । मलाई कसैले पाले बनाएकोमा रिस उठ्यो । तैपनि बन्द समयमा कसैलाई आपत परेको होला भन्ठानेर सोधेँ ।

–'को पाले ?'

–'मलाई यहाँ पाल्ने मान्छे हैन, तपाईं ?'

म झन खत्र्याकखुत्रुक भएँ । जिज्ञासा पनि लाग्यो । पुनः प्रश्न गरेँ । भुइँतलामा डेरामा बसेको यो पीडालाई मुटुमा गाँठो पारेर म्यासेज फर्काएँ ।

–'स्पष्ट भन्नु न, बुझिनँ !'

–'हत्तेरिका प्यासले मर्न आँटिसकेँ, धारो खोल्दिनु न दाइ !'

एकान्त बासको समयमा सहयोग गर्दा धर्म हुने ठानेर मनमा अप्ठेरो लागेर पनि पानी खोलिदिएँ । एकछिनपछि फेरि म्यासेज हाम्फालेर आयो । मोबाइल त्यसै बोक्सी कामे झैँ कामेर आवाज दिन थाल्यो । मोबाइल उठाएँ ।

–'मेरो प्राण ! बल्ल मलाई बचायौ, धन्य तिमीलाई !'

फेरि अर्को आश्चर्यमा परेँ । कुनै जिज्ञासा पनि मनमा उठेन । एकान्त बासको समय बाहिर निस्किनँ । साँझपख प्राण प्यारीले मुसुक्क हाँस्दै कोठामा चियाउँदै भनिन् ।

–'आजको सिलबन्दी दिन पनि कटियो, हैन ?'

–'उफ् ! दिनभरि कता बेपत्ता ?'

–'साथीहरूसँग टपरी बनाउन !'

–'कस्तो टपरी, सराध्दे छ र ?'

–'ह्या ! त्यति नि कुरा नबुझ्ने ? चल सत्र नि !'

मेरो आँखा टाढाटाढा थिए । डुबेको सहरको दृश्यमा हराम तेजिला किरणहरू हराइरहेका थिए ।

❀

२१७

# ग्रीन कार्ड

जब महिमले नतासालाई चिच्याटको आवेसमा कल गर्‍यो । तब पनि ऊ मदिराको रातसँग बेला बिताउँदै थिई । उसले महिमको कलको भाषा बुझिन । सँगै पिएको डान्सबारको रेड लेबलले समेत महिमलाई छोडिसकेको थियो । डेरामा नतासाको बच्चा पनि एक्लै थियो । हतासमा नतासाको बेहोसी नृत्यको सुरलाई एकपटक चिमोटिदियो ।

–'ऐय्याउ !'

–'बच्चालाई डेरामा एक्लै नछोड के !'

–'भाग, यहाँबाट झिँगा !'

उसको बेहोसी नृत्यको नशा होसमा आएझैँ थियो । मस्तीका लीलाहरू ब्यूँतन सकेन । महिमले लर्बर गदै उसलाई अँगालो हाल्न पुगेको नाटक गर्‍यो ।

–'जाउँ ? अब अबेला भो !'

–'ग्रीन कार्ड पाएँ भनेर हेपेको ?'

रातो अनुहार लगाएको महिम झस्केर त्यसै हेरिरह्यो । उसको अँगालोमा अर्कै दुईजना झुल्दै आइपुगेका थिए । महिमको अँगालोको आग्रहलाई उसले बास्तै गरिन । तब आफै पनि झुल्दै रमाइलो नृत्यसँग बस्यो । त्यतिबेला महिमको नव पत्नीभन्दा पनि अर्कैको गर्लफ्रेन्ड देखिन्थी । महिमलाई रिस उठेर आयो । उसले एक झापड लगाइदियो । झापड खाएको केही क्षणपछि उनीहरू छुट्टिए । डेरामा पुगेर अनिंदो त्यसको बच्चालाई चम्चाले दूध खुवायो । ती पिल्पिलाउँदै सुते । भोलिपल्ट बिहान दस बजेको थियो । नतासा डेरामा थिइन् । ढोकामा

कसैले ढकढक्यायो । बाहिर निस्कने आदेश दिएपछि उसले सोध्यो ।

-'किन ?'

-'मानव अधिकार हनन भयो !'

महिम चुपचाप लागेपछि पुलिसले उसलाई हातमा हत्कडी लगायो । पोस्टमा पुगेपछि केरकार भयो ।

-'तेरो नागरिकता ?'

-'ग्रीन कार्ड मात्रै छ हजुर !'

पुलिस चुप लागे पनि भित्रबाट स्वास्नी बाहिर निस्की । उसले महिमको नाकैमा औँलो ठड्याएर भनी ।

-'यो मूर्ख एसियन !'

नव पत्नीले पुलिसको अगाडि मूर्ख भनेपछि उसलाई अचम्म लाग्यो । टाउको निहुराएर बसिरह्यो । पुलिसले उसलाई एउटा कागजमा सही गर्न दबाब दियो । उसले हेर्दै नहेरी डरले सही गर्‍यो । तब उसको पत्नी भनाउदीले उसलाई भनी ।

-'क्षतिपूर्ति लौ नतिर त !'

-'बेइमान, जाली नर्तकी !'

उज्यालो एकरातका लागि स्वास्नी बनिदिएकी उसले एकरातमै ग्रीनकार्ड खारेज गरिदिई । त्यहाँबाट देश निकालाको पहिलो लिष्टमा महिमको नाम चढिसकेको कुरा उसको कानमा पर्‍यो !

-'अधिकार खोसियो अरे !'

कम्प्युटरको पर्दामा महिमको जीवनमा नीलो बिहान उदाउन खोजिरहेको थियो । अर्कैलाई रोजगारीको फर्माइस फेरि चलिरहेको थियो । कसैले उसलाई परबाट देखाएर भन्यो ।

-'यै हो, गैरकानुनी रातो स्टिकर !'

उसले पनि सुधारेझैँ गरेर जवाफ दियो ।

-'हैन हैन, कानुनी रेडलाइट नर्तक !'

-'ग्रीन कार्ड, फेरि ?'

-'टोलको धमाका !'

❀

२१८

# किल्लाको भूकम्प

एक शिष्यले आफ्ना गुरूलाई भक्तिभाव देखाएर बडो अनुनय-विनय गरेर भने ।

-'हजुरको म त ठूलो अनुयायी हुँ !'

गुरूको नाक यसै फसक्क फुल्यो । उनले शिष्यलाई स-सम्मान सम्झाउँदै भने ।

-'चेला चिनी, गुरू गुण !'

शिष्यले गुरूको अनुयायित्व बुझ्न सकेनन् । गुरूले शिष्यको मानसमा उठेको रूष्ठताको ज्वारलाई समन गर्ने प्रयत्न गरे । सोधे ।

-'तिमी मेरो किल्लामा बस्छौ त ?'

-'निगाह भए बस्छु गुरू !'

सुस्त मनस्थितिको शिष्यलाई के चाहिन्थ्यो र ? उसले गुरूको शब्द भुइँमा खस्न नपाउँदै एउटा आफ्नो प्रस्ताव छोडिहाल्यो ।

-'गुरू ! मेरो थेसिस अझै बाँकी छ !'

-'त्यसो भए शोधविधि सुरू गरिहाल त !'

त्यसपछि सुस्त मनस्थितिको शिष्यले वैज्ञानिक शोधविधि पढ्न र लेख्न सुरू गऱ्यो । शोधविधिबारे खासमा ऊ अलमलमा पऱ्यो । गुरूले अति प्रिय शिष्यलाई ढाडस वचन दिएर भने ।

-'गुरूसँग सहयात्रा !'

सहयात्राको कुरा सुन्नासाथ गुरूकिल्लाको पाठशालामा हलचल सुरू भयो । शिष्यले शोधविधिको काम सुरू गऱ्यो । जहाँ पुग्यो, त्यहाँ आफ्नो विषयमा भन्दा गुरू किल्लाको प्रशंसा र महत्वबारे शिष्य गर्व गर्दथ्यो । भन्थ्यो ।

–'मेरो महान गुरूको चेला म !'

गुरू किल्लाबारे औडाहा चलेको शिष्यमा तनावका बीच तँछाडमछाडको दरार सुरूभयो । सबैले गुरूका ठूला अनुयायी शिष्यसँग निकै भनाभन गरे । प्रज्ञानका सूत्रहरूको पल सकिएथ्यो । गुरूका अरू सन्ततीहरू यताउता लाखापाखा लागे । सच्चा अनुयायी शिष्यको अहङ्कार बढ्न थाल्यो । उसले एकसमय बाजा खुब बजाउन थाल्यो । बजाउने बाजाको नाम थियो ।

'साहित्य सिद्धान्तको कथा !'

'नो, नो, प्लेगारिज्म !'

पुनः बहस सुरूभयो । गुरूदक्षिणा प्राप्त अन्य सुस्त शिष्यहरू प्लेगारिज्मको बारेमा निकै नयाँ खोज गर्न लागे । उनीहरूको एकै धारणा थियो ।

–'गुरू किल्लाको उत्खनन !'

बिहानबिहानै बेतुकका हल्ला, युटुब र अनलाइन खबरहरूमा आएका समाचारका हरफहरू पढ्दा ताजुब लाग्दथ्यो ।

–'चिनीको मेला, गुरूचाहिँ परे फेला !'

कल्पना हो या यथार्थ गुरूहरूका किल्लामा आएको भूकम्पले मेरो पनि कहिलेकाहीँ छाती चिरिएर आउँथ्यो । मन खिस्रिक्क हुन्थ्यो ।

'धन्य, प्राज्ञिकता !'

२१९.

# निर्धन अवतार

–'जस्तालाई त्यस्तै ढिँडालाई निस्तै !'

नेपाली समाजमा प्रचलित यो उखानलाई धेरैले उदाहरण दिने गरे । उखानमा स्वदेशी चालाको सभ्यतामा लुकेको प्रतिबिम्ब जुरूक्क उठेर आएको पनि पाए । एकदिन आफ्नै छोरीसँग रिसाएर मनोहरले भने ।

–'बुझिस् छोरी ? अब ढिँडो खाने दिन गयो ।'

मनोहरले आफ्नो विगतको गरिबीको छायाँमा वर्तमानको पूर्ण नयाँ कथाहरूलाई निकै उजागर गरेर आत्म सन्तोषमा फेरि भने ।

–'तिमीहरू पढे लेखेका छौ, कमाउँछौ पनि । पहिलेको जस्तो म पनि कन्जुस त छैन नि । दुईचार पैसा खेलाउन सकेको नै छु ।'

मनोहरको मनसँगै बोलीको दम्भमा आएको उच्चज्वारको राग ललिताको हृदयमा गएर विरागमा गएर जम्यो । उसले मनोहरसँग ठट्टा मिश्रित जवाफमा यति मात्रै भनी ।

–'अबदेखि, के हामी अब भाते ?'

–'होइन, उच्च खानदान भयौँ के अब !'

–'के उच्च खानदानको पहिचान भात हो र ?'

–'कति जान्ने सुन्ने ? भातमाराहरू !'

मनोहरलाई 'भाते' भन्ने शब्दले निकै चर्यायो । ललिताले बोलेको आधुनिक जमानाको उद्दण्डताका लवजलाई उनले सहन गर्न सकेनन् । उनी बेरितमै घोरिए ।

मनमनै रिसले चूर भए । ललिताका लागि यति मात्रै सोचेर भनिदिए ।

–'आफ्नै कमाइमा ज्यान पाल्नुपर्दा थाहा पाउलिस् ।'

उनी कुनै दिन केटाकेटीमा गाउँबाट आउँदा कसैले सहरमा काजी साहेबकहाँ भान्से राखिदिएका थिए । अपुत्रो काजीले भान्सेको काम गर्ने मनोहरलाई निकै माया गरेर केही जग्गा दिएका थिए । सोही जग्गाले मनोहरलाई वर्तमानमा निकै ठूलो खानदान बन्न भरपूर सहयोग प्राप्त भएको थियो । कहिलेकाहीँ काजीले मनोहरको ढङ्ग ढाँचा नपुगेको बेलामा माया गरे पनि रिसाएको समयमा भन्थे ।

–'भान्छेको भात, बैगुनीको जात !'

काजीले निकालेको यस्तो लवजले उनलाई निकै दुःख लागेको अनुभव हुन्थ्यो । त्यसैले उनलाई 'भात' शब्दले मुटुमा रोपिएको अपमानको किलाझैँ लादथ्यो । त्यसपछि उनले ललितालाई जवाफ दिन नसकेका हुन् । एकदिन मनोहरको धाक र ललिताको उच्च खानदानको मजा, भोग गर्नका लागि मनोहर बाहिर निस्कने बेलामा भनिदिइन् ।

–'भरे तरकारी नल्याए म भान्सा चलाउन सक्दिनँ !'

मनोहर बेलुका फर्कने बेलामा समोसा पसलमा पुगेपछि उनले तीन भागको तरकारीको पुरिया मागे ।

–'चनाको तरकारी पुरिया घरको गृहिणीलाई !'

–'आलुको तरकारी पुरिया ललिताको भातलाई !'

–'बाँकी तरकारीको रस, मेरो भातलाई !'

निर्धनताको स्वादसँग बुकुल्टो भातमा झिँगाहरू छेउ छेउमा घुमिरहका थिए ।

–'निर्धन अवतार चक्मा !'

❀

२२०

# सुख्खा टाट

–'चौँरी गाउँलाई ज्ञानको उज्यालोले जगाउने भो !'

अनपढ भूर्तेलले आफ्नो बचपन बेलाको अज्ञान पीडाका बीच उदाउन लागेको पाठशालाको सन्दर्भमा गर्वका साथ भविष्यतिर सङ्केत गरेर बक्यो । चौँरी गाउँका स्थानीयहरूले त झन् गौँडागौँडामा कुर्ले ।

–'पाठशाला खुलेपछि त गाउँका सबै एकसे एक विद्वान !'

ट्याउरीले धारोमा पानी थाप्दै गर्दा अमलीसँग फाइँफुइँ गरेर भनी ।

–'आफू त पाठशाला खुलेपछि बिहानबिहान पढ्न गइन्छ । दिउँसो दिउँसो काम ।'

यस्तै उत्साह र उमङ्गका बीच गाउँका सबै भद्र–भलाद्मी, तन्नेरी, युवा, बूढापाका एवं जानेबुझेका सबै मान्छेहरूलाई हरिसले भेला बोलाए । भेलामा सबैले आफ्नो गच्छेअनुसार योगदान गर्न सहमत भए । स्थानीय स्रोतबाटै चौँरी गाउँको पाठशाला भवनका लागि ढुङ्गा, माटो, बालुवा बोक्न, काठ काट्न तथा निर्माण श्रमदान गर्न जैसी गाउँ, आरूखर्क र सुँयल छापका बूढाबूढीहरूसहित सबैले निःसर्त श्रमदान गर्दै योगदान पनि दिए । जब पाठशाला भवन निर्माणको काम अन्तिम पुग्यो, तब एकाएक चर्चा चल्यो ।

–'योगदानलाई ढुङ्गाक्षरमा लेख्ने ।'

त्यसपछि सबैभन्दा पहिला चौँरी गाउँका मै हुँ भन्ने ठूलाठालुका बीचमा भित्रभित्र मतमतान्तर चल्यो । बिस्तारै मध्यमवर्गीय चेतका मान्छेहरूमा विवाद झऱ्यो । गाउँमा समर्थन र विरोधमा धेरै हल्ला चल्यो । उद्घाटनका लागि लामो भित्तामा

ढुङ्गाक्षरमा लेखिएको शिलालेख सजाइएर राखिएको थियो । गाउँको कैयौँ उत्साहको भीडभाडबाट आँखा तानितानी बेबरकी खत्रिनीले हेरिरहेकी थिई । वातावरण खुब रमाइलो थियो । हौसला, हर्ष र उत्साहको सीमा सबैमा बेजोडले जागेको थियो । खत्रिनीले शिलालेखमा सबैको नाम रहेको कुरा मास्टरले पढेको सुनी । उसको श्रमदान र योगदानको भने कसैले उच्चारण गरेको पनि सुनिन । उसले भीडभाडमा कराउँदै भनी ।

–'हाम्ले ढुङ्गा नबोकेको भए पाठशाला बन्दैनथ्यो । पाठशाला बनिसकेपछि अरूको मात्रै नाम लेखेर सुनाउँछ । हाम्रो नामै आउँदैन त । अबदेखि हाम्रो नाम पनि लेख्दे है माट्टर !'

खत्रिनीको मनमा उठेको रिस सबै सोझा गाउँलेमा पनि थियो । उनीहरूले केही बोल्न सकेनन् । माइक कराइरहेको थियो नै ।

–'गाउँले योगदानको कदर !'

उद्घाटन सत्रमा सबैको थपडी उत्साहले बजेको थियो । नजिकै चौतारीमा उभिरहेका काठ ताछ्ने ओडले शिला खोप्नेकर्मीलाई भन्यो ।

–'यहाँ काम गरेको ज्याला कहिले दिने रे !'

–'खै, नदिने रे त ?'

–'काम नगरून्जेल हेरूँला भन्थे, अहिले बजेट नै सकियो रे !'

–'नदिए चन्दा भो अब !'

श्रमिकका जातहरूले फेरि मनमनै पाकेर आ-आफ्नो घरतर्फ लागे । उनीहरूमा ज्ञान जगाउने उत्साहभन्दा भोकको प्यास मेटाउने तीव्र आवश्यकतामा विरक्त भएको कर्मीले भन्यो ।

–'आजको सामल पनि सुख्खा टाट ?'

–'न धन, न प्रमाणित धर्म, हुन्दे !'

ज्ञानको उज्यालोमा गाउँका श्रमिकहरू पनि माट्टरहरूलाई कुनै आदेश दिन सक्दैनथे ।

❀

२२१

# मूल्यान्तर वार्ता

–'मलाई नजिस्क्याउनू है ? अरूलाई जस्तो !'

धम्कीको भाषाले मेरो पनि मन कहिलेकाहीँ डरले थुरूरूर्र हुन्थ्यो ।

–'अरे साहेब ! त्यसो भए दलालको मतलब ?'

–'बिचौलिया ! नाफाखोर !! कमिसन व्यवस्थापक !!!'

–'आर्थिक र राजनैतिक दलालीमा के फरक छ त उसो भए ?'

–'खासै त फरक छैन, तर केवल पैसा र तर्कजस्तै जे छ !'

चर्को बहसमा उम्लिरहेको तरङ्गका घनत्वमा प्रतिनिधिहरूको मानसिकताको गफ चर्को उत्कर्षमा चलिरहेको थियो । तिनका लवजहरू बहकिएर भनिरहन्थे ।

–'आफ्नै उद्योगका धमिरा उत्पत्तिको कथा !'

धमिरा, उड्ने जातको एक विशेष कीरा हो । ऊ उडिरहनमा नै आनन्द मान्दथ्यो । उड्नु, धूलो उडाउनु उसको खास महत्वभित्र पर्दथ्यो । स्वस्थ्य वस्तुलाई खोक्राउनु उसको खास चरित्र नै थियो ।

–'धमिराले देश खोक्रो पारेकोमा तपाईं सहमत हुनुहुन्छ ?'

–'छु, देश समाजवाद उन्मुख हुन सकेन !'

–'धमिराको शैली कस्तो हुन्छ ?'

–'सत्ताको शैली जस्तो हुन्छ !'

–'तपाईंचाहिँ सत्ताधारी हुनु भएन र ?'

–'भएँ, तर म धमिरा भइँन, त्यसैले दलाल पनि होइन ।'

–'ओहो ! अचम्म, म त खुत्रुक्कै मरे नि अब !'

टेलिभिजन लाइभ अन्तर्वार्तामा प्रश्नकर्ताको उन्मुक्त हाँसोको छेउ रातो न रातो चेहरामा गुलाबी बैंसको चक्कर फुलिरहेको थियो । एक महान दार्शनिक तर्क गरिरहेका थिए ।

–'राजनीतिले अर्थशास्त्रलाई हस्तक्षेप गऱ्यो त ?'

–'यो सब झूट हो, अर्थशास्त्र नै छैन यहाँ, सबै चीज दलालको हातमा छ !'

–'ए ए, तपाईंलाई दलाल कारखाना थाहा छ त ?'

–'विभिन्न मल्टिनेसनल कम्पनीहरूका एजेन्ट त हुन् नि !'

–'तपाईंको मल्टिनेसनल कम्पनीको नाम !'

–'घुमाएर नभन्नु न के, बरू सीधासीधा भन्नू, म चाहिँ दलाल हैन के !'

प्रश्नकर्ता पत्रकारको उन्मुक्त मुस्कानसँग फुस्किएको रोचक अर्को हाँसा थियो । टेलिभिजनको स्क्रिन किरिङमिरिङ हुनपुग्यो । दर्शकहरूलाई रोचक बहसले लठ्यायो । उनीहरू व्यङ्ग्यशील झटाराहरू सुनेर तात्तिरहे । आफ्नो मुखबाट केही आवाज फलाकिरहे ।

–'पागल धमिराको प्वाँख !'

खल्लो तिहुन, अमिलो मन र पिरो वेदनाले थला परेकी निर्धन गृहिणी हतारिँदै कोठाभित्र पसेर कराइन् ।

–'धमिराको प्वाँख झरेपछि अनिष्ट हुन्छ रे !'

भोलिपल्ट छापाका खबरमा सन्सनीपूर्ण स्पष्टीकरण बहँकिँदै मानिसहरूको कानमा आयो ।

–'नबिक्ने उत्पादनको मूल्यस्फिर्ती बढ्यो !'

वरिपरि जम्मा भएका भद्र-मनहरूले के बुझे के बुझेनन्, थाहा भएन । अन्तर्वार्ता खुब रमाइलो र रसिक लागेथ्यो ।

–'मूल्यान्तर वार्ता !'

२२२

# भेटुँ न यतै

एकजना असल मित्रले माननीय सांसदज्यूलाई निकै गुनासो गरेर उच्चस्वरको अतिसयोक्ति रागमा भने ।

–'कुर्सीको पेच खुस्कियो कि ? हो ?'

–'हैन हैन, आइसोलेसनमा थिएँ !'

–'कोरोना लागेको थियो र ?'

–'कोरोना सोरोना त थिएन !'

–'अरे ! आइसोलेसनमा बसे पनि फोन उठाउन मिल्थ्यो होला नि त ?'

–'हैन हैन, कुरा सर्ला भनेर !'

माननीय सांसदज्यूको उच्चमनको दसाको मर्म कसरी थाहा पाउनु र ? असल भए पनि सामान्य मित्रको मन बिना भाँती कुँडियो । उनले पनि त्यसै पत्याइदिए । आफ्नो समस्या बताए ।

–'जरूरी काममा फोन नै उठ्दैन हौ, किन ? न मेसेजको रिप्लाई, न कल ब्याक ! समस्या परेर पो फोन गरेको त !'

–'हैन हैन, अर्काको हरिएला भनेर !'

–'कुरा बुझिन, के हर्छ र ?'

–'केही हैन, बरू भोलिदेखि भेट्न सकिन्छ !'

आफ्नो सार्वजनिक जरूरी विषयमा जानकारी गराउँदै असल मित्रले दुखेसो पोखेर फेरि भने ।

-'आपतको बेलामा फोन नउठाउने माननीय सांसद ?'

-'अब उठ्छ, अस्तिन हाइएलर्ट भएर हो !'

-'अरे ! आइसोलेसन ? हाइएलर्ट ? के भ्यान्टिलेटरमा सास फेर्दै हुनुहुन्थ्यो र ?'

-'त्यस्तै, भ्यान्टिलेटर जस्तै हो !, नरिसाउनु न तपाईं, अब भेट्ने आजदेखि !'

असल मित्रको दिमाग चक्करायो । उनी माननीय सांसदज्यूको ढाँचा देखेर तरङ्गित हुनथाले । ती मित्र के के सोचिरहेका हुन्थे, थाहा थिएन् । उनको मनमा जीवनका अनेकौ पाप-धर्मको कर्मबारे जिज्ञासा र शङ्का उत्पन्न हुन थाल्यो । त्यसै के के सोचिरहे । अन्त्यमा उनले माननीय सांसदज्यूलाई भने ।

-'फेरि भरे फोन गर्छु ल ?'

-'हुन्छ, गर्नु न ?'

बेलुका माननीयज्यू निकै फुरूङ्ग रहेछन् । फोनको घन्टी जानासाथ उनले एक सर्टमै फोन उठाए । दिउँसोको सबै कुरा बेलिविस्तार गरे ।

-'हेर्नू न दाइ ! अर्कोचोटि भनेको के हो के हो, यसपालि मन्त्री पड्काउँला कि भनेर नि !'

-'आइसोलेसन र हाइएलर्टमा नै बस्नुपर्छ त ?'

-'के गर्नु यसो गरेर त पत्याएनन् ।'

-'ल ल खुसी लाग्यो, अब भेट हुने भयो !'

-'उम, दाइ पनि, चुनावमा त दाइहरूकै सहयोग चाहिन्छ नि, मेरो पनि खासै त को छ र ?

असल मित्रले आफ्नो मनमा आइपरेको समस्याको बाबजुद पनि मन थाम्दै हात उठाएर आशीर्वाद दिए ।

-'मन्त्रीका लागि कसरत पुगेन, तथास्तु !'

-'बरू आजै एकछिन भेटुँ न यतै थप सल्लाह गरूँ !'

असल मित्रका शालीन आँखा टाढाटाढा निःस्वार्थ उडिरहेका थिए । मध्यरातसम्म त्यसपछि स्वार्थ र निःस्वार्थ चेतनाको बारे निकै बहस चलिरहेको थियो । असल मित्रको अन्तिम आवाज सुनिएको थियो ।

-'निःस्वार्थ त्याग गर्नेहरू सधैँ मरिरहन्छन् !'

२२३

# श्वेत–आतङ्क

आँखामा उत्साह, चेहरामा मुस्कान, शरीरमा अभिनय, हातमा सयन चाल र मनमा लख देखिएपछि बाँकी रहेका स्वचालित दुईखुट्टा पनि कसको पो नजम्जमाउला र ? अज्ञानले आमाको छेउमा बसेर सुस्तायो सपनामा बर्बरायो ।

–'दूधको भारा तिर्न कति कठिन !'

अज्ञानको पेटमा परेको अमृत त्यसै अपच भएर छारस्ट भयो । कट्टीमा परेको अपच अमृत निकै गन्हाइरहेको थियो । सिल्पट परेर रगतमासी बिस्ट्याइरहेथ्यो । कता कताबाट उसको घरमा एउटा योगी आयो । उसको यस्तो कमजोर हाल देखेर योगीले भन्यो ।

–'तुर्क्याउनु न तुरूक्क !'

–'के तुर्क्याउनु अब ?'

–'जडीबुटीको रस नि !'

अज्ञान त्यसपछि जडीबुटीको रस खोज्न थाल्यो । उसले रस खोज्दै जाँदा विभिन्न सरकारी अड्डा, निकाय, नियोग एवं निजी कार्यालयहरूमा जडीबुटीको रस खोजी गर्न हिँड्यो । जहाँ गए पनि सबै मान्छे आफ्ना अगाडि हात्तीजस्ता मात्रै देखेर उसले भूमिसुधारको पियनलाई सोध्यो ।

–'हजुर, तुरूक्क तुर्क्याउने जडीबुटीको रस कसरी पाइन्छ ?'

–'छि छि ! के कुरा गरेको हाकिमसँग मिल्नुपर्छ !'

ऊ हाकिमछेउ पुग्यो । आफ्नै सुकेनास लागेको शरीर देखाएर फेरि भन्यो ।

–'हजुर, तुरूक्क तुर्क्याउने जडीबुटी पाउँ न ?'

–'तपाईंलाई थाहै छ । बजार महङ्गो छ । सबैतिर मिलाउनै प¥यो । बरू तपाईंको जग्गा कति छ भन्नु न, त्यसैमा जडीबुटी खेती गरेर रस निकालौँला । तपाईंलाई पनि हुन्छ । अरू बाँकी काम सबै मिलाउँला ।'

अज्ञान पावर पुगेन भनेर मन्त्रालयमा पुग्यो । उसले त्यहाँ सबैसँग आफ्नो विन्तीभाउ चढायो । कसैले उसको कुरा सुनेनन् । ऊ त्यहाँबाट निरास भएर फर्कियो । निकै टेन्सनका बीच उसले बजारबाट एक बोतल रक्सी किनेर तनतन पियो । बेसरी कराउन थाल्यो ।

–'नाई के नाई, सक्छु अब अपराधीहरू ! जडीबुटी जति सबै ठूला टाउकेले मात्रै खाने ?'

उसको यस्तो हरकत गस्ती प्रहरीले सुनिरहेको थियो । गस्ती प्रहरीलाई यो आवाजले किनै झर्को र चिच्याट लागेको थियो । उनीहरूले अज्ञानलाई कठालोमा समाएर भने ।

–'बढी कराउँछस् ? हामी राष्ट्रसेवक हौँ, जनताका रक्षक हौँ ! धेरै बर्बराएर नकरा है भन्दिया छ !'

–'हजुर जडीबुटीको रसको न्याय निसाफ पाउँ न त !'

पुलिस अलमल्ल प¥यो । उसैलाई पुनः सोध्न थाल्यो ।

–'जडीबुटीको रस भनेको के हो, धेरै नक्कल पार्छ । छिटो हिँड चौकीमा !'

उसलाई झाङ्गलझुङ्गल गरेर चौकीमा पु¥याइयो । चौकीमा उसलाई कागज गराइयो ।

–'जडीबुटीको रस खोज्छस् ? अन्नको रसले मातेकोले !'

त्यसपछि उसले निकै दबाबका बीचमा एउटा सर्तमा हस्ताक्षर ग¥यो ।

–'अब आइन्दा तुरूक्क तुर्क्याउन्न !'

मर्माहत थुनुवा जीवन बिताइरहेको, अर्कै विषयको आरोपी त्यो दृश्य हेरिरहेको थियो । उसको आँखाबाट अज्ञानको आँखामा बगेको सन्तापको जहरभन्दा पनि निकै कठोर तनाव उसलाई चलिरहेको थियो । उसले बेसुरमै भनिदियो ।

–'जनताको उठीबास गराउने कानुनका उड्सहरू !'

अज्ञानलाई बिस्तारै समयले बौरायो । उसलाई हलुको महसुस भयो । बढेको साहसले उसलाई निकै राहत मिले पनि उसले आफ्नो जघन्य पीडित वेदनाको स्वरमा भन्यो ।

–'अपराधीहरूको श्वेत–आतङ्क !'

२२४

# लार्भा

–'आज त धरोधर्म बूढा, चामलको गेडो छैन !'

ज्युँने बाध्यताका बीच जोकर सरले आफ्नी पुतलीलाई सोधे ।

–'गाउँमा कतै काम पाइन्न र ? बुझ न ! म पनि अशक्त छु ।'

–'भद्रेकोमा बिरामी कुर्ने काम छ रे ! उतै बस्नपर्छ रे !'

–'उसो भए, काम पनि हुने दाम पनि हुने र माम पनि सित्तैमा पाइन्छ भने काम गर न त !'

भद्रमानको सुख सयलको बिरामी कुर्न बसेकी पुतलीको एकदिन भर्याङ्ग ओर्लँदैगर्दा भद्रमानको ज्यानमा अनायास ठक्कर लाग्यो । उसले भद्रमानलाई नजर कर्काएर हेरी । ऊ पनि मुसुक्क हाँस्यो । भद्रमानको मनले सायद भन्यो होला !

–'यो पुतली मेरो बगैँचामा थिई भने कति नाच्थी होली !'

मौन बाचाका बीच एकदिन पुतलीले जोकर सरलाई भद्रमानसँग भएको दौलत र सौभाग्यको लामो कथा हाली । आफ्नो अशक्त पोइलाई आनन्दको अनुभूतिले कुरा फेरेर सुनाई ।

–'बुझ्नु भो ! भद्रमानको बूढी त्यस्तै परेर पो रैछ ! उनी त धन, दौलत, सुख सुविधाको पहाड पो रहेछन् !'

सानो श्रममा आफै बढेको मूल्यसँग एकाएक हौसिएको उसको मनबाट निस्केको लयले जोकर सरको शङ्का अकासिँदै गयो । खल्बलिएको मनसँगै उनले एकदिन भद्रमानलाई बाटोमा नै झोक छोडे ।

–'कुँइनाले हान्दिउँ !'

भद्रमानको हुर्मत लिने गरी जोकर सरले कराए । जोकर सरले सामाजिक मर्यादाको कुनै महत्व राखेका थिएनन् । उनले त्यसबेला यति मात्रै सोचे कि भद्रमानको व्यक्तित्वका अगाडि भौतिक रूपले झुक्नु, मरेतुल्य हुने बुझ्झाइराखे । उनलाई त्यो नकाम नै हुने एक असली पात्रको झैँ प्रमाण लाग्दथ्यो । उत्कर्षमयका दम्भमा उनले भद्रमानलाई होच्याउनु पनि थियो । त्यसैले फेरि भनिदिए ।

–'गाउँमारा शोषक !'

भद्रमान चुपचाप लागे पनि उनको मनमा निकै ठूलो मानसिक आघातले घर गऱ्यो । त्यसपछि उनले अन्तिम फैसलामा भने ।

–'लौ ! पुतली आजैदेखि फिर्ता लैजा, बिरामी कुर्ने काम सकियो ।'

–'म ? म ? पुतली हैन ! स्वास्नी लैजान आएको !'

जोकर सरले निहुँ खोज्न थाले । उनका आँखा आक्रोश तथा आरोपले निकै रसिला थिए । मनको भावना बिग्रिएको थियो । व्यवहार चौपट भएको थियो । भद्रमानको मनको मनसुवा के थियो ? जोकर सरले बुझ्ने कुरा त भएन । एकअर्का बीच उठेको दौलत र इमानको टक्करमा पुतली भने नाचेकी थिई । नाच्दानाच्दै एकदिन पुतलीको पखेंटा झरे । उसका आकर्षक रङ्ग र उमङ्गका यौवनहरू ओइलाए । उसले जीवनको अन्तिम पलमा आफ्नो दुःखको भारी बिसाउँदै भनी ।

–'बाँच्नका लागि स्वार्थ त्यागेँ ।'

भद्रमान र जोकर सरको घाटमा भेट भयो । उनीहरू मुखामुख गरे । एकले अर्कोलाई केही बोल्न सकेनन् । जोकर सर घोप्टो परेर मात्रै झोक्रिएर बसेका थिए । भद्रमानले पुतलीको लार्भा नजिकै पुगेर बन्धक स्वार्थमा खुसुक्क सान्त्वना दिँदै भने ।

–'नागरिकता बनाइदिउँला !'

पुतलीको लार्भासँग जोकर सरको के नाता थियो र ? स्वयं दरिद्रताको बेचबिखन मात्रै थियो ।

–'नातामा सन्तान !'

२२५

# आफन्त ज्वाला

-'कस्तो कलिको दिन आयो, नानी हो ! तिमीहरूलाई बाँच्न नै गाह्रो भो !'

वृद्ध आमाको हातमा रहेको रातो अछेताको टीका त्यसै फ्यात्त भुइँमा खस्यो । आमाको मुखबाट अर्को निरासाको लयमा पुनः शब्दहरू निस्के ।

-'अलच्छिना दिनले कति सताएको ?'

फत्फताएर भुइँको रातो अछेता टिप्दै किस्तिमा राखियो । मन्त्र पढ्दै परिवारलाई टीका लगाउँदै गर्दा आशीर्वादको लय नै गुन्जियो ।

-'सन्तानले डाँडाकाँडा ढाकून् ! कसैले हेप्न नसकोस् ! शत्रुले छेक्न नसकोस् !'

आमाको हातमा रहेको जौ-मरा टाउकोमा राखेर ढोगढागको कामपछि टीका सकियो । यत्तिकैमा एकछिनपछि खाना खाने समयमा छोराहरू बीच जौ-माराबारे बहस चल्यो । बहसको विषय थियो ।

-'जमरा र जौ-मरामा के फरक छ !'

तीन भाइ छोराहरूले यसबारेका तर्कमा जमेरै मासुभातसँग वकालत गरे । त्यसमध्ये पण्डित भएको जेठोले भन्यो ।

-'जौ-मरा र जमरा एकै हो अन्यथा उच्चारण कथ्यभेद मात्रै !'

माइलो झन् कम्तिको थिएन । ऊ विश्वविद्यालयको भाषाको प्राध्यापक थियो । उसले निकै प्रमाणहरू जुटाएर तन्कितन्की तर्क गऱ्यो ।

-'जौ-मरा अर्थात् जौलाई उमार्ने काम ! यसमा ध्वनिको लोप र आगमको खेल हो !'

दुवैको तर्कहरू सुनेपछि मर्यादा क्रममा कान्छोको पालो आयो । उसले कानुन पढेको थियो । उसलाई यी कुनै पनि तर्कहरू मन नपरेपछि उसले खोट लगाउँदै अदालतमा फिराद जोड्ने वाचा गरेर उसले मुद्दाको शीर्षक बनायो ।

–'जौ-मरा होस् कि जमरा, जे भए पनि आमाको सम्पूर्ण हक हस्तान्तरण गरि पाउँ !'

त्यसपछि उनीहरू खाना खाँदाखाँदै तनावबाट उठे । एकअर्कोसँग बोल्दा पनि बोलेनन् । बेलुकासम्म पनि मन नमिलेपछि भाइभाइको सामान्य झगोले छुट्टाछुट्टै चुलो जोडेर खाना खाए । यत्तिकैमा वृद्ध आमाले उनीहरूको कुरा नबुझेर सोधिन् ।

–'के तिमीहरूले पनि लघुकथा लेख्ने गरेका छौ ?'

सबैजना क्याँ क्याँ रून थाले । उनीहरूको आ-आफ्नो भिन्न चुलोमा आएको सङ्कीर्ण स्वभावले आमाको हातको अछेता र जौ-मरा निकै सुकिसकेको थियो । आमाले एकदिन सबैलाई राखेर सम्झाइन् ।

–'गुटबन्दीले देश त चल्दैन, घर कसरी चल्छ ?'

उग्र भएको केही समयपछि उनीहरू सबैले ढाका, भादगाउँले र बिर्खे टोपी शिरबाट झिके र केही छिनपछि आमा सम्झनका लागि सेतो कपडाले टाउको बेरे । एकापसमा आँलो ठड्याएर भने ।

–'काजक्रिया त सकियोस् न अनि हुन्छ भागबण्डा !'

चुपचाप बसेका आगन्तुकहरू हेरिरहेका थिए । उनीहरूको मन त्यसै त्यसै अक्षम्य हुने गरी चलिरहेको थियो ।

–'नाथे आफन्तको ज्वाला !'

**O.** लघुकथा तत्व[३] (भाषा र शैली) : लघुकथा लेखनको न्यूनतम मापदण्डमा रहेर २११ देखि २२५ सम्मका क्रममा प्रस्तुत सबै लघुकथाहरूमा लघुकथा सिर्जना तत्वका लागि प्रयोग हुने नमूना रचना विन्यासको स्वरूपमा रहेको भाष र शैली लघुसाधन सूत्रका रूपमा प्रस्तुत छ । लघुकथामा भाषाको प्रभावकारी प्रस्तुती कलाले शीर्षक र सन्देशको अभिप्रायलाई भौतिक रूपमा जोड्दछ । सर्जकद्वारा शैलीगत विशिष्टता मार्फत परिचालन हुने स्वरूपले लघुकथा बुनौटलाई मजबुत र सटिक बनाउँछ ।

## प्रकार्यात्मक आयाम

# सिद्धान्तबोध

**१. रचना धर्मिताः** भाषामार्फत भावको अभिव्यक्ति पद्दति- रचनाधर्मिता हो । यो व्याकरण सम्मत हुनुपर्दछ । व्याकरण नै भाषा परिचालनको नियम हो । लघुकथालाई भद्दा नबनाउन विशेषत व्यारणिक सरल वाक्यको प्रयोग गर्नुपर्दछ । एउटै वाक्यमा धेरै प्रकारका संयोजक, संयुक्त/मिश्रवाक्यहरूको विस्तारित स्वरूप र अनावश्यक वाक्यसंरचना विस्तारको प्रयोग आवश्यक छैन । कारणबोधक अव्यवहरूको प्रयोग गर्नुपर्दैन । एककालिक क्रियाको प्रयोग शुरूदेखि अन्त्यसम्म गर्दा उपयुक्त हुन्छ । निर्देशन र संवादको कालिक प्रयोगमा पात्र (वक्ता) अनुसार फरक पनि प्रयोग हुनसक्छ । विशेषणबोधक विस्तारित पदावलीलाई अत्यन्त न्यून रूपमा मात्र राख्न सकिन्छ । पूर्णविराम, अल्पविराम, अर्धविराम, विस्मयादीबोधक, प्रश्नचिन्ह, उद्धरण र आवश्यक अन्य चिन्हहरूको प्रयोग स्पष्ट अर्थ खुल्ने गरी मात्रै प्रयुक्त हुनुपर्छ ।

**२. अनुच्छेद योजना :** मूल-विचार वाक्यमा जोड दिनका लागि पूरक वाक्य र पूरक वाक्यमा उपपूरक वाक्यहरूको संयोजनबाट अनुच्छेद बन्छ । यस्तै संरचनालाई लघुकथामा अनुच्छेद भनिन्छ । यसरी बन्ने अनुच्छेदले लघुकथामा

कथात्मक, तर्कप्रधान, वर्णनात्मक र विश्लेषणात्मक संकथन निर्माण गर्दछन् । रूपविज्ञानअनुसार लघुकथामा एक अनुच्छेदबाट बनेको एक विचार नै मूल सूत्र हुनुपर्दछ । विचारलाई परिचालन एकत्व, संसक्ति र बलजस्ता तत्त्वहरूले संयोजन गरेको हुनुपर्छ । विचार/भाव वाक्य, वाक्यतत्व एवं अन्तर्विषय अनुच्छेदको स्तम्भ भएर रहनुपर्दछ । अनुच्छेदको कुनै लचकता नभए पनि लघुकथामा छोटाछोटा वाक्यात्मक संरचनाले बनेका अनुच्छेदहरू प्रयोग गर्नुपर्दछ ।

**३. लघुकथा संगठन :** लघुकथाको निर्माणका लागि शीर्षाङ्कनका साथ आरम्भ (परिचय), उत्कर्ष (विस्तार) र निष्कर्ष (अन्त्य) को सांगठानिक अंगहरू रहेका हुन्छन् । लघु कथात्मक संकथनको रूपवैज्ञानिक शैली सामान्यतया रैखिक हुने गर्दछ । द्वन्द्वविधानको रैखिक प्रक्रियाको गुच्छले लघुकथामा आरम्भ, उत्कर्ष र निष्कर्षको रूपात्मक संयोजन गर्दछ । यसरी नै लघुकथाको एक संगठनात्मक स्वरूप बन्छ ।

**४. लघुकथा अभिलक्षण:** लघुकथाको निर्माणका लागि आख्यान तत्वको केन्द्रमा रहेर भाव, विचार वा अनुभूतिको एक झोक्का उत्पन्न गराउनु, आख्यानत्वको सूक्ष्मता प्रकट हुनु, सूत्रात्मक, साङ्केतिक, सङ्क्षिप्त र बिम्बात्मक हुनु, न्यून पात्रको प्रयोग हुनु, छोटो परिवेशको चित्रण हुनु, व्यङ्ग्य चेतना र प्रभावपूर्ण हुनु, कौतूहलता प्रकट हुनु, आकस्मिक अन्त्य हुनु, बेजोड कल्पनाशक्ति प्रस्तुत हुनु एवं प्रभावको तीव्रताको सामर्थ्य राख्नु नै यसका अभिलक्षण हुन् ।

**५. बीजवाक्यको प्रयोग:** बीजवाक्य लघुकथाको एक विशेष अर्थ राख्ने समापनको आधार हो । विचारलाई तीव्र रूपमा देखाउने अणुसामर्थ्य भएको विचार वाक्य नै बीज वाक्य हो । यस्ता वाक्यहरू लघुकथा समापनका लागि संवृत (बन्द) वा विवृत(खुल्ला) भएर आउँछन् ।

लघुकथामा रहस्यको पटाक्षेप गर्ने विचार विन्यासको वाक्यलाई संवृत भनिन्छ । संवृत बीज वाक्य भएका लघुकथाहरू प्राय सरल र बोधगम्य हुन्छन् । यस्तै लघुकथामा प्रस्तुत भाव वा विचारलाई कौतूहलताका माध्यमबाट उत्कर्षमा पुऱ्याई पाठकलाई नै अर्थको जिम्मा दिने बीजवाक्यको प्रस्तुती विवृत हो । विवृत समापन कहिलेकाँही पाठकका लागि अबोधगम्य बनिदिन पनि सक्छ ।

**६. लेखन अनुशासनः** लेखकको नैतिकता, धर्म वा नियमित चर्या नै लेखन अनुशासन हो । यसको पालना सर्जकले अनिवार्य गर्नुपर्छ । लेखन धर्मप्रति इमान्दारी, अभिव्यक्तिमा सजगता र पाठकमैत्री भाषाको चयन गरी लेखन अनुशासन कायम गर्नु सर्जकको परिचय हो । लघुकथा लेखन कार्यको केन्द्रभाग प्रभावकारी कथ्यता सम्प्रेषण भएकोले सम्प्रेषणका माध्यमबाट लघुकथाको अर्थ र उपयोगिता स्पष्ट हुनुपर्छ । यस्तै सर्जकीय अनुशासनको कार्यबाट सिर्जनामा लेखकीय बैशिष्ट्यता प्राप्त हुन्छ ।

**७. शोधन प्रक्रियाः** लेखनकार्यमा कथ्यताको भाषा दोहोरिनु, एकै अर्थका लागि अधिक शब्दहरूको प्रयोग गर्नु, अनावश्यक वर्ण, शब्द, पदावली वा वाक्यको पुनरूक्ति हुनु, वर्णविन्यासको लेखनमा त्रुटी देखिनु तथा लघुकथामा आवश्यक पर्ने उचित चिन्हहरूको प्रयोग नगरिनु लेखन दोषका रूपमा रहन्छन् । यसैलाई शुद्ध गरेर परिष्कार गर्नु शोधन प्रक्रिया हो ।

**८. एन्ट्रोपी उर्जाः** विचारको उर्जाशक्ति उत्पादन र शेष प्रस्तुती धर्मनै लघुकथामा एन्ट्रोपी हो । यसले मौलिक घटना, स्वभाव वा विषयको परा-भौतिकीय सारको शेष व्याख्या गर्दछ । यसैले उपाख्यान, किस्सा, कुथुङ्ग्री एवं लघुकथाहरूमा यसको प्रयोग व्यङ्ग्योक्तिको केन्द्रीय अर्थमा भाव गएर टुङ्गिन्छ । एन्ट्रोपीमार्फत आख्यानात्मक सूक्ष्म

आयामका भावहरू प्राय विसङ्गतीबोधका कारणले पाठक वा स्रोताका लागि व्यङ्ग्यको अर्थमा प्रस्तुत हुन्छ । एन्ट्रोपीबाट उत्पन्न सूक्ष्य घटना, घटनागत अवशेष र विचार संयोजनको प्रक्रियाले लघुकथालाई विधागत उर्जा दिन्छ । यो सर्जकको मनमा उत्पन्न हुने लघुकथा स्वरूपको कल्पना चित्रको बृष्टि हो ।

९ परावर्तनः लघुकथामा विचार प्रकाशको गति र यसको मापनबाट प्राप्त हुने कथ्यतागत उज्यालो, ताप एवं रापलाई मानिन्छ । परावर्तनमार्फत प्रभावित भएका घटना, स्वभाव र विषयको बृहत्तर घनत्व पूर्णरूपमा संङ्क्षेपीकृत भएर विषयको सूक्ष्मसार लघुकथामा प्रत्याभूत हुन्छ । चिन्तनमार्फत समाजका बृहत्तर दृश्यचित्रलाई सूक्ष्म दृश्यचित्रमा प्रस्तुत गर्नु यसको खास मर्म हो । सर्जकको मस्तिष्कमा निहित ज्ञानको घुलनबाट परिचालित मनोवैज्ञानिक क्षमताले परावर्तनको आयामिक स्वरूपमा लघुकथा सिर्जना हुन्छ । सर्जकले यस्तो प्रकार्यलाई सूक्ष्म रूपले अनुभव गर्नुपर्दछ ।

१०. प्राक्कल्पनाः लघुकथामा यसलाई अनैच्छिक आवृत्तिको सम्फना-शक्तिको अर्थमा लिनुपर्दछ । धारणा, अनुभव, अवस्था र पूर्वकल्पनाको घटनालाई अनुकरण वा छायाचित्रको अनुशरणका माध्यमले लघुकथाको बुनौटको स्तरलाई स्थापित गर्नुपर्दछ । लघुकथामा प्रकल्पित उद्देश्य, प्रक्षेपित सन्देश एवं लघुकथाको शीर्षीकरणका लागि इच्छित सम्फना-शक्ति उपयोग गर्न सकिन्छ । यसले व्यक्ति एवं समाजको एक स्मरणसँग सम्बन्धित प्रकरण(परिघटना)लाई लघुकथामा प्रस्तुत पात्रको मनोश्चेतनाको माध्यमबाट प्रस्तुत गर्दछ ।

११. कथ्यताकर्षण : कथावस्तुलाई तत्वमार्फत सर्जकले तयार गरेको कल्पनाको यथार्थ चित्रमा चित्रण गर्नु नै घनत्वको तीव्रता हो । लघुकथामा यस्तो घनत्व तीव्रतालाई कथ्यताकर्षण भनिन्छ । कथ्यताकर्षणबाट प्राप्त हुने

नकारात्मक वा सकारात्मक चोटिलो, पोटिलो, खिरिलो, ओभिलो र बोभिलो सङ्क्षेपीकरणलाई लघुकथामा गुरूत्वको रूपमा बुझ्नुपर्दछ । यसको प्रभावको माध्यमले लघुकथाको शक्ति 'बिन्दुमा सिन्धु अटेको' झैँ एक आयामको मिथकमा हुनुपर्दछ ।

**१२. प्राक्सन्दर्भः** प्रचलित प्राचीन सन्दर्भ, उखान-टुक्का, मिथक, उपदेश वा धारणाहरूलाई लघुकथामा प्राक्सन्दर्भ मान्नुपर्दछ । प्राक्सन्दर्भको प्रयोग सूक्ष्म-साङ्केतिक रूपमा लघुकथामा प्रयोग गर्न सकिन्छ । प्राक्सन्दर्भको प्रयोगले लघुकथाभित्र अचारमा टिमुरले भोक्तालाई रमरम स्वाद दिएझैँ पाठकको मस्तिष्कमा आनन्द उत्तेजना प्रस्तुत गर्नेहुँदा सर्जकले यसलाई विशेष प्रयोग गर्नसक्दछ ।

## ◆ सिद्धान्तबोध ढाँचाको लघुकथा-क्रम

२२६. श्रमिक सत्ता/४७७
२२७. तागत/४७९
२२८. हजुरिया हात/४८१
२२९. कसरत/४८३
२३०. कङ्गाल/४८५
२३१. पदयात्रा/४८७
२३२. पोतेको माया/४८९
२३३. रजस्वला/४९१
२३४. तुच्छ सम्मान/४९३
२३५. क्यामराको रङ्ग/९५
२३६. सुनको अण्डा/४९७

२२६

# श्रमिक सत्ता

—'हे भगवान् ! बचाइदेऊ उसलाई !'

विदारक चित्तको यो आवाजमा वरिपरिका मान्छहेरू चिच्याइरहेका थिए । सिलिङमा सिमेन्ट छ्याप्ने ज्यामीहरू खट मिलाउन माथितिर हेरिरहेका थिए । निकै तलको पिलरको ढलानमा एकजना ज्यामी खटबाट खसेर पिलरको डण्डीमा अड्किएको थियो । पिलरको ठाडो डण्डीले घाँटीदेखि छेडेर उसकै मुखबाट निस्किएको थियो । उसको ज्यान तन्द्रङ्ग ढलानबाट तलतिर झुन्डिएको थियो । मान्छेहरू भने भगवान पुकारिरहेका थिए ।

—'लौ, आल्चा फलामको डण्डीमा पो अड्किएको रहेछ ।'

सिमेन्ट प्लास्टर गर्नका लागि खट बाँध्न माथितिर हेरिरहेको ज्यामीले कराएर भन्यो ।

—'ए ! मर्ने भो अब, कसरी फलामको डण्डीबाट यसलाई निकाल्ने खै ?'

आपतमा रङ्गबङ्गिएका अरू मान्छेहरूले हतारो र हतासले बोले ।

—'रेती ल्याओ रेती । अड्केको फलामलाई काटेर यसलाई निकालौँ !'

मिस्त्री रेती लिन दौडिरहेको थियो । वरपरका अरू मान्छेहरू हस्याङफस्याङ गर्दै टाँगोले तलबाट उसको ज्यानलाई माथि घचेटिरहेका थिए । मृत्युदण्डको सालाखाला पोजमा आल्चा झुन्डिरहेको थियो । बुख्याचाको जस्तै गरी आल्चाको खुट्टा लफ्रक्क फिल्लिएको थियो ।

—'के भो यसलाई ! हेरेर काम गर्नुपर्छ नि ! मैले पहिले नै भनेको यसलाई, चिप्लेला भनेर । भनेको नटेरेपछि यस्तै हुन्छ । खाली ज्याला मात्रै बढाएन

भनेर निहुँ खोज्छ !'

रिस र आतसले रातोपिरो हुँदैआएको साहु कराउन थाल्यो । आल्चा फलाममा अड्किरहेको नै थियो । एकछिन अगाडिसम्म अलिअलि खुट्टा चलिरहेको थियो । जब मिस्त्रीले फलामलाई रेतीले छिनालेथ्यो । ठीक त्यत्ति नै बेला आल्चाको प्राण पखेरू उडेर गयो । उसको शरीर लत्रक्क लत्रियो ।

–'ल ल अब यसलाई बचाउनुपर्छ अस्पताल छिटो पुऱ्याऊ !'

साहुले आदेश दिएपछि सबै ढुक्क भए । खर्चबर्च साहुले तिर्ने भो । आल्चाको ज्यान बचाउने जिम्मा उसको भयो । केही समयमा आल्चा मृत-घोषणा भएको खबर आयो ।

–'लौ ! अब आल्चाको लास कसरी जलाउने ?'

–'बाँसको खट बनाएर बोक्ने अनि घाटमा लगेर जलाउने !'

–'घाटको खर्च कसले गर्छ ?'

तब कोही बोलेनन् । निकैबेरपछि मिस्त्रीले बोल्यो ।

–'यसलाई जलाइसकेपछि साहुको मनको जलन पनि सकिन्छ । उसैसँग खर्च माग्ने, नदिए फेरि हामी श्रमिक सत्ताको लागि अनसन बस्ने ! हुन्न ?'

त्यसपछि श्रमिक सत्ताका लागि सबैले एकस्वरमा कराए ।

–'हाम्रो एकता अमर रहोस् !'

२२७

# तागत

—'नकरा न जा, उता !'

हजुरआमाको यस्तो भिंजलो वाक्यले सानासाना बच्चाहरूलाई खूब रमाइलो लाग्दथ्यो । बच्चाहरू जब भेट्दथे तब हजुरआमा गन्गनाउन थाल्दथिन् ।

—'कति चलेका यी भुराभुरी ! चुप लागेर एकछिन नबस्ने छुकछुकेहरू !'

एउटा बच्चा गएर हजुरआमाको नजिकै लुसुक्क बस्यो । अर्को बच्चाले त्यो बच्चालाई चिथर्न थाल्यो । आफै गएर बस्न खोज्यो ।

—'हजुर आमा ! हजुर आमा ! पानी खाने !'

हजुरआमाले बच्चालाई पानी दिन कसैलाई अराइन् । चमेली आइपुगी । पानी ल्याएर दिई ।

—'लौ घिच् लुरे ! दुब्लाएर केही छैन । खाँदा पनि खाँदैन रून्चे !'

हजुरआमाको नजिक अर्को बच्चा पनि थियो । उसले सबैको कपाल समातेर जगल्ट्यायो । अनि आपसमा सबै बच्चा झगडा गर्न लागे । हजुरआमाको काख खेल मैदान भयो ।

—'तिनका साँढेहरू कति चल्छौ । चुप लागेर बस् !'

एउटालाई थचारिदिइन् । बच्चा एकछिन थचारिएको जोडले रन्थनियो । अर्को बच्चा खुट्टा छोडेर रून थाल्यो । हजुरआमाले भनिन् ।

—'अब चुप लागेर बस् । ल खा, यो विस्कुट !'

नजिकै भएको बिस्कुट दिइन् । बच्चाले बिस्कुट लियो । त्यो बच्चा चुप

लाग्यो । हजुरआमाका लागि सबै उत्तिकै मायाका प्राणहरू थिए । उनको मनमा कुनै भेदभाव थिएन । तथापि बच्चाका तत्कालीन स्वभावले रेखदेखको न्याय त गर्नै पर्थ्यो । उनीसँगै रहेको अर्को लुरेको स्वभावलाई देख्दा उनको मनमा लाग्दथ्यो ।

–'यसले जीवनमा खूब दुःख पाउँछ । न खान्छ, न बढ्छ, न निरोगी छ ।'

यो चिन्ताले कहिलेकाहीँ उनलाई पिरल्थ्यो । मनमा के सम्झिन् कुन्नि । उसलाई दया भावले अँगालोमा राखिन् । उनको यो माया कमजोर हुनेका लागि सहृदयता थियो । दुईजना बच्चाहरू हजुरआमाको यो दृश्य देखेर झन् लडिबुडी गर्दै चिच्याएर रून लागे । चमेलीले यो दृश्य देखेकी थिई । उसले रूँदैगरेका बच्चाहरूलाई च्याप्प समाती र भित्र अर्को कोठामा लगेर चड्कन दिन थाली ।

–'तिमीहरू चुप लाग् त ! किन रोएका तिमीहरू ? उसको हजुरआमासँग बस्न पनि नपाओस् त लुरे ! तिमीहरूसँग पो तागत छ त, चुप लाग् त ओई अब तिमीहरू !'

–'हजुरआमा हुनु पनि शत्रु हुनु पो रैछ । यिनकै सेवा गऱ्यो यिनकै शत्रु !'

हजुरआमा मनमनै पाक्न लागिन् । कसैलाई केही भन्नसक्ने अवस्थामा पनि थिइनन् । मात्रै काखमा दयाको भाव र बूढौलीको वेदना थियो । उनको चेतनामा करूणा पलाएर मात्रै आयो । खुइय्य सास फेरेर भनिन् ।

–'मोरो लुरे धेरै बाँच्दैन यो, तागत नै छैन !'

बच्चाहरू हजुरआमासँग जो बस्छ त्यो तागतवाला हुन्छ भन्ने मान्यता थियो । लुरे पनि अब तागत भर्न हजुरआमाको काखमा थियो । तर चमेलीको स्वरमा मिसिएको 'उसको हजुरआमा' एवं 'तागत' भन्ने लवजले साँच्चै लुरेको तागत बढे पनि हजुरआमाको तागत घटिरहेको थियो । चमेलीको अन्तर्यको तागत आरिसमा उम्लिएथ्यो सायद ।

२२८

# हजुरिया हात

सिसाको कोठामा शोकमग्न आत्मा सल्बलाइरहेको थियो । प्रश्न सोध्न चाहनेहरू पर्खिरहेथे । कपालका रौँ ठाडा थिए । हल्लाले बजार रन्थनिएको थियो, –लौ भन तिमीहरू अब सूचना कसरी चुहियो ?, वरिपरि रहेका हजुरियाहरू दण्डवत् गरिरहका थिए र भनिरहेका थिए, –धन्दा मान्नुपर्दैन हजुर, हामी छँदैछौँ नि !

विश्वास गर्ने कारण थिएन । विश्वास नगरी पनि नहुने वातावरण थियो । थाहा पाउने र बुझ्नेका लागि विषय निकै पेचिलो थियो । तथापि राजा सिद्धिले प्रधानहरू गुहारे । प्रधानहरू भने सूचना फुस्केकै दिनदेखि तिनको मस्तिष्क सबै परिवर्तन भइसकेको थियो, –लौ भन प्रधानहरू अब राज्य कसरी शत्रुको हातबाट जोगिन्छ ?

प्रधानलाई यो प्रश्नले चसक्क घोच्यो । राजाको कुरा सुनेर उनीहरू निकै तिल्मिलाए । दण्डवत् गरेर उभिरहेका प्रधानहरूमध्ये कुनैलाई निकै रिस उठ्यो । उसले आफ्नो रिसले उम्लिएको लवज मुखबाट प्वाक्क निकाल्यो, –हजुर, राज्य त राजा नभए पनि मर्दैन !

सिद्धि नाजवाफ भए । उनको मुहार उज्यालो हुनसकेन । सिद्धिलाई लाग्यो, अब यिनीहरूले नुनको सोझो गर्न छोडे । यिनीहरूबाट शासन चल्दैन । त्यसपछि राति बाहिरबाट हस्तक्षेप हुने डर प्रधानहरूलाई थाहा भयो । तिनीहरूले सत्ताको शक्ति जोगाउन हतारहतार एउटा बिरालोलाई गद्दीमा राखे । पुरानो राजा लखेटिए । बिरालो राजा भयो, –म्याउ ! यता मुसा पाइन्छ ?

प्रधानहरू छक्क परे । गद्दीको राजाले मुसा खोजेपछि उनीहरूले सधैँ मुसा ल्याइदिन थाले, –दरबारको मुसा त खूब मीठो हुनेरैछ ! क्या स्वादिलो छ, प्रधानजी !, मुसा खाँदाखाँदा बिरालो मान्छेजस्तै ढाडियो । राजा बनाएको विरालो मोटाएको देखेर प्रधानहरू आफू आफूमा खासखुस गर्न थाले, –पहिलाको राजा भ्रष्टाचारी भनेर निकालेको यो पनि झन् भ्रष्टाचारी रैछ । बरू पहिलाका राजाले हामीलाई पनि दिन्थे । यो त आफै मात्र हसुर्ने रैछ । छिः छिः भ्रष्टाचारीको के कुरा गर्नु, मुसा सिकारी !

सडकमा भ्रष्टाचारको तात्तातो बहस थियो । बहसका पात्रहरू छिरलिएका थिए, भन्थे, –हजुरियाको हात जगन्नाथ ।

२२९.

# कसरत

– कति सुतेको हो, केटा आज ?

साथीहरूको आवाज सुन्ने बित्तिकै ऊ ब्युँझियो । घर जाने जाँगर चलेको थिएन । त्यसपछि बूढा गुरू भित्र पसेर सिन्किनोको लट्ठीले स्वाट्ट एकलट्ठी पिडौँलामा हिर्काउँदै सोधे,

– अहिले कुन विषय पढ्दैछस् थाहा छ तँलाई ?

– थाहा छ गुरू, स्वास्थ्य विषय हो !

– ए ! लौ त्यसो भए तेरो लुगा फुकाल् अनि तैँले लगाएको जनै देखा त ?

बिचरो जाडोले थुर्थुर कामिरहेको थियो । उसले लुगा फुकाल्न आनाकानी गऱ्यो । गुरूलाई जङ चल्यो । फेरि जङको धुनमा गुरूले अर्को सिन्कियो चखाए । लुगा फुकालेर जनै गुरूलाई देखायो । जनै निकै मैलो थियो । गुरूले झम्टिहाले ।

– गोरू तैँले स्वास्थ्य पढेको छैनस् अझै ? हेर हेर जनै किन यति मैलो ?

बच्चाले गुरूको अगाडि बोल्नसकेन । ऊ डराइरह्यो र गुरूको अगाडि उभिइरह्यो । एकछिनपछि बच्चाले के सम्झ्यो कुन्नि भनिहाल्यो ।

– स्वास्थ्य पढाउने बेलामा म त आएकै पो थिइन गुरू !

गुरूको कम्पारो तातेर आयो । गुरूले फेरि बच्चालाई हकार्न थालिहाले ।

– अझ झूट बोल्छस् ! मैले कहिले पनि स्वास्थ्य त पढाएको छैन !

बच्चा अल्मलियो । गुरूलाई दिने उत्तर अब ऊसँग थिएन । त्यो दिन छुट्टी भयो । बच्चा घरतिर लाग्यो ।  बच्चालाई मनमा स्वास्थ्य भनेको के हो भन्ने बारेमा जिज्ञासा रहिरह्यो ।

– स्वास्थ्य भनेको जनै हो ? वा नपढाउने गुरू ?

बच्चा यो विषय जान्न चाहन्थ्यो । यो विषयमा आमा, बा, दादा सबैलाई सोध्यो । कसैले पनि उत्तर दिन सकेनन् । एकदिन स्वास्थ्य विषयको परीक्षा आयो । परीक्षामा प्रश्न थियो ।

– स्वास्थ्य भनेको के हो ?

बच्चाले आफ्नो कपिमा हिन्दी गीत लेख्यो, सुनेको छोटा कथाहरू पनि लेख्यो । आफूले साथीहरूसँग मिलेर खाजा खाएको हिसाबी विवरण पनि लेख्यो । उसले स्वास्थ्यका गुरूले हानेको लट्ठी र नपढाएको विषय पनि सम्झ्यो । अन्त्यमा परीक्षाको कपिमा स्वास्थ्यको बारेको जवाफ लेखिदियो ।

– गुरू ! मैले पढेको स्वास्थ्यको उत्तर माथि लेखिहालेँ । बाँकी उत्तर गुरूसँगै छ, लेखिदिनु होला ।

गुरूले तिल्मिलाएर परीक्षाको रिजल्ट निकालिदिए । रिजल्टले सबैलाई सताएको थियो । गुरू ज्योतिषी हेर्दैथिए । उनले सबै बच्चाहरूलाई भाग्यमा लेखे मात्र पाइने कुरा बताए । अन्त्यमा ग्रहदशा हेरेर भनिदिए ।

– अबदेखि कसरत गरे राम्रो हुन्छ !

फन्टुस गुरू र सताहा विद्यार्थीमा को बढी जान्ने ? बोल्नै नमिल्ने, चुप !

२३०

# कङ्गाल

–'म त डिप्रेसनमा छु !'

हार्मोनियम बजाइरहेका गायकले एकाएक भजनको छेउमा रहेका भक्तालुहरू बीच आफ्नो वचन फुस्काए । भजनका वरपर रहेका कतिले सुने, कतिले ध्यान नै दिएनन् । अनायास भक्तहरूको भीडबाट एउटी चुलबुले तरूनी जुरूक्क उठी र गायकको छेउमा पुगी । उसले लट्पटिएर नाच्दै भन्न थाली ।

–'हे नाथ ! हजुरले डिप्रेसनको औषधी ?'

–'हो ! खाने गरेको छु तर खै निको हुँदैन !'

गायकको स्वर तब उच्च हुनथाल्यो । स्वरको भाका जोडले चल्नथाल्यो । ती तरूनीको गोडा, कम्मर र नयन एक प्रकारले मृगका जस्ता थिए । उनको त्यो जादुको भयमा न अल्मलिने कोही थिएन । ऊ यति धेरै नाचिरहेकी थिई कि हरेक भक्तालुका तनको ताली बजिरहेको थियो । तालीको लयसँगै उडेर एकाएक हल्लाको हावा जोडले चल्यो ।

–'यो नर्तकी त मापाकी छे !'

दरिद्र मानिसले कराइरहेका भक्तहरूलाई ईश्वरको रहस्य रचनाबारे थाहा थिएन । उनीहरू सबै सुन्थे, बुझ्दैन थिए । सबै बुझ्थे, अर्थ्याउन सक्दैन थिए । सबैले अर्थ्याउँथे, अरूले वास्ता गर्दैन थिए । तिनको मानसिक दरिद्रताको चक्रमा डिप्रेसनका रोगीहरू अस्पतालमा बढिरहेका थिए । मानसिक रोगीको गायक पनि एकदिन डाक्टरको छेउमा पुगे । डाक्टरको छेउमा सो नर्तकीलाई गायकले देख्यो र भन्न भ्याइहाल्यो ।

–'ओ ! क्या गजब तिमी त !'

–'बुझिनँ कुराहरू ?'

–'याने तिमी त मापाकी रहिछौ !'

–'कसरी ?'

–'अनि यहाँसम्म पछ्याएर आउनुपर्छ त !'

तिनीहरूको बीचमा निकै लामो कुरा भयो । सन्दर्भ विषयहरू टेढामेढा बने । नर्तकीले झोक्किँदै भनी ।

–'अरे मेरो डिउटी नै यही हो त कहाँ जाने त !'

–'यहाँ छौ भन्ने थाहै भएन, कङ्गाल मान्छे !'

–'म कङ्गाल होइन अस्पतालको हुँ !'

त्यसपछि गायक भ्रममा पऱ्यो । उसले नर्तकीलाई सोध्नथाल्यो ।

–'हिजोको तिम्रो नाच त खतरा थियो त !'

–'उफ् ! के भनौँ अब, मेरो नयाँ जिन्दगीको प्राक्टिस न गरेको !'

–'किन र ? मलाई मन पराउँछ्यौ र ?'

–'होइन के ! मेरो दुवै गोडा भाँचिएर टुक्राटुक्रा भयो । अस्पतालमा डाक्टरले मलाई नक्कली खुट्टा राखिदिए । नक्कली खुट्टा सेटअप गर्न भजनहरूमा खूब नाच्छु । नाच्दानाच्दा मेरो नचाइले सबैलाई मोहित बनाइसक्यो अब त । म अस्पतालको दुःखी नर्स हुँ । खासमा म यतै बस्छु !'

–'ओहो भ्रम दिन क्या जान्ने तिमी त !'

–'के तिमी पनि मानसिक रोगी हौ र ?'

–'खै ? सोचको कङ्गाल हुनुपर्छ !'

कङ्गालले वैभवको नासभन्दा मानसिक चेतलाई कति उराठ बनाउँछ, अचेलको परिवर्तनमा । गायक फेरि गाउन हिँडिरह्यो, अपाङ्ग मन लिएर ।

२३१

# पदयात्रा

उसले पुलुक्क आँखा तरी । म झसङ्ग उभिएँ । उसले एकपाइला चाल्न खोजी । म मुन्टो घुमाएर लजाएँ । उसले मेरो मुन्टो लज्जाले घुमेको देखेर निःश्वासले भनी ।

–'लुरे रे छौ ! हे हे हे !'

मेरो फोक्सोबाट दम बढेर खूब निस्क्यो । मैले आफ्ना आँखाका परेलालाई भुइँतिर घोप्ट्याएँ । उसले दुई पाइला अगाडि सारी । मेरो चाला देखेर हात हल्लाएर भनी ।

–'अबदेखि छिटो हिँड् । नत्र पाउँदैनस् ।'

म अलमल्ल परें । उसको कुरा खासै बुझ्न सकिनँ । बिस्तारै आफ्नो यात्राको उकालो उक्लेँ । यात्रा मेरा लागि निकै कठिन थियो । उकालो ओरालो अनि उबडखाबडका ठेसाहरू नाघ्दै र चढ्दै अगाडि बढ्नु मेरो बाध्यता थियो । मेरो हातमा उहिले मेरा बाजेले बोक्ने पुरानो खालको सानको अनौठो लठ्ठी थियो । त्यसैलाई मैले टेकेर आजको यात्रा टुङ्ग्याउनु थियो । हामी निकै अघिपछि थियौँ । ऊ परैबाट चिच्याएर मेरो लङ्गडो मताबलाई देखेर कराई ।

–'लाछी ! यति जाबो मलाई भेट्टाउन पनि नसक्ने ? बेर भइसक्यो छिटो आऊ !'

मलाई उसको लवज अक्करको प्रश्नजस्तै लाग्दथ्यो । मेरो उत्तरको सम्भावना थिएन । दम बढेकाले म केही क्षण उभिएर यसो भित्तातिर आड लागेँ । उसले त्यतिबेला कानमै आएर हल्ला गरी ।

–'खोई ? हाम्रा अरू साथीहरू ?'

मलाई पनि जङ चल्यो । मनमा रहेको अभ्यन्तरको उद्वेगलाई जुरूक्क उठाएर भनिदिए ।

-'पदयात्रामा छन् । आउँदै होलान् !'

-'कस्तो पदयात्रा ?'

-'वैभव कमाइको यात्रा !'

-'सत्ते ! मैले त कसम केही बुझिनँ !'

-'ओहो तिमीले पनि पदयात्राका लागि कमस खाएकी थ्यौ र ?'

-'उफ् ! नखाएको भए मेरो यति चमकदार र जोसिलो पदयात्रा कसरी हुन्थ्यो त !'

त्यसपछि मैले गम खाएर गणना गरिरहेँ, कसम खाएर पदयात्रा थाल्नेहरूको स्थिति । तिनीहरूमा त यति ठूलो आडम्बर थियो कि नक्कली हावभावहरू खूब थिए । त्यसपछि मैले मेरो यात्रामा सँगसँगै अगाडि बढेको त्यो नक्कलीलाई सोधेँ ।

-'तिम्रो पद ?'

-'धूप, दीप नैवेद्य र भेटी !'

-'अनि यात्रा ?'

-'कृपालुजीको जो आदेश !'

त्यसपछि थकाइ मऱ्यो । पदयात्राका लागि जीवनमा दौडिरहेका मेरा गोडाहरू थर्थर कामे । निकै अगाडि आइरहेका मेरा पदयात्राका अरू साथीहरू लल्याकलुलुक थाकेका थिए । उनीहरूलाई मैले जिस्क्याउँदै त्यसै भनिदिएँ ।

-'तिमीहरू पद धारण गर्छौ ?'

-'पाए त गर्थ्यौं नि !'

-'उसो भए तिमीहरूले पनि ऊ त्यो अगाडि दौडेकी नक्कलीले जस्तै धूप, दीप र नैवेद्यको कसम खाओ न त !'

-'अनि के हुन्छ ?'

-'कमाइको यात्रा हुन्छ !'

त्यसपछि हामी सबै गलल्ल हाँस्यौँ र उक्लेभिरको उराठलाग्दो उकालोमा बिस्तारै पदयात्रा सुरू गऱ्यौँ । माथि पुगेपछि हामीभन्दा पहिला त्यो नक्कली गन्तव्यमा थिई । हामी उक्लन नसकेर अल्मलियौँ । नजिकै आएको ट्याक्टरमा चढेर सबैजना अगाडि बढ्यौँ । ट्याक्टरमा आवाज आइरहेको थियो ।

-'खुच्चिङ ! खुच्चिङ !! पदयात्राका असली भोकाहरू !'

२३२.

# पोतेको माया

समिनाको मुहारमा टुलुटुलु हेरिरहेका युवक अजयले केही बोल्न सकेनन् । धेरै समयदेखिको पीडा, डाहा, छटपटी र गलित शरीरले उनलाई निराश बनाइरहेको थियो । बरू समिनालाई देख्यो कि उनी त्यसैत्यसै निःशब्द हुन पुग्थे तर पनि छटपटीमा भन्थे ।

–'मलाई केमोले खूब चिस्यायो !'

यौवनाले उन्मत्त समिनाको जीवनको कहानी निकै मार्मिक थियो । आफ्नै रहरले रोजेको मुटुको टुक्राको यस्तो हविगत देखेर बेलाबेला कुनातिर फर्केर आँसु खसाल्न पुग्थी । जीवनको लीला नखपी नहुनेरहेछ । उमेरमै अजयलाई प्राण घातक रोगले च्याप्प समात्यो । कसलाई दोष दिनु र ?

–'हजुरलाई कस्तो छ ?'

समिनाको हातको न्यानो स्पर्शले कहिलेकाहीँ अजयलाई सन्चो भएझैँ लाग्दथ्यो । अजयले यसो टाउको उता फर्काउँदै गर्दा क्यान्सरले ग्रस्त शरीरको आफ्नो शैयामा कर्किन पुगे । समिनाको चिन्ताले उनी झन् गल्दैगएका थिए । सिकिस्त अजयले आफ्नो जीवनदेखि हार खाइरहेको त्यो बेलामा डाक्टरले समिनालाई बोलाएर भने ।

–'बिरामीसँग तपाईंको नाता ?'

–'श्रीमान !'

डाक्टर बोलेनन् । उनलाई लाग्यो । बिरामी बचाउने उपाय अरू कुनै थिएन । जीर्ण बन्दैगइरहेको उनको शरीरमा तातो भन्नु कुनै नभएका बेला समिनाको

हातको तातो निधारमा पर्दा मात्र पुलुक्क हेर्थे । यसबाहेक उनी अत्यन्त गलित भइसकेका थिए । आँखाअगाडि रहेको आफ्नो मुटुको टुक्राको अवस्था र सेवारत डाक्टरको सुन्दर चेहरामा त्यतिबेलासम्म फरक थियो । जतिबेला अजयको अन्तिम सास गएको थिएन । एकाएक रूवावासी चल्यो । अजय जीवनको शून्यमा विलाएर खरानी भए ।

–'हेर्नू दिदी ! समिना त कति नक्कली !'

–'किन र ? विचरी सोझी छ, त्यो केटी !'

–'पोइ मरेपछि छ महिनासम्म देखैपरिन । अचेल त्यो त सिउँदोमा सिन्दुर र रातो पोते जडेको मङ्गल सूत्र खूब ढल्काएर हिँड्छे । त्यस्तालाई सरम न धरम, पोइ टोक्वाई !'

पुरूषको समर्थन स्वरमा बोलेका देवरानी जेठानीहरू सधवाको पहिरनमा सजिएका थिएनन् । उनीहरूको सिउँदोमा सिन्दुर त थिएन, थिएन । गला खाली थियो । मात्रै टल्किएका सुनका मोटा सिक्री थिए ।

–'हजुरको सिक्री कति तोला छ दिदी ?'

–'तीन तोलाको छ नि त ।'

–'पोते हालेर बनाउनु न मङ्गलसूत्र ।'

–'किन चाहियो अर्काको नासो ?'

त्यसपछि देख्ने मान्छेहरूले बराबर सोच्दथे ।

–'माने नासो, नमाने पासो !'

२३३

# रजस्वला

सबै जम्मा भइसकेका थिए । आफन्तहरू त्यसै चर्चा गर्ने नै भए । रमझमको बेला थियो । वरण गर्ने बेलामा पण्डितले मन्त्र पढे । उपस्थित सबैले स्वस्ती वाचन गरे । वेदको मन्त्रले वातावरण गुन्जायमान थियो । थप आउने जाने मानिसहरूको घुइँचो थियो । कसैको हात खाली थिएनन् । खाना खान लाम बसेकी एउटी जड परम्परा भीरूले साथीलाई भनी–

–'ओई ! सुन त आज मलाई त्यहाँ जान मिल्दैन, व्रत बसेको छु !'

–'हिँड् हिँड् केको व्रत ?'

–'जान्न के, भन्न मिल्दैन व्रतस्रत ?'

उसकी साथीले पनि व्रत बसेको होला भन्ठानेर चुप लागी । आफू मात्र गई । त्यो परम्परा भीरू टाढै छेउ लागेर बसी । यत्तिकैमा उसको नजिक अर्को साथी आइपुगी ।

–'किन छेउ लागेर बसेको जाऔँ हिँड् खाना खान !'

–'पेट सन्चो छैन, आज खान्न !'

त्यो साथी पनि अगाडि खाना खान बढी । उसलाई असजिलो लाग्दैगयो । मानिसहरू आउँदै-जाँदै गरे । निम्ता गर्ने दिदीले उसलाई हेरिरहेकी थिई । उसलाई नजिकै आएर भनी ।

–'बहिनी खाना खान जाऔँ !'

ऊ निकै लजाई अनि यसो दुईपाइला सारेजस्तो गरेर ट्वाइलेटतिर लागी ! उसको अर्को साथीले उसलाई बाटोमा भेटी ।

–'कता हिँडेको ?'

–'व्रत गर्न !'

–'ए ल ल आऊ है छिटो !'

फर्कंदैगर्दा उसले दुलहीलाई देखी । उसलाई दुलहीको छेउमा गएर बस्न मन लाग्यो । छेउमा गएर बसिरही । पण्डितले दुलहीलाई अनेक व्रतहरूबारे मन्त्र पढाए । उच्चारण गर्न लगाए । व्रतको अनेक मन्त्र दुलहीले उच्चारण गर्दै थिई । अपर्भ्कट उसले भनी ।

–'पण्डित्नी आमालाई बोलाई दिनु न !'

पण्डित्नी आमाचाहिँ तुरून्त आएपछि उसले कानमा खासखुसमा सुटुक्क भनी ।

–'रजस्वला !'

निकै ठुली पण्डित्नी आमाले दुलहीको स्त्रीधर्म बुझेर अप्ठेरो टार्न कसो कसो कानमा खुसुक्क भनी हालिदिइन् ।

–'चुप लाग बिहेको कन्यादानमा चल्छ !'

सुनिरहेकी त्यो परम्पराभीरूलाई लाग्यो । कन्यादान हुनलागेको दुलहीलाई त चल्छ भने मेरो मात्रै केको धर्म र ? भन्ठानेर भोकले रन्थनिएकी त्यसले भोजको खानाखाने समय सकिनलाग्दा लाममा बसी । पहिलाका उसका साथीहरूले लाममा बसेको देखेर उसलाई सोधे ।

–'एकछिनमै व्रत सकियो, दिदी !'

–'आमाले भनेको अप्ठेरोमा व्रत बस्न पर्दैन रे !'

त्यसपछि उसले भकाभक खाना खाई । अरूहरू नाचिरहेको ठाउँमा गएर खूब नाच्न थाली । यति नाचिकी उसले साथीहरूलाई अँगालो मारिमारी नाची । निकै थकित पनि भई । बेलुका घरमा पुगेपछि पर सरेर छुट्टै बसी । उसलाई लोग्नेले सोध्यो ।

–'व्रत सकियो ?'

उसले पनि निर्धक्कताका साथ भनी ।

–'व्रत, दिउँसोदेखि सकियो ।'

–'वाहियात कसरी सकियो ?'

–'पण्डित्नी आमाले भनेको अप्ठेरोमा चल्छ रे !'

–'चल्छ भने चल्छ त अब !'

त्यसपछि उनीहरू दुलहीको सुहागरातको कुरा काटेर बसिरहेका थिए । एकछिनपछि तिनको खसमले टाउको दुखेकोले भान्साबाट तातोपानी मगाए । उनले भर्किफर्की गर्दै डाँको छोडिन् ।

–'पर सरेको बेलामा केही छुनु हुन्न भन्ने कुरा थाहा छैन असत्ती !'

त्यसपछि ती परम्परा-भीरूले रजस्वलाको चर्किंदो लज्जाको निहुँमा घप्लक्क सिरक ओडेर सुती ।

❀

२३४

# तुच्छ सम्मान

सरासर हिँडिरहेका केही युवाको फड्किलो आवाज सुनेपछि रूग्ण–ध्यानमा लिप्त वृद्धले आफ्नै पापकर्म हो या परलोक धर्मको विजयका लागि वेदनाको अनुराग बोले ।

–'प्रसाद भन्नु है अबदेखि ! नत्र म सबलाई श्राप दिन्छु ।'

वृद्धको रसिलो आँखामा युवाहरूको नजर पर्‍यो । उनीहरूले जिज्ञासापूर्वक सोधे ।

–'श्राप नदिनुस् न, हजुरको घर ?'

–'एकछिन सम्झनुपर्छ !'

–'कुन जिल्ला, प्रदेश वा देश हो !'

–'यो भन्न सक्दिन बिर्सिसकेँ, सायद पाटीटार हो कि ?'

चुहिने पाटीमा झुस्स दाह्रीको अनुहारले मलिन मुद्रामा पल्टिरहेका ती वृद्धलाई युवाहरूले सोधे । आ–आफ्नो परिचय युटुबर सङ्कलकको रूपमा दिएपछि फेरि तिनीहरूमध्ये एक युटुबरले सोध्यो ।

–'बूढा बा ! तपाईंको नाम के हो ?'

–'पूर्णप्रसाद घरानियाँ !'

–'थरचाहिँ घरानियाँ अनि बसाइचाहिँ किन यस्तो ?'

–'यो सब प्रारब्धको कुरा हो, दशा लागेपछि यस्तै भो !'

युटुबरसँग मूल प्रश्न सकियो । केही फुटकर प्रश्नहरू बाँकी नै थिए । जीर्ण

पाटीको ओतमा बसिरहेको बूढाबालाई युटुबर साथीहरूले फेरि सोधे ।

-'तपाईंको छोराछोरी, परिवार र आफन्त छैनन् र ?'

-'छन्, सबैजना मस्तले बाँचेका छन् ।'

-'उसोभए हामी, तपाईंलाई परिवारसम्म पुऱ्याउँछौँ । तपाईं आफ्ना कुरा सबै हामीलाई भनिदिनुस् ल बा ?'

पूर्णप्रसाद घरानियाँ चुपचाप लागे । उनको अनुहारको उदास भाव, चायाँ परेको गाला, चाउरिएको निधार, लुला हातगोडा र जीर्ण शरीरको बीचमा एक पोकोमाथि अडेस लागेका उनीसँग सहाराको नाममा एउटा लट्ठी थियो । खै ! कहिलेदेखि बचेको हो ? केही सातुको पोको गाँठिएर नजिकै रहेको थियो । उक्त पोकोलाई उचालेर अर्को युटुबरले बोल्यो ।

-'यो के हो नि बा !'

-'काट्टोको पोको !'

-'तपाईं काट्टे हो र बा ?'

-'होइन नि बाबु तर बनाइदिए !'

-'कसले बनायो यस्तो हबिगत तपाईंलाई !'

वृद्धले जवाफ दिन चाहेनन् या सकेनन् । उनैलाई थाहा होला । उनका पिलन्धरे आँखाबाट आँसु झरिरहेको थियो । राता न राता घुरिएका आँखामा पटक्कै उत्साह थिएन । ओइलाएको मनसँग उनी घोप्टो परेर घुक्किन थाले । युटुबरहरू भावुकझैँ भए । उनीहरूले कुनै चुरो र खरो विषय भेट्न सकेनन् । त्यसपछि तिनीहरू त्यहाँबाट आफ्नो बाटो लागे । बाटोमा तिनले एउटा सल्लाह गरे । एकक्लिक फोटो पनि लिएका तिनीहरूले त्यहाँबाट अगाडि लागे । उनीहरूले बेलुका युटुबमा फोटो अप लोड गरेर पोस्ट गरे ।

-'अचम्मको मानव भेटियो ।'

मानिसका हातहातमा मोबाइल, ट्याब्लेट र ल्यापटप थियो । क्षणभरमा नै अचम्मको मानवको फोटो भाइरल भयो । सबैले लख काटे ।

-'सायद, यो मान्छे कार्टुन हो !'

एकजनाले मात्रै निकै अदम्य छटपटीका साथ कमेन्ट बक्समा लेखेको देखियो ।

-'तुच्छ सम्मानका भोगी !'

युटुबरहरू आफैले यो कमेन्टलाई सच्याएर आफ्नो प्रतिक्रिया दिएर भ्रम-समन गर्ने प्रयत्न गरे ।

-'उहाँ स्वर्गवासी राजा होइबक्सन्छ !'

२३५

# क्यामराको रङ्ग

सभ्य शब्द, मृदुल शैली र उच्च आदरको शालीन लयमा मैयाँ बहिनीले भनिन् ।

–'फटाहाहरूको सङ्गत नगर्नु है दाइ, डुबाउँदा रैछन् ।'

आफ्नो घरजम गरेर खाएको जगतमानको विचार अलमल्लमा पर्‍यो । कुरा नबुझेर मैयाँलाई आफ्नै जिज्ञासामा उसले सोध्यो ।

–'कुरा बुझिन नि बहिनी मैले त !'

–'दाइ पनि, कुरा नबुझेको जस्तो नगर्नु न !'

–'गाईखाने कुरा बुझिनँ नि त !'

–'उमम ! दाइ, खाँटी कुरा छ के, बौरिनु न ! नाम पनि जगत काम पनि !'

जगतमानको सम्झनामा मैयाँलाई निकै टेन्सन भएछ झैँ लाग्यो । उसले कुरो बुझेको चाहिँ थिएन । एकछिन गम खायो । बाटोको छेउमै उभिएर बसिरह्‍यो । मैयाँले पुनः अर्को लय हालेर जगतमानलाई भनी ।

–'दाइ सहयोग गर्नुपर्‍यो मलाई ! म त बरबाद हुने भएँ ।'

–'के को सहयोग चाहियो र बहिनी ?'

–'हेर्नू न ! पाठशालामा मलाई पढ्नै मन लाग्दैन !'

–'त्यति राम्रो पढ्नेलाई पनि किन मन लागे न त ?'

–'कक्षामा गयो कि वाक्वाक्, बान्ता मात्रै आउँछ !'

–'उसोभए बेसार ज्वानु खानु न त !'

–'मलाई के भएको छ र ?'

–'औसानी !'

जगतमान प्रश्न र उत्तरको चपेटामा निकै रन्थनियो । उसले कुनै शङ्काले पनि मैयाँको मनको अन्तर्यमा बस्नसकेन । सरासर ऊ घर गयो । घरमा जगतमानको श्रीमती रिसाएर बसेकी थिई । ऊ भित्र पस्न नपाउँदै श्रीमतीले भाँडा बजारी र चिच्याएर एकाएक भनी ।

–'लाज सरम नभएको लबस्तरो !'

–'अरे ! मलाई किन गाली गरेको ?'

–'धोकेबाज !'

यहाँ पनि उसले कुनै कुरा बुझ्नसकेन, झन् अल्मलिँदै रह्यो । उसलाई देखेर उसका घरका अरू परिवार पनि छिः छिः, दुरः दुरः गर्नलागे । उसको चेहरा त्यसैत्यसै रातो न रातो हुँदैगयो ।

–'लौ ! यही हो लबस्तरो धोकेबाजको प्रमाण !'

श्रीमतीले प्रदर्शन गरेको फुटेजले उसका सब छलछामयुक्त बोल्न खोजिएका शब्दहरू बन्द भए । अनि बिस्तारै दुःखित मनले आफ्नो कोठामा गएर यसो ऐनामा मुहार हेर्यो । ऊ जिल्ल पर्‍यो । आफ्नै गालामा टाँसिएको हरियो टीका निकै जोडले उप्कायो । यसो दायाँ हेर्‍यो, कालो न कालो गाजलको पोतो पुछ्यो । अन्त्यमा उसको सेतो सर्टको अगाडि छातीको छेउमा टाँसिएको लिपिस्टिकको रातो रङको चुम्मनको डाम बेसरी मेट्न खोज्यो । आकार मेटिए पनि रङ्को धमिलो प्रभाव मेटिएन । तब उसले आफ्नो शरीरभर छिः छिः गर्दै लत्पतिएको सबै चीजदेखि काम्दै आफैलाई भन्यो ।

–'कडा रैछ बहिनीको मायाजाल त !'

लज्जा, हीनताबोध र डरपोक मानसिकताले बिस्तारै बाहिर निस्केको बलवान जगतमानलाई फेरि परिवारले न्याखन्याख्ती पार्दै भने ।

–'सिसी क्यामराले कमसे कम हाम्रो हुर्मत जोगियो ।'

जगतमान निकै द्विविधामा थियो । उसले यता हो कि उता हो भन्ने कुनै निर्णय गर्न सकेन । उसले अन्तिम चालले गुन्गुनायो ।

–'सिसी क्यामराको कुरो ! त्यसै सयन पल्ट्यो !!'

वेदना, पीडा र छटपटीले असह्य भएपछि एकचोटि भित्तामा ड्याम्म निधार ठोक्यो । उसको निधार छेउबाट बगेको रगत र लिपिस्टिकको रङ्ग उसको गालामा अझै छुट्टिएको थिएन, एकपटक ताजुबले सबैजना क्यामराको रङ्गबारे प्रस्ट भए ।

–'वेश्यावृत्ति !'

२३६

# सुनको अण्डा

–'सर्पको अण्डा खाएका छौ !'

–'सर्पको अण्डा पनि कोही खान्छ त ?'

–'यो हाम्रो अन्तिम भोज हो क्या ! चाख्नुपर्छ ।'

–'पेटभरि सर्पैसर्प जन्म्यो भने ?'

–'जसरी नि अन्तिम हुने नै त हो, खाए खाऊ, नखाए नखाऊ, स्वर्गमा यमराजले यही प्रश्नले हैरान पारे भने के गर्ने ? जवाफ त हुन्छ, बरू !'

दुईजना महावीर लडाकुहरू आफ्ना भारदारहरूसँग रमाइला यस्तै जोक्सहरू गरिरहेका थिए । उनीहरूको मस्तीको बीचमा एउटा भारदारले भन्यो ।

–'मेरो त पेटबाट बच्चा जन्मने भयो । जान्छु अब त्यसलाई नै खान !'

यस्तो हुँकारको फुँकार देखेर दुई महावीरहरू ज्योतिष देखाउन थाले । ज्योतिषले भनिदियो ।

–'अब भोज सकेजति खाओ ! अन्तिम प्रलयको दशा छ !'

–'के के खान हुन्छ गुरू !'

–'के खाने के नखाने, के गर्ने के नगर्ने भन्ने नै छैन नि । सनकी महात्माले जस्तै जथाभावी जे खाए पनि हुन्छ ।'

–'उसोभए सर्पको अण्डा खाने मन छ, हुन्छ ? हजुर !'

–'उत्तम उपाय, अण्डै खाइदिएपछि दुईजिब्रेको जनसङ्ख्या पनि कम हुनेछ ।'

–'तर हजुर ! भोजै अन्तिम भएपछि जनसङ्ख्या घटे पनि के, बढे पनि के ? चुनावमा जान पर्दैन । आफू मरेपछि डुमै राजा !'

–'नैतिक जिम्मेवारी त रहन्छ नि !'

नैतिक प्रश्नसँग अनैतिक कारोबारको झड्का लागेर हो कि के हो ? दुवै महावीरहरूले ज्योतिषलाई खाउँलाझैँ गरेर झपारे । उनीहरूको मुखबाट बोक्सीको लगावमा उठ्ने धामी–कम्पन सुरू भयो । उनीहरू बर्बराउन थाले ।

–'ज्योतिष भएर हामीलाई नैतिकताको पाठ पढाउने को तँ ? उल्लू फटाहा दोबाटे !'

वरपर उनीहरूका अगाडि रहेका चौरासी भोजनमा केही नयाँ स्वादको आभा आइरहेको थियो । चौरासी भोजनमा सर्पको अण्डाबाट जन्मेर बढ्ने जनसङ्ख्या विशेष महत्वको थियो । किनभने सर्प आफै उत्पादन गर्दथ्यो । बच्चा जन्माउँथ्यो । जन्मेर भेटेजतिलाई भकाभक खाइदिन्थ्यो । भर्खर मात्रै चेतना पलाएका सर्पका बच्चाहरूमा भने सबैभन्दा ठूलो त्रास जन्मदातासँगै थियो । अन्तिम भोकको समयका बीचमा सर्पको बच्चाको प्रसव–पीडाबाट छटपटिएको भारदार फेरि कराउन थाल्यो ।

–'यो जन्म्योस् न मात्रै ! अनि थाहा हुन्छ, कसको शक्ति कति छ ?'

भोज र भोकको सन्तुलित रेखामा अण्डाहरू जन्मिरहेका थिए । गड्ुँवा बच्चालाई यौन दुर्व्यसनीमा कोरलिरहन्थे । भोज चलिरहेको थियो । भोक चिच्याइरहेथ्यो । अन्तिमतिर तिनले एउटा सहमति गरे ।

–'भूलचुक लिनेदिने, साफोनाफो बाँडचुँड ।'

महावीरहरूले अन्तिमपटक लामो सास ताने । तुरूक्क पिसाब फेरेर लोली बदल्दै भने ।

–'सुनको अण्डा थियो, घाटामा गयो !'

**P. लघुकथा सार :** लघुकथा लेखनको न्यूनतम मापदण्डमा रहेर २२६ देखि २३६ सम्मका क्रममा प्रस्तुत सबै लघुकथाहरूलाई लघुकथा सारको नमूनाको रूपमा रचना धर्मिता, अनुच्छेद योजना, लघुकथा संगठन, लेखन अनुशासन, शोधन प्रक्रिया, एन्ट्रोपी ऊर्जा, परावर्तन, प्राक्कल्पना, कथ्यताकर्षण र प्राक्सन्दर्भका अर्थमा लिनुपर्दछ । यसैबाट सर्जकको मनमा भएको एक घटना वा विचारको भाव आकारको लघुकथा चित्र नै स्थूल सचित्र आकारमा प्रकट हुन्छन् ।

# अध्ययन सामग्री–सूची


अधिकारी, सूर्यमणि. (२०५६). *नेपाली भाषाको इतिहास.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

अश्क, गोपाल. (२०५९). 'नेपाली लघुकथा : उदभव र विकास'. *समकालीन साहित्य,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद. (२०५६). 'लघुकथाकोस्वरूप, संरचना र तत्व'. *मधुपर्क.* (३२/३६२), पृ. ६१ ।

गौतम, लक्ष्मणप्रसाद. (२०७२). *लघुकथाको रचनाविधान,* काठमाडौं : लघुकथा समाज ।

चालिसे, विदुर. (२०७४) *अभिलेखीय नेपाली नामधातु* काठमाडौं : जनता प्रसारण तथा प्रकाशन लि.

चालिसे, विदुर. (२०७७) 'लघुकथा बोध'. *लघुकथाको सुगन्ध* चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च ।

बराल, ईश्वर (सं.). (२०५५). *नेपाली साहित्यकोश* काठमाडौं : नेपाल राजकीय प्रत्रा प्रतिष्ठान ।

भट्ट, पुष्करराज. (२०७५). *प्रज्ञा आधुनिक नेपाली लघुकथा* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज. (२०४८) *शैलीविज्ञान.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज. (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* काठमाडौं : क्वेष्ट प्रकाशन ।

श्रेष्ठ, दयाराम. (२०५६). *'नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि* तथा स्वरूप'. *मधुपर्क.* (३२/३६२), पृ. १३-१६ ।

श्रेष्ठ, दयाराम. (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* काठमाडौं : शिखा बुक्स ।

श्रेष्ठ, दयाराम. (२०७८). *गद्यशैलीको रूपविज्ञान.* काठमाडौं : शिखा बुक्स ।

श्रेष्ठ, शेखरकुमार (२०७७) 'सृजनात्मक साहित्यका रूपमा लघुकथा लेखन' *लघुकथाको सुगन्ध चितवन* : नमस्ते आधुनिक लघुकथा मञ्च ।

सुवेदी, राजेन्द्र. (२०५३). लघुकथाको परिचय, विकास र वर्तमान परिप्रेक्ष्यमा *लघुकथाको महत्व.* झापा : गोष्ठीमा प्रस्तुत लघुकथाको कार्यपत्र ।

Abrams, M.H. & others. (2015). *A Glossary of Literary Terms.* Delhi : Cenege Learning India Private Limited.

Crystal, David. (1996). *A Dictionary Of Linguistics And Phonetics.* Blackwell publication.

Zikin, Taya. *Wright Right.* New Delhi : Prentice – Hall of India. 1989.